शिव महापुराण भाषा श्लोक



केदारनाथ को शिर डोलेश्वर महादेव मन्दिर

ॐ डोलेश्वराय नमः।।

डोलेश्वर महादेव मन्दिर धाम
सिपाडोल, सुर्यविनायक नगरपालिका
-०८, भक्तपुर, नेपाल

मूल पुजारी :- बट्चु राम जंगम
सहायक पुजारी :-) विजय लिङ्ग जंगम
,, ,, :-) नारायण ख्याकुरेल
,, ,, :-) प्रसिद्ध अधिकारी
,, ,, :-) सुभास कृष्ण शास्त्री

नेपाल राष्ट्र देवता :-
पशुपतिनाथ महादेव मन्दिर

पाशुपत क्षेत्र, गौशाला, काठमाण्डौं,
नेपाल

उत्तराखण्ड चार धाम :- गंगोत्री
: यमुनोत्री
केदारनाथ
बद्रीनाथ

शिव महापुराण भाषा श्लोक

लेखन/ सम्पादन

होमनाथ गौतम

शिव महापुराण भाषा श्लोक

लेखन/ सम्पादनः होमनाथ गौतम
संस्करण : २०७६
सर्वाधिकार : लेखकमा
मूल्य : रु. ७०५/-
कभर/ लेआउट : सन्तोष न्यौपाने ९८४३१६३०३६
मुद्रण : शुभम् प्रेस ०१-४१६८२०४/९८४१३७८३९१

दुई शब्द

लेखक : जन्मस्थान ज्ञान

नेपाल पूर्व अरुण वरुणनिकटमा भोजपुर जील्ला छर
बोया गा.वि.स. नाङ्खीला हुन गयो जन्मस्थलोको घर
ठाकुर प्रसाद गौतम पत्नी तीनको मद्धोधराकोखमा
जन्माभो होमनाथको त्यसघरी आश्विनको मासमा ॥१॥
दुई हजार बीस साल जन्म हुन गो माता जीका साथ रई
वेद धर्म र ग्रन्थ र हेरु सबको आदर तिनैको भई ॥
पुराण वेद र येज्ञ कर्म गरदै आदर गरी कर्मको
शीव शक्ति समिप प्रेंम गरदै पालन गरी धर्मको ॥२॥
लेखेयो शीवको चरित्र अहिले श्री शीव पुराणमा
कथाहरु र शक्ति तेज शीवका वर्णन् गरे श्लोकमा ।॥
सरायो शीवको पुराण येसमा वर्णन गरेको हुदा
अमृत रुप भनि जानीलेउ सबले ज्ञानै दिने सर्वदा

लेखक हाल बासस्थान

काठमाडौं कागेश्वरी मनहरा न.पा. ५, थली

फोन नं. : ४४५०८३९

मो. ९८६१२९३५९० थली

सहयोगी (सहचारीणि)

पत्नी बुद्धीकला गौतम

छोरा माधव यादव गौतम

सहयोगी

प. बासुदेव कुईकेल गजरकोट थली

प. अचुत ढकाल सुन्दरीजल कागेश्वरी

सविना रानाभाट तेञ्जेङचोक कपन

सोम पुन सानो भऱ्याङ्ग

हरि खत्री सिद्धार्थ पब्लिक एकेडेमी प्रमुख बागबजार

रामनाथ ढुंगाना चुच्चेपाटी

गजेन्द्रराज प्याकुरेल बुढानिलकण्ठ

गणेशप्रसाद प्रसाईं पेप्सीकोला

सूर्यमुखीचोक

शीवप्रसाद देवकोटा माउन्ट एभरेष्ट मा. वि. प्रमुख थली

बिषयसूची

शीवपुराण भाषा श्लोक १

शिव भजन् । १०

गणेश स्तुति ११

शिवमहा पुराण प्रथम विश्वेश्वर संहिता प्रारम्भः ११

शीवपूजा फल १५

ब्रह्मणको कर्म के हो ? २३

शिव भजन ३२

शिव पुराण रुद्र संहिता द्धितिय प्रारम्भ ३४

धातु उत्पत्ति ज्ञान ४६

भजन ५३

शिव पुराण शति खण्ड ५४

शिवस्तुति ८१

ईंति शिव स्तुति ८२

भजन ८७

कुन देवता को हुन् ? ११७

भजन १२६

अथ शिव पुराण रुद्र संहिता कुमार खण्ड १३३

गणेश पूजा १४५

शिव पुराण रुद्र संहिता कुमार खण्ड भजन १४७

शिव पुराण रुद्र संहिता युद्ध खण्ड चतुर्थ १५०

शिव स्तुती १५९

शिव स्तुती १७१

शिव पुराण युद्ध खण्ड रुद्र संहिता	१९२
शिवपुराण सतरुद्रि संहिता खण्ड पञ्चम प्रारम्भ	१९८
बंगालामुखी अवतार	२०७
भजन	२१७
पञ्चम खण्ड	२२१
कागेश्वर महिमा	२३१
भजन आरम्भ	२५१
शिवपुराण उमा संहिता प्रारम्भ (षष्ठम खण्ड)	२५६
उमा संहिता भजन आरम्भः	२९२
शिव पुराण कैलास संहिता प्रारम्भ	२९७
भजन	३११
भजन समाप्तम् शुभम्	३१३
शिवस्तुती	३२३
भजन लहरी	३३१
बह्मा स्तुती	३३६
अथ शिव रुप	३३६
शिवपुराण वायु संहिता	३४१
अथ भजन	३४८
अथ लीङ्ग भेद	३५१
शिव पाञ्चायनम्	३५२
विष्णु पञ्चायन	३५२
देवी पाञ्चायनम्	३५३
सूर्य पाञ्चायनम्	३५३
गणेश पाञ्चायनम्	३५३
श्लोक	३५४

शीवपुराण भाषा श्लोक

विघ्नै नायक पार्वति सुतमहाँ पैला नमस्कार गरी। भोला नाथ शिव पार्वती सुतमहाँ गर्छु प्रणम यो घरी। सौनकादि महर्षिहरु जतिछन् आए धरातल महाँ। सुतजी पनि त्यहिँ आउनु भयो थिए महर्षि जहाँ ॥१॥

भन्छन् सौनक जी बनाउनुहोस् भक्ति र मुक्ति कथा। हुन्छन् मुक्ति र मिल्छ ज्ञान जुनले नासिन्छ सारा ब्यथा। विद्या भक्ति र तेज ज्ञान रस छन् तिनका त मालिक पनि। को हुन् ती सबका पिता भनि यहाँ सुन्छौं त हामी भनि ॥२॥

यस्तो प्रश्न सुनेर सौनकजीको श्रीसुत भन्छन् त्यहाँ। विद्या ज्ञान र कर्म धर्मसबका छन् रुद्र कैलास् माहाँ। साधु सन्त स्वरुप् छ तेज बहुतै यज्ञादिमा फल दिने। श्री शिव प्रभुको अपार महिमा सुन्दैमा मुक्ति हुने ॥३॥

भुक्ति मुक्ति र दिव्य दर्शन दिने शक्ति स्वरुप हुन् शिव। वैरीलाई नीभाई योगहरुले भक्तै सहित् छन् शिव। महा श्री शिवको पुराण अहिले महात्म्य भन्छु तर। आए ब्यास अनि थिए मुनीहरु सनत् कुमार आखिर ॥४॥

कलीयुग विशे मनुष्यहरुको मन् शुद्ध पारी दिने। यहि हो शिवको पुराण बढिया सुन्दैमहाँ खुश हुने। भाग्यैले गरी मात्र मिल्दछ अहो सुन्नत शिव पुराण। भाग्यै पूर्वजको रहेछ अहिले पाएछ शिव पुराण ॥५॥

धर्म ग्रन्थ र यज्ञकर्महरुमा पुण्यादिमा धर्ममा। श्री शिव स्वरुपै रहेछ प्रभुको पृथिवी तिर्थादिमा। श्री शिव पद प्राप्ति खातिर येहि पढ्नु र जप्नु शिव। बन्नेछन् सब कामनाहरु सबै सन्तोष होला तब ॥६॥

सुन्नु पर्दछ एकपल्छ शिवको पुराण सारा कथा। महा पातक पाप छुट्छ जनको नासिन्छ सारा व्यथा। राज सुय र येज्ञ धेरै गर्ने पुजादि धेरै गरी। कथा श्री शिवको चरित्र सुनला फल् मिल्छ सोहिसरि ॥७॥

नित्यै श्री शिवको चरित्र र कथा सुन्नु र जप्नु शिव। रुद्र तेज बढो छ पूर्ण रहला ज्ञान विद्या देलान् शिव। कर्मै खातिरमा र भक्ति रसमा उद्योगी गृहादिमा। हुन्न श्री शिवको पुजायेदि भने नास हुन्छ सारादिमा ॥८॥

त्यसै कारणले पनि त बुझिल्यौ शिव पुराण उत्तम। हुन्छ सुन्न सुनाउनु सब कथा ज्ञानी बढा सत्तम्। अमृत हुन्छ सदा अमर रह नगै भक्ति अमर भो जसै। तेज् ऐश्वर्यदिकमा अमर हुन गयो शक्ति स्वरुपमा तसै ॥९॥ (दोहा)

येज्ञादि सम्पूर्णं भनेर गर्लान्। श्री शिवको पुजन नित्य गर्लान्। मिल्नेछ येज्ञादि फल सबैको। संसारको पुण्य त मिल्ने भैगो ॥१०॥

किर्तन सदा शंकरको गरेर। नामै जपे मिल्दछ भक्ति धेर। अमृत रुपी भारी भयो र याहाँ। वैराग्य ज्ञान भक्ति छ साथ माहाँ ॥११॥

यसमा छन् शिवका अपार महिमा ग्रन्थै छ चौबिस हजार। सोहि ग्रन्थ अवस्य सुन्नु पर्‌ने हो शिव भक्ति अपार। विश्वेश्वर भनि नाम रहेछ प्रथमै दोस्रो त रुद्र भयो। तेस्रो भो शत रुद्र खण्ड हुनगो चारौ त कोटि भयो ॥१२॥

पाँचौ सर्गउमा रहेछ र यहाँ कैलास छैटु अनि। सातौ संहिता वायुको हुन गयो पूर्णै पुराणा भो पनि। सातौ संहिता पाठ पूर्ण गरनु संसारको पुण्य भो। लाउनु शिवको पुराण महिना सुन्नु वडो भाग्य हो ॥१३॥ (दोहा)

नित्य शिव पुराण पुजन गर्छ जसले। घरमा त पुस्तक समेत राख्छ उसले। तिर्थै समान्को घर त्यो हुनेछ। ज्ञानी प्रभावशाली र भाग्य मिल्छ ॥१४॥

सहस्र गर्नु जब अश्व मेध। सौवाज पेयै गर येज्ञ धेर। सोरै कलाले बढि पो हुनेछ। शिव पुराणले फल धेर दिनेछ ॥१५॥

यस्ता बात महर्षिका सुनीसकी भन्छन् ति सौनकहरु। यो पापी कलिमा त पाप गरने प्राणी हुन् धेर अरु। छन् गङ्गादि सहस्रसात नदिछन् सातौ पुरी छन् यहाँ। श्री शंकर शिवको पुराण हुनगो उच्चै सबै ति महाँ ॥१६॥

जसले राख्दछ भक्ति भाव मनमा ईच्छा बढो प्रेमधरी । पढ्नु श्री शिवको
पुराण मनले भक्ति र प्रेमले गरी । एकै अध्याय हो त एक श्लोक हो आधा
श्लोकैले गरी । सारा पूर्ण भएर मुक्ति मिलला सन्ताप जालान् टरी ॥१७॥

वरदान् खातिरमा र प्रेम रसमा भाग्यैको क्षति हुँदा । सुन्नु श्री शिवको अपार
महिमा भक्ति गरी सर्वदा । सारा नास गराई पूर्ण गर्‍ने वरदान पुरा दिने । शिव
भक्ति रहेछ यज्ञ विचमा संकष्ट नासि लिने ॥१८॥

यस्तो प्रश्न सुनेर सौनकहरु भन्छन् ति फेरी पनि । जान्नु हुन्छ अवश्य तत्व
जति छन् भन्नु हवोस् लौ भनि । कली काल त आउँदैछ भन लौ कुन कर्म
गर्नु पर्‍यो । पृथ्वीका जति खण्डछन् यस वीसे कुन पाप आई झर्‍यो ॥१९॥

यस्तो प्रश्न सुनेर सौनकजीको श्री सुत भन्छन् त्यहाँ । हे सौनक्हरु हो कहन्छु
सुन लौ भुभार हर्ने माहाँ । भक्तिभाव र वेद कर्म हीनले गर्ने सदा पुजन ।
जप्लान् श्री शिव नाम मात्र मनमा पूर्णे हुन् ति जना ॥२०॥

देवस्व छ कठोर दुःख ग्रहतक फैलिन्छ संसारमा । ब्रह्मस्व र शिवस्व त झन्
यदि त्यो नासिन्छ आखिरमा । थियो एक नगर किराँती नामको बस्थे त्यहीं
ब्राह्मण । दरिद्रि रसले सदा ति डुलथे देवस्व खान्थे दिना ॥२१॥

सन्ध्या स्नान र वैश्व देव पनि सबै त्यागी दिएथे जसै । भोगी भोग् दुःख मा
परेर तिनीता हिड्दा भए फेर तसै । लुब्धै भै रहने कुकर्म गर्‍ने सम्पूर्ण हिंसा
गरे । पापी ब्राह्मणहुन् कुकर्म गर्‍छन् सम्पूर्ण सातो हरे ॥२२॥

थियिन् एक् पुरमा त सुन्दरी अति वेश्या हुनाले गरी । तलाउ विच स्नान
खातिर माहाँ भेटै भयो त्यस घरी । छोरा स्त्री घर पैलिको छाडि गए पापीती
ब्रह्मण कन । माता पीता थिए धनै हरीलिए मारेर दुवै जन ॥२४॥

यस्तो पातकी काम् गरेर जनती घुम्दै थिए ति जहाँ । साधुको धन लुट्नलाई
तिनले साथै गएथे त्यहाँ । जाँदाखेरी त्यहाँ थियो अति असल शिवालयै
मन्दिर । आयु क्षीण भयो ती ब्रह्मण कनै पीडा भयो आखिर ॥२५॥

आएछन् यमराजका तिन महाँ दूतै लिनै खातिर। अन्त्यको समयै महाँ त
शिवको नामै सुने आखिर। सारा श्री शिवको अपार महिमा नामै सुनेको
थियो। भस्मै धारण योग्य साधु जनथे प्रभाव त्यसको रह्‌यो॥२६॥

हे गणहो अहिले ति ब्रह्मण कनै ल्याएर कै लासमा। यमादि गणहेरुछन् त
अहिले ति ब्राह्मणै साथमा। यस्तो बात सुनेर ति शिवजीको जाँदा भए गण
जसै। पुगे ति यमराजको पुरमाहाँ भन्दा भए झट् तसै॥२७॥

शिव दुतहरु हामी हौं बुझ यहाँ आउनु पर्‍यो यस घरी। पापी ब्राह्मण
भन्दथ्यौ तिमीहरु दैवग्यको खेलपारी। श्री शंकर प्रभुको भयो र करुणा
आयौं अगाडि पनि। यमराज खुशी भएर त विदा दिए त लानोस् भनि॥२८॥

मुक्ति ब्राह्मणको भयो भनी सबै कैलास वासी जन। शिव भक्ति र भस्म
धारण अनि साधु र ब्राह्मण कन। तिर्थै हुन् सब भन्दथे येस घरी सत्यै भयो
लौ यहाँ। यस्ता पातकी ब्रह्मणै पनि गए सायुज्य कैलाश् माहाँ॥२९॥

भन्छन् सौनकजी अहो सुन तिमी विस्तार सबै जान्दछौं। भक्ति श्री शिवको
प्रसन्न मनले ज्ञानी भनि मान्दछौं। छन् शिवादि हरु त उत्तम अरु सुन्छौं
बताउ यहाँ। भक्ति मुक्ति र श्रेय ज्ञान मिल्ने शान्ति दिने मन् महाँ॥३०॥

यस्तो वात सुनेर सौनक जीको श्री सुत भन्छन् अनि। भोलानाथ प्रभुको
चरित्र लिनुहोस् ज्ञानै ठूलो हो भनि। थिईन् एक ति राज कन्या कनता
अत्यन्त कामातुर। विहा भो तिनको त आखिर माहाँ वेश्या दुवै खातिर॥३१॥

पति भन्दछन् वेश्या श्रीछ घरमा के गर्नु मैले गई। वेश्याकै सँगमा रहेर
अहिले वस्छु सदा खुश भई। पत्नी त्यैरीतले पर पुरुषका साथमा त वेश्या
गरी। हिड्दै तिन् कन राज पुत्री पनि ता वेश्या हुनाले गरी॥३२॥

वेश्याभै सकियो सबै जति थियो पैला भएको धन। राज्यै पनि सबै हरण
गरी लिए आएर शत्रु कन। छैन धन् घरमा गयो र झगडा कलंक निक्ली
गयो। स्त्रीको मृत्यु भयो पीसाचति भई पुरुष् कुकर्मि भयो॥३३॥

त्यस्तै रित् सीतले ति दुई जनको मृत्यु भएथ्यो जसै। आर्कि वेश्या त्यहित
आईछ पीसास चुंचुली भन्ने तसै। भेट्भो ति तीनको पीसाच ती पुगे गोकर्ण
तिर्थै महाँ। श्री नारायणको सदा शिवजीको मिल्यो र दर्शन त्यहाँ ॥३४॥

भोलानाथ शिवको त नाम सुनियो साराती ब्रह्मणहरु। शिव पुराणको चरित्र
महिमा सुन्दा भए झट् अरु। तन् मन्ले गरी सुन्द थेती सबजन् पीसाच
योनीलिई। भोलानाथ प्रभुको चरित्र शिवनाम सुन्थे ति पिसाच गई ॥३५॥

आयो पर्व ठूलो सवै जनहरु गोकर्ण तिर्थै महाँ। पूजा श्री शिवको गरे
सबमिलि उत्सव भयो फेर त्यहाँ। जै जै कार भयो सदा शिवजीको किर्तन्
शिवकै भयो। सारा पाप तीनको छुटिकन त्यहाँ पीसाच मुक्ति भयो ॥३६॥

वैराग्यै कन आईगो तिनमहाँ भक्ति प्रभु खातिर। भन्छन् ति तीन पापी थ्यौ
येसघरी वैराग्य भो आखिर। सारा पाप छुटेर फेरी अहिले वैराग्य आयो यहाँ।
मुक्ति खातिर कर्म हो गरुँ कसो यज्ञादि धर्मै महाँ ॥३७॥

भन्छन् श्री सुतजी पुराणाहरुमा सास्त्रादिमा वेदमा। कर्मै खातिरले त मिल्छ
जनमा भक्ति र सतसङ्गमाः। चुंचुली पनि भन्दथिन त अहिले पीसाच योनि
गयो। भोला नाथ शिवको चरित्र सुनदा उद्धार हाम्रो भयो ॥३८॥

पापै पाप गरी कुकर्म गर्‌दा धन् राज्य नाशै भयो। ब्राह्मण धर्म र कर्म
वेदहरुको यज्ञादिको फल भयो। सिध्दैमा पनि सिद्धि येज्ञ गतिमा ज्ञान
भक्ति कर्मादिमा।श्री शिव महिमा छ उत्तम कथा यज्ञादि सास्रादिमा ॥३९॥

थिए क्वै दि एक् तपस्वी भनि जन् स्नान गर्नका खातिर। गङ्गामा गई स्नान
गरी तप गरुँ भन्दै गए ति पर। देखे तिन् कन एक लिङ्ग शिवको थिए त्यहाँ
एक जन। पूजा श्री शिवलिङ्गको गरी सदा वस्थे खुशी भैकन ॥४०॥

भक्ति श्री शिवको गरी तिनीरहे आनन्द मान्दै अति। सुन्थे श्री शिवको चरित्र
महिमा भन्थे खुशी भै कति। हे सज्‌जन जन हो ठुलो छ महिमा ज्ञान भक्ति
सारा दिने। पूजा श्री शिवको र येज्ञ हविको वीगुत् लगाई लिने ॥४१॥

रुद्र रुप शिवको भनेर बुझिल्यौ यज्ञादिको तेजमा। दिग् पालादि र देवताहरु
सवै बस्छन् गई अग्निमा । आवाहन गरी वेद मन्त्र विधिले होमादि गर्दा
हुदि। शेश नारायण रुद्र तेज हरीको श्री कालीको शक्ति दी ॥४२॥

सारादेव र देवता विचमाहाँ गर्छन् हवन् यो घरी । अग्निका सँगमा रहेर
अहिले खान्छन् ति प्रेमले गरी। खाएको हवि अग्निले हुन गयो शक्ति स्वरुप
भस्ममा भक्ति खातिरमा लगाउनु असल तिलक् सदा माथमा ॥४३॥

तिलकको महिमा अपार छ ठूलो सत् मार्गमा मन दिने। यज्ञैका सव देवताहरु
मिलि मुत्ति गराई दिने। भन्छिन् चुंचुली सत्य आदर भयो पाएर दर्शन शिव।
कर्मै खातिरमा र मुक्ति र शमा वेदै स्वरुप हुन् शिव ॥४४॥

कर्मैको फलले गरेर अहिले साथै मिलेको घरी । यज्ञादिहरुको र मुक्ति
शिवको नारायणैको गरी । छन् सज्जनहरु वेद पठिहरुछन् अन्त्यै विशेश
सज्जन। त्यै हो तिर्थ ठूलो र पूर्णतप भो मुक्ति भयो ततक्षण ॥४५॥

भन्छन् श्री सुतजी अपार महिमा अत्यन्त राम्रो गरी। मुक्ति चंचुली भै गएर
प्रभको स्तुति गरे राम्ररी । आइन् पार्वति साथमा प्रभुजीको स्तुति गरेको
सुनी। मागील्यौ वरदान पूर्ण गरुँला भक्ति ठूलो हो भनि ॥४६॥

माता पार्वतिको सुने रयी वाचन चंचुली भन्छिन् त्यहाँ। आधा शक्ति भवानी
गौरी भनिफेर किर्तिछ संसारमा। विन्ध्याचलगीरीमा सदा ति घुम्छन् पीसाच
रुपी भई। हुन मेरा पति कर्मका त्यस घरी मुक्ति दिनु होस् गई ॥४७॥

मागीन् चंचुलीले त पुण्य वर यो श्री गौरी का साथमा । दिनु भो वर त्यो
र साथ मिलिगो आए पति साथमा । थिए प्रेत पीसाचका जनहरु भक्ति
शिवैको गरी। रुद्रैकासँग बस्तछन् तिनीहरु आनन्द लिन्छन् तरि ॥४८॥

यस्तो यो शिवको पुराण छ अपार भुक्ति र मुक्ति दिने। साधु सन्त र ब्रह्म
ज्ञानी जनमा सुन्दा ति खुशी हुने। येसमा छन् शिवका अपार महिमा वेदादि
कर्मा दिका। शिव रुप शिव लिङ्गका र गणका गङ्गादि तिर्था दिका ॥४९॥

तेसै कारणले अवश्य जनले श्री शिवको वर्णन। सातौ संहितको त ग्रन्थ वनियो महात्मा सारा छन्। यज्ञादिहरुमा पनि फल दिने श्री शिव हुन् यज्ञका। यज्ञ कर्ता भनेर जान्नु जनले मुक्ति दिने देवता ॥५०॥

तेजमा चन्द्र समान छन् त भवमा गङ्गा समुद्रै सरी। ग्रहादि हरुमा बृहस्पति भए बुद्धि दिने राम्ररी। साथ्मा राखी लिने सबै जनहरु गङ्गाजिका साथमा। भक्तै खातिरमा गएर शिवजी वस्छन् ति कैलासमा ॥५१॥

भन्छन् श्री सुतजी अपार छ ठूलो श्री शम्भुको वर्णन।श्री शिव पुराणै लगाइ जनले सुन्नेति हुन् सज्जन्। राम्रो साईत हेर्नुपर्छ जनले मुहुर्त राम्रो गरी। वैशाख श्रावण माघ फाल्गुण भयो उत्तम् यी छन् राम्ररी ॥५२॥

अन्यै मास पनि त भक्ति शिवको गर्नु परेका घरी। शुक्ल पक्ष पारेर गर्नु शिवको आराधना राम्ररी। पूर्वै पटी बनाई मण्डप विशे की उत्तरै भागमा। खण्डै एघारको गराईकन फेर उच्चाई मण्डप त्यहाँ ॥५३॥

एक्काईस हस्त गराई मण्डपलिने चौडाई जम्मा हुँदा। मण्डप स्थापितका ग्रहादि सवत्री स्थापी लिनु देवता। दिग्पालादि र द्धारपालहरुको पूजा विधानले गरी। ग्रहवेदि र नाग पूजन सबै ध्वजा अनेकन भरि ॥५४॥

लिङ्गै श्री शिवको त मण्डप विशे सत्ताईसै गाउनु। शक्तिले नागले सहित भएको ध्वजात मूल हो लिनु। सिंहासन लिनु पर्छ उत्तम अति तेसमाथि थाप्नु शिव। पूजा श्री शिव शुक्तले गरि लिनु शक्ति सवरुपा शिव ॥५५॥

पुस्तक पूजनमा अवश्य गुरुले पुरुष शुक्तै पढि। पूजाश्री शिवको त सोडसपचार गर्नुत मन्त्रै पढि। लिनुपर्दछ धन अवश्य शिवमा विवादिमा चाहिने। भक्ति भावर शुद्ध कर्म धनले मुक्ति र भुक्ति दिने ॥५६॥

पण्डित वेद र कर्म ज्ञान भएका भक्ति अती सज्जन। विद्वान हुन् सवमा त शक्ति शिवमा ज्ञानी ठुला सज्जन। पुर्वै पण्डित फर्की पाठ गर्छन् कर्ताहरु उत्तर। कर्तापूर्व पटि रहे ती त वसुन फर्केर उत्तर तिर ॥५७॥

पुराणा श्री शिवको अपार महिमा सुन्दा हुदि येस घरी। काम क्रोध र लोभ मोह मद सब त्यागी दिनु राम्ररी। पञ्च गब्य गरेर प्राश नबसुन् श्रोता र वक्ताजन। भक्तिले गरी सुन्नुपर्छ शिवको कीर्तनहरु वेश छन् ॥५८॥

मध्याह्नै घटि हो त दुई शिवको पुराण रोकी लिने। भक्तै खातिर मा गएर सवमा आनन्द मनमा दिने। आपन्तादिर गाउँघर सवजना लाईगई राम्ररी। शिव शक्ति पुराण लाउछु भनि निम्ता दिनु राम्ररी ॥५९॥

आउलान शिव भक्त सज्जनहरु साधुर विद्वान जन। भक्तिमा पनि प्रेम पुण्य रहने शिवादिको कीर्तन। जस्ले सुन्दछ भक्ति भाव रसले एक चित्त ध्यानै दिई। संसार पार तरी अवश्य पछि फेर कैलाश वासी भई ॥६०॥

यो लोकमा सुख भोग गरेर पछि फेर आकन्ट कुक्ति दिने। रोगादि तीनको छुटेर सुख भोग ज्ञानी र सज्जन हुने। भुतप्रेत पिसाच आदि भयगो कैलास देखि पर। पुजा श्री शिवको गरेर त्यसमा शुद्धै भईगो घर ॥६१॥

जुन स्थानमा शिवको चरित्र महिमा वर्णन गरे पुजन। तिर्थै तेहि भनेर जान्नु जनले आनन्द मानी कन। तपस्वीहरुमा तपो रुप भई वस्ने सदा शंकर। यज्ञकर्ता भनेर जान्नु सबले दिने फलै शंकर ॥६२॥

जप यज्ञादि र पीतृ कर्महरुले शम्भो भोला नामले। भक्ति खातिरमा गएर रहने उत्साह सत् भक्तिले। शक्ति रुप धारि गए शिव बसे कैलाश बासी भई। भक्तै खातिर छन् चरित्र शिवका आनन्द बस्छन् गई ॥६३॥

शिव भक्त व्रती नियम यसमाहाँ भन्छुम विस्तार गरी। हे सौनकहरु हो सबै सुननुहोस् भन्छु म विस्तार गरि। जो गर्छन् शिवको अपार महिमा पान गर्नु घीउ दुधको। सक्दैनन् तीनले भने त्यसघरी भोजन त फलफूलको ॥६४॥

तेसमा शक्ति मिलेन हुन्न तिनले एक छाक खाईकन। बस्नु भक्ति गरी प्रशन्न मनले आनन्द पारी मन। ब्रह्मण वैदपढि सदाती गरनु यज्ञादि होम् आरती ।सत्य सौच दया र मौन मनले आनन्द लिनु अति ॥६५॥

जस्ले सुन्दछ प्रेभ भक्ति रसले शिव पुरण यो कथा। निसाप भै तिनका सबै तरहका नासिन्छ सारा व्यथा। सन्तानले हिनलाई सन्तति दिने दारीद्र नासी दिने। भक्तै खातिर प्रेम भक्ति रसमा उत्साहले पुजिने ॥६६॥

गर्भै हुन्न कवै अपुत्री तिन हुन् पापी अधर्मि खुबै। देख्नाले ति अपुत्रीहेरु जनता नासिन्छ मंगल सबै। धर्म राज यमको त पुजन गरे एक गर्भ पैदा हुने। काकबन्ध्या ति हुन् अवस्य बुझ्नु एक गर्भ मात्रै हुने ॥६७॥

धर्मै छाडि अधर्म तिन कन भयो यमादि कै दोषले। यमादि गणको अवश्य घर हो आखिरमा तेसले। सारा नास गराई पर्दछ सखाप बन्धु र प्रेमी जन। दुखी भै पीजडा त कै रहन यो कुकर्म भोगी कन ॥६८॥

यस्ता जनहरुले सुन्नु शिव पुराण नासिन्छ पाप छन् जाति। मुक्ति भै कन मिल्छ भक्ति शिवको कैलाश वासी अति। शिव भक्ति र साधु सन्त जनले सुत्नु जमिनै महाँ। उच्चखाट पलङ् सवै तिनीहरु सहित त्यगी दिनु येसमा ॥६९॥

खानु हुन्न कुपात्र आदिहरुमा लोहादिमा धातुमा। पत्रादिहरु शुद्ध पात्र बुझ्नु खानु यिनै साथमा। आमीष खान र पान हिंसा गरने कुकर्म त्यादि दिनु। कोदो मास् भटमास् फापर भयो कुअन्न त्यागि दिनु ॥७०॥

मध्यपान र बासी तेजीहरु सबै उत्तेजना चीजहरु। त्यागीने यीन चीज हुन् शिवजीले लिनु सिधो नुन वरु। यस्ता रीत सीतले त सुन्नु शिव पुराण भक्ति मनैमा परि। होम् वेद् मन्त्र पढेर गर्नु शिवको सास्रै विधानले गरी ॥७१॥

शिव पार्वतिका स्वरुप दुईको पूजा गरी राम्ररी। वस्र भूषण आदि युक्त भयको सैया विधानले गरी। वस्र भुषण भुमी दान शिवमा गर्नु अति प्रमेले। गोदान तिल सुवर्णहेरु शिवमा दान् गर्नु सत् भक्तिले ॥७२॥

ब्राह्मणमा अति प्रेम भक्ति रहने वेदादिको तेजले । गर्नु ब्रह्मण दम्पत्ति दुई पुजा भक्ति र सत् भावले । मिल्नेछ शिवको त दर्शन समान् दानले ठूलो पुण्य भो । पुण्यैले गरी भुक्ति मुक्तिहरु सव मिल्ने अवस्यै छ यो ॥७३॥

ईति शिव पुराण माहात्म्यां समाप्तम् भाषा श्लोक सहित

शिव भजन् ।

शिव शरणाम् प्रभु शिव शरणाम् कैलास पति भोले बाबा प्रभु शरणम् ।
शंकर भोले वावाले डम्फु वजाउने । शिव गण हँसाउने भक्त नचाउने । कति
सुहायो कति सुहायो हातमा डम्फु साथमा त्रिशुल कति सुहायो ॥१॥

शिव शंकर बाबाले डम्फु वजाउने । यज्ञ खातिर ब्राह्मणका साथ रमाउने ।
कति सुहायो कति सुहायो भोले बाबा आएर डम्फु बजायो ॥२॥

कैलासपति भोलो बाबा आए नाचेर । नागको माला बाघको छाला साथ
लाएर कति सुहायो ॥३॥

गायत्री र सावित्री साथ गङ्गा छन् । साधु सन्त भक्तमा शिव रमाउँछन् ॥
कति सुहायो ॥४॥

कैलास वासी शिवजी गङ्गा साथमा पार्वतिका साथमा डम्फु हातमा ॥ कति
सुहायो ॥५॥

शिव शरणम् शिव शरणम् कैलासपति भोलो बाबा प्रभु शरणम ॥६॥

कति सुहायो कति सुहायो बाघको छाला नागको माला कति सुहायो ॥७॥

ईति शिव महात्म्य भजन ॥

भजौ दुर्गालाई भजौं दुर्गालाई शक्ति रुपी गायत्री सरस्वतिलाई ॥८॥

दुर्गा भनेर नाम लिएर । भक्तजन भजन गर्छन् पाउ परे ॥९॥

यो पनि दुर्गाको त्यो पनि दुर्गाको । सारा संसार दुर्गाको जगत् माताको ॥१०॥

ईति भजन ।

हे शम्भो करुणा नीधान भगवान् हे देव विश्वम्भर। कोटि कोटि प्रणाम गर्छु पदमा सन्ताप मेरो हर। शम्भो श्रीमय पाशले बीषयमा छु बाँधिएको मता। पाई मानुष जन्ममा रुमलिएँ जञ्जालमा बे पता ॥१॥

रक्षा गर्नु हवोस् परे शरणमा हेनाथ ऐले याहाँ। विस्तार गर्न सकुँ प्रभो हजुरको वर्णन चरित्रै माहाँ। श्रद्धा भक्ति शिव अनन्त गुणकी देवी विकट रुपीणी। साक्षात् ब्रह्म अगम्य मुर्ति जननी सम्पूर्णकी साक्षीणी ॥२॥

यस्ति श्री जगदम्बीका चरणमा गर्छु प्रणम् यस घरी। टारुन् दुःख समस्त मेरा जतिछन् माता उनै ईश्वरी। नित्या नित्य तिमी अनन्त महिमा तिम्रो बखानी कन। सक्ने छैन ममा कृपागर शिवे दुःखी मजानी कन ॥३॥

गणेश स्तुति

हे नाथ नाथ गणनाथ अनाथ नाथ। हे पार्वति सुत विनायक बुद्धि दाता ॥१॥

हेसारदा चरण कमल ध्यान गर्छु। पाउँ सुबुद्धि भनि बिन्ति अनाथ गर्छु ॥२॥

ज्ञान दिने गुरु ब्रह्मा विष्णु शिव तिनै जना। सत्य वर्ण परमेश्वर अक्षरलाई नमो नमः ॥

ईति प्रार्थना स्तुति ॥

शिवमहा पुराण प्रथम विश्वेश्वर संहिता प्रारम्भः

भन्छन् ब्यास मुनी प्रशन्न मनले श्री शम्भुको वर्णन। विश्वेश्वर प्रभु संहिता त अहिले गर्छु सदा कीर्तन। हिमाल क्षेत्र विशेत गङ्गा रहने कालीन्दीका तिरमा। सोहि क्षेत्र ति सब् महर्षिहरुले गर्थेत यज्ञै त्यहाँ ॥१॥

त्यहि स्थान विशे गए शुत पनि पौराणी के ज्ञानले । पुजा श्री सुतको गरेर पहिले भन्छन् अनि भक्तिले । हे सर्वज्ञ गुरो सुनाउनु हवोस् सारा चरित्रैहरु । जुन् सुन्नाकन तृप्त हुन्छ मनमा आनन्द आवोस अरु ॥२॥

हिरा मोति र उच्च धातुहरुमा उच्चै श्रवामा पनि । आनन्दै पनि कोहि हुन्न मनमा ति चीज पाए पनि । आयो घोर् कलियुग् अवश्य नहिता संकष्ट होला जसै । दुर्भिक्षादि र चोर सव ठगी हुनन् संकष्ट देलान् तसै ॥३॥

आशक्ति परस्त्री सँगै रत हुने दान पुण्य लुटि लिने । ब्राह्मणको धन पुण्य यज्ञहरुको खोसी सवै चीज लिने । पितृिकर्म र दान धर्महरु सव चल्दैन केहि अब । वैदिक कर्म र वेद धर्महरु सव बिक्री हुनेछन् अब ॥४॥

ज्ञानमा वेद पुराण सास्त्रहरुमा पुर्णै तिमी छौ सूतः । कथा पुण्य वताउ हे सुत मुनी सारा जगत् होस हीत । कस्ता छन् शिवका अपार महिमा कुन कर्मले मिल्द । शिवको महिमा अपार छ ठूलो भक्ति र ज्ञान मिल्द ॥५॥

यस्तो प्रश्न सुनेर सौनकजीको श्रीसूत भन्छन् त्यहाँ । भन्छु श्री शिवको चरित्र महिमा मंगल हुने लोकमा । चारै वेद विशे छ उत्तम ठूलो शिव पुराण एक अति । भुक्ति मुक्ति र ज्ञान शक्ति शिवजी दिन्छन् खुसी भै अति ॥६॥

अध्ययन गर्ने त मात्र जनले सत भक्ति सत् प्राप्त भै । गोहत्यादिक ब्रह्महत्या सवती नासै भए पाप कवै । सास्त्रैमा जब वेद अन्त्य हुनगो विवाद भो सास्त्रको । त्यसैले शिवको पुराण महिमा प्रसिद्ध हुँदो भयो ॥७॥

शिव भक्ति र वेद यज्ञ ध्वनीमा ज्ञान भक्ति कर्मादिमा । पुण्यै हो शिवको पुराण महिमा भन्छु रहि भक्तिमा । जसले श्री शिव लिङ्ग पूजन सदा गर्छन् ति घरमा बसी । नीत्यै यज्ञसमान् चरण् कमलको दर्शन् ती पाउने बसी ॥८॥

आफ्ना साथ रहून् सदा शिव भनि पूजा गरी लिङ्गको। तिर्थै तुल्य भई रहन्छ त्यसमा पुण्यै ठूलो यज्ञको। जस्ले श्री शिवको अपार महिमा सुन्लान् ति तिर्थादिको। दर्शन गर्नु समान पुण्य फल हो नासै भयो पापको ॥९॥

शके श्री शिवको पराण महिमा सुन्नु त पूरा गरी। सक्दैनन् जनले भने पनि त एक अध्याय पूरा गरी। श्लोक एकै तकनै भएपनि पढुन् आधा त श्लोकै भए। ईच्छा सिद्धि अवस्य हुन्छ जनको सारा ती पाप नासिए ॥१०॥

ठूलो पुण्य छ पितृ यज्ञहरुमा भक्ति र मुक्ति दिने। कैलास वासी प्रभु प्रशन्न मनले तिर्थादिको फलदिने। तिर्थादिहरुमा सदा शिवजी छन् यज्ञादिमा मुख्य छन्। लीला श्री शिवले अपार गर्दै कैलास कासी ति हुन् ॥११॥

कृष्ण पक्ष त्रयोदशी यदि पुजा गर्लान् जउन् यो घरी। यज्ञादिहरुको सवै फलमीली आनन्दमा त्यो परि। बस्लान् पुज्य भएर प्राणीहरुमा शान्तै स्वरुप शक्तिले। पूजा श्री शिवको अपार महिमा गर्दा अति भक्तिले ॥१२॥

यस्मा श्री शिवको पुराण छ ठूलो सातै छ छन् संहिता। विश्वेश्वर उमा त मातृ हुनगो एकादशै रुद्रता। कैलाश भो सत रुद्रि यै हुन गयो कोटित रुद्रै पनि। यिन्मा छन् सब रुद्र तेजहरु सब ज्ञानीहरु ति मुनी ॥१३॥

सारा ग्रन्थहरु पुराण यसको चौबिस हजारको। ग्रन्थैमा शिव लिङ्ग वर्णन भयो सास्रादि वेदादिको। विश्वेश्वर पहिलो भयो शिवजीको सारा जगत् रक्षक। रुद्र संहिता त दोस्रो हुन गयो तेजादिको रक्षक ॥१४॥

सत् रुद्रि य सहिता तितय भो यज्ञादि को रक्षक। कोटि रुद्र भनेर चौथो हुनगो तिर्थादिमा रक्षक। साधु सन्तस्वरुपलाई यसले आनन्द दिने भयो। उमा पाँच भयो चराचर जगत् शक्ति सवैमा गयो ॥१५॥

कैलाश छैदु भयो त पीतृ रुपको रुद्रस्वरुपी पनि। वायु सात भयो चराचर जगत् नारायणै हुन् तिनी। सोहि रीत् सीतले सदा शिवजीका कर्मै विशेका ति हुन्। भक्ति भावर येज्ञ तिर्थहरुमा रुपै अनेक फेर्दन् ॥१६॥

हे सुत अव हामीहेरु सवमा वेदान्तको सारको। पुराण श्री शिवको सुनाउनु हवोस् यज्ञादि सिद्धादिको। यस्तो प्रश्न सुनेर सौनकजीको श्री सुत भन्छन् त्यहाँ। सन्यास वेद पुराण यज्ञहरुमा मुख्यै शिवै छन् यहाँ ॥१७॥

एक्दिन स्वर्ग विशेति ब्रह्मण पनि आनन्दले ध्यान गरी। बस्थे ति शिवको सुनाई महिमा भक्ति उनै को गरी। मिल्यो श्री शिवको स्वरुप तहि फेर ब्रह्मण रहनथे जहाँ। रुद्रै तेज खडा भयो तेस घरी ब्रह्मजीका साथ् माहाँ ॥१८॥ (दोहा)

ब्रह्मादिहेरु सवलेत जाई। पूजा गरे रुद्र स्वरुपलाई। आनन्दले ब्रह्म समेत् रमाए। भक्ति गरी खुपसित नाच्न थाले ॥१९॥

योगी र भक्ति कन साथ माहाँ। भोला प्रभु शंकर साथ याहाँ। यिनकै कृपाले गरी भक्ति मिल्ने। अन्त्यै भएमा पनि मुक्ति हुने ॥२०॥ (स्लोक)

मुनीजन सब भन्दन् त अहिले ब्रह्मजीका साथमा। हेपीतामह शक्ति रुप शिवको लिन्छौं सदा माथमा। गर्नु कीर्तन शिवको र मिलला तेजै र बुद्धि पनि। यज्ञै रुप भएर रुद्र ति भए शक्ति स्वरुपी तिनी ॥२१॥

जस्का रुप स्वरुप अनेक तरहका भक्ति अनेकान् थरी। यज्ञादिहरुमा अनेक रुप छन् कर्मै विशेध्यान गरी। पुर्णै सब जनको गराई शिवजी ब्रह्मादिका साथमा। साधु शन्त र भक्त प्रेम जनमा बस्छन् सदा साथमा ॥२२॥

थियो एक पुरानो कर्म शिवको शिक्षादिमा जो अव। नारायण स्वरुप् पराशर जीमा भक्ति मिलेथ्यो तव। जन्मेथे तिनका एक पुत्र नदीमा ठूला भए ति मुनी। वेद धर्म पुराण ग्रन्थ तिनले विस्तार लेखे अनि ॥२३॥

भन्छन् ब्यास पनि प्रसिद्ध भएमा ब्रह्मादि देउताहरु। तिनका साथ गई गएर अनि फेर सनत कुमार जो अरु। काम क्रोध र लोभ मोह मद सब सारा हटाई दिने। भक्तै खातिर वेद यज्ञहरुमा आनन्द मानि लिने ॥२४॥ (दोहा)

एक दिन तिनै ब्यास गएर फेरी। सरस्वती नदि कीनारमा हेरी। पुगे ती ब्यास स्नान गरे जसैता। सत् भक्तिको ज्ञान मिल्यो तसै ता ॥२५॥

सनत् कुमारले यहि ज्ञान पाए। भक्ति शिवैको गरी धेर रमाए। गर्छन् जउन् जन शिवमा पुकार। वेदादि पढ्छन् जब बार बार ॥२६॥

शीवपूजा फल

ऐश्वर्य भोगी पछि मुक्ति हुन्छन्। आनन्द को भोग अवस्य भोग्छन्। (स्लोक) भन्छन् श्री सुतजी प्रभो शिवजीको लिङ्गैं बनाई कन। पूजा दान र यज्ञ कर्म सबमा पूजादि गर्दा कन। फल मिल्ला सव यज्ञपुजन गरे दान पुण्यमा हो जती। पुजा श्री शिवको सदादिन गरे फल पाउनेछन् त्यति ॥२७॥

दानै पुण्य र यज्ञ कर्महरुले पापादि धेरै थरी। नासै हुन्छ अवश्य पाप जनको सत प्रेम भक्ति गरी। ऊँकार हो पर ब्रह्म रुप शिवको शक्ति स्वरुपको छ यो। मन्त्र तन्त्र र भक्ति भावहरुमा सिद्धि दिने रुप हो ॥२८॥

पर्वत रुप शिवको उकार हुन गयो साधु र सन्यासीको। विगुत रुप भनेर जान्नु मनमा ऊँ कार रुप मन्त्रको। भस्मै धारणामा गएर रहने ब्रह्मादि धौताहरु। ऊँ कार रुप पर ब्रह्म शक्ति रुप हो ज्ञान भक्ति दिने अरु ॥२९॥

ब्रह्मा विष्णु शिवै चराचर जगत् पालन र पोषण गरी। आपस्तै सीत तेज उत्पत्ति भयो शक्ति मिलेका घरी। सोहि औसरमा अपार शीवको मूर्ति पनि देखियो। मूर्तिमा शिव रुप पर्ण हुन गो सारा जगत् देखियो ॥३०॥

यस्तो लिङ्ग अपार देखि नजले आश्चार्य माने अति। भक्ति श्री शिवको गरुन् सकलले मिल्ला ठूला ज्ञान पछि। पूजाश्री शिवलिङ्गको गरी लिए तिन रुपनै देखियो। साक्षात् रुप शिव लिङ्गमा हुन गयो पुजा गरे लिङ्गको ॥३१॥

नन्दि केशर भन्दछन् त अहिले भन्छु प्रभुको यहाँ। यारायण पर ब्रह्म रुप सहितै देखिन्छ लौ यसमा। के कारण हुनगो प्रभो अव यहाँ विस्तार बनाऊ भनि। ब्रह्मादिहरु भन्दथे जगत्मा रुपादि धेरछन् अनि ॥३२॥

नारायण त्यहिँ आई वक्सनुभयो ब्रह्मादिका साथमा। भन्नुभो प्रभुले सुनुन् सब भनि रुपादिमा ध्यानमा। सत्यरज तम गुणै जगतमा प्रख्यात छन् लोक भरि। सोहि औसर सत्यको हुन गयो दर्शन मिल्यो यसधारी ॥३३॥

दर्शन खातिरमा रहु गरुडमा तेजादिमा रुद्र छन्। जन्म कर्म र सत्य धर्महरुमा ब्रह्मा सदा बस्दछन्। ब्रह्मा मा रज गुण छ सत्य गुण त्यो नारायणै विष्णुमा। तमो गुण शीवमा रह्यो र अहिले फरक पर्यो यसमा ॥३४॥

अग्नि रुप शिवको त बाँण पनि जो क्रोधाग्नि जस्तै हुने। रुप नारायण बाँणले हृदयमा सन्ताप भारी दिने। ब्रह्माग्नि जब बद्दछन् हृदयमा उत्तेजना फैलिने। संसार मोह गराई पार्छ यसले बन्धन सरी बाँधने ॥३५॥

रक्षा श्री शिवमा चराचार जगत् संहार गर्ना कन। शिवादि गणहरुले स्तुति गरी आनन्द पार्छन् मनः। पालन पोषण कर्म भार भयमा औतार लिन्छन् हरी। भुकोभार उतारी खारी जनमा मुक्ति दिने श्री हरी ॥३६॥

कर्मैको फल भोग गर्न तिनले प्राणीहरु सब महाँ। खान पान र कर्म भोग सुःख दुःख दिन्छन् ति छिनभर महाँ। कोहि पर्वतमा छ गाउँ घरमा कोहि छ आकाशमा। कोहि जंगलमा र कोहि जलमा कोहि प्रभु आसमा ॥३७॥

तेस्तै ब्रह्म रजो गुणै सहितका जन्मादि नाना भरी। दिन्छन् ब्रह्म पनि अनेक तरहका जन्मादि धेरै थरी। कर्मैले गरी श्रेष्ठ हुन्छ जन त्यो दुःखादि जान्छन् टरी। तस्मात् कर्म अवश्य गर्नु जनले सास्त्रै विधानले गरी ॥३८॥

थिए पार्वति साथमा शिव पनि कैलाशमा यो घरी। नन्दि भृङ्गी शिवा दि गण त्यहि थिए भक्ति शिवैको गरी। ब्रह्मादि सब ईन्द्र विष्णु सबमा युद्धै भयाङ्कर भयो। थामी सक्न भएन युद्ध तिनको सम्पूर्ण सातो गयो ॥३९॥

ब्रह्मादि मुनीहेरु जाई शिवमा भक्ति गरी प्रेमले। सारा बिन्ति गरे ती देव गणले नासै भयो यसले। यस्तो वात सुनी सदा शिवजीले आज्ञा गरे यो जसै। ब्रह्मादिहरु सब जुटुन् यसघरी आज्ञा दिये यो तसै ॥४०॥

जम्मा सव जनको गराई शिवजी टंकार धनुको गरी। देखि ती शिव शक्ति रुप तिनले भन्दा भए यस घरी। भन्छन् देव महर्षि सिद्ध जनले रक्षा गरुन् शंकर। ब्रह्मा विष्णु र देव ईन्द्र सवमा जाई लडाइँ गर ॥४१॥

सारालाई जीति लिएर पृथीवि रक्षा गरी ईन्द्रको। राज्यै ये स घरी ईन्द्रलाई दिनुहोस् भक्ति ठूलो प्रेमको। यस्तो वात सुनी सदा शिवजीले झन्रुद्र को तेजले। युद्धै रोकी दिए गएर शिवले आँधी चल्यो वेगले ॥४२॥

तेसैका विचमा भयाङ्कर स्वरुप खम्बा प्रकट भो त्याहाँ। तेहि खम्बा विशे रहेछ शिवजी शक्ति दुवै विचमाहाँ। तेसैमा सब देखिए ग्रहहरु नक्षत्र यो गादिता। काल रुद्र स्वरुप तेहि हुनगो हेर्दा हुँदि देवता ॥४३॥

स्तम्भ श्री शिव शक्तिको त्यस घरी कालको मुखैमा परि। ब्रह्मा विष्णु र ईन्द्र आदि सवमा निल्ने ईराधा धरी। आएका शिवलाई देखी सवले युद्धादि छाडिकन। रक्षा गर्नु हवोस सदा शिव भनि गर्दा भए पुजन ॥४४॥

पूज श्री शिवको गरेर अनि केर ब्रह्मादि देउताहरु। युद्धै शान्त भयो र देव गणले बिन्ति गरे फेर अरु। रक्षा श्री हरी ब्रह्म ईन्द्र सबको गर्ने सदा शंकर। देवाधी कन देव हुन् शीव भनि मान्नु ठूलो आदर ॥४५॥

महाँ देव भनि नाम भो शिवजीको गर्दा भए पूजन । ब्रह्मा ईन्द्र महर्षि विष्णु भगवान् गर्दा हुँदि पूजन । सोहि कर्म विशे सदा शिवजीको आएर दर्शन गरी । पूजा यज्ञ र भक्तिमा त जनले उत्सव गरेका घरी ॥४६॥ (दोहा)

पूजा महादेव भनेर जस्ले । गर्ला खुशी पार्दछ शम्भु तेसले । दुःखादि सारा तिनको हरेर । भुक्ति र मुक्ति पनि मिल्छ धेर ॥४७॥ (स्लोक)

नन्दिकेशर भन्दछन् शिवजीको वृत्तान्त अर्को पनि । एकदिन श्री शिव हिड्दथे त्यसघरी गङ्गा किनारमा अनि । आयो एक बढेर दानव विशे मार्ने ईराधा गरी । ब्रह्मादि सव देवताहरुपनि नासै गऱ्यो तेस् घरी ॥४८॥

महा देव भनि नामले स्तुति गरे ईन्द्रादिले त्यस घरी । भक्ति देखी खुशी भए प्रभु पनि आए अगाडि सरी । आई भैरब को स्वरुप हुनगो रुद्र स्वरुप तेजले । बाहु देखि गराई सृष्टि शिवले गऱ्यो ठूलो बेगले ॥४९॥

सुने सव् जनलेत हर्षित भए ब्रह्मादि धौता हरु । रक्ष श्री सबजन् विशेस् गरी सदा भैरबका बाहनहरु । कालै रुद्र समान भैरब भयो औतार धारी शिव । रुप भैरब शिवको त्यहि प्रकटभो औतार धारी शिव ॥५०॥

बाहुन् वाहुबटै भयो त्यसधारी नामै रह्यो स्वान् भनि । सुनाई सव त्रास देखाई कन फेरि रक्षा म गर्छु भनि । भूत प्रेत पिसाचलाई पनि फेर रक्षा गरी सब महाँ । वस्छन् स्वान अनि प्रशन्न मनले गृहादि मार्गदिमा ॥५१॥

फूलमा केतकीको त उत्पत्ति भयो भैरब स्वरुप शक्तिले । धारणा श्री शिवले गरेर त्यसले वस्तो भयो प्रेमले । आएथे मुनीहेरु सो धनी गरेको हौ वताऊ तिमी । भन्दा केत कीले भन्यो शिवजीको पूजा गरेको भनि ॥५२॥ (दोहा)

प्रसाद दियो खाऊ तिमी भनेर । थियो मुनीमा पनि प्रेम धेर । लाग्दाति खानै कन ईन्द्र आई । रोक्ता भएति मुनीहेरुलाई ॥५३॥

भैरब स्वरुपको गरियोस् न ध्यान। फलको पनि हुन्छ अवश्य ज्ञान। योग्यै थिएन फल खान लाई। आयो ठुलो स्वान बहुत् कराई ॥५४॥

केतकी फुललाईत भम्टीलियो। देखे मुनिले जव त्यो कराको। हे केतकी पापी तिमी रहेछौं। प्रशाद भनि आफ्नो जठो दिए छौं ॥५५॥

श्रापै दिनेछौं तिमीलाई एले। शिवादिको यज्ञ गरेर जस्ले। पूजात तिम्रै फूलले त उस्ले। धर्मै समेत नास गरेछ त्यसले ॥५६॥

नष्टै सवै धर्म अवश्य हुन्छ। दुःखादिको भगी भएर रुन्छ। (स्लोक) गल्ती भो प्रभु ब्राह्मणै कन सराप पाएँ नराम्रो गरी। रक्षा गर्नु हवोस् प्रभो भनि सदा पाउ परें यो घरी। यस्ता बात सुनेर शंकर जीले आज्ञा गरे यो जसै। ब्राह्मणकै सव आज्ञा पालन गरी घुम्छु सदादिन यसै ॥५७॥

प्रशादादि भनेर ढाँटि कन फेर सत्मा असत्यै गरी। महाँ पातक हो भनेर बुझ्नु ढाट्नु र छल्नु अरी। सोहि कारणले अवस्य अहिले पुजादि गर्दा माहाँ। शंका कत्ति नमान केतकी तिमी जानी लिये मन् महाँ ॥५८॥

नन्दिके श्वर भन्दछन् शिवजीको सुनेर वात् यो घरी। ब्रह्मा विष्णु महेश वामतिरमा वस्ता भए यस् भरी। महाँदेव प्रभुको भयङ्कर स्वरुप आई खडा भै गयो। महर्षिहरुथे सबै मिलि यहाँ पूजादिको ठीक भयो ॥५९॥

फूल्मालाहरु धुप दिप सबले श्री खण्ड लेपन गरी। वस्त्रालंकृत हार नुपुर भयो ध्वजा अनेकान् थरी। गङ्गाको जल ल्याई दुध दहि घीउ मह र सखर पनि। ल्याये ति सव देवताहरु मिली पुजा गरुँला भनि ॥६०॥

सत्यै आदरमा रहेर प्रभुले आनन्द मान्दै अति। पूजा श्री शिवको गरे सकलले जम्मा भएका जति। भन्नुभो शिवले सवै जनहरु पुजा गरेउ भक्तिले। आजैका दिन पुण्य हुन्छ जगमा श्री शिवको शक्तिले ॥६१॥

भन्छन् यस दिनलाई रात्री शिवको ब्राह्मण र साधजन । पुण्यै यो शिव
रात्रीको दिन भयो पूजा गरे यस दिन । वर्षै दिन तक यज्ञ गर्दछ सदा फल
मिल्छ तेसै दिन। पुण्यै पर्व भनि सदा शिवजीको दर्शन् गरुन् तेस दिन ॥६२॥

जसले श्री शिव रात्रीको व्रत गरी पूजादि गर्छन् यहाँ । भूमी तिल सुवर्ण
धेनुहरु छन् दानै अति यसमाहाँ। दर्शन श्री शिवको अपार छ गरुन् साधुहरुको
पनि। पूजा दान र यज्ञ आदि हरु हुन् मुक्ति दिने हो भनि ॥६३॥

चन्द्रमा उदयै भएर त्यस दिन तारा गणै साथमा । पुजा श्री शिव रात्रीमा
प्रहरमा गर्नु सदा प्रेममा । नक्षेत्रै पनि आरद्रा हुन गए अत्यन्त उत्तम भनि ।
जो मृगशीरा हो भनेत त्यस दिन जान्नु ठूलो हो भनि ॥६४॥

नामै मात्र जपे पनि त्यस दिनै मुक्ति अवश्यै छ यो । तस्मात् श्री शिवको
अपार महिमा सुन्नु ठूलो भाग्य हो । शिव मुर्ति र लिङ्ग आदि सवमा पूजा र
दर्शन गरे। आयु जो बढला र रोगहरु सव् आराम होला भरे ॥६५॥

भन्छन् ब्रह्मा र विष्णु हे शिव भनि सर्गादिको वर्णन ।सुन्छौ हामीहरु प्रभो
शिव यहाँ क्रियादि गर्नेकन । नारायण प्रभुले त पालन गरुन् सृष्टि गरुन्
ब्रह्मले। रक्षा धर्म र कर्महेरु शिवमा फल भक्तिका प्रेमले ॥६६॥

हुन्छन् बुद्धि त सर्ग जान तिमीले संहार उत्कृष्ट हो । भक्ति सर्ग भनेर जान
जनले अन्त्यै विशे सर्ग हो । त्रीधाग्नी बढि गै गयो जनविशे यमादि दण्डै छ
यो। त्रोधी रुप यमको भनेर बुझ्नु यमादिकै रुप त्यो ॥६७॥

दिशाहेरु त मुख्य चार भयमा तेजै स्वरुपी पनि । ब्रह्मा विष्णु महेश धर्मरुप
हुन् कर्मै विशेष छन् यीनी । शक्ति रुप जलै छ भूमी तलामा तेजमात शक्ति
नभै। पशुपन्छी र प्राणीहरु सबमा चाहिन्छ शक्ति खुबै ॥६८॥

शिव शक्ति छ ज्ञान धर्महरुमा ॐ कारमा देवता । पूर्णै त्यैरीतले गराई
कन फेर ॐ शिव भन्दायता ।ॐ शिव शिव ॐ अपार महिमा आकार
विकारले । नामै श्री शिवको जपे हुदि हुने भक्ति र प्रेम भावले ॥६९॥

पाँचौ रुप शिवमा अनन्त छ ठूलो पाँचौ मुखी छन् शिव । मन्त्र तन्त्र अपार
छन् सकलमा शक्ति स्वरुपी शिव । गायत्रि सावित्री सरस्वतिहरु श्रीपार्वति
साथमा । श्री काली कन शक्ति रुप शिवजी लिन्छन् सदा माथमा ॥७०॥

ज्ञानी जनहरुमा त शक्ति शिवको विद्या बढो हुन्छ र । विद्या बुद्धि र
ईन्द्रीयैहरुमाहाँ बस्छन् गई शंकर । आरद्रा शिवमा नक्षेत्र हुनगो पुण्यै अति
भावको । पूजा यसदिन वास उत्तम हुँदा गर्नु ठूलो पुण्य को ॥७१॥

भन्छन् सौनक जी अहो सुत तिमी मुख्यै भईयो घरी । लिङ्गदि शिवको त
पुजन विधान संक्षेपले यो गरी । भन्नु होस् अब हामीहेरु सबमा ज्ञान भक्ति
सारा दिने । त्रैलोक्यै सब पुण्य होस् अति ठूलो सत भक्ति दर्साउने ॥७२॥

यस्तो प्रश्न सुनेर सौनक जीको श्री सुत भन्छन् त्यहाँ । वैदिक मन्त्र पढेर
पुजन गरुन् श्री शिव शक्ति माहाँ । कर्मैले गरी पुण्य मिल्छ सबमा कर्मैछ
शक्ति दिने । तस्मात् कर्म अवश्य श्रेष्ठ छ भनि कर्मै विशेमन दिने ॥७३॥

पुजा दर्शन भावमा ग्रहणमा मन्त्रादिहेरु पनि । ॐ को साथ रहि सदा
तिनीहरु सिद्धै गराए अनि । साथै शंकरको लिएर सबमा संकष्ट नासी
लिने । भक्तिले गरी सिद्ध हुन्छ जनमा पुर्णै गराई दिने ॥७४॥

जहाँ छन् शिव लिङ्ग मूर्ति त्यहि हो तिर्यै समानको घर । जस्ले पुजन नित्य
गर्छ शिवको भक्ति ठूलो आदर । प्रात काल महाँ त पुजन गरुन् ज्ञान् रुपी
हुन्छन् शिव । मध्याह्नै विच काम शक्ति नभमा तेजाग्निमा छन् शिव ॥७५॥

मध्यैकालत साधु सन्तहरुमा भक्ति र सत् भावमा। भक्तिले गरि ज्ञान हुन्छ जनमा पुजादि यज्ञादिमा। तिर्थादि सब पुण्य क्षेत्रहरुमा कर्मैं अने कान् थरि। पुजा दान र पुण्य यज्ञ गर्दछ भने कर्मैंछ ठूलो भरी ॥७६॥

भन्छन् श्री सुतजी भुगोल यसको पचास हजार योजन। पुण्यै क्षेत्र प्रमाण यो गरी लिए तिर्थादिहेरु छन्। कैलाशै तह देखी गन्ती हुनगो दायाँ र बायाँ गरी। भारत वर्ष पवित्र हो प्रभुजीको यज्ञादि नाना थरि ॥७७॥

गङ्गाजीहरु बग्दछन् यस महाँ मुक्ति दिने छन् जल। गङ्गा छन्सरस्वति नाम कहने अष्टै मुखी छन् जल। पुण्यै आठ अकारको मिलि गयो ज्ञान्ले त पुर्णे भयो। स्नानैले गरी पाप नाश हुनगो शरिर शुद्धै भयो ॥७८॥

गङ्गा गोदावरी गएर जनले स्नानादि गर्छन जन। गोहत्या दिक पाप नास्छ यसले शुद्धै गराई मन। कृष्ण वेणी अठार मुख तहका पापादि नासी दिने। तुङ्ग भद्रा दशै मुखी हुन गईन् सन्ताप नासी लिने ॥७९॥

नर्मदा यमुना भयाङ्कर अरु भागी रथी छन् यहाँ। पापै नासा गराई पुर्ण यसले स्नानादि गर्दा माहाँ। काईक वाचिक मानसिक यस धरी पापदि नासी दिने। आत्मा शुद्ध गराई पपिसवले सत् भक्ति ज्ञानी हुने ॥८०॥

भोगैमा सब देवाहरु त छन् योगादि को ध्यानले। योगी शुद्ध हुनेत योग विधीले भक्ति गरी ज्ञानले। ब्रत तिर्थ र यज्ञहेरु सबमा पुजादि गर्दा हुँदि। गङ्गाजी जप स्नान शुद्ध हुनगो पुण्यै ठूलो हो यदि ॥८१॥

भन्न् सौनकहेरु धर्म सहितै पापादि बस्छन् कहाँ। कुनलोक धर्म र पापको हुन गयो वीस्तार सुन्छौ यहाँ। यस्तो प्रश्न मुनी महर्षि सुतले आज्ञा गरे यो तब। लोकालोक अनेक छन् जनहरु वेधाज्ञ छन् जो अब ॥८२॥

ब्रह्मणको कर्म के हो ?

ब्रह्मणभै कन वेदपढ्नु जनले कर्मादि पुर्णैगरी । उत्तम ब्राह्मण ति भनेर
बुझ्नु सास्रादि जान्नेसरी । आधा रुप स्रोत वेद पढ्ने जनहुन् राजर्षि ब्रह्मण
भनि । क्षेत्रि तुल्यत जानी लेउ तिमीले ब्रह्मण भए तापनि ॥८३॥

आचार छोडि ति बिक्रीमा रत हुने रशादि बेच्नेहरु । बैश्येकै रुप तुल्यब्राह्मणाति
हुन् जानी लिनुहोस् अरु । वेश्या वृत्ति र हिंसा कर्म गर्ने शुद्रादि नै हुन् भनि ।
जानी तिनकन कर्म गर्नु जनले ब्राह्मणयी यस्ता भनि ॥८४॥

क्षेत्री भैकन राज्य पाल गरी रक्षा सदा पृथीवीको । ब्राह्मण साध र शन्त
रक्षाक गरी बस्नेत त्यो क्षेत्री हो । क्षेत्री भैकन दान पुण्य गरनु सत् पात्रमा
दान दिनु । लिनुहुन्न कदापि क्षेत्रीहरुले दानै भनि बुझ्नु ॥८५॥

ब्रह्मै तेज रहन्छ दान गर्दा पुण्यादि गर्दा हुँदि । अग्नि रुप भनि जान्नु ब्राह्मणहरु
देवादिमा छन् यदि । शौच स्नान र दान धर्म सवमा सिद्धादि कर्मादिले ।
आचार सबजनकोत स्नान विधि हो वेदादिकै मन्त्रले ॥८६॥

मान स्तोके भनेर मन्त्र पढ्नु त्रिपुण्य भस्मै पनि । लाई श्री शिवनाम जपेर
रहनु कर्मैं ठूलो हो भनि । गायत्री जपी नित्य कर्म गरनु पुजादिहेरु माहाँ ।
मन्त्रै सिद्ध नभैत हुन्न फल जो यज्ञादि गर्दा महाँ ॥८७॥

गायत्री सावित्री सरस्वती महाँ ब्रह्म र विष्णु शिव । प्रातः मध्य र सन्ध्यामा
जप गरे फलमा रहेछन् शिव । गौरी स्कन्ध र इन्द्रहेरु यमजी बस्छन् गई
साथमा । गायत्रि जप शुद्ध गर्नु परने पुण्यै ठूलो हातमा ॥८८॥

वाक्यैले गरी सत्य पालन हुने तेजाग्नि भो सत्यको । सत्यै युग विशेषत
पालन हुने ठूलो सदा सत्य को । पूजा ध्यान र भक्ति भाव र समा कर्मादि
गर्दा हुदि । सत्यैले गरी मिल्छ भक्ति सबमा यज्ञादि गर्दा हुदि ॥८९॥

आफ्नो आर्जनको धनै जतिछ लौं दशाम्स दानै गरी। पुण्यै आर्जन गर्नु पर्छ
जनले यज्ञादिहेरु गरी। यज्ञादिहरु धेर छन त तिनमा यज्ञादि को वेद को।
मन्त्रै पाठ र पुजनादिहरुले पुण्यै ठुलो यज्ञको ॥९०॥

भन्छन् सौनक जीत येज्ञहरुमा धेरै थरी छन् अरु। द्रब्यै यज्ञ र दानयज्ञ भनिने
ब्रह्मादि यज्ञैहरु। आज्ञा गर्न हवोस् सबै तरहका यज्ञादि कस्ता छन्। जप
यज्ञैकन पुण्य गर्दछ जउन् देवादि को दर्शन ॥९१॥

भन्छन् शंकर यज्ञ रुपहरु सब देवादिका साथमा। शरिर शुद्ध गराई पार्छ
यसले जप यज्ञ हो शुद्धमा। पीतृ तर्पण पिण्ड दानहरुको पुजादि गर्दा हुँदि।
महाँ यज्ञ गरियको फल मिल्यो श्राद्धदि गर्दा हुँदि ॥९२॥

पीतृ यज्ञ भनेर गर्दछ जउन् अत्यन्त भारी ठूलो। पुण्यै मिल्छ अवश्य भक्ति
जनको पापादि हुन्छन् धुलो। ब्राह्मण भोजन यज्ञ छन् त्यस घरि पुर्णै गराई
दिने। सारा ईन्द्रीयहेरु छन् जन विशे तृप्तै गराई दिने ॥९३॥

साधु सन्त र ब्राह्मणै अतिथि हुन् सत्कार राम्रो सीत। गर्नु कर्म ठूलो छ पुण्य
यसमा आखिर होला हित। प्रत्येक बार मासहरु सबछन् यज्ञादिको फल दिने।
पुजा तिन्कन् येज्ञ गर्छ जसले पुण्यै ठूलो त्यो हुने ॥९४॥ (बार पूजाको फल)

रविबार महात पुजन गरुन् दुधको दिनु आहुति। ब्राह्मण भोजन खानपान
यसले संकष्ठ हर्ला अति। सोमबार त लक्ष्मि दुर्गा शिवको पुजादि जो
गर्दछन्। घ्यू अन्न दि रसादि दान शिवको यज्ञ ठुलो गर्दछन् ॥९५॥

भौमबार गणेश सूर्य गुरुको पुजा गरे भक्तिले। फलफूल दूध दहि र
अन्नहरुको पूजा गरे प्रेमले। श्री विष्णु भगवानको वुध भयो बारमा अति
प्रेमको। सुन दहि तिल दान पुण्य हुनगो नारायणै तुल्यको ॥९६॥

विहिबार महात शक्ति रुप हुन् पुज्यै हुने देवता। मधु सखर अन्न वस्र सहितै दानादिका देवता। दिन्छन् फल सब पूर्ण हुन्छ यसले पवित्र यी दानले। छाता जुत्ता र वस्र भोजनहरु बार शुक्रको यसले ॥९७॥

पूजा गर्नु र काली भैरबजीको श्री शुक्रबार मा अब। सन्सर वार महा त शेश प्रभुको गर्नु पुजा गौरब। तिलदान र दिपदान यसको मुख्यैछ ठुलो अति। पुर्णैफल सब भक्तिमा हुन गयो यज्ञादि गर्दा अति ॥९८॥

भन्छन् शंकर यसमा अति ठुलो स्नानादि गङ्गा जीको। ईनार धारो तलाउ स्नान सबमा गङ्गाजीको स्नानको। दश गुण बढि मिल्छ फल यसमा सागर छ भारी आरु॥ स्नानैले गरी मिल्छ पुण्य जनमा विस्तार कहाँ तक गरुँ॥९९॥

सूर्यै पूर्ण हुने छ राशी विचमा संक्रान्तिको पर्वमा। दानै पुण्य ठुलो भएर यसले बासै दिने स्वर्गमा। संक्रान्तिहरुमा पनि अझ ठुला कर्कट र मेष मकर। यीनमा दान र यज्ञ गर्ने जनले नारायणै आदर ॥१००॥

पाई पुण्य ठुलो फलै हुन गयो त्रैलेक्य दर्शन गरी। पुण्यैको फलले सदा दिन दिनै पुजा हरीको गरी। ठुलो पुण्य छ कर्महेरु सब छन शक्ति स्वरुपी अनि। भक्तिमा हित देवहेरु सब छन् बस्छन् सदा दिन पनि ॥१०१॥

सूर्यै चन्द्र ग्रहण परो यदि भने यज्ञादिमा पुण्य हो। यमादिहरुको त पुजन गरुन् यमादिको दान हो। रोग शोक र दुःख आदि जति छन् खुशी त ती छन् सब। गर्नुपर्दछ त्यसमा घडि बीसे दानै ठुलो गौरव ॥१०२॥

भन्छन् श्री सुतजी पनि अरु दान गर्नेहरुमा जति। मिल्ला फल सब भन्दछु यसमाहाँ दान् पुण्यको. हो जति। माटाको गरी मुर्ति पारी शिवको देवाद्धि देवको पनि। पुजा गर्दात होम तर्पणहरु मानेर द्यौता अनि ॥१०३॥

अंगुष्ठै जति पारी उच्च नभमा वेधका विधानले गरी । होमले पूर्ण गराउनु
र त्यसमा तर्पण दशाम्सै गरी । अष्ठोतर शिव लिङ्ग पुजन गरुन् आफ्नो
जनम्का जति । सारा पापहरु नष्ठ हुन्छ यसले दानै गरे लिङ्ग ति ॥१०४॥

सहस्रै शिव लिङ्ग पुजन गरे तिन जन्मकै पापको । नासै हुन्छ अवश्य भक्ति
शिवको शक्ति स्वरुप लिङ्गाको । एकै लाख शिव लिङ्ग पुजन गरे उद्धार
सात जन्मको । कोटि श्री शिवलिङ्ग पुजन गरे उद्धार भो जन्मको ॥१०५॥

सारा पाप हटेर हुन्छ जन त्यो निर्मल भयो देह त्यो । सारा लोक भरी प्रसिद्ध
हुन गो सारा जगत पुण्य भो । कृष्णै पक्ष भनेर रात्री विचको दिनको त शुक्लै
भयो । पर्वै आदि अपर्व छन् पृथीविमा औंसी र पुर्ण्या भयो ॥१०६॥

धुमो रात्री छ कृष्ण पक्ष भनिने पीतृहरुको छ र । पीतृरुप भनेर गर्नु जनले
पिण्डादि तर्पण गर । तेसैमा शिवको स्वरुप छ ठूलो रुद्र स्वरुपी शिव । पितृ
भक्त ठुलो रहेछ नभमा पुजा गरे आखिर ॥१०७॥

भन्छन् श्री सुतजी ऋमैसी तमाहाँ वेदादि यज्ञादिमा । विद्वान जन कुनलाई
मान्नु प्रभु फेर सुन्छु अहिले याहाँ । शान्तै भई कन आफ्नो कर्म गरने
सत् भक्तिमा मन दिने । सुक्ष्मै रुप शिव को बुझेर मनमा अज्ञान नासी
लिने ॥१०८॥

भूको भार उतार्नलाई हरीले औतार धेरै थरी । औतार रुप शिव भक्त साधु
जनमा तिर्थादि मात्यो घरी । दानैले भरिपूर्ण सव गरी दिने अत्यन्त धनि
भयो । पुण्यै हो धनको अपार महिमा आखिर को धनी हो ॥१०९॥

ज्ञानै पूर्ण छ पण्डितै भनि बुझे शान्ति स्वरुप भक्त हो । भक्तिले गरि मुक्ति
मिल्छ जनमा ठुलो धनि तेहि हो । ब्रह्मा इन्द्र यमादि देवगण सब आयु
प्रमाणमा छन् । भोला शंकर छन् सदा दिन भनि जान्नु हवोस् ब्राह्मण ॥११०॥

मन्त्रैमा जपमा अनेक थरिका वेदादिका मन्त्रले। सिद्धि हुन्छ अवश्य भक्त
जनमा जप्नु ठूलो भक्तिले । रुपादिहरु मण्डपै क्रम विशे बस्छन् सदा
भक्तमा। तिर्थादिहरु पूज्य छन् सकलमा प्रेम भक्ति कै भावमा ॥१११॥

भन्छन् सौनकहेरु लौ सुत भनि बन्धन कति छन् कहाँ। कुन भेदले गरी छुट्छ
बन्धन विसे भन्नु हवोस् सब् यहाँ। यस्ता वात सुनेर सौनक जीको श्री सुत
भन्छन् अनि। सत्यैले गरी मुक्ति मिल्छ जनमा जनानी लिए त्यो भनि ॥११२॥

कर्मैका वशमा परेर दिन दिन घुम्छन सदा ति जन। कर्मै हो वलवान भनेर
बुझ्नु कर्मै विशे दि मन। छोरा नाति पनाती वान्धवातिहुन् छोरी र ज्वाईंहरु।
मेरो धन घर सम्पत्ति भनि सदा पुर्खादि भोग्छन् अरु ॥११३॥

छैन फुर्सद कति दिन भरी पनि रात्री अति थाकियो। ठग्नु लुट्नु र खानु
ढाँट्नु छ सदा नर्कै विसे गाडियो। शरीर हो घर आत्मा रुप बसने नर्कै
स्वरुपको भयो। तेस्ता मानिसलाई साईतमाहाँ देखेत विघ्नै भयो ॥११४॥

दानै गर्छ र लुटि खान्छ जन जुन हत्या सदा गर्दछ। नष्टै सव जनको गराई
त्यसले नर्कै विसे पार्दछ। नर्कै दर्शन गर्नु तुल्य फल हो तिनको त दर्शन गरे।
मंगलका सवकाम नास हुन गो दुःखादि धेरै परे ॥११५॥

नामै जप्नु र ॐ शिवाय भनि फेर एक सय आठै गनी। शुद्धै भैकन गर्नु
मंगल सबै कर्मै ठुलो हो भनि। प्रकृति सव कार्य भार बुझिल्यौ प्राणी महाँ
मन ठुलो। देवाधीहरु कर्म भाव वसछन् शक्ति र मुक्ति ठूलो ॥११६॥

लिङ्गै पाँच र पञ्चमुखी शिवहुन् पैलो स्वयम्भु भयो। तपस्वीहरुको र रुद्र
शिवको दर्शन गरे फल मिल्यो। विन्दु नामक लिङ्ग हो शिवजीको दोस्रो त
जल रुपको। पृथ्वीका सव लिङ्ग स्नान गरेको मिल्ला फलै शिवको ॥११७॥

पुजा दर्शनले त लिङ्ग शिवको मिल्ने छ यस्तो फल। तेस्रो नाम प्रतिष्ठ नाम हुनगो प्रदोष यस्तो फल। तिर्थ व्रत र दान धर्महरुको पूजादि गर्दा हुँदि। पुर्णै हुन्छ प्रदोष नाम शिवको दानादि गर्दा हुँदि ॥११८॥

चारौं लिङ्ग त चर नाम हुनगो आदित्य रुप तेज़को। तेजैले गरी भक्ति आदर दिने लिङ्गै स्वरुप रुद्रको। पाँचौ रुप गुरु लिङ्ग जान्नु शिवको भक्ति र मुक्ति दिने। साधु शन्तहरु र ब्राह्मण महाँ ज्ञानै स्वरुपी हुने ।॥११९॥

यस्तो रुप अपार लिङ्ग शिवको पञ्चाक्षरै नामले। पुजा गर्दछन् प्रेम भाव भई जो मिल्ने फलै यसले। शिव भस्म विभुती जान्नु परने श्रीखण्ड भस्मैधर। पीपल् वर् अमला र वेल तिलको भस्मै गराई गोबर ॥१२०॥

कालो गाईको नौनि घ्यू यसमा मन्थन गरी लाएको। विगुत त्यो शीवको अपार हुनगो पुजादि यज्ञादिको। भस्मै धारण गर्छ जुन जन वीशे साक्षत् शिवै रुप् भयो। साकीनी अनि डामीनी भुत र प्रेत सारा डराई गयो ॥१२१॥

ऐश्वर्यादि वढेर पूज्य पनि भो भस्मै लगाई लिने। शिव भक्त भनेर जान्नु जनले प्रेमी शिवैको हुने। भस्मै धारणाले सबै तरहका पापादि नासै हुने। त्रिदण्डै रुप भस्म धारणा गरे शक्ति सहित् पाईने ॥१२२॥

भस्मै रुप शिवको भनेर बुझ्नु आत्मै विशे आदर। भोला नाथ शिवलेत भक्तजनको दिन्छन् ठूलो आदर। जस्मा श्री शिव शक्ति ब्राह्मण हउन् बेधाङ्गका हुन तिनी। साधु सन्त हउन् तथापि मनमा आनन्द मान्ने गुणी ॥१२३॥

यस्तालाई त दान् दिए शिवजीमा दानै गरेका सरी। महादान अपार पुण्य फल हो दानै दिएका घरी ॥१२५॥

भन्छन् श्री सुतजी महा प्रभुजीको लिङ्गादिको दर्शन। पर्वत राज गए थिए शिवजहाँ पुजा गरी दर्शन। उत्सव भारी भयो थिए त्यसघरी ईन्द्रादि द्यौताहरु। सिद्धै सब मुनिहेरुले स्तुति गरे बर्षा भयो धेर अरु ॥१२६॥

स्वर्गैमा नगरा बजे त्यसघरी लावादि वर्षा भयो। त्रीकालै शिवको भयाङ्कर पुजा वर्षादि भो त्यसको। बिल्वैपत्र भने त सोहि बीजको पूजा विधानले गरी। विल्वै पत्रवीशे भयो शिव पूजा आज्ञा भयो त्यसघरी ॥१२७॥

तिनैनेत्र स्वरुप पुण्यछ यहाँ यो विल्वपत्रै महाँ। जस्ले पूजन गर्छ भक्तिरशले तिनै जनम् को त्यहाँ। सारा पाप छुटेर पुग्छ जन त्यो कैलाश दरवारमा। दर्शन श्री शिवको गरेर हरने आनन्द लेमन माहाँ ॥१२८॥

यस्ता उत्तम विल्व पत्र शिवको पूजादिमा श्रेष्ठ छ। उत्पत्ति शिव पुजनादिहरुमा भक्ति र सत भाव छ। विल्वैपत्र रहेछ उत्तम ठुलो शिवादिमा पुजीने। कोटि यज्ञ गरीएको फल पनि पुजादि गर्दा हुने ॥१२९॥

रक्तवर्ण हुनेछ ब्राह्मण विशे श्री शिवको दर्शन। सोहिरुप लिएर वेद विधिले गर्नु सदा पूजन। क्षत्रियादि स्वरुप पित शिवको दर्शन हुने रुपपरो। पृथ्वीमा सब वस्तुहेरु शवको रक्षा त्यसैले गरो ॥१३०॥

पूजा वैदिक शास्त्र धर्म अनुसार गर्दा त संसारको। रक्षा गर्नु हुने त रुद्र रुप हो यज्ञादिमा श्रेष्ठ को। तान्त्रीक मन्त्र भनेर जान्नु यसको ऊँ नम शिवाय हो। मन्त्रै यस रीतले गरे पनि पुजा भक्ति शिवैको भयो ॥१३१॥

दर्शन श्री शिवलिङ्गको गरी लिनु घरमा सदा राखनु। भक्तिले गरी पूजनादि गरनु पर्दैन डर त्रास लिनु। जसले नित्य गरेर पूजन गरे भूत प्रेत पीसाचैहरु। हट्नेछन् तिनको हुँदैन भयक्वै आनन्द होला अरु ॥१३२॥

घरमा श्री शिवको त मुर्ति तिनको आधा स्वरुप शक्तिको। पूजा जुन घरमा भयो त्यो घर हो शक्ति स्वरुप शिवको। तिर्थस्थल भनि जानि लेउ त्यसमा पर्दैन शंक लिनु। कर्मैले गरी पूर्ण हुन्छ यसमा भक्ति ठूलो माननु ॥१३३॥

गङ्गाका तिरमा थिए शिव पनि ब्रह्मण रुपै भेष घरी। आए तिनकन देखि देवगण फेर भेट्ने ईराधा गरी। दुःखी ति गणलाई देखि शिवको गङ्गजी जाउ भनि। भन्दा ती सव जन गए त्यसघरी गङ्गाजी माहा अनि ॥१३४॥

गङ्गास्नान गरेर आउन भनि धौताहरु फेर जसै। वाटैमा तहि वृक्ष एक मिलिगो फल रुप कालो तसै। ल्याए फल शिवमा टिपेर शवले खुशी हुनु भो शिव। अग्निका रुप खाई साथ लिनुभो विशादि गै गो पर ॥१३५॥

थियो कण्ठ विशे त्यो कालकुट विश पीडा दिई तेसले। त्यो पीडा सव नाश भो शिवजीको खुशी भए येसले। सोहि भाङ् धतुरो भनेर त्यसको नामै रहेथ्यो जब। शान्तै रुप शिवको देखेर जनले आश्चार्य माने तब ॥१३६॥

भन्छन् श्री सुतजी अहो तिमीहरु आई ठूलो काम गर्‍यौं। पीडा यस विषको थियो जति त्यहाँ सम्पूर्ण वाधा हर्‍यौ। भाङ्ले युक्त गराई पूजन सदा श्री शम्भुको गर्दछन्। पीडा सव तिनको हरी कन त्याहाँ आनन्दमा पर्दछन् ॥१३७॥

भाग्यै मानी तिमी भयौ सुत अनी श्री शम्भुको वर्णन। रुद्रक्षै रुप भो कउन तरहले गर्नु हवोस वर्णन। सौनकादिमहर्षिहेरु मुनिमा श्री सूत भन्छन् त्याहाँ। रुद्रै रुप शिवको भनेर बुझ्नु रुद्राक्षमाला महाँ ॥१३८॥

कैलासमा गई वस्दथे दिन दिनै गौरी सहित शंकर। आए नन्दिर भृङ्गी देव गण सब ठुलै थियो लस्कर। काली श्री जगदम्वीका भगवती आईन् अगाडि सरी। सारा जनहरु आई हर्षित भए जम्मा भएका घरी ॥१३९॥

मुखै देखी उठेर भारी कुईरो गौरी र शंकरजीको। तेजै युक्त भए ति देव गण सव श्रीष्ठि भयो वृक्षको। रुद्राक्षे भनि नाम रह्यो जगतमा फलमा सबै देवता। गौरी शंकर रुद्र रुप यसमा बस्छन् सबै देवता ॥१४०॥

रुद्रक्षै सब पूज्य छन् यस घरी सम्पूर्ण द्यौताहरु। जस्ले लाउँछ भक्ति मिल्छ
सबमा ज्ञानि महात्मा अरु। भूत प्रेम पीसाचको भय पनि क्वै हुन्न है लाउनु।
गौरी शंकर रुद्र रुप प्रभुको साक्षात् भनि जाननु ॥१४१॥

रुद्राक्षै कन नित्य लाउछ जउन हो रुद्र रुप तेसको। भक्ति खातिर यज्ञमा जप
स्वरुप पूजा भयो रुद्रको। पुर्णै सव जनहेरुको हुन गयो रुद्राक्ष माला लिनु।
जप्तु यज्ञ गराउनु फल ठुलो भो पूर्ण जानी लिनु ॥१४२॥

यस्तारीत सीतको लाउनु सदा रुद्राक्षमाला भनि। होला किर्ति र भक्ति मुक्ति
मिलला रुद्राक्ष लाए अनि। रुद्राक्षै शिवको भनि कन बुझे आँखा सरि
प्रेमको। भक्तैको सवका म पूर्ण गरने रुद्राक्ष रुप शिवको ॥१४३॥

रुद्राक्षै भनि जान्नु पूज्य सवमा भक्ति र मुक्ति दिने। त्रिपुण्यै सीत भस्म
धारणा गरे भक्ति शिवैको हुने। रुद्राक्षै जसले त लाउछ भने सत्यै गरुन्
पालन। हिंसादी गरने र वेश्या गरने नासीन्छ हैतत् क्षण ॥१४४॥

निन्दा धर्म र वेदको गरी सदा पितृहरुमा पनि। सम्पत्ति धनहेरु नाश हुनगो
रुद्राक्ष लाए पनि। ठगी वृत्ति गरी सदाति रहने ढाट्ने र चोर्नेहरु। रुद्राक्षै
यिनले त लाउछ भने नासिन्छ सन्तान्हरु ॥१४५॥

देख्नैलाई ठूलो बनी कन जउन रुद्राक्ष माला धरी। मसान रुप हुनेछ लाउछ
भने फलभो अहंकार गरी। गाउँघर हरुमा त दुर्जन भयो कुबुद्धि आई गयो।
संकष्टै सीतले वीताई कनदिन अन्त्यै मसानै भयो ॥१४६॥

भक्तिले गरी लाउनु यस घरी रुद्राक्ष ठूलो भनि। भस्म धाराणाको पनि छ
महिमा रुप शम्भु को हो भनि। यज्ञादि गरदा र तिर्थहरुमा हिंडडुल गर्दा
हुँदि। भस्मै धारणाले त पूर्ण तिनको विघ्नादि गैगो कुदि ॥१४७॥

लाए शक्ति स्वरुप मिल्छ त्यसमा विगुत ठूलो भक्ति भो। पुण्यैमा पनि पूर्ण गर्छ त्यसले वीगुत् तथा भस्म भो। रुद्रै रुप शिवको जउन जनहरु वर्णन सदा गर्दछन्। हुनति रुद्र समान तेज जनमा शक्ति ठूलो पाउछन् ॥१४८॥

भन्छन् श्री सुतजी सुन्यौ मुनिहरु भक्ति ठूलो प्रेमको। भक्ति प्रेम गरेर पूजन गरे पूज्यै भयो लोकको। भोला शंकरको र रुद्ररुपको भक्ति ठुलो पुजि त। ऐश्वर्यै सवको गराई यसले गर्ला सबैको हित ॥१४९॥

रुद्राक्षै कन एकमुखी भयको साक्षात् शिव रुपको। दोमुखे रुप सुर्य चन्द्र बुझ्नु हत्यादि पाप नासको। साधन भक्ति र कर्म खातिर भयो तिन्मुखे रुद्राक्षर। चारै मुखित ब्रह्महत्या सबको नासै भयो पाप र ॥१५०॥

पाँचौ मुखीत रुद्र रुप शिवको कालाग्नि को तेजले। कामा शक्त गराई पर्छ यसले पापादिको नासले। छ मुखी कार्तिकेय रुप हो सातौं त जल रुपको। आठौ भैरबको नवौं भगवती रुद्र स्वरुप शक्तिको ॥१५१॥

नारायण हुनुभयो दशौं रुपमहाँ एघार रुद्रै भयो। वारौं सुर्य शिवै मुखे रुपमहाँ भाग्यै ठूलो भै गयो। विश्वेश्वर रुप तेह्र मुख हुन गयो चौधौं शिव शक्ति हो। पन्ध्र धर्म स्वरुप हो शिवजीको सोह्रौ कलापूर्ण हो ॥१५२॥

रुद्रक्षवर्णन शिव पुराण विश्व संहिता।

अध्याय २५ मा छ विश्व संहिता समाप्तम् ॥

शिव भजन

कति सुवायो (२) हातमा डम्फु काँधमा त्रिशुल कति सुकायो। कति सुकायो (२) वाघको छाला नागको माला शिव रमायो। शिव शरणम् (२) कैलासपति भोले बाबा प्रभु शरणम्। विश्वेश्वर रुपले सारा जगत्को। सृष्टि गरे प्रभुले सिद्ध जनको – शिव शरणम् ॥

(शिव पुराण विश्वेश्वर संहिता (भजन))

संहारमा रुद्र तेज आयो बढेर। अग्नि रुप शिवको ज्वाला बनेर। भजउ शिवलाई (२) कैलासपति भोलेलाई भजउ शिवलाई ॥

रुद्र हरी हर शंखर भोलाको। भक्त जनले पुजा गर्ने शिव स्वरुपको ॥ शिव शरणम् ॥

शिव शंकर भोले बाबा कैलाश गएछन्। पार्वतिका साथमा शिव आएहुन् ॥ शिव शरणम्। शिव लिङ्ग दर्शन गरी भक्त रमाए। साधु सन्त जनमा दर्शन गराए ॥ उनै शिवजीको (२)

वाघको छाला नागको माला चन्द्रमाको टिको। कर्म गर्नु धर्म गर्नु गर्नु महाँदान। सत्भावले भक्ति गरे मिल्छ भक्ति ज्ञान। शिवशरणम् ॥

उनै शिवजीको (२) वाघको छाला नागको माला चन्द्रमाको कोटिको। जय शिव शंकर भोल (२) त्रिभुवन स्वामि अन्तरयामी शरण सदा लिनु होला। गायत्री सावित्री सरस्वती लाई ॥

शक्ति रुप शिव छन् गङ्गा माता लाई। शिव शरणम् कैलास वासी शिवलाई राखी माथमा। पार्वतिका साथमा पर्छौ पाउमा। शिव पराणाम् गङ्गाजीको स्नानले पाप नाश भो ॥

साधु जनको सन्यासकर्म पूर्ण सिद्धि भो। सत्पात्रमा दान गर्नु भक्ति मिल्छ ज्ञान। शिव पुरणम्। गौरी शंकर भोलेवावा भजशिव ओम् ॥ नारायणको नाममा वेद ध्वनि होम। शिव पुरणम् ॥

रुद्र रुप शिवमा पितृ रुपको। भक्ति गरे मिल्छ दर्शन शक्ति मिल्ने भो। शिवशरणम् ॥

भक्त खातिर शिवजी बस्ने सदा दिन। गौरी शंकर भोले बाबा साथ बस्दछन्। शिवशरणम् ॥

बजाए डमरु भोले बाबाले। शक्ति रुप शिव ध्वनी आई जगाए। शिवशरणम्। वनाए विगुत शिव रुप हुन्। भक्ति रुपी शिव हुन् साधु रुप छन्। शिव जपेर (२) भोलानाथ शंकरको कीर्तन गाएर। शिवशरणम् ॥

शिव भजन शिव भजन भोला नाथ शंकरको कीर्तन गाउन। भोले बाबा रुद्र रुप माला गाँथेर। रुद्राक्षको माला लाए शिव आएर। कति सुवायो (२)

रुद्राक्षको मालामा शिव रमायो। कति सुवायो रुद्राक्षको रुप भो कति सुवायो।

ईति (शिव महा पुराण विश्वश्वर संहिता समाप्तम् ॥)

अथ

शिव पुराण रुद्र संहिता द्वितिय प्रारम्भ

गौरी शंकर शक्ति रुप भगवान गर्छु प्रणाम् यो घरी। रक्षा गर्नु हवास् परे शरणमाभक्ति सहित् प्रेम गरी। भक्त जानी लिनोस् प्रभो हजुरको दासै हुनाले गरी। जानीपर्छु शरणम पाउँ प्रभु फेर ज्ञान् भक्ति तेज् यस् घरी ॥१॥

भन्छन् सौनक जी अहो सुत तिमी ज्ञानी ठुला भक्तिले। गौरी शंकरमा सदा प्रिय हुने सुन्छौ कथा प्रेमले। यस्तो बात सुनेर सौनकजीको श्री सुत भन्छन् त्याहाँ। रुद्रै रुप शिवका चरित्र प्रभुको विस्तार गर्छु यहाँ ॥२॥

सृष्टिमा शिवको अपार महिमा रुपै अनेकान् थरी। ब्रह्मा विष्णु महेश रुप शिवको अंशै हुनाले गरी। महेश्वर शिवरुप धारण गरी देवाधिको पालना। महेश्वर शिवरुप हो प्रभुजीको रोगादिहर्ना कन ॥३॥

शक्ति रुप शिव कालिको हुन गयो त्रैलोक्य थर्काउने। दुष्टै जनहरु नाश गराई
अनिफेर आनन्द बर्षाउने। शिव रुप महाँ भयाङ्कर ठूलो रुपै महेश्वरको।
रोगादिहरु साथमा लिई सदा नाशै गरी दृष्टको ॥४॥



रोगादिहरु साथमा दिन दिनै लिएर संसारको। दुष्टैलाई गराई नाश अनिफे
उद्धार गरी भक्तको। पूजाश्री शिवको महेशस्वर भनि गर्लान् जउन जन्
यहाँ। रोगादिहरु नाश गराई तिनको आनन्द भो मन महाँ ॥५॥

भन्छन् श्री सूतजी हिमालयमाहाँ गुफा अति प्रेमको। गङ्गाजी त्यहि वग्दथीन
कीनार बीचमा भक्ति गरी प्रेमको। सोहि औसरमा सदा शिवजीको दर्शन
गरुँला भनि। गुफा तेस घरीमा सदा शिव थिए नारद पुगे फेर अनि ॥६॥

दर्शन श्री शिवको गरेर तिनले ध्यान् गर्न खातिर महाँ। गङ्गामा गई स्नान
गरेर ति बसे तप गर्न खातिर माहाँ। सोहि औसरमा गरे तप ठूलो ब्रह्मादि
देउताहरु। आए भेट्न भनेर देव गण सब विस्तार कहाँतक गरुँ ॥७॥

नारदको तपको प्रभाव अति ठूलो ईन्द्रा सनैमा पऱ्यो। सोहि आसन कम्प भो त्यस घरी उद्धार गर्नु पऱ्यो। ईन्द्रैको अमरावती त्यसघरी कम्पाय मान् भै गयो। नारदले तप गर्दछन् भनि त्यहाँ सम्पूर्ण हल्ला भयो ॥८॥

ईन्द्रैले पनि आई दर्शन गरे नारद ठुला हुन् भनि। रुद्रै रुप शिव कोत दर्शन गरे ईन्द्रादिले नै पनि। भन्छन् नारद देवता तिमीहरु तप गर्न गङ्गामाहाँ। भोला शंकर रुद्र रुप शिवको दर्शन गरी मनमाहाँ ॥९॥

ब्रह्मा रुद्र र ईन्द्र आदि यमजी भन्छन् बढो प्रेमले। नारायण रुप हुन यी नारद भनि जान्नु ठूलो भक्तिले। तिन् लोक चौध भुवन घुमीकन सदा नारद भनि नाम धरी। सत्यै पालनले र हुन अव उपर लोकको सदा हित गरी ॥१०॥

पुज्यै सव जनहेरुमा यिनीसरी होवैन कोहि जन। नारायण भनिनाम धरेर यिनले गर्लान् सदा कीर्तन्। यीनको नाश गराउनाकन स्वयम् क्रोधै बढाई कन। नाशै हुन्छ स्वयम् अवश्य बुझ्नु दुर्भाव सोच्ने जन ॥११॥

वरदान श्री शिवको भयो त्यसघरी नारद खुशी भै अति। रुद्रै रुप शिवकोत पूजन गरे आनन्द मान्दै अति। सारालोक भरि घुमेर रहने नारद तिमी हौ भनि। ईन्द्रादिहरुमा र देव मुनिमा घुम्ने सदा ति मुनि ॥१२॥

ब्यास्कै स्रीष्ठि भनेर भन्छ जनले हे सुत तिमीकन। नारदमा सिबका चरीत्र हरीको गर्नु हवोस् वर्णन। भन्छन् श्री सूतजी त ब्यास मुनीमा जस्तो सुनेको थिएँ। सोहिवात तिमीहेरुलाई मइले सारा सुनाई दिए ॥१३॥

सोहि कर्म म पूर्ण गर्दछु भनि वैकुण्ठ नारद गए। तिनैलोक जीति काम देव जीती लिएँ भन्ने ति नारद भए। नारायण प्रभुको त दर्शन मिल्यो उठेर आए हरी। सोधे नारदमा स्वयम् प्रभुजीले अत्यन्त प्रेमले गरी ॥१४॥

वैकुण्ठै बिचमा सबै जन थिए कन्या कुमारी हरु। स्रीकै भोवर हेर नारद उपर भन्छन् ति कन्याहरु। हे नारद तिमी पुर्ण यौवन त छौं सारा जगते भर माहाँ। दिन्छौ ज्ञान पनि परन्तु सबमा भक्ति छ सत् भाव् महाँ ॥१५॥

राजा हुन् सबमा प्रतापी भवमा शीला नघि नामका। तिन्कै साथ महाँ त रानी तिनको नामै थियो अम्विका। आई तिन् कनले त दर्शन गरिन् नारद सकस्मा परे। कामातुर भई रानीलाई तीनले नारद अगाडि सरे ॥१६॥

हेराजन यीनी सुन्दरी अति असल साम्ने खडा छन् यहाँ। चन्द्रैका सरी पूर्ण छन् यिनी याहाँ साथै हजुरकामाहाँ। सारा प्राणी महर्षिहेरु मुनिमा आशक्त पार्ने सदा। स्वर्गैका सुख भोग गराई इनले आनन्द देलिन् सदा ॥१७॥

भन्दै निस्कन जाई लाग्न मुनीले मनसुफ गरेथे जसै। रानीले पनि भाव बुझेर मुनीको क्रोधी भई फेर तसै। पापीष्ठै तिमी लुब्ध भै रहु सदा औतार नाना थरी। श्रीकै रुपमाँ परेर दिन दिन आसक्ति भै यस घरी ॥१८॥

यस्तो श्राप दिएर तिनकन गईन् राजा जीकै साथ्माहाँ। सोहि श्राप घुटाउना कन मुनी वैकुण्ठ लोकैमाहाँ। पुगेका तिनलाई देखी प्रभुले आए फटाहा मानि। जानी तिन् सीत सोधनी गरी लिए के काम आयौ भनि ॥१९॥

नारायण प्रभुकोत आदर मिल्यो भन्ने ईराधा गरी। बिन्ति नारदले त्यहि गरी लिए खुशी भई त्यस घरी। एकान्तै स्थलमा थिए ति दुईजन राजा र रानी कन। प्रेमै भङ्ग गऱ्यौ अवश्य तिमीले हामी दुवैको मन ॥२०॥

भन्दै श्राप दिईन् प्रभो मकनमा जन्मै अनेकौं लिनु। श्रापै मुक्त गराउननाकन यहाँ आएँ हजुर जाननु। भन्दामा प्रभुलाई नारदजीले हाँसेर भन्छन् हरि। के गर्नु मईले पनि जनमता लिदैछु नाना गरी ॥२१॥

पूज्यै छौ सबमा अहो सुत तिमी माया चरित्रै हरु। सुन्छौं हामीहरु सवै शिव कथा भन्नु हवास्फेर अरु। सौनकादि महर्षिहेरु सब छन सुन्दा हुंदि फेर त्यहाँ। श्री नारायणका चरित्र हरीका विस्तर कहन्छु याहाँ ॥२२॥

नारदले अति क्रोध गरेर हरीमा नारायणैमा पनि। कप्टी भैकन दान वादिहरुको नाशै गराउ भनि। मोहिनी रुप धारी दुष्ट घरमा विश्वास पारीकन। देवताहरुमात अमृत दियौ मद्यादि दानव कन ॥२३॥

तुच्छै कर्म गरेर ठग्न तिमीले धेरै थरी जान्दछौं। सोहि औसरमात आज तिमीले धेरै थरी भन्दछौं। यस्ता रीत सितलेत नारद मुनि जान्छु म कैलास भनि। वैकुण्ठ देखि हिड्दथे ती ऋषीले बस्तिन यहाँ पनि ॥२४॥

भाग्यैले गरी मिल्छ भक्ति रसमा श्री लक्ष्मी नारायण। सिद्धै हुन मुनि ती अवश्य कुमति गर्दा हुंदि त्यै क्षण। कैलासमा जवाती पुगे मुनि सदा गौरी सहित शंकर। आनन्दै सुख भोग थियो त्यसघरी देखे मुनि फेर वर ॥२५॥

भन्छन् श्री शिवले नआउनु मनी फेर दुवै जना साथमा। दुई दम्पत्ति बीच नजानु कहिल्यै नासिन्छ आखिरमा। भन्छीन् पार्वति हे प्रभो हजुरको दर्शन गरुाला भनि। आउन् सिद्ध महर्षि दर्शन गरुन् भक्ति ठूलो हो पनि ॥२६॥

यस्ता वात सुनेर पार्वतिजीको भन्छन् अनि शंकर। आसक्तै भई मोहमा मुनि परे वैकुण्ठ देखि पर। वस्छन् श्री शिव पार्वति कति भनि नारदजी त्यहिँ बसे। सारा दिन बिती गोर रात्री हुनगो संकष्ट माहाँ फसे ॥२७॥

प्रातकाल भयो त्यहि समयमा कैलास वासी जन। स्नान गर्नै भनि आउादा सकलले देखे ति नारद कन। कैलासमा शिवजी प्रसन्न मनले बस्नु भएको छर। दर्शन मिल्छ मुने अवश्य अहिले जानु हवोस् आखिर ॥२८॥

यस्ता वात सुनेर नारद पनि जान्छु म भन्दै गए। दर्शन श्री शिवको गरेर मुनीले आनन्द मान्दा भए। भन्नु भो शिवले प्रसन्न मनले वर दान लेऊ भनि। मागे नारदले उहि वर त्यहाँ दोषै नलागोस् भनि ॥२९॥

दिए त्यै वर फेर सद शिवजीले नारद जी खुशी भए। नाशै हुन्न कदापि नारद भनि वर दान शिवैले दिए। सोहि औसरलेत रुप अनि फेर अंगादि नाना थरी। धारण हुन्छ तथापी ज्ञान तिनको नासिन्छ है क्वैघरी ॥३०॥

अन्तर ध्यान भए ति विष्णु भगवान् नारद मुनीले अनि। दर्शन श्री शिवलिङ्गको गरी लिए भक्ति ठूलो हो भनि। सोहि औसरमा सदा शिवजीका गण आई दर्शन दिए। पुण्यै भै रहनु र कर्म गर्नु वरदान तिनैले दिए ॥३१॥

पाई त्यो वरदान नारद मुनी घुम्दै ति काँशी गये। भारी उत्सवकाशीराजगणले गर्दा ति खुशी भयो। काँशीराज तही भन्दछन् मुनि उपर ब्रह्मा र विष्णु शिव। बोधार्थै गरी पूर्ण तत्व कहनोस कुन तत्व कस्को सव ॥३२॥

शक्ति रुप शिव पार्वति प्रभुजीको कस्तो कहाँ जन्म भो। कुन कारणसीतले विवाह हुन गो कर्मै ठूलो प्रेम भो। बस्थे जुन रीतले सदा शिव पनि कैलास वासी बनी। आज्ञा गर्नु हवोस महर्षि अहिले सुन्नेछ ईच्छा भनि ॥३३॥

प्रश्नै नारदले सवै सुनि लिए ति काशी राज्को जसै। लागे नारद भन्नलाई शिवका कर्मादिहेरु तसै। ब्रह्माजी देखि वात सोहि घरीमा जस्तो सुनेको थिएँ। सोहि वात कहन्छु आज मईले तन् मन् प्रभुमा दिएँ ॥३४॥

ब्रह्माजी सब भन्दछन् प्रभुजीका औतार नाना थरी। नारायण रुपले त सृष्टि हुनगो थिएन त्यसएकघरी। सूर्य चन्द्र र अग्नि वायु पनिफेर थिएन संसारमा।अन्धकार थियो सवै त्यस घरी थिएन क्वै एकमा ॥३५॥

थिए एक पुरुषैत सत्य रुप हो औतार प्रभुको भयो। निर्विकार स्वरुप तेज प्रभुको आएर तेस्मै मिल्यो। सोहि तेज स्वरुप् अनन्त प्रभुको श्री अग्निको तेज भो। देखि ब्रह्म सहित रोदन गरे थुप्रो भयो तेजको ॥३६॥

ब्रह्माले पनि त्यस घरि उठी लिए आयो ठूलो तेज भनि। रुद्रै गैकन अग्निलाई तिनले शान्ति गराउ भनि। आँखा देखि पुछेर आँसु तिनले छर्कि दिएथे जसै। निक्ल्यो अद्भुत रुप रुद्र प्रभुको त्यो अग्नि देखि तसै ॥३७॥

अग्निको मुखबाट निक्ली प्रभुको आँसु परेका घरी। रुद्रै नाम भयो र तेज प्रभुको आगो वलेकै सारी। अग्नि आँसु र शक्ति तेज रुपमा औतार प्रभुको भयो। अग्नि उत्पत्ति नाम भयो शिव अनि आँशुत रुद्रै भयो ॥३८॥

भोला नाम त शक्ति रुप शिवको शंकर भनि शक्तिको। अन्धकार सबै हरण गरी लिने नामै हरे तेसको। जन्मै नाम त सब यहि कहि दिया कर्मैं अनेकन् थरि। सोहि काम विशेतनाम हुनगो भक्ति क्रमैले गरी ॥३९॥

अग्नि तेज र रोद नादि तिनले उतपत्ति फेरी भयो। अग्नि वाटत शक्ति उत्पत्ति भयो तमो अनि नाम रह्यो। तेजै देखि भयो प्रकट त्यसघरी रजो गुणैको जसै। ब्रह्माको पनि आँसु सत्य हुनगो सत्यै भयो सव तसै ॥४०॥

तिनै गुण थिए एकै स्थलमाहाँ शक्ति त तिन कै गरी। तिनकै शक्ति मिलेर फेरी दुईजना निक्ले ठूलो वेग गरी। ज्ञानेन्द्रिय र कर्म ईन्द्रिय बने तिनकात साथ्मा अनि। ईन्द्रीयै हरुबाट दुई पुरुषै धर्मै र पाप भो पनि ॥४१॥

यस्ता रीत सीतले त जन्म हुन गो गुणको अनि कर्मको। ईन्द्रियादिहरु र धर्म सहितै पापादिको जन्म भो। छन् ज्ञानेन्द्रियता अवश्य बुझ्नु सत भक्तिमा मन दिने। कर्मैले गरी मुक्ति मिल्छ सवमा कर्मैं गरे पाईने ॥४२॥

यस्ता बात सुनेर नारदजीका श्री काशी राजले पनि। पृथ्वी सृष्टि कसोरी
कुन रीत भयो वताउ यो सव भनि। जलमा सुत्नु भयो प्रभो भनि भन्यौ कुन
रुप कस्तो थियो। हे नारद मुनि भन्नुहोस् त्यसको औतार प्रभुको भयो ॥४३॥

भन्छन नारदले स्वरुप प्रभुको समुद्र फीज वर्णको। ढालेको रुख झैं ढलेर
रहने रुपै अति तेजको। सङ्ख चक्र गदा र पद्य धनुसब थिएत साथमा
पनि। सोहि औसरमात जल घुमदथ्यो अत्यन्त तेजी बनी ॥४४॥

नारायण प्रभुको त दुई स्तनमा दुग्धादि पैदा भयो। दुधैको गरी बिजफुल
कमलको नाभी विशे देखियो । सोहि औसरमात कान भरिगो दुग्धादिको
छालले। कानलाईत कोट्याए प्रभुजीले फ्याँके बडो बेगले ॥४५॥

केहि शान्त भयो तथापी प्रभुमा निक्लीन् र कन्या पनि। पाउमा बसी प्रेमले
त्यसघरी साथै मदिन्छु भनि। नाभीको कमलै उपर पनि त्यहाँ ब्रह्माजि पैदा
भए। कानेगुजी देखि त्याहाँ प्रभुजीको मानिस सृष्टि भये ॥४६॥

मधु कैटभनाम भो तिनी दुई दानव भए वीर अति। ब्रह्माताहि थिए कमल
बिचमाहाँ हप्काउदा धेरती। डरले थर थर कामदै त्यसघरि ब्रह्माजि ताँहि
थिए। आकाश वाणी भयो र शक्ति रुपले विष्णु जगाई दिए ॥४७॥

जागाभै प्रभुले ती दानव उपर युद्धै बडो भै गयो। धेरै बर्ष वित्यो लढे समरमा
आश्चार्य लाग्दो भयो। हजार पाँच बितेछ वर्ष तिनको युद्ध दि गर्दा हुँदि।
आकाश वाणी भएछ त्यस घरी उपर वर दान मागे हुँदि ॥४८॥

भन्ने यसरी त को सुने प्रभुजीले लौ माग वरदान भनि। माग्दै नौ तिमी मात
हामी दुईले माग्छौंत दिन्छौ भनि। हामीले अलिहे जीत्यौ समर यो हर्वा तिमी
हौ याहाँ। जे माग्छौ वर माग हामी दुईमा दिन्छौं अवश्यै याहाँ ॥४९॥

भन्दा दानवले प्रभु खुशी भई वरदान प्रभुले लिए। मै देखिमर तिमी दुई वीरले वाचा गराई दिए। काखैमा दुई भाई राखी प्रभुले मारेर दानव कन। पृथीवि सृष्टि गरे त्यसै अशुरमा मां सादिले तत् क्षण ॥५०॥

शक्ति रुप गराई तेज प्रभुको निक्ली कमलमा गयो। ब्रह्माको पनि रुप रक्त हुनगो त्यो ब्रह्म बीजै भयो। ब्रह्मा विष्णु महेश रुप तिनको अङ्गै मिली अक्षर। ओम्को अक्षर पुज्य भो ति सवमा तिन रुपकै आखिर ॥५१॥

तेहि औसर देखि ओम सवमा पुज्यै ठूलो शब्द भो। आत्मा रुप तेहि सत्य धर्म हुनगो ओम् को त शब्दै भयो। आकार बिन्दु र तेज पूज्य भईसव अङ्गादिको रुप् वनी। मुहुर्तादि र तेज शब्द बनिए पञ्चादि तत्वै पनि ॥५२॥

पञ्चै तत्वहरु मिलेर हरीमा औतार नाना थरी। आँखा देखित तेज निक्लिन गयो अग्नि मिले त्यसघरी। तीनै अग्नि र तेजचक्षुहरीका बल्दै गएका थिए। निक्ले सुर्य र चन्द्र देव दुईटै आकार तिनले दिए ॥५३॥

पृथ्वी खातिरमा अकार शीर भो क वर्गको काँध भो। चवर्गै तिर हात अंग बनियो ट वर्गले पूर्ण भो। त वर्ग सवले त पीठ काटि भो पवर्ग लिङ्गादिको। यवर्गतिर जङ्घा जानु दुईटै श वर्ग भो पाउको ॥५४॥

सोहि रुप त पञ्च तत्व शिवको पाँचै स्वरुप भै गयो। पञ्चरुप शिव तत्ववेद बनियो देवाधी अंशै भयो। ब्रह्मा विष्णु र रुद्र रुप शिवको शिवाय तिन अक्षर। सृष्टिमा तेहि नाम पूर्ण हुनगो संसारका खातिर ॥५५॥

देखेको शिवको अपार रुप त्यो नेत्र तिनै मुख पाँच। दश बाहु तव भस्म लेपन गरी योगीनीको भोत नाच। त्रिदण्डी कन भस्म लेपन छ जो रुद्रै स्वरुप देखियो। ब्रह्मादि सव देवता सहित भो श्री शक्ति को रुप् भयो ॥५६॥

यस्तो रुप शिवको त देखि कन त्याहाँ देवाधी गर्छन् स्तुति। रक्षा गर्नु हवोस्
सदा शिव भनि ब्रह्मादिको भो स्तुति। पथर रुप शिवको अपार हुन गो श्री
शिव लिङ्गैं भयो। पूजा प्रेम र भक्ति भाव गरने सव दुखको डर गयो ॥५७॥

सोहि रुप विश भक्ति प्रेम रशले श्री विष्णुले पालन। ब्रह्मा त्यहीं र सृष्टि
कर्म गरने जन्मादि धेर जानन। विद्या बुद्धि र कर्मज्ञान गरने श्री शम्भुको
रुपले। पृथ्वीको सबभार खारिकनफेर संहारमा शम्भुले ॥५८॥

होला नी र्गुण रुप भैकन जाहाँ पालन गरुँला सवै। सत्गुण ब्राह्मण देवता
कन दिये जानी लिनु यो सबै। भक्तैलाई अपार प्रेम शिव रुप सत् कर्मको
सन्तको। वेदमा ब्रह्मण मा र कर्महरुमा रुद्रै स्वरुप शक्तिको ॥५९॥

कर्मैमा पनि भेद हुन्छ बुझिल्यौ तिन् रुप तिन् शक्तिले। सत्वो गुण र तम कर्म
गर्छन् आशक्तिको भक्तिले। जुन रुपले शिव पुजनादि गर्छन् त्यै शक्ति श्री
शम्भुले। दिन्छन् फल शिवलेत पुजन गरे कर्मैं विशे प्रेमले ॥६०॥

भन्नु भो शिवले ती देव कनता ब्रह्मा र विष्णु कन। वरदान भो शिवले
ती देव गणमा पूज्यै हुनन् यी जन। धर्म स्थापन गर्न खातिर रहु दुःखादि
आउलान् जसै। रुद्र रुप शिव आई रक्षा गरुला भन्दै दिए वर तसै ॥६१॥

भन्नुभो शिवले ति विष्णु कनलौ त्रैलोक्य रक्षा गरी। भूको भार उतारी खारि
कन फेर सम्पूर्ण बाधा हरी। रुद्रै रुप तिमी लिएर कन फेर श्री शक्ति कै
आदर। औतार धारी र सत्य पालन गरे भुवारका खातिर ॥६२॥

जुन जनले शिव निन्दा गर्दछ भने कर्मैं सवै नष्ठ भै। जानेछन् तिनीहेरु
नर्कतिरता द्वेशादिले युक्त भै। भक्तैका जव साथमा शिव रहे आधार उनकै
गरी। ब्रह्मादि हरु वेद कर्महरुमा सत्यै स्वरुप रुपधरी ॥६३॥

मुक्तिमा सब श्रेष्ठ भैकन रहु नारायणै नामले। ब्रह्मा विष्णु र रुद्र रुप तिनको
श्री शक्ति को नामले। सत्य त्रेता र द्वापरैकन हऊन् कल्कि युगादि कन।
ब्रह्माको पनि चार हजार हुनगो आयुत अन्त्यै सुन ॥६४॥

मानीसमा महिना त वार तिथी छन् सोह्रै भनि जान्नु। अध्यन दुई र पक्ष दुई
बुझ्नु वर्षै पुरा मान्नु। सौवर्षै तक पूर्ण हुन्छ जनमा ब्रह्माजीको एक दिन।
ब्रह्माजी एक वर्ष पूर्ण गरदा श्री विष्णुको एक दिन ॥६५॥

विष्णुको पनि एक बर्ष पुर्ण गरदा श्री रुदैको एकदिन। श्री रुद्र कन एक बर्ष
भयमा मन्वान्तरै पुर्ण छन्। सत्य त्रेतार र द्वायरै कलीपनि घुम्छन् युगादिहरु।
एक हजार संख्यामा यिनी घुमी सक्ता रहेछन् अरु ॥६६॥

आयु पूर्ण भएछ एक मनुको ब्रह्मादि द्यौता छन्। धर्म कर्म र वेद सास्त्रहरुमा
बस्ने गई सज्जन। सोहि औसरमात सास्त्र पनि फेर नासेर आर्को थरी।
फेर्नेछन् तिनलेत सत्य रुपले उद्धार हुनाले गरी ॥६७॥

कर्मैले गरी मुक्ति मिल्दछ भने श्री रुद्रको ध्यान गरी। पूजा श्री शिव लिङ्ग
राखी घरमा बस्नु ठूलो प्रेम गरी। छैनन् जुन घरमा त लिङ्ग शिवको कर्मै
गरे ब्यर्थ भो। यज्ञै रुप शिव लिङ्ग को हुन गयो कर्म सवै पूणै भो ॥६८॥

भन्छन् सौनकहेरु हे सुत तिमी श्री शम्भुको वर्णन। पूजा श्री शिव लिङ्गको
गरी सदा वस्छौ खुशी भै कन। ब्राह्मण क्षेत्रीय वैश्य शुद्रहरुमा पूजादिकै
भक्तिले। पुरुष स्त्री सबले त पुजन गरुन् ज्ञान मिल्छ पूर्णै भरे ॥६९॥

स्त्रीजातिहरुलेत प्रेम रुपले भक्ति र पूजा गरे। आयु वृद्धि हुनेछ पुरुष
पुत्रहरुको संकोच मनका झरे। छन् स्त्रीजाति पति व्रता तिनी भने श्री शम्भु
कै ध्यान गरी। पूजा श्री शिवलिङ्ग को गरी लिनु होला तपस्यै सरि ॥७०॥

भन्नु भो मुनीले क्रमै सित अनि श्री शम्भुको पूजन। प्रातः काल माहाँ उठेर
पहिले स्नान गर्न जानु कन। स्नानादि गरदा पनि त मनमा तन् मन् शिवैमा
दिनु। गायत्री जप गर्नु पुर्ण पहिले भस्मै लगाई दिनु ॥७१॥

पैला दिप पुजा गरेर कलशै पूजादि गर्दा हुँदि। देभ पीतृ र ईष्टदेवहरुको
क्षेत्रादिमा पूजा दी। गणेश रुप प्रभुको पनि त्यसमा पूजादि गर्नु अनि।
दिग्पालादि र लोकपालहरु को पूजादि गर्नु पनि ॥७२॥

सारा देवहरु कात मध्य बिचमा श्री शम्भु राख्नु जब। पञ्चामृत जलले त
स्नान गरनु पूजा गरी गौरव। जो चिज जुट्तछ शुद्ध पार्नु पहिले गङ्गा जलैले
गरी। जुठो धुलो र लात्ति लाग्न तिनमा सामाग्रीहरु छरी ॥७३॥

देव पुजन गर्नलाई छरीयो सामाग्री त्यादि दिनु। देव पुजन लाई याक्य
बनियो पैला चढाई दिनु। चन्दन अक्षत धुपदिपहरु सब पाक्यादिहेरु अरु।
मैथुनमा रहने अशौचमा परने स्नानै नगर्नेहरु ॥७४॥

यस्ताजनहरुले त पुजन गरे पुजादि नष्टै भयो। पूजा यी जन गर्दछन् यदि
भने सोकादि आई गयो। मैथुन कर्म गरेर पुजन भए पैलात स्नानै गरुन्।
आसौचादि र स्नान हिन भयमा साष्टाङ्ग सेवा गरुन् ॥७५॥

ब्राह्मणले शिव पुजनादि गरदा वेदादिकै मन्त्रले। तान्त्रिक क्षेत्रीयलेर वैश्य
शुद्ध दुईले श्री शम्भु कै नामले। भक्ति हो शिवको अपार बुझ्नु नामै ठूलो
जाननु। भक्ति प्रेम र भावशुद्ध भएमा पूर्णै भयो माननु ॥७६॥

एकदिन नारद ब्रह्मलोक पुगी गये ब्रह्माजीले त्यसघरी। ब्रह्माले पनि झट्ट
नारद उपर आज्ञा गरे त्यो घरी। क्षीरै सागरमा गएर प्रभुले नारायणै रुप धरे।
जाउलौ तिमी शुद्ध छौं मुनी भनि नारदजीलाई भने ॥७७॥ (दोहा)

आए ति ब्रह्मा कन सागरैमा। नारायणै रुप अनेक त्याहाँ। ब्रह्माजीले भक्ति
अनेक गर्दै। देखे सबैलाई र पाउ पर्दै ॥७८॥

देवादिहेरु अनि लोक पाल। ब्रह्मा महर्षि सब छन् विशाल। गायत्री गङ्गा शिव लिङ्ग धारी। स्वाहा स्वधा तर्पणका मुरारी ॥७९॥

दैत्यादि हेरु कन एक साथ। श्री शम्भु गङ्गा कन राखी माथ। त्रिदण्ड भस्मै छ जय अयुथ। नारद समे तपूर्ण भए ति साथ ॥८०॥ (दोहा)

सत्यैमा सब वेद सास्त्रहरुमा श्री जातिकै साथमा। शिव रुप् तेहि सत्य हो सकलले स्नानादिमा तिर्थमा। नारायण रुप लि सदा शिव पनि भुमारका खातिर। जलकै रुप धरी सदा शिव बसे प्राणीहरुमा पर ॥८१॥

तपस्वीहरुमा तपो बल ठूलो भक्ति र प्रेमले गरी। तिसारा क्रम शुद्ध गर्ने जलहो स्नानादि गर्दा तरी। सोहि औसरले तपो बल बढ्यो पर्वत् सरीको भयो। पर्वत रुप शवि लिङ्ग भो र त्यसले हिमालयै मा गयो ॥८२॥

धातु उत्पत्ति ज्ञान

कुर्मै रुप प्रभुको भयो त्यसघरी ढाक्यो जगत् सब जसै। अग्नि रुप त्यहि शक्तिको हुन गयो निक्यो र धातु तसै। धातुमा गई तेज् मिल्यो प्रभुजीको जुन् जुन् स्वरुप थ्यो त्याहाँ। तामो पीतल सुन चाँदि र फलाम निक्ल्यो विछट्टै त्याहाँ ॥८३॥

तामो श्री शिव रुप भो पीतल वरुण सुनको त नारायण। फलामको यमरुप भयो त्यसघरी जड धातु नारायण। शक्ति सुन्दर रुप धातु वनियो रङ्गी विरङ्गीहरु। सोहि धातु विसे प्रतिमा अहिले पुज्यै भए धेर अरु ॥८४॥

पूजामा पनि देवता कन गरुन् राखी प्रतिमा पनि। पूजा सिद्ध हुँदैन है बुझ्नुहोस् छैन प्रतिमा भनि। प्राणयाम गरेर पुजन गरुन् प्राण प्रतिष्ठै गरी। सिद्धै हुन्छ अवश्य तिनकन जउन पूजा गरेका घरी ॥८५॥ (दोहा)

जानी नजानी कन आज मैले। गर्छु प्रभुलाई त प्रेम पैले। हृदयमा बास गरीदिनु होस्। ज्ञानपूर्ण सत् भक्ति सदा दिनुहोस् ॥८६॥ (दोहा)

नमन्त्रै तन्त्रैमा अलिकति पनि वाफर्कि भर्छु। नता ध्यान आह्वान स्तुति जप कथा जान्दछु कछु। नता जाने मैले प्रभु स्तुति गर्ने पनि अहो। नता ध्यानै पूर्णै गरीकन रहने पनि प्रभो ॥८७॥

बीकारको पूजा भो प्रभुकन अहो दर्शन छता। भक्तिले आधार गरीकन रहने ॠदयता। दिऊन भक्ति शम्भो हृदय हवोस् शुद्ध मनको। हरुन् सन्ताप सारा हृदयमा वसी भक्तजनको ॥८८॥ (दोहा)

हेप्राण पति हे चराचर जगत् गौरी पते शंकर। हे ज्ञानी गुरु देव हौ तिमी सदा संकष्ट सारा हर। ब्रह्मादि हरुमात पूर्ण रुपले यज्ञादि नाना थरी। दिन्छौं दर्शन साधु सन्त जनमा रुपै अनेकन धरि ॥८९॥ (दोहा)

जान्दीन गर्नै स्तुती पाठ ध्यान। गौरी पते गर्छु सदा प्रणाम। जानी नसक्नु छ लीला हजुरको। पाऊँ प्रभु दर्शन आज तिम्रो ॥९०॥

भन्छन् श्री सुत जी ती सौनक जीमा पूजा गरी अर्पण। कुन फुलले कती पुज्य हुन्छ अहिले गर्छु सबै वर्णन। कमल पुष्प र वेलपत्र हुनगो श्री सङ्ख पुष्पैहरु। लक्ष्मी प्राप्ति भई सदा रहनेछन् पुजने सदा दिन अरु ॥९१॥

लाखौं पुजन गर्छ जुन जनले यिनकै फुलैले गरी। सारा पापहरु नाश भएर जनजुन श्री शम्भु कै रुप धारी। कमल पुस्पत विंश पुजन भयो प्रस्थान एक हुन्छ र। प्रस्थानकै रुप हो अवश्य प्रभुको त्यो आत्मा रुपी छ र ॥९२॥

तिन् नेत्रै रुप वेल पत्र पुजनु **गरुन** हजार पुजा पनि। त्यो हो गौरी स्वरुप भनेर बुझ्नु रुपै शिवैको भनि। एकसौं आठ त वेपत्र शिवको श्री शंकरै रुप हो। शंकरकै रुप साधु सन्त जनमा भक्तैहरुमा गयो ॥९३॥

हजार फुल सय पत्रिले येदि पुजे ब्रह्मा स्वरुप जान्नु। गायत्रि पढि शक्ति मिल्छ तिनले भक्ति ठुलो माननु। उघारौं यदि भाङ पुष्प सहितै पूजा गरेका घरी। शंकर रुप शिव शक्ति हुन्छ जनमा पुजा गरे राम्ररी ॥९४॥

लावा पत्र र गुण आदि सरले लक्षादि पुजा गरी। शत्रुको भय नाश हुन्छ सहजै गर्नु हवोस् राम्ररी। रोग ग्रस्त भए पचास पुजनु कमल्को पुजादिले। विद्यार्थी हरुले एकसौ अनि आठ पूजा गरे भक्तिले ॥९५॥

आयुका निमति माहात बुझ्नु दुर्वादिको पुजन। हजार पुजा र लावा दुर्वा सहितै दिर्घायु मिल्ने छन्। पुत्र ईच्छा भएत भाङ् धतुरो जन्मादि गर्नु अनि। एक लाख पुजा गरेर पुर्ण गरनु मिल्ने छ पुत्रै भनि ॥९६॥

कुन्द पुष्प र चामलै तिर सहित पूजा शिवैको गरे। ऐश्वर्यादि वढेर वृद्धि हुन गो लक्ष्मी सहित प्रेम गरे। जल धार शिवमा अति प्रिय भयो ज्ञानादिकै खातिर। वृद्धि हुन्छ अवश्य दुध सहितको धारा दिए आखिर ॥९७॥

दधीयुक्त सहित धारा शिवमा दिनु अति प्रेमले। तापत्रय भनेर पाप सहितै नासिन्छ है भक्तिले। यक्षादिहरुमा त नास गरने मधुको धारा दिनु। शत्रु नाशकका निमित्त बुझ्नु सखरको धारा दिनु ॥९८॥

पुजा श्री शिव शक्ति को पनि गरुन् भक्ति गरी आदर। श्री शम्भु शशि शेरखै तब हुनन् पूजा गरे आखिर ॥९९॥

भन्छन् नारद ब्रह्माजीकन त्यहाँ हेब्रह्म लौ यस घरी। कुन कुन रुप शिवको भयो यस घरी अन्त्यै परेका घरी। सृष्टिमा जप ज्ञान रुद्र शिवको अज्ञानका खातिर। सृष्टि गर्नु भयो र ब्रह्म त्यसमा बस्नु भयो आखिर ॥१००॥

यस्तो नारदको त वात सुनी फेर ब्रह्माजी भन्छन् अनि। ज्ञान अज्ञान दुवैत नाश गरदा यस्तो भयो लौ भनि। पृथ्वी को गति तिव्र पार्न पछि फेर वराह रुप धार्नुभो। रक्षा गर्नुभयो चराचर जगत् सृष्टि सफा पार्नु भो ॥१०१॥

ब्र ह्मा विष्णु महेश्वर आदि सवमा चैतन्य रुपी शिव। शिव शक्ति मिल्यो र विष्णु भगवान् विराट रुपी खुव। हजार शिर त छन् त्रिनेत्र सब छन् शक्ति र तेज सब महाँ। सोहि औसरमा महर्षिहरु सब भन्छन् प्रभोलोकमा ॥१०२॥

सोहि रुप् शिवबाट कार्य गरने शक्ति त्यहाँ सृष्टि भो। सारा कर्म महाँ त पूर्ण हुनगो देवर्षि मा खुश भो। सोहि औशरमात भुत पनि फेर उत्पत्ति भो सर्गको। यसमा तिन् त खण्ड हुन्छ बुझ्नु श्री शम्भुकै नामको ।।१०३।।

पैला प्राकृति दुसरा शम्भु शिवको तेस्रोत भौतिक भयो। भौतिक रुप गएर अग्नि बिचमा मिल्दात शंका भयो। ब्रह्माले गई हातमा लिनु भयो बीज रुप भैगो त्यहाँ। पृथ्वीरुप त गौ थिईन् त्यसघरी लिईन उनैले त्यहाँ ।।१०४।।

सोहि औसरमात कार्य हुनगो गौ माता देखिन् जसै। लिनुभो शिवले सवार भनि फेर साँडे भनि झट तसै। सारा देवहरु खुशी भए त्यसघरी भक्ति मिलेका घरी। अन्तर ध्यान भए ति देवगण सव साथमा रहेथे हरी ।।१०५।।

भन्छन् नारद ब्रह्मलाई कन फेर भन्नुहवोस् लौ भनि। आकाश वायु र अग्नि जल पृथ्विी वृक्षादिहेरु पनि। पहाड पर्वत छन् समुन्द्र यिनमा शोभायमान छन् सब। शक्ति शंकरको लिएर ईनले बस्छन् सदा गौरब ।।१०६।।

नारायण शिव अंङ्ग बाट तिमी हौ बताई दिन्छु याहाँ। नेत्रबाट मरिचि उत्पत्ति भए भृग हृदयै महाँ। शिरको केश त अंङ्गीरा हुन गए कानै पराशर भए। पुलस्त्य ऋषि नाकबाट हुन गै ऋतु त्यहि जन्मिए ।।१०७।।

अत्रिनारद बाहुबाट हुनुभयो कास्यप हृयदै माहाँ। प्रजापतिको उत्तपत्ति हुन गयो पटै देखिझट त्यहाँ। शंकर देखित धर्म उत्पत्ति भयो त्यो गुद स्थानै लिई। लिङ्ग स्थान यदि काल उत्पत्ति भयो शक्ति सबैमा दिई ।।१०८।।

त्यहि शंकर रुप ब्रह्म वनीयो दुई खण्ड हुँदो भयो। स्रीजाति कन एक भाग हुन गै दोस्रो त पुरुष भयो। यिनकै साधनले स्वयम्भु हुन गै योगी तपस्वी अति। शतरुपा स्री जातिलाई तिनले विवाह भैगो पछि ।।१०९।।

प्रिय व्रत र दोस्रा जन्म नगए उतानपाद नामका । छोरी आकुति देव हु ती
प्रशुति नाम थिए भक्तिका । छोरी आकुति देव हुती कन फेर दिए र कर्दम
सँगै । प्रशुति कन दक्षलाई दिनुभो सृष्टि भयो यस सँगै ॥११०॥

रुची आकृतिमात यज्ञ हुन गो थिन धर्म पत्नि पनि । थियो चारुमति ति नाम
तिनको बारैत छोरा पनि । देव हुति रकर्दम दुई सहितै धेर पुत्र पैदा भए ।
चौविस कन्या पनि त जन्मन गए सृष्टि बढाई दिए ॥१११॥

धर्मलाई त तेह्र कन्या दिनुभो श्राद्ध र लक्ष्मि धृति । क्रिया तुष्टि र पुष्टि
मेघा अनिफेर बुद्धि र लज्जा स्मृति । शान्ति सिद्धि र कीर्ति तेह्र यी सबै श्री
धर्मकालौ भए । एघारौं अरु कन्या बाँकी रहेथे महर्षिलाई दिए ॥११२॥

यिनैबाट सबै चराचर जगत् सृष्टि भयो लौ यहाँ । तेसै औशरमा सदा
शिवजीको तिन रुप भैगो त्यहाँ । तिन खण्डै गरी भाग तिनरुप हो श्री शक्ति
को भो जसै । शक्ति रुप शिवको र कर्म गतिको नारायणै को तसै ॥११३॥

पर्वत मा पनि उच्च पर्वत ठूलो लौ मध्य भागै भयो । दोस्रो ब्रह्म स्वरुप
दक्षतिरको वाम शक्तिको भै गयो । तिनै रुप त प्रेम छन् शिवजीमा श्री
शक्तिकै साथमा । त्रिशुल नाम धरेर राख्ने शिवले आधार गरी माथमा ॥११४॥

काली हुन् जगदम्बिका भगवती रक्षा सबैको गरी । भुक्ति मुक्ति र शक्ति
आदर दिने रक्षा गरी राम्ररी । सोहि रुप साधु सन्तहरुमा श्री शक्तिका साथमा ।
धर्मै रुप शिव शक्ति भक्त जनले लिए हुँदा माथमा ॥११५॥

हे नारद तिमीले सुन्यौ सब कथा श्री ब्रह्म भन्छन् तब । शिव शक्ति कुवेरलेकिन
गरे लाएमी त्यारी जब । कैलास पर्वतको नगीचरमणी काम्पील्य पर्वत्
थियो । दक्षी त्यहि त जाई भक्ति शिवको त्यसले सीकाई दियो ॥११६॥

अग्नि वर्ण र होम यज्ञ शिवमा अन्नादी दानै दिए। भक्ति प्रेम गरेर शंकर
भनि पूजा गरी ति रहे। आउनुभो शिव साधुको रुपलीई हुन भक्त मेरा भनि।
कुबेरले पनि ता चिने शिव भनि विन्ति गरे यो पनि ॥११७॥

हे शम्भो करुण निधान भगवान् साक्षात् हजुरको याहाँ। यज्ञैको हवी सब
दिई प्रभु भनि भक्ति गरी मनमाहाँ। वसेकैत थियौं त दर्शन मिल्यो हे नाथ
लौ यस घरी। रक्षा गर्नु हवोस् परे शरणमा पस्नेर पाउ पारी ॥११८॥

भन्नु भो शिव भक्ति आज तिमी हौ यज्ञै गरी धन सबै। सकेका तिमीले
थियौ अव भने खालि नहोला कबै। भण्डार पूर्ण हुने छ सब जगतमा ऐश्वर्य
साली भए॥ भक्तैमा पनि मीत्र हौ तिमी भनि आशिष तिनले दिए ॥११९॥

धनका मालि कता कुवेर हुन गए सारा जगत् भर माहाँ। कुबेरको शिवको मी
त्यरी हुनगो भन्दा भए सब त्यहाँ। यज्ञादि गरी नाश हुन्न धनको सत् भक्ति
कर्मै गरी। दिनुहुन्छ अवश्य पूर्ण धन फेर शक्ति स्वरुप छन् हरी ॥१२०॥

भन्छन् नारद हे पीतामह याहाँ दानादि धेरै गरे। कुन रुपले शिवको अपार
महिमा आनन्द मिल्ने छरे। भुक्ति मुक्ति अवश्य पूर्ण यदि छन् कस्ता प्रकारको
गरी। भन्नुहोस् अहिले मलाई प्रभुले सुन्नेछु भक्ति धरी ॥१२१॥

यज्ञ गर्न भनेर राख्दछ जउन छुट्याई पैले धन। राख्नुहुन्न कदमी त्यो धन
भने बाँकी रहेको धन। नैवेद्यै भनि वाक्य नाम प्रभुको पैला प्रभुमा दिई।
प्रशाद मानीत खानु उत्तम छ जो यज्ञै ठूलो भो त्यहि ॥१२२॥

पैला आफु र आफ्नो मान्य जनमा भन्दै दिई फेर पछि। बालक हुन यिनी ता
भनि कन अनि चढाउने भो पछि। कर्मै नाशक यज्ञ नाशक ति हुन् यमादिका
साथमा। बुद्धि धन सब नाश पारी तिनले दुखीत आखीरमा ॥१२३॥

भोला शंकर कात साथ जसले दिपादिको दान् दिई। गर्लान वत्तित वाली दान तिनले तन् मन प्रभुमा दिई। उद्धार हुन्छत आफ्नो आफ्ना कुलको पुण्यै छ यस्मा ठूलो। भक्तिले गरी यज्ञ गर्दछ भने दुष्कर्म को भो धुलो ॥१२४॥

पैला कल्प महाँ पुलस्त्य ऋषीमा श्री विश्रवा जन्मिए। उनका पुत्रत पौश्रवण हुन गए तिनमा प्रभु जन्मिए। भोलानाथ त विश्वकर्मा प्रभुको औतार भैगो त्याहाँ। विश्वकर्मा भई सबै तरहका रचना गरे छिन् माहाँ ॥१२५॥

श्री सत्य रुपै कन धारी पैले। रच्नु भयो फेरी पुरी क्रमैले। पैला अलका पुरी रच्नु भैगो। दोस्रोत मेघ वाहन कल्प आईगो ॥१२६॥ (दोहा)

त्यसमा गई दक्षक यज्ञ पैले। महर्षिको रुप धारी क्रमैले। वेदादिको ज्ञान सवमा दिनुभो। अध्यात्म कल्पै पनि चारमा भो ॥१२७॥

अतिथि सत्कार र पत्रि कतैमा। बस्नु भयो सत्य लिएर हातमा। पाँचौ त कल्पै प्रभुले लिनु भो। शिव स्वरुप पथ्थर लिङ्ग को भो ॥१२८॥

सत् भावमा प्रेम बडो गराई। दिनुभयो झट् शिवलिङ्ग लाई ॥१२९॥ (दोहा)

हे नारद सुन शक्ति रुप शिवको कैलासको वर्णन। कैलास पर्वतमा त श्रेष्ठ रुपको गर्नु तपस्या कन। भोला नाथ शिव लिङ्ग पुजन गरे कैलास पर्वत महाँ। मीष्ठान्नै कन दान गर्छ जनले भक्ति लिई मन्माहाँ ॥१३०॥

चन्द्र सूर्य र अग्नि देव सवमा पूजा गरे आखिर। सय बर्ष तपै समान् फल मिल्यो पुज्यै भयो त्यो पर। गङ्गास्नान गरी सदा शिवजीको कैलासको दर्शन। गङ्गा जल फुलले सदा शिवजीमा पुज्नु खुशी भै कन ॥१३१॥

होमादि गरी यज्ञ गर्नु जनलेप्रेम भक्ति ठूलो गरी। भक्तैमा शिव बास हुन्छ बुझ्नु पुजा गरेका घरी। प्रेमैले गरी कार्य सिद्धि हुनगो ऐश्वर्य शाली भयो। सत् बुद्धि सब मिल्छ प्रेम शिवमा आखिर मुक्ति भयो ॥१३२॥

भजन

शिव शिव भजन रुद्र रुपलाई। तपस गरे मिल्छ दर्शन रुद्र रुपलाई शिव शरणम्। तपस् गरी नारदले तिन लोकको। वर दान मिल्यो सारा घुम्ने शक्ति मिलीगो। शिवशरणम्। नम शिवाय नम शिवाय ओम नमो भगवते भजउ शिवाय ॥

ज्ञान कर्म धर्मले पुण्य मिल्ने हो। शिव शिव भनेर नाम जप्ने हो। शिव शरणम् आधा शक्ति खुशी भईन् रुद्र रुप लिईन् ॥

नारायणको रुपले शत्रु मारी थिन्। शिव शरणम्। ओम् रुपी नाम भयो नम शिवाय। सारा देवहरुले जपे शिवाय ॥

शिवशरणम्। दोहा–छिनाई देउन मायाको दुरी। लौन प्रभु बचाउ ए हरी भजउ शिवलाई। कर्म गर्नु फलैको साहारा। शिवजीलाई भक्तिको आदर। भजउ शिवलाई।

रुद्र रुप शक्तिको नाम जपेर। देवताले कीर्तन गाए नम शिवाय। शिवशरणम्। कैलासवासी भोले वावा भक्ति साथमा। रुद्र रुप लिएर हिड्ने भक्तमा ॥ शिवशरणम्। ब्रह्मा रुप विष्णु रुप नारायणैको। शिवलिङ्ग दर्शन गरे फलपूर्ण भो। शिवशरणम्। मन्त्र जपी ध्यान गरी पुजा गरेर ॥

शिव शिव भन्दै जप्नु मन दिएर ॥ शिवशरणम् ॥

भक्ति र प्रेमले गरुँ पुजन। शिव शिव नाम जप्तै गरु भजन। नम शिवाय २ ओम् नमो भगवते नमः शिवाय ॥

प्रातिमाको रुपमा नारायण छन्। भक्त जनको हृदयमा बसि रहन्छन्। कैलास वासी शिवजी कहाँ गए छन्। विश्वरुप शिव दर्शन दिई हिंड्दै छन् ॥ नम शिवाय २ ओम ॥

लिए त्रिशुल शिवले डम्फु बजाए। नन्दि भृङ्गी शिव गण सबलाई नचाए शिव शरणम्। होम गर्नु यज्ञ गर्नु गर्नु महाँ दान। नारायणको नाम लिनु जप्नु हरी नाम ॥ शिवशरणम् ॥

शिव शंकर भजन गरी भोलानाथको। यज्ञादिको साथमा दिप दानको ॥ शिव शरणम् ॥

शिवरुप यज्ञ हो दियो चक्षु हो। कर्म साक्षी भएर फल दिने भो। शिवशरणम्।

भक्ति गरे प्रमे गरे साथ लिने हो। कैलास वासी शिवले दर्शन दिनु भो। शिवशरणम्।

कति सुकायो (२) वाघको छाला नागको माला कति सुवायो। ईति रुद्र संहिता पूर्वार्ध समाप्तम्।

शिव पुराण शति खण्ड

भन्छन् नारद ब्रह्मलाई अहिले श्री शम्भुको सव कथा। शति सम्भु विवाह सव कहनु होस् नासिन्छ सारा ब्यथा। सारा देव मिलेर मोहित भए सभा गरेका घरी। थिए दक्ष प्रजा पति पनि त्याहाँ निन्दा अनेकन गरी ॥१॥

सोहि औसर वैर भाव हुनगो दक्ष शिवै विचमा। निन्दा धेर गरे प्रजापतिजीले श्री शम्भुकै साथमा। सोही दक्ष प्रजापति सीत माहाँ तेतिस कोटि पनि। थिए पुत्री र कन्या दानकन दिए देवादिलाई अनि ॥२॥

आफ्ना साथमहाँ त ज्येष्ठ सति थिन् राखेर देवादिले। विवाह गरी कर्म पूर्वक लगे देवादिले हर्षले। सम्झे श्री शिवले पनि त्यस घरी पत्नि लिएछन् भनि। माग्नै श्री शिव दक्षका घर गए बाँकी सति थिन् पनि ॥३॥

मागेथे शिवले शति देउ भनि कन्यार्थिका रुप्माहाँ। आए दक्षर सोधनी सव गरे क्रोधी भई मनमाहाँ। भन्छन् श्री शिवले ति दक्ष सितगै कैलास शुन्यै छ र आएँ माग्न मलाई देउ सति फेर विवाह कै खातिर ।।४।। (दोहा)

दक्ष पति ले सव बात सुनेर। क्रोधी बनि दक्ष कठोर भएर। मेरो पराक्रम् नवुझेर ऐले। मागीस्त कन्या कुन रुप मैले ।।५।।

मारी दिनेथे अरुनै भएता। निक्लेर जाभनि विदा पनि दे तसै ता। दुःखी बनि शम्भु त धैर्य गर्दै। वैकुण्ठ वासी कन साथ माग्दै ।।६।।

श्री दक्षले जे जति हो भनेको। श्री शम्भुको क्रोध बृहत् गरेको। नारायणैले सब बात सुनेर। बस्नु हवोस् हे प्रभुलौ भनेर ।।७।।

गए ति विष्णु कन दक्ष साथमा। मागे ति कन्या कन लौन याहाँ। माग्दा भए लौन मलाई देऊ। बस्लिन् शति आदर मेरा छेउ ।।८।।

भन्दाती दक्षै सित विष्णुजीले। दिएत कन्या पनि प्रेम भावले। विवाहको दिन सव तोकी दिए। विवाह टुङ्गो गरी विष्णु आए ।।९।।

सोहि सवै वात शिवलाई त्यहाँ। भन्दा भए झट्ट गएर वाहाँ ।।१०।। (दोहा)

भीक्षक रुप धरेर आउनु भनि श्री विष्णुले भन्नु भो। कैलासमा गई हे प्रभो रहनु होस् कार्य सवै पूर्ण भो। सोहि दिनमहाँ सदा शिव पनि कैलास देखिन जसै। भीक्षुक रुप धरेर जानु त्यहि भो श्री शम्भुले झट तसै ।।११।।

भीक्षाम्देहि भनेर माग्नु भएथ्यो श्री विष्णुकै साथमाहाँ। लग्नैको समयै भएछ अहिले बस्नु हवोस् लौ याहाँ। कन्यादान सव पूर्ण भो भनि त्यहाँ तिल कुश औंठा दिंदा। सति शम्भु त साथ पर्नु पनि भो दिए प्रभुले विदा ।।१२।।

भन्छीन पत्नी ति दक्षलाई पनि फेर पुत्रेष्टि येग्यै गरी। पुर्णै हुन्छ अवश्य वेद विधिले यज्ञै गरेका घरी। सल्लाह दुईको त पूर्ण भईगो लौ यज्ञ गर्छौं भनि। निम्ता सव छोरी ज्वाईलाई हुनगो शम्भु शतिमा अनि ॥१३॥

हुन्न निम्ता दिनु भनि कन भने ति दक्षले आखिर। आकाश मार्ग गरेर देव गणले जाँदा ति दक्षै तिर। मेरा यी सब वैनी ज्वाईं अहिले जाँदा रहेछन् कहाँ। सारा देवहरु मिलेर अहिले हिंड्दा रहेछन् कहा ॥१४॥

भन्नुभो शिवले शति तिमी यहाँ निन्दा अनेकान्गरी। बस्नु योग्य हुँदैन आऊ तिमीलौ पासाखेलौ यो घरी। जुवा खेल्न भनि शिव सति पनि लाग्दा भएथे जसै। दक्षै यज्ञ महात नारद पुगी हेर्दा भए झट तसै ॥१५॥

देखेनन् तिनले र के हुन गयो छैनन शति सम्भुयाँ। यज्ञै कर्ता नभै त पूर्ण नहुने डाकेन की येज्ञमा। कैलासमा जब ति मुनी गई सवै विस्तार वर्णन् गरे। नारद देखि त सव सुनेर शतिले यज्ञै गरेको छ रे ॥१६॥

पीताको सव यज्ञ हेर्दछु भनि सतित थालीन् रुन। भन्नुभो शिवले नरोउ सतिलौ डाकेनन् भैगोकीन। सम्झाउनु भयो त धेर शिवले मान्दै नमानि सति। पीताको गई येग्य हेर्दछु भनि दुःखीत् भईन् ति अति ॥१७॥

विदाश्री शिवले कठोर मनले दिंदा भएथे जसै। हेरीन् गै सव यज्ञमा घुमी घुमी पुगीन् पीता छेउ तसै। हेपीता मईले विराम कुन गरे मै छोरी यो हैन की। महाँ देवत यज्ञ कर्ता पनि हुन् अर्को महादेव छ की ॥१८॥

यस्ता वात सुने प्रजापति जीले छोरी सतिका त्यहाँ। निन्दा शंकरको गरेर तिनले भन्छन् सति साथमाहाँ। आउला संकर यो भनेर मईले डाकीन तैलाई ता। छोरी आई गयौ भयो यसघरी डक्तीन है शम्भु ता ॥१९॥

यस्ता वात सुनेर दक्षपतिका क्रुद्धै भई ति सति । यज्ञैमा गई फेर शति
शिवभनि फाल् हालिथिन् ति सति । त्राहि त्राहि भयो सवै जगतमा सारा
अँध्यारो भयो । नारदले गई फेर कहे शिवजीमा सातो सवैको गयो ॥२०॥

ब्रह्म लोक विशे ति नारद गए श्री शम्भु देखि छुटि। मरीचीर पराशरै हुन
गए नारद समेत सव जुटि। होमिन श्री शति देवी यज्ञ बिचमा भन्दै ति नारद
गए। रुद्र तेज सवमात पुर्ण हुन गो ब्रह्मादि सब आत्तिए ॥२१॥

मरीचि मुनीको त स्वासभयले त्रासीत् वनिगो तर। दक्षको शिर काटि होमी
पनि दे श्री कालीले आखीर । सोहि तेज त उत्पत्ति पनि भयो पाँच वाण
हात्मा लिई। तेहि वाणँ पनि छाडि देति मुनिले मानिसको रुप दिई ॥२२॥

रोचन हर्षण शोषणै हुन गयो वाणादिका नामले । मोहन बाँण त अन्त्यको
मरण भो श्री शम्भुकै रुपले। सोहि रुपत काम देव भनि नाम राखे मुनीले
त्याहाँ। काम देव तिमी रक्षा गर्नु अहिले यो ब्रह्मा लोकै महाँ ॥२३॥

सारा श्री शिववीर रुद्रहरुले ध्वांम्सै गरेका घरी। रक्षा सव तिमीले गरे यस
घरी यो ब्रह्मलोकै भरी। आज्ञा ब्रह्माजीले दिए त्यसघरी रक्षार्थ कै खातिर।
ब्रह्मादि सव देवता र मुनि जन् बस्थे गरी आदर ॥२४॥

महाकाली र विर भद्र सबको भन्थे ति तिनले जय । त्राहि त्राहि भयो
सबै भुवनमा द्यौता भए नीभय। क्रोधैले गरी रुद्र रुपलीनुभो अग्नि बल्यो
बेसरी। वत्ति का पुतली झई हुन गए दक्षादिहेरु जली ॥२५॥

यस्ता रीत् सीत दक्ष नाश गरी फेर थिएती सबजनहरु । काटि होमी दिए
सबै जनहरु बाँकी रहेनन् अरु। वियोगका घरी पन्निले शिवजीको गर्दा हुँदि
फेर स्तुती। हे शम्भु करुणा प्रीये प्रभु भनि जागा गराऊ पति ॥२७॥ (दोहा)

स्तुति प्रभुको बहुतै गरेर। रुँदो छौंद आई दुःखी भएर। हे शम्भु लेऊ करुणा बतार। भुभार हर्छौ तिमी बार बार ॥२८॥

नीन्दा अनेकौं यिनले गरेथे। पाउ पनि झट् तिमरै परेथे। क्रोधी स्वरुपले त अवश्य आई। दिएर कन्या कन विष्णुलाई ॥२९॥

सन्यासीको रुप तिमीलेत धारी। कैलास बासी प्रभु हे मुरारी। मनुष्य दे है जगमा गएर। गर्छु प्रभु यस घरी आत्तिएर ॥३०॥

सुन्दा यस रीतको स्तुति वीरणीको खुशी भए शंकर। दक्ष रुप पशुको बनाई अहिले दानै गरु आखीर। कालीले येति बात सबै कन सुनीन् खङ्गै लिई हातमा। जाँदामा त्यहि झट मिल्यो पशु पनि छा गै भनि नाममा ॥३१॥

ल्याईन् कालि रविर भद्र दुईले काटि त त्यै छाग र। पछाडि मुख पारी जोडि दिई फेर जीयाई दे आखिरी। वोकाको मुख दक्षको हुन गयो दक्ष ति जागा भए। रुद्र रुप पनि शान्त भो प्रभुजीको देवाधि खुशी भए ॥३२॥

ब्रह्माजी तब भन्नु हुन्छ सुनीलेउ नारद जी ऐले यहाँ। शक्तिका रुपमा त सध्या भनिने कन्या भई न झट् त्याहाँ। सन्ध्याले गई घोर समुद्र तटमा गर्थिन् तपस्या अनि। भक्ति श्री शिवको गरेर ति नीता एकाग्र हुन्थिन् पनि ॥३३॥

ईन्द्रादि सव देवताहरु मिलि गर्थे सदा आदर। रुद्रै रुप प्रभुको त दर्शन मिल्यो सध्या उपर आखिर। सध्याले शिवको त पूजन गरीन् भक्ति मनैमा घरी। वरदान् माग भनेर श्री शिवजीले भन्नुभयो त्यस घरी ॥३४॥

मागीन् भक्ति र सत्य साथ सहितै उद्धार सबको गरी। पूज्यै भैकन बस्नलाई त मिलोस् भुवार सारा हरी। यस्ता वात सुनेर श्री शिवजीले पुज्यै हुने छौ भनि। रुद्रै तेज निकाली वक्सनुभयो तिनकै शरीर मा पनि ॥३५॥

सध्यामा जब रुद्र रुप त मिल्यो राम्री अति ती भईन्। ब्रह्मादि सवदेवता त्यहि थिए खुशी गराई लिईन्। राखे तीन् कन नाम् अरुन्धाती भनि ब्रह्मादि ले तिन कन। सप्तर्षि यहिं बस्दथे त्यास घरि खुशी गराई मन ॥३६॥

बस्दैमा तिनीता पतिब्रता भईन् राम्री हुनाले अति। साते सिद्ध महर्षिकी तित भईन पतिव्रता स्री अति। सिद्धि प्राप्त गरे पनि तिनी भईन् चञ्चल स्वरुप ले गरी। स्री कै पाप तनाश हुन्छ तिनको पूजा गरेका घरी ॥३७॥

शक्ति रुप तिनको हुँदा शिव पनि ब्रह्मा स्वरुपले त्याहाँ। सिद्धै हुन् तिनीता महर्षिहरु की पति ब्रता स्री महाँ। महाँ पातक दोष जान्छ तिनको पूजा गरेका घरी। स्त्रीजाति हरुमा त पूज्य तिनीछन् पतिव्रता ले गरी ॥३८॥

कश्यप सिद्ध महर्षिले तप गरे श्री शभ्भुको फेर अनि। जल मागै तप गर्दथे मुनी पनि सिद्धि मिलोस् लौ भनी। शिव शिव भनेर शब्द तिनको निक्लि रहन्थ्यो जहाँ। ईन्द्रादि सब देवताहरु सबै आई बसेथे त्याहाँ ॥३९॥

बालक एक थिए प्रशन्न मनका वत्साल्य नामै थियो। काश्यप कै सँगमा गएर तप ती गर्दा हुँदि तेज भो। साधु रुप भएर आउनु भयो श्री रुद्र दर्शन् मिल्यो। भक्ति ती दुईले गरे त्यस घरी आज्ञा प्रभुको भयो ॥४०॥

जल रुपले गरी पूर्ण साथ रहने नारायणै रुपले। वेदैले गरी यज्ञ पूर्ण त गरुन भक्ति र सत् भावले। नारायण रुप तात्यहि हुन गयो कश्यप मुनीको अनि। वत्साल्यै कन नामका तित भए नामै वसिष्ठै भनि ॥४१॥

ठूला सिद्ध महर्षि ति हुन गये नामै वसिष्ठै भयो। वेद यज्ञ गरेर ब्रह्मण भए वेदकै वचनले तयो। आकाश तेज र अग्नि वायु जल हो नारायणै रुपको। गायत्री र सरस्वती पनि सहित् गङ्गाजीको साथको ॥४२॥

रुद्रै रुप शिवको त यज्ञ बिचमा वेदादिमा साथ दिने। गायत्री सव शक्ति रुप
भई फेर सिद्धि गराई लिने। पुर्णै हुन्न अवश्य यज्ञ पनि फेर श्री रुद्र छैनन्
जहाँ। शिव पुजनता अवश्य गरनु पर्नेछ यज्ञै माहाँ ॥४३॥

ब्राह्मण का मुखबाट अमृत वचन सुन्दा ती नारद मुनी। गायत्री किन शक्ति
रुप भई थिन् भन्नु हवोस् यो भनि। यस्तो प्रश्न शुनेर नारदजीको ब्रह्माजी
भन्छन् त्याहाँ। थिए एक ठूला तपस्वी मुनी ती मेधावि भन्ने जहाँ ॥४४॥

गंङ्गाका तटमा वसी तप गरी श्री शम्भुको नाम जपि। ध्यानैमा रहि आयुपूर्ण
हुन गो निक्लिगयो तेज ती। सोहि तेजत शक्ति रुप हुनगो श्री शम्भुका
साथमा। नारायण रुप भै गयो प्रभुजीको श्री शक्तिकै हातमा ॥४५॥

लक्ष्मी रुप तपस्वीको हुन गयो कन्या अति तेजीली। गायत्री भनि नाम रह्यो
जगतमा शक्ति स्वरुप मा मिली। प्रातः काल महाँ तपस्वी मुनीको शिद्धि
गराई दिने। मध्याह्नै शिव शक्ति रुप भई फेर सन्ध्यामा लक्ष्मि हुने ॥४६॥

प्रातः कालमहाँ उठेर दिन दिन गायत्रीको जप गरी। ठूलो भो तपको प्रभाव
मीलला तन मन दिएका धरी। गायत्री जप मध्य दिन बिचमा जस्ले त
जप गर्दछन्। शक्ति रुप तिपाई बैरी हरुमा तिनले सहज् टार्दछन् ॥४७॥

सध्या जप जसलेत गर्दछ भने ऐश्वयै साली भयो। लक्ष्मि साथमहाँ बसे
सरह भो दुःखादि सारा गयो। गायत्री कन नामभो त्यस घरी त्रीकाल दर्शि
भनि। भक्ति प्रेम गरेर जप गरनु मिल्ने छ फल सब अनि ॥४८॥

नारायण सीत लक्ष्मि रुप हुन गो ऐश्वर्यकै साथमा। बास गर्ने तित लक्ष्मि हुन्
प्रभुजीकी ऐश्वर्य सब्यादिमा। सत् भाव भक्ति र ज्ञान साथ रहने सावित्रि
जानी लिनु। विद्यामा तप मा र ज्ञानहरुमा सरस्वती जाननु ॥४९॥

साथैमा यिनका सदा शिवजी छन् जप छन् तपस्वीहरु । ज्ञानैले गरी पूर्ण छन् यी सबजन जो जो भएका अरु । चन्द्रमा सीत रोहिणी हुन गईन् शान्ति जगत्मा दिने । ताराका सीतमा चराचर जगत् महर्षिहेरु हुने ॥५०॥

महर्षिहरु वेद मन्त्र विधिले यज्ञादि गर्दा छँदा । फल दिने पनि देवता सव यी हुन् पूजा गरुन् सर्वदा । सत्य त्रेता र द्वापरै कलीमहाँ घुम्दा चतुर्युग पनि । अग्निका रुपमा गएर यी सवै वस्छन् प्रकाशै बनी ॥५१॥

तिर्थादिहरुमा गएर जनले देवाधि दर्शन गरे । मन्त्रैका सरी देव मुर्ति हुन गो भक्ति स्वरुप छन् अरे । कर्मैले गरी शुद्धि मिल्दछ भने कर्मै ठूलो माननु । कर्मैता नगरी हुँदैन कहिल्यै सिद्धि कहाँ पाउनु ॥५२॥

ब्रह्माजि त्यहि भन्नु हुन्छ सुनिल्यौ नारद जी ऐले यहाँ । थिए एक वसन्त ऋतु त्यहिता राम्रो भएको माहाँ । राम्रो देखि श्री शम्भु मोहित भए ऋतु भएमा जसै । हामफाली कन जानु भो शिव पनि भाग्दो भयो त्यो तसै ॥५३॥

जाँदा त्यास् घरीमा गुफा अति ठूलो पर्वत् विचैमा थियो । पूजा स्वर्गकी अप्सरा गरी त्यहाँ श्री शम्भु दर्शन भयो । थियो एक अपूर्व लिङ्ग शिवको त्यही पुजी बस्दथीन् । बालक तिनकन साथमा दुई थिए तिनकै त साथ राख्दथिन् ॥५४॥

भुल्नु भो शिव धेर वसन्त ऋतुमा भन्दै ति सारा जन । कैलास बासी गए समुद्र तटमा आनन्द मानी कन । भोलानाथ गुफामाहाँ गई बसे तिनकै रहि साथ्माहाँ । शक्ति तिन कन धेर भयो र शिवले भन्नु भयो फेर त्यहाँ ॥५५॥

श्री जाति तिमी कामीनी हुन गयौ कर्मै धीकारले गरी । हिड्थ्यें मै पनि यो वसन्त ऋतुमा मग्नै भई यस घरी । सोहि रुप शितले त काम तिमी हौ तिम्रा यी पुत्रैहरु । क्रोध लोभ भएर यी अब बसुन् आत्मा विशेष सब अरु ॥५६॥

यस्तो प्रश्न सुनेर तिन् कन जउन चिन्दा भएछन् अनि । हाम्रै साथमाहाँ प्रभु शिव स्वयम् रैछन् अहिले भनि । थिए पुत्र समान एक तहिं फेर तिनले गरे पुजन । खुशी भै शिवले त वर दिनुभयो सम्पूर्ण जित्ने मन ॥५७॥

त्यस्तै त्यहि थिएत बालकहरु तिनले भने हे प्रभो । लोभी क्रोधी गरेर मागे वरदान दिनु भयो त्यै विभो । भएथे शिवको धिकार सँगमा भक्तहरु क्रोधित् । हुँदा छक्क परे सदा शिव त्यहाँ निक्ल्यो त्यहि आतित् ॥५८॥

भक्तै हेरु माहाँ गएर तिमीले मोहित् गराऊ भनि । मोहित् पार्नु अवश्य देव सवमा आशक्त होलान् अनि । तिनैले गई भक्ति भाव रसले मोहित गराई दिए । दुष्कर्मी हरुमा गएर तिनले क्रोधै बढाई दिए ॥५९॥

ब्रह्माले स्तुति यो गरे शिवजीको नाना प्रकार ले त यो । हे शम्भो शाशी शेखरै गुणनीधान कैलास बासी प्रभो । रक्षा सब जनको गरेर अहिले कामादि सृष्टि गरी । यज्ञादिहरुमा सदा त रहने भक्ति गरे का घरी ॥६०॥

वेदैमा रहदात वेदरुपी हों ब्रह्मण र साधु जन । सन्तान रुप भएर हिड्ने तिनमा सज्जनहरु जो छन् । सथैमा रहँदात देव गणमा बस्दा महाँ देव बनि । भन्छन् सवबजनहेरु ले यस घरी यज्ञादि कर्ता भनि ॥६१॥ (दोहा)

सृष्टि गरेउ धेर अवश्य ऐले । भुवार हर्नै कनलाई पैले । संहार रुपी भनि नेत्र तेज ॥हेर्दा तिनै नेत्र हुने अचेत ॥६१॥

ब्राह्मण र साधु हरुको मनैमा । बस्छौ प्रभु हे तिमी जाई तिनमा । काम क्रोध मोहै कन साथ लिने । भक्तैहरु मोहित मन विगार्ने ॥६२॥ (दोहा)

यस्ता रीत् सीतले गरे स्तुति त्याहाँ द्योताहरुले सब । भन्नु भो शिवले प्रशन्न म भए मागी लिए वर अव :। साथैमा सव देवतासँग बसी श्री विष्णु भन्छन् अनि । भुको भार उतार्नलाई भगवान् दिनु हवोस् वर पनि ॥६३॥

मागेथे जव विष्णु ले त्यस घरी आज्ञा शिवैको भयो। शक्ति साथ लिएर विष्णु तिमीले भुवार हर्नु तयो। देवता सव तिमी साथ रहलान भुवार हर्दा माहाँ। गर्लान रक्षक ता सबै मिलिकनै सम्पूर्ण लोकै माहाँ ॥६४॥

यस्ता वात शिवका सुनेर मुनीले विन्ति गरे फेर अरु। ब्रह्मा विष्णु र देवताहरु थिए महर्षि साराहरु। शिव शक्ति भनेर कुन रुप हो वरदान सवैमा दिने। भक्तै खातिरमा गएर तिनमा आशा पुऱ्याई लिने ॥६५॥

यस्तो वात सुनेर श्री शिवजीले भन्नु भयो हे मुनी। विष्णुका सँगमा त लक्ष्मि हुनुभो शक्ति स्वरुपी भनि। ब्रह्माका सँगमा सरस्वति हुनन् वेदमा गई बस्दछिन्। शक्ति रुप शीव शक्ति भई तिनी आनन्दमा मग्नछन् ॥६६॥

सोहि रुप हटेर पर्वतमाहाँ औतार धारी सति। पर्वत पुत्री भएर जन्मन गईन् शक्ति लिई फेर ती। शक्ति रुप ति हुन् अवश्य बुझील्यौ श्री शम्भु साथमा हुने। भक्तै खातिरमा गएर तिनले ऐश्वर्य सारा दिने ॥६७॥

भन्छन् ब्रह्म सुनेउ नारद मुने गङ्गार दुर्गामाहाँ। संसार शक्ति स्वरुपीणी भवगति जानीलिनुमन् माहाँ। दुर्गाका मुखबाट शक्ति मीलिगो निक्लिन् तिनी लौपनि। ब्रह्मा तेज बढ्यो तुरुन्त भवमा निद्रा भईन् कामीनी ॥६८॥

उत्पत्ति जलबाट लक्ष्मि जी भईन् पाउ परि बस्दछिन्। नारायण शिव शक्ति रुप बुझ्नु रक्षा गरी राख्दछिन्। हृदयै रुपकी सरस्वती भईन् पालन गरी लक्ष्मिले। शक्ति रुप भएर दुर्गाजी रहिन् भक्ति गरौं प्रेमले ॥६९॥

तिन शक्ति रुपबाट उत्पत्ति भयो सत्य रज तमको। ब्रह्मा विष्णु शिव तत्वमा मिलिगो रुप तिनमा देखियो। तिनै रुप त्यहि खडा हुनु भयो. ब्रह्मा र विष्णु शिव। आदर तिन कन देखियो त्यसघरी हेर्दा अति गौरब ॥७०॥

यिनकै रुप् सबमा चल्यो जगतमा् तिन् मुर्ति मुख्यै भए। विष्णु सत्य र ब्रह्मको रज भयो तमः शिवैमा दिए। तिनै रुप त देखि उत्पत्ति भयो माया तमो रुपले। मयाकै रुपमा चल्यो जगत यो प्राणी बसे प्रेमले ॥७१॥

ब्रह्माजी त्यहि भन्नुहुन्छ सुनिल्यौ नारद जी ऐले यहाँ। साधु रुप शिवको भयो शिव पनि सारा जगत् भर माहाँ। घुम्दा त्यो रुपले चरा चर जगत् ईन्द्रादि द्यौताहरु। गङ्गाका तिरमा गई तप गरे प्राणी थिए जो अरु ॥७२॥

सिद्धार्थै भनि नामका मुनी त एक समुद्र तटमा वसी। साधु रुप शिवलाई ति जनहरु आएर साथमा बसी। कर्मैले मनले र भक्ति रशले भक्ति गरे आखिर। बस्ता आदरले प्रशन्न हुनुभो सेवा गरे खातिर ॥७३॥

आज्ञा गर्नु भयो सदा शिवजीले हे भक्त ऐल यहाँ। वरदान मागीत लेउ आज तिमीले भक्ति गरेका माहाँ। यस्ता वात सुनेर सिद्ध मुनीले भन्छन् सदा शंकर। पूजा श्री शिवमा गरे त्यस घरी रक्षार्थका खातिर ॥७४॥

सारा रुप हरुमा त पुज्य रुप हो साधु स्वरुप को याहाँ। दर्शन सोहि स्वरुपको येहि भयो मेरा अगाडि माहाँ। वाहन् साथ प्रभो भनिकन त्यहाँ साष्टाङ्ग सेवागरी। सिद्धार्थै गई पाउमा त्यहि परे भक्तिमा नै धरी ॥७५॥

आज्ञा भो शिवले प्रशन्न म भएँ वर मागी लेउ भनि। मागे ति मुनिले प्रशन्न मनले भक्ति दिनु होस् भनि। भक्तिका सँगमा त शक्ति प्रभुको पाउँ प्रभो दर्शन। सेवामा प्रभुको सदा गरी बसुँ भन्ने छ मेरो मन ॥७६॥

ईच्छा पूर्ण अवश्य हुन्छ सुनीलेउ तिम्रो तिनै लोक भरी। पर्वत नाम भएर बस्नु अवलौ वरदान भो यस घरी। सोहि वर शिव देखिता जव मिल्यो ब्रह्माजीका मनमाहाँ। तेजै निक्लीगयो र शान्त रुपको निक्लिन त कन्या त्यहाँ ॥७७॥

ब्रह्माले पनि ल्याई साथ दिनुभो पात्नी गराउँ भनि। राखे नाम त मेनका पनि जउन पन्ति गराए पनि। सोहि रुप शिव शक्तिको शति थिईन् अन्त्यै भएथ्यो जसै। पुत्री पार्वति भै जनम त्यहिलीईन जन्मीन शति फेर तसै ॥७८॥

प्रेमले शिवको त नाम मनमा जप्तै सतिले त्याहाँ। हाम फालीकन प्राण त्यागी दिनुभो दक्षैजीको यज्ञमा। निक्ल्यो आत्मस्वरुपी ती सतिजीको ठूलो तपस्या थियो। पूर्णै खातिर शक्ति रुप त्यहि हो श्री पार्वतिको त यो ॥७९॥

भन्छन् नारद हे पीता मह त्याहाँ कुन कर्मकस्तो भयो। दक्षैमा विरणी ती दुइ्ड विचमा कुन पुत्रको नामै रह्यो। गर्भीणी विरणी भईन जब अनि मैना दशै पूर्ण भो। जन्म्यो बालक एक नाम त्यसको हर्यस्व नै राख्नुभयो ॥८०॥

हर्यस्वै कन जन्मीएर दिन दिनै बढ्दै गएथे जब। पशुरुप ति दक्ष भन्छन् अहो हे पुत्र ऐले सब। गर्नु पूर्ण कुलै गएर अहिले विवाह लौ यस घरी। जन्माउ तिमी योग्य सन्तातिं ठूला सम्पूर्ण सेखी हरी ॥८१॥

हर्यस्वयैकन जाई जंगलमाहाँ सम्भोग भो वाखीमा। जन्म्यो पुत्र ति वाखीमा अनि त्याहाँ त्यसै बढ्यो छागमा। छागैमा त्यहि वंश बढ्न पनि गो दक्षादिमा पीर पर्यो। पशु रुप त सन्तति हुन गए आखीरमा पीर परयो ॥८२॥

नाग कन्या सीतमा त जन्म नगए देवादि देवी गुण। द्यौताहेरु खुशी भए त्यस घरी पाए सबैले गण। छागैले पछी जाई शक्ति शिवको ठूलो तपस्या गरे। दर्शन श्री शिवको मिल्यो वरुण रुप छागादि छक्कै परे ॥८३॥

छक्याए शिवले भनेर ति सबै बाखा र वोकाहरु। मुत्तै तुर्तुर घुम्दथे शिवमहाँ आएर धेरै अरु। भन्नुभो शिवले अनादर भयो द्यौतादिले भोग लिनन्। मंश मांश भोजन। यज्ञ पीतृहरूमा द्यौताहरु खुशहुन्न ॥८४॥

द्यौताहेरु महा त तेज बढ्ने मासादि खाए हुँदि । बल शक्ति पनि मिल्छ
पीतृ हरु फेर खुशी रहन्छन् अति । देवी कार्यमाहाँ र पितृहरुमा मिष्ठान्न
मांशादिले । जस्ले पुजन गर्छ भक्ति मिल्ला आषिश तिनैले दिए ॥८५॥

मिष्ठान्नै रुपले चराचर जगत् स्वादिष्ट नैवेद्य भनि । सापत्नै कन मातृपुत्र ति
भए छागादि भन्ने अनि । दिए वर शिवले अनादर हुदा अन्त्यै भएका घरी ।
द्यौताका गई साथमा तिमीहरु मुक्ति हुने छौ मरि ॥८६॥

भन्छन् नारद हे पीतामह अरु दक्षादिको वर्णन । गर्नु होस् प्रभु हे हजुर अहिले
सुन्ने छ मेरो मन । यस्ता वात सुनेर दारदजीका ब्रह्माजी भन्छन् त्याहाँ ।
तिन्कै साथ म हाँत फेर अरु धेर कन्या भएछन् वाहाँ ॥८७॥

दश कन्या कन धर्मलाई र अरु कास्यप र अत्रि महाँ । तिनैबाट बढ्यो
चराचर जगत् ब्रह्माजीका साथ माहाँ । मंगल रुप चराचरै जगत्भो महर्षि
सारा भए । शक्तिरुप भएर जन्म नगए देवाधी खुशी भए ॥८८॥

फेर दक्ष पतीकार साथ विरणी साथमा सबै देवता । सृष्टि भो सव देवता
गणहरु खुशी भए देवता । त्यहिँ श्री जगदम्बीका भगवती दुर्गा भवानी पनि ।
आई ति सबलाई दर्शन दिईन् शक्ति स्वरुपी बनी ॥८९॥

देवीमा सव देवता मीलि गए ब्रह्माजी खुशी भए । शक्ति रुप सव देवता गण
भए ईन्द्रा सनैमा गए । स्वर्गैमा गई वाद्य बादन बज्यो पुस्पादि बर्षा भयो ।
भोला शंकर शक्तिको जय भनि ईन्द्रादिमा सुनियो ॥९०॥

पर्वतमा दश पुत्री दि कन गए द्यौताहरुले जसै । थियो पर्वतमा त अमृत घडा
क्वै एक रहेको तसै । घडा अमृतको जलै जब परयो ति देव कन्या माहाँ ।
स्तनमा दुध बग्यो सबै खुशी भए बालक र बृद्धा वाहाँ ॥९१॥ (दोहा)

पाए सबैले स्तन पान गर्न । लागे सबै स्त्री पनि गीन्ती गर्न । मातृ सबै भैकन
साथमाहाँ । दुधपान गर्ने कन आज याहाँ ॥९१॥

बच्चादि पुत्रादिहरु तिनैले । पालन र पोषण सबलाई तिनले । प्रेमै बढाईकन
सृष्टि गर्ने । ऐश्वर्य धेरै कन भोग गर्ने ॥९२॥ (दोहा)

सारा वैनिहरु विवाह गरी फेर सति रहीन् दक्षमा । वस्थे क्वै दिनमात सोधनी
गरे खुशी भइन् साथमा । हे शति तिमी जान्दछेउ सबमहाँ बैनि र ज्वाईहरु ।
आफ् आफ्ना घरमा गए सवजना ईन्द्रादि द्यौताहरु ॥९३॥

तिमी छौ अहिले विवाह नगरी साथमा बसेकी यहाँ । पुरुष कस्तो भए
विवाह गरने ईच्छा छ जो मनमाहाँ । यस्ता वात सुनेर दक्षपतिका भन्छीन्
सति फेर अनि । सर्वेश्वर जगदिश्वरै यदि भए गर्थे विवाहै भनि ॥९४॥

भन्छन् दक्षजी आश्वीनै छ महिना श्री शुक्ल पक्षै महा । नन्दा तिथी महाँ त
पुजन गरे गुण चामलै ले त्याहाँ । नुनैले सहितै त पुजन गरुन् हे शक्ति तिम्ले
अरु । कार्तिक शुक्लमहाँ खीरै सहितले पुजादि गर्नेहरु ॥९५॥

नारायण रुप शक्तिको यी चीजले पूजादि जो गर्दछन् । दश वर्षै तक भो
तपस्या तिनको फल भोग तिनै गर्दछन् । हेशति तिमी जानीलेउ यसमा
माहात्म्य ठूलो छर । शक्ति रुप तिमी जानी लेउ यसमा पूजा गरे आदर ॥९६॥

पीताका सब बात सुनेर ति सति पुजादि गर्ने भनि । लागीन् ति सवमा
रहेर शतिले पुर्णै गरुली भनि । तन मन भक्ति दिई प्रशन्न मनले पुजा सदा
गर्दथिन् । सोहि भक्ति स्वरुप विष्णु भगवान् दर्शन तिनैले गरिन् ॥९७॥

क्रोधैले सव नास गर्ने पनि हो त्यै क्रोध देखीन् पिता । क्रोधी श्री शीव
देखि दक्ष नृपको कारण थियो फेर ता । थियो शक्ति स्वरुप ति सति जीमा
भक्ति तपस्यै सरी । आउनु भो शिव शक्ति विष्णु भगवान् मायाजीको
रुपधरी ॥९८॥

माया रुप शतिमा थियो त्यस घरी श्री विष्णुलाई भनि। दिए दक्ष प्रजापति खुशी हुँदै पुत्री सतिजी पनि। माया रुप निकाली दक्ष पतिमा दिदा सति फेर त्याहाँ। सम्भुमा ति सति परीन् त्यसघरी शक्ति हुदामा वाहाँ ॥९९॥

देवताहरु सवमिली त्यसघरी स्तुति गरे विष्णुको। विष्णु रुपमहाँ त दर्शनमिल्यो श्री शम्भुको शक्तिको। देखेथे सव देवता र जनले मालिक यिनै हुन् भनि। भन्छन् सव ऋषिहेरु लौ यिनी त हुन् चौधै भुवनका धनि ॥१००॥

मारे दुष्टहरु यिनै कन सति श्री विष्णुले फेर कति। पृथ्वी मा जति भार बद्छन् जउन श्री रुद्र हुन्छन् त्यति। भक्ति रुपत सत्य रुप शिवको नामै मिली रुद्र भो। रुद्र रुपत शक्ति साथ रहने श्री शम्भुको रुप भो ॥१०१॥

यस्ता वात गरेर ब्रह्म शिवमा भक्ति गरी प्रेमले। रक्षा गर्नु हवोस् सदा शिव भनि आनन्द भै हर्षले। विवाहादि गरेर शक्ति लिनुभो नामै सति हुन तिनी। क्रोधैले गरी नास हुन्छ जनता संहार हुन्छन् पनि ॥१०२॥

सृष्टि गर्न भनेर विष्णु भगवान् औतार नाना थरी। घुम्थे क्वै दिन एक पर्वत थियो पुगे ठुलो बेग गरी। उच्च पर्वत माथी विष्णु भगवान् बस्नै अगाडी सरे। पर्वतमा पनि लक्ष्मी रुप तिनले देखेर छक्कै परे ॥१०३॥

आईन् लक्ष्मि भनेर विष्णु भगवान् हेर्दै रहे लौ त्यहाँ। विष्णुमा तव तेज निक्लन गयो मिल्योत पर्वत् महाँ। पर्वतबाट अगम्य रुप विरको उत्पत्ति त्यहाँ भयो। ब्रह्मा विष्णु महेश रुप तिनको तिनकै अगाडि गयो ॥१०४॥

लक्ष्मिले पनि आई दर्शन गरीन् नारायणै हुन् भनि। लक्ष्मिमा पनि दुई रुप हुनगो सरस्वती लौ भनि। माता पृथीवि आई दर्शन गरीन् थिए त्याहाँ देवता। आज्ञाभो शिवले सरस्वति गईन् ब्रह्माजीका साथ ता ॥१०५॥

राज् गर्नु तिमीले त पर्वतमाहाँ मेरा हीतैले गरी । हीमाल पर्वत राज् भनि सकलले गाउने छन् लोक भरि । यस्ता वात शिव काशुनेरतिनले दर्शन प्रभुको गरे । पाउला मईले तथापि शिवको आज्ञा शिरोपर धरे ॥१०६॥

भन्नुभो शिवले चराचर जगत् सब देखि मालिक भई । पर्वत राज भनि नाम चलेर सवमा बस्नु तिमीले यई । विष्णुको जहाँ सम्म सृष्टि रहलान् सब देवि द्यौताहरु । तिम्रा पर्वतमा सदाति रहलान् आनन्द होला अरु ॥१०७॥

वरदान पर्वत राजलाई दिई फेर लैजाउ सावित्री ता । ब्रह्मालाई पनि विदा गरी दिए लक्ष्मि र श्री विष्णु ता । भन्छन् पर्वत राजलाई अहिले श्री रुद्र एक्ला भए । छैनन् स्त्री यीनका गरुँ अवकसोपर्वत तिमीलौ रए ॥१०८॥

ब्रह्माजी त्यहि भन्नु हुन्छ जनमा शति जी का कर्मको । पूजा शक्ति र ज्ञान धर्महरुको पूजादिको प्रेमको । आश्विन शुक्लकी अष्टमी दिनमाहाँ श्री शम्भु को पुजन । गर्थिन् ति सतिलेत प्रेम रुपले भक्ति गरी दर्शन ॥१०९॥

आश्विन शुक्लकी अष्टमी ब्रत गरी नवमकिै दिन्माहाँ । शक्ति रुप र ध्यान दर्शन मिल्यो आनन्द भो मन माहाँ । पाई दर्शन शम्भुको ति मनमा आनन्द मान्दै सति । हाँसी मुख र प्रेम नेत्र गरदै खुशी भईथिन् अति ॥११०॥

भन्छिन् लौ शिव हे प्रभो हजुरकी दासी भई बस्दछु । विवाहादि गरेर साथ लिनुहोस् पत्नि भई बस्दछु । पिता दक्षजीका त साथ अहिले मागी लिनु होस् भनि । भन्छिन् ति शतिले तयौ वन भए राखे पीताले अनि ॥१११॥

पालन पोषण गर्नलाई यिनले राखी रहेछन् यहाँ । थिए वैनीहरु सवै घर गए आनन्द छन् ति वाहाँ । स्त्रीको सुन्दर रुप नै पुरुष हो भन्छन् ति द्यौताहरु । मेरा साथ हजुर भैकन रहे आनन्द हुन्थे अरु ॥११२॥

यस्ता बात सुनेर ति शिवजीले वर दान सतिमा दिई। कैलास तर्फ गए सदा शिव पनि नन्दीर भृङ्गीलिई। ब्रह्माका पनि छन सीजाति भवमा श्री विष्णुका लक्ष्मी छन्। मेरा साथमाहाँ स्त्रीजाति नहुँदा स्वर्गादिमा छन् जउन् ॥११३॥

दक्ष कन्या सतित वाँकी पनि छन् भक्तित मैमा गरी । बस्दैछन् तिनका त साथ अहिले जानु पर्यो त्यस घरी । वरदान तिनकन पारी पुर्ण गरुँला देवाधीहेरुपनि। खुशी भैरहलान् सदातिनीहरु आनन्द होला पनि ॥११४॥

भन्छन् नारद हे प्रभो हजुरले विस्तार गर्नोस् अरु। भोला शंकरले त कुन रुपलिई जानु भएको अरु। नारदका यी वचन सुनेर प्रभुले ब्रह्माजी भन्छन् त्याहाँ। हे नारद तिमीलाई भन्छु सबलौ सुन्दै रहुलौ यहाँ ॥११५॥

साधु रुप लिएर जानु पनि भो डम्फु र त्रीशुल लिई। दक्षैका दुई दम्पत्ति पनि थिए आनन्द मनमा लिई। भिक्षा मागी दिंदा ति शम्भु रुपको दर्शन त तिनले गरे। मागे पुत्री भनेरबोल्न नसकी एकछिन् त छक्कै परे ॥११६॥ (दोहा)

गाली गरी कन कठोर वचन गरेर। विदा दिए शिवजीलाई र उत्तीखेर ॥ वैकुण्ठ नाथ प्रभुको पनि नाम लिए । श्री विष्णुलाई शिवले सब बात सुनाए ॥११७॥

आएर विष्णु भगवान कन मागी लिंदा। दिए शतिकन पनि त श्री विष्णु आउँदा। दक्षैले पनि विष्णुलाई अहिले सति दिएँलौ भनि। चैत्र मासकी शुक्ल पक्ष अनि फेर त्रयोदसी मा पनि ॥ पूर्व फाल्गुणी को नक्षेत्र हुनगो वारमा रवि नै थियो। योगमा अमृत नै थियो त्यसघरी लग्ना दिमा वृष यो ॥११८॥ (दोहा)

यस्तो औसर पारी जाई प्रभुले कन्यालिने साईत। पूर्णै पारी गराई दान तिनमा ठुलो गरे साईत। चैत्र कुक्ल त्रयोदशी तिथी भयो श्री शम्भुको शक्ति को। शम्भुको अनि शक्तिको विवाह हुनगो माया बढो प्रेमको ॥११९॥

दिए दान त विष्णुलाई तिनले ति दक्षले हातमा। माग्दै जुन रुपले त जानु भएथ्यो वस्नु भयो साथमा। माया साथ लिएर विष्णु भगवान कर्मै गराई कन। दिनु भो शिवलाई तिल कुश जौ कन्या गराईकन ॥१२०॥

सारा देव मिलेर कीर्तन गरे कैलास वासी शिव। साधुकै रुपले त दान लिनुभो भक्ति स्वरुपी शिव। कैलासमा शिवजी गए अनि पछी सति लिई साथमाहाँ। कैलास दर्शन पाई ति सति रहिन् भक्ति गरी मन् माहाँ ॥१२१॥

कैलास वासी सवै जना खुशी भए माता यिनै हुन् भनि। पुग्नुभो त्यहि विष्णु लक्ष्मि र अनि ईन्द्रादि द्यौता पनि। भन्छन् ति सव देवताहरु मिलि श्री विष्णु भन्छन् प्रभो। हे शम्भो करुणा नीधान भगवान् हे देवता का विभो ॥१२२॥

पीता हौ सवदेवता मा तिमीता माता शति जी भनि। दैवाधीन छ कर्मयोग सवमा बस्छौ तिमी गै अनि। संसार भोग गरेर सागरहरु लिने जटाजुट्माहाँ। सारा गणहरुलाई साथ लिईंदा आनन्द बस्छौ जहाँ ॥१२३॥

विष्णुको स्तुतियो सुनेर भगवान आनन्द मानीकन। तिम्रो आदरले शति तव मिलिन् हे विष्णु भन्छन् जुन। कर्मैले गरी बाँधी लिन्छ अहिले दक्षादिलाई पनि। सोहि बन्धन कर्मको गरी लियौं हे विष्णु त्यहाँ भनि ।१२४॥

भन्छन् नारद हे पीतामह याहाँ श्री शम्भुको वर्णन। कैलास वासी प्रभो हजुर सतिमा भन्छु सबै वर्णन। देवादिहरुमात आदर दिई कैलाश वासी शिव। ईन्द्रादिहरुलाई आदर गरी विदा गराए सव ॥१२५॥

महर्षिहरुले पनि स्तुति गरे माता पिता हौ भनि। शक्ति रुप शति भनेर सबले भन्दाभयेथे पनि। गन्धर्वै सव आई दर्शन गरे कीर्तन भएथ्यो जसै। नाच गान सुनेर मग्न हुनुभो शति र शम्भु तसै ॥१२६॥

कैलासमा शिव गण थिए जति सबै आएर दर्शन गरे। साक्षात् श्री शिव शक्तिका कन सबै आई शरणमा परे। आज्ञाभो शिवले सबैजनहरु कैलास रक्षा गरी। वस्नु लौ तिमीहेरुले सव मिलि आनन्दले यस घरी ॥ १२७ ॥

भक्तै जनहरु साथमा लिई यहाँ तिम्रै भई रक्षक। गर्नेछु म सवै ति साधुजनको ब्रह्मादिकै रक्षक। सारागणहरु साथमा लिई सदा हिड्ने र डुल्ने गरी। संसार रुप शिवको भनेर बुझ्नु भक्ति गरे राम्ररी ॥१२८॥

भन्छन् ब्रह्म अनि ति नारद सुनेउ श्री शम्भुको वर्णन। सारा मंगलका चरित्र अवती भन्छु तिमी लौ सनु। शति साथमाहाँ लिएर शिवजी पहाड पर्वतहरु। घुम्थे तिरमणै गरेर ति दुवै ठुला ति जंगलहरु ॥१२९॥

जंगलका फलफूल टिपीकनता लाउने र खाने गरी। फुलमाला दुइले त आपसमाहाँ लाएर हिड्थे हरी। फुलमाती भ्रमराहरु खुशी हुनु सोहि बमोजिम गरी। नागको माला र वाघ छाला ति दुवै लाएर खुशी गरी ॥१३०॥

थिए जंगलमा जनावरहरु आनन्द बस्थे जसै। माता पिता ई साथमा हामीतछौं भन्थे खुशी भै तसै। मन्द स्वर आवाज मन्द सवको कीर्तन प्रभुको गरी। सवमा आदर दिरहे शिव पनि आनन्द ले त्यस घरी ॥१३१॥

जलका सव जल जन्तुले पनि सदा कीर्तन गरेको सुनी। भन्छीन ति शति जी अपार यिनको भक्ति ठुलो भो भनि। कैलासमा जति भक्तजनहरु थिए नी स्तेज होलान् सव। भन्दै ति सति पाउमा तब परिन् मानी ठुलो गौरव ॥१३२॥

शिवका सति साथमा त रहदि उत्कच भनि नामको। आयो हर्षण नै कठोर मनले सति महाँ मन गयो। गङ्गास्नान गरेर आउँछु भनि सति गईथिन् जसै। आयो ऊकचनै म खान्छु भनिफेर मुखवाई तेस्ले तसै ॥१३३॥

रीसले चूर्ण भएर ति सतिजिले मार्छु भनि राक्षस। लागीन लड्न अनि त्यसै सीत त्याहाँ पार्ला भनि भक्षस। धेरै बेर भयो भनी शिव पनि जानु भयो त्यसघरी। देख्नुभो शिवले त दानवकनै लड्ने गरी बेसरी ॥१३४॥

त्रिशुल लि कन हान्नलाई भगवान् लाग्नु भएथ्यो जसै। देख्यो उत्कचले र ई दुईजनै खान्छु भनि झट तसै। ठूलो रुप धरेर झम्टन गयो भोगादिकै तेजले। देखे श्री शिवले र मेघहरुले दानव ठूलो वेगले ॥१३५॥

त्यो देखिकन आत्ति दैसति रहिन् मार्ने भयो लौ याहाँ। सारा बालक प्राणीलाई त्यसले खाएर हिड्थ्यो त्याहाँ। जान्नुभो शिवले पनि त्यसघरी सारा अँध्यारो भयो। भूत प्रेत र डंकीनी सव त्याहाँ आए सबै देखियो ॥१३६॥

रुद्रै रुप शिव देखि आदर गरी अग्नि खडा भै गए। सोहि अग्नि गएर दानव माहाँ सारा डडाई दिए। सोहि कर्म गरेर भस्म हुनगो दानव मरेथ्यो त्याहाँ। सारा जनहरुता खुशी हुन गए श्री शम्भुकै साथमाहाँ ॥१३७॥

भन्छन् देवहरु मिलेर खुशी भै रक्षा सतिको गरेउ। जंगलका जति प्राणीथे ति सवको संकष्ठसारा हरेउ। भुको भार थियो सवै जनहरु त्रसित थिए यस घरी। शान्ति यो सवको गराई अहिले उद्धार गरेउ यस घरी ॥१३८॥ (दोहा)

तमो गुणैले गरी अग्निलाई। दाहै गरी मारी दियौं जलाई। हरण गरेरै कन देवतामा। साधु स्वरुप भै कन साधु जनमा ॥१३९॥

लीला अनेकन गरी आई ऐले। मारी दियौ उत्कचलाई ऐले। भक्ति र प्रेममा गई बास गर्ने। सत् भक्तिमा गै कन बास गर्ने ॥१४०॥

यज्ञादि नाना थरी जाई पैले। नाशी दिने दानवलाई ऐले। सस्रादिले नै पनि मार्न सक्थ्यौ। अग्नि स्वरुपले गरी मृत्यु गर्दथ्यौ ॥१४१॥

सर्वेश्वरै मंगलका धी नाथ । रक्षा गरेउ लौ कन एक सथा । भन्दा खुशी
भैकन श्री शिवैले । विदा दिए सवजनलाई पैले । शतिलीई कैलासमा
गएका । कैलासवासी–हरुमा रमेका ।।१४२।। (दोहा)

भन्छन् नारद हे प्रभो हजुरमा श्री शम्भु को प्रेमको । शतिमा कति सम्म प्रेम
हुनगो जीवीत कहाँ तक भयो । विवाहै सव दक्ष पुत्री हुनगो सतित वीस
वर्षकी । एकाई वर्ष र चार मास बित्दा विवाह भैगो पछि ।।१४३।।

सत्ताईस वर्ष त कै रमण हुन गयो तीन बर्ष कैलासमा । बस्दैमा बिति गै गयो
अनि पछि भक्ति र प्रेम भावमा । सति थिन तिस वर्षकी त्यसघरी पुत्रेष्ठि
गर्छु भनि । लागे दक्ष र पत्नि ति दुई जनै यज्ञादि गर्छु भनि ।।१४४।।

सारा छोरी र ज्वाइँलाई नीमता दिए ति ऐले गई । डाकेनन् शिव शक्तिलाई
पनि फेर कुबुद्धि मनमा भई । दक्षैले गरी यज्ञ पूर्ण गरुला भन्ने बडो भावले ।
मुनी आई यथार्थ वर्णन गरे शति रहिन् प्रेमले ।।१४५।।

सोहि यज्ञ गएर हेर्दछु भनि सति गईथिन् त्याहाँ । निन्दा भो शिवको अघोर
त्यसमा हाम फालिथिन् लौ वाहाँ । तिसै बर्ष महाँत आयु सकिँदा प्राणै पनि
गै गयो । पर्वत पुत्री भएर जन्मन गईन नाम पार्वति भै गयो ।।१४६।।

रानी हुन तिनीता हिमालय जी की श्री मेनका नामकी । भक्ति श्री शिवको
गरेर रहने भक्ति र प्रेमभावकी ।।१४७।।

जन्मिन् तिनकन जाई ति शति जउन शक्ति ठुलो भैगयो । खेल्दामा संगीमा
सदा शिव भनि हिड्थीन सदा नामयो । सीता रावणले हरेछ त्यसमा श्री
पार्वति थिन् जहाँ । आए राम पनि विलाप गर्दै खोज्नै भनि वनमाहाँ ।।१४८।।

सोहि औसरमात पार्वति जीले देखिन् र डाकी लिईन् । दुःखी राम थिए त
थापी तिनीले ज्ञानै त यस्तो दिईन् । भन्नुहोस् शिवलाई शक्ति मिलला मर्नेछ
रावण पनि । साथ देलान् सवले तथापी त्यसमा होला सुकीर्ति अनि ।।१४९।।

श्री राम चन्द्रजीले तथापी त्यसमा श्रीपार्वति साथमा । भन्नुभो सुनीलेउ देवी तिमीले श्री विश्वकर्मा जीमा । विन्ति श्री शीवको गरे त्यसघरी श्री विश्वकर्मा जीले। गौसाल पूर्ण बनाई दे र अनि फेर सिंहा सनै पो दिए ॥१५०॥

सिंहा सन शिवलाई भो त्यस घरी वीनायकै छत्र भो । विश्वकर्मा जीले वनाई त्यसमा देवाधीमा हर्ष भो । सिंहासन पनि हेर्नलायक थियो त्यस्तै थियो छत्रता ईन्द्रादि सब देवता र ऋषीगण आए भयो एकता ॥१५१॥

सारा देवहरु मिलि स्तुति गरे ईश्वर तिमी हौ भनि। वरदान भो सव देवतामा शिवको रक्षा म गर्छु भनि। बस्नुभो शिव जाई त्यस घरि अनि सिंहा सनैमा गई। शक्ति रुप शिवमा प्रकट हुन गयो देखे सबैले यहि ॥१५२॥

सोहि रुप त प्रष्ट देख्दछु यहाँ हे पार्वति लौ सुन। भक्ति श्री शिवको गरेर रहने कस्ती तिमी हौ भन। यस्ता वात रघुनाथका सुनीसकी भन्छीन् ति देवी पनि। पर्वत पुत्री भएर आई अहिले गर्छु तपस्या भनि ॥१५३॥

कैले दर्शन पाउँला शिवजीको भन्दै तपस्या गरी। गर्दै छु शिव पुजनादि अहिले हे राम लौ यसघरी। आज्ञा पार्वतिको सुनेर रघुनाथ भन्छन् अगाडि सरी। पूजा श्रावणमास देखि गर्नु भक्ति गरि राम्ररी ॥१५४॥

भाद्रै मासकी शुक्ल त्रितीया माहाँ पुजा विधान ले गरे। पूर्णै गर्नु अवश्य मिल्छ प्रभुको दर्शन त यस्तो परे। श्री रामको करुणा भएर त्यसमा श्री पार्वतिले पनि। श्रावण मासकी सोमबार शिवको पूजा म गर्छु भनि ॥१५५॥

लागीन् गर्न कठोर रुप सितले तपकै विधानले गरी। सोहि रुप सीतले त दर्शन मिल्यो आउनु भएथ्यो हरी। तपको रुप शिवमा प्रकट हुन गयो श्री पार्वति छन् जहाँ। आउनुभो शिव त्यहि दर्शन मिल्यो खुशी भईन मनमाहाँ ॥१५६॥

भन्नुभो शिवले श्री पार्वती जीमा वरदान ले उ भनि । मागीन् वर पति
वक्सनोस् हजुर नै ईच्छा छ मेरो पनि। यस्ता वात शिवले सुनेर त्यसमा लौ
हुन्छ भन्नु भयो। खुशी पार्वति थ्यै गराई शिवजी कैलास जानु भयो ॥१५७॥

कैलासमा सवदेवताहरु थिए नन्दीर भृङ्गि पनि। सुने सव तिनीहरुले खवर
यो आईन् सतिनै भनि। सम्झन्थे तिनीहरुले सकल हाल ति दक्षको नै सब।
सति हुन् पहिला जन महुँ ति माह्वाँ श्री पार्वति हुन् अब ॥१५८॥

दक्षैले रीसले त निन्दा गरदा यज्ञादिका माझमा। हाम फालीकन प्राण त्यागी
तिनीले औतार धारीन यहाँ। यस्ता वात सुनेर नारद पनि ब्रह्माजीका साथ
माहाँ। के कारण रीश भो ति दक्ष शिवको भन्नु हवोस् त्यो यहाँ ॥१५९॥

यस्तो प्रश्न सुनेर ब्रह्म खुशीको भन्छन् अगाडि सरी । थियो एक सभा र
देव विचको आए सवै त्यस घरी। पृथ्वीमा जति देवता र ऋषी गण सम्पूर्ण
जम्मा भए। सबले दक्षजीलाई पीतृ रुपले दर्शन ति गर्दा भए ॥१६०॥

आउनु भो शिव त्यहि त्यस बखतमा आशन त आफ्नो लिई । दर्शन श्री
शिवको गरे सकलले तन् मन् र भक्तिदिइ । उठेनन् पनि दक्ष दर्शन भनि
उठ्तैउठेनन् शिव। रीसभो आपसमा ति दुई जनमा श्रापादि भैगो तब ॥१६१॥

सारा जनहरुमा तथापि सब हाल बुझेर आपसमा। के होला यीनको त क्रोध
गतिले आएर ऐले यहाँ । यस्ता वात हुँदै थियो त्यस घरी उठेर दक्षै तब ।
चिन्ता केहि नलेउ सवजनहरु दिनेछु श्रापै अब ॥१६२॥

आजै देखि त यज्ञको फल पनि पाउन्न यस्ले अब । म सान रुप भएर
हिड्दछ सदा मसान नै होस् अब । ब्राह्मण निन्दीत वेद नीन्दीत गरी कर्मै
विशे क्रोधित। श्रापै यस रीतको दिएँ यस घरी भोगोस् भई प्रेरीत ॥१६३॥

यस्तो श्राप सुनेर श्री शिवजीता कालाग्नि जस्ता भए। दियो श्राप अलिहे मलाई यसले श्रापै त दिदा भए। पशुतुल्य भएर बाँच्नु त परोस दुर्भाग्यकै कारण। पाखाण्डि सीतको त बास गरनु पर्नेछ लौ यस्कन ॥१६४॥

जुनरुप होस भनेर श्राप दिई थिस त्यै रुपले मारुला। यो श्रापै सीताको अवस्य फल त्यो त्यसै वखत् पारुलाँ। यस्तो आपसमा थियो र दुईको अन्तिम उस्तै भयो। क्रोधैले गरी यस घरी सकलमा दुर्भाग्य उस्तै भयो ॥१६५॥

यज्ञ नाम लिएर नास गरने यज्ञादिको कर्मले। शति रुप तब काल भैकन रहिन् पीत्रादिकै धर्मले। सोहि रुप विशे चराचर जगत् पालन गरेको पनि। संहारै शिवले सवै गरिदिए कर्तव्य आफ्नो भनि ॥१६६॥

सोहि औसरले तथापी त्यसमा तिर्थादिको दर्शन। यज्ञै शक्ति लिएर दर्शन गरुन् सम्पूर्ण भक्ति जन। थिए यज्ञ विशे वडा ऋषीहरु यज्ञादि कै खातिर। आएथे सवती तथापी जनसव् यज्ञादि कै खातिर ॥१६७॥

भक्ति रुप तब सत्य यज्ञ हुनगो यज्ञादि कै रुपले। मारे दक्ष प्रजापति त शिवले पत्नि वियोग तेजले। सोहि रुप लिई चराचर जगत् घुमेर नाना थरि। सारा देवस्थलै वनाई दिनु भो दुःखादिमा नै परि ॥१६८॥

दुःखै दुःखमहाँ सदा शिव रहे यज्ञादि त्यागी दिँदा। सारा देव र ब्रह्माणदिहरुले पत्नि वियोगी हुँदा। त्याग्नु हुन्न कदापि भक्तजनले ब्राह्मण र साधु जन। सत बुद्धि पनि दिन्छ पूर्ण यसले जानी लिनु तत्क्षण ॥१६९॥

पत्निको सुखमा पति जति ठूलो हौवैन कैल्यै कहिं। सोहि रुपसीतमा प्रकट हुन गयो ब्रह्मादि सारा त्यहिं। प्राणै त्यागी दिनु कठोर हुनगो यज्ञादिकै माझमा। सारा प्राणहरु खिचेर रहँदा सव यज्ञकै साथमा ॥१७०॥

कर्मैले गरी पूर्ण हुन्छ बुझ्नु ज्ञान मिल्छ सत् भक्तिले। ज्ञानी जन तब श्रेष्ठ
हुन्छ बुझिल्यौ ज्ञानी ठुलो प्रेमले। सोहि रुप शिव निन्दा भै कन सति प्राणै
समेत त्यागदिइन्। हाहाकार भयो सबै ति जनमा बाटो सतिले लिइन् ॥१७१॥

आकास बाँणी भयो उसै वखतमा हे दक्ष पापी भनि। मारीस पुत्री अवश्य
हेर तँईले मर्लासतँ पापी पनि। माता श्री जगदम्बीका सति थिईन् शक्ति
स्वरुपी यहाँ। धर्मै स्थापन गर्नलाई अहिले औतार धारीमाहाँ ॥१७२॥

दाहै ति सति देवीको हुन गयो प्राणैत निक्लीगयो। शिव रुप त अग्निमात
रहँदा आधार त्यैनै भयो। विष्णुले गरी साथमा लिनु भयो श्री दक्षलाई त्यहाँ।
विर भद्र स्वरुप रुद्र रुपले आएर घेर्दा माहाँ ॥१७३॥

भन्छन् नारद दक्षले जव सुने आकाश वाँणी सवः। दक्षैका सब गण भृगु
मुनीजिका मन्त्रादिकै गौरबः। भृगु मन्त्र अवश्य तेज सबमा शक्ति स्वरुपी
छ र। आएथे शिव गण सबै हरि गए मन्त्रै विशे आखरि ॥१७४॥

भृगु मन्त्र अहिले तथापी मनमा आदर गरी क्रोधले। वस्तैछन् अहिले तथापी
मनमा आदर गरी क्रोधले। सोहि औसरमातथापी अहिले भुवार हर्नु हवोस्।
दक्षै कुल सव नास पारी अहिले पृथीवी रक्षा हवोस् ॥१७५॥

सारा देवहरु सरासर याहाँ आएर हेर्छन् पनि। होला के अब याँ भनेर सबले
आत्तिन लागे अनि। यस्ता वात जब शम्भुले शुनीलिए सारा ति सृष्टि गरे।
वीर भद्र र कालीका शिवजीका आई शरणमा परे ॥१७६॥

तिन्ले गैकन नास परी सवको दक्षै पनि नास गरे। बोकाको शीर काटिलिई
त्यसमा दक्षै जीयाई दिए। सारा नास भयो सबै जनहरु आएर हेर्दा माहाँ।
कर्मैले गरी नास भो सकलको नासै गरेछिन् माहाँ ॥१७७॥

भन्छन् श्री सुतजी अवश्य सुनाल्यौ सौनकहरु हो सवः । नाशै ति सवको
गरेर पछि फेर श्री शम्भुले ति सव । जानु भो शिव यज्ञ दक्ष विचमा सारा
ति द्यौताहरु । थिए त्यहि सति लिएर प्रभुले शोक गर्न लागे अरु ॥१७८॥

विष्णुको पनि वुद्धि भ्रष्ट हुनगो थियो त श्रापै पनि । दधीची ऋषीले सराप
पहिले दिए हरीमा अनि । सोहि श्राप त पूर्णभो त्यसघरी श्री विष्णुमा नै
परयो । सोहि श्राप थियो र पूर्ण हरीको बुद्धि त भ्रष्टै भयो ॥१७९॥

राजामा अति पूर्ण एक ध्रुवथे दधीथीका मित्र हुन् । सोहि रुप तिनको तपस्या
गरदा विवादमा ती जउन् । वेदको ज्ञान थियो दधीची मुनीमा भक्ति शिवैको
थियो । आएती हरी कात भक्त ध्रुवहुन् आखीरमा भेट्भयो ॥१८०॥

राजा पूर्ण थिए ति ज्ञानि पनि हुन् ऐश्वर्य सारा थियो । च्पवन का समीपै पुगे
ति ऋषीगण भेला प्रभुको भयो । भन्नुभो शिवले तथापी तिनमा बस्नु हवोस्
लौ भनि । गाए कीर्तन विष्णुको ति मुनीले आनन्द माने पनि ॥१८१॥

थिए एक त्यहि ति भार्गव मुनी बज्रै सरी तेजका । आवाहन् तिनले गरे
प्रभुजीको श्री विष्णुको नाशका । आउनु भो प्रभु विष्णु आदर भयो ध्रुव्रै
रमाए अति । ध्रुवमा सव शक्ति आदर भयो रीस भो मुनिमा पछि ॥१८२॥

दिए श्राप पनि विष्णुलाई तिनले कार्यादिमा हीन हुनु । बुद्धि भ्रष्ट हवोस्
तथापी तिनमा शक्ति पनि क्षीण हुनु । थियो श्राप पनि तथापी तिनमा सारा त
पूर्णै भयो । सारा शक्ति पनि त हिन हुन गै दुर्वुद्धि त्यहिं भयो ॥१८३॥

यस्तो श्राप थियो ति विष्णु भगवान् भन्छन् महर्षि माहाँ । शरिरमा सब शक्ति
लिकन बस्यौ ब्रह्मर्षि ऐले याहाँ । मर्ने काल पनि अवश्य यहि हो तिम्रो पनि
यस घरी । मुनि भै कन क्रोध गर्दछ भने दुःखादि धेरै परि ॥१८४॥

मर्नेछौ भवमा कठोर पनि काम दुःखादि को हुन्छ र। दुःखै दुःख महाँ परेर पछि फेर पाउने मुक्ति छ र। यस्तो श्राप थियो दुवै ति जनमा ईन्द्रादि द्यौताहरु। भन्थे सत्य वचन तथापि प्रभुमा आउला र यस्तो अरु ॥१८५॥

जस्ले ध्यान जप तप गरेर विधिले श्री शम्भु कै आदर। गर्ला त्यो जनको त शिद्धि मिलला कर्मै बनी सादर। दधी चि मुनीले त आदर गरे श्री शम्भुकै तेसमा। पाउँ बज्र संमान तुल्य वर यो हे शम्भु दिनोस ममा ॥१८६॥

तथास्तु भनि वर दिएर शिवले तेस्कै गरी आदर। मर्नेछौ तिनलोकमा पनि पछि कीर्ति रहन्छन् पर। अजेयै जव वर मिल्यो ऋषीजीमा ठुला प्रतापी भए। त्यो देखि ध्रुव वीस्मयै हुन गए एकत्रता भै र ए ॥१८७॥

ब्रह्माजी पनि भन्नुहुन्छ अहिले नारद जीका साथ् माहाँ। थिए ति शिव भक्ति शिद्ध अतिनै नारयणैले त्याहाँ। दधीची ऋषी आश्रमै विचमाहाँ श्री बिष्णु जानु भयो। शिव कार्य स्वरुप उद्यम गरी नारयणै पुग्नु भो ॥१८८॥

भन्छन् ति दधीची महर्षि मुनीले के काम अयौ यहाँ। ब्रह्मण भेष घरेर आई यसमा के काम परेथ्यो त्याहाँ। भन्छन् श्री प्रभुले अगाडि सबमा श्री शम्भुको कामपारी। आएँ भेट्न भनि तथापी तिमीमा सन्देह सारा हरी ॥१८९॥

चीनेथे मुनीले तथापी त्यसमा नारायणै हुन् भनि। गालीति मुनीले गरे प्रभुजीमा जनार्दनै हौ तिमी। हे नारायण भक्तका समीपमा आएर ऐले यहाँ। रुपै आफ्नो देखाउ आज तिमीले सब सत्यछन् लोक महाँ ॥१९०॥

भन्छन् ति मुनीता जनार्दन जीमा पूजा गर शम्भुको। ज्ञानहोला नत स्वाठ भैकन बसे छल्नै भनि दुःखको। यस्ता बात सुनेर विष्णु भगवान् मार्छु महर्षि भनि। हाने चक्र सुदर्शनै पनि त्याहाँ आयो सुनदर्शन पनि ॥१९१॥

शम्भु नाम जपेर ति मुनी रहे त्रिशुल अगाडि माहाँ। आयो चक्र पनि खडा हुनुभयो शंकर स्वरुपले त्याहाँ। देखेथे जव विष्णुले त्यसघरि खैंचेर चक्रै लिए। लिनैलाई पनि कठीन हुन गयो देख्ने त जोजो थिए ॥१९२॥

भन्छन् ति दधी चि प्रशन्नमनले हे विष्णु तिम्ले यहाँ। मार्नै खातिरमा प्रयास गरी लियौ के मार्न सक्थ्यौ त्याहाँ। गाई ब्रह्मण मार्नु हुन्न भनि सव तिम्ले भनेका थियौ। ऐले आएर मार्छु ब्रह्मण भनि तिम्ले सुदर्शन लियौ ॥१९३॥

भक्ति श्री शिवको थिए म अहिले रक्षा प्रभुले गरे। ईन्द्रादि सब देवता र ऋषीगण सम्पूर्ण छक्कै परे। ठूलो युद्ध हुने थियो यसघरी श्री शम्भुले नै याहाँ। रक्षा गर्नुभयो सबै ति जनको आनन्द भो मन माहाँ ॥१९४॥

सोहि रुप शिवले अपार दिनुभो सस्रास्र धारी पनि। सूर्य चन्द्र महर्षि देवसहितै इन्द्रादि द्यौता पनि। भुत प्रेत पीशाच राक्षसहरु थिए सवै तेसमा। नन्दि भृङ्गि महर्षि आदि सवजन देख्दा भए झट् त्याहाँ ॥१९५॥

ब्रह्माजी पनि त्यहि देखिन गए सब देवता साथमा। शक्ति त्यहि रहेछ हेर मुनीका देखि लिए माथमा। सोहि शक्ति अपर श्री प्रभुजीको नामै छ नारायण। भुवार हर्न भनि अवश्य तिनीता वस्ता बिते दिन सुन ॥१९६॥

यस्तो देखि लिए सवैजनहरु आनन्द मानी अति। लागे कीर्तन गर्न ति शिवजीको आनन्द मान्दै अति ॥१९७॥

शिवस्तुति

हे सम्भो करुणा निधान भगवान् हे देव विश्वम्भर। कोटि कोटि प्रणाम गर्छु पदमा सन्ताप मेरो हर। रुद्रैका तव नामले पुजीत छौं पूजादि गर्दा हुदि। नागैको गहना लगाई तिमीले रक्षादि गर्दा हुँदि ॥१९८॥

त्रिशुल हातमाहाँ लिएर तिमीले सम्पूर्ण दुष्टै जन । मारेथ्यौ पहिले तथापी तिमीले हे शम्भु नारायण । सारा अंङ्ग भरी खरानी घसने डम्फु वजाई लिने। वाघ्को छाला ओढेर भाँङ धतुरो खाएर खुशी हुने ॥१९९॥

मसान बासी भएर साथ तिनको लिएर खुशी हुँदा । भैरब रुप तिमीमा भयो शिवजीको पैलेत साथै लिँदा । शक्ति रुप भयो शिला स्वरुपमा बासै गरेका घरी । वायुरुप शिवकोत रुद्र हुन गयो रुद्रक्षमा नै सरि ॥२००॥ (दोहा)

यस्तै तवर ले गरी धेर त्याहाँ । स्तुति गरे धेर शिव शक्ति माहाँ । खुशी गराए ति सबै मिलेर । वरदान दिनुभो शिवले उठेर ॥२०१॥

ईति शिव स्तुति

आयो रुप त अग्निको त्यसघरी साथ्मा मिलेथ्यो जसै । अग्नि रुप शिवको भयो त्यसमाहाँ खुशी भए सव् तसै । सारा भुषण वाजु कंकण सबै धारी बसेथे जहाँ । ब्राह्मण कै रुप देखियो त्यसघरी वेदादि छन् हातमहाँ ॥२०२॥

ऋक वेद देखिन गो त पूर्व तिरमा श्री चन्द्र सूर्यै पनि । साथैमा शिवका सबै हुन गए नक्षेत्र तारा अनि । तेसैमा शिव साथ वेद पढ्ने अत्रि महर्षि भए । अत्रीले शिवलाई आदर गरी वेदादि पढ्दै गए ॥२०३॥

भन्नुभो शिवले त अत्रि मुनीमा वेदै बढ्यौ यो घरी । यज्ञ रुप तिमी हौ सदा तिमी रहे ऋक वेद रक्षा गरी । दक्षीण भागत शम्भुको हुन गयो नारायणै रुपको । नारायण रुप शम्भु देखिन गए अग्नि सरी तेजको ॥२०४॥

आए काश्यप नामका मुनी जउन वेदैछ हातमा पनि । यजुर वेद लिएर पढ्न तिनले लाग्दा भए झट् अनि । पढ्दैमा तिनलेत विष्णु भगवान् आएर दर्शन दिए । काश्यपलाई खुशी भएर शिवले वरदान मा वेद दिए ॥२०५॥

यजुर वेद त हातमा लिनु भयो श्री शम्भुले त्यसघरी । नारायण भनि नाम कीर्तन गरे द्यौता अगाडी सरि। गङ्गाजी तिनको त साथ विचमा आएर दर्शन दिईन्। लट्टा ति शिवका थिए तित भए नाग नागिनी देखिईन् ॥२०६॥

काश्यप ऋषी पढेर वेद रहने श्री शक्तिको रुपले। यजुर वेद भयो प्रशन्न शिवको श्री रुद्रकै तेजले। वरदान भो शिवले महर्षि तिमीले खुशी गर्‍यौ यस घरी। पुज्यै भै तिमी वस्दछौ त सवमा यै वेद हातमा धरी ॥२०७॥

पश्चिम भागमाहाँ त ईन्द्र पनि झट आएर सम्ने परे। भारद्धाज मुनी आएर शिवको भक्ति तुरुन्तै गरे। सामवेद लिएर पाठ गरदै शक्ति वरुणको लिई। ईन्द्रादिहरु साथमा सब बसे तन् मन् शिवैमा दिई ॥२०८॥

खुशी भै शिवले त दर्शन दिई वर दान दिनु भो जसै। सामवेद स्वरुप ईन्द्र रुप भो श्री सम्भुको झटे तसै। सोहि औसरमात शक्ति सहितै दुर्गादिहेरु पनि। वैशम्पायन कात साथ् तिनी रहे यी हुन् महर्षि भनी ॥२०९॥

अथर्वेद लिएर पाठ गरने श्री शम्भु कै खातिर। ज्ञानकै रुप भएर शक्ति शिवनै देखि लिए आखिर। बुद्ध रुप प्रभुको भयो त्यसघरी औतार धारि शिव। कर्मैका बसमा परेर रहने आनन्द भोग्छन् सव ॥२१०॥ (दोहा)

चार वेद सवमा शिवले सुनेर। वरदान दिए ती सबलाई धेर। गाए स्तुति वेदर देवताले। दर्शन शिवैको गरी सब रमाए ॥२११॥ (दोहा)

वेदादि शिवमा शवै हुन गए वेदकै विधानले गरी। यज्ञादि गरने त काममुनीले गर्दा भए त्यस घरी। वेद मन्त्र पढेर यज्ञ गरनु यज्ञादिमा फेर अनि। पुजा शंकरको गरीकन रहे हुन यज्ञ कर्ता भनि ॥२१२॥

जस्ले यज्ञत गर्दछन् शिव विना निस्फल हुने भो सब। यज्ञैमा शिव शक्ति थापी गरनु हुनेछ पुर्णै तब। यज्ञै खातिरमात कर्म गरदा वेदादिको भाग पनि। दिनुपर्दछ कर्मरुप तिनीहुन् हुन वेद ठुला भनि ॥२१३॥

चार जात र चार छ वेद साथ सबमा नारायणै रुप हो। नारायण रुप वेद नै हुनगयो वाक्य उसैको भयो। संसार रुपी चराचरै जगतमा शक्ति स्वरुप ले गरी। भक्तिमा शिवको अचम्म छ जउन नाना विधानले गरी ॥२१४॥

ब्राह्मण क्षेत्रीय वैश्य शुद्र जति छन् वेदका विधानले गरुन्। चारै वेदत चार भाग छ जउन् आधार तीनको लिउन्। आदर हुन्न कुनै ति वेदहरुको कर्मादि गर्दा भने। आपसमै तिनी नासिने भनि बुझ्‍े दुःखादि धेर भोगने ॥२१५॥ (दोहा)

यस्ता प्रकार शिव रुप सबै बुझ्‍ेर। जम्मा भई सब ति देवहरु मिलेर। दर्शन गरु शिवजीको भनि देवताले। कैलास पर्वत गए प्रभुकै कृपाले ॥२१६॥ (दोहा)

जो पुण्य भूमी शिवको रहने सदादिन। माणीक धातु र विचित्र लताहरु छन्। बाघ भालु सर्पहरु आई विचित्र ध्यान। गर्दा ति भक्ति शिवको महिमा छ ज्ञान ॥२१७॥

कैलास पर्वतमा छ यो रमणता श्री शम्भु कै स्थान हो। पुजा श्री शिवको त दर्शन गरे कैलास वासी भयो। तप् गर्नै ती भनेर देवहरुले कैलास जाँदा भए। कैलास वासी सदा शिवै भनि जउन शिव भजनमा रहे ॥२१८॥

वोले श्री शिवमा ति विष्णु भगवान् देवधी देवै भनि। लौकीक् रुप पर ब्रह्म तिमी भनि ती आनन्द माने पनि। रुद्र शन्त महेश रुप तिमी हौं गर्छौं नमस्कार याहाँ। निलकण्ठ र हव्य कव्य तिमी हौं भोक्ता विधातामाहाँ ॥२१९॥

ओमकारमा पर ब्रह्म हौ तिमी रहे आत्मा स्वरुपका धनी। जलैमा पनि सागरै भनि लिए रोकेउ गङ्गा पनि ॥२२०॥

ईन्द्रादिहरु देवता सव गए कैलास पर्वत् माहाँ। गाए कीर्तन नाम धेर शिवको ति देवताले त्याहाँ। रुद्र भास्कर तेजमा प्रकट छौ देवाधि देवै भनि। पृथ्वीमा पनि सुरभी तिमी भयौं गर्छौं नमस्कार पनि ॥२२१॥

रुद्र अग्नि र वायुमा तिमी भयौ लिन्छौ त अस्त्र पनि। पशु रुप त सस्त्र भेदन
गरी नामै कमायौं पनि। उग्रै कर्म गरेर उग्र भनि नाम कालाग्नि रुद्रै भयौ।
काल कुटत खाई पल्टिकन फेर श्री निल कण्ठै भयौ ॥२२२॥

नारायण रुपमा हिरण्य बनीफेर पूजादि गर्छन् सब। युद्धैमा विजयैगराई
तिमीले रक्षा गरेथ्यौं तब। वीर भद्र र कालीका तिमी सदा लिनेर हातमा
अनि। सवारी वृषकै गरेर हीड्ने पर्छौं चरणमा भनि ॥२२३॥

नेत्रै तिन त छन् प्रभो हजुरमा तिन नेत्रले नै गरी। रक्षा सव जनको गरायर
तिमी हिड्ने ठुलो वेग गरी। अन्त्यैमा पनि जाई रक्षक वनि आनन्द भोगाउने।
दण्डै खातिरमा मृत्युञ्जय भई सवलाई थर्काउने ॥२२४॥

ज्ञानै खातिरमा त वेद सवको वसेर ज्ञानै दिने। ध्यानैमा पनि साधु सन्तहरुको
ध्यान् सिद्धि पारी लिने। बाघको छाला छ साथ कम्मर महाँ नागका
गहनाहरु। त्रिशुल डम्फुलिई बजाई रहने नन्दि र भृङ्गिहरु ॥२२५॥

कैलास पर्वतमा थिए जनजति श्री शम्भुकै नामको। स्तुति सव तिनले गरे
शिवजीको दुर्गा शिव शक्तिको। द्यौता हेरु सवै मिलेर अहिले नामै अनेकान्
थरी। कीर्तन गाई लियौ प्रशन्न म भएँ हे देवता यस घरी ॥२२६॥

सोक ग्रस्त भएर शत्रु भयमा आपत् परेका घरी। पद्नु सुन्नु र पाठ गर्दछ
जउन् संकष्ठ जालाटरी। आपस्मा ईन नामले गई सदा रक्षा तिनैको गरी।
बस्ने छु तिनका गएर घटमा भक्तै भनि राम्ररी ॥२२७॥

यीनै नाम जपेर दक्ष पतिकी पत्नि ति दुःखी हुँदा। वीर भद्र र काली गै त्यस
घरी दक्षे सीरै काटिदा। हाहा कार भयो सवै ति जनमा यज्ञादि नासै भयो।
ब्रह्मण देव र सिद्ध जन तिसवको सातो सवैको गयो ॥२२८॥

पत्नि दक्षकीता थिईन् त्यसपरी लागीन पुकार्नै शिव । साथै यो तिनले सवैगरी लिईन् आए अगाडि शिव । महर्षिहरु देवताहरु सवै सम्पूर्ण घायल थिए । दक्षैको शिर काटि होमी कनफेर श्रीविर भद्रै रहे ॥२२९॥

दक्ष पत्निता जाई शंकर जीमा पस्रेर ढोगीन जसै । आँखा देखित आँशु पूर्ण भई फेर रोईन ति रानी तसै । हे शम्भो करुणा निधान भगवान् दुःखी भएकी म छु । जीवन दान पतिको गराईदिनु होस् विन्ति म यै गर्दछु ॥२३०॥

अहंकार घमण्डी पापी पनि हुन मेरा पति लौ अब । मेरा आदर भक्तिले गरीकनै जीयाउनु होस् शिव । सम्नेमा शिवका परेर विरणी मुर्छा परी गै गईन् । भन्नु भो शिवले अगाडी त्यसमा श्री कालिका जी थिईन् ॥२३१॥

दक्षैलाई जीयाउ काली तिमीले ल्याएर पशु शिर । श्री हत्या गरनु हुँदैन मईले नासिन्छ यिनको पिर । आज्ञा भो शिवको त काली पनि गै बोकाको टाउको अनि । ल्याई जोडि दिइन् त दक्ष पतिमा लौ जाग दक्षै भनि ॥२३२॥

उठे् दक्ष त देखि ति जनहरु खुशी बहुतै भए । पाउमा शिवका परेर तिनले स्तुति वहुतै गरे । विरणी पनि ता खुशी हुन गईन् जागे पति लौ भनि । द्यौताहेरु मिली त्यहि स्तुति गरे शम्भु दयालु भनि ॥२३३॥

ब्रह्मादि सब देवता र ऋषिले खुशी भएको सुनी । भन्नुभो शिवले ति दक्षपतिमा लौ सुन दक्षै भनि । तिम्री पत्निको भक्ति देखी मईले जीयाउनु पो परयो । स्वतन्त्रै भई भक्त खातिरमाहाँ बस्ने हुनाले तयो ॥२३४॥

पुण्यात्मा जनहेरुले त अहिले गर्छन् सदा कीर्तन । ज्ञानैले भरिपूर्ण भै ति सबमा आनन्द भोग्ने जन । जुन जनले पशु क्रुर भाग गतिमा यज्ञादि गर्नेहरु । नासिन्छन् तिनीता घमण्ड रुपले कर्मादिगर्नेहरु ॥२३५॥

ब्रह्माजी तव भन्दछन् त्यसघरी नारद सुन्यौ प्रेमका। सत्य हुन् शिवका यी वाक्यहरु हुन् भक्ति र सत् कर्मका। यज्ञै पुर्ण गराई दक्ष पतिको ब्रह्मादिका साथमा। नामै श्री शिवको गरेर सवले पूर्णै गराए त्याहाँ ॥२३६॥

दक्षैले शिव नाम जपेर सवमा दानादि धेरै गरे। पाई दान असंख्य ब्राह्मणहरु आनन्दमा ति परे। दक्षैका सब सन्ततिहरु भए छागै स्वरुपका अनि। बोकाको रुप देखि दक्ष विरणी आश्चर्य मान्थीन् पनि ॥२३७॥

ईति शिव पुराण सति खण्ड समाप्तम् ॥

भजन

कैलासमा शिवजी वसी रहने। शिव शक्ति रुपको दर्शन गर्दिने। कति सुवायो। भक्ति रुप सति थिन् साथ शिवमा। सतिलाई शिवले लगे कैलासमा। कति सुवायो ॥

शिव शिव भजन बसो मनैमा। विर भद्रमहाँ काली रक्षा गर्ने मा। कति सुवायो। विर भद्र भोला शरण लिनु होला। साधु शन्त भक्तको रक्षा गर्नु होला। कति सुवायो ॥

शिव शिव शंकर भोले वावालाई। विर भद्र महाँकाली जगदम्बा लाई। कति सुवयो ॥ वाघको छाला नागको माला कति सुवायो ॥

शिव ॐ शिव ॐ भजन गरेर। नारायण नाम लिनु भक्ति धरेर॥ शिवसरनम्। शिव शिव शंकर भोले बाबालाई। पति व्रता स्त्रीजातिमा दर्शन दिनोस आई॥ शिवशरणम् ॥

गायत्री सावीत्री सरस्वतीलाई स्नान साथ जप गरुन् गङ्गा मातालाई। शिवशरणम् ॥

गङ्गा हरहर गङ्गा हर हर। गायत्री साथमा वसी रक्षागर। शिवशरणम्। जपउँ
गायत्री जप गायत्री। त्रिकाल दर्शि गायत्री गङ्गा सावीत्री॥ शिव शरणम्॥

तिर्थ ब्रत तप गर्नु गर्नु महा दान। अग्नि रुप देवता छन् द्रव्य लक्ष्मि जान।
शिवशरणम्॥

काम क्रोध लोभले सारा सतायो। सत् कर्मको भावले भक्ति बढायो।
शिवशरणम्॥

वरदान दिए शिवले सारा देवलाई। शक्ति रुप दर्शन मिल्यो शिव साथपाई।
शिवशरणम्॥

भजउ शिव शंकर भोले नाथलाई। देवता र महर्षिले आए गुण गाई।
शिवशरणम्॥

रुद्र रुप धारेथे जल्मा बसेर। तिन नेत्र तिन गुण आए बलेर। शिवशरणम्॥

साधु रुप भोले बाबा तिमी कहाँ छौ। तपस्वीका साथमा तिमी हिड्दछौ।
शिवशरणम्॥

दर्शन दिन सदादिन भक्त जनैमा। गङ्गाजीका साथमा शक्ति हातमा।
शिवशरणम्॥

भक्त जनका कुलमा गई शिवले। वरुणको रुपले दर्शन दिएथे॥
शिवशरणम्॥

भोग रुपी शिवले दर्शन दिएर। अन्त्य कालमा मुक्तिको वरदान पाएर।
शिवशरणम्॥

शतिर शिवको भजन गरेर। आए विष्णु भगवान् साथ लिएर। शिवशरणम्॥

कैलास वासी शिवको साधु रुपले। दर्शन पाए प्रभुको सारा प्राणीले।
शिवशरणम्॥

नारायण शिव रुप दर्शन पाएर । पर्वत् राज साथ बस्ने देवा आएर । शिवशरणम् ॥

देवताले नाच गान गर्ने सदा दिन । सङ्ख ढोल मृदङ्ग बज्ने सदा दिन । शिवरशरणम् ॥

नम शिवाय भजौ शिवाय शिव ॐ शिव ॐ भजौ शिवाय । शिव शिव शंकर भोले बाबालाई ॥

भक्ति गरुन मिल्छ दर्शन साथ दिन्छन् आई । शिवशरणम् ॥

श्री विष्णुको दर्शनले माया जालैले । विवाह भो शतिको शिव भक्तिले । शिवशरणम् ॥

सङ्ख चक्र गर्दा पद्या तिमी धार्द छौं । भक्त जनको ऋदयमा बास बस्दछौ । शिवशरणम् ॥

शति र शिवको दर्शन पाएर । वरदान दिए शिवले खुशी भएर । शिवशरणम् ॥

सारा जन्तु जनावर पाए दर्शन । शिव शक्ति साथको पाए दर्शन । शिवशरणम् ॥

मारे राक्षेस शिवले गाए कीर्तन । शिवजीको नामले गाए किर्तन । शिवशरणम् ॥

पार्वति र शिवको दर्शन पाएर । नाचगान गर्न थाले सवले आएर । शिवशरणम् ॥

शक्ति रुप पार्वती हुन शिव आउनुभो । शिवजीको पार्वतिले दर्शन पाउनुभो । भजउ शिवलाई (२) ॥

शिव र दक्षमा क्रोध बढेर । नाश भयो आपसमा यज्ञ गरेर ॥ भजउ शिवलाई ॥

विर भद्र महादेव शिवगण छन् । देवताका देवता नै महा देवहुन् । भजउ शिवलाई ॥

साधु जन ब्राह्मणको साथ लिएर। भक्ति गर्नु येज्ञ गर्नु तन् मन दिएर। भजउ शिवलाई ॥

शिव शंकर भोले बाबा जपी रहनु। गायत्री नै शक्ति रुप हुन् सत्य जपनु। भजउ शिवलाई ॥

शक्ति रुप औतार धारी शति देवी थिन्। शिव नीन्दा हुनाले प्राण त्यागी दिन्। भजउ शिवलाई ॥

विर भद्र महाँकाली आए नाचेर। रुद्र तेज प्रकट भो साथ पाएर। भजउ शिवलाई ॥

आए दुई महर्षि गाए कीर्तन। शिव शिव नाम जपी गाए कीर्तन। भजउ शिव ॥

दधीचीले श्राप गर नारायणै लाई। नारायण नामले लिए शक्तिलाई। भजउ शिवलाई ॥

शक्तिपाई दधि चीखुसी भएका। शिव वरदान पाएर ऋषी रमेका। भजउ शिवलाई ॥

वरदान र कर्मले नारायणैको। शक्ति लिए हातमा साथ शिवको। भजउ शिवलाई ॥

ब्राह्मण रुप धारण गरे नारयणैले। शक्ति रुप लिन प्रयास गरे प्रभुले। भजउ शिवलाई ॥

स्तुती गाए सबैले खुशी हुनुभो। विश्व रुप शिवले दर्शन दिनुभो। भजउ शिवलाई ॥

चार वेद चार भाग दिए सबैमा। शंकर जीका साथमा दिए हातमा। भजउ.॥

चार वेद चार भाग चारै कर्मैको। चार जात छत्तिस वर्ण उप वेद भो। भजउ शिवलाई ॥

वर्ण शंकर सोह्र (१६) छन् भक्ति अठचालिस ॥

वर्ण रुप पाँच छन् वेदमुल हुन्। भजउ शिवलाई ॥

कैलास वासी शिवजी छन् छनता। भक्ति गरे मिल्छ दर्शन गरी हेरता। भजउ शिवलाई ॥

कैलास वासी शिवको कीर्तन गाएर। देवताले स्तुति गरे कैलास गएर। भजउ शिवलाई ॥

रुद्र शंकर भोले बाबा महादेव हौ। गर्छौं नाम पुकार स्तुति सुनीलेउ। भजउ शिवलाई ॥

नीलकण्ठ विर भद्र महाँ कालिका। गङ्गा रुप शक्ति हुन् महा कालिका। भजउ शिवलाई ॥

संकट टारे शिवले देव रमाए। विरणीका साथमा दक्ष जियाए। भजउ शिवलाई ॥

दक्ष यज्ञ पूर्ण गरी देवताका साथमा। शति जन्म लिन गईन हिमालयैमा। भजउ शिवलाई ॥

ईति शति खण्ड भजन समाप्तम्।

भन्छन् नारद ब्राह्मणजीकन त्याहाँ विस्तार सबै गर्नु होस्। हिमालयका पुत्री भई सती ता जन्मेकी सब भन्नुहोस्। तपस्या शिवको गरेर तिनले कुन नाउँ भो सब त्याहाँ। विस्तार पूर्वकले बताउनु हवोस् सुन्नेछ ईच्छा याहाँ ॥१॥

यस्ता वात सुनेर नारद जीका भन्छन् ति ब्रह्मा जसै। थियो देवस भा त एक दिनता श्री मेनका मा तसै। मेनका वीरणीत भेट हुनगो सति थिईन् साथ्माहाँ। ईच्छा ति सतिलाई तिनकन भयो पुत्री हुने मन्माहाँ ॥२॥

त्यै कारण कन देह त्यागी ति सति श्री मेनका गर्भमा। जन्मीन पर्वत राज पुत्री भनिता राज पुत्री आधारमा। पर्वत राजले नाम राखी दिनुभो ब्रह्मादि यज्ञै गरी। पार्वति भनि नाम रह्यो जगतमा उत्सव भयो बेसरी ॥३॥

यस्ता बात सुनेर नारद मुनी भन्छन् ति ब्रह्मा कन। मेनका तिरको विवाह भएको उत्पत्तिको वर्णन। कुन रुपले तिनीता हिमालय जीकी पत्नि भईथिन् सब। विस्तार पुर्वकले बताउनु हवोस् सुन्ने छ ईच्छा सव ॥४॥

यस्ता बात सुनेर नारदजीका ब्रह्माजी भन्छन् अनि। हिमालय र मेनका त दुई हुन् पर्वत् प्रतापी भनि। पूर्वपश्चिम सागरै हुन गए उत्तर दिशामा त्याहाँ। देवतामुनी शिद्ध आदि जनले गाएर कीर्तन जहाँ ॥५॥

रत्ना माणीक धातु खानि त्यसमा धेरै भएको हुँदा। त्यस्ता स्थानमाहाँ पवित्र तिनीछन् श्री शैल राज सर्वदा। पर्वत राज महाँ बसेर पहिले त व्यास पुत्री भनि। थिए एक मुनी प्रशिद्ध तिनमा थिईन् त कन्या पनि ॥६॥

मेना नामकी कन्या थिन् शिवजीमा भक्ति बहुतै गरी। पुगे पर्वत राज माग्न तिनमा गर्छु विहा यो घरी। यस्ता वात सुनेर दिव्य मुनीले भन्छन् पीता जी जउन। दिन्छु लौ तिमीलाई छोरी मईले भक्ति शिवैको गरुन् ॥७॥

विहा भो तिनीको सबै खुशी भएर पीतृ गणै सवजहाँ। ईन्द्रादि सव देवता खुशी भए हिमालयै बीच माहाँ। ईन्द्रादिहरुले सदा शिवजीमा विन्ति गरेथे जसै। विन्तियो सुनी देवताहरु उपर आज्ञा भएथ्यो तसै ॥८॥ (दोहा)

पाएर दर्शन ति हीमालयै ले। गाए शिव कीर्तन जाई पैले। सोही पुरा गर्न भनेर जाई। जन्मीन सति पार्वति भै रमाई ॥९॥ (दोहा)

हे ब्रह्म पहिले सदा शिवजीले श्री मेनका जी माहाँ। के कारण पहिले सदा शिवजीले खुशी भएथे वाहाँ। यस्ता बात सुनेर नारद जीको ब्रह्माजी भन्छन् सव। हे नारद तिमीमा बताउँछु सवै सृष्टि भएको अब ॥१०॥

दक्षक नामकी कन्या जन्मन गए पैलात साठी भए। कास्यपादिका साथ विवाह हुनगो द्यौताहरु खुश भए। तिनै वाट त पुत्र जन्मन गए सारै प्रतापी जसै। पीतृ नाम भयोति पुत्र कनता भक्ति गरे झट् तसै ॥११॥

तिनका साथ त मानसी भनि थीईन कन्या र एउटी पनि। तिनैबाट त
कन्या जन्मन गइन् तिनै वटि फेर अनि। मेना नामकी ज्येष्ठ कन्या भनि
फेर कलावती दोसरी। कान्छी मन सुवी नाम कन्या भनिफेर राख्दा भए
राम्ररी ॥१२॥

नामै महिलीको कलावती थियो श्री स्वेत द्धिसी महाँ। तिनले जाई गरीन्
तपै अति ठूलो श्री विष्णु को भ्फट् त्यहाँ। तिनका साथमहाँ महर्षिहरु फेर
द्यौताहरुले पनि। स्तुति सव जनहेरुले गरी लिए दर्शन दिनु होस् भनि ॥१३॥

भोला रुप शिव त्यहि आउनुभयो माया स्वरुपी बनी। आई ति सव देवताहरु
मिली भन्दा भए फेर अनि। हेशम्भो अहिले यहाँ हजुरले दर्शन दिनाले गरी।
बैकुण्ठाधी पति ति विष्णु भगवान् साथै रहे यो घरी ॥१४॥

पाई वर शिवको कलावती गईन् श्री विष्णुजी छन् जहाँ। भोगी भोग ठूलो
तिनी रहि गईन् बैकुण्ठ धामै महाँ। मेना नामकी ज्येष्ठ पुत्री भनि फेर गुर्छु
तपस्या भनि। गङ्गाका तटमा रहि तप ठूलो गर्दै रहिन् ति पनि ॥१५॥

आए तीस नकादि स्नान गरनै गङ्गाजीका साथ माहाँ। देखि तिन कन जाई
आदर गरी भन्छिन् ति कन्या वाहाँ। पाउला शिवको त दर्शन भनि तप गर्न
कै खातिर। आए यी सनकादिहरु मुनि ता मैरै गरी आदर ॥१६॥

ठूलो शब्द गरी घमण्ड रुपले बस्थीन् तपैमा तिनी। पाउली शिव दर्श नै र
पछि पेर वैकुण्ठ जान्छु भनि। यस्तो आदरले घमण्ड तिनको जानी लिएथे
जसै। दिएथे सनकादिले त्यस घरि यस्तो सराप पो तसै ॥१७॥

महर्षिहरुमात यस तरहरुको क्रोधै गरेउ यो घरि। हुनेछैन कदापि तिनी
कनता वैकुण्ठको वास सरि। साथैमा प्रभुका गई तिमी त लौ बस्नै नपाउ
भनि। दिए यसरीते सराप तिनीता दुःखी भईथिन् अनि ॥१८॥

मेनाले सनकादिको सुनी सराप श्री शम्भकै ध्यान गरिन्। दर्शन भो शिवकोत
ति उपरमा जाई शरणमा परिन्। भन्नुभो शिवले तिमी उपरमा पुत्रै समान्को
भई। विवाह गरी पर्वतै उपरमा बस्नु ठूलो भोग गरी ॥१९॥

आनन्दै रुपले तिमीहरु दुवै वस्ता हुँदिमा त्याहाँ। स्वर्गैका सरी सौख्य
भोग गरिल्यौ वस्नु तिमीले वाहाँ। यैरीतले तिनको विवाह हुनगो हिमालयै
साथमा। राखेनामत मेनका भनि त्याहाँ यज्ञादिका माझमा ॥२०॥

पीतृ खुशी भए हिमालय उपर पाएँत ज्वाईं भनि। तिनकै साथमाहाँ गई
सतिजीले औतार धारीन् अनि। छोरी पर्वत राज पार्वति भनि सारा प्रसिद्धै
भयो। आधा शक्ति त पार्वति भनि बुझे गौरी भनि नाम भयो ॥२१॥

भन्छन् नारद हे पीतामह भनि श्री पार्वतिले त्याहाँ। कुन रुपले तिनी उत्पत्ति
हुन गईन् भन्नु हवोस् लौ याहाँ। पर्वतराज र मेनका तिनी दुवै गर्छु विहारै
भनि। नन्दन नामको वन महाँ चालि गए आनन्द लिनै पनि ॥२२॥

वस्ताति जनमा दुवै जन अनि सम्पूर्ण द्यौता हरु। आए पर्वत राज भेटुँ भनि
फेर जम्मा भए धेर अरु। ब्रह्मा विष्णु महेश आदि भगवान् देख्दा हुँदिमा
जसै। पाउमा परि दण्डवत गरी लिए द्यौताहरु को तसै ॥२३॥

ठुलो भाग्यत आज नै हुन गयो सारात पूर्णै भयो। कर्मैका गति सव ति पूर्ण
हुन गै आनन्द मग्नै भयो। यस्ता वात गरी राजका सुनी सकी श्री विष्णु
भन्छन् त्यहाँ। आउने खातिर काम भयो यस घरी आयौ अहिले यहाँ ॥२४॥

आधा शक्ति थिईन् ति पुत्री भईफेर नामै प्रशिद्धै अति। दक्षैले शिव निन्दा
नै गरी लिए यज्ञादि मानै अति। हाम फाली शिव नाम जपेर तिनले प्राणै
समेत त्याग गरी। आफ्नो रुप जगदम्बीका भई रहिन् आएर पैले सरि ॥२५॥

आधा शक्ति भवानी कै गर भजन अम्बे कहाँ छौ भनि। भक्ति खातिरमा सदा तिमी रहे भन्दा भए फेर अनि। गायत्री भनि नाम रह्‌यो जगतमा श्री धर्म राजै हुँदा। वेद माता सरस्वती हुनु भयो ज्ञानै स्वरुप भै दिंदा ॥२६॥

ऐश्वर्यै धन धान्यमा वसी सदा गर्ने सवै पालन। लक्ष्मी रुप भनि प्रशन्न जगमा जानि लिनु त्यै क्षण। यस्तीको अव जन्म तिमी दुईमा पुत्री भई तत् क्षण। पूर्णै हुन्छ सबै तिमीहरु उपर जन्मै लिएको सुन ॥२७॥

भन्छन् ति गिरी राज पत्नि तिमीमा गर्भै रहेका घरी। शक्ति रुप जगदम्बीका पनि यहाँ जन्मै हुनाले गरी। हे देवी जगदम्बीका भगवती रक्षा सबैको गरी। दुखी छन शिवयो घरी भनि बुझे आएर रक्षा गरी ॥२८॥

द्यौताका सब बात सुनेर पहिले श्री मेनकाको पनि। आदर दि तीनलाई शक्ति रुपले भन्दी भईन् फेर अनि। आधा शक्ति भवानीको स्तुति गरी संम्पूर्ण द्यौता हरु। हेर्दैमा गिरी राज रानी दुईमा तेजै बढिगो अरु ॥२९॥

सारा देवहरु मिलेर गिरी राज दिए उपदेश पनि। आफ्ना लोक गएर तिनी सव रहे हेरौं तमासा भनि। मेनका गिरी राज दुवै कन मिली श्री देवीकै पूजन्। चैत्र मासकी शुक्ल अष्टमी महाँ गर्दा भए पुजन ॥३०॥

नवमी दिनमात खीर सहितै लड्ड चढाई दिए। होम गर्नै कन योग्य येज्ञ समेत तिन्ले बनाई लिए। थिए ब्राह्मण जो महर्षि वनमा तिन्ले त डाकी लिई। मन्त्रै श्री जगदम्बीका जपीकनै होमै समेत् गर्दिइ ॥३१॥

मेनका गीरी राजको त्यस घरी सारा व्रतै पूर्ण भो। पाए दर्शन देवीको ति दुईले झन शक्ति बढ्दै गयो। भक्तिले गरी शक्ति पूर्ण हुनगो धर्मै विशेमन भयो। राजा भैगीरी राज रहे दिन दिनै आनन्द मनमा भयो ॥३२॥

भन्छन् नारद हेपी तामह भनि ब्रह्माजीका साथमा। आधा शक्ति प्रवेश् पनि
गरी लिईन् श्री मेनका अर्गमा। यस्ता वात सुनेर नारदजीको ब्रह्माजी भन्छन्
अनि। गर्भीणी भई मेनका वसी रहिन् शन्त स्वरुपले पनि ॥३३॥

गर्भाधान सवै ऋमै सित गरे राजा र रानी भई। तेजस्वी अति मेनका हुन गईन्
भन्छन् ती राजा गई। हे रानी तिमी गर्भीणी यसघरी देख्छु अति तेजसरी।
बस्छौ कति नमानी कष्ठ मनमा गर्भै भएका घरी ॥३४॥

प्रेम् वार्ता दुईको हुँदा दिन दिनै दशमास पूर्णै भयो। वसन्तै ॠतु आई आदर
गऱ्यो चैत्र की मासै भयो। नवमी तिथी रात्रीका विचमाहाँ जन्मै भयो
देवीको। सारायोग र पक्ष वार लिई नै नक्षेत्रमा जन्म भो ॥३५॥

वायु स्वच्छ चल्यो सवै तिथीहरु वायु स्वरुप ले गरी। नक्षेत्रै ग्रह आई दर्शन
गरे योगादि बारले गरी। जन्मीन पुत्री भनि प्रशन्न मनले भन्छन् ति राजा
अनि। पुष्प वृष्टि भयो बजे तिनगरा स्वर्गादि देखिन् पनि ॥३६॥

कैलासमा गईता खबर हुन गयो तिथी र बारले त्याहाँ। सुन्दामा शिवजी खुशी
हुनुभयो जन्मिन शति जी काहाँ। नक्षेत्रै तिमीलाई स्थान दिनुभो बस्नु तिमीले
भनि। योगबार करण सबै त्यहिं थिए दिनुभयो वर पनि ॥३७॥

दुखी धेर थिएँ म आज त कनै जन्मिन् सतिको खबर। लिएरै तिमी आई
पूर्ण गरीदेउ दिन्छु म बरु दान अजर। एकतिस म आज देख्छु नगीचै तिथी
तिमी हौ भनि। नौवटा अहिले म देख्छु यसमा हुन् यी करएा लौ भनि ॥३८॥

अठ्ठाईस यी देख्छु आज समिपै खुशी गरेका घरी। यिनकै साथ माहाँ
ग्रहहरु अनि राशीहरुले गरी। भोग्ने छन् सवलाई देवहरुमा ब्रह्मादिमानै
पनि। खुशी मन तिमीले गराई अहिले आनन्द दियौ भनि ॥३९॥

त्यै रुपले नै सबलाई मैले। दिनुभयो वर शिवले क्रमैले। सति जनम्भो भनि सव सुनेर। वरदान सवैलाई त उत्तिखेर। पर्वत् की पत्री भई जन्म लिईन्। आनन्द सन्तोष शिवलाई दिईन् ॥४०॥ (दोहा)

जन्मीन पार्वति नामले ति सति फेर श्री मेनका गर्भमा। लौकीक वालक तुल्य रोदन भयो निस्तेज भए सब त्याहाँ। गिरी पर्वत राजले त्यसघरी पुत्री भईन् लौ भनि। डाँकी ब्राह्मणलाई दान पनि गरे अन्नादि द्रब्यै पनि ॥४१॥

सौभाग्यै स्त्रीहरु प्रशन्न हुनगै नृत्यादि गर्दा भए। मृदङ्गै नगरा वजाई तिनले उत्सव वढाई दिए। देवीले पनि आफ्नो रुप सहितै आकाश मार्गै गरी। काली भैर विछिन्न मस्ता अनि फेर आईन् भुवनेश्वरी ॥४२॥

काली मुखी र चण्डिका सव थिए आएर दर्शन गरे। पैला अङ्गत शैल पुत्री हुनुभयो आनन्द मा ति परे। पर्वत राज गीरीमा बढ्यो शिव उपर भक्ति मनैमा जसै। भक्तिले गरी राज पुत्री पनि फेर तप गर्न लागिन् तसै ॥४३॥

एकदिन् ति गीरी राजले त्यसघरी थिए तपस्वी जहाँ। सोधे पार्वतिको यथार्थ महिमा थियो स्वभाव सव वाहाँ। भन्नु भो मुनीले यथार्थ महिमा श्री पार्वतिको जसै। साक्षात् श्री जगदम्बीका भनि बुझे शक्ति स्वरुपकी तसै ॥४४॥

पर्वत् राजमहाँ रहेर तिनले ती पर्वातिले पनि। विशादिहरुको पनि त त्यसमा उत्पत्ति भैगो अनि। देखी नारदलाई पर्वती जीले सोधीन् र प्रश्नैहरु। विशादी कीन उत्पत्ति हुनगयो भन्नु हवोस्फेर अरु ॥४५॥

भन्छन् नारदले यथार्थ अहिले विशादिको वर्णन। हिउँले भरीपूर्ण पारी पहिले पर्वतमाहाँ छर्कन। छर्किदा फीजले त दुःखीत भयो पर्वतहरु छन् जति। शक्ति पार्वतिको मिल्यो त्यसघरी उत्तपत्ति भैगो त्यति ॥४६॥

सोहि औसरमात पर्वत सबै हिमादि बर्षा भयो। ढाक्यो सब हिउँले चराचर
सबै रक्षा सबैको भयो। हिउँले सब ढाकीदा वीस गयो पर्वत् किनारामाहाँ।
त्यसले उत्पत्ति भो समस्त विसको वृक्षादिकै साथमाहाँ ॥४७॥

वृक्षादिहरुमा पनि विश हुने अमृत तिनैले दिने। सारा रोगहरु नीभाई तिनले
आनन्द पारी लिने। बाल्यैकाल महाँ ति पार्वती जीले रक्षार्थका खातिर।
शिव नाम जपि सदा तिनी रहीन् श्री पार्वती आखिर ॥४८॥

त्यस्ता रुप सीतले सदा दिन दिनै श्री पार्वतीले पनि। शिव नाम जपी तपस्
गरी रहिन् नदि किनारमा अनि। आई नारद दर्शनै गरी लिए श्री पार्वतिको
जसै। सोधे पर्वत राजले ऋषी जीमाआनन्द मानी तसै ॥४९॥

कुन कारण कुन कामले ऋषीमुनी पाल्नु भएको भनि। पर्वतका यी कुरा
सुनेर ऋषीले भन्दा भएयो अनि। दर्शन पार्वतिकोत गर्न म कनै आइ रहेछु
याहाँ। द्यौताहेरु मिलि सबै यस घरी गर्छन् प्रशंसै बाहाँ ॥५०॥

सोहि रुपछ देवता सकलमा श्री पार्वातिमा पनि। सर्वेश्वर शिव रुप हुन्
सकलका साक्षात् स्वरुपी भनि। द्यौताहेरु महर्षि सिद्धि जनले गर्ने सदा
कीर्तन। भोला शंकर आई दर्शन दिनन् खुशी गराई मन ॥५१॥

पार्वति सीतको विवाह हुन गै श्री शम्भुले यस घरी। शिव पार्वति नामले
सब जगत् भक्ति र प्रेमले गरी। तिम्री पुत्री यी पार्वती हुन गईन् दर्शन गरुलौ
भनि। शक्ति रुप भनि जानी लेउ तिमीले शक्ति स्वरुप हुन यीनी ॥५२॥

भन्छन् नारद लौ हीमालय जीमा राजन सुनीलेउ भनि। सति देवी भनेर जान
तिमीले यज्ञादिमा फेर अनि। हाम फाली कन प्राण त्यागी ति सति आएर
जन्मै लिई। पुत्री पार्वती भै सदा तिमी उपर बस्ने सदा मन दिई ॥३॥

यस्ता वात गरेर नारद गए श्री पार्वतीले पनि । पृथ्वीमा शिवको त नाम जपीफेर होम गर्न लागिन् अनि । यज्ञ रुपशिवको जगत् हुन गयो पर्वत् सरी देवता । देख्दामा सवले अचम्म हुन गो महर्षि साथ देवता ।।५४।।

पर्वत्का विचमात अग्नि सहितै सस्रास्र धेरै थरी । निक्ल्यो अद्‌भुत रुप भूमी तलमा रातो छ वर्णन सरी । रक्त वर्ण भनेर जानी सबले यज्ञादिकै खातिर । भूमीपुत्र भनेर मंगल भनि नामै रह्यो आखिर ।।५५।।

भन्छन् ब्रह्म महर्षि नारद भनि श्री पार्वति को गति । पिता साथमहाँ त आठ वरषै वस्ती भईन् पार्वति । आरम्भै नव वर्षको हुन गयो तप् गर्नका खातिर । साथीका सँगमा ति पार्वति गईन् भक्ति लिई आखिर ।।५६।।

नाना कर्म गरेर ज्योति शिवको तन् मन् बचनले गरी । गर्दामा तप त्यो प्रशन्न हुनुभो श्री शम्भुले त्यस घरी । तपले पूर्ण गराई शम्भु रुपले श्री शक्तिले त्यस घरी । ब्राह्मण क्षेत्रीय वैश्य शुद्रहरु सब जम्मा भए छक्परी ।।५७।।

पूजा पर्वत राजले गरी लिए मालिक यीनै हुन् भनी । शिवैका समीपै गएर गिरीले विन्ति गरे यो पनि । त्रैलोक्या धी पति चराचर जगत् शिरमाथी गङ्गालिने । भक्तै खातिरमा प्रशन्न मनले आएर दर्शन निदने ।।५८।।

यस्ता बात गरेर पर्वत उपर आज्ञा प्रभुको भयो । जाउँला तिमी हामी राज महलमा भन्ने हुकुम भै गयो । गिरी राज र पार्वती शिव सहित् दरवार गए त्यै घरी । उत्सव भो सव राज्यमा प्रभुजीको दरवार पुगेका घरी ।।५९।।

ब्रह्माजी सव भन्नुहुन्छ ऋषीजी नारद सनीलेउ भनि । भन्छन् श्री गिरी राजले शिव उपर भक्ति हजुर कै पनि । पुजानित्य गरेर नाम प्रभुको जप्थीन् ति कन्या जसै । भक्ति पूर्वकले ग्रहण गरी लिनोस् खुशी भई यी तसै ।।६०।।

यस्ता बात सुनेर पार्वती जीको श्री शम्भ खुशी भए। यौवन रुपकी पार्वति त्यहि थिईन् आनन्द मानी रहे। यौवनमा अति पूर्ण चन्द्र सरीको रुपै थियो सुन्दर। आसक्तै भई हेर्दथे सव त्याहाँ श्री पार्वति खातिर ॥६१॥

यस्ती पार्वतिलाई देखि शिवले आनन्द पारी मन। थिईन एक शक्ति प्रशन्न मनकी श्री मेनका जन्मन। आई रुप धरेर पार्वति भईन् साथमा बसेकी यी हुन्। सोहि सत्य बनाई आई अहिले पत्नि भई बस्दछिन् ॥६२॥

कर्मैले मनले र फेर वचनले सत् भावले भक्तिले। सत्यै जानी पुरुष चिनेर अहिले आईन् बढो प्रमेले। भन्दैमा शिवजी खुशी हुनभयो पर्वत् जीका साथमा। धन्यै हुँ म हजुरले यस घरी ता आज्ञा गरेको ममा ॥६३॥

भन्छीन् पार्वती हे प्रभो म अहिले तप गर्न कै खातिर। शंकर रुप भनेर सम्झी मनले गर्थे तपस्या पर। सिद्धै भो तपको यथार्थ जाति हो कर्मै विशेको फल। कर्मैको गतिले त भाग्य पनि जो ज्ञान शक्तिको नै फल ॥६४॥

यस्ता बात सुनेर पार्वतिजीका श्री सैलराजले पनि। हात जोडि शिवका नगीच गईफेर भन्दा भए यो अनि। जस्ले दर्शन गर्न खातिर याहाँ हजार वर्षै भरि। तप गर्छन् प्रभुको र दर्शन हुने देवा धी देवयो घरी ॥६५॥

साथैमा शीव पाएँ आज पूर्ण हुनगो सम्पूर्ण कर्मैहरु। सारा कर्म र धर्मपूर्ण भईगो थिए सवै चिजहरु। सारा राज्य पवित्र सव हुनगयो ब्रह्मादि द्यौता याहाँ। खुशी छन् सव देवता उपरमा भक्ति गरेको महाँ ॥६६॥

प्रेमैले गरी पार्वति शिव रहे द्यौता हरुले पनि। सोधे प्रश्न प्रभो बताउन हवोस् उद्धी गरेको पनि। ईन्द्रादि सव देवता दुःख दियौ त्यो तारका सुरले। मार्नु भो शिवले ति दानवहरु आफ्नै ठुलो नामले ॥६७॥

को हुन् तिन कन तारका सुर प्रभो भन्नुहोस् शंकर। सेधे प्रश्नति देवता सकलले उत्तर दिने शंकर। ब्रह्मपुत्र मरीची जान अहिले तिन्का त काश्यप भए। काश्यप कात श्री ज़ातित तेह्र हुन गै दक्षादिमा गावीगए ॥६८॥

दक्षै पुत्र भएर जन्मन गए तितारका सुर जसै। दोस्रोमात हिरण्य कश्यप भए विरादिमा फेर तसै। हीरण्यक्षत भाई दुई हुनगै दुखादि धेरै दिए। नारायण रुपलेत विष्णु भगवान् औतार धारी लिए ॥६९॥

हिरण्यक्षत मार्नु भो प्रभुजीले भक्ति गरे आखिर। प्रभुकै रुपता शरीर हुन गो फ्याँकीदिए क्वै पर। पेटैका सव आन्ध्राको त्यसघरी माला सरी धार्दिए। द्रब्यै पर्वतमा भयो र प्रभुले पूज्यै समेत् गर्दिए ॥७०॥

पर्वतमा गई धातुको रुप भयो देखि हिरण्यक्षको। बज्रोत्पति गराई दानव ठूलो उत्पत्ति भो यक्षको। तारकाक्षर तारका सुरभयो नामै त तिनको यहाँ। तेजैले तिनले जिति सब जगत् देवाधी कै साथ्महाँ ॥७१॥

ब्रह्माजी सव भन्नुहुन्छ सुनीलेउ श्री बज्रनाभको अव। तिन्की पत्नि पनि वराङ्गी भनि फेर नामै थियो लौ तव। तिन्कै गर्भ महात दानव ठूलो जन्म्यो वराङ्गत् पनि। वायुकै सरी तेजीलो हुन गयो सम्पूर्ण जीत्छु भनि ॥७२॥

ईन्द्रादि सव देवता सकलमा अत्यन्त दुःखै दियो। थिए सिद्ध महर्षिहेरु सवमा दुःखी गराई लियो। देवाधीहरुको त वाहन सवै खोशी लिए थे जसै। विष्णुका सँगमा गए सबजना भन्दा भए यो तसै ॥७३॥

हेनारायण भक्ति भाव प्रभुको रक्षार्थ कै खातिर। दानवले दुःख धेर दिए यसघरी उद्धार गर्नुस् अब। यस्ता वात सुनेर देव सवमा आज्ञा भयो लौ अब। भक्ति श्री शिवको गरेर रहनु उद्धार होला तब ॥७४॥

श्री नारयाण भन्नुहुन्छ सबमा हे देवता लौ याहाँ। सोहि राक्षसकात पुत्र तिन
फेर जन्मे वडा वीर त्याहाँ। पुत्रै देखि वराङ्ग नै खुशी भए जन्मे ठुला वीर
भनि। तारकाक्षर तारका सुर अनि विद्युत माली पनि ॥७५॥

शुक्ल पक्षकी चन्द्रमा सरी बढे तिनै भए वीर पनि। ब्रह्माको तप गर्न खातिर
गए गङ्गा किनारमा अनि। खाँदै कति नखाई कत्ति नसुती दुखादि धेरै सहि।
ब्रह्माको तप गर्दथे ति तिनले खाली जमीनमा रही ॥७६॥

दश हजार वरषै व्यतित हुन गयो ब्रह्माजी आए उहाँ। देखे दानवले परे
चरणमा पस्रेर दाउमाहाँ। आज्ञाभो प्रभुले ती दानउपर ईच्छा भएको वर। जो
ईच्छा मनमा छ सो अव कहु दिनेछु सोहि वर ॥७७॥

यस्ता वात सुनेर दानवहरु हर्षाक्षु धारा गरी। पायौ दर्शन आज बल्ल प्रभुको
आनन्द भो यस् घरी। भक्ति बक्सनुहोस् सदा हजुरमा चरण विशे शिर
रहोस्। प्रेमैले गरी कर्म खातिर सबै तन् मन प्रभुमा हवोस् ॥७८॥

यस्ता वात सुनेर दानव उपर आज्ञा भयो फेर अनि। हे दानव अरु मागीलेउ वर
दान ईच्छा भएको पनि। ब्रह्माको वचनै सुनीकन त्याहाँ दानवहरु भन्दछन्।
हे पीतामह वर अजेय दिनुहोस् दानै लिनेयोछ मन ॥७९॥

यस्ता वत सुनि पीतामह जीले आज्ञा गरे यो अनि। आयु पूर्ण भएपछि म
पनि फेर जानु छ छोडी भनि। यस्ता वात सुनेर दानवहरु देखाउँदै तिनपुर।
तिनै ठाउ लगेर राखी दिनुहोस् रहुन् सदा ति पर ॥८०॥

आयुमा सव कार्यहेरु तिनमा दानवहरुको हवोस्। यीन्को नाम भएर
हामीहरुको नामै गराई देवोस्। स्वर्ण पुर रजतै र लोह पुरको नामै रचे
ब्रह्मले। राखे स्वर्ग र मर्त्य पातालमाहा तिन पुरकै नामले ॥८१॥

भन्नुभो प्रभुले ति दानवमाहाँ तिन पुरकै आदर। आयु पूर्ण हुनेछ त्यै घरीमाहाँ
तिन पुर नास्ने सर। कल्पै एक त पूर्ण हुन्छ विचलौ तिन पुर जम्मा हुने।
नीमेश एकत कैत जोडिन गई पूर्णै गराई दिने ॥८२॥

तेसै औसरमा गएर जसले एक बाणले नै सब। नास्ला मार्ने त तेहि हो
क्षणमाहाँ दानव हरुको सव। वरदान यस्रीत को लिए त्यसघरी ब्रह्माजी
देखिन् अनि। सारा पृथ्वी नै जीतेर तिनले राज्यादि गर्छौं भनि ॥८३॥

स्वर्गैको अमरावती जीती लिए ति तारका सुरले। दिए दुःख अनेक देवहरुमा
दुष्टादिकै भावले। ईन्द्रादि सव देवताहरु गए छाडेर जंगल तिर। महर्षिहरुमा
भयो दुःख ठुलो जम्मा भए आखिर ॥८४॥

ऋषी सिद्ध महर्षिहेरु सवछन् ब्रह्माजीका साथमा। दुःखै सव जनले पुकार
गरी दिए ति देवताले त्याहाँ। ब्रह्माले पनि भन्नु भो तिनी उपर सक्दिन नास्नै
भनि। श्रीनारायणका समीप अहिले जाऔं सबैलौ अनि ॥८५॥

यस्ता वात सुनेर देवहरु सव ब्रह्माजीका साथमा। महर्षि सव देवता दुःखीत
भै जाँदा भए विष्णुमा। ईन्द्रादि सव देवता र ऋषी गण ब्रह्मादि द्यौता पनि।
विन्ति धेर गरे प्रभो हजुरले उद्धार गर्नोस् भनि ॥८६॥

दानवहेरु मिलेर हामीहरुमा दुःखादि धेरै दिए। स्वर्गैको पनि राज्य सव
जीति लिए सम्पूर्ण दुःखै दिए। यस्ता बात सुनेर देवहरुको श्री विष्णु भन्छन्
अनि। मैले नै पनि सक्दीन यसघरी उद्धार गर्नै भनि ॥८७॥

संहार यस् सुरको अवश्य पनि लौ श्री शम्भुले गर्दछ्न्। भक्ति श्री शिवको गरुँ
सव मिली सारा घुमी हिंड्दछ्न्। संहार रुप भई सदा शिव गई दानवहरुको
सब। सारा दानव नाश गराई प्रभुले उद्धार गर्लान् अब ॥८८॥

ब्रह्माकानगीचै महा जव थिए ति ईन्द्र आफै पनि । भक्ति श्री शिवको गरे
त्यसघरी कामादि जीत् छु भनि । थिए एक अगाडी रुद्र मतिनै वसन्तकै
साथ्माहाँ । आए ईन्द्र र काम देव दुईटै ईन्द्रीदिको साथ माहाँ ॥८९॥

भन्छन् ईन्द्र पनि गएर अहिले यै काम गर्नु पऱ्यो । द्यौताहेरु यी काम देव
रुपले भुवार हर्नु पऱ्यो । पृथ्वीको अब रक्षा गर्नु छ याहाँ श्री शम्भुकै साथमा ।
मारी दानव राजलाई अहिले सस्म्रादिता शम्भुमा ॥९०॥

यस्ता वात गरेर ईन्द्राजी गए सव देवता साथमा । काम देव गएर पूर्ण गर लौ
ईन्द्रादिका साथमा । ब्रह्माले पनि भन्नुहुन्छ सुनीलेउ सारा जगत् यो घरी ।
काम देव गएर पूर्ण गर लौ चाँडो अगाडि सरि ॥९१॥ (दोहा)

श्रीकाम देवले गई शम्भुजीको । ऋदयमा गैत प्रवेश गरेको । श्री शम्भु मोति्
भई धेर त्याहाँ । वसन्तकै सृष्टी गराई याहाँ ॥९२॥

सम्पूर्ण मोहित भएर पैले । रुख वृक्षको फूल फूले सवैले । राम्रा पतका
ध्वजा तुल्य ताहाँ । पत्ताहरु देखि लिएर याहाँ ॥९३॥

अत्यन्त मोहित सुशोभितै भो । शंकर बसन्तै सीत खुश् हुनुभो । वसन्तकै
साथ ति काम देव । श्री शम्भुका साथ प्रवेश गरेर ॥९४॥

सारा जगत् पूर्ण गराई पैले । मोहित भए शम्भु यथा क्रमैले । ईन्द्रादि देवका
गई साथमाहाँ । वस्दा भए रक्षक भै सबैमा ॥९५॥

देवाधी देवको जव साथ मिल्यो । महर्षि सारा त खुशी हुनुभो । दुष्ठादि
जनको भय त्रास गैगो । श्री शम्भुको भैरव रुप भैगो ॥९६॥ (दोहा)

ब्रह्माले त्यहि भन्नुहुन्छ शिवको संक्षेपले वर्णन । हे नारद तिमीलाई भन्छु
सुनलौ श्री शम्भुको वर्णन । यस्ता वात सुनेर नारद पनि भन्छन् पिता जी
भनि । आज्ञा गर्नु हवोस् सवै शिव लिला सुन्ने छ ईच्छा पनि ॥९७॥

कामाभक्ती भए सदा शिव पनि क्रोधादि तुल्यै भए। बाटो जंगलको हिमालय उपर श्री शम्भु जाँहा भए। भक्ति श्री शिवको गरी त्यसघरी श्री पार्वती थिन् जहाँ। पुग्नुभो शिव त्यहि पर्वत उपर गङ्गा कीनारामाहाँ ॥९८॥

थिए चञ्चल चित्त शंकर त्यहिँ ध्यानमा बसेथे जसै। आसन डगमग भो उसै वखतमा श्री शम्भुको झट् तसै। कस्ले आसनमा त डगमग गरी कामातुरै भैगयो। विचार गर्नुभयो थिईन् तपी त्यहिं श्री पार्वति देख्नुभयो ॥९९॥

शक्ति रुप थिईन् सदा शिवजीको श्री कामदेवले पनि। दिएछाडी ति शम्भुको ऋदयमा भेट भो दुवैको भनि। सारातेजहरु गए त्यसघरी श्री शम्भुका जो थिए। काम देव भनेर जानी शिवले मार्ने ईराधा लिए ॥१००॥

धनुर्वाण चढाई अस्र शिवले ति काम देवमा पनि। हाने मार्छु म काम देव भनि ता शक्ति मिलिगो अनि। अमोघ अस्र थियो ति शंकर जीको ती काम देव हातमा। जाई रक्षक भै गयो त्यसघरी ति काम देव साथमा ॥१०१॥

देख्नुभो प्रभुले पनि त्यसघरी क्रोधाग्नि तुल्यै भई। तिनै नेत्र त्याहाँ सबै खुलि गए अग्नि स्वरुपले गई। दग्धै पारी दियो चराचर जगत् धन द्रव्य नाशै भयो। भण्डार सव जनको सुकाई दिनुभो तिन् नेत्र हेर्दा तयो ॥१०२॥

लिए श्री शिवले सबै धनहरु तिन नेत्रका तेजले। सारा भस्म गराई रुद्र रुपले ती काम देव मादिए। सारा देवहरु मिले त्यस घरी विन्ति गरे हे शिव। काम देवत मार्नु भो यसघरी दुःखी भयौ लौ अब ॥१०३॥

यस्ता बात सुनी सदा शिवजीले तीन नेत्र चिम्लीगए। फिक्री कत्ति नमान देवगण हो भन्ने बुझाई दिए। होला श्री प्रभुको अवश्य अवतार श्री कृष्ण नामले पनि। छोरा भैकन जन्मिने ईनी हुनन् आएर यिन्ले अनि ॥१०४॥

हे नारद तिमीलाई भन्दछु सबै श्री शम्भुको वर पनि। नारायण प्रभुको अवश्य अवतार श्री कृष्णकै रुप् भनि। प्रख्यात् भै सबमा चराचर जगत् श्री कृष्ण नामले गरी। रुक्मीणी सुत भै हुनन् पुरुष एक छोरा तिनैका गरी ॥१०५॥

इनकै आदरले त सम्बरा सुरै मारेर पत्नि पनि। रतिलाई लिई गएर यीनले श्री द्वारकामा पनि। यस्ता बात सुनेर देव गणले आनन्द माने अति। अग्निकै रुप तुल्य भो शिवजीको श्री शक्तिकै रुपति ॥१०६॥

वरदान दि सवमात शंकर जीको मुखमात अग्नि रह्यो। यज्ञैको गरी वासना त्यसघरी सारा हटाई दियो। आए सागर दर्शनै गरुँ भनि श्री शम्भुकै साथमा। शक्तिका रुप देखि जन्म नगए नन्दी र भृङ्गी त्याहाँ ॥१०७॥

थिए देवहरु मिले सवजना खुशी सबै ति भए। खुशी भैकन अग्नि शुद्ध गरीयो शक्ति शिवैमा दिए। पृथ्वीका सब दुष्टहेरु जनको संहार हुँदो भयो। थियो भार सबै हरण गरी दिए किर्ति प्रभुको रह्यो ॥१०८॥

भन्छन् नारद हे प्रभु हजुरले ति काम देवको पनि। सारा भन्नुहवोस् पीतामह भनि सुन्नेछ ईच्छा अनि। काम देव गराई भस्म शिवले शब्दै भयंकर गरे। सारा शक्तिहरु मिलेर शिवले श्री पार्वतिमा परे ॥१०९॥

पिता पार्वतिका हिमालय पनि दुखीत भएथे जसै। लागिन पार्वति रुन ति त्यसघरी देखि पीताजी तसै। भन्छीन् पार्वतिले सखी सीत गई दुःखीत भएकी मछु। पिता दुःखीत भै सदा रहनुभो विस्तार म यै गर्दछु ॥११०॥

विस्तार पूर्वकले पीता उपरमा ज्ञान भक्ति सारा दिने। राज्यैको पनि तप हरण गरी लिने सबको सहारा हुने। यस्ता कर्महरु पीता उपरमा गर्लान् ठूलो आदर। हे साथी सँगी हो सदा तिमीहरु भक्ति प्रभुको गर ॥१११॥

पर्वत राज पनि त पार्वति जीमा भन्छन् ठूली हौ तिमी । तिम्रा छन् जति साथीहेरु अहिले पुज्यै हुने छौ तिमी । भक्ति श्री शिवको गरेर रहने आदि भवानी भई । बस्छ्यौ पार्वति नामले यसघरी श्री शम्भुका पास गई ।।११२।।

यस्ता रुप शितले ति पार्वति पनि गङ्गा किनारा माहाँ । तपका खातिरमा गईन् अचल एक थियो अद्रिश्यै जहाँ । कालीको रुपलाई धाराणगरी बस्दा भयो खल्लबल । पर्वत राजहरुमात दानवहरु आएर गर्छन् बल ।।११३।।

पर्वत राज गीरीमा प्रकट हुनुभयो साक्षात् स्वरुपी शिव । साक्षात् रुप शिव साधुको हुन गयो हातमा छ सस्रै सब । सस्रै युक्तति साधु देखि कन ता श्री शैल राजले पनि । सारा प्राणीहरु परे शिव उपर शुन्यै छ संसार भनि ।।११४।।

रक्षा गर्नुहवोस् परे शरणमा अज्ञान कै खातिर । दुःखी भै मत बस्दछु हजुरमाको हौ तिमीलौ पर । देख्छु रुप त साधु को यसघरी हातमा धनु तेजीलो । को हौ तिमी वताउ लौ यस घरी सारा जगत्को भलो ।।११५।।

यस्ता बात सुनेर पार्वतीजीले पीताजीका साथ्माहाँ । सल्यैरुप धरेर आज मईले गर्छु प्रतिज्ञा याहाँ । क्रोधैले गरी काम देव शिवले भस्मै गराई दिए । श्री रुद्रै रुपले चराचर जगत् उद्धार गर्दा भए ।।११६।।

गर्छुलौ शिवको तपस्या अहिले रक्षार्थ कै खातिर । भन्दै पार्वतिले गरीन तप ठलो श्री शम्भूकै आखिर । एकान्त स्थलमा रहि तप गरीन् कैलास बासी शिव । दर्शन भो शिवको ति पार्वति उपर खुशी भएथे सब ।।११७।।

ईन्द्रादि सव देवता कलले भक्ति र प्रेमले गरी । गाए कीर्तन शम्भुको त्यसघरी भन्छन् सहश्री हरि । आज्ञाभो शिवको ती विष्णु भगवान् साथ्मा रहि लौ यहाँ । जाई पर्वतराजका हजुरमा बस्नु सधै साथ्माहाँ ।।११८।।

यज्ञै खातिरमा सदा शिवजी छन् साधु र ब्रह्मण लिई। आए साथमाहाँ सबै
हजुरका दरवार मा मन दिई। विहा पार्वतीको गराई भगवान् श्री विष्णु आफै
पनि। आएका छन रुद्रका हुकुमले पूर्णै म गर्छु भनि ॥११९॥

जुन रुपले गरी कम देव शिवले संहार गर्नु भयो। कामैले गरी क्रोध उत्पत्ति
हुने क्रोधाग्नि पूर्णै भयो। क्रोधैले गरी मोह पार्दछ भने मोहादिले नर्कमा।
सारा मोह र द्रोह पार्दछ जउन प्राणी विशे अंङ्गमा ॥१२०॥

यस्ता वात सुनेर शंकर जीको ईन्द्रादि देवैहरु। खुशी भै कन प्रार्थना गरी
लिए धेरै वयान क्या गरुँ। थिए ब्राह्मण सिद्ध नारदहरु ब्रह्मर्षिहेरु पनि।
दर्शन् श्री शिवको गरेर ति गए पूर्णै भयो लौ भनि ॥१२१॥

ब्रह्माजी पनि भन्नुहुन्छ सुनिलेउ नारद जी ऐले भनि। कास्यपादि थिए महर्षि
मुनीती आएर भेटे पनि। भक्तिले शिवमात सो धनी गरे त्रैलोक्य धारी प्रभो।
वेद रुप रहेछ शक्ति शिवको त्रैलोक्य कै रुप भो ॥१२२॥

वेदै नाश भएर जान्छ जगमा श्री शम्भुकै कारण। शक्तिहीन भएर जान्छ
जगको जानीलिनु तत् क्षण। वैदिक रुप शिव होर वेद ध्वनी हो श्री शम्भुकै
बात भो। कर्मैले गरी मिल्छ शिद्ध जनमा यो बात सत्यै भयो ॥१२३॥

यस्ता वात सुनेर श्री शिवजीका महर्षि खुशी भए। दर्शन श्री शिवको गरेर
तिनीता फर्केर जाँदा भए। स्वर्गैमा पुगी ईन्द्रका हजुरमा सारा गरे वर्णन।
महर्षिहरुले सबै सुनीलिए थिए त्याहाँ जो जन ॥१२४॥

कर्मैले मनले र फेर वचनले नाना विधानले गरी। शक्ति श्री शिवको र वेद
गतिको जानी लिए त्यसघरी। वेदैको गतिलेत कर्म गतिको सृष्टि गरेथे
जव। गोत्रादिहरुमा महर्षिहरु सब प्रख्यात भएथे तब ॥१२५॥

उत्पत्तिहरुमा सबै जनहरु ब्रह्मर्षि देखि हुंदा। उनकै नाम लिएर गोत्र बनियो पुर्खादिमा सर्वदा। बंसै बृद्धि भएर आज उनकै छोरा र नातिहरु। कर्मैले गरी आज पूर्ण हुनगो पुर्णै व्यवहारहरु ॥१२६॥

थिए सिद्ध महर्षिबार सयता तिनकैत नामले गरी। सृष्टि गर्न भनेर ति खटि गए वर्णास्र मैले गरी। वर्णाश्रम विचमात शक्ति शिवको चल्दै गएथ्यो जब। गात्रैले गरी कर्म चर्चित भयो यज्ञादि मा गै तब ॥१२७॥

नन्दि भृङ्गी र देवगण सब त्याहाँ जम्मा भए त्यसघरी। गाए कीर्तन शम्भुको त्यसघरी येग्यै स्वरुपले गरी। बाजा ढोल् नगरा बजे जब त्याहाँ द्यौताहरुले पनि। लावा पुष्पहरु समर्पण गरे पूर्णे गरौंला भनि ॥१२८॥

उत्सवले गरी पूर्णता हुन गयो त्यो यज्ञ को काम पनि। शक्ति रुपत लक्ष्मि दर्शन भयो ऐश्वर्य दिन्छु भनि। गङ्गाजी पनि आई दर्शन दिईन् द्यौताहरुमा जसै। स्नानै दान र पुण्य होमहरुमा मिल्नेछ दर्शन् तसै ॥१२९॥

हे नारद तिमीलाई भन्दछु सबै श्री शम्भुको आदर। यज्ञादिहरुमा सदाशिवजीको भक्ति ठूलो सादर। गायत्री जप मार भक्ति रसमा विघ्नादि हेरु हुँदा। भक्तिले गरी शुद्ध हुन्छ शिवको नामै लिनु सर्वदा ॥१३०॥

गायत्री पनि वेद हो शिवजीको शक्ति स्वरुपी भनि। तेज रुपत रुद्र रुप तीनमा श्री शक्ति का रुप पनि। ज्ञानकै खातिरमा सरस्वती भनि श्री शक्तिलाई त्याहाँ। ज्ञानैले गरी मिल्छ भक्ति रस सब जानी लिए चित्तमा ॥१३१॥

यस्तै रीत सीतले सदा शिवजीको दर्शन गरी पार्वती। भ्रदा भक्ति अनन्त रुप शिवमा बस्ती छँदि ति सति। नारायण रुप देखि भक्ति रसले हिमालयै ले पनि। पर्वत राज र मेनका सहितमा भन्छन् ठुला ति मुनि ॥१३२॥

तिन्लोक चौध भुवन सबै बसलिने त्रैलोक्य नाथको याहाँ। दर्शन खातिरमा हिमालयजीले चिन्तन गरे मन्माहाँ। दर्शन पाई ति पार्वति पनि सदा पूजा गरी नाथको। भक्तिले शिव प्रार्थना गरी लिईन् दर्शन मिल्यो शम्भुको ॥१३३॥

विवाहै गरी बक्सीयोस् हजुरले हे नाथ ऐले याहाँ। ब्रह्मर्षिहरु धेर छन् हजुरका यज्ञादी गर्ने माहाँ। ब्रह्म कर्म गरेर वेद विधिले यज्ञादि गर्दा हुँदि। सारा शक्तिहरु अवश्य मिलछन् कर्मै गरेका हुँदि ॥१३४॥

यस्ता वात सुनेर पार्वति जीका श्री शम्भु भन्छन् त्याहाँ। माग्नैलाई तिमी कनै कठिन भो श्री शैल राज साथमा। माग्नै खातिरमा म जान्न सुनिलेउ यो बात साँचो भनि। भन्दामा शिवले सुनिन् सब कुरा श्री पार्वतीले पनि ॥१३५॥

ईन्द्रादि सब देवता त्यसघरी श्री पार्वतिले पनि। डाकी आदरले भनिन् सब कुरा यस्तो भयो लौ भनि। दन्दि भृङ्गी र भूत भैरबहरु महर्षिहेरु त्याहाँ। डाकीन् पार्वतिले ति ब्रह्मणहरु गन्धर्व सारा माहाँ ॥१३६॥

नाचगान बजान अदि सवले गाएर कीर्तन पनि। बाजा खुब सबै बजे जनहरु हर्षित भएथे अनि। कीर्तनको प्रभुको आवाज अति ठुलो सम्पूर्ण जनले गरी। ईन्द्रादि सव देवता त्यसघरी आए विमानमा झरी ॥१३७॥

महर्षिहरुले पनि त्यसघरी गाए जसै कीर्तन। पुष्प वृष्टि भयो सबै जन उपर आकाशमा गै कन। कैलास बासी जनै सबै त्यसघरी हिमालयैमा गए। बृद्ध ब्राह्मण भेष धारी शिवले प्रस्थान गर्दा भए ॥१३८॥

जाई पार्वतिका समीप शिवजी नाचे खुशी भैकन। चिनीन् पार्वतिले सदा शिव भनि थिए सबै सज्जन। जाई पार्वति जीपीता उपरमा भन्दि भईन लौ अब। ब्राह्मण भेष धरी सदा शिवपनि आई रहेछन् अब ॥१३९॥

नाच्नैलाई भनि सदा शीव पनि डम्फु बजाई कन । सारा ब्राह्मण साथमा शिव रहे आनन्द पारी मन । भन्छिन् पार्वति जी पीता सित गई डाकेर ल्याऔ याहाँ । कन्यादान् गरी बसियोस् हजुरले तिनका अगाडि माहाँ ॥१४०॥

कन्यादान शिवमा गरेर अहिले उद्धार गर्नोस् भनि । भन्दै पार्वतिजी गईन् समीपमा हिमालयै का अनि । यस्ता बात सुनेर पुत्रीकनता लिएर आउ भनि । भन्दामा शिवमा गए जनहरु आए सदा शिव पनि ॥१४१॥

हात्मा त्रिशुल डम्मरु सहितले वुडो स्वरुपको भई । मागे भिक्षा कमण्डलु उपरमा अत्यन्त खुशी भई । बम्मादेव भनिता जसै अघिसरे भिक्षादिनु होस् भनि । हाँसिन पार्वति ता त्यसै घरीमाहाँ शक्ति प्रकट भो पनि ॥१४२॥

शक्तिले गरी जाई शंकरजीमा ढाकी दिएथ्यो जसै । सारा रुप शिवको प्रकट हुनगयो देखे सबैले तसै । आफ्नै साथमहाँ गएर शिवले दर्शन दिएको हुँदा । भिक्षा खातिरमा त पार्वतिलाई दिएर भन्छन् सदा ॥१४३॥

भिक्षा माग्न भनेर आउनु हवोस् लानु हवोस् पार्वती । भन्दामा शिवकोत निन्दित भयो हाँसे सबै जन अति । हाँसो भो शिवमा भनेर गिरीले भन्नुभयो यो पनि । प्रेमैले गरी पुत्रीता हजुरमा दिया खुशीले अनि ॥१४४॥

यस्ता बात सुनेर पर्वतजीका श्री शम्भु भन्छन् त्याहाँ । पार्वति जब बक्सियो हजुरले धन्यै रहेछु याहाँ । यस्तै रुपमहाँ अनन्त शिवको दर्शन सबैले गरे । हिमालय र मेनका शिवजीका जाई शरणमा परे ॥१४५॥

आज्ञाभो शिवले हिमालय उपर राजन सुनील्यौ याहाँ । विवाह अव गर्नुपर्छ तिमीले वेदै विधान्ले याहाँ । सारा ब्रह्मण देवताहरु सबै डाकेर लेउ भनि । आज्ञा यति दिए सदा शिवजीले डाकिलिए सव अनि ॥१४६॥

काश्यपादि महर्षिहेरु र अरु गर्गादिहेरु सबै। डाके पर्वत राजले शिवजीको विवाहमा ति सबै। आए नारद वेद व्यास र अरु कैलास वासी जन। नन्दि भृङ्गी र साधु सन्तहरु सव जम्मा भए तिन्कन ॥१४७॥

जम्मा भै ऋषीले लिएर दिनता छान्दै गएथे जव। पाए पूर्ण अनन्तको दिन ठूलो गर्गादिले नै तव। साईतकै समयैत काश्यप जीले दिए ठूलो हो भनि। ईन्द्रादिहरुले दिए त्यसघरी सौभाग्य वर्सेपनि ॥१४८॥

यज्ञै रुपमाहाँ त वेद विधिले गर्ने महर्षिहरु। आउलौ अब गर्छु यज्ञ भनिता निम्ता दिएफेर अरु। हिमालय र मेनका समीपमा आए वसिष्ठै पनि। यज्ञै तिन प्रकारका त हुन छन् कुन यज्ञ गर्छौं भनि ॥१४९॥

सोधेथे मुनीले हिमालय उपर भन्छन् ती राजा त्याहाँ। ब्रह्मवेद भनेर यज्ञ छ ठुलो गर्छु म सोहि याहाँ। वेदैमा सब कर्म छन् अति ठूला सिद्धादि माति अति। सिद्धि प्राप्त नभै गरे यदि भने हुनेछ आफ्नो खति ॥१५०॥

भन्दैमा नृपले अवश्य मुनिले तीन कर्मकै आदर। वेद यज्ञ त ब्रह्म रुप हुनगो दिने ठुलो सादर। दोस्रो यज्ञ त तान्त्रिकै हुनगयो संगीत सुनाई दिने। संगीतका भरलेत कर्म गरछन् सन्तान त्यस्तै हुने ॥१५१॥

रुपै तान्त्रिककोत संगीत भयो झार फुक सरी मन्त्र भनन। तेस्तैमा गई बस्दछन तिनीहरु कर्मै तिनैले दिनन। सन्तानमा सुखमात कर्म गतिको भोगादि हुन्छन् सब। भोगैका रुपले बहन्छ प्रकृति जानी लिए वैभव ॥१५२॥

तेस्रो कर्म पनि अवश्य सुनिल्यौ राजन् तिमीले याहाँ। आत्माकै बलले र देह रुपले हुन्छन् अनेकन त्याहाँ। साहित् कर्मत शक्तिकै रुप भयो सन्तान अनेकान् थरी। हुन्छन् तिनकन जानीलेउ तिमीले कर्मै विशेषले गरी ॥१५३॥

यस्ता बात सुने हिमालयजीले यज्ञादि गर्ने जन। ब्रह्म यज्ञ रहेछ वेद विधिको सत मार्गको कारण। सत् कर्मै गरदा र कर्म गतिमा पुत्रादि जन्मै हुँदा। कर्मैले गरी मिल्छ सिद्ध जनमा जानी लिए सर्वदा ॥१५४॥

मनु सख्याता चौध हुन्छ सुनीलेउ सज्जन तिमीले याहाँ। ईन्द्र सावर्णी निमित्त चौध मनुहुन् तिन्कात वसैमहाँ। तिनका साथमा सुकिर्ति सितको विवाह भैगोपछि। जन्म्यो पुत्र अरण्य नाम भनिने निकै प्रतापी पछि ॥१५५॥

राजामा तिनीता अरण्य नृपति प्रख्यात् भएथ जब। भक्ति ति शिवका भए अति ठूला आनन्द भोगे तब। तिनकी पत्नित सुन्दरी अति थिईन् भद्र श्रवानामकी। तिनीमा त सौपुत्र जन्मन गए ईन्द्रादि तुल्यै छ की ॥१५६॥

तिन्कै साथमाहाँत पद्या भनि एक कन्या थिईन् सुन्दरी। गङ्गा स्नान गरेर आउनु भनि बाटा बिचैमा परी। बात्स्यायन ऋषिता त्यहिरुप गरी हेरी रहेका थिए। भेट्भो ति दुईको त बाटो बिचमा स्नानादि गर्दा भए ॥१५७॥

प्रेमैले तिनको विवाह हुनगो स्नानादिकै आदर। गङ्गा स्नान रहेछ कर्म विचमा दिने ठूलो सादर। भक्तिले शिवको गरेर रहदा स्नानादि गर्दा हुँदि। त्रैलोक्य भरिं पूज्य भै तिनी रहे महर्षि कै साथदि ॥१७८॥

भन्छन् पर्वत राज वसिष्ठ मुनिमा अक्षय कन्यामाहाँ। स्नानैको गतिले विवाह सकियो भन्नुभयो फेर वाहाँ। पुत्रादिहरु तिनमा कुन भए सर्वज्ञमा ति धनि। भन्दामा नृपले वसिष्ठ मुनिले भन्दा भए फेर अनि ॥१७९॥

तिनको साथमहाँ भयाङ्कर ठुला दश पुत्र पैदा भए। सिताकै गरी कर्मको फल विसे राज्यादि गर्दै गए। राज्यैमा पनि कर्महिन हुनगो लोभादि बढ्दै गयो। प्रजाहेरु पनि कुमार्ग गतिले दुष्टै बनाई दियो ॥१८०॥

तिनकै साथमाँ त धर्म रुपको औतार हुँदो भयो। धर्मैरुप कन जन्म भैकन पनि आपस्तमा द्रोह भो। द्रोहैले गरी राज्य नाश हुनगो सम्पूर्ण दुःखी भए। पीतृ धर्म रहेन त्यसघरी जउन कुकर्मकै भावले ॥१८१॥

शिव भक्त थिए सदा तिनी जउन श्री सम्भु कै प्रेमले। सम्राट भैकनात पछि तिनी रहे भक्ति गरे प्रेमले। कर्मैको फलमा परेर जनले दुःखादि मानै हरी। सम्झेमा शिवको अपार महिमा दुःखादि जान्छन् टरी ॥१८२॥

भन्छन् ति मुनीले अपार महिमा राजन सुनेउ कर्मको। कुन ईच्छा तिमीमा छ सो अव कहु यज्ञादिमा प्रेमको। धर्मैले गरी वेदका विधि उपर गर्नेछ ईच्छा भने। तान्त्रिक कै गरी वेदका विधि उपर औषध सरीको हुने ॥१८३॥

वरको रुपत शक्ति हुन्छ पहिले श्री शक्ति कै आदर। गर्नुपर्दछ कर्मता वरणीको शक्ति स्वरुपको छर। शक्तिकै सहितैत प्रेम गरनु स्नानादि गर्नु पनी। गङ्गाकै जलले त स्नान गरनु पर्नेछ तिमिले भनि ॥१८४॥

गङ्गा स्नान गराई पाद दुईको धोई दिनु तिन कन। पूजा ति दुईको गरेर पछिता दानै दिनु तिन कन। सङ्खैं रुप शिवमा छँदा हुँदि जउन शङ्खादिकै जल गरी। दिनुदान पनि सद शिव उपर खुशी हुनन् श्री हरि ॥१८५॥

पर्वत राजमाहाँ सवै जनहरु आए विवाहै भनि। शिव पार्वतिको विवाह हुनेभो हेरौं विवाह पनि। गङ्गाजी यमुना नदिहरु सबै एकाई सैनै थिए। आए तिनकन पार्वति शिव उपर विवाह जम्मा भए ॥१८६॥

नन्दी भृङ्गी र आदि शिवगणै आए खुशी भैकन। आए सिद्ध महर्षिहेरु सवतीथिए जति सज्जन। आई यज्ञवनाई वेद विधिले पूजादि गर्दा भए। वसिष्ठै कन यज्ञमा खटि गए आचार्य तिनै थिए ॥१८७॥

विवाह गरनै भनेर सजियो यज्ञ स्थलै जो त्याहाँ। सारारङ्ग विरङ्ग वस्त्रहरु
सब छादन गराए त्यहाँ। मंगलगान ध्वजाहरु सब वजे उत्साह कै रुपले।
लावा लस्कर हात्तिहरु सवछन् ठूलो अति प्रेमले ॥१८८॥

दश हजार कन योजनै लिई गए यज्ञादिको थल पनि। त्यस भित्रै कन मंगलै
भई गयो आए हजारौं मुनि। ईन्द्रादिहरु देवता पनि सवै आएर जम्मा भई।
लागे गान अनेक गर्न शिवको हिमालयैमा गई ॥१८९॥

ब्राह्मणहेरु सबै मिलेर तिनले स्वस्ति वाचनले गरी। वेदकै ध्वनी भयो सबै
जन बीशे त्यो यज्ञ साला भरी। जम्मा भै कनता सवै त्यहिं वसे हिमाल यैले
त्याहाँ। सुनैको कलशै जलै भरी लिए श्री शम्भु साथैमाहाँ ॥१९०॥

कैलाश वासी शिव पनि त्यसघरी सम्पूर्ण जम्मा गरी। ब्राह्मणहेरु र देवताहरु
माहाँ आए सबै ठिक परि। कैलास वासी सवै ति देव गणले श्री शम्भुकै
साथमा। आए जान भनेर शंकर जीको विवाहकै काममा ॥१९१॥

प्रेमैले गरी देवताहरु सबै एक एक जम्मा भए। कर्मै खातिरमा विवाह रुपले
हिमालयैमा गए। आए वृद्ध महर्षिहेरु पनि सव सप्तर्षिहेरु पनि। मातृ पीतृ
र योगहेरु आईले लौ जन्ती जाऔ भनि ॥१९२॥

द्यौता ब्रह्मण अष्ठ मातृ सवले वाहन र सेनालिई। कैलाशमा सव जम्मा
भै कन वसे श्री शम्भुकै साथ दिई। गन्धर्वै हरु नाच्न गाउन भनि आए ति
कैलासमा। दश हजार जति देवता ऋषी मुनी जम्मा भए शिवमा ॥१९३॥

कैलावासी शिवादि देव गणहरु सम्पूर्ण जम्मा भई। कैलाशमा शिवका बसे
नगीचमा आनन्द ताले रई। धर्मै खातिरमा सबै जन बसे श्री शम्भु कै साथ
माहाँ। गन्धवैहरु गान नर्ग भनि पेर आए नगीचै माहाँ ॥१९४॥

नन्दि भृङ्गि र देवगणहरु मिलि गाए जसै कीर्तन। उत्सवले भरिपूर्ण भैकन
हिडे सारा भएका जन। लावा लकर निस्कियो त्यसघरी कैलाश देखिन्
जसै। हेर्नैलाई भनेर देवगण सव आए अगाडि तसै ॥१९५॥

आकाशमार्ग गरी हिडे कति जउन देवर्षिहेरु पनि। शिव पार्वतिको विवाह
हुने भो लौ जाऊ जन्ती भनि। शङ्खै ढोल मृदङ्गहेरु नगरा सारा बजाए त्याहाँ।
नाचे अप्सराहेरु आई शिवका साम्ने अगाडिमाहाँ ॥१९६॥

ब्राह्मण वेदपढे थिए जति त्याहाँ पति व्रताले पनि। स्त्रीजातिहरुले त सादर
दिए लग्नै नवितोस् भनि। नक्षत्रै गणहेरुता जाति थिए आए ति आकाश
माहाँ। तारा गण पनि जाई शंकर उपर बस्दा भए साथ्माहा ॥१९७॥

रुद्र तेज त्यहि प्रकट हुनगयो श्री शम्भुको तत् क्षण। देखिए त्यहि विश्वकर्मा
भनिने येज्ञादि रचना कन। यज्ञै रुप शिवलिङ्गता त्यहि थियो देखे सबैले
पनि। विस्तार सव शिवमा गरे सकलले कस्ले सजायो भनि ॥१९८॥

विश्वकर्मा भनेर एक मईले प्राणी रचेको थिएँ। सस्त्रादि सर्व सृष्टि गर्नु
तिमीले मैले खटाई दिएँ। तिनकै साथ महाँ त यज्ञ बनियो तिनको कृपाभै
कन। यज्ञै तिन कनता बनाई जनले आनन्द भोग्ने छन् ॥१९९॥

सारा देवहरु पुगे गीरी उपर पर्वत् जीका साथ्माहाँ। सृष्टिका जति देवताहरु
पुगे हिमालयैमा त्याहाँ। ईन्द्रादि जति देवता सकल छन् आएर दर्शन गरे।
हिमालय र मेनका शिवजीका आनन्द मा ति परे ॥२००॥

हे शम्भो करुणा नीधान प्रभुको दर्शन भयो सब माहाँ। भक्तिले गरी बक्सियो
हजुरले सवका अगाडि माहाँ। यस्ता रीत सीतले अनेक तरहले हिमालयै
पनि। सबका बिचमाहाँ भने नृपतिले यी हुन जगतका धनी ॥२०१॥

द्यौताका पनि देव हुन् शिवजीता भन्ने सुनाए जब । रुद्रैका रुपमा सदा शिवजीको दर्शन मिलेथ्यो तव। रुद्र रुप शिवको त दर्शन गरी अत्यन्त खशी भए। हिमालय र मेनका सितमाहाँ यज्ञ स्थलै मा गए ॥२०२॥

सारादेवहरु बसे त्यसघरी आएर दरबारमा। भक्तिले गरी दर्शनै गरी लिए हिमायैको त्याहाँ। कुने देवता कुन हुन वताउनु हवोस् हे स्वामि ऐले भनि। दर्शन पाऊँ हजुर भनेर तिनले आईन अगाडि पनि ॥२०३॥

यस्ता वात सुनेर मेनकाजीको भन्छन् गिरी राजति। ऐरावत् चढी आई दर्शन गरे ति ईन्द्र हुन् भूपति। महिषमा चढी जो अगाडि अहिले आएर दर्शन गरे। धर्म रुप यम हुन् भनेर बुझील्यौ आदर त तिन्ले गरे ॥२०४॥

कुन देवता को हुन् ?

विमानमा वसी आई दर्शन गरे हुन् ति कुबैरै पनि। मंगल गान गरेर दर्शन गरे वृहस्पति हुन् यिनी। मातृ गण सवमा सदा शिवजीका पीतृ समीपजो छन्। ति हुन् बोडशमातृका शिवजीका साम्ने अगाडि छन् ॥२०५॥

सारा देवहरु चिनाई पहिले श्री रुद्र काहाँ गए। थिए रुद्र सबै प्रकार रुपका देख्नै कठिन् ति भए। पैरन पूर्ण थियो सबै थरी हरु ती शम्भुका साथमा। भूत प्रेत पिसाच आदि शिवगण सारा थिए अङ्गमा ॥२०६॥

शक्ति रुपति पार्वति पनि थिईन् काली स्वरुपकी बनि। यसता श्री शिवलाई देखि कनता भन्छीन् ति रानी अनि। यस्ता रुप शिवलाई देखि तिनीले लौ दिन्न छोरी अब। भन्दै पार्वतिका समीप चली गईन् ति मेनकाजी तब ॥२०७॥

लागिन भन्न गएर पार्वति तिमी ती रुद्रका साथमा। बस्नैलाई कठिन म देख्दछु याहाँ हेर्दा शरिर आदिमा। यज्ञैका विचमा भयङ्कर भई बस्ने सदादिन जसै। कुन रीतले तिमी बस्दछ्यौ यरी घरी विस्तार बताउ तसै ॥२०८॥

यस्ता वात सुनेर पार्वति त्याहाँ यो वात भन्दी भईन्। तिन लोक का तीत हुन् अधीपति भनि आनन्द पारीदिईन्। रुद्र रुप शिवको अपार महिमा कर्मैं विशे यज्ञमा। वेदैमा गई ब्राह्मणै रुप लिई बस्नेती हुन् साधुमा ॥२०९॥

यस्ता वात भनि बुझाई पहिले श्री पार्वतिले पनि। लागिन् भन्न ति मेनका समीपमा चौधै भुवन का धनी। हे माता अहिले मलाई दिनुहोस् यिनका समीपमा हुँदा। शक्ति रुप भई बस्दछु मकन लौ जानि लिनु सर्वदा ॥२१०॥

यस्ता वात सुनेर पार्वति जीका ति मेनकाले पनि। लागिन् भन्न कसोरी दिउ अहिले पुत्री तँलाई भनि। यस्ता वात सुनेर ब्रह्म पनिता आई अगाडि परे। रुद्रं रुप शिवको भनेर तिनमा सम्पूर्ण विस्तार गरे ॥२११॥

यस्तो रुप शिवमा कदापि कहिल्यै पाईन्न ध्योलौ याहाँ। सोहि रुपत आज देखिन गयो यो यज्ञ साला माहाँ। महाँ पातक पाप नाशक स्वरुप यो जानी लेउ भनि। ब्रह्माकाती वचन सुनेर तिनले भन्दि भईन फेर अनि ॥२१२॥

महाँ पातक कर्म गर्छ जसलेतिनका अगाडि माहाँ। दिनुपर्ने अनर्थ लौ हुन गयो हाम्रा अगाडि माहाँ। यस्ता बात सुनेर मेनका जीका श्री ईन्द्र आए अनि। उद्धार सब जनकोगरे प्रभुजीले भन्ने बुझे लौ भनि ॥२१३॥

सारा प्राणीहरु थिए जति त्यहाँ उद्धार प्रभुले गरे। सोहि काम परि पूर्ण गर्नभनि फेर यो रुप यिन्ले धरे। ब्राह्मणहेरु माहाँ थियो सकल क्लेस सम्पूर्ण शुद्धि गरी। रुद्र रुप प्रभुको त दर्शन मिल्यो सम्पूर्ण बाधा हरी ॥२१४॥

यस्ता बात शिवले सुनेर तिनका श्री मनका साथमा। रुपै सुन्दर काम देव सरिको दर्शन दिए क्षीणमा। सारा देवहरु प्रशन्न मनले आएर दर्शन गरे। ब्रह्मादि हरु ईन्द्र आदि सबले जाई शरणम परे ॥२१५॥

हे शम्भु अहिलेत रुद्र रुपले सम्पूर्णको पाप जति। दर्शन गरीत नासी वक्सन भयो पापादि को भो क्षति। रुद्र रुप शिवकोत दर्शन गरी पूजादि गर्दा माहाँ। सारा शुद्ध भएर भक्तहरु सव पुग्छन् परमपदमाहाँ ॥२१६॥

भक्तिले गरी प्रेमले यस घरी उद्धार गर्नु भयो। संकष्टै पनि मेनका सकलको रक्ष सबैको भयो। रुपै दर्शनले त पाप् सकलको शुद्धै गराई दिने। वेदै साथमाहाँ लिएर अहिले यज्ञै गराई लिने ॥२१७॥

आरम्भै हुन गै गयोअव त्याहाँ यज्ञादिको सिर्जन्। द्यौता ब्रह्मणहेरु जाई सवले गर्दा भए पुजन। द्यौताहेरु मिले सवै त्यसघरी विवाह कै खातिर। पूजा पाठ र यज्ञ गर्न तिनले लाग्दा भए आखिर ॥२१८॥

गङ्गा पूजन भो चतुर्दिक माहाँ प्रत्येक नामले गरी। गायत्रीहरु यज्ञ देव पुजिए वरुण कलशमा परी। ग्राहादिहरु यज्ञमा सव थिए पूजा नृपैले गरे। मंगलले भरिपूर्ण भो सकलता यज्ञादि गर्दा भरे ॥२१९॥

शिव पार्वतिको विवाह हुनमा पैला त श्रीङ्गारको। शृङ्गारै सबले गरे त्यस घरी श्री पार्वती देवीको। कर्मैले गरी वेदका विधि माहाँ यज्ञादि गर्दा भए। कर्मै खातिरले हिमालय जीले पूजादि गर्दा भए ॥२२०॥

यज्ञैमा नृपले स्वरुप शिवको देखेर छक्कै परी। यज्ञै रुप शिव हुन् भनेर तिनले पूजा शीवैको गरी। पुष्पैमाकंरविर जाई कमलै सैपात्री थुगाहरु। जाई आम्रक पञ्च पल्लवहरु जम्मा गराए अरु ॥२२१॥

बाध्यै वादन गान कीर्तनहरु द्यौताहरुले गरे। भोलानाथमाहाँ हिमालय जीले पाउ विशेसीर धरे। मेरो भाग्य माहाँ रहेछ अहिले तिन लोककै मालिक। मेरी पुत्रीत पार्वति लिनु हवोस् उत्तम छ यो साईत ॥२२२॥

वेदैका विधिले गरी कन पूजा आरती गर्दा भए। आरति शिवको गरी कलले
जैकार मनाई दिए। पुजा आरतीलि खुशी हुनुभयो आज्ञा भएथ्यो जसै।
यज्ञादिहरुमात आरति गरी पूर्णै गराउन् तसै ॥२२३॥

विना आरती यज्ञ गर्दछ जनजो उत्वम नभै काम पनि। सिद्धै हुन्न भनेर
जान सवले यो बात साँचो भनि। यस्ता बात शिव का सुनेर सबले गाएर
कीर्तनहरु। आरति सबले गरे शिवजीको विस्तार कहाँ तक गरु ॥२२४॥

यज्ञै खातिरमात पुज्य शिव जी हिमालयै साथ्माहाँ। सारा देवहरु वसे
शिवजीका साम्ने अगाडि माहाँ। भन्छन् ति गिरी राज पर्वत अनि आशन
प्रभुले लिनु। यो सिंहासन गद्दि हो हजुरको प्रेमले ग्रहण गर्दिनु ॥२२५॥

यस्ता बात सुनेर पर्वत जीका खुशी भई शम्भुले। हिमालय र मेनका उपरमा
आज्ञा भयो प्रेमले। कैलास पर्वत मा हुँदा म पहिले यक्षादि सृष्ठि गरी।
शक्ति रुप मईले लिएर त्यसमा बस्दा त पृथीवी भरी ॥२२६॥

दानवहेरु मिले सबै त्यस घरि राज्यै तिनैले गरे। रुद्र रुप मईले लिएर तिनमा
भूभार सारा हरे। खुशी भै सब देवता हरु मिलि त्यो राज्य मैमा दिए। आनन्दै
सित राज्य भोग गरनु लौ लेउ राज्यै लिए ॥२२७॥

सोहि औसरले हजुर अहिले यो राज्य आफ्नो भनि। सिंहासन अहिले
पिताजी लिनुहोस् अम्बर भयो राज् पनि। द्यौताहेरु थिए त्याहाँ जति पनि
हिमालयैमा बसी। रक्षायी सबले गरी हजुरको आनन्द देलान् पछि ॥२२८॥

यस्ता बात शिवका सुनि त्यसघरी श्री गर्ग भन्छन् त्याहाँ। कन्यादान समयै
भयो अब भनि श्री शम्भुका साथ् माहाँ। भन्नुभो शिवले हिमालय उपर दिनु
हवोस् पार्वति। कन्या दान गरि बक्सियोस् हजुरले खुशी भई पार्वति ॥२२९॥

यस्ता बात सुनी हिमालय जिले सुनको करुवा लिई। संकल्पै गरी गर्ग चार्य मुनीलिे तिल कुश हातमा लिई। पर्वत गोत्र भनेर नाम भनि यो प्रवर पनि यो धरे। बरुण पीतृ र तेज स्वरुपको तिनै प्रवरले गरे ॥२३०॥

यस्ता बात सुने सदाशिवजीको श्री शम्भुको तेजले। हावा मन्द गति सुगन्ध सबमा ढाकिदियो बेगले। सोहि औसरमा महर्षिहरुले श्री शम्भको साथमाहाँ। कुन हो गोत्र वताई बक्सनु हवोस् सोधि लिएथे त्याहाँ ॥२३१॥

उत्तर क्वै नदिई सदा शिवपनि हाँसी मुखैले गरी। पिता पर्वत राजका उपरमा हे रे बढो प्रेम गरी। सोहि औसरमा त नारद त्यहि थिए खडा भै कन। लागे भन्न खडा भएर सवमा थिए बसेका जन ॥२३२॥

तिनलोक चौध भुवन् चरा चर जगत् जस्ले त सृष्टि गरयो। यस्ता श्री शिवको त गोत्र किन लौ आवश्यकै यो परयो। वरुणे स्वर लौ यहाँ भनि लियौ श्री शम्भुकै नाम हो। तेजरुप भनि प्रवर पनि लियौ श्री रुद्रकै नाम हो ॥२३३॥

पितृरुप भनि प्रवर तिनगरी संकल्प पुरा गरी। स्वधा देवी त पार्वति यीनिहुन् भक्ति गरे राम्ररी। यस्ता बात सुनेर नारदजीका श्री शम्भु खुशी भए। जानी सत्य वचन ति पार्वति पनि हिमालयैले दिए ॥२३४॥

कन्यादान सकियो क्रमैसित त्याहाँ वेद काविधीले गरी। यज्ञैको विधिता क्रमै सित गरी प्रदक्षीणा राम्ररी। होमै आहुति ता क्रमै सिच भयो पूर्णा हुति भै गयो। सोहि औसरमा सदा शिव उपर श्री शक्तिको रुप भयो ॥२३५॥

शक्ति रुप शिवमा हुँदा सकलले देखेर छक्कै परी। सारा देवहरु महर्षिहरुता आएर दर्शन गरी। रुद्र रुप शिव शक्ति रुप वनियो हेर्नै कठिन भो जसै। ईन्द्राादिहरु देवता सकलले स्तुति गरे फेर तसै ॥२३६॥

सोहि रुपमाहाँत सूर्य र अरु ग्रहादि जम्मै त्याहाँ। देखेथे सबले अचम्म भईगोश्री शम्भु कै साथ्माहाँ। जाई पर्वत राजले स्तुति गरे हे देव विश्वम्भर। तिनै लोक अगम्य मुर्ति तिमी हौ रक्षा सबैको गर ॥२३७॥

साक्षात् रुप शिव शक्तिको र अहिले भुमण्डलैको धरी। त्राहि त्राहि सबै भए यस घरी यो रुद्र तेजले गरी। यस्ता बात सुनेर पर्वतजीका श्री शम्भुले झट् त्याहाँ। शान्ति रुप शिवकोत दर्शन भयो खुशी भए सब उहाँ ॥२३८॥

शान्ति रुप शिवको त देखि तिनमा गङ्गा र लक्ष्मिहरु। ईन्द्राणी सचिता सरस्वति अनि सावित्रि स्वाहा अरु। स्वधा सिद्धि बसुन्धरा सत रुपा श्री देव कन्या त्याहाँ। नागकन्याहरु ता सबै मिली गए श्री पार्वति साथ्माहाँ ॥२३९॥

आए आदरले सवै तिनीहरु ति देव कन्या जति। सौभाग्यै तिनले दिए सकलले खुशी गराए अति। खुशी भै तिनलाई पार्वति जीले आदर गरी राम्ररी। साथी हौ तिमीता सदा यहि रहे भक्ति शिवैको गरी ॥२४०॥

साक्षात् मातृ स्वरुपले सकलमा बस्ने सदादिन भनि। आधा शक्ति भनेर जान तिमीले हुन् देव कन्या पनि। पृथ्वीमा जति देवताहरु त छन् श्री शक्ति कै आदर। हिमालयमाहाँ गएर तिनले दिन्छन् ठूलो सादर ॥२४१॥

यस्ता रुप सितले अगम्य शिवको विवाह पूर्णै भयो। आए सिद्ध महर्षिहेरु सवले उत्सव स्वरुप पूर्ण भो। लावालकर वाद्य वादन सवै गन्धर्व नानाथरी। गाए कीर्तन शम्भुको त्यसघरी द्यौताहेरुले गरी ॥२४२॥

उत्सव पूर्ण भयो सबै तिर त्यहाँ घन्क्यो भुवन मण्डल। द्यौता सिद्ध महर्षिहेरु सबले नाच्ता भयो खल्वल। ईच्द्रादि सबले त दर्शन गरे मालिक यिनै हुन् भनि। यज्ञादिहरुका महर्षिहरुले आशषि दिएथे पनि ॥२४३॥

हे शम्भु सव मा चराचर जगत् रक्षा गरी लौ याहाँ। धर्मै पालन सिद्ध गर्दिनु
हवोस् भूयार हर्दा माहाँ। पृथ्वीमा जति दृष्ट दुर्जन हउन् नाना भरी रुपले।
धर्मै स्थापना गर्दिनोस् हजुरले भक्ति रहोस् प्रेमले ॥२४४॥

यस्ता वात सुनी सदा शिव पनि भन्छन् महर्षि कन। वेदैले गरी यज्ञ गर्नु
तिमीले सिद्धि म गर्छु सुन। कामक्रोध र लोभ त्यागी जनले यज्ञादि गर्ने
जन। पूर्णै भै सब सिद्धि मिल्छ तिनमा भक्ति गरे लौ सुन ॥२४५॥

ब्रह्माजी तब भन्छन् अब भयो विवाह पूर्णै याहाँ। विदामागी लिनोस् प्रभो
हजुरले हिमालयै साथ् माहाँ। ब्रह्माका यी वचन सुनेर प्रभुले लौ हुन्छ
भन्नुभयो। मागेथे प्रभुले विदा नृपतिमा भोजन तयारी छ यो ॥२४६॥

भोजन गर्दिनुहोस् प्रभो सकलले भन्दै अगाडि सरे। जो ईच्छा मनमा छ सो
लिनु हवोस् भन्दै त विन्ति गरे। यस्ता बात सुनेर ति नृपति का लौ हुन्छ खाउ
भनि। भोजन खातिरमात निस्कन गए सारा ति द्यौता अनि ॥२४७॥

ब्रह्मा विष्णु महेश आदि सबले ईन्द्रादि द्यौताहरु। लागे भोजन गर्नलाई
त्यसमा नन्दि र भृङ्गी अरु। आफ्ना आशनमा बसे शिव पनि खुशी गराईकन।
हिमालयले प्रार्थना गरी लिए लिनु हवोस् भोजन ॥२४८॥

यज्ञैमा जति जन थिए सकलले भोजन सबैले गरे। द्यौताहेरु खुशी भई त्यस
घरी आनन्दमा ति परे। खुशी भै नृपति हिमालय पनि द्यौता हरुका बसि।
ख्वाई सब जनलाई पूर्ण गरी फेर खाएउ नै ले पछि ॥२४९॥

भोजनले सबलाई पूर्ण गरीयो विदायीकै खातिर। पूजा श्री शिव पार्वती कन
गरे खुशी भई आखिर। पूजा पर्वत राजले गरी लिए द्यौता हरु को पनि।
ब्रह्मा विष्णु र ईन्द्रा आदि सवमा खुशी गराए अनि ॥२५०॥

सुवर्णे कनता सफेत कपडा नाना थरि भूषण । आकैलौ कनता दिए नृपतिले वस्त्रादि आभूषण । भन्छिन् मेनका जाई पार्वति तिमी धन्यै रहेछौ भनि । द्यौताका पनि देव हुन यिनी यहाँ दिन्छु विदालौ अनि ॥२५१॥

पाई दर्शन आजता कलले तिम्रै प्रभावले गरी । हे देवी तिमी धन्य छौ यस घरी पछौं शरणा यो घरी । यस्ता बात गरेर पार्वतिजिमा भन्छन् पिता जी पनि । बाजाहेरु बजाउ लौ यस घरी उत्सव गरेरै भनि ॥२५२॥

बाजाहेरु बजे भयो ध्वनी ठूलो कौवा त आई गयो । बाजामा तब तेजहराउन गयो आश्चार्य त्याहाँ भयो । धर्मै रुप शिवको त भैरव स्वरुप साथमा रहेथ्यो जसै । भुत प्रेत पिसाच आई शिवमा वाधा पुर्यायो तसै ॥२५३॥

पुजे भैरव रुप वाद्यहरुमा नैवेद्य् दिएथे पनि । लागे बज्न ति वाद्य वादनहरु पायौं त भोजन भनि । यस्ता रुप शितले विवाह शिवको पूर्णे भएथ्यो त्याहाँ । विदा भै शिव पार्वति चालि गए कैला दरवारमा ॥२५४॥

यस्ता रीत् सितले हिमालय जीले विदा दिएथे जब । लावा लस्करमा सदा शिव गए कैलामा नै तब । कैलास वासी ति देवताहरु मिलि ध्वजा पताकाहरु । तोरण आदि सजाई पूर्ण रुपले पाले बसे धेर अरु ॥२५५॥

नन्दिभृङ्गी र भूत प्रेत सबले दर्शन गरुला भनि । लावा लस्कर पुस्प धेर सबले लिएर हातमा पनि । उत्सव धेर भयो सवै त्यस घरी सम्पूर्ण जनले गरी । स्वर्गैमानगरा बजे मुनिहरु उत्सव गरे राम्ररी ॥२५६॥

कैलासमा जति जन थिए सकलले आएर दर्शन गरे । आईन् पार्वति साथमा शिवजीका जाई शरणमा परे । भन्छन् ती सब जन् त्यहाँ त्यस घरी कैलास वासी शिव । रक्षा गर्नु हवोस् प्रभो भनि सवै भक्ति गरे गौरब ॥२५७॥

भन्छन् नारद ता सबै त्यसघरी ईन्द्रादि द्यौतामाहाँ । आए शिव र पार्वति सकलछन् द्यौताहरु साथमाहाँ । सारासिद्ध महर्षिहेरु अहिले आकाश मार्गै गरी । लावा पुस्प अविर अर्पण गरुन कैलास दरवार भरी ॥२५८॥

शङ्ख घण्ट र डम्मरु सव याहाँ त्रिशुल राखिदिनु । घडा पूर्ण गरेर राख्नु र सवै मंगल सबै गर्दिनु । पानीका दुईटा घडा दुई तिरै राखेर नैवेद्यहरु । दहि दुवो सहित लीएर पुज्य गरनु राखी दिनुफेर अरु ॥२५९॥

यस्ता रीत तिमीले अराई पहिले नारदजीले फेर त्याहाँ। आईपुग्नु भयो सदा शिव पनि श्री पार्वति साथ् माहाँ। आगनमा शिव बस्नुभो त्यसघरी सुनको त झारी लिई । धारा दि शिवमा परिक्रम गरि भक्ति रतन मन दिई ॥२६०॥

पाउ धोई चरण कमल जल पिई बस्नु भएथ्यो त्याहाँ । आए सिद्ध महर्षि भेट्न शिवमा सौभाग्य कै साथमाहाँ । सौभाग्यै सबले ती पार्वती जिमा अर्पण गरेथे जसै । खुशी भै तिनले त आशिष दिए श्री पार्वति मा तसै ॥२६१॥ (दोहा)

खुशी गराई शिवले सबलाई त्याहाँ। उत्सव गरे सकलले उहि बीचमाहाँ। भन्छन् सदा शिवपनि अहिले मलाई । भक्ति गरी सकलले त दियौ सजाई ॥२६२॥

वैदिक विवाह गरदा जसले मलाई । सम्झन्छ पुजन गरी कन झट्ट जाई । सौभाग्य पुत्र र अरु पनि वर दिनेछु । ऐश्वर्य वृत्तिहरुमा पनि साथ दिनेछु ॥२६३॥

जो नित्यपाठ गरी सुन्दछ भक्ति साथ । ऐश्वर्य भोगी कन पूर्ण हुनेछ माथ । भक्ति र प्रेम रसले जसले मलाई । सम्झेर पर्दछ शरणमत तेसलाई । दुद्धार गरी कनत दुःख हटाई दिन्छु । भक्तै चिनी कन पिछे उहि साथ लिन्छु ॥१६४॥

ईति शिव पुराण पार्वति विवाह खण्ड समाप्त ।

भजन

पितृ पुत्री मेनका हिमालयैको । विवाह भो शिवजी खुसी हुनुभो । शिवशरणम् ।।१।।

शङ्ख ढोल मृदङ्ग बाजा बजाए। देवगण रमाए उत्सव बढाए। शिवशरणम्।।२।।

शिव शंकर भोला शिव शंकर भोला। तपस्वीमा प्रेम गरी दर्शन दिनु होला। शिव शरणम् ।।३।।

शिव शिव भनि रनु तपस गर्नु हो । तपस्वीमा दर्शन दिने वानि शिवको । शिवशरणम् ।।४।।

गायत्रि सावित्री सरस्वती लाई। वेद माता गङ्गाजी दर्शन दिनोस् आई। शिव शरणम् ।।५।।

गङ्गा गङ्गा नाम जपी पार तर्ने हो । गङ्गाजीको दर्शन कैल्ये मिल्ने हो । शिवशरणम् ।।६।।

गङ्गा गङ्गा भनेर नाम जपेर। गायत्रीको जप गर्नु शुद्ध भएर। शिव ।।७।।

शिव शक्ति रुप हो जपौ गायत्री। नारायणी रुप तिम्रो जपौं गायत्री। शिव शरणम् ।।८।।

कर्म रुप भक्तिले साथ पाएर । आधा शक्ति भगवती साथ मिलेर । शिवशरणम् ।।९।।

शिव शक्ति पार्वति बस्छिन् साथैमा। गायत्री र पार्वति गङ्गा माथमा। शिव शरणम् ।।१०।।

शति जन्म सुनेर शिव रमाए । तिथी बार नक्षेत्र स्थापन गराए ।। शिवशरणम् ।।११।।

गिरी राजले स्तुति गरे नारयाणीको । आधा शक्ति पार्वति शिव जप्ने हो । शिवशरणम् ॥१२॥

देवीको दर्शन गरे पर्वत राजले । शान्ति पाए मनमा भक्ति भावले । शिवशरणम् ॥१३॥

शिव शिव नाम जपी तपस् गरेर । पर्वत राज खुशी भए दर्शन पाएर । शिवशरणम् ॥१४॥

पार्वतिको बाल लिला सृष्ठि खातिर । हिमालय मेनका बस्थे आखिर । शिवशरणम् ॥१५॥

नमः शिवाय नम शिवाय ॐ नमो भगवते नम शिवाय । पार्वतिको नारद ले पाए दर्शन । शिवजीको नाम जपी गाए किर्तन । शिवशरणम् ॥१६॥

पार्वतीको यज्ञमा मंगल गान भो । मंगलमय कार्य भनि धेरै खुशी भो । शिवशरणम् ॥१७॥

शक्ति रुप पार्वति शिव साथमा । बाघको छाला नागको माला गङ्गा माथमा । शिव ॥१८॥

पर्वत् राज मेनका दर्शन शिवको । खुशी भयो सारा जगत् शिव उत्सव भो । शिवशरणम् ॥१९॥

शिव र पार्वतीको संवाद भएथ्यो । शक्तिमाता पार्वती खशी हुनुभो । शिवशरणम् ॥२०॥

भक्ति गर्ने जनले दर्शन पाउने । पर्वतराज शिवजी साथ रमाउने । शिवशरणम् ॥२१॥

कैलास वासी शिवजी छन् छन त । भक्ति गरे मिल्छ दर्शन गरी हेरत । शिवशरणम् ॥२२॥

दक्षदिकै कुलमा दानव आएर । ब्रह्माजीको तपस गरी वरदान पाएर ।
शिवशरणम् ॥२३॥

सारा देवा जीति लिए वर दान पाएर । शिव खातिर देवताले विन्ति गरेर ।
शिवशरण्. ॥२४॥

भोले बाबा शिवको नामै जपेर । शान्ति मिल्छ सबमा भक्ति गरेर ।
शिवशरणम् ॥२५॥

ब्रह्माजीको बचन पुरा गर्नैलाई । ईन्द्रादिका साथमा काम देव जाई ।
शिवशरणम् ॥२६॥

वसन्तको उत्पत्ति काम देवले । ईन्द्रादिको रक्षा गरे भैरव रुपले ।
शिवशरणम् ॥२७॥

तिनै देव राजमा भस्म भएको । शिव शिव नाम जप्ने सिद्धि प्राप्त भो ।
शिवशरणम् ॥२८॥

भक्ति र कर्मले शक्ति मिल्ने भो । रुद्ररुप अग्नि हो भार हर्नुभो ।
शिवशरणम् ॥२९॥

सारा धन दौलत सब्को हर्नुभो । तिन नेत्र तिन रुप नारायणको ।
शिवशरणम् ॥३०॥

पिताजीको रुपले कर्म शक्तिको । पीत दुःखी भएर सारा शक्ति गो ।
शिवशरणम् ॥३१॥

पितृ सुख ऐश्वर्य हो सारा प्राणीमा । भक्ति साथ प्रेम गर्नु पितृ
धर्ममा । शिवशरणम् ॥३२॥

पर्वत् राज साथमा आए शंकर । आए विष्णु भगवान् भक्त खातिर ॥
शिवशरणम् ॥३३॥

ईन्द्रादि र देवता सारा रमाए । शिव शक्ति पार्वती हुन् दर्शन दिलाए। शिवशरणम् ॥३४॥

वेदरुप शिवमा शिव देवमा। दुवै नाम शीव हुन् यज्ञ रुपमा। शिवशरणम् ॥३५॥

शीव नाम यज्ञमा सारा प्रख्यात भो । थर गोत्र नामले यज्ञ चल्दैगो। शिवशरणम् ॥३६॥

नित्य पूजा पर्वतमा गायत्रीका साथ। ज्ञान रुप सरस्वती बस्छिन् गई माथ। शिवशरणम् ॥३७।

पार्वतिको कीर्तनले देव रमाए । नन्दि भृङ्गि शिव गण सारा नचाए । शिवशरणम् ॥३८॥

आए शिवजी आए शिवजी । ब्रह्मणको भेषमा नाचे शिवजी । शिवशरणम् ॥३९॥

ब्रह्मण भेष धारे शिवनाचेर। हिमालय साथमा भिक्षा मागेर। शिवशरणम् ॥४०॥

भिक्षा रुप पिताले दिए कन्यालाई। शिवजीले दर्शन दिए हिमालयलाई। शिवशरणम् ॥४१॥

कति सुहायो कति सुहायो पार्वतीका साथमा शिव रमायो। शुभ दिन लिएथे विवाखातिर। सारा प्राणी जम्माभई आए आखिर कति ॥४२॥

कर्म गति महर्षिले सारा बनाए। कर्म गति फल हो भन्ने बुझाए। शिव ॥३४॥

गङ्गा स्नान गरेर शिव जपेर । जन्म दिए महर्षि सिद्धि भएर । शिव शरणम् ॥३५॥

गङ्गा गङ्गा भनेर नाम जपेर। कर्म गर्नु शिवमा मन लाएर। शिवशरणम् ॥३६॥

शिव र गायत्री शक्ति मातालाई। भक्ति गरे मिल्छ शक्ति कर्म गर्नेलाई। शिवशरणम् ॥३७॥

गायत्रीको जप गरी कर्म गर्नुछ । नाम जपि कर्म गरे सिद्धि मिल्दछ ।
शिव ॥३८॥

विवाहको कर्म गति सारा बताए । धर्म सिद्धि प्राप्त गरी कर्म दिलाए ।
शिव ॥३९॥

कैलासवासी शिवजी छन छनता । हिमालय मेनका कन्यादानता । शिव ॥४०॥

गङ्गा र यमुना सारा भएर । गायत्री र सावित्री आए नाचेर । शिव ॥४१॥

शिवजीका सारा जटा गङ्गाजीका साथ । ऋदयमा सरस्वती गङ्गाजी छन्माथ ।
शिव ॥४२॥

सारा देव जम्मा भए गाएकीर्तन । स्वस्ति वाचन यज्ञ साला चल्यो
कीर्तन । शिव ॥४३॥

हिमालय मेनका पितृ साथमा । पितृ मातृ सारा आए शिव साथमा ।
शिव ॥४४॥

कैलास मा जम्मा भए सारा देवता । सिद्ध मुनी महर्षि शिव गणता ।
शिवशरणम् ॥४५॥

मंगल ध्वनी बजीगो केलास घन्कियो । नागको छादन देखेर सारा हर्षियो ।
शिव ॥४६॥

कैलासमा भक्तिको सारा लहर । शिवजीका साथमा चल्यो
हरर । शिवशरणम् ॥४७॥

हावा मन्द गतिको शिव तेजको । लस्कर देखी शिव गण सारा चकीत भो ।
शिव ॥४८॥

लावा लस्क शिवको देखे साराले । नाच गान बजानले सारा रमाए । शिव ॥४९॥

विद्धान ब्राह्मणहरुले वदे पढेर । गर्थे यज्ञ शिवको नाम जपेर । शिव ॥५०॥

हिमालय साथमा सबै देवता । आई दर्शन गरेर हेरे रमीता । शिव ॥५१॥

दिगपालादि सबैजनले दर्शन गरेर । सबका पिता यीनीहुन् भन्दै गएर । शिव ॥५२॥

रुद्र रुप शिवको देखी मेनका । दिन्न छोरी पार्वती भन्छिन् मेनका । शिव ॥५३॥

ब्रह्मा आई सम्झाए ईन्द्र साथैमा । दिव्यरुप दर्शन दिए सारा प्राणीमा । भजउ शिवलाइ ॥५४॥

शिव शिव भनेर नाम जपेर । रुपैदेखी शिवको मोहित् भएर । भजउ शिवलाई ॥५५॥

दर्शन दिए शिवले भक्त सदादिन । रुद्र पाठ पूजाले शुद्ध भएछन् । भजउ शिवलाई ॥५६॥

शिवजी र पार्वतीको यज्ञपुजन । विवाहको यज्ञलाई गरे पुजन । भजउ शिवलाई ॥५७॥

पूजा पाठ ध्यान गरी गाउन आरती । येज्ञ कर्मपूर्ण हुन्छ गर्दा आरति । भजउ शिवलाई ॥५८॥

कर्म गर्दा यज्ञ गर्दा खशी भएर । आरतीले पुरा गर्नु उत्सव गरेर । भजउ शिवलाई ॥५९॥

दिएर कन्या दान हिमालयैले । शक्ति रुप पार्वति खुशी गराए । भजउ शिवलाई ॥६०॥

शिव शक्ति पार्वति शरण लेउन । तिम्रा भक्त पुकार गर्छन् सुनी देउन ।
भजउ ॥६१॥

शिव शक्ति रुपको दर्शन दिए । खुशी भए पर्वत राजा यज्ञ गरेर । भजउ
शिवलाई ॥६२॥

गङ्गा र सावित्री सरस्वतीलाई । स्वाहा सिद्धि गायत्री दर्शन गरौं जाई । भजउ
शिवलाई ॥६३॥

द्यौताहरु रमाए खाए भतेर । गाए कीर्तन सबैले नाम लिएर । भजउ
शिवलाई ॥६४॥

भोजन गर्न बाँकी छ भोजन गर्नुहोस् । ब्रह्मा विष्णु महेश सारा जानुहोस् ।
भजउ शिव ॥६५॥

जाउलौ पार्वति कैलास दर बारमा । नन्दी भृङ्गी गण छन् शिव साथमा ।
भजउ शिव ॥६६॥

कैलासको पार्वतीले दर्शन पाएर । नन्दि भृङ्गी सारा देव आए नाचेर ।
भजउ ॥६७॥

शिव र पार्वती गए कैलासमा । नन्दि भृङ्गी शिव गण बसे साथमा । भजउ
शिवलाई ॥६८॥

शिव शिव नाम जपी सारा रमाए । शिवगण मिलेर हर्ष बढाए । भजउ
शिवलाई । भजउ शिवलाई एकदिन हैन दुई दिन हैन सधै भरीलाई ॥६९॥

ईति शिव पुराण रुद्र संहिता पार्वति खण्ड

समाप्तोयम् शुभम् ॥

अथ शिव पुराण रुद्र संहिता कुमार खण्ड

कैलासमा बसि ति सदा शिव रहे श्रीपार्वतिले पनि। वनमा जान भनेर आदर गरीन् जाउ डुलौं लौ भनि। यस्ता बात गरेर पार्वति रहिन् श्री शम्भुकै साथमाहाँ। वन्विहार गरी जाउँलौ भनि हिडे एकान्तको वनमाहाँ ॥१॥

बन्मा जाई रमाई पार्वति जीमा श्री शम्भु बस्नु भयो। बस्दा धेर बिते दिनै पनि त्याहाँ कैलास शून्यै भयो। सारा देवहरु मिले त्यस घरी श्री विष्णुका साथ्माहाँ। जाई दुःख सवै पुकार गरि लिए आएर तिन्ले त्याहाँ ॥२॥

नारायण रुपले सबै जन विशे आधार गरेथे जव। सृष्टि एक रतिको बनाई प्रभुले तत्काल छाडे तब। सियो पुतली रुपको हुन गयो सारा शरिरै भरी। अङ्गैमा गई मिल्दियो सकलको पुरुष कै साथ गरी ॥३॥

पुरुष रुप शिवमा हँदा त्यसघरी बिज रुप भै त्यो अनि। तेजैले गरी त्यो बस्यो शिवजीमा भागुन् सबैले भनि। प्रेमै खातिर भोग पार्वति जीमा श्री शम्भु गर्थे जसै। प्रेमै मग्न भएर पार्वति पनि बस्थिन् खुशीले तसै ॥४॥

सोहि औसरमात पार्वति जीमा गर्भै रहेथ्यो जब। लागीन् भन्न ती पार्वती त्यसघरी हे शम्भुयो गौरब। आयो पुत्र बनि अवश्य यसमा शक्ति छ ठूलो भर। कैलास सुन्यछ जाउलौ अब भनि गर्दि भईन् आदर ॥५॥

ब्रह्माजी तब भन्नु हुन्छ यसमा सुन्नु हवोस् लौ भनि। कैलासमा जाउलौ भनि कन हिडे दुवै जना फेर अनि। जाई श्री शिवले सबै जनहरु आदर गरेथे जब। सारा देव महात दानवहरु आएर धेरै तब ॥६॥

युद्धैमा विजयै भई सकलले राज्यादि गर्दा भए। ब्रह्मणहेरु र देवताहरुमाहाँ दुःखादि धेरै दिए। हे शम्भो अहिले हजुर नहुँदा यो हाल हुँदो भयो। उद्धार गर्नुहवोस् सदा शिव भनि बिन्ति सबैको छ यो ॥७॥

यस्ता बात सुनेर देव गणका श्री शम्भु भन्छन् अनि । लिन्छौ लौ अब वर यहाँ सुनीलिए दिन्छु म विर्यै पनि । भन्दै विर्य निकाली दि त्यस घरी श्रीपार्वती साथमाहाँ । लिईन् पार्वतिले सवै खुशी भए जन्मेछ छोरा त्याहाँ ॥८॥

सोहि औसरमात वीर्य शिवको लिए सबैले भनि । क्रोधी भैकन पार्वति कन त्याहाँ दिईन् त श्रापै अनि । जस्ले विर्य निल्यो यहाँ शिवजीको वन्ध्या हुने त्यो भयो । विर्यै खाई दिए पनित अहिले गर्भै नहुने भयो ॥९॥

यस्तो श्राप सुने त्याहाँ सकलले भन्छन् सदा शिव पनि । दुई दम्पत्तिका समीप अहिले भोग्दा हुने भो भनि । सम्भोगका क्रमले त गर्भ रहने वर दान भएथ्यो जसै । पितृ भक्ति गरेर कर्म गरनु सत् पुत्र होला तसै ॥१०॥

यस्ता वात गरे सदा शिवजीले श्रीपार्वती गर्भमा । थियो पुत्र पनि अघोर बलको जन्म्यो पछि भूमीमा । नामै राखी दिए गणेश भनि त्यो विद्यादि नासी दिने । आफ्नै श्राप थियो र पार्वति जीको सो पुर्ण कैल्ये हुने ॥११॥

ब्रह्माले त्यहि भन्नु हुन्छ सुनीलेउ नारद जी ऐले याहाँ । सारा ब्राह्मण ब्राह्मणी मिली गये गङ्गा किनारा माहाँ । माघ स्नान गरेर आउन भनि जम्मा भएका थिए । देखेथे शिव लिङ्गता ति सबले आश्चार्य मान्दा भए ॥१२॥

श्री जातिहरुमा मिलि सकलले जाउ र दर्शन गरु । अग्नि रुप शिव हुन् भनेर ति नीता आए श्री जातिहरु । अग्नि रुप शिवलिङ्ग को तिनी उपर विर्यै पतन भै गयो । संकटमा तिनी हे रुता परी गए आश्चार्य त्याहाँ भयो ॥१३॥

जन्म्यो बालकता भयानक स्वरुप आकाशमा देवता । बाजाहेरु बजे खुशी हुन गए उत्सव गराए उता । विश्वामित्र पनि उसै बखतमा आएर दर्शन गरे । शिव पुत्र यी हुन् त क्षेत्रीय भनि नामै कुमार पो घरे ॥१४॥

न्वारानका सब कर्म यो गरीदिए ति विश्वमित्रै गई। अन्न प्राशन ता वसिष्ठ मुनीले गर्दा भए खुस भई। त्यस्तै औसरमात स्वेत नामका मुनि माहात्मा थिए। बालक देखि लिए महात्म्य मुनीले सीक्षा उनैले दिए ॥१५॥

चूडा भो ब्रतबन्ध कर्महरु सव विद्या धर्नुवेदको। दिएथे तिनले क्रमै सीत जउन साम्राज्यको भोगको। क्रौश्चपर्वतका उर्प चढि गए एक् दिन् कुमार जी त्याहाँ। आए दानवहेरु युद्ध गरदै कुमारका साथमाहाँ ॥१६॥

सोहि औसरमा कुमार पनि गई पर्वत् उखेली कन। हाने दानवलाई मार्दछु भनि मारे अनेकौं जन। हाहाकार भयो सबै जगतमा मारे यीनैले भनि। ईन्द्रैका वसमा गए सकल जन लौ रक्षा गर्नुस्‌भनि ॥१७॥

ईन्द्रैले पनि मार्छु लौ अब भनि बाणादि वर्षा गरे। अग्नि रुप शिवको त उत्पत्ति भयो सम्पूर्ण बाधा टरे। जाने ईन्द्रजीले पनि शिव स्वरुप पुत्रै कुमार हुन् भनि। पाए दर्शन शक्तिको त्यस घरी आए सरएमा अनि ॥१८॥

भन्छन् नारद ब्रह्मका समीपमा तेसमा भयो के अब। आज्ञा गर्नु हवोस् पीतामह याहाँ सुन्ने छ ईच्छा सब। सारा देवहरु मिले त्यस घरी कैलासमा सब गई। भक्ति श्री शिव पार्वति गरी लिए आनन्दताले रहि ॥१९॥

प्रेमैले गरी देवता उपरमा आए सद शिव पनि। मेरो पुत्र कुमार हो भनि दिए जानुन् सबैले भनि। यस्ता बात सुनी सदा शिवजीको पस्रेर पाउ परि। साष्ठाङ्गै गरी पाउमा परि गए सम्पूर्ण द्यौता अरि ॥२०॥

सुवर्णे रज तादि सस्र गहना तिन्ले चढाई दिए। द्रब्यैका वस साथमा ति दुईको पूजादि गर्दा भए। द्रब्यै तिनकन देखि हेर्न भनि फेर तिन नेत्र खोल्नुभयो। खोले यो शिवले तिनै नयनता अग्नि प्रकट भै गयो ॥२१॥

अग्निले गरीता सबै जनमाहाँ खेल बल गरायौ त्याहाँ। अग्नि रुप शिवको
त देखि न गयो भागे डराई वाँहाँ। तेहि औसरमात बिज शिवको गङ्गाजीकै
साथमाहाँ। झर्दा उत्पत्ति भो वालक पनि सानो शरीरको वाहाँ।।२२।।

कृत्तिका भनि नाम रह्यो त्यसघरि सध्या समयै थियो। सध्याको समयै हुँदा
त्यसघरी दोषी बनाई दियो। यस्ता रीत सीतले त बालक पनि नक्षेत्र कै
साथमा। तिन नेत्र गरी अग्नि तेज शिवको सान्तै गरे रातमा ।।२३।।

द्यौताहेरु थिए कुमार सँगमा शक्ति स्वरुप ले गरी। ईन्द्रैले पनि जाई दर्शन
गरे भक्ति मनैमा घरी। दिए एक रथ ईन्द्रले पनि लगी चढ्नु हवोस् लौ
भनि। शक्ती मुक्त भएर साथ रथ त्यो लिए कुमारले पनि ।।२४।।

वायव्यस दिए ति वायुकनता ईन्द्रादिले वाण पनि। शक्ति रुप शिवले दिए
सकलमा यी हुन् ठुला वीर भनि। अग्निले पनि शक्ति तिनकन दिए लेउ
कुमार लौ यहाँ। धर्मै रुप यमले त दण्ड दिनुभो सस्रास्र सारामाहाँ ।।२५।।

ब्रह्माण्डैहरुमा सवै जनहरु ब्रह्मादि द्यौता थिए। भूमार हर्नु हवोस् भनि
सकलले जानेर सास्रै दिए। धर्मै स्थापन गर्न खातिर याहाँ सम्पूर्ण जम्मा
भई। शिव पार्वतिका समीप सबले आनन्द तालेरई ।।२६।।

क्वैदिन मातीकुमार गाई सँगिलीई वनमा गएथे जसै। आए एक त्यहिंत
ब्रह्मण ठुला यज्ञादि गर्दै तसै। कुमारका सँगमा त गाई पनि थे अमृत तिनैले
दिए। यज्ञै गर्छु कुमार लौ अब भनि तिनले सहारा लिए ।।२७।।

थियो एक तलाउ जंगलमाहाँ त्यस्कै किनारमहाँ बसी। यज्ञै खातिरमा बनाई
कुटिया आनन्द ताले बसी। ब्रह्मणकै अब रक्षा गर्छु म भनि कुमार बसेथे
त्याहाँ। आयो राक्षस वीर वाहु भनि एक अत्यन्त तेजी जहाँ ।।२८।।

वन विहार गरी हिड्दथ्यो त्यसघरी राक्षस सदादिन अनि। देखेथ्यो जव यज्ञता त्यसघरी आयो अगाडि पनि। यज्ञै रक्षक भै कुमार त्यसको बस्दै थिए साथमा। आयो दानव मार्छु यीन्कन भनि ब्रह्मण कुमार साथमा ।।२९।।

हान्यो वृक्ष उ खेली एक त्यसले मार्ने इराधा गरी। कुमारले पनि पर्वतै धरी लिए मार्छु म यसले अरि। हाहाकार भयो दुवै तरफमा कुमार अगाडि सरे। मारी राक्षसलाई ब्राह्मणकनै उद्धार तिनले गरे ।।३०।।

भन्छन् ब्रह्मजीलेत नारद सुन्यौ ऐले तिमीले याहाँ। यज्ञै पूर्ण गराई तिनकन फिरे लिएर गाई उहाँ। सारा ब्राह्मणहेरु जाई तिनमा कुमार धन्यै भनि। मारेउ राक्षस विर वाहु तिमीले सारा गरेउ हित पनि ।।३१।।

यो, खल बल सबमा चल्यो त्यसघरी सुनेर दानवहरु। द्यौताका सगमात दानवहरु जम्मा भए सब अरु। भाई मारिदियो भनि सब सुने जो तारका सुर थिए। गर्छु युद्ध मलौ कुमार सँगमा भन्नेत हाँक यो दिए ।।३२।।

कुमारका सँगतमात युद्ध गरनै जम्मा भए दानव। द्यौताहेरु सवै मिली त्यसघरी जम्मा भएथे सब। ठुलो सैन्य लिएर तारक पनि आएर घेर्यो अनि। कुमारका सँगतमात देवहरुले रक्षा गरेथे पनि ।।३३।।

भारी युद्ध भयो परम्परामाहाँ सुने दुवैले त्याहाँ। नाना सस्रहरु प्रहार गरी लिए मारे अनेक वीर त्याहाँ। द्यौताहेरु पनि सबै त्यसघरी मार्छु भनि दानव। शक्तिकै रुपमा चले सब त्याहाँ मारे अनेकौ तब ।।३४।।

ताकासुरले पनि त्यस घरी श्री ईन्द्र जी छन् जहाँ। युद्धै गर्छु म ईन्द्राका समीपमा भन्दै अगाडि माहाँ। हान हान भयो दुवै तरफमा बर्षा गरे बाणाको। हात्ति घायल ईन्द्रको हुन गयो धुलो ठुलो तेजको ।।३५।।

हाहाकार भयो त देवहरुमा नासि यिनले भनि । वीर भद्र र कालिका त्यहि
थिए आए अगाडि अनि । युद्धै गर्छु भनेर तिन् कन पनि बाणादि बर्षा गरे ।
वीर भद्र र कालीका त दुई नै जाई सकस्मा परे ॥३६॥

आई झट्ट कुमार त्यहिँ तिनले हे दानवै लौ याहाँ । भन्दै ति दुई विरता त्यहिँ
लडे साम्ने अगाडि माहाँ । भारी युद्ध भयो दुबै तरफमा सस्रास्र जो जो थिए ।
जित्नैलाई कठिन भयो ति दुईमा एक रुप लड्दा भए ॥३७॥

शक्ति हिन भयो र दानव अनि श्री शम्भुको ध्यान गरी । लागे पूजन गर्नलाई
त्यसमा भक्ति गरी राम्ररी । साथैमा शिवलिङ्ग राखी तिनले पूजादि गर्दा
भए । प्रेमैले शिवको त पुजन गरी युद्धादि गर्दै रहे ॥३८॥

सारादेवहरु मिले त्यसघरी श्री विष्णुले नै पनि । जीतीसक्नु भएन युद्धा
तिनको दानव राजमा अनि । एक्लै गै कनता कुमार तिनमा युद्धै गरी बेसरी ।
हानहान गरी रहे त्यसघरी भक्ति गरी राम्ररी ॥३९॥

आई शंकरले त दर्शन दिई हे बाबु भक्तै भनि । मेरा पुत्र यी हुन् कुमार अहिले
जानी लिए वीर भनि । सारा देवहरु जीतउ यस घरी कुमारका साथ्माहाँ ।
जित् नै लाई कठिन् भयो तिमी उपर आए म ऐले याहाँ ॥४०॥

सोहि औसरमा सदा शिवजीले भन्दै ति दानवकन । आफ्नो रुप शिव लिङ्ग
ता तिनी उपर दिंदा भए तत् क्षण । रक्षा खातिरमा सदा तिनी रहे पूजादि
यस्को गरी । भक्तिले गरी सिद्ध हुन्छ तिमीमा गर्नु पूजा राम्ररी ॥४१॥

गर्नु हुन्न कदापि द्रोह यिनमा द्यौता हरुमा पनि । जानी भक्ति कुमारका
चरणमा पर्नु गएरै अनि । यस्ता बात सुनेर शंकर जीका दानवमहाँ राजले ।
भक्ति आदर ले कुमार सँगमा दर्शन गरे प्रेमले ॥४२॥

थाहै कत्ति नपाई यस घरी महाँ ठूलो अनादर गरें। दर्शन पाई प्रभो सदा शिवजीको आई शरणमा परे। रक्षा गर्नु हवोस् कुमार अहिले दासै हुनाले गरी। भन्दै तारकले गरे स्तुति पनि कुमार पाउ परि ॥४३॥

भन्छन् दानवहेरु आई तिनमा श्री शम्भुले नै पनि। पुत्रै आफ्नो चिनाई दे त्यसघरी उद्धार गराए भनि। मारे तुल्य गराई दानव उपर आएर दर्शन दिए। ईन्द्रादिहरु देवता त्यघरी सम्पूर्ण जम्माथिए ॥४४॥

युद्धै शान्त भयो सवै खुशी भए द्यौता र दानव पनि। रक्षा श्री शिवले गरे भनि सबै भन्दा भरथे अनि। सारा देवहरु मिले त्यसघरी कुमारका साथमा। मारे राक्षसता अवश्य यिनीले शान्ति भयो युद्धमा ॥४५॥

तारका सुरलाई ता यस घरी कुमार भन्छन् अनि। पालाल् मा गई बस्नुलौ अब तिमी भक्ति गरेरै पनि। जुन वेला तिमीलाई संकट परि आउँछ लौ दानव। पुजा श्री शिवलिङ्गको गरीलिए आनन्द मान्दै तव ॥४६॥

यति वात गरेर दानव पनि पातालमा गै कन। आनन्दै सीतले बसे त्यस घरी श्री शम्भु मादि मन। सोहि औसरले चराचर जगत् रक्षा गरे शम्भुले। क्वैदिनमा पछि दानवादि हरुले घेरि लिए वेगले ॥४७॥

दानवहेरु थिए पराक्रमी ठुला ब्रह्माजीको तप गरी। वरदानको वलले त तिन पुर पुरै धरि लिए बेसरी। सोही रुप् शिवलिङ्गमा त्यहि थियो पुजादी गर्थे अनि। रक्षा श्री शिवले गरे त्यसघरी नासै हुँदा मा पनि ॥४८॥

ब्रह्माजी तब भन्नु हुन्छ यसमा कुमारले नै गरी। तारका सुरमारी देवरुको उद्धार गरे यो घारी। सारा हल्ला चल्यो सवै जगत्मा उत्सव भएथ्यो जसै। कुमारको सव देवताहरु मिलि उत्सव गरेथे तसै ॥४९॥

धन्यै कुमार यसमा सबलाई भैलो। सम्पूर्ण देवगणको दुःखलाई ऐले। दानवहरु सकललाई नीभाई याहाँ। उद्धार गरी कन लियौ तिमी साथमाहाँ ।।५०।।

श्री पार्वती शिवजीमा कन जन्म लियौ। षड्सास्त्र जानी तिमीले त हटाई दियौ। कर्मै छ योग्य तिमीमा सव धैर्य ताको। दर्शन गरी शिवजीमा पनि प्रेमताको ।।५१।।

प्रेमकै त खातिर अवश्य यी प्राणीलाई। सम्पूर्ण दुख हरलिकन साथ जाई। आदर गरी सकललाई त पुत्र जानी। गर्नुभयो सकलभार त सत्य ठानि ।।५२।।

ब्रह्माजी त्यहि भन्नुहुन्छ सुनीलेउ नारद जी ऐले याहाँ। कुमारको सव जन्म हाल यसमा विस्तार बताएँ त्याहाँ। सोहि रुप शिवको गणेश प्रभुको वर्णन सबै गर्दछु। पूज्यैमा सव देवता हरुमाहाँ श्रेष्ठै भनि ठान्दछु ।।५३।।

पर्वतमा शिव पार्वति पनि थीए कैलासमा ति गए। कैलासमा शिवका जया र वीजया कन्या दुईटि थिए। तिनका साथमाहाँ शीवादि गणजो नन्दिर भृङ्गीहरु। आए दर्शन गर्न पार्वतीजीको धेरै बयान क्या गरुँ ।।५३।।

सोहि औसरमा त पार्वति जीमा एक पुत्र पैदा भयो। जन्म्यो पुत्र भनेर हर्षित भई दुःखादि सारा गयो। पृथ्वीको सवभार हर्दछु भनि डुल्नै भनि शंकर। धेरै बर्ष वितेछ ति प्रभुजीको डुल्दा हुँदि आखिर ।।५४।।

यस्तै रुप सितले त पार्वतीजिले नामै गणेशको गरी। हुन् यी पुत्र गणेश भनि सकलमा भन्दि भईन् यो घरी। सोहि पुत्र गणेशलाई तिनीले द्वारमा बसे लौ भनि। राखी द्वारमाहाँ र पार्वति गईन् भित्री कोठामा पनि ।।५५।।

आउनु भो शिव त्यहि क्वै घरीमाहाँ नन्दि र भृङ्गीलिई। थिए द्वारमाहाँ गणेश पनिता बस्थे सदा मन दिई। भित्रैजान भनि सदा शिवजीता लाग्नु भएथ्यो जसै। रोके हुन्न भनेर जान तिनीले श्री शम्भु लाई तसै ।।५६।।

शम्भुलाई त रोकी दे त्यसघरी गणेश अगाडि सरी। भन्छन् शंकरले तवालक भनि सम्झाउँदै यो घरी। कैलास वासी म शंकरै भनि सदा घुम्नेत पृथीवि भरी। सबको पाल गर्दछु म अहिले जानी लिए राम्ररी ॥५७॥

गौरी शंकरता भनि सकलले भन्छन् सबैले याहाँ। सोहि शंकरता महु यस घरी जान्छु म ऐले त्याहाँ। यस्ता बात गरेर जान पनिता श्री शम्भु लाग्नु भयो। लक्की एक लिएर ति गणपति हान्नै तयारी भयो ॥५८॥

यस्ता रुप शितले सदा शिव पनि बस्नु भयो द्वारमा। राखे ति शिवलाई पार्वती माहाँ जानै नदि साथमा। क्वै दिनता शिव त्यहि बस्नु भईगो तिनकै त करमा परि। छोड्दै कात्तिन छोडी जान नदिई बस्दा भए राम्ररी ॥५९॥

यस्ता बात सुनेर नारद पनि भन्छन् ति हास्यै गरी। कुन रुपले शिव गण समेत त्यहि बसे भन्नु हवोस् यो घरी। नारदकाई वचन सुनेर पछी फेर ब्रह्माजी भन्छन् त्याहाँ। गणेश का शिव का चरित्र पनि लौ भन्छु म ऐले याहाँ ॥६०॥

आए श्री शिव गण र सोधनी गरे को हौ तिमी लौ याहाँ। द्वारपाल भैकन वस्दछौ यस घरी निर्धक्क भै मन माहाँ। यस्ता वात सुनी गणेश प्रभुले भन्दा भए यो पनि।आज्ञा पार्वतिको लिएर अहिले वस्दैछु द्वारमा भनि ॥६१॥

भन्छन् श्री शिवले गणेश तिमी हौ श्री पार्वति रक्षक। उनै पार्वतिको पति शिव म हुँ सारा अरि भक्षक। नन्दि भृङ्गी र देवता गण पनि सम्पूर्ण साथमा लिई। हिड्दामा दिन घेर वीते यस घरी श्री पार्वति मन दिई ॥६२॥

छाडि देउ गण आज हेरतिमीले दिनेछु वरदान याहाँ। दिर्घायु तिमीता रहे यस घरी रक्षा गरी द्वारमाहाँ। यस्ता रित सितको दिएर वरदान श्री शिव जान्छु भनि। शिवै जान भनि खडा हुन गए आए गणेश जी अनि ॥६३॥

जानु हुन्न भनेर रोकी कन फेर श्री पार्वति साथमाहाँ । साथीहेरु पठाई सोधनी गरे आएर ऐले याहाँ । भन्छिन् पार्वतिता गणेश तिमीमा सहस्र सिंहै बल । दिएँलौ तिमी जाई शक्ति मईले हजार सिंहै बल ॥६४॥

माता बाट त बर मिल्यो भनि त्याहाँ सारा सुनेथे अनि । गणेश खुशी भएर द्वार बीचमा बस्दा भएथे अनि । लाठी लिकन हान्नलाई शिवमा लाग्दा भएथे जसै । शिव गणकन जाई रोकी कन फेर भन्दा भए यो तसै ॥६५॥

धेरै क्रुद्ध भएर आज तिमीता गर्छौं विरोध यो घरी । जित्नैलाई भनेर शिव गणमा आयौ अगाडि सरि । षड्गै ढाल तर बार आदि सकलछन् श्री शम्भुका साथमा । लाठीका भरमा रहेर अहिले युद्धादि गर्दा माहाँ ॥६६॥

मर्छौलौ तिमीता अवश्य अहिले श्री शम्भुकै हातपरि । बाटो छाडि दिनु उचित् छ तिमीले माता जीको याद गरी । शिवगणहरुका सुनेर यी वचन भन्छन् गणेश जी त्याहाँ । दिन्न जान अवश्य आउ अहिले साम्ने अगाडि माहाँ ॥६७॥

भरि युद्ध भयो परस्पर माहाँ गणेश जीका साथमा । नन्दि भृङ्गी र शिवगणहरु सवै आए अगाडि माहाँ । भूतप्रेत पीसाच योगीनीहरु आएर युद्धै गरे । युद्धै गर्न भनेर सस्रहरु सव लिई अगाडि सरे ॥६८॥

गणेशले सवलाई लाठी भरमै हान्दै गएथे जसै । त्राहि त्राहि भए सवै गणहरु श्री शम्भुका पो तसै । एक एक पाउ समाति नन्दि र अरु भृङ्गिहरुले मिली । गणेशलाई समाति तिन कन रहे श्री शम्भुका गण मिलि ॥६९॥

हाने लात्ति उठाई तिनकन पनि एक्लै जमीनमा परी । थियो एक अमोघ द्वार विचमा लिए अगाडि सरी । हान्नैलाई खडा भए गणपति मार्छु म सव लौ भनि । मारेथे शिवगण अनेक तिनले संग्राममा नै पनि ॥७०॥

हाहाकार भयो सवै जनहरु भागी गएथे जसै । कत्ति अंङ्ग टुटेर मुर्छिछ भए लोटे जमीनमा तसै । नन्दि भृङ्गीहरु सवै शिवजीमा विन्ति गरे यो पनि । जीति सक्नु कदापि छैन अहिले यो युद्ध ब्यार्थै भनि ॥७१॥

युद्धै यै रीतले भयो दिन दिनै जानै नदि द्वारमा । वस्तामा दिन धेर वीते ति जनको संग्राममकै साथमा । भन्छन् श्री शीवले अवश्य अहिले मार्छु म आफै भनि । मार्छु तिकन गै अवश्य मईले खुलाउछु द्वार पनि ॥७२॥

ब्रह्माजी तब भन्दछन् सव कुरा नारद सुनेउ यो घरी । युद्धै गर्न भनेर देवहरुता आए अगाडि सरि । यो सञ्चार लिएर मुषक पनि आई शरणमा पऱ्यो । शिव विष्णु र देवताहरु मिलि युद्धै सुनाई दियो ॥७३॥

यस्ता वात सुनेर मुषक जीका गणेश भन्छन् अनि । हे मित्र तिमीता यहि बसी रहे दिएर आदर भनि । आफ्नै साथ लिए गणेश प्रभुले मुसो भयो खुश अति । सारा विघ्नहरु सुनाई दिनमा सारै चतुरो अति ॥७४॥

मोहैले गरी विष्णुले त्यस घरी गणेशको लौ अब । ढाकी दे तिनले मुसो पनि भुल्यो शक्ति हरायो तब । गणेशमा जव शक्ति हिन हुन गो श्री शम्भुले झट् त्याहाँ । हाने त्रीशुलले र छेदन गरे गणेश शिर झट् त्याहाँ ॥७५॥

सारा देवहरु खुशी हुन गए ब्राह्मणहरु झट्गई । सुनाए समचार पार्वति जीमा लौ पुत्र मारे भई । मोहैले विरथी वनाई पहिले मारे गणेश यो भनि । दुखीत् भै कन पार्वति पनि रहिन डाकीन ति द्यौता अनि ॥७६॥

गणेशको जव मृत्यु भै कन पनि शरिर सुरक्षै भयो । पैलाको शिवले दिएको वर दान आएर साम्ने भयो । ढोकामा त्यहि द्वार पाल रहदा दिर्घायु हौला भनि । दिएथे वर दान सदा शिवजीले तत् काल भो त्यो अनि ॥७७॥

शिरको नास भयो सदा शिवजीले काटिदिएको हुदा। शरिर भाग माहाँ सुरक्षित भयो वरदान भई सर्वदा। उता पार्वतीको सबै शिवजीको शक्ति लिई हातमा। ब्रह्माविष्णु महेश ईन्द्रहरुको शक्ति हरी छिन्मा ॥७८॥

शक्ति केहि नभै सदासीव रहे विष्णु र ब्रह्ममा पनि। शक्ति हिन भएर ईन्द्र पनि ता वस्दा रहेछन् अनि। सृष्टि थाम्न पनि कठिन हुन गयो सारा काचिगल भयो। उठ्नैलाई पनि कठिन हुन गयो हो सचेत सारा गयो ॥७९॥

देवर्षिहरुलाई पार्वतिजीमा विन्ति गरेथे जव। ल्याउलौ शिवलाई आज तिमीले आज्ञा दिई थीन तव। ब्राह्मण हेरु गएर झट् शिवजी लिएर आए त्याहाँ। भन्छन ति शिवजी ति पार्वतिजीमा आई अगाडीमाहाँ ॥८०॥

शक्ति सव तिमीले हरेउ येसघरी दुखीत् भएको मछु। हरण सव दुखको गरे येस घरी आनन्द ली वस्दछु। येसता वात सुनी सदा शिवजीका श्री पार्वतिले पनि। लागिन भन्न देखाए गीड सुतेको यो काम कस्को भनि ॥८१॥

द्यौता हेरु सबै मिलेर येसको हत्या गरयौ लौ त्याहाँ। पुत्रै साथ लीई वसे म अहिले मुसो छ साथै माहाँ। मेरो पुत्र जी याउने यदि भए शक्ति दिनेछु भनि। भन्दा पार्वतिले सदा शिवजीले दिन्छु भने वर पनि ॥८२॥

येस्ता वात सुनेर नारजीले भन्दा भए यो अनि। कुन रीतले गरी फेर सदा शिवजीले जीयाई दिए पनि। नन्दि भृङ्गीजीलाई सदा शिवजीले भन्नु भयो लौ गई। हात्तिको सीर काटि जोड्नु तिमीले भन्ने त आज्ञा दिई ॥८३॥

येस्ता वात सुनेर देवगणले ल्याएर शीर हात्तिको। जोडेथे श्री गणेशका शरिरमा रुपै वन्यो हात्तिको। खुशी सव जनहेरु ता हुन गए श्री पार्वतिले पनि। आदर श्री शिवको गरेर तिनले खुशी भई थीन अनि ॥८४॥

द्यौता हेरु मीलेर स्वागत गरे श्री शम्भुको त्यस घरी। शक्ति श्री शिवले लीए त्यस घरी दीए सबैमा छरि। पाई शक्ति ति देवता खुशी भए रक्षा गरेलौ भनि। गणेशमा शिवले दिए वर पनि पुजा गराए अनि ॥८५॥

पुजा पाठहरु प्रशन्न मनले गर्दा थिए ति जव। सुन्दर लण्डुर पान चढाई सवले पुजा गरे गौरव। दवो श्री शिवले लिए त्यस घरी गणेश जी का साथमा। दुर्वा लण्डु चढाई पुजन गरे विध्नै सकै माथमा ॥८६॥

शिव पार्वतिको गणेश प्रभुको तिन रुपको दर्शन। दुर्वालाई चढाई पुजन गरे एकाईस पल्टै कन। तिन पाँच पातको साथ लीई दुवो वेदादिकै मन्त्रले। पुजेथे सव देवताहरु मिली तिन रुपकै तेजले ॥८७॥

तिनपाते दुवोले चढाई जसले पुजादि गर्छन भने। शिव पार्वतिको गणेश प्रभुको पुजा गरे फलादिने। पाँचौ पात दुवो चढाउन पनि ब्रह्ममा र विष्णु शिव। माता पार्वतिको गणेश प्रभुको दर्शन मीलेको तव ॥८८॥

गणेश पूजा

पुजा एकाईसै गणेश प्रभुको गर्नु हवोस लौ भनि। शक्ति एकाइसै त छन् जगतमा पाईन्छ शक्ति पनि। जुन शक्ति शिवमा अमोघ वली यो हुँदा सादा दिन माहाँ। पुजा सव जन हेरुले गरी लिनु विध्नादि जान्छन त्याहाँ ॥८९॥

दुर्वा लण्डुर ताम्वुलै सिदुरले एघार पुजा गरे। नौ दुर्गा शिव पार्वति भनि लिए दर्शन तिनैको गरे। येस्ता वात सुनेर नारदजीले पुजा गरको सुनी। खुशी भै तिनले पुजन त गरे भक्ति मीलेथ्यो पनि ॥९०॥

एक दिन श्री शिव पार्वति समीपमा आए दुवै पुत्रता। प्रश्नै पार्वतिले तिनी उपरमा भन्दि भई थीन यता। पुत्रै दुई भएउ पराक्रमी ठूला गणेश कुमार लौ भनि। विवाह गरनु अवस्य तिमीले दिन्छु वताई पनि ॥९१॥

येस्ता वात सुनेर पार्वतीजीका लौ हुन्छ ऐले याहाँ। विवाह हामी दुईले गरी लिने ईच्छा भयो मन माहाँ। भन्दै ति सबमा कुदे त्यस घरी मिल्दैन क्वै एक रति। हे पीता हामी दुईको प्रभुजीको विवाह गर्नोस् अती ॥९२॥

येस्ता वातसुनी सदा शिवजीले हाँसेर भन्छन अनि। पैलाता कस्को गराउ विवाह येज्ञलौ भन तिम्ले भनि। सून्दामा शिवका वचन येसघरी कुमार अगाडी सरी। पैला मेरो गरौ प्रभो भनि स्वयाम् आए अगाडी परि ॥९३॥

त्यस्तै रुप गरी गणेश पनि त्याहाँ पैलात मेरो भनि। हान थाप गरे दुवै सुतमीली तेरो र मेरो भनि। येस्तारीत्सीतले ति दुई जनमा चल्यो विवाद येसघरी। शान्तै कुन रीतले गराउ म भनि सोची लिए राम्ररी ॥९४॥

हे कुमार गणेश आज तिमीले सारा परिक्रम गरी। आउलौ पृथीवी परिक्रम गरी गर्छु विहा त्यस घरि ॥९५॥

गणेश छक्क परे कसो गरी हिडु शरिर छ ठूलो याहाँ। मुसो त्याही थीयो सिकाई दिनमा आयो अगाडीमाहाँ। माता पीता चराचरै जगत हन् तिनको परिक्रम गरे। सिध्दै मील्दछ त्यो सबै फल याहाँ भक्ति र प्रेमै धरे ॥९६॥

येस्तारीतसीतले ति नारदजीले ब्रह्ममाजीका साथमा। सोधेथे तिनलाई कुन रीत भयो आए कसोरी वाँहाँ। कुन रुपले गरी आई आदर गरे भन्नु ह्वोस लौ भनि। भक्तिले शिव पार्वतिसँग रहे गणेश कुमार त्यो पनि ॥९७॥

येस्तावात सुनेर नारदजीका ब्रह्ममाजी भन्छन त्याहाँ। कुमारको पृथीवि परिक्रम पनि भन्छु म ऐले याहाँ।पर्वत नाघी गए कुमार सवले देखेर छक्कै परि। दर्शन श्री सव देवता गरी लिए भक्ति र प्रेमले गरी ॥९८॥

गणेश छक्क परि उठेर पहिले मातापीता साथमा। पीता माता परिक्रमै गरी लिए दर्शन गरे पाउँमा। पृथिवी पर्वतका सबैयेसघरी देवाधी देवमा पनि। साक्षात् मातापीता हजुर यहि नै गर्छु परिक्रम भनि ॥९९॥

येस्ता वात सुनेर श्री शिवजीले दिन्छु म वरदान अव। गणेशलाई दिए अजेय वरदान खुशी भएथे सब। पुजायेज्ञहरु अवस्य गरदा पैलात पुजा गरी। मील्ला सिद्ध अवस्य देवहरुमा पुजा गरेका घरि ॥१००॥

पाए वरत गणेशले सब भनि सुनाई दिए त्याहाँ। आएथे ति कुमार झट त्यहि नै सम्ने अगाडि माहाँ। शीव पार्वतिका समिप ति गए दिनु हवोस वर भनी। पुजामा तिमीमा पनि सव याहाँ गर्लान अगाडि पनि ॥१०१॥

विवाह सव कार्य सिध्द भइगो मील्लान्स्त्री जातिहरु। सारा देव र सीध्द जन त्यसघरी जम्मा भए धेर अरु। गणेश शीध्दि मति प्रशशन्न मनकी विवाह गर्दा माहाँ। कुमार वुद्धि मति विवाह भईगो देवादिका साथ् माहाँ ॥१०२॥

पुर्णिमा दिन पार्वति सीत गई दर्शन गरेथे जसै। औसीका दिनमा सदाशीवजीको दर्शन गरेथे तसै। येस्ता रीत्सीतले त दर्शन गरी गौरी र संकर जीको। वधु साथ लीएर पुत्र दुईले भक्ति गरे शम्भु को ॥१०३॥ (दोहा)

भक्ति र प्रेमले गरी साथ लिने। ऐश्वर्यको भोग गराई दिने। गणेश कुमारकोसवयो चरित्र। पढ्ने र सुन्ने त हुनन पवित्र ॥१०४॥

ईति शीवपुराण रुद्र संहिता कुमार खण्ड समाप्तम् शुभम् ॥

शिव पुराण रुद्र संहिता कुमार खण्ड भजन

शिव र पार्वति वन विहारमा। भक्ति गरी नारायणका पुगे साथमा। शिवशरणाम् ॥१॥

कैलास वासी शिवजी छन् छन त । भक्ति गरे मिल्छ दर्शन गरी हेर त । शिवशरणाम् ॥२॥

कुमारलाई विद्या दिने ठूला मुनी थीए। ईन्द्रादिको सारा सेखी तिन्ले तोडी दिए। शिवशरणाम् ॥३॥

तीन नेत्रको तेजले सारा डढायो । अग्नि रुपी सीव हुन भन्ने बुझायो ॥ शिवशरणाम् ॥४॥

कुमार शिवजी साथ वसेर। पाए शक्ति सवैले भक्ति गरेर। शिवशरणाम् ॥५॥

धन्य धन्य कुमार भनि देवरमाए । मारे वीर वाहु राक्षस ब्रह्मण रमाए। शिवशरणाम ॥६॥

शिव शक्ति कुमारले साथ पाएर ॥ दानवहरु मार्न लागे धौता मीलेर ॥ भजउशीवलाई ॥७॥

देवता र दानवले युद्ध गरेर। कुमारले युद्ध गरे अघी सरेर॥ भजउशीवलाई ॥८॥

पाए दर्शन शीवको भक्ति गरेर । कुमारलाई चीनेथे पुत्र भनेर ॥ भजउ शीवलाई ॥९॥

तारका सुर दैत्यले शीव लिङ्गको। भक्ति गरी पाए दर्शन साक्षात् शीवको ॥ भजउशीवलाई ॥१०॥

शीव शीव भनेर नाम जपेर । शिव लिङ्ग दिनुभो दर्शन दिएर ॥ भजउ शीवलाई ॥११॥

कुमारको स्तुती गरे देव मिलेर। दर्शन पाए शिवको भक्ति गरेर। भजउ शीवलाई ॥१२॥

शिवलाई रोकेर गणेश वसेथे । सम्झाउँदै शिवजी साथ रहेथे । भजउ शीवलाई ॥१३॥

पीताजीको विरोध गरे गणेश आएर। पार्वतिका साथमा सोधी लिएर। भजउ शीवलाई ॥१४॥

जानु हुन्न शिव तिमी पार्वतिका साथ। वसी रहु पार्वतिलाई सम्झी दिन रात। भजउशीवलाई ॥१५॥

जय शिव गणेश शिव गणेश। पार्वतिका पुत्र तिमी शक्ति गणेश। भजउ शीवलाई ॥१६॥

शीवगण साथमा युध्दै परिगो । धन्य धन्य गणेश भन्दै शक्ति मीलिगो। भजउशीवलाई ॥१७॥

विष्णु शिव जम्मा भई मारे गणेश। शक्ति हीन गराई मारे गणेश। भजउ शीवलाई ॥१८॥

शक्ति रुप पार्वति वस्छीन् साथमा। शिव शक्ति हरण गरी राखीन माथमा। भजउशीवलाई ॥१९॥

शिवजीले जीयाए हात्ति रुपले । शक्ति पाई सवले पुजा गरेथे । भजउ शीवलाई ॥२०॥

कुमार गणेश दुवै साथमा । शक्ति रुपी पार्वति बस्छीन् साथमा । भजउ शीवलाई ॥२१॥

परिक्रम गर्छु भनि कुमार गएर। अर्तिलीई मुसाको गणेश आएर। भजउ शीवलाई ॥२२॥

शिव र पार्वति दर्शन गरेर । वरदान मील्यो दुईमा पुत्र भनेर । भजउशीवलाई ॥२३॥

ईति भजन खण्ड समाप्तम् शुभम् ॥

अथ

शिव पुराण रुद्र संहिता युद्ध खण्ड चतुर्थ

भन्छन नादर ब्रह्ममालाई पनि फेर सुनेउ त नारद भनि। गणेशले र कुमारले त वरदान पाए खुशीले अनि। कैलासमा शिव पार्वति रहनुभो खुशी भई ति सुत। कुमारले त महर्षिका कुटि विशे गर्दै हिडेथे हित ॥१॥

महर्षिहरुले पनि तिनी उपर आषीष दिदा भए। धन्ये स्कन्ध तिमी भनेर सवले येज्ञादि गर्दैरहे। सोही औसरमा थीए मुनी जाहाँ। आयो ठूलो राक्षस। मार्छु यी मुनीहरुलाई अहिले भन्दै थियो राक्षस ॥२॥

हाहाकार गराई त्यो त्रिपुरता आएर घेरयो जसै। त्राहि त्राहि भएर ती जनहरु भागे डराई तसै। येस्ता रीत सीतको भयाङ्कर आवाज सुनेकुमारले अनि। के भो लौ यीनलाई आदर गरु भन्दै कुमारले पनि ॥३॥

महर्षिहरुलाई आदर गरी कुमार भन्छन् त्याहाँ। आयो दानव यो भयाङ्कर भनि डर मान्द छौलौ कहाँ। येसका साथ मजाई युद्ध गरुला मर्नेछ दानव पनि। आदर्ति सवलाई दि अघी सरे गर्छु लडाई भनि ॥४॥

कुमारका यी वचन सुनेर मुनीले धन्यै कुमार छौं याहाँ। रक्षा सव मुनीको गरेर अहिले जाउँ अगाडी माहाँ। आशीष पाएर ता कुमार अघि सरे धेरै थीए दानव। एक्ला स्कन्ध कुमारलाई तिनले देखी लिए थे जब ॥५॥

मार्छु स्कन्ध कुमार भनि अधी सरी आएर घेरयो जसै। हाने स्कन्ध कुमारले त्यस उपर वाँणादि हेरु तसै। हान हान भयो भयाङ्कर स्वरुप युद्धै हुनाले गरी। धन्यै स्कन्ध कुमार भनेर सवले उत्सव गरे वेसरी ॥६॥

येस्तारीत् सीतले कुमार सँगमा उत्सव भएको थियो। मार्छु यो अहिले कुमार म भनि दानव रीसाई गयो। सारा वाणहरु चलाई त्यसले वर्षा गरे झै भयो। सारा सिद्ध महर्षि हेरु सवको सातो सबैको गयो ॥७॥

कुमारले पनि शक्ति हात लिनुभो माताजीलाई पनि। सम्झीझट् कुमारले त्यसघरी हाने मरोसयो भनि। सारावाँणहरु डढाई त्यसका शक्ति गयो वेगले। काटेध्यो सीर तागएर त्यसको कुमारको शक्तिले ॥८॥

मारे दानवलाई ता त्यस घरी कुमारले लौ भनि। सारा देवहरु र ब्रह्मणहरु आए खुशीले पनि। उत्सव भारी भयो कुमार शीरमा खुशी भएथे सव। दानवराज मरयो भनि सब खबर सुनेर ति दानव ॥९॥

तेजैले गरी आज हामीहरुका ठूला प्रतापी गए। धौताहेरु सबै मीलेर येसरी आएर शक्ति दिए। शक्ति पाई कुमारले येसघरि मारे पीताजी भनि। दानव पुत्र मीलि गए तप गरु भन्दै ति दानव अनि ॥१०॥

येस्ता वात सुनेर नारद अनि भन्छन् कसोरी कहाँ। तिनका पुत्र थिए कतित्रीपुरका भन्नु हवोस लौ याहाँ। हे नारद तिमीलाई आज मईले विस्तार गर्छु भनि। त्रिपुर दानवका त पुत्र यीनी हुन् तिन भाई छोरा पनि ॥११॥

तार काक्ष भनेर जान्नु तिमीले हुन ज्येष्ठ पुत्रै भनि। विद्युतमालीत माईला हुन गए कान्छा थिए फेर पनि। कमलाक्ष भनेर जान तिनी हुन् कान्छा भनि जानील्यौ। ठूला विर ति हुन् भनेर तिनमा द्यौता अरि मनिल्यौ ॥१२॥

तिनै भाइ गएर पर्वतमाहाँ थियो सुमेरु गुफा। तिनै भाई गईतपै गरी लिए पञ्चाग्नीकै तायता। काम क्रोध र लोभ मोहत्यगीती ठूलो तपस्या गरे। झरी वादल अग्निको भय समेत् त्यागी तपस्या गरे ॥१३॥

येस्तारीतसीतले भयाङ्कर ठूलो ब्रह्ममाजीको तप माहाँ। वैशाख ज्येष्ठमाहाँ त अग्नि तिनले तापी लिए थे त्याहाँ। मार्गशीर्ष र पौषमात तिनले मैदानमा नै वसी। ठूलो दुःख सही रहे तपमाहाँ जाहेर घुडा धसी ॥१४॥

सौवर्षै तिनको आहार भुइँको माटो भएको थियो। दो सौ वर्ष त घाँस पात तिनको आहार हुँदो भयो। तिनसौ वर्षत वायुखाई तिनले गर्दा भए तप त्याहाँ। पाँचसौ वर्ष निराहरै रहि वसे त्यै गुफाकै साथ्माँहाँ ॥१५॥

हजार वर्ष वित्यो क्रमै सीत गरी तप गर्न कै खातिर। ब्रह्ममाकै तपमा रहेर तिनले होम गर्न लागेसीर। आउनु भो त्यहि झट ब्रह्ममाजी पनि पाए जसै दर्शन। भक्तिले तिनले तपुजन गरे आनन्द पारी मन ॥१६॥

हे दानवहरु हो प्रशन्न म भएँ ईच्छा भएको वर। जो ईच्छा मनमा छ सो अव कहु मानेर ठूलो भर। येस्ता वात सुनेर दानवहरु ब्रह्ममााजीका साथ् माहाँ। दिनु होस वरदान अजेय अहिले ईच्छा छ यै मनमाँहाँ ॥१७॥

येस्ता वात सुनी सकी प्रभुजीले मन्मा विचार् खुप् गरी। भन्नु भो तिनलाई आदर गरी मैरै छ मृत्यु अरी। मैले नै पनि मर्नुपर्छ सुनीलेउ हे भक्त तिम्ले अव। जानी लेउ र माग वर तिमीहरु अन्य वरै यो सब ॥१८॥

येस्ता वात सुनीमुखामुख गरी ति तिनदानवहरु। लागे भन्न पीताजीलाई तिनले तिन्टै लिई वर अरु। स्वर्ग मर्त्य र पातालै समीपमा तिनपुर रचेरै अब। बस्ने वर अब हामीलाई दिनुहोस् आनन्द लेवैभव ॥१९॥

कल्पैपूर्ण हुदा त एक घडि तक जम्मा हुने छन् तिता। जुनविरले तिनलाई त्यै घरीमाँहा नास्ला त मार्ला उता। हाम्रो मृत्यु त तेही देखी रहला दिनु हवोस वर याहाँ। येस्ता वात सुनी तथास्तु भनि वर दिनु भयोलौ त्याहाँ ॥२०॥

वर पाई तिनले त दानवहरु आएर दर वारमा। सुनको एक पुरता त्यहि रचि लिए राखे लगी स्वर्गमा। तेस्का रक्षक भैति तारक गए गर्छु रजाई भनि। दोस्रोपुर तिनले त्यहि रचि लिए हो चान्द्रपुर नामपनि ॥२१॥

रजतपुर बनाई मर्त्य भुमिमा राखेर राज्यै गरी। विद्युत माली रहेसबै जगतको सातो तिनैले हरी। तेस्रोपुर अनि लोहको हुन गयो पातालकै खातिर। राखियोक मलाक्ष दानव अनि राज्यादि तिनकै भर ॥२२॥

येस्ता रीतसीतले ततारकहरु राज्यादि गर्दा माहाँ। सारा देव महर्षिहेरु सवले दुखीत् भई सव माँहा। ब्राह्मणहेरु पनि भए सकलमा येज्ञै विहिनका जसै। द्यौतामा सवशक्तिता हटि गयो नीस्तेज भोसवतसै ॥२३॥

तिनलोक् चौधभुवन् गरे सकलराज दानवहरुले जव। धौता ब्राह्मणहेरु सब त्यहि हिडे जंगल विशेवैभव। हाहाकार भयो सवै त्रीभु वनै छैनन् त धौताहरु। दानवराज्य भयो चराचर जगत् प्राणी भए दुख अरु॥ २४॥

महर्षिहरुलाई दुख तिनले नानादि रीत्लेदिए। यज्ञैको फल आफूले त्याहि लिए देवादिमा दुख् दिए। यैरीत्ले गरी घेर वीते दिन पनि द्यौताहरुका त्याहाँ। जम्मा भै सव देवता नदिमाहाँ दुखादिको हालमाहाँ ॥२५॥

कतिञ्जेल अब बस्नु हामीहरुले जाई सररामा परौं। ब्रह्ममाका सँग जाई हामीहरु सव दुखादि विस्तार गरौं। यै रीतले गरी ती सबै चलि गए थिए ति ब्रह्ममा जाहाँ। विस्तार तिसवले गरे त्यस घरी द्यौताहरुले त्याहाँ ॥२६॥

द्यौताका सव दुखद दैसुनीफेर भन्छन पीताजी अनि। मैले गर्दा हने उपाय अहिले छैनन् त केही भनि। कल्पैपूर्ण हुनै त केही दिन तक बाँकी छ यौटा याहाँ। मर्छन दानवहेरु ता सुनी लिए जाने बुझेका माहाँ ॥२७॥

जाउँलौ शीवका त साथ अहिले विस्तार गर्छु वाँहाँ । रक्षाश्री शिवले गरेर जगको कल्याण होला याहाँ । येस्ता रीत् सीतले सबैजनहरु कैलास जाँदा भए। थीए श्री शिव पार्वति दुई त्यहि स्तुती गरेरै रए ॥२८ ॥

सारा देवहरु मिलेर तिनले स्तुति गरेको सुनी। ब्रह्ममा विष्णु र इन्द्र आदिहरु छन् आए चरणमा भनि ॥ भन्छीन पार्वति हे प्रभो सकलको दुखादि हर्नु हवोस्। रुन्छन् ब्राह्माण देवता सकलयो आएर दर्शन दिनोस ॥२९॥

येस्ता वात सुनेर कार्य तीनका भन्दछ सदा सीव रही। है औताहरु हो वताउ अहिले कारण छ कस्तो त्यही । येस्ता वात सुनी सदा शिवजीका सम्पूर्ण विस्तार गरे। मारी वक्सनु होस तारक भनि जाई चरणमा परे ॥३०॥

नीमेषकै भरीमा तिनैपुर त्याहाँ आएर जम्मा हुने । नासै तिनकन गर्नु होस् हजुरले तिनको तनासै हुने। उम्कैरै तिनी गैगए त्यस घरी नास हुन्न कैल्यै भनि। सारायो समचार सुनाई प्रभुमा वोले तीब्रह्ममा पनि ॥३१॥

येस्तावात सव देवता तिर भए ब्रह्ममाजी साम्ने गए। वर दान येसरीतको छ तिन् कन भनी सम्पूर्ण भन्दा भए। ब्रह्ममा देखी सबै सुनेर शिवले यो वात भन्छन् त्याहाँ। हे विष्णु तिमीले गएर यीनमा विस्तार वताउ वाहाँ ॥३२॥

भन्नु तिन कन जाई आज शीवजी आएर युद्धै गरी। तिनै पुरत नासी देवगणको उद्धार सारा गरी। तिम्रो प्राण वचाउने मन भए पाताल जाउ भनि। भन्नुलौ तिमीले गएर अहिले तिनलााई तिम्ले अनि ॥३३॥

येस्ता वात सुनेर विष्णु भगवान तत् काल जाँदा भए। सारा हाल खबर सुनाई शिवको ब्रह्ममा भएमा गए। दानव राजमहाँत खल्वल भयो थीए त्याहाँ सज्जन। साक्षात् श्री शिव आउने येदि भए पातालमा गै कन ॥३४॥

भन्छन् यी सवले डराई ई पनि भागेर पाताल् गए। युद्धैमा यदि जीत् भयो सकलमा तिनपुर अजेयै भए। येस्तै रुप सीतले सबै जनहरु गर्दै थिए सव कुरा। पुगे नारद झट्ट ताहि तिनमा श्री शम्भुकाली कुरा ॥३५॥

येस्ता वात सूनेर नारद अनि भन्छन् पीताजी सव। कुनरीतले गरी देवतासकलको युद्धादि को वै भव। ब्रह्ममाका मुखबाट नारदजीले सम्पूर्ण सुन्नु भयो। नारदले सनकादिलाई कहियो येज्ञादिको वात यो ॥३६॥

सारा देवहरु मिली सकलले कैलासमा उत्सव। जय कार श्री शिवको गरे त्यस घरी उद्धार गर्नोस् अब। कोलाहल रुपले भयाङ्कर अवाच सुनेर दानव पनि। जम्मा भै कनता सबै त्याहि बसे रक्षा गरुला भनि ॥३७॥

दानवका सव फौजमा जति थिए त्रिपुरकै आदर। थिए एक त्याही ति दानव महाँ श्री शिवकै सादर। लिए एक शिवको त लिङ्ग तिनले राखेर पुजा गरी। भक्ति श्री शिवमा गरे मनमनै अन्त्यै भएका घरि ॥३८॥

सारा ति शिवका अपार महिमा तिन्ले सुनाए त्याहाँ। आकार ब्रह्ममा र तेज अग्नि रुप हुन् भन्ने बुझाए त्याहाँ। आकार रुप शिवको चराचर जगत् शक्ति स्वरुपी भनि। ओम्कार रुप पर ब्रह्ममा तेज शिवको हो अग्नि रुपको पनि ॥३९॥

येस्ता रुप सीतले दुवै तरफमा वातचीत् भएकै थियो। भन्नुभो शिवले बनाउ रथ एक जानुछ वेला भयो। कुन देवता कुन ठाउँमा वसिसदा दिन्छन् त साथै दिउन्। एक्लैगै कन मार्दछु सकलमा दानव जति नै हउन ॥४०॥

येस्ता वात सुनी सदा शिवजीका द्यौताहरुले पनि। नक्षत्र गण वार तिथी सकलमा निम्ता पठाए अनि। योगा धी कराणा त्रिदण्डी पनि सब आए अगाडि माहाँ। विश्वकर्मा पनि त आउनु भयो सव देवका साथ माहाँ ॥४१॥

रथका पाङ्ग्रा भए तिवेद पनि ता चारै हुनाले गरी । सूर्ये चन्द्र पनि त चक्षु भईति वस्दा भए राम्ररी । नक्षेत्रै हरु सव वसे त्यस माहाँ श्री विष्णु ताँदो भए । ब्रह्ममा पास भए धनु उपरमा ईन्द्रै त त्रीसुल भए ॥४२॥

वाँजुकङ् कण ता महर्षिहरु हुन लाएत वेद ध्वनी । साराति ग्रह हेरु आईसीरमा वस्दा भए छन् पनि । यमराजले आई दण्ड दिनुभो लौ युद्ध गर्नु हवोस् । ईन्द्रैले पनि वज्र साथ दिनु भो श्री रुद्र रुपै लियोस् ॥४३॥

दिए श्री शिवलाई आदर गरी श्री विष्णुले चक्रता । ब्रह्ममाले शिवशक्ति रुप दिनुभो साथै रहि थीन तिता । येस्तै औसरमा सबै मिलिकनै दिएर सस्त्रै पनि । सारा नागहरु रहे समरमा जाई लडुला भनि ॥४४॥

रुद्र रुप शिवको देखेर सवमा टिक्नै कठिन् भो त्याहाँ । सूर्यै तेज सरीता सबै जगतमा ढाकी दिदोभो वाहाँ । घुर घुर शब्द गरेर रथ चलि गयो धाम्नै नसक्दा माहाँ । पृथिवी कम्प भयो चराचर जगत् खल वलपरयो सब माहाँ ॥४५॥

ईन्द्रादि सवदेवताहरु मिली आएर आकासमा । हेर्दाति सवले भयाङ्गर स्वरुप देखी लिएथे त्याहाँ । साराति शीव गणहरु त्यसघरी आएर वस्दा भए । त्यो देखी सव देवताहरु समेत् सारा डराई गए ॥४६॥

रुद्र तेजमाहाँ असख्य शीवगण देखेर छक्कै परी । सारा देवहरु अगाडि शिवका आएर स्तुती गरी । तिनलोक चौध भुवन सबै जगतको संहार गर्दा माहाँ । तिन् नेत्रै प्रभुका रहे येसघरी श्री रुद्रकै साथ माहाँ ॥४७॥

रुद्रशक्ति अपार हुन्छ जगमा कर्मै विशे खातिर । कर्मैको फलमा सदा शिव पनि हुन्छन् सदा क्रुद्धर । एका दश शिव रुद्र रुप अहिले लिए प्रभुले भनि । सारादेवहरु डराई शिवमा वस्दा भएछन् पनि ॥४८॥

भन्छन ब्यास पनि त्यही अगि सरि रथको प्रतिक्षा गरी। कुन रुपको रथ सृष्ठि भो भनि सदा हेर्दा भए छक् परि। थियो जल् जलकारको रथ ठूलो श्री सूर्य चन्द्रै सरि। सूर्यै आई वसेत दक्षिणमाहाँ वाम भाग चन्द्र परि ॥४९॥

अग्र भाग माहाँ वराह रुपको आकार बनेको थियो। सोही शक्ति वराहको हुन गयो आकार ले नै भयो। मातृ षोडसवाम भाग रहनु वराहकै शक्तिले। ईन्द्रादि दश देवता त्यहि वसे दाहिनेमा भक्तिले ॥५०॥

धर्मै रुप ध्वजा वनी त्याहि वसे सागर वसे साथमा। चौतर्फै तिरमा नदिहरु वसे श्री रुद्र कै हातमा। कालै तुल्य भएर नागहरुले सीरमा वसेका थीए। पुराण धर्म र ग्रन्थ भुषण भए गायत्री साथमा लिए ॥५१॥

वर्षा वादल मेघ आदि सवले सोभा वढाए त्याहाँ। ब्रह्ममा सारथी भै वसे त्यसघरी रथका अगाडि माहाँ। अग्नि आएर नेत्रमा वसि दिए वायु वसे नाक्माहाँ। वैद्यकर्ण महाँ बसे त्यसघरी कालै वसे हात् माहाँ ॥५२॥

येस्ता रुप शिवको अपार रथ त्यो देख्ने सवै जनहरु। हर्नै लाई कठिन भयो जगतमा विस्तार कहाँ तक गरु। दानव हेरु पनि सबै वसि सदा श्री शम्भु कै नाम गरी। आउँछन् कहिले भनि तिनीहरु हेर्दा भए राम्ररी ॥५३॥

येस्ता रुप सीतको अपार रथ त्यो लिएर जाँदा भए। हेर्नै खातिरमा ऋषिहरु पनि आकास मार्गै गए। सारा अप्सरा गणहरु त्यस घरी आएर नाच्दा माहाँ। गन्धर्वैहरुले गरे स्तुति ठूलो गायक कै रित् माहाँ ॥५४॥

एक दिन ता शिवले पशु रुप लिई हिड्दा हुदिमा जसै। आए विष्णु पनि सुदर्शन लीई खड्गै सरिको तसै। षड्गैले सीरलाई काटि प्रभुले श्री शम्भुको तेजले। वायु वेग गरी उडि कन गयो श्री रुद्र कै नामले ॥५५॥

सोहि औसरमात शक्ति शिवको थियो अमोघ नामको । सोहि शक्ति पाशुपतास्त्र हुनगै रक्षा गरेको थियो । वायु रुप लिएर पास शिवको रक्षा गरेका घरी । नामैले तिनका पाशुपति भनि भन्छन दुनीया थरि ॥५६॥

रोगैहेरु पनि सवै त्यहि बसे श्री रुद्र कै नामले । ज्वरानौ थरि नामका त्याहि वसे श्री रुद्र कै रुपले । शिव ज्वरो पीनाक घारी शिवको सर्वस्व जान्ने भयो । त्रीशीखर ज्वरोले त प्रणी जनको हात पाउमा गै गयो ॥५७॥

त्रीसीखै ज्वरले घुमाई सीरमा चक्कर दिदैयो थियो । हुट्कारै ज्वरोले ऋदयसवको शक्ति हराई गयो । कारक ज्वरोत शिरमा चढी गयो तातेर आये शिर । अज वक्र ज्वरोत नाक सहितै आँखामाहाँ भो परि ॥५८॥

हय वक्र ज्वरो भनेर बुझ्नु कम्पायनै जीव माहाँ । कम्पै सव जीवलाई परि । त्यसले दुःखादि धेरै त्याहाँ । ज्वरो हो यहि अर्ध वक्र बझ्नु आधा शरीर तातने । अङ्ग जोड्न तिरमा वसी यस घरी होसै उडाई दिने ॥५९॥

यस्ता रुप शिवमा शवै जनहरु साथै दिदा यो घरी । देख्नुभो शिवले त दानवहरु जम्मा भएका अरि । साथका ती सव जन सदा शिव माहाँ के मर्जि होला भनि । हेर्दैमा शिवले त मर्जि हुन गो लौ लड्न जाओ भनि ॥६०॥

भन्छन् नारद ब्राह्मलाई शिवको श्री रुद्रका साथ्माहाँ । कस्तो युद्ध भयो वताउनु हवोस् हे ब्रह्मा ऐले याहाँ । यस्ता वात सुनेर ब्रह्माजी पनि लौ सुन नारद भनि । प्रेमैमा वसी देवता मिली पुजा सवले गरेथे अनि ॥६१॥

गणेशको त्यहि पुजनादि नगरी सस्त्रादि कै पुजन । गर्दामा जव विघ्न ता भई गयो लागे सवै तर्कन । जान्नु भो शिवले तशक्ति सहितै पुजा गरेनौ भनि । डाकि शक्ति स्वरुप काली शिवले पुजा गराएर अनि ॥६२॥

डाँकी वीर हनुमानलाई शिवले झट्टै तिमीले गई। मेरो भक्त भयै छ एक अहिले जाओस् पातल भई। यस्ता वात सुनेर झट्ट तिनले सम्पूर्ण विस्तार गरे। शिवलिङ्ग लिएर दानव पनि पाताल तुरुन्तै झरे ॥६३॥

तिन नेत्र देखि अग्नि निस्कन गयो श्री शम्भुको त्यसघरी। आए तिन पुरै त जोडीन भनि डड्दा भए त्यसघरी। सारा तिन पुर एक साथ डडीफेर प्राणीहरुमा पनि। हाहाकार सुनीयो सवै जनहरु मारे मरेउ लौ भनि ॥६४॥

तारकाक्षर विद्युत माली पनि एक वाणै चढाई लिए। त्यै वाणले शिवको अपार कवचै काटि खसाई दिए। काटियो शिवको अपार कवचै श्री शम्भुले रीस गरी। हाने वज्र उठाई दानव उपर काट्यो टुकुरा गरि ॥६५॥

सारा सैन्यहरु र देवहरुमा युद्धै भयाङ्कर भयो। वरुणास्त्र थियो त दानव माहाँ वर्षा तुरुन्तै भयो। वर्षा रोक्न भनि सदा शिवजीले मसानको रुप धरे। मसानले गरी वर्षा रोकिन गयो उद्धार तिनैले गरे ॥६६॥

वर्षा रेकी सकि सदा शिवजीले मारे ति दानव पनि। सारा भस्म गरे सदा शिवजीले दानवहरुमा पनि। द्यौताहेरु खुशि भए त्यस घरी उद्धार सवैंको भयो। भैरब रुप शिवको भयो त्यसघरी मसान साथमा रह्यो ॥ ६७ ॥

शिवस्तुती

हे शभ्यो विश्वाम्भर हे महेस। अनन्त योगेश्वर सम्भु ईस। गङ्गेस नारायण दिब्यमुर्ते। देवाधि देवेश ससि सेखस्त्ये ॥६८॥

गौरीवते हे गणा नाधी नाथे। पीनाक धारी सह भक्ति नाथे। महेश्वरम् ज्ञान परम् पवित्रम्। गौरीपते हे करुणाधी नाथम् ॥६९॥

रक्षा सवैको गरी भक्ति साथ। उद्धार गरेउ आज लिएर माथ। वायु र तेज अग्नि पीनाक साथमा। श्री सूर्यकै तेज लिएर हातमा ॥७०॥

वेदादिहेरु पनि साथ लिन्या। सास्रार्थ ज्ञानले परिपूर्ण दिन्या। उद्धार गरेउ राक्षस लाई मारी। तिनलोकको भार सवै उतारी ॥७१॥

ब्रह्मादि देउता सव साथ लिई। खागै गरी पुर सबै जलाई। रुद्रै स्वरुप तेज लिएर आयौ। देवाधी देवको पनि नाम चलायौ। भन्छन् सवैले अब महाँ देव। भक्ति उपर खातिरमा महेश ॥७२॥ (दोहा)

यस्ता रीत् सितले सवै मिलि त्याहाँ गर्दा भएथे स्तुति। रक्षा श्री शिवले गरी असुर को गर्दा भएथे क्षति। भुको भार उतारी खारी शिवले श्री रुद्रको तेजले। भक्तिले शिवको त कीर्तन गरे आएर देवादिले ।७३॥

थिए सिद्ध महर्षिहेरु तिनले वेदादिले नै गरी। वेदस्तुतीगरे सदाशीवजीको भक्तिगरी राम्ररी। गन्धर्वैहरु नाच गान शिवको गर्दा भएथे त्याहाँ। गाए कीर्तन पितृहेरु सवले श्री शम्भुको झट वाहाँ ॥७४॥

यस्ता वात सुनेर ब्रह्माजी त्याहाँ भन्छन् मुनी लौ सुन। आये दानव राज भक्ति शिवको गर्दै ठूलो पुजन। दानव राज् मयले गरे अति ठुलो सत्कार गर्दा तव। खुशी भैवर दान माग तिमीले ईच्छा भएको अव ॥७५॥

भक्त खातिरमा सदा रहनता मेरो प्रतिज्ञा छयो। पूर्णै भक्ति गरी लियौ यस घरी ऐले त पुरा भयो। सोहि औसरले त माग वरदान ईच्छा जो मनमाहाँ। जो ईच्छा मनमा छ सो अवकहु मेरा अगाडि माहाँ ॥७६॥

यस्ता वात सुनेर ति मय पनि भन्छन चरणमा परि। भक्ति मात्र दिनोस प्रभु हजुरको दासी हुनाले गरी। तनमन किर्तन भक्ति भाव सवथोक अर्पण हजुरमा गरी। वस्नै पाउ प्रभो अगम्य पुरीको आनन्दको भोग गरी ॥७७॥

यस्ता वात सुनेर दानव उपर दियाँ सवै वर भनि। वीतल लोक माहाँ गएर रहनु सम्रज्य भोग्नु पनि। भक्ति खातिरले सदा शिवजीको यो लिङ्ग पुजा गरी। वस्नु आज गएर वितलमाहाँ दुःखादि जालान् टरी ।।७८।।

यस्ता रुप सितले सवै जनहरु लाई विदा दिकन। लागे हिड्न प्रभो स्वयम् शिवपनि जङ्गल विशेतत् क्षण। जंगलमा हिड्दा सदा शिवजीले वनका जनावर हरु। आदर दि कन हिड्नु भो प्रभुजीले विस्तार कहाँ तक हरु ।।७९।।

एक दिन ता तहि ईन्द्र आई वनमा देखेर के हुन् भनि। सोधेथे तिनी इन्द्रले त्यस घरि कोहौ वताउ भनि। वोलनन् तिनमा सदा शिवजीता गुर्धुम्ब बस्दा भए। ईन्द्रैलाई उठ्यो ओघोर रीस ठूलो वज्रैत हातमा लिए ।।८०।।

हानेथे जव ईन्द्राले त्यसघरी मार्ने ईराधा गरी। वज्रै हात समाति दे शिवजिले छक्कै परे त्यस घरी। ईन्द्रैलाई कठिन भयो त्यस घरी युद्धै हुदामा त्याहाँ। मुर्छा पारी दिए सदा शिवजीले ति ईन्द्रलाई वाहाँ ।।८१।।

त्रिशुलको जव नागको भयठूलो पाएर मनमा गुने। शिवजी यिनी हुन् भनेर मनमा प्रेम भक्तिले मन छुने। प्रेमैले गरीता सदा शिवजीले होसमा परुन् यी भनि। नागको विश सवै हरुण गरिदिए आएती होसमा पनि ।।८२।।

मुर्छा देखि उठेर ईन्द्र पनि झट श्री शम्भुकै पाउमा। पर्दामा तहि ईन्द्र मुर्छित भए श्री शम्भूकै साथमा। मुर्छा देखि उठेर ईन्द्र तीनमा वस्छन् प्रभुलौ याहाँ। चिन्नैलाई कठिन भयो अव चिने दण्डादि दिदा माहाँ ।।८३।।

सारा राक्षस मारी भार प्रभुले सम्पूर्ण तापै हरी। त्रैलोक्यादि पति सदा शिवजीको पर्छु चरणायो घरी। उद्धार गर्नु हवोस् परे चरणमा दासी हुनाले गरी। ईन्द्रैका यी वचन सुनेर शिवले भन्दा भए राम्ररी ।।८४।।

रक्षा सव जनहेरुको गरिलिए राजा भई लोकमाहाँ। दुखी जनहरुमा र साधुहरुमा वेदादि ब्राह्मणमाहाँ। धर्मै नास गरेर राज्य गरने नासै हुने कर्म भो। धर्मै खातिर राज्य पालन गरे बंसादिकै बृद्धि भो ॥८५॥

यस्ता वात सुनेर नारद पनि भन्छन् अहिले याहाँ। सारा श्री शिव का चरित्र अहिले भन्नुहवोस् सव माहाँ। तेस्का क्वै दिनमा सदा शिव पनि गङ्गाजीका तिरमा। थियो छार समुद्र तेस नगीचै वस्दा भए तेसमा ॥८६॥

आयो छाल ठूलो भयाङ्कर स्वरुप कुनले गरायो भनि। बुझ्नैलाई कठिन भयो समरमा थिए सदा शिव पनि। थियो राक्षस एक द्रोहि तिनको तेसले बढायो खल। श्री शम्भो प्रभुले त नेत्र तिनमा दर्शन दिएथे तल ॥८७॥

सारा खलबल भो समुद्र विचमा जीवात्मा जो जो थिए। पृथीवि कम्प भयो चराचर जगत् दानव त पातालगए। गाए कीर्तन देवताहरु मिलि रक्षा गरेउ यो घरी। भक्तै जानि प्रभो खुशी हुनुभयो त्रैलोक्य का नाथ हरी ॥८८॥

आएथे सनकादि चार मुनीता दर्शन गरु लौ भनि। श्री शम्भसीत आई विन्ति तिनले गर्दा भएथे पनि। तिन नेत्रै गरी तेज व़क्सनुभयो सम्पूर्ण सागर भरि। सोहि सागरबाट छाल तिनको आयो बढो तेज गरी ॥८९॥

सोहि औसरमात कन्या पनि एक सृष्ठि भईथिन् त्याहाँ। सोहि कन्यापनि त यौवन भईन् ती सूर्यै चन्द्रै माहाँ। सूर्यैले पनि सागरै सीतगई भन्दा भए त्यस घरी। कन्या रक्षा गरेर राख्नु हवोस् आनन्द भोगै गरी ॥९०॥

यसता वात सुनेर सागर पनि भन्छन ति सूर्यै माहाँ। हे नारायण सूर्यलाई तिमीले दियौत कन्या त्याहाँ। खुशी भै तिनले त राखि दिनुभो जन्म्यो पछि पुत्रता। जालन्धर भनि नाम राखी त्यसको ठूलै भयो विरता ॥९१॥

माता सत्य थिईन् तिनीसित गई विन्ति गरेथे जव। जालन्धर सीतमात पूर्व जुनीको लागीन् ती भन्नै तव। द्यौता दानवजाई सागरमाहाँ मन्थन् गरेका थिए। अमृत् निस्कन गै गयो त्यसघरि द्यौताहरुले लिए ॥९२॥

तेस्मा दानव एक जाई यसमा पाएछ अमृत भनि। छाडे चक्रत विष्णुले त्यस घरी काटिदिए सीर पनि। राहु केतु भएर गीड दुईटै बस्दा भएथे जसै। मारे रक्षसलाई देवहरुले दिए अति दुःख तसै ॥९३॥

सोहि औसरमात दानवहरु जाई तपस्या गरे। मारे ईन्द्रजीले पनि त्यसघरी दानव सकस्मा परे। हे पुत्र तिमी जाईलौ यसघरी श्री ईन्द्रैकै साथ्माहाँ। जिति ईन्द्रपुरी लिनु यस घरी गर्नु रजाई त्याहाँ ॥९४॥

यस्ता वात ति मातृका सुनी सकी भन्छन् ति जालन्धर। दुतैलाई भने सवै कन कुरा ति ईन्द्रकै साथ र। छाडि देउत राज्य ईन्द्र अवलौ जाई वनैमा वस। जालन्धर अव आई युद्ध गरलान् की युद्धमा नै पस ॥९५॥

येस्ता वात सुनेर दानव जीको ति ईन्द्र भन्छन् त्याहाँ। आवोस युद्ध गरोस खडा हुन गई मेरा अगाडि माहाँ। दानवका सव सेखि तोडि अहिल्यै निर्मुल पार्छु सव। भन्दै देवहरु सवै त्यसघरी जम्मा भएथे तव ॥९६॥

दानवहेरु पनि सबै त्यसघरि आएर घेरा दिए। ब्रह्ममा विष्णु मेहस ईन्द्र सवदेव जाहाँ वसेका थिए। शुक्रै चार्य पनि त दानव उपर साथी हुनाले गरी। दिए सञ्जीवनी सिकाई तिनले विद्या पुरा राम्ररी ॥९७॥

द्रोणाचल तिनले लिए त्यसघरी अम्बर वुटिथ्यो त्याहाँ। सोहि रुपत द्रोणलाई तिनले लिएर आए वाहाँ। भारी युद्ध भयो परस्पर लडे द्यौता र दानवहरु। हाहाकार भयो सबै जगतमा प्राणी जति छन् अरु ॥९८॥

येस्तावात सुनी ति नारद मुनी भन्छन् अगाडि सरि । हे पीता अव लौ सुनाउनु
हवोस विस्तारले राम्ररी । येस्ता वात सुनेर नारद जीका ब्रह्ममाजी भन्छन्
त्याहाँ । द्यौतालाई जीतेर दानवहरु वस्दा भए स्वर्गमा ॥९९॥

जंगल पर्वतमा वसे त्यसघरी द्यौताहरु सव गई । मातालाई लिएर दानव पनि
स्वर्गै विशेमा रई । राज्यै गर्न भनेर दानवहरु लाग्दा भए स्वर्गमा । बृन्दाका
सँगमा गरेर विवाह वस्दा भए हर्कमा ॥१००॥

आमा सागर पुत्रीले पनि त्याहाँ वृन्दा बुहारी भनि । पति रुप त सत्य जान्नु
तिमीले लिनुत धर्मै पनि । पति व्रता सरित छैन अरुक्वै श्री जातिको धर्म र ।
सोही जानिलीई तिमी येसघरी गर्नु ठूलो आदर ॥१०१॥

भाग्यैका वसमा परेर रहनु नानु तिमीले भनि । हे बाबु तिमी जानी लेउ
येसमा छोरा बुहारी पनि । येस्तो अर्ति सुनेर मातृसितको साष्ठाङ्ग ढोगै गरे ।
आशीषर्वाद दिएर छोरा बुहारी संम्राज्य भोगै गरे ॥१०२॥

भन्छन् दानवका त साथ तिनले ठूलो लडाई गरे । द्यौता दानवमा कठिन हुन
गयो सारा सकस्मा परे । वृन्दाले तप गर्दथीन अति ठूलो येज्ञादि कर्मै गरी ।
येज्ञै रुप सरीत सत्य छैन अरुमा भन्दै अति राम्ररी ॥१०३॥

सत्यैका वसमा परेर रहने येज्ञादिकै शक्तिले । वेदमन्त्र पढेर पुजन गरी बस्ने
अति भक्तिले । येस्ता रुपति वृन्दा सत्य रहने येज्ञादिकै प्रेम गरी । जीतथे सव
तिनकै प्रभाव हुन गै जालन्धरैले अरि ॥१०४॥

श्रीको शक्ति बुझ्रेर पुर्ण तिनले तिनकै प्रतापले गरी । स्वर्गैको सब राज्य
भोग अहिले दुखादि जाउनटरी । स्वामी पत्नि भई मुखामुख गरी आनन्दको
भोग माहाँ । वस्दामा तिनका विते दिन पनि त्यो ईन्द्र प्रस्थै माहाँ ॥१०५॥

भन्छन् ब्रह्ममाजी आई साथ अहिले देवर्षिहेरु माहाँ। कर्मैका वसमा परेर रहनु आदर गरी सव माहाँ। द्यौतालाई जीति लिएर अहिले जालन्धरैले सव। ईन्द्रा सन सवमा लिए येस घरी आनन्द भोगे तव ॥१०६॥

सोहि औसरमात नारद गए द्यौताहरु साथ माहाँ। दुखी थेसवदेवताहरु पनि आदर गरे तीन माहाँ। ईन्द्रादि सव देवता त अहिले जंगल र भीरमा वसी। क्वन्ध्राहेरु नदि र भीर पहरा जंगल विचैमा पसि ॥१०७॥

येस्ता दिन क्रमले त दुखीत भई वस्ता हुदि दिनहरु। द्यौतामा क्रमले विते वन गई धेरै वयान क्या गरु। भन्दामा सव देवताहरु मीलि नारदजी भन्छन् त्याहाँ। वृन्दाकै तप सत्यले हुन गयो जानी लिए सव याहाँ ॥१०८॥

भन्छन् नारदता ती देवहरुमा भक्ति र सतकर्मले। येज्ञादिहरुमा सदाति रहने भक्ति ठूलो प्रेमले। वेद मन्त्र महाँ गएर अधिकार बस्नेती द्यौताहरु। नीस्तेज भैकन वस्दछन येसघरी धेरै वयान क्या गरु ॥१०९॥

सोहि औसरमा त जान तिमीले सत्यै ठूलो हो भनि। सत्यै मिल्दछ भक्ति राखी मनमा येज्ञै गरेमा अनि। शिव शक्ति स्वरुप येज्ञ गरनु मनमा अति प्रेम धरी। भक्तिले गरी सत्य मिल्दछ जउन येज्ञै गरुन राम्ररी ॥११०॥

येस्ता वात भनेर नारद गए जालन्धरै छन् जाँहाँ। नारदको नृपले गरे अति ठूलो आदर क्रमैले वाहाँ। पाल्नुभो अहिले महर्षि कुन काम लिएर स्वर्गै माहाँ। वृन्दाले पनि आदरै गरी लिईन तिनलाई त्यै विच माहाँ ॥१११॥

जालन्धर पनि भन्दछन् त्यसघरी यी हुन् महर्षि भनि। आदर पुर्वक सोधनी गरी लिए भन्दा भए ति मुनी। जस्का पत्नि त छन् अवस्य घरमा पतिव्रता धार्मीका। सत्य वादि स्वरुप एक रहने जानी लिए कालीका ॥११२॥

काली शक्ति स्वरुप एक रहने श्री सत्यकैध्यान गरी । सत्यै गुण यीनको
थियो त अहिले ईन्द्रा सनै भोग गरी । राजामा सव श्रेष्ठ छौ येस घरी आदर
ठूलो सत्यको । सत्यै रुप त जानी लेउ तिमीले वृन्दा भनि नामको ।११३।।

येस्ता वात गरेर नारद गए आकास मार्गै गरी । वृन्दाका सँगमा त भुपति रहे
आनन्द भोगै गरी । आनन्दै गरी वस्दथे ति दुईटै राजा र रानी हरु । क्या राम्रो
पति पाई प्रेम गरिलौ आनन्द भोगै अरु ।।११४।।

सुम् सुम्याई दिई सरिर तिनको वृन्दाजीले नै त्याहाँ । जालन्धर खुशी भै रहे
त्यसघरी यो वात भन्छन् वाँहाँ । श्रीमा रुप महार सत्य सवमा सौन्दर्यतामापनि ।
को होला अहिले यी वृन्दा सरीको तेज स्वीनी कामीनी ।।११५।।

भन्दै चुम्बन खाई पत्नि मुखमा खुशी भएथे जसै । वोलीन् वृन्दा पनि मुखा
मुख गरी हाँसेर यो वात तसै । राम्रीमा अति तेजमा सकलमा पत्नि र पुरुष
हुने । प्रेमै खातिर रुप तेज् सकल यो जानी लिनु मन छुने ।।११६।।

शक्ति रुप त पार्वति सकलमा भोगादिमा रुपमा । दिव्यै दर्शन दि सदाति
रहने प्रेमै गरी शिवमा । उनका साथमा म के हुली येस घरी पुग्दैन मेरा रुप ।
भन्दै वृन्दा रहिन् अगाडि तिनका हेरी पतिको मुख ।।११७।।

येस्ता वात सुनेर भुपति रहे हे पत्नि वृन्दा भनि । तिम्रा साथ लिएर आउँछु
याहाँ तिम्रै अगाडि अनि । खुशी भै तिनमात भोग री लौ दासीत तिम्रै भनि ।
राखुला तिमीलाई आदर गरीति पार्वति जी पनि ।।११८।।

भन्दै दानव राजता तहि हिडे कैलास जान्छु अव । ब्राह्मण भेष घेरेर दानव
पुगे पार्वति सामु तव । साम्ने जाई खडा भई त्यसघरी भीक्षाम देहि भनि ।
भीक्षा दिन भनेर पार्वति गईन ढल्दा भए ति अनि ।।११९।।

माता पार्वतिले त ध्यान रुपले जानी लिनु भो जसै । ठग्नैलाई भनेर पातकी
याहाँ आएछ ऐले तसै । माता पार्वतिलाई तेज रुपले हेर्नै कठिन लौ हुँदा ।
दानव टिक्न कठिन भयो त्यसघरी आएर दर्शन दिदा ॥१२०॥

लज्जामा परि फर्कियो त्यसघरी फेरी तमासा गरयो । सानो बालक रुप धरेर
त्यसले फर्काउने मन गरयो । सानो बालक रुप देखी त्यसमा श्री पार्वतिले
पनि । भैरव रुपी भई खडा भई रहिन् यो पापी नै हो भनि ॥१२१॥

भैरव रुपकी पार्वति सकलले देखि लिएथे जसै । वाहन तिन कन झट् खडा
गरि लिए द्यौताहरुले तसै । वात्स्यायन ऋषी नामका अति ठूला योगी प्रतापी
थिए । चाण्डाल्निकन ल्याई देवहरुले तिनलाई सुम्पी दिए ॥१२२॥

तिनका साथ माहाँ महर्षि तिनले सम्भोग भै गो जव । जन्म्यो पुत्र र पुत्री दुई
तिनमा तिनकै अगाडि तव । नामै स्वान भनेर राखी मुनीले भैरव स्वरुपमा
दिए । रक्षा यीन कन लौगरेश भनि त्याहाँ सम्पूर्ण खुशी भए ॥१२३॥

ब्रह्मपुत्र भनेर जान सवले हो कुकुरै नामको । वात्स्यायन ऋषी पुत्र हो
सकलले चाण्डाल्नीकै कोखको । ब्रह्मजी त्याही भन्नु हुन्छ सुनील्यौ नारद
जी ऐले भनि । थाहा भो शिवमा सुने सव खबर क्रुध्दै भए ति अनि ॥१२४॥

मार्छु दानवराजलाई अहिले आफै गईलौ त्याहाँ । नन्दी भृङ्गी र देवता गण
समेत जाउन ति स्वर्गै माहाँ । सारा दानवहेरुलाई अहिले जालन्धरै मार्दछु ।
भन्दै ति शिवजी चले समरमा वृन्दा समेत मार्दछु । भारि युद्ध भयो परस्पर भीडे
ठूलो लडाई भयो । जीत् नै लाई कठिन भयो समरमा दानवत बद्दै गयो ॥१२५॥

जान्नु भो शिवले र सत्य यिनको रहेछ यीनमा भनि । विष्णुका सँगमा कहे
सकल वात श्री शम्भुले नै पनि । भन्छन् विष्णु पनि गएर मईले सत्यै त
नासि दिंदा । जालन्धर त्यहि मर्छ जान्नु सवले हात् देखी त्यो दुष्ठता ॥१२६॥

येस्ता वात सुनी सदा शिवजीले लौ जाउ विष्णु भनि। पठाए सवमा अगाडि ति पुगे थिईन ति वृन्दा पनि। पाउँ घोई लगिन र आदर गरी वृन्दजीले साथमा। सोध्धै मातिनीले चिनीन् त्यसघरी आएछ विष्णुममा ॥१२७॥

जानी तिनकनलाई बन्धन माहाँ राखी दिईथिन् जसै। कोठामा थुनिए ति विष्णु भगवान वित्तै गयो दिन तसै। चारौं दिन पनि वित्यो समरमा लड्दा हुदि दानव। जित्नैलाई कठिन भयो शिव पनि गल्दैन है दानव ॥१२८॥

वीर भद्र र कालीका समरमा आएर लड्नै भनि। नन्दी भृङ्गी र भुत प्रेत सव जना लड्दा भए ति पनि। विचार गर्नुभयो सदा शिवजीले विष्णु गए लौ कहाँ। ध्यानैले गरी देख्नुभोसकल हालश्री विष्णुको झट त्यहाँ ॥१२९॥

ब्राह्मण भेष घरि सदा शिव पनि जालन्धरै का घर। भीक्षा माग्नु भयो र वृन्दा तिनीले दिईन त भीक्षापर। यो भीक्षा मत लान्न आज तिमीमा हेला गरेको हुँदा। ईच्छा भीक्षुकता दि येसघरी लिएर जान्छु सदा ॥१३०॥

येस्ता वात सुनेर भीक्षुक उपर लौ मागी लेउ भनी। कोठामा थुनीराखेकोमकन लौदिनु हवोस भीग पनि। येस्ता वात सुनी सदा शिवजीले मागेर लिए त्याहाँ। विष्णु सत्य डगाउँछु भनि हिडे वृन्दाजीको साथ् माहाँ ॥१३१॥

सन्ध्याकाल गरेर पुग्नु पनि भो ति वृन्दाकै साथ माहाँ। आदर खुप सीतले गरी पति भनि साथै वसिथिन् त्याहाँ। जालन्धर रुपी विष्णु जाई तिनमा गर्दा भए सक्कुरा। खानपान र भोजनादि तिनले गर्दा भएथे पुरा ॥१३२॥

भोली जाई अवस्य मार्छु शिवजी श्री पार्वती ल्याई दिई। दासी तिम्री गराई राख्नु तिमीले आनन्द मनमा लिई। येस्तै वात गरी रहे पलङ्मा भोगै गरे तिन कन। प्रात काल भयो उठे ति दुइटै दिए जसै दर्शन ॥१३३॥

सङ्ख चक्र गदा मुकुट प्रभुजीको देखेर वृन्दा पनि। छक्कै परि रहीन कसो
गरी याहाँ रक्षा गरुली भनि। युद्धै तर्फ भने ठूलो समरको अवाज सुनी थीन्
जसै। के को शब्द भयो भनेर तिनले लागिन् ति हेर्नै तसै ॥१३४॥

जालन्धर शीव देखी मारी नगए भन्ने खबर गै गयो। लागिन रुन तिवृन्दा
दानवहरु सारा कहलो भयो। द्यौताहेरु खुशी भए समरमा श्री पार्वतिले
पनि। लावापुस्पहरु महर्षिहरुले वर्षा गराए अनि ॥१३५॥

वृन्दा रोई कराई धेर तिनले गर्दि भई थिन् त्याहाँ। मृत्यु भै पतिको शरिर
सँगमा पुग्दि भईन् झट् वाँहाँ। हे स्वामी तिमीलाई विष्णु छलीले सत्यै डगाई
दिदा। तिम्ले छाडि दियौ गयौ गरु कसो पापीष्ठ विष्णु हुँदा ॥१३६॥

यैरीत्ले गरि धेर अनेक तरहले रोई कराई त्याहाँ। वीलाप धेर गरिन् सबै जन
माहाँ सून्नै कठिन भो वाँहाँ। निक्ल्यो तेज पनि त विष्णु भगवान मुखबाट
अग्नि सरि। दानवराज शरिरमा गई मिल्यो त्यो तेजता राम्ररी ॥१३७॥

सारै सोक गरेर वृन्दा तिनले शति म जान्छु भनि। हेरी विष्णु उपर रिसाई
तिनले दिईन् सरायै अनि। हातमा पथ्थर लिई रिसाई तिनले पथ्थर तिमी
हौ भनि। फ्याकी थिन् त्यहि पथ्थरै पुगि गयौ बैकुण्ठ विचमा पनि ॥१३८॥

सोहि कुण्ड उपर त कालीवगीथीन् नदि भई त्यसघरी। कालीगण्डकीले
प्रशिद्ध हुनगो शालीग्राम शीला गरी। शालीग्राम त विष्णु रुप हुनगो त्यो
कुण्डको पथ्थर। वृक्षै फेद थियो त्यहि त्यसघरि लिईन त हात्मा पर ॥१३९॥

वृक्षै हौ तिमी पापी छौ येसघरी भन्दैत श्रापै दिई। विजै सानु भई रहि
सकलमा कल्पादि दुखै सई। नाटकी भईता सदा तिमी रहु हे विष्णु चाडै
भनि। पातै पीपलका सदा त्याही रहे नाटक स्वरुपले भनि ॥१४०॥

थियो एक त घाँस रुप त्यहि नै देखाई तिन्ले त्याहाँ। घाँसै हुनु परोस भनि कन सराप फ्याली दिईन काखमा। काखैमा कन फ्याली घाँस तिनले ब्रह्मादि द्यौताहरु। ब्रह्मा रुद्र पनि वसे येस उपर कुश वृक्ष भारमा अरु ॥१४१॥

येस्तो श्राप दिएर विष्णु भगवान लाई तिनीले त्याहाँ। सति जान्छु भनि त्यहि चली गईन् आफ्ना पति छन जहाँ। श्राप् भोग्नै कन जाई विष्णु भगवान सव माति वस्दा भए। मुक्ति मार्ग भयो सबै जन उपर भोगादि माति रहे ॥१४२॥

सोहि औसरमा त लक्ष्मि पनि ता आएर भन्छिन् सब। पुरुषको अपराध पत्नि कननै लाग्ने छ आधा तव। भन्दैमा तिनी ता त्यहि दुई भईन श्री जातिकै रुपकी। विष्णु साथ गईन् डराई तिनीता दुईटि भए विष्णुकी ॥१४३॥

गङ्गा आई वसिन् त्यसै वखतमा श्री विष्णुकै साथमा। आँखैमा त्याहि तेज देखी पनिता आईन ति अर्कि त्याहाँ। गङ्गा लक्ष्मि सरस्वती र तुलसी यी चार जम्मा भए। वैकुण्ठा धीपतिसँगै तिनी रहे वैकुण्ठ मा नै गए ॥१४४॥

श्री रुप धारणाले गरेर पहीले श्री विष्णुले नै पनि। ब्रह्मा लोक त्यही रच्नु भो सवमाहाँ खुशी हउन यी भनि। भक्ति भाव र कर्मले तिनीहरु मन्मा सबैका वसी। भक्त खातिरमा तिन छन् सव जना श्री विष्णुका पास ती ॥१४५॥

येस्ता वात सुनेर नारद पनि भन्छन् तिब्रह्मा कन। विष्णु रुप शिवका अपार महिमा आज्ञा हवोस जो छन्। ब्रह्मा विष्णु महेस आदि सव हुन एक रुप एकै भनि। सुन्थे आज प्रभो हजुर अहिले आज्ञा भयो यो अनि ॥१४६॥

भक्तिले गरी प्रेमले सकलको उद्धार गर्ना कन। विष्णुले पनि श्राप भोग्नु परिगो हे नाथ नारायण। येस्ता वात सुनेर ब्रह्माजी जउन भन्छन् अगाडि सरि। जस्ले सुन्दछ यो अपार महिमा संकष्ठ जान्छन् टरी ॥१४७॥

सारा देवहरु मिली स्तुती गरे नारायणै सम्भुको। खुशी शिद्ध महर्षिहेरु सव भै स्तुती गरे प्रेमको। लावा पुस्प हरु त वर्षा हुन गो मृदङ्ग ढोलै पनि। वाध्यै वादन ता सबै वजी गए उत्सव गराउँ भनि ॥१४८॥

आकासमा वसि देवता सकलले उत्सव गरे लौ भनि। आज्ञा भो शिवको अपार महिमा ति देवतामा पनि। संकष्ठै परदार भक्तहरुमा उद्धार गर्नाकन। रुद्र रुप लिएर आई तिनको गर्छु म उद्धार सुन ॥१४९॥

शिव स्तुती

श्री सम्भुका साथ गएर गौरी। भन्छिन् प्रभुको मुख तर्फ हेरी। रुपै अनेकौ शिव नीर्विकारी। भुवार हर्ने शिव हे मुरारी ॥१५०॥

मोहित् भई मोहिनी रुप धारी। श्री पार्वति शक्ति स्वरुप हारी। आएर दर्शन दिनुभो अहिले। शक्ति स्वरुप पार्वतिको कृपाले ॥१५१॥

कैलास वासी शिव पार्वति हुन्। आदर गरी भक्त सदा रहन्छन्। रक्षा गरी तिनकन भक्ती साथ। दानव त मरेउ जब एक साथ ॥१५२॥

मारेर दानव अव हामीलाई। राज्यै दिनु भो शिव शक्ति जाई। गर्दा भए धेर स्तुति क्रमैले। ईन्द्रादि द्यौता हरुमा सवैले ॥१५३॥ (दोहा)

भन्छन् नारद आई सौनक माहाँ श्री शम्भुको यो कथा। थियो दानव सङ्ख चुड भनि एक सम्पूर्णको भो व्यथा। ब्राह्माण येज्ञ र कर्म धर्म सव नाम गर्दै रहेको थियो। देखेयो शिवले त्रिशुल तिनले फ्याके मरि गैगयो ॥१५४॥

तेसै औसरमा विधाता सुत हुन् मरीची भन्ने मुनी। उनका साथमाहाँ पराक्रमी ठूला जन्मे तिकास्यप अनि। कास्ययका सँगमा ति दक्ष नृयले दिए र कन्याहरु। तेह्र कन्या दिए क्रमै सीत लीए पत्नि भए ति हरु ॥१५५॥

कास्यप की सव पत्नि मध्ये तिनमा थिईन दनु नामकी । ज्ञानमा पूर्ण थिईन तथापी तिनीता पति व्रता धर्मकी । तिनका पुत्र भए वहुत वलवान नाम विप्रचीत्ती थियो । तिनले दण्ड दिदा फुटे तीपहरा खल वल वहुतै भयो ॥१५६॥

सारा खल्बल भो भनेर सबले ति देवताले अनि । रक्षा गर्नु हवोस प्रभो भनि ठूलो स्वरले कराए पनि । ब्रह्मादि सव देवता दुखीत छन् भन्ने प्रभुमा भयो । जानुभो तिनका नगीच शिवजी ब्रह्मण स्वरुपले तयो ॥१५७॥

दानव भक्ति गरेर साधु रुपले वस्यो उ जंगलमाहाँ । चीन्नु भो शिवले तथापी त्यसमा हान्नु भयो वाँण त्याहाँ । लाग्यो वाँण शिवको उठ्यो त्यसघरी दानव स्वरुपले अनि । देखेथ्यो शिवलाई दानव अनि आयो सरएामा पनि ॥ १५८॥

भन्नु भो शिवले तथापी तिमीले जन्मै लिएरै पछी । मेरा हातमाहाँ परेर मरनु पर्नेछ लौ एक पछी । ऐले छाडि दियाँ तथापी तिमीले आई शरणमा परे । सोही औसरमा तथापी अहिले जालन्धरै यी मरे ॥१५९॥

सिद्धा धर्म थिए ति पत्नी दुईटि कास्यय की पत्नि माहाँ । सिद्धामा सरला भईन तिनी उपर एक पुत्री पैदा वाहाँ । गन्धर्वै रुपले विवाह हुन गो तिनको त नन्दि स्वर । जन्मे तिन् कन सङ्ख चुड भनि एक पुत्रै प्रतापी पर ॥१६०॥

सङ्ख चुड उपर विवाह तिनको श्री सुन्दरी साथमा । जन्मे घोर उपर ति पुत्र दुइटा तिनका त पुत्रादिमा । घोराले तप गर्न खातिर गए श्री शम्भुको नै पनि । धेरै काल गरे तपै अति ठूलो खुशी गराउँ भनि ॥१६१॥

सौ वर्षै विति गै गयो तपसमा आए सदा शिव त्याहाँ । दर्शन पाई लिए खुशी अति भए आज्ञा भयो तिन्माहाँ । मागे वर तिनले तथापी शिवमा भक्ति मीलोस लौ भनि । आज्ञा भोशिवले तथापी तिनमा मिल्नेछ भक्ति पनि ॥१६२॥

सोहि औसरमा तिनी गई गए श्री शम्भुकै साथमा। विल्व पत्र थियो त्यहि शिव उपर चढाई दिए साथमा। विल्व पत्र थियो त्यहि शिव उपर चढा एकैले गरी। तिन जम्नै तकका तपीतित भए आए अगाडि सरी ॥१६३॥

ठूलो किर्ती रह्यो मिल्यो वर पनि श्री शम्भुको त्यसघरी। आज्ञा भो शिवले सदा तिमी रहु रक्षा सबैको गरी। विल्व पत्र पुजा यहाँ गरीलि यौ सौ वर्षको तप पनि। मिल्ला पूर्ण भनेर येही वरदान दिनु भएथ्यो अनि ॥१६४॥

पीताजी तिनका थिए अति ठूला श्री सङ्ख चुडै अनि। लिए पुत्र ति साथमा ति दुईटा युद्धै गरुलौ भनि। सारा दानव हेरु साथ लीई फेर सम्पूर्ण पृथिवी भरी। लागे राज्य चलाउना कन त्याहाँ एक एक तिनले गरी ॥१६५॥

सारा राज्य चलाउनै तिनी त्याहाँ लाग्दा भएका थिए। आफूमा प्रभु रुप नारायणको तिन्ले गराई लिए। सङ्ख चक्र गदा र पद्य सहितै तिनले बनाई त्याहाँ। वस्दामा तिनमा वृहस्पति पुगे तिनका अगाडि माहाँ ॥१६६॥

देवगुरु गएर दर्शन गरे नारायणै रुपको। आज्ञाभो तिनले त भुपति महु भन्दै अति तेजको। येस्ता वात सुनेर भुपतिजीका वृहस्पतिले पनि। नासै हुन्छ अवस्य राज्य तिमीको साँचो कुरा हो भनि ॥२६७॥

नारायण यदि शक्ति छैन तिमीमा ठूलो भएरै याहाँ। निन्दा श्री प्रभुको गरेउ येसघरी वस्द त दरवार माहाँ। येस्ता वात गरी वृहस्पति गए ति ब्रह्मालोकमा जव। सारा हाल तिनले भने प्रभुजीमा ति भुपतिका तव ॥१६८॥

सोहि रुप ति दानवै सकलमा श्री विष्णु मै हुँ भनि। गर्थे राज्यहरु सवै किसिमले दुखादि दिन्थे पनि। दानवमा सवमात तेज बढि गो द्यौता र ब्राह्माणहरु। दुखी भैकन हिड्न खातिर त्याहाँ लाग्दा भएफेर अरु ॥१६९॥

सारा विन्ति गरे प्रभो हजुरको रुप धारणेले गरी । ब्राह्मण सिद्ध महर्षिहेरु सवका संकष्ठ नाना थरी । रक्षा गर्नु हवोस प्रभो हजुरले भन्दै ति विष्णु कन । सारा देवहरु मिली स्तुती गरे हे नाथ नारायण ॥१७०॥

भन्दामा प्रभुले त आज्ञा हुन गो श्री शम्भुको वर लिंई । उद्धण्डै तिनी छन् तथापी अहिले मर्दैनन् हामी गई । कैलासमा यदि जाउँलौ अव भनि लिएर नारायण । आउनु भो सवलाई साथी लिई फेर वैकुण्ठका ति जन ॥ १७१॥

ब्रह्माादि हरुले स्तुती गरी लिए श्री शम्भुको त्यसघरी । आज्ञा भो शिवले सबै जनहरु वस्नु सदा स्थीर गरी । जान्छु आज अवस्य मार्दछु भनि सवदेवता साथमा । सुन्दामा सव देवताहरु पनि श्री शम्भु कै साथमा ॥१७२॥

येस्ता वात सुनेर नारद जीका भन्छन् महर्षि हरु । मार्नु भो शिवले कसोरी अहिले भन्नु हवोस फेर अरु । सारा देव हरुमीले त्यसघरी लागे अगाडि शिव । नन्दी भृङ्गी र भुतप्रेतहरु सव आएर घेरे तव ॥१७३॥

सङ्ख चुड पनि सबै त्यसघरी सेना तयारी गरे । दुई पुत्र भने प्रभो भनि स्वयम् पस्नेर पाउँ परे । साक्षात् रुप शिव देखी भक्ति दुईमा श्री शम्भुले तिनकन । सम्झाउ तिमीले पीता सित गई भक्ति गरुन् तत् क्षण ॥१७४॥

भक्त खातिरलाई मार्न नहने मेरो प्रतिज्ञा छ यो । सोही औसरले तथापी ति नमा पातालमा वस्नु यो । येस्ता वात गरे सदा शिवजीले पीताजीका साथमा । पुत्रै वल नहुँदा तिनी पनि वसे पातालमा गै त्यहाँ ॥१७५॥

द्वापर युग जव भो ति विष्णु भगवान आएर औतार लिए । मार्नु भो प्रभुले त कृष्ण रुपले ति सङ्ख चुड मारीए । येस्ता रुप सीतले सदा शिवजीले रक्षा गरे सव माहाँ । खुशी भै सव देवताहरु वसे आनन्दताले वाहाँ ॥१७६॥

येस्ता वात सुनेर नारद जीका भन्छन् कुमार जी पनि। धेरै संख्या माहाँ थीए ति शिवगण भन्ने सुनेथे अनि। लावा लस्कर ता थियो जउन जो श्री शम्भुकै पास माहाँ। कोटि कोटी थिए ति देव गण सव आएती कैलास माहाँ ॥१७७॥

भक्तिले गरी प्रेम भावरसले सम्पूर्ण द्यौता हरु। आए श्री शिव शक्तिमा मन दिई विस्तार कहाँ तक गरु। कैलास वासी सदा थीए शिव पनि श्री पार्वती साथमा। गङ्गा लक्ष्मी सरस्वतीहरु पनि आएती कैलासमा ॥१७८॥

गङ्गासीरमा वसिन् सदा शिवजीमा लक्ष्मि वासिन् हातमाहाँ। ॠदयमा सरस्वती वसि गईन वेदादि कै साथ माहाँ। येस्तारीत्सीतले सबै तिनी वसे श्री शम्भु कै साथ् माहाँ। खुशी भै शिवले पनि तिनीहरुलाई लिए छिन् माहाँ ॥१७९॥

भुतप्रेत पीसाच योगीनीहरु श्री कालीका नै पनि। लट्टा श्री शिवका थिए त्यहि वसे खुशी भए सव मुनी। येस्ता रुप सीतले चराचर जगत् श्री सम्भुकै पासको। सारा देवहरु सदा शिवजीमा कैलासकै वास भो ॥१८०॥

शिव अङ्ग महात देवगण सव आएर वस्छन् सव। कोटि कोटि थिए तियुद्ध गरने जम्मा भएका सव। दुन्दुभ आदि कराल विक्रीतहरु आएर कैलास माहाँ। भुतप्रेत पीसाच आदि सव छन् श्री सम्भुकै साथ माहाँ ॥१८१॥

चन्द्र सूर्य वरुण वायु सवले आदर गरी सम्भुको। ईन्द्रादि सव देवताहरु पनि आए ति सम्पूर्णको। मालिक भै प्रभु वस्नुभो सवजना आनन्दताले रहे। भक्ति श्री शिवमा गरे सकलले कैलास सारा भरे ॥१८२॥

सारा दानवहेरु यात्रा गरी सव पातालमा ति गए। द्यौता हेरु सवै मिले त्यसघरी कैलास जम्मा भए। भन्छन सिद्ध महर्षि आई सवममा श्रीसङ्ख चुडै पनि। मारी यो प्रभुको कृपा हुन गई दानव गए सब अनि ॥१८३॥

नारायण सीत जाई ति तुलसीजी विस्तार गर्दी भईन। वैकुण्ठा धीपति प्रभो
अब भनि सारा सुनाई दिईन्। सुनेथे प्रभुले अपार महिमा खुशी हुनु भो हरी।
भक्तै खातिरमा प्रभो शिवजीको रुपै त नाना थरी ॥१८४॥

यै रीत्ले गरी घेर महर्षिहरुले स्तुती गरेको सुनी। ब्रह्माजी त्यहि भन्नु हुन्छ
अवलौ रक्षा गरियो भनि। भक्ति प्रेम अपार हुन्छ जगमा कैलासबासी शिव।
रक्षा गर्नु हुनेछ जानी लिनु होस आएर हे माधव ॥१८५॥

भन्छन ब्रह्माजी ताहि एक अहिले फेरी वीर आई गयो। हरिणाक्ष समानथ्यो
त्यसघरी कैलास घेरी लियो। सारा देवहरु मिलेर त्यसमा दुतै पठाई दिए।
चुडेस्वर भनि नाम थियो त्यस घरि नारदजी त्यहि गए ॥१८६॥

नारदका मुखदेखी हाल् सव सुन्यो दानवरीसायो तर। मारे देवहरु मीलि
सकलविर दानव थिए जो पर। ऐले आई म मारुला सब याहँ द्यौता हरु जो
छन्। सोही रुप अहिले ईमारी सब या नास्ने छु द्यौताकन ॥१८७॥

ब्रह्मा विष्णु महेश शक्ति सवमा नास्नै भनिलौ याहाँ। लिएँ यो धनु हातमात
मईले टिक्ला कउन् जन त्याहाँ। अग्नि रुप धनुनै थियो त्यसमाहाँ हात्मा
उठाई लियो। नारदमा जति शक्तिथ्यो त्यसघरी त्यसले उडाई दियो ॥१८८॥

सारा हाल बुझेर त्यसकन फीरे नारद जीकै लासमा। पृथिवीको वरले
अजेय हुनगै आएछ कैलासमा। पृथिवी अग्नि र वायु तेज वरुणै सारा
सकस्मा परी। सम्नै खीची लिएछ एक त्यसले शक्तिलीई वेशरी ॥१८९॥

ब्रह्माका नगीचै थिए तिनीहरु सनत कुमार जो त्याहाँ। नारद देखी सबै
खबर सुनी लिए द्यौताहरुले वाहाँ। भन्छन् देवहरु मिलेर अहिले युद्धै त गर्नु
पर्‍यो। ब्रह्मा विष्णु महेश अग्नि यसमा विस्तार गर्नु पर्‍यो ॥१९०॥

सङ्ख चुड त धेर सैन्य सवली युद्धै म गर्छु भनि। आएको छ खडा भएर अहिले स्वर्गै म लिन्छु भनि। येही रुप सीतले धरातल भरी सव देवता साथमा। ब्रह्मा विष्णु महेश ईन्द्रयमजी आए ति कैलासमा ।।१९१।।

ग्रहहेरु पनि सबै जुटि लिए रत्नादिले नै गरी। सबका वाहन साथमा चली गए द्यौता हरु राम्ररी। दानवहेरु पनि सबै त्यस घरी आएर घेरे जसै। टंकार भो धनुको भयानक त्याहाँ काँपीन् धरापो तसै ।।१९२।।

भारी युद्ध भयो परस्पर भीडे द्यौतार दानव हरु। ग्रहहेरु पनि सबै वसी गए सस्रास्रमा नै अरु। ठूलो युद्ध भयो सबै जनहरु जाई शरणमा गरे। संकरका गई साथमा सकलले विन्ति तुरुन्तै गरे ।।१९३।।

भन्नु भो शिवले म जाई अहिले मार्ने छुदानव भनि। द्यौता साथ वसुन् सबै समरमा आउन् ति ऐले भनि। येस्ता वात सुने सबै जनहरु खुशी भएथे जब। साक्षात् रुद्र स्वरुप धारणा गरे श्री शम्भुले नै तव ।।१९४।।

आयो दानव ऋुद्ध भै सकलमा मार्ने ई राधा गरी। त्रहि त्राहि प्रभो वचाउनु हवोस हेसम्भु आयो अरि। येस्ता वात सुनेर देवहरुमा जाई अगाडि माहाँ। भन्नु भो शिवले सबै जनमाहाँ मार्ने छु दानव याहाँ ।।१९५।।

येस्ता वात पीताजीका सुनी कुमार जाई अगाडि सरे। दानवराज मई मार्छु साथ हजुरको साथै हुँदामा भरे। भन्दै जाई खडा भए त्यसघरी तिस्कन्ध कुमार जसै। हान्यो दानवले पनि तिनी उपर वर्षा सरैको तसै ।।१९६।।

हान हान भयो दुबै तरफको सारा कहलो भयो। वर्षाले सव ढाकी बाँणहरुले सारा अध्यारो भयो। भीडे ति सव जनहरु दुई लडे मार्ने ईराधा गरी। कुमार मुर्छित भै ढले त्यसघरी खुशी भए ति अरि ।।१९७।।

येस्तो हाल त देखी सदा शिवजीले आफै अगाडि सरे। हाने वाँणहरु सदा शिवजीले दानवका सैन्ये मरे। मार्‍यो सैन्य भनेर आई शिवमा त्यो सङ्‌ख चुडले पनि। हान्यो वाँणहरु असंख्य रुपले मार्छु म द्यौता भनि ॥१९८॥

येस्ता वात सुनेर स्कन्ध पनि ती उठ्दा भए झट त्याहाँ। हाने वाँणहरु उसै समयमा कुमारजीले त्याहाँ। लाग्यो शक्ति गई कुमार सीतको त्यो वीर मुर्छा परयो। विर भद्र र कालिका हरु मिलि दानवको सब फौजमरयो ॥१९९॥

मेरा फौज्हरु मारिए भनि त्यहि त्यो सङ्‌ख चुडले पनि। थियो एक त्यहि त अस्त्र प्रभुको लियो म मार्छु भनि। देवीले पनि ब्रह्म अस्त्र लिई फेर क्याकी दिईथिन् जसै। अन्यास्त्रै सब हानी झट्ट त्यसले काटि खसायो तसै ॥२००॥

काली जगदम्बीका भगवती मुखवाई खाई कति। दानव मार्छु म लौ भनि अघि सरीन मारीन् ति दानव कति। मांस भोजन रक्त भोजन अनि मद्यादि कै भोजन। गर्दै काली खडा भई घुमि रहिन संग्राम भुमिकन ॥२०१॥

सोहि औसर पास हानी त्यसले नाग पासले नै धरयो। कालिका मुखमात विश हुनगो सारा सकस्मा परयो। गङ्गामा गई कालिका भगवती स्नान गर्नु भैगो त्याहाँ। सारा विश त्यहि जाई शुद्ध हुनुभो वग्नै गयो वीस वाँहाँ॥ २०२॥

सोही विस पनि गङ्गा साथ वगिगो पुगेछ सागर माहाँ। मक्षै रुप भगवानले त्यहि त वीस खाई दिए झट त्याहाँ। मक्षै रुप भगवानको शरिर सब विशादिले पूर्ण भो। सोही औसरमा हिमालय माहाँ जाई प्रभु सुत्नु भो ॥२०३॥

कालीका जगदम्बीका भगवती साम्ने अगाडि माहाँ। देखेथे तिनी दानवादीहरुले आएर संग्राममाहाँ। शक्ति रुप तिन्ले लिएर सँगमा नाना प्रकारले गरी। गर्थे युद्ध ति देवताहरु सबै वीरका अगाडि सरी ॥२०४॥

दानवहेरु पनि पराक्रम गरी आपस्तमा सब मिली । सस्नासै सब हातमा सकलले लिएर आए मिली। ठूलो युद्ध भयो भयाङ्कर याहाँ टिक्नै कठिन भै गयो। मारे सैन्यहरु सबै शिवजीले संग्राम ठूलो भयो ॥२०५॥

धेरैकाल भयो त्यही समर त्यो मारेर मर्दैन त्यो। नाना रुप घरि अगाडि हुनगै टारेर टर्दैनथ्यो । येस्तै हाल बुझेर ब्रह्माजी जउन ध्यान गर्न लाग्नु भयो । जान्नु भो प्रभुले त मृत्यु त्यसको आएर भन्नु भयो ॥२०६॥

ब्रह्मा रुप लिएर शक्ति एउटा तेसका सँगैमा छ र। पति व्रता पनि त पत्नि त्यसकी रै छन घरैमा पर। येस्ता वात भनेर ब्रह्माजी गए श्री विष्णुलेफेर अनि। भेषै ब्राह्मणको धरेर भगवान भीक्षा म माग्छु भनि ॥२०७॥

मागे भीक्षा गएर विष्णु भगवान वुडा ति ब्राह्मण भई। देखी कुप्रा स्वरुपका तिनी माहाँ आज्ञा गरीन्यो गई । तिम्रो ईच्छ कउन हुन्छ अहिले हे भीक्षुक यहाँ भन। जो ईच्छा मनमा छ मागी लिनुहोस् मिल्नेछ भिक्षा सुन ॥२०८॥

येस्ता वात सुनेर भीक्षुक पनि हाँसेर भन्छन् त्याहाँ। ईच्छा माफीक भीक्षा दिने भए नै माग्ने छु भीक्षा यहाँ। दिन्छु लौ यदि मागी लेउ तिमीले मेरा अगाडि अव। भन्दा मागि लिए अमेघ मणिता ब्रह्मा स्वरुप यो तव ॥२०९॥

येस्ता रुप सीतले गरेर पहिले लिएर मणी गए। सङ्‌ख चुड स्वरुप धरेर कनफेर साँझमा खडा ति भए। भोगै तिनसीतको गरिकन जउन विहानी भैगो त्याहाँ। विजयाकन शक्ति नासिक नफेर जानु भयो युद्दमा ॥२१०॥

येस्ता रीत्सीत्ले अमोध त्रीसुल एक लिएर मार्छुभनि। हाने छाति महाँ सदा शिवजीले मारी दिए थे अनि। मारे दानव सङ्‌ख चुड शिवले द्यौताहरु खुस भए। लावा पुस्प अविर वृष्ठि हुनगै द्यौ ता त जम्मा भए ॥२११॥

भन्छन् नारद ति महर्षिहरुमा श्री शम्भुको त्यो कथा। भक्ति प्रेम गरेर सुन्दछ भने नासिन्छ सारा व्यथा। येस्ता वात सुनी ति सौनकहरु भन्नु हवोस लौ भनि। नारायण शिवका अपार महिमा सुन्ने छ ईच्छा पनि ॥२१२॥

येस्ता वात सुनेर नारद पनि यो वात भन्दा भए। ब्रह्मा विष्णु महेश शक्ति रुपले दर्शन सबैले गरे। भन्नु भो शिवले सबै तिनीहरु आफ्ना थलैमा गई। आदर पूर्वकले रहु सबवाहाँ सत्यै महाँवास भई ॥२१३॥

पत्नि ति विजया महाँ पनि भयो जाई तिमीले पनि। साथैमा गई बस्नु जाई तिमीले नारायणैको अनि। भक्तिले गरी प्रेमले सँगमाहाँ नारायणै साथ माहाँ। पुण्यै कर्म सुभादि येज्ञहरुमा वस्नु तिमीले वहाँ ॥२१४॥

गङ्गामा पनि ता पवित्र जल त्यो छर्कन्छ येज्ञादिमा। त्यस्तै रुपसितले सदा तिमी रहे नारायणै साथमा। विष्णु पुजनमा र येज्ञहरुमा तुलसी कै कार्यमा। उत्सवमा गृह कर्ममा तिमी रहे पुण्यै लिई हातमा ॥२१५॥

जुन जनले यदि येज्ञ मंगलमाहाँ नामै नली गर्दछन्। तिनको कर्म पनि त निस्फल हुने जाई नरक पर्दछन्। जया उत्सव जान्नुपर्छ सबले विजया कर्मै भनि। कर्मैहिन गरेर येज्ञ गरनु हुँदैन कैल्यै पनि ॥२१६॥

दानवमा त्यहि एक भक्ति शिवका अन्धक भनि नाम घरी। दान्येज्ञै गरी भक्ति प्रेम गरथे खुशी थिए श्री हरी। उनका साथमा हाँत भैरव स्वरुप दुत साथमा ति वसे। सोही रुप सीतले पछि तिनीहरु मोहादिमा नै फसे ॥२१७॥

थिईन एकपछि अमोध रुपकी कल्याणी एक अप्सरा। विहा भोतिनीमा ति अन्धक जीले भोगी लिए अप्सरा। पैदा पुत्र भयो त तिनी दुईमा नामै असुर भै गयो। तप गर्छु भनि ति असुर वन गए आनन्द मनमा भयो ॥२१८॥

हजार वर्ष तपै गरे तिनी गई गङ्गाजीका तिरमा। ब्रह्माजी त्यही आउनु भो त्यसघरी पुजा गरे पाउँमा। आज्ञा भो प्रभुले ति दानवमाहाँ मागेर लेउ वर। जो ईच्छा मनमा छ सो अब कहु हो भक्तिको प्रेमर ॥२१९॥

येस्ता वात सुनी पीता महजीका भन्छन् ति दानव अनि। भक्ति भाव सहित पुत्र दिनुहोस कीर्ति रहोस लौ भनि। येस्ता वात सुनी पीता महजीले दिनु भएथ्यो वर। होलान् पुत्र अवस्य तिमीहरुमा यो वात साँचो छ र ॥२२०॥

पत्निलाई सबै यथार्थ तिनले भन्दै र सुन्दै थिए। आतुर भै तिनले तथापी ऋतुदान तिनले तुरुन्तै दिए। सध्याकाल थियो त्यही वखतमा गर्भै रहि गै गयो। जन्म्यो पुत्र अमोघ शक्ति रुपको नामता हिरण्यक्ष भो ॥२२१॥

सध्यामा ऋतुदानले तिनी भए क्रोधाग्नि जस्तै छुचा। गर्थे कर्महरु अनेक तरहले हिड्थे ति जता तता। आपस्मा गई मार्नु भो प्रभुजीले संग्राम ठूलो गरी। पृथिवी स्थापना गर्नुभो त्यसपछि वराह रुपले गरी ॥२२२॥

हीरण्यै कस्यपु भनि तिनीमाहाँ भ्राता त दोस्रो भयो। गर्छु तप म गई अवस्य तिनले भन्ने त सुर यो लियो। गङ्गाका तटम गई तप गरे सारै कठिनले त्याहाँ। भोक प्यास र निद्रा आदि सब थोक त्यागेर बस्थे वाँहाँ ॥२२३॥

खाँदै कत्ति नखाई कत्ति नसुती गर्दा तपस्यै पनि। हजार वर्ष वितेछ यै तरहले गर्दा तपस्यै अनि। आउनु भो पर ब्रह्मा तिनकन महाँ सम्ने खडा जो हुँदा। पुजा दण्डवतै त्यहि गरी लिए तिनले त्यहि देखदा ॥२२४॥

ब्रह्माले त्यहि भन्नुभो तिनीमाहाँ ईच्छा भएको वर। मागील्यौ अहिले अवस्य तिमीले जो ईच्छा मनमा छ र। येस्ता वात सुनेर दानव जीले माग्दा भए लौ भनि। सस्र अस्र र येन्त्र देखी नमरु मानिस देखिन पनि ॥२२५॥

द्यौता दानव ब्राह्मणदि सवले मार्दा नमरु भनि । यति वर दिनुहोस् प्रभो
हजुरले हे नाथ ऐले भनि । तथास्तु भनि वर त्यहि दिनु भयो ब्रह्माजी
जानुभयो । राज गर्नै भनि फर्किए तिनी पछी दुष्ठै स्वभाव भै गयो ॥२२६॥

येस्ता रीतसितले चराचर जगत राज्यै म गर्छु भनि । लागे घुम्न तिनीहरु
सकलमा द्यौताहरुमा पनि । सारा राज्य जीति लिए सकलमा ठूलो लडाई
गरी । स्वर्गै जित्छु भनेर मन सुव गरे तिनले पछिक्वै घरी ॥२२७॥

ईन्द्रैका सँगमा गई अति ठूलो संग्राम भारी गरी । ईन्द्रासनकन जीति तीनकन
वसे द्यौता वसे पीर परी । धेरै काल वित्योति देवगणको विन्ति प्रभुमा गरे ।
आज्ञा भो प्रभुको ति देवगण सव आनन्दमा ति परे ॥२२८॥

पुत्रैका रुप शक्तिली प्रभुजीले औतार धार्नु भयो । प्रहल्लाद नाम लिएर
फेर प्रभुजीले उद्धार गर्नुभयो । नृसिंहै प्रभुको ऽवतार हुनगो लीला अनेका
नगरी ॥ प्रहाद भक्ति अपार जानी लिनुहोस सम्पूर्णले योघरी ॥२२९॥

उनका साथ महाँ त मन्त्रि पनि एक थिए ति अन्धक पनि । तिनलाई पनि
काम देवरतिले सारा सतायो अनि । तिनका साथ महा विरोचन पनि वाँणा
सुरै जो थिए । पुजेती अति वीर्यवाहु वलवान राजाहरुमा गए ॥२३०॥

जाई अन्धकले सबै तिनीमाहाँ आदर गरेथे जब । विरोचन त्यही भन्दछन्
तिनी उपर हे वीर तिम्ले अव । छैनन आदर क्वै तथापी तिमीले आदर
शिवैको गरे । साक्षात् ईश्वर हुन सदा शिव भनि जानेर भक्ति धरे ॥२३१॥

भक्ति नै शिवको तिमी गर भनि आज्ञा भएथ्यो जसै । आदर श्री शिवको
गरेर रहनु भन्ने बुझाए तसै । गङ्गाका तटमा गए तिनी त्याहाँ श्री शिव लिङ्गै
पनि । थापी पुजन गर्दथे तिनी वाहाँ दर्शन् म पाउँ भनि ॥२३२॥

येस्ता रुप सीतले त घेर दिनतक गर्दा हुदि पुजन। आउनु भो शिव साधु रुप त्यहि नै साक्षात् पाए दर्शन। देखेथे शिव साधु रुप तिनले दर्शन गरे प्रेमले। भक्तिले गरि मिल्छ प्रेम रस सब ज्ञान मिल्छ सत् भक्तिले ॥२३३॥

अन्धकले प्रभुको त दर्शन गरे आज्ञा भयो यो भनि। जो ईच्छा मनमा छ सो अब कहु अन्धक तिमीले भनि। येस्ता वात सुनी सदा शिवजीका साम्ने खडा भै त्याहाँ। मानव रुप र सस्त्रदे देखिन मरु वरदान दिनुहोस याहाँ ॥२३४॥

येस्ता वात सुनी सदा शिवजीले लौ लौ भयो वर भनि। पाए त्यस रीतको त्याहाँ प्रभुजीको वरदान तिनले पनि। आए तिनकन लौ जसै घरमाहाँ रा जगर्न मन सुव गरे। सारा राज्यहरु जितेर तिनले एकत्र जम्मा गरे ॥२३५॥

स्वर्गैमा गई राज्य गर्न मन सुव तिनले बढाएर जसै। सारा दानवहेरुमा खवर दि जम्मा गराए तसै। जाउँ स्वर्ग भनि हिडे समरा युद्धादि गर्ना कन। भारी फौज लिएर दानव गए द्यौताहरु जो छन् ॥२३६॥

थाहाँ भो सव देवताहरु माहाँ आएछ दानव भनि। वरुण ईन्द्र यमादि देवहरु सव जम्मा भएफेर अनि। ब्रह्ममा विष्णु कुवेर अग्नि यी सबै जम्मा भए झट् त्याहाँ। वाजा हेरु बजे भयाङ्कर भयो युद्धादिका सब वाहाँ ॥२३७॥

भारी युद्ध भयो परस्पर भीडे सस्त्रास्त्रजो जो थिए। ईन्द्रैका सँग अन्धकै भीडी गए श्री विष्णु साथै गए। ठूलो युद्ध भयो दुवै तरफमा द्यौतार दानवहरु। मारे दानवले सबै त्यस घरी द्यौता डराए अरु ॥२३८॥

टिक्नैलाई कठिन भयो समरमा भागे डराईकन। इन्द्रै मात्र फगत् रहे समरमा थिएन कोहि जन। भागे ईन्द्र पनि ति दानवहरु ईन्द्रा सनैमा गए। राज्यै दानवले गरे त्यसघरी द्यौता त दुखीत् भए ॥२३९॥

भन्छन् नारद जाई सौनक महाँ द्यौताहरु जो जन । जम्मा भैसवले गरे
शिवजीको आराधना तत् क्षण । खुशी भै शिवजी पनि तिनी माहाँ आउनु
भएको थियो । अन्धक जाई रजाई स्वर्गपुरीको सातो उडाई दियो ॥२४०॥

रक्षा गर्नु हवोस सदा शिव भनि सम्पूर्णले त्यस घरी । दुखी छौ सव देवता
येसघरी मारी दिनुहोस अरि । येस्ता वात सूनी सदा शिवजीले भन्नु भएथ्यो
त्याहाँ । मानिस सस्र र अस्र देखी नमरु वरदान छ त्यसको वाँहाँ ॥२४१॥

दिएँथे वरदान जाईमईले त्यै रीतले यो घरी । स्वर्गैको अमरावति कन लियो
सम्पूर्ण को भो अरि । येस्ता वात गरी सबै जनहरु योद्धाहरु जो छन् । मेरा
साथ माहाँ यी देवहरु सव जाउन् त स्वर्गैकन ॥२४२॥

दीउन लौ खवरै यी नारद गई श्री शम्भभु आए भनि । छाडि देउ अवराज्य
देवहरुमा पाताल जाउ तिमी । भन्नु नारद जाई यो सकलवात् राजामाहाँ गै
कन । की युद्धै शिवमा अवस्य गरनु पर्ने छ सारा सुन ॥२४३॥

येस्ता वात गरी पठाउनुभयो नारदजी लाई त्याहाँ । जम्मा फौज्हरु लिएर
शिवजी जानुभयो झट वाहाँ । दानव हेरु पनि सबै त्यहि जुटे सस्रास्र सारा
लिई । भारी युद्ध भयो परस्पर भीडे एकेक जम्मा भई ॥२४४॥

थियो एक अघोर वल पनि त्याहाँ नाम लोम हर्षण थियो । जाई दनवले सबै
त्यसघरी खाँदैर निल्दै गयो । शुक्राचार्य थिए अगाडि तिनमा तिनलाई पक्रि
लियो । मुखमा हालिनीली दियो त्यसघरी अग्नि बढाई दियो ॥२४५॥

देहै देखी त अग्नि नीक्लन गयो राक्षस डढाई दिए । मारे राक्षसनै त्यही ती
मुनीलेभस्मै गराईदिए । मारे राक्षस लोम हर्षण भनि सुन्दा भएथ्यो जसै ।
आयो दानव राक्षसै त्यसघरी द्यौता डराए तसै ॥२४६॥

अन्धक जाई समाति पाउ शिवमा दर्शन गरे राम्ररी। भन्नु भो शिवले तथापी तिनीमा आदर गरियो धरी। पाताल जाई रजाँई साथ तिमीले राज्यादि गर्नु भनि। सुन्दामा शिवको वचन त पहिले दानव रिसायो अनि ॥२४७।

मेरा सामु परि लडाई गरने कुन विर छन् स्वर्गमा। आउँ तिमी रह्यौ फगत् येसघरी ईन्द्रादि द्यौता दिमा। येस्ता वात गरि लियो सर ठूलो मार्ने ईराधा गरी। भारी युद्ध भयो परस्पर माहाँ रुपै अनेकौ थरी ॥२४८॥

सस्त्रास्त्रै शिवमा उठाई त्यसले वर्षा गरे वाँणको। हान्दामा शिव गण परे सकसमा लियो स्वरुप खानको। थिईन कालि पनि त्यहि शिवजीमा साम्ने खडा भै गईन। खड्गैली सब वाँण काटि तीनले शक्ति बढाई दिईन ॥२४९॥

कालीका पनि जाई दानवहरु मार्दै अगाडि पुगी। भन्छिन् दानवलाई हेर तिमीले द्यौता हरुमा ठगी। दुखै घेर दिएर आउनु भयो साक्षात् भोलानाथ पनि। मार्नेछन् तिमीहरुलाई यीनले यो वात साँचो भनि ॥२५०॥

तेसै औसरमा ति देवहरुले श्री शम्भुका कीर्तन। वेदादिहरुले पनि हीत हुने गाए खुशी भैकन। शिव शक्ति स्वरूप कालि तिमीमा साथै लिई रक्षण। हेभोले शशि शेखरै तिमी भयौ संहार गर्नाकन ॥२५१॥

मारी देउ अवस्य दानवहरु दुखादि जाउन टरी। रुद्रै तेज बढाई मार तिमीले हे शम्भु चाँडो गरी। येस्ता वात गरी ती देवहरूले विन्ति गरेको सुनी। साक्षात् रुप शिव रुद्र रुप लिनुभो दानव थिए जो अनि ॥२५२॥

विश्व रुप शिवको त देखि तिनले जाई शरणमा परे। अन्धकराज खुशी भएर शिवमा पुस्पादि वृष्टि गरे। विश्व रुप शिव पाउँमा परी गए हे नाथ् भुले मै भनि। भक्तै जानी लिनोस् तथापी प्रभुले आयो शरणमा भनि ॥२५३॥

द्यौतामा प्रभुमा महर्षिहरुमा धेरै अनादर गरे। साक्षात् रुप शिवको त दर्शन गरी पस्रेर पाउँ परे ॥२५४॥

भक्ति ज्ञान दिनोस प्रभो हजूरले ज्ञानै छ ठूलो भनि। माग्छु यै वरदान तथापी प्रभुमा पाताल जान्छु पनि। तथास्तु भनि वर त्यहि दिनुभयो आज्ञा भयो यो त्याहाँ। रक्षक भै कन साथमा म रहुँला वस्नु खुशीले वाँहा ॥२५५॥

येस्ता रीत्सीत्ले त दानव गए पाताल वस्दा भए। राजा रानी रहे प्रशन्न मनले सम्पूर्ण खुशी भए। ईन्द्रैले पनि घेर गरे शिवजीको आराधना जो त्याहाँ। द्यौता सिद्ध महर्षिहेरु खुशीभै वस्दा भए लोक्माहाँ ॥२५६॥

वस्दामा यदि दितीमा पनि भयो भोग गर्ने ईच्छा अनि। मध्ये दिन तिनमा थियो समयता विन्ति गरिन् यो पनि। पत्निको मन सुव बुझेर ऋषीले सम्भोग गर्दा भए। गर्भै तिनकनता भयो त्यसघरी यो वात वोल्दा भए ॥२५७॥

आसक्तै भई तालियौ तिमी महाँ पुत्रादि होलान् ठूला। मध्यान्है समयैमाहाँ गमनभो खलवल् बढा तेजीला। सोही औसरमा त जन्मन गए बालक दुईटा पनि। हीरण्य कस्यपु हीरण्यक्ष भनि नामै त राखे अनि ॥२५८॥

हीरण्य कस्यपु महाँ अति ठूला पुत्रदि जन्मे त्याहाँ। हाद संहाद अनुहाद प्रहाद भए पुत्रादि चारै वाँहाँ॥ कान्छा तिन कन प्रहादै हुन गए भक्त प्रभुका जसै॥ तीन का पुत्रता विरोचनै हुन गए दानी वडा विर तसै ॥२५९॥

विरोचन तिनमात पुत्र वलि एक दानी वडा विर थिए। तिनले दान प्रभु विष्णुमा दिई त्याहाँ नारायणै साथ लिए। तिनका पुत्र त सौ भए शिवजीका भक्तै ठुला विर पनि। बाँणासुर शिव भक्तथे तिनमाहाँ सस्रास्र जान्ने अनि ॥२६०॥

उस्को सोणीत नामको नगर एक थियो र राज्यै गरी। उनका हातहरु हजार हुनगै तन् मन् शिवैमा धरी। तिनका साथमाहाँ अपार महिमा हजार वाहु कन। युद्धै खातिर मा बसी तिनीरहे को शत्रु मेरा छन्॥२६१॥

बाणँसुर कन वृक्ष भारी लहरा नानाथरी साथलिई। वस्दामा शिवमा अपार महिमा आनन्द ताले रहि। थिईन् एक स्त्रीजाति तिनकन माहाँ नाम चित्र लेखा थियो। राजपुत्री त्यहि जन्मीईन् तिनमाहाँ नामैत उषा भयो॥२६२॥

रुपमा तेजमहाँ प्रताप सवमा ऐश्वर्य साली थीईन्। आफ्नो रुप सीतको पुरुष तिनले आदर इनैले लिईन्। चित्रलेखा माहाँ तथापी तिनको थियो अनौठो पनि। पाईन् दर्शन ताततथापी तिनले मिल्ने छ वर ठकी भनि॥२६३॥

बाणाँसुर शिवको अपार महिमा गाएर भक्ति गरी। ध्वजा साथ लिएर पुजन गरे सत् भक्ति मनमा धरि। ज्येष्ठ शुक्ल प्रतिपदा देखि त्याहाँ दशदिन क्रमैले गरे। बाणाँसुरमाहाँ भयो प्रभुजीको दर्शन त पुजा गरे॥२६४॥

पर्वत मोहित छन् प्रभो हजुरमा ध्वजा पताकै पनि। भक्तिले गरी पुजनादि गरछु वरदान दिनुहोस् भनि। यस्ता वात सुनी सदा शिवजीले वर दान पैले दिई। जे माग्छौ वर मागी लेउ तिमीले आनन्द मनमा लिई॥२६५॥

यस्ता वात सुनी सदा विशजीका वाणाँ सुरैले पनि। सम्रै खातिर हातलौ दिनु हवोस् वरदान यहि भनि। माग्दामा शिवले हजार करको दिनु भयो वर जसै। हजार हात भई खुशी हुन गए वाणाँ सुरै पो तसै॥२६६॥

धेरै दिन रहे त्यहि नगरीमा बाणाँ सुरै पो त्याहाँ। पाएनन् तिनले त युद्ध गरने मानिस कुनै एक वाहाँ। आवाहन शिवको गरे त्यस घरी वाणाँसुरैले अनि। हातछन् एक हजार प्रभो हजुरले युद्धै दिनुहो भनि॥२६७॥

द्यौतामा सव सुर वीर हजुरनै हुँदामाहाँ यो घरी । दिनुहोस् अव युद्ध ता
हजुरले ठान्छु म युद्धै सरि । यस्ता वात सुनी सदा शिवपनि बोले रीसाई
कन । आई वाल गोपाल युद्ध गरीता काटि दिने छन् सुन ॥२६८॥

पुत्रीका सँगका विवाह नि हुले आई अनि रुद्रले । पीता साथ लिई लडाईं
गरनु पर्ने छ मुढ बुद्धिले । उषा साथ लिएर जान्छन त्याहाँ द्वारा वतिमा पनि ।
सारा हात गीराई ति कन फीरे दुःखादि होला अनि ॥२६९॥

यस्ता वात गरी सदा शिव फीरे कैलासमा नै जव । सोहि औसरले भयो क्षय
सवै एक एक हात्को तव । अन्त्यैमा शिवभक्ति नै तिनी भए दर्शन शिवैले
दिए । युद्धै साथमहाँ शिवै गण रहे नारायणै जो थिए ॥२७०॥

युद्धै खातिरमा सदा शिवजीले अग्नि ज्वरैको पनि । युद्धै खातिरमा पठाई
तिनले सारा सतायो अनि । सोहि औसरमा त कृष्ण भगवान् युद्धादि गर्दै
थिए । सीतल् ज्वरो पनि पठाई तिनले दुवै भीडाई दिए ॥२७१॥

युद्धै भो तिनको ठुलो समरमा दुवै ज्वराको त्याहाँ । द्यौताहेरु पनि सवै
समरमा आएर हेर्थे वाहाँ । शिवगणहरुको र गोपहरुको योद्धादिमा धेर दिन ।
चारै मास वितेस यस त रहले युद्धादि गर्दा कन ॥२७२॥

आए नारद ता उसै वखतमा नारायणैले पनि । सोधी वक्सनु भो प्रभो हजुरले
के काम आयौ भनि । सुन्दामा मुनी भन्दछन प्रभु याहाँ रक्षार्थ कै खातिर ।
युद्धै गर्नु हुँदैन आज प्रभुले कैलासमा छन् शिव ॥२७३॥

कैलास् वासी सदासीवै हजुरका साम्ने अगाडि सरि । धैरै नास भयो तथापी
अहिले युद्धै गरेका घरी । ज्वराले पनि प्रार्थना गरी लिए सोहि वमोजिम्
वाहाँ । ज्वरो झार्न पनि त मन्त्र येहि भो सम्पूर्ण लोकै माहाँ ॥२७४॥

(शिव पुरणाको रुद्र संहिता युद्ध खण्डको) (५४ अध्यायमा ज्वरो झार्ने मन्त्र छ।)

भारी युद्ध गरी सदा शिव पनि श्री कृष्णका पासमाहाँ। धेरै कालभयो तथापी तिनको ठुलो लडाई त्याहाँ। ब्रह्माले पनि प्रार्थना गरीलिए शक्ति शिवैमा छ र। हुन् भक्तै शिवका तथापी यिनीता आदर प्रभुमा गर ॥२७५॥

हजार बाहु थिए सवै त्यसघरी काटि दिदामा पनि। सेखी सान्त भयो तथापि तिनको शक्ति हरायो अनि। मृत्यु छैन तथापी यिन् कनमाहाँ वरदान यहिनै छर। उषा साथ लिएर जाउ तिमीले हे कृष्ण चाँडो घर ॥२७६॥

येहि रुप सीतले सवै जनमाहाँ ब्राह्माजीले यो घरी। विदादि सव देवलाई पहिले आएर दर्शन गरी। धर्म स्थापना गर्नलाई शिवले संग्राम गर्नु भयो। भक्तै खातिरमा रहेर अहिले उद्धार गर्नु भयो ॥२७७॥

भन्छन् नारद ब्रह्मलाई पछि फेर वाँणा सुरैले अनि। कुन रीतले गरी वस्दथे तिनी त्याहाँ भन्नु हवोस् यो पनि। द्यौताहेरुमाहाँ विदा दिई चले कैलासमा ति शिव। भक्तिले शिवलिङ्ग पुजन गरे वाणाँ सुरैले तव ॥२७८॥

ईन्द्रादि सव देवताहरु पनि श्री शम्भुकै पुजन। गर्दा श्री शिवलिङ्ग रुपी शिव हुन दर्शन् स्वरुप नै छन्। धेरै कालपछि फीरे शिव पनि सोणीत् पुरैमा जसै। भक्तिले गरी पुजनादि शिवको गर्दा हुदिमा तसै ॥२७९॥

खुशी भैवर दान माग तिमीले आज्ञा भयो यो अनि। भन्छन् ति नृपति प्रभो हजुरमा भक्ति दिनुहोस् भनि। हजार बाहु थिए सवै चलिगए गैगो अहंकार ता। शक्तिले पनिहिन भैकन सदा मनै उडायो कता ॥२८०॥ (दोहा)

हे दिन वन्धो करुणा महेश्वर। दया निधे सर्व स्वरुपी शंकर। छौ सर्व ब्यापीत विराट रुपी। व्रह्माण्डकै शक्ति स्वरुप धुपी ॥२८१॥

षड्सास्त्र वेदमा तिमी न बसेर। दिन्छौ कृताले गरी साथ नेर। भुभार हर्नै कन साथ तिम्रो। देवाधी देवनै भई नाम तिम्रो ॥२८२॥ (दोहा)

सोहि औसरमात दानव ठूलो थियो गजा सुर अनि। आयो मार्छु भनि ति देव गणमा सारा डराए पनि। त्राहि त्राहि भए सवै जनहरु वायु स्वरुपले गरी। सस्त्रासैहरु लि चले समरमा थियो ठूलो विर अरि ॥२८३॥

ईन्द्रादि सव देवता पनि त्याहाँ सस्त्रैलिई हात्माहाँ। युद्धै खातिरमा भीडे त्यसघरी दानवकै साथ्माहाँ। धेरै युद्ध गरे तथापि तिनले जित्नै कठिन भो जसै। भागे देवहरु सवै त्यसघरी सारा डराई तसै ॥२८४॥

दानवगै अव राज्य गर्दछु भनि लाग्दो भयो स्वर्गमा। राजा दानवता गजासुर भए वस्दा भए स्वर्गमा। द्यौता सिद्ध महर्षिहेरु सव जन जम्मा भएका थिए। जाऔंलौ शिवका समिप अहिले भन्ने ईराधा लिए ॥२८५॥

जम्मा भै शिवको त मन्त्र पनि यो वेदमा थियो जुन त्याहाँ। पुजा श्री शिवको गरे सकलले वेदकै विधानले त्याहाँ। खुशी भै शिवले त दर्शन दिए द्यौताहरुमा अनि। विन्ति श्री शिवमागरेर खुशी भई ति देवताले पनि ॥२८६॥

सव देउताहरुको सुनीकन खबर आफै म जान्छु भनि। लाग्नुभो शिवजी त स्वर्ग पुरीमा ईन्द्रा सनैमा पनि। थिए दानव राजाता त्यसघरी राज्यादि कै भोगमा। पुग्नु भो शिवजी उसै समयमा एक्लै फगत् स्वर्गमा ॥२८७॥

त्रिशुल हातमाहाँ छ एक हितीयार छैनन् त सेनापनि। मार्छु दानव भन्दछन् शिव त्याहाँ दानव्छन् अक्षौहिणी। कोटि सैन्यहरु ध्वजा र रथका सस्त्रास्त्रका धेर खुडा। खडा भै सव सैन्यदानवहरु देख्छन् शिव एकता ॥२८८॥

हाने मुड्की उठाई ति शिवजीले दानव त मार्छु भनि। काँपीन भूमी पनि डराई तिनले हान्दा मुठिले अनि। यैरीतले गरि तीसदा शिवजीमा युद्धै परेथ्यो जसै॥ हजार रुप शिव रुद्र रुप हुनुभो दानव डराए तसै॥२८९॥

सारा ती शिवमा त्रीशुल छ ठूलो हात्मा लिएको अनि। हान्दमा शिवले ति दानवहरु नासे क्षणैमा पनि। हाहाकार गरी ति दानवहरु भागे दगुर्दै कति। त्रिशुलकै भरमा गजा सुरमरे स्वर्गादिका भुपति॥२९०॥

मारेथे शिवले ति दैत्य वलवान भन्ने सुनी देवता। खुशी भै सव स्वर्गमा चलिगए ईन्द्रादिहेरु उता। ईन्द्रै आसनमा गएर शिवजी वस्नु भएको थियो। अग्नि रुप शिवकोत देखि सवले सातो हराई गयो॥२९१॥

भन्छन् ब्रह्ममहर्षिहेरु सवले राजा स्वरुप दर्शन। होयो राजसी रुपता शिवजीको सत् भक्तिले पुजन। सारा देवहरु मिलेर शिवको पुजादि गर्दा भए। जम्मा भै शिवमा गरे स्तुति ठुलो द्यौताहरु जो थिए॥२९२॥

भन्नुभो शिवले अपार महिमा द्यौताहरुमा जव। पञ्चरुप शरियो कहि दिए श्री शम्भुको नै तव। पञ्चै भुत स्वरुप रुद्र रुपको पुजा विधानले गरुन्। साथमा शक्ति अपार छन् त्यसघरी भक्ति र तन् मन् धरुन्॥२९३॥

दुखादि परदार शत्रु भयमा पीतृत उद्धार माहाँ। रुद्ररुप शिव शक्ति पुजन गरुन धन पुत्र नासमा वाहाँ। युद्धै खण्ड थियो अघोर शिवको सारा कहियो सव। नामैता शिवको जपेर रहनु फल मिल्छ पुरा सव॥२९४॥

(ईति शिव पुराण युद्ध खण्ड चतुर्थ समाप्तम् शभुम्॥)

शिव पुराण युद्ध खण्ड रुद्र संहिता
(चतुर्थ भजन)

सम्झीलिए मातालाई युद्ध खातिर। शिव शक्ति रुप तिनले पाए आखिर। शिवशरणम् ॥१॥

तारकाक्ष मीलेर तपस गरेर। ब्रह्माजीको वरदानले पुर रचेर। शिवशरणम् ॥२॥

तिनै पुर दानवले राज्य गरेथे। दुख पाई देवता जम्मा भएथे। शिवशरणम् ॥३॥

ब्रह्ममाजीको वरदानलेरचेपुरलाई। शिव अगी सर्नु भो देवता साथ पाई। शिवशरणम् ॥४॥

जम्मा भए देवता शिव साथमा। सारा खरब लिई गए विष्णु दरबारमा। शिव ॥५॥

कैलास बासी शिवजी आए हुदोहो। शिवसाथ देवताको दर्शन मिल्ने भो। शिव ॥६॥

शिव शक्ति जानेर मय दानवले। शिवलिङ्ग पुजा गरे प्रेम भक्तिले। नम शिवाय॥

नम शिवाय हर हर भोले नाम शिवाय। शिव रथ तयार भो रुद्र रुपको। रुद्र रुप शिवजी रथ चढ्नुभो। नमशिवाय ॥८॥

रुद्र रुप शिवको देखे सवैले। देवता छन् साथमा शिव गणले। नम शिवाय ॥९॥

ब्रह्माजीछन् सारथी शिव साथैमा। रुद्र तेज परि गो ब्रह्मा हातैमा। नम शिवाय ॥१०॥

गायत्री सावित्री सरस्वतीलाई । ऋृदयमै शिवले राखे ईनलाई ।
नमशिवाय ॥११॥

शिव शक्ति सत्यको शरण लेउन । रुद्र तेज शिवको दर्शन देउन ।
नमशिवाय ॥१२॥

नव नाम शिवका नवै शक्ति हुन् । शिव शिव नाम जपे रक्षा गर्दछन् । नम
शिवाय ॥१३॥

दाह भयो त्रिपुरा सुरमारे राक्षस । मसान वासी शिव भै साथ धरेर ।
शिवशरणम् ॥१४॥

तेसै औसर शिवरुप भैरब हुदोभो । कीर्तन् गाए सवैले शिवनामको । शिव
शरणम् ॥१५॥

स्तुति गरे देवता सवै मिलेर । शिव शिव नाम जपे भक्ति गरेर ।
शिवशरणम् ॥१६॥

वरदान दिई शिवले दानव रमाए । भक्ति गरी मयले सृष्टि बढाए । शिव
शरणम् ॥१७॥

शिवजीले ईन्द्रमा ज्ञान दिएथे । धर्म सास्र वेदको रक्षा गरेथे । शिवशरणम् ॥१८॥

धर्म खातिर राज्य गरे सारा संसारको । पृथीविको रक्षा गरे कीर्ति आफ्नो भो ।
शिव शरणम् ॥१९॥

जल रुपी शिवले रक्षा गरेर । भक्त जानी वर दान दिए शिव गएर । शिव
शरणम् ॥२०॥

तेज दिए सागरलाई जाई शिवले । समुद्रको सारा जल खलवल गराए ।
शिवशरणम् ॥२१॥

छालबाट कन्याको जन्म भएर । तिनैबाट जालन्धर जन्म लिएर । शिव शरणम् ॥२२॥

मातृ शक्ति लिएर आए जालन्धर । पतिव्रता स्त्रीजाति वृन्दा रक्षा गर । शिव शरणम् ॥२३॥

वृन्दा पुगीन् कैलासमा पर्वातिका साथ । दर्शन गरी शक्तिको प्रेम भक्ति भाव । शिवशरणम् ॥२४॥

शिव शक्ति मन्मा लई गर्नु महाँदान । पाठ गर्नुहोम गर्नु लिनु महाँ ज्ञान । शिवशरणम् ॥२५॥

जालन्धर वृन्दाले खुशी मनैले । आपसमा प्रेम गरे सत्य रुपले । शिवशरणम् ॥२६॥

गङ्गा रुप जालन्धर जन्म लिएका । वृन्दाजी हुन् कालीका अंश वतारका । शिव शरणम् ॥२७॥

पार्वतिका साथमा गए जालन्धर । जगत् माता पार्वति थिन भयो मन माडर । शिवशरणम् ॥२८॥

कैलास वासी शिव जी युद्धै गरेर । वृन्दा सत्य नास गर्ने विष्णु गएर । शिव शरणम् ॥२९।

जालन्धरको मृत्यु भो शिव साथमा । विष्णुजीले डगाए सत्य वृन्दामा । शिव शरणम् ॥३०॥

वृन्दाजीले स्राप दिईन जाई विष्णुलाई । श्राप पऱ्यो विष्णुले सत्य थीईन माई । शिवशरणम् ॥३१॥

स्तुती गरे देवताले सारा मिलेर । दर्शन दिए शिवले भक्त चीनेर । शिव शरणम् ॥३२॥

शिव शिव जपेर पार गर्ने हो । शक्ति रुपी शीवको भक्ति गर्ने हो । शिव शरणम् ॥३३॥

जन्मे सारा दानव मारे शिवले । पुर्व जन्मई तिहाससारा बताए । शिवशरणम् ॥३४॥

पुजा गरे शिवको विल्वपत्रले । सौ बर्षको तपको फल पाएथे । शिवशरणम् ॥३५॥

भजन गर भजन गर भोलानाथको। वरदान पाई दानवले राज्य गरेको। शिव शरणम् ॥३६॥

ब्रह्माजीमा सव जना कैलास गएर । स्तुति गरे मिलेर शम्भु भनेर । शिव शरणम् ॥३७॥

दर्शन् पाए शिवको भक्त जनले । दानवले भक्ति गरे प्रेम भावले । शिव शरणम् ॥३८॥

कैलासमा शिवजी देवताका साथ । शिवगण समेतमा वसे दिनराता शिव शरणम् ॥३९॥

शिवहर हर । शिव हर हर ॥ कैलास वासी शिवजी भक्त रक्षा गर । नम शिवाय ॥४०॥

आयो दानव रीसले मार्छु भनेर । शिव साथ प्रेम गरे भक्त गएर । शिव शरणम् ॥४१॥

देवता र शिव जी गए युद्धमा । हाँक दिए शिव आए भनि दानवमा । शिव शरणम् ॥४२॥

सङ्ख चुड मार्नलाई सारा लागेका । युद्ध देखि सारा जगत् त्रसीत् भएका । शिवशरणम् ॥४३॥

शिव शक्ति कालीका युद्धै गरेर । गङ्गा स्नान गरेर क्रुद्ध भएर ।
शिवशरणम् ।।४४।।

प्रभुमक्षे अवतार धारणा गर्नुभो । हिमालय गएर रक्षा गर्नु भो । शिवशरणम्
।।४५।।

खडा भई काली आईन् शिवरमाए । शिवजीले युद्ध गर्दा देवा रमाए ।
शिव शरणम् ।।४६।।

मारे दानव शिवले हर्षे देवता। सङ्ख चुड मारेर खुशी भएका। शिवशरणम्।।४७।।

विदा दिई शिवले गए कैलासमा । पार्वतिका साथमा वसे कैलासमा ।
शिवशरणम् ।।४८।।

शिव गए कैलासमा विष्णु वैकुण्ठ । शिव शक्ति भजन गरे भक्ति
मिल्दछ। शिवशरणम् ।।४९।।

तपस गरे दानवले पाए वरदान । भक्ति साथ तपस गरे मिल्यो वरदान ।
शिवशरणम् ।।५०।।

नृसिंहको रुपले मारे दानव । प्रल्हादको भक्ति ज्ञान प्रेम अपार ।
शिवशरणम् ।।५१।।

कैलास पति भोले बाबा दर्शन दिएर। भक्त जनका साथ गए साधु भएर।
शिवशरणम् ।।५२।।

अन्धकले राज्य गरे जाई स्वर्गमा। देवा सिद्ध महर्षि दुःखी भए त्या। शिव
शरणम् ।।५३।।

मरे मरे भनेको आवाज सुनीयो। दानव राज अघी सर्ने बाटो थुनियो। शिव
शरणम् ।।५५।।

रक्षा गरीन् कालीका साम्ने गएर । शिव शक्ति स्तुति गाए देवा मिलेर ॥ शिवशरणम् ॥५६॥

अन्धकमा युद्ध गर्दा रुद्र रुपको । दर्शनले ज्ञान मिल्यो वरदान भो । शिव शरणम् ॥५७॥

दानव राज आएर भक्ति गरेर। वाँणासूर रहन्थे युद्ध भनेर। शिवशरणम् ॥५८॥

हरी हरी भन्दैमा नाम चप्ने हो । शिव शिव भनेर शक्ति लिने हो । शिव शरणम् ॥५९॥

शिव कैलासमा शिव कै लासमा। वाँणा सुर बसेथे सो गीत् पुरैमा ॥ शिव शरणम् ॥६०॥

ज्वरो झार्न भनेर मन्त्र वनियो। शिव ज्वरो विष्णु ज्वरो दुवै ज्वराको। शिव शरणम् ॥६१॥

ब्रह्मा विष्णु शिवले जम्मा भएर। बाँणासुरको रक्षा गरे सारा मिलेर। शिव शरणम् ॥६२॥

नामै शिव अपार छ सर्वव्यापी छ। प्राणरुपी संसार जगत् शिव अपार छ। शिवशरणम् ॥६३॥

गजासुर आएर दुःख दिदो भो। युद्ध गरी स्वर्गको राज्य लि दोभो। शिव शरणम् ॥६४॥

फगत् एक शिवथे हजार रुद्र भै। रुद्र रुप अनेक छन् मारे शिवगै। शिव शरणम् ॥६५॥

राजरुप दर्शन दियौ कर्मै गरायौं। भक्तजनको प्रेम जानी राश रचायौ। शिव शरणम् ॥६६॥

शिवपुराण रुद्र संहिता युद्ध खण्ड। भजन समाप्तम् शुभम्।

शिवपुराण सतरुद्रि संहिता खण्ड पञ्चम प्रारम्भः

भन्छन ब्रह्माजी आई देवहरुमा नारद जीका साथमा। कल्पै श्री शिवको
कहन्छु अहिले नारायणै रुप मा। स्वेतै लोहित नाम कल्प अहिले उन्नाईसौ
कल्प हो। रुद्र रुप शिवको शीखा स्वरुप भो श्री शक्ति कै रुप हो ॥१॥

उन्नाईस कल्पमहाँत लो हितकुमार ब्रह्माजीको जन्म छ। सोणी त पुर महाँ
गएर शिवले ब्रह्माजीकै साथ छ। वन्दे देवकुमार भने शिवजीको नाम्ले
प्रशिद्धै हुनन्। सद्यो जात शिव नाम हो त्यस स्वरुप दर्शन तिनैले दिनन ॥२॥

वर्णै पीङ्गल हुन्छ अद्‌भुत त्याहाँ श्री चन्द्र रुपका शिव। वर्ण शंकर वढ्दछन्
त्यसघरी नाना प्रकारले तव। सोहि ब्रह्म स्वरुप धारी शिवले द्यौता हरुमा
पनि। रुपै पञ्चवतार हो शिवजीको जानेर लेउ तिमी ॥३॥

ब्रह्मा भन्दछन् आठ रुप शिवजीका एक एक जम्मा गरी।पृथीविमा सव
कार्य देवहरुमा आदर दिने राम्ररी। सर्व रुप शिवको अपार छ ठूलो पैला पनि
यो भयो। दोस्रो भो भव रुपता त्यस घरी श्री रुद्र तेस्रो भयो ॥४॥

चारौ रुप त उग्र रुप हुनगो भीम रुप पाँचौ भनि। पाशुपति स्वरुप षष्ठम
भयो ईशान सातौ पनि। महादेव स्वरुप अष्ठाम भयो यिनले क्रमैले गरी।
भूमी जल अनि अग्नि वायु सवमा रक्षा गरी राम्ररी ॥५॥

आकाश सूर्य र चन्द्र सव शिव स्वरुप जानेर लिनु सव। सोहि आठ स्वरुप
विश्वभरमा प्रख्यात छन् गौरब। संसार सृष्टि त पालना गरी लीउन श्री उग्र
रुपले जसै। आकाशका सव देवताहरु उपर मंगल हुदामा तसै ॥६॥

विघ्नादिरुका सवै समयमा श्री रुद्रकै रुप गरी। शत्रुकै भयमा र चोरहरुमा
पाशुपति रुप धरी। येज्ञादि गरदा शि वार्चन माहाँ पितृहरुमा पनि। ईशान
रुप शिवको यथार्थ बुझ्नु पुर्णादि गर्ने भनि ॥७॥

पालन पोषण मान्यता र ममता धन पुत्र जम्मा गरी। महादेव स्वरुप जान अहिले नारद तिमी यो घरी। यीनकै आदरले सदा शिव स्वरुप मुख्यै भए आठता। भक्तिले गरी पुजनादि गरीने सिद्धै हुनेछन् यी ता ॥८॥

सर्वरुप शिवमा छदा त्यस घरी ब्रह्माजीमा रज भयो। नासैता शिवले गरि लिनु भयो सो हितगुण भै गयो। ब्रह्मालाई रजो गुणै दिनु भो आफु तमो गुण लिई। वस्नुभो शिवजी समुद्र तटमा ब्रह्मार्षि साथमा लिई ॥९॥

ब्रह्मा विष्णु महेश आदि सवछन् गङ्गाजीका तिरमा। भन्नुभो शिवले अपार महिमा ब्रह्माजीका साथमा। सोहि औसरमा सदा शिवजीले आफ्ना जटाले गरी। ब्रह्मालाई दिए उठाई जल त्यो गङ्गा जलै राम्ररी ॥१०॥

मनमा चञ्चल भो तथापी तिनको ब्रह्माजीको नै त्याहाँ। श्रीको रुप भयो उसै वखतमा आधा शरिर यो वाँहाँ। पुरुष रुप उहि ब्रह्म रुप भईगो आधा श्री जाति भए। तिनकै आदरले गरी सव याहाँ मानीस पैदा भए ॥११॥

भन्छन् सौनक ब्रह्मलाई पहिले सृष्टि भएको कुरा। विस्तारले गरी सव वताउनु हवोस् हे ब्रह्म ऐले पुरा। यस्ता बात सुनी पिताह जिले भन्दा भए यो पनि। सत्य त्रेता र द्वापरै हुन गए कल्कीत चारै भनि ॥१२॥

सत्यै युग शिव रुप भो त्यसघरी त्रेतामा नारायण। द्वापरमा प्रभु ब्रह्म रुप हुनुभो श्री ब्यासनै तत् क्षण। कल्कीमा शिवजी हुन् मुनी ठुला नाम स्वेत वाहक भनि। भन्लान् सव् जनहेरुले त्यसघरी श्री शक्ति को नै पनि ॥१३॥

सत्यै युगमहाँत ध्यानरुपले श्री रुद्रकै नामले। त्रेतामा सतरुप भैकन रहे महर्षिका साथले। राज रुपत द्वापरै हुनगयो कर्मै त कल्की भयो। वेदैमा वसि चल्दछन् शिवजीता मन्त्राधीकारले तयो ॥१४॥

यस्ता रुप सीतले क्रमै सीत गरी चल्दा हुदिमा जसै। गर्दा भक्ति र भाव प्रेम सवले यज्ञा हुतिमा तसै। प्रेमले भक्ति स्वरुपले प्रभुजीको वेदले सहित् कीर्तन्। वैदिक कर्म गरेर पुजन गरुन् साक्षात् नारायण ॥१५॥

यस्तै रुप सीतले क्रमैसित गरी अठाइसै रुप धरी। सत्य त्रेता पनि लिए शिवजीले नाना विधान्ले गरी। सत्य त्रेता द्वापर कलि हुन गयो चौकडि कै रुपले। एकहत्तर भैरहे शिवजीमा वेदकै ठुला नामले ॥१६॥

वेदकै आदरले सदा ति रहने सत् धर्म कै पालन। गर्दामा शिवको अपार महिमा श्री शम्भुले पालन। मानीसमा शिवजी अपार रहने श्रीशक्ति नामले गरी। भक्तैमा पनि आदरै गरीलिने भक्ति गरे राम्ररी ॥१७॥

ब्रह्माले पनि धारी तेहि अवतार नारायणैले पनि। कल्की नाम प्रशिद्ध भैकन रहे श्री विष्णु आफै पनि। ठूला पर्वतहेरुमा रजलमा गङ्गाजीका तिर मा। आदर तिनकनमा सदा शिवपनि बस्ने गई भक्तमा ॥१८॥

थिए क्वै दिनमा तथापि सवमा ऋषिहरुमा पनि। सीलाद नाम थियो तथापि तिनीमा पुत्रै थिएनन पनि। तिन्की पत्नि सुवाहुली सकलमा हुदा तिनीमा जव। छोरा छोरीकुनै थिएन तीनको श्री ईन्द्र आए तब ॥१९॥

देखि ईन्द्रजीलाई जाई तिनले आदर गरे प्रेमले। खुशी भै कन ईन्द्र तिन्कनमाहा भन्दा भए भक्तिले। हे ब्राह्मण तिमी मागीलेउ वरदान ईच्छा छ जो मन माहाँ। सुन्दामा ति सीलाद् खुशी हुन गए मागे अनि वर त्याहाँ ॥२०॥

छैनन् पुत्र तथापी पुत्र दिनुहोस् कैल्यै नमर्ने भनि। मागेथे ऋषिले तथापी वरदान अजेय पुत्रै पनि। भन्छन् ईन्द्रजी तिन् कनै त्यसघरी श्री शम्भु कै पुजन। वेदकै मन्त्र विशे रहेर गरनु मिल्नेछ पुत्रै सुन ॥२१॥

होला पुत्र ठूलो सदा शिवजीले दिनु भएका घरी । अजेयै छन ति सदा शिवपनि भेष धारी नानाथरी । यस्ता रुप सितले तथापी तिनमा श्री शम्भुकै ध्यान्माहाँ । लाग्दा सिद्ध महर्षि दम्पति दुई दर्शन मिलीगो वाहाँ ॥२२॥

दर्शन पाई खुशी भए त्यसघरी पुजा गरे भक्तिले । खुशी भै शिवले तथापी तिनमा वरदान दिए प्रेमले । पाएथे वरदान सदा शिवजीको आज्ञा भयो यो अनि । तिम्रा कुलमहाँत शक्तिलीई फेर जन्मै लिन्या छु अनि ॥२३॥

नन्दीस नाम महर्षि भै यस घरी हुदात पुत्रै जव । नन्दिस्वर भनि नाम चलोस् जगतमा नन्दिर भृङ्गी तव । साक्षात् रुप शिवकै हउन त्यसघरी जाउ तिमीलौ भनि । अन्तर ध्यान भए सदा शिव पनि खुशी भए ति मुनी ॥२४॥

यस्ता वात गरी सदा शिव पनि खुशी गराई त्याहाँ । नन्दिस्वर शिवनाम चल्यो जगतमा श्री शम्भुको झट वाहाँ । द्यौता सिद्ध महर्षिले स्तुतिगरे हे देव महेश्वर । शक्ति रुप तिमीले दियौ ये सघरी सर्वज्ञ नन्दिस्वर ॥२५॥

संसार रुप शिवमा सवैजनहरु आएर दर्शन गरे । वेदध्वनि भयो उसै वखतमा पुस्पादिहरु झरे । उत्सव धेर भयो तिनन्दिस उपर पुजादि गर्दा भए । पुजा आदरले खुशी हुन गए श्री रुद्र साथै रए ॥२६॥

यस्ता रुप सितले क्रमै सीतमाहाँ भैरवस्वरुपको पनि । विस्तार पूर्वकले वताउछु याहाँ श्री शम्भुकै रुप भनि । थियो एक सुमेरु पर्वत ठूलो जम्मा भए देवता । रम्भासुर कन दानवै त्यसघरी वाल्दै गयो अग्निता ॥२७॥

सोहि औसरमा थिए शिव पनि आदर गरी साथमा । सारा डड्न गयो ति पर्वत सवै आयो त्यहि हातमा । खाई अग्नि दिए सदा शिवजीले खुशी सवै जन भए । अग्नि रुप शिवको भयो त्यसघरी कालाग्नी जस्ता भए ॥२८॥

त्रिशुल हातमाहाँ छ एक अति ठूलो अमोघ गधाले गरी । फलामको पनि एक दण्ड हुनगो देख्दा अचम्मै परि। कालो वादलले समस्त क्षणमै ढाकी दियेको थियो। भय त्रास स्वरुपका शिव भए सातो उढाई दियो ॥२९॥

पृथ्वीमा जति दुष्ठ पापी जनथे नासै गरे क्षीणमाहाँ। तिनका प्राण सवै लिए शिवजीले नाचे रमाई वाँहाँ। जुन रुप का शिवजी थिए त्यसघरी त्यैरुपका तेजले। शिव गणतिनै भए शिव उपर साथै लिए सम्भुले ॥३०॥

कालपास स्वरूप देखीन गए कैलास वासी शिव। साक्षात् ईन्द्रपनि डराई कन फेर हा दैव के भो अव। त्राही त्राही भए सवैजनहरु आकास वाँणी वाहाँ। हे शम्भो तिमीले सवै यी जति छन् लेउ जाटा जुट् माहाँ ॥३१॥

यस्ता वात सुनेर देवहरुले खुशी भएका थिए। लिए श्री शिवको जटा उपरमा खुशी सवै जन भए। आए शिद्ध महर्षिहरु सवता वेदकै वचन्ले गरी। भैरब नाम रह्यो उसै वखतमा खुशी भए श्री हरी ॥३२॥

दानवले पनि पुजनादि तिनको गर्दा भएथे जव। खुशी भै तिनमात केश पनि एक दिए उखेली तव। सोहि औसरले पुजा गरीलिए भैरब तिमी हौ भनि। कपाल भैरव नाम चल्यो जगत्मा खुशी भए सव अनि ॥३३॥

सोहि औसरले वरुण पनि त्याहाँ आएर दर्शन दिए। नागको विज शरिर का पनि त एक् उत्पत्ति गर्दा भए। भैरब रुप शिवले लिए त्यसघरी क्रोधाग्नि कै चाल् जसै। सारा नागहरु परे शरणमाशान्ति गराए तसै ॥३४॥

नागैले गरी विन्ति ता गरीलिए विशादिकै तेजले । तेजैले शिवता त्यसै वखतमा धारे ति नाग वेगले। उन्मत्तै भनि नाम चल्यो जगतमा द्यौताहरु खुश भए। शान्ति पूर्वकता वसे शिवपनि उन्मत्त भैरब भए ॥३५॥

जसले भैरब नाम सदा शिव भनि चिन्दैन कैल्यै पनि । माहा पापी भनेर जान्नु सवले काँसी वसेनै पनि । गङ्गामा परदा ठुलो भय हुदा राज भार दुखादिमा । रक्षा भैरबले सदा गरिलिने आदर गरी साथमा ॥३६॥

नारायण शिव तुल्य हुन् सकलमा भैरब स्वरुपी शिव । देवाधिहरुमात भास्कर भए जानी लिनु यो सव । शक्तिमा पनि कालीका रुप सरी भैरब त जानी लिनु । अष्ठै सिद्धि भनेर शिद्धहरुमा दर्शन गरी प्रेम दिनु ॥३७॥

यस्ता वात सुनेर नारद पनि भन्छन् ति ब्रह्मा कन । हीरण्य कस्यपुर दानवहरु मार्ने स्वरुप हो सुन । भैरब शक्ति लिएर वस्नु जनले श्री कालिका शंकर । आदर श्री शिवको गरेर रहनु भक्ति गरी आखिर ॥३८॥

नृसिंहै रुपकोत दर्शन गरे वल शक्ति मिल्ने भयो । वीर भद्र र भैरबै यदि हुनन् आदर दिने साथ यो । विर भद्र र कालिका शिवमाहाँ हिड्छन् सदा साथमा । आदर श्री शिवकै गरेर तिनले वस्छन् सदादिनमा ॥३९॥

भैरव रुप अठार छन् सव महाँ काल रुप् महाँ भैरब । शत्रु नासक हुन् अवश्य सवमा नामै अठारै सव । जस्ले जुन रीतले त पाठ गरला भैरब प्रभो कीर्तन । सोहि रुप सीतले त पूर्ण गरलान आएर भैरबकन ॥४१॥

भन्छन् नारद सौनकादिहरुमा नारायणै रुपले । शक्ति भैरबको लिए प्रभुजीले आफ्नै ठुलो वेगले । सोहि शक्ति स्वरुप नृसिंह हुनुभो दानवत मार्छु भनि । सोहि रुप लिई हिरण्य कस्यपु मार्नु भयो वीर पनि ॥४२॥

द्यौताहेरु मिलि स्तुति पनि गरे हे देव नारायण । अग्नि शान्त गराउनोस् येस घरि जानेर भक्तैकन । प्रल्हाद्ले पनि जाई ता स्तुति गरे नाना प्रकारले गरी । सोहि आदरले त्याहाँ प्रभुजीको दर्शन दिए राम्ररी ॥४३॥

ब्रह्मा विष्णु महेश्वरै यी तिन रुप एकै स्वरुपले गरी। पृथीविको गरी रक्षता सकलमा आदर गरी राम्ररी। तिन रुपले रहदा तिनै गुणलिई गर्ने तिनै काम पनि। धर्मै स्थापन गर्न खातिर माहाँ धार्छन् एकै रुप अनि ॥४४॥

सोहि औसरले सदा शिव पनि भक्तैहरु साथमा। आफ्ना ति शिवगण लिएर शिवजी वस्छन् त कैलासमा। कैलासवासी सदा शिव भनि सबै भन्छन् ति द्यौताहरु। ब्रह्माजी पनि बह्मलोक विचमा बस्ने महर्षिहरु ॥४५॥

वैकुण्ठाधी पति ति विष्णु भगवान् औतार नानाथरी। धारी रुप अनेकले यसघरी संहार गर्छन् अरि। तिनै रुप भएर यी सकलमा एक रुप संहारमा। एकै हुन् यी नीता तथापि बुझ्नु सारा जगत् सृष्टिमा ॥४६॥

तेहि औसरमा सदा शिवजीका भक्तै वडा ब्राह्मण। वेद ज्ञानी र ब्रह्मचर्य ब्रतमा श्रेष्ठै थिए तिजन। अग्नि होत्र सबै थिए तिनमाहाँ देवाधी पितृहरु। उनकी पत्नि पनि पतिव्रता थिईन् सत् भक्तिले जो अरु ॥४७॥

उनका साथमहाँ सदा शिवजीले दर्शन दिनु भो जसै। साण्डील्यै मुनिमात जन्मन गए तिनका समीपमा तसै। गृहास्पत्य भनेर धर्म तिनले साथै बढाई दिए। लोकालोक सवै चराचर जगत् तिनले बढाई लिए ॥४८॥

गृह धर्म र राज धर्म तिनले स्थापना गरे यो घरी। ब्रह्मा तेज त्यहि त सिद्ध भई गो सारा जगतै भरी। सोहि औसरले सदा शिव पनि आदर गरि ति जन। वस्नुभो शिव जी प्रशन्न मनले साक्षात नारायण ॥४९॥

तिनकै शक्ति लिएर विष्णु भगवान् रम्भा पुरैमा गए। लोकालोक भए त्यसै वखतमा सम्पूर्ण जम्मा भए। ऋषिहेरु पनि मरिची पुलह अत्रि र कास्यप पनि। पुलस्त्य ऋतु अंङ्गीरा हुन गए वासिष्ठ माण्डप पनि ॥५०॥

लोमस लोह चरण गौतम भए गर्ग भारद्वाजयो। गावल गण यदि जातु कर्ण हुनगै थिए परासर त्यो। जाम दग्नि मातङ्ग अंश भरतै कात्यायनि श्री शुक। दुर्वासा सुची वामदेव असितै जम्मा भएछन् सव ॥५१॥

यीन्कै आदरले सवै रचिलिए साथै थिए श्री शिव। भुलोकादि समस्त तिन् कन रचे ब्रह्मै लिएथे तव। ब्रह्म ज्ञानी गुरु वृहस्पति पनि जानु भएको थियो। अतल आदिहरु पनि रचिलिए आधार त्यस्कै भयो ॥५२॥

भन्छन् श्री शिवजी महर्षिहरुमा सम्पूर्ण लोकैहरु। तिनकै आदरले र शक्ति वढिगो तेजै प्रकटभो अरु। सोहि मानिसमा त बालक भयो सानो अति तेजीलो। द्यौताहेरु खुशी भए सव त्याहाँ गृहस्ती नामै रह्यो ॥५३॥

ठूला सिद्ध महर्षिहेरु सवले तिनको गरे दर्शन। गृहस्ती तिमी भै रहे यस घरी भन्दै गरे पुजन। गृहस्ती खुशी भै सवै जनमाहाँ आदर गरि बस्तछु। साँधु ब्राह्मण देवता सकलको पुजा गरी राख्दछु ॥५४॥

यस्ता वात सुनी गृहस्ती अवतार नारायणैको भयो। शक्ति श्री शिवले तिनै कन दिए सम्पूर्ण खुशी भयो। थिए ईन्द्र पनि तथापि तिनमा सम्पूर्ण लोकै भरी। गर्थे राज्य पनि सवै जगत्को गृहस्त मा नै परि ॥५५॥

साधु सन्त र देव ब्राह्मणहरु सम्पूर्ण विर्से जव। द्यौताको सव यज्ञ भाग जुन हो सुन्यै भएथ्यो तव। शक्तिहीन भयो तथापि तिनमा आयु पनि क्षीण भयो। गृहस्ती सव धर्म नासीन गयो दुःखादि धेरै भयो ॥५६॥

ईन्द्रैका सँगमा थियो शिवजीको एक लिङ्ग साथै माहाँ। निक्ल्यो अग्नि पनि त्यसै वखतमा त्यैलिङ्ग देखि वाहाँ। सारा राज्य डढाउना कन त्याहाँ लागेति अग्नि पनि। द्यौताको सव भागता हरीलिए गृहस्ती मानै अनि ॥५७॥

गृहस्तीहरुकोत धर्म वाढिया देखेर छक्कै परे। साधु सन्त र ब्रह्मणदि सवको सन्तोष तिन लेगरे। अग्निस्वर भनि नाम रह्यो शिवजीको अग्नि स्वरुपी शिव। पितृमा पनि रुद्र रुप बुझ्नु गहृस्तीमा छन् शिव ॥५८॥

सोहि औसरमा सदा शिवजीले येक्षेश्वरैको पनि। धार्नुभो रुपता ति दानवहरु सारा रीझाउ भनि। गङ्गाका तटमा थिए शिव पनि दावनहरुले जसै। गङ्गा स्नान गरु सवै मिलि त्यहाँ उर्दि गराए तसै ॥५९॥

पाँचै रुप् शिवलेत दर्शन दिए सवका अगाडि माहाँ। देखे दानवले र दर्शन गरे भक्ति गरी मन् माहाँ। भक्तिले गरी ती शरणा परि लिए देवाधि देवै भनि। दानवकै सरि रुप धारणा गरे श्री शम्भुले नै पनि ॥६०॥

सोहि रुप शिवलिङ्ग उत्पत्ति भयो येक्षेश्वरै नामको। येक्षेस्वर शिवलिङ्ग पुजन गरे दानवहरु भोगको। दानव भक्षि भए सदा शिव पनि ति देवताले जव। निन्दा श्री शिवमा अनेक तरहले गर्दा भएथे तब ॥६१॥

दानवहेरु भने खुशी अति भए साथै रहे शंकर। मद्यपान र मांश भोजन समेत गर्दा भए आदर। मीष्ठान्नै विविधै रसैहरु समेत् पाए खुशिले जहाँ। येक्षै रुप शिवलेत भोजन समेत् गर्दा भएथे वाहाँ ॥६२॥

यस्ता वात सुनेर नारद अनि भन्छन् ति ब्रह्माकन। भन्नुहोस अवतारअरु शिवजीका सुन्ने छ मेरो मन। यस्ता वात सुनेर ब्रह्मा खुशी भै दशै बतार सम्भुको। लागे भन्न क्रमै सीतै गरी त्याहाँ एक एक गरी रुद्रको ॥६३॥

महाँकाल अवतार सदा शिवजीको पैला भनि जान्नु। मुक्ति खातिरमा भयो शिवजीको ठूलो भनि ठाननु। तिनकै साथ महा त शक्ति रुपले श्री काली का वस्दछीन्। भक्तैको मन वान्छीतै फलदिई आदर तिनैले दिनन् ॥६४॥

दोस्रा भो अवतार सदा शिवजीको तारक भनि जानील्यौ । तारा नाम की शक्ति तिनकन भयो पूज्यै ति छन् मानील्यौ । ऐश्वर्या दिक वृद्धि दौलत महाँ भुक्ति र मुक्ति पनि । दिन्छन् यीन् कन सम्भुले जगत्मा भक्तै स्वरुपी बनि ॥६५॥

वालकश्री भुवनेसका पछि भयो औतार तेस्रो पनि । शक्ति श्री भुवनेश्वरी तिनमहाँ वस्छिन् सँगैमा अनि । विद्येस सोडस नाम चार हुनगो विद्या स्वरुप शक्ति लि । सत्यै खातिरमा दुवै तिनीरहे विद्या र वुद्धि दिई ॥६६॥

भैरवको अवतार पाँच गनियो श्री शक्तिमा भैरवी । गिरी राज अनि पूर्ण माण्डवी भईन् सम्पूर्ण सिद्धै रवि । छैटु मेघ स्वरुप भयो तिनीमाहाँ जो छिन्न मस्ता छन् । गिरीजा शिव शक्ति रुप तिनको सिद्धि मनोरथ दिन ॥६७॥

बंगालामुखी अवतार

धुमवान प्रभु सातौ रुद्र अवतार श्री शक्ति धुम्रा वति । आठौ बङ्गल कुम्भ रुद्र अवतार श्री कालीका रुप की । वंगालामुखीशक्ति प्रेम दिनमा शत्रु पनि नासने । मातङ्गै नव होउ नै शिवजीको औतार जानी लिने ॥६८॥

माताङ्गी शिव रुप शक्ति तिनमा दिन्छीन् फलै प्रेमको । कमल नाम भयो दशौत अवतार श्री कालिकै रुपको । तन्त्र मन्त्र र यन्त्रमा वासि सदा दशौ वतारले शिव । धन्वान्तर यदि झार फुक सवथोक लिएर हिड्ने शिव ॥६९॥

हे नारद तिमीलाई भन्दछु अरु श्री रुद्र रुपै पनि । एघारौ भनि जानीलेउ तिमीले श्री रुद्र हुन्छन् भनि । पृथ्वीमा जति विघ्नपर्छ तिनले रक्षा गरी राख्द छन् । भुको भार उतरी खारि शिवमा शक्ति तिनैले दिनन ॥७०॥

पैला रुद्रको नाम कपाली भनि फेर पीङ्गला दोस्रो भयो । तेस्रै भिम भयो र चार विरुपाक्ष नाम तिनको रह्यो । पाँचौ पीङ्गल रुद्र हुन् त्यस पछि शान्ति त छैटुं भए । सातौ हुन ज पाद रुद्र शिव रुप् मान्यत आठौ भए ॥७१॥

शम्भु रुपत नौ भयो जगत्मा चण्डार दशै भयो । भवतारक रुदै रुप शिवको एघारमा गनियो । जस्ले सुन्दछ पाठ गर्दछ भने श्री रुद्रकै दर्शन । फलमील्लातिनमा त थापी शिवले आनन्द देलान् मन ।।७२।।

ठुला दानव येक्षकीन्नरहरु यै रुपले मारीए। शुभा शुभ सवै ति कर्म वसमा श्री रुद्र पुर्णै गरे । येज्ञादिहरुमा र देवस्थलमा गृहस्त मानै पनि । लिनु रुद्रस्वरुप नाम यीनको पूर्णै गराउन् भनि ।।७३।।

हे नारद तिमीलाई भन्दछु अरु श्री सम्भुका लौ कथा। दुर्वासा सीवकै स्वरुपप बुझ्हील्यौ विस्तार कहन्छु यता। विध्याचल गिरीमा गए शिव पनि हेरौतमासा भनि। सारा सिद्ध महर्षिहेरु तहिथे आएर विष्णुपनि ।।७४।।

सोहि औसरमा तथापि तीनमा एक कन्या आईन जसै । शक्ति रुप शिवको मिल्यो तिनीमाहाँ जाई अगाडि तसै । सोहि रुप शिव शक्तिको हुन गयो सवका अगाड माहाँ। तिनैवाटत पुत्र जन्मन गयो ति कन्या साथै माहाँ ।।७५।।

सारा भुमी थियो मरु सरी भने तिनकै जनम् तेजले । आयो छाल समुद्रको त्यसघरी शक्ति ठुलो वेगले । सोहि छाल त जन्म वालक भयो विजादिमा ब्राह्मण। दुर्वासा भनि नाम राखी तिनले दिए सहारा कन ।।७६।।

विद्यामा अरु ज्ञानमा शीव स्वरुप थिए प्रतापी महाँ । खान्थे नित्यमधुतिनी विशयमा देख्थे सवैजन वाँहाँ । सोहि औसरले ति तेजी पनि थे धर्मादिकै पालन। गर्थे नित्य घुमी सदा शिव स्वरुप भन्थेती सारा जन ।।७७।।

कैलास पर्वतमा थिए शिव पनि ईन्द्रादि द्यौताहरु । आए भेट्न भनि सदा शिव जीमा महर्षि थिए अरु । तिनकै साथमाहाँ त गौतम जी की पुत्रीति कर्णाजीले। गाईन् कीर्तन शक्ति रुप शिवको वायु सरि तेजले ।।७८।।

सारा देव महर्षिहरु गणले भन्छन् ति वायु कन। शक्ति रुप शिवको त दर्शन गरुन् हे देवी कर्ण सुन। शक्ति श्री शिवको अपार मिलीगो अज्ञानले नै गरी। भक्तिले गरी आई दर्शन दिए श्री सम्भुले त्यस घरी ॥७९॥

वायु स्वच्छ चल्यो सवै जगत्मा कन्याकुमारी पनि । नाच गान् श्री शिवकासमीप् गरी लिईन् आए ति वाँदर भनि। तिनकै साथ रहेर कस्ती नसुती वायु स्वरुपले गरी। शक्ति रुप शिव को मिल्यो तिनी उपर वायु स्वरुप यो घरी ॥८०॥

सोहि भौसरमात जन्मन गयो पुञ्जै ठुलो तेजको। रुप बाँदर शिव तेज धाराणा भयो नाम अञ्जली भै भयो। कर्म पुत्र भनि सवै जनहरु श्री शम्भुकै रुप हो। शक्तिको शिवको अपार महिमा औतार हनुमान हो ॥८१॥

सोहि औसरमा तथापी शिवले श्री पार्वति साथ्माहाँ। स्नानै गर्न भनि लिएर जलमा जानु भएथ्यो वाहाँ। सोहि औसरमा महेश प्रभुको कीर्तन गरी भक्तिले। आए सिद्ध महर्षिहेरु त्यहिनै कीर्नन गरी हर्षले ॥८२॥

सोहि रुप शिवको महेश प्रभुको देखे र छक्कै परी। लागे कीर्तन गर्न ति सव मिली नाना विधानले गरी। भक्तिले गरी यो अपार महिमा जुन रुपको ध्यानले। सोहि रुप त दर्शनै हुन गयो भक्ति बढो प्रेमले ॥८३॥

सारा देवहरु थिए भुवनमा आकास वाँणी भयो। द्यौता दानव सव मिली त्यसघरी समुद्र मथ्नु परयो। मन्दरा चल पर्वतै पनि ठुलो लिएर तिम्ले अरु। पोरा त्यसकनता वनाई पहिले मथ्नु यी सागरहरु ॥८४॥

यस्ता वात् चित् भैगयो त्यसघरी आकाश वाँणी पनि। सोहि रुप लिएर देवगणले मथ्नुछ सागर भनि। द्यौता दानव भै मथे त्यस घरी उत्पत्ति भै गो त्याहाँ। धन्वान्तर अनि वैद्य नै हुन जुन् कल्पवृक्षैमाहाँ। ऐरावत् कन हात्ति

उत्पत्ति भयो उच्चै श्रवा भो अनि। मदिरा पनि फेर धेनु हुनगयो श्रीकाम धेनु पनि ॥८५॥

कौस्तुभ नाम मणित अमृत समेत् निक्लेर सागर कन। अमृतका् समिपै वराह प्रभुले दिएर दर्शन सुन। सोहि औसरमात निक्नल गयो श्री कालकुटै पनि। सारा खल् वाल भै गयो त्यसघरि निक्लेछ लौ विस भनि ॥८६॥

द्यौता दानवहेरु सव त्यसघरि सारा डराई गए। सारा देवहरु मिली शिवजीको किर्तन ति गर्दा भए। आउनुभो शीवजी पनि तिनीमाहाँ लिनुभयो विस अनि। सारा हात डढाई द्यो त्यसघरि द्यौता डराए पनि ॥८७॥

सोहि बीस पिई दिए शिवजीले नारायणै रुपले। घाँटिमा लगी राखी दे शिवजीले पीडा गरयो वेगले। सोहि औसरले सदा शिवजीमा श्री नीलकण्ठै भनि। निलो पारी लियो त कण्ठ त्यसले नामै रहिगो अनि ॥८८॥

भन्छन् ब्रह्मपनि तथापि तिनमा श्री सम्भुको नै कथा। जस्ले सुन्दछ भक्ति प्रेम रसले नासिन्छ सारा व्यथा। विशै पान गरे सदा शिवजीले पीडा भई त्यसको। ठूला पर्वतमा हिमालय माहाँ जानु भएको थियो ॥८९॥

सोहि औसरमा सदा शिव पनि नारायणै रुप भै। बाँधैका सँगमा भ्रमण गरी लिई तेजै उपर बाँघ भै। लाग्नुभो शिवजी भनि सव त्याहाँ जाई ति सिहै पनि। बर्षाईन् जल शक्तिले शिव उपर शान्ति गराउँ भनि ॥९०॥

सोहि जल त प्रसिद्ध छन् यस घरी श्री वाग्मती नामले। शिव रुप् पनि शक्ति आदर भयो नारायणै नामले। नारायण अवतार सदा शिवजीको श्रीशक्ति गङ्गाजीको। भक्तिले गरी दर्शनै गरीलिए पाप जान्छ पाँच जन्मको ॥९१॥

संकष्ठै सहदा विपत्ति परदा जाएर दर्शन गरुन्। स्नानै वाग्मतीको गरीकन पछि दर्शन र पुजा गरुन्। पीडा जुन रुपको थियो सव टर्यो श्री शम्भुले नै गरी। सोहि आदर सिद्ध हुन्छ जनमा दर्शन गरेका घरी ॥९२॥

हे नारद तिमीलाई भन्दछु अरु सम्भु वतारजो छन्। पैला यै पुरमात सैलपुर एक थियो बढो एक सुन। च्वयन ऋषि गई सदा त्यसमाहाँ गर्थेत तपस्या पनि। तिनको क्वै नगीचै दधि ची मुनीले आश्रम वनाए अिन ॥९३॥

उनका पासमाहाँ सुवर्च भनि एक पत्नि थिईन् सुन्दरी। पति व्रता तिनी सदा हुन गईन् वस्थीन त सेवा गरी। तिनकै साथमहाँ त पुत्र वलवान जन्मे र नामै पनि। औतार भो शिवको तथापी तिनमा हो पीपलादै अनि ॥९४॥

सोहि नाम लिई सदा शिवजीले भुत प्रेत साथमा लिई। साकी न्यादि र डंकीनीहरु समेत् आफ्ना सरीरमा लिई। पीपल वृक्षमाहा गई शिव पनि बस्नुभएको थियो। पुजा दर्शन यज्ञ कर्म गरदा पीपल विशे दोष्‌भयो ॥९५॥

प्रातकालमहाउठेर सवले पीपलको पूजा गरे। मध्यान्है तिर जाई दर्शन गरे भूत प्रेत भैमा झरे। दर्शन तिन् कननै भयो पीपलको गर्दा हुदि पुजन। औतार श्री शिवको भने त बुझ्नु मध्यान्ह हो पुजन ॥९६॥

सोहि औसरमा तथापि तीनले ब्रह्मा र विष्णु शिव। जम्मा भैकन एक ठाउँ त्यसमा वस्दा भएथे जव। कालो वादल आई ढाकीन गयो सम्पूर्ण लोकै भरि। सूर्यै पुत्र थियो शनिश्चर मुनि ढाकीदियो त्यसघरी ॥९७॥

सोहि औसरमा सदा शिवजीले ति पीपलादले पनि। जाई सान्त गरे सबै जगत नै रक्षा म गर्छु भनि। ठुलो षड्गलीई सनिश्चरपनि आई अगाडि सरे। पीपललाद पनि तथापी त्यसमा झट्टै अगाडि सरे ॥९८॥

षङ्गै पीपलका थियो नगीचमा सोहि लिई हातमा। वृक्षै पीपलको लिएर त्यसले आए ति संग्राममा। शनिलाई त पक्री बाँधी तिनले पाताकसे वेसरी। धन्यै हौ तिमी पीपलाद भनि सव खुशी भए राम्ररी ॥९९॥

तेहि कर्म गरि सकि कन त्याहाँ शनि अरिष्टि हुदा । पीपल पुजन गर्दछन्
जनहरु भक्ति गरि सर्वदा। धातुमा पनि नीलमै हुन गयो शनि दशा शान्तिमा।
गर्दा आदर हुन्छ पुजन गरे दिन्छन् फलै हातमा ॥१००॥

हे नारद तिमीलाई भन्दछु याहाँ श्री शम्भुको लौ कथा । वेश्यानाम वतार
भनेर शिवको सम्पूर्ण हर्ने व्यथा। नन्दिग्राम थियोत सुन्दर अति हिमालयै
तिर माहाँ। वेश्या श्री त्यसमा थिईन् त एउटि हेर्थे जगत्ले त्याहाँ ॥१०१॥

वेश्या हुन् तिनीता तथापी तिनले रुद्राक्षमाला धरि। भस्म चन्दनको विगुत
सीरमा लाएर नाच गान् गरि। हेर्थे देवहरु मिलेर तिनमा नाच गान जसै
कीर्तन। मोहित् भै त्यसमा सदा शिव पनि वस्दा भएथे सुन ॥१०२॥

भन्नुभो शिवले तथापी तिनमा वेश्या भएरै पनि। कीर्तन भक्ति र गानले
येघरी खुशी गरायौ भनि। ईच्छा माफीक मागी लेउ वरदान कान्ते तिमीले
याहाँ। भन्नुभो शिवले तिनै कन सवयम् जाई अगाडि माहाँ ॥१०३॥

यस्ता वात सुनी सदा शिवजीका मागीन् त वरदान् अनि। तिन रात्री तक
वस्नु होस् हजुर याँ भर्ता भई लौ भनि। बस्नुभो शिवजी तथापी तिनरात गर्भै
रहेथ्यो जसै। श्री शम्भु रुपकोत वालक पनि जन्मी गए थ्यो तसै ॥१०४॥

सोहि वालक वेश्यानाथ भनि नाम राखे तिनैको जव। शम्भुकै अवतार भयो
भनि वै भन्दा भएथे तव। दुष्ठ स्वप्नाहरु त नासगरने तिनको त नामै लिदा।
साहितमापनिफल शुभै ति गरछन् रक्षा गरी सर्वदा ॥१०५॥

भन्छन् ब्रह्माजी जाई नारद जीमा औतार द्विजेश्वर भनि। सरावेदहरु प्रचार
गरी लिए येज्ञादिको फल पनि। फल्दायु भनि नामका नृप थिए श्री सूर्य
वंसै माहाँ। तिनका साथमाहाँ चतुष्प्रभा भनि रानी थिईन् साथमाहाँ ॥१०६॥

तिनका साथामाहाँ त गर्ग मुनीको साथै हुनाले भयो। नाग् कन्या पनि झट्
सदासिवजीको दर्शन सवै भेटियो। गर्भै तिनकन भै गयो त्यस घरि श्री
शम्भुकै तेजले। जन्म्यो वालक ता द्विजस्वरुपको आदर गरे शम्भुले ॥१०७॥

सोहि वालक सम्भुरुप हुन गै नामै द्विजेश्वर भनि। भन्छन् वालकलाई
शम्भुरुपका शक्ति उनैका पनि। यिनले वेदर धर्म सास्र सवमा सिद्धि गरे थे
जसै। भक्ति भाव र यन्त्रमा सव ती छन् फलभोगमा नै तसै ॥१०८॥

भन्छन् ब्रह्माजी फेर्ति नारदजिमा श्री शम्भुको नै वतार। यति नाथ भनि फेर
वतार हुनगो सन्यासको ईश्वर। गृहस्ती भई चित्र कुट गीरीमा एक भिल्व
थिए जाहाँ। पुग्नुभो शिवजी उसै घर माहाँ सन्यास रुपले त्याहाँ ॥१०९॥

देखि श्री शिवलाई भिल्व खुशी भै पाउ परेथे जसै। आदर भो शिवको अपार
तिनमा शक्ति मिली गो तसै। प्रात काल भयो उठे ती सवजन श्री शम्भु साथै
लिए। भिल्वैका दुई दम्पत्ति त्यस घरी भण्डारमा गै गए ॥११०॥

भण्डारमा गई हेर्दछन् तिनीहरु देखेर एक बालक। ल्याई हात समाती बाहिर
सवै देखेर त्यो बालक। तिम्रै पुत्र भयो भनेर सवमा भन्नु भएको थियो। यति
नाथ भनि नाम राखी तिनले श्री शम्भु औतार भयो ॥१११॥

साधु सन्त र मन्त्र आदि तिनले गर्दा भए सीर्जन। सन्यास धर्म म हात श्रेष्ठ
ति भए श्री शम्भु नारायण। भक्तिले गरी प्रमेले सकलले श्री यति नाथको
कथा। पाठ गर्ला यदि सुन्छ पद्दछ भने ऐश्वर्य पढलाउता ॥११२॥

श्री शम्भु रुपको त पितृ रुप हो औतारमा पितृको। अग्नि ख्वाता भनेर जान्नु
शिवको औतार हो रुद्रको। सत्यै युग थियो सदा शिव गए नाभाग राजा
माहाँ। आदर श्री शिवको गरे खुशी हुँदै आज्ञा भयो यो त्याहाँ ॥११३॥

राज धर्महरुमा ठूलो छ नृपते अतिथीको पुजन। अतिथी रुपी पृत हुन् बुझ सखे दिन्छन् उनै दर्शन। पीतृ भक्ति र श्राद्ध प्रेम वचनै श्री लक्ष्मीकै जान्नु। भक्तिले गरी पितृ कर्म गरने ठुला ति हुन् माननु ॥११४॥

यस्तो ज्ञान दिई सदा शिव पनि कैलास जाँदा भए। रानीमा त्यहि भक्ति बढ्न गईगो ज्ञानि ति राजा भए। त्रिकालै शिवको त पुजन गरी वस्दा हुदिमा त्याहाँ। चार पुत्रै तिनमा त जन्मन गए ति रानीका साथ्माहाँ ॥११५॥

चारै पुत्र त नाम राखीन गयो शिव स्वरुपी भनि। अग्नि ख्वाता र बर्हिषद अनित फेर काब्यै भनि नाम पनि। सुकाली भनि नामचार हुनगो चार पितृ देवै भए। औतार श्री शिवकै ति हुन् बुझ्नुहोस आदर गरीति रहे ॥११६॥

भन्छन् ब्रह्माजी फेरी नारदजीमा श्री शम्भुको रुप फेर। अवधुते स्वरको वतार हुनगो वृहस्पति ईन्द्र फेर। एक दिन ईन्द्रजीले भने सकलमा जाउँ न कैलासमाहाँ। गौरी शंकर को त दर्शन गरे आनन्द होला त्याहाँ ॥११७॥

येति वात गरी वृहस्पपित समेत् साथै लिए ईन्द्रले। आए भेट्न भनेर शंकर जीमा श्री शम्भुकै रुपले। थाहाँ भो शिवलाई इन्द्र अहिले आएछ भेट्नै भनि। अव धुतेश्वर रुप धारणा गरे श्री शम्भुले नै पनि ॥११८॥ (दोहा)

हेर्दा भयाङ्कर अति डरलाग्दो। सस्रास्र हातमै सव थोक लिएको। देखेर ईन्द्रै पनि छक्क पर्छन्। को हौ भनि सोधनी जाई गर्छन् ॥११९॥

भन्छन् धुतेश्वर शिव पार्वतीको। रक्षा गरी वस्छु सदा तिनैको। भन्छनत ईन्द्र ति वृहस्पतिले। कैलास जान्छौ अव हामी ऐले ॥१२०॥

रोकेर ईन्द्रै मत जान दिन्न। युद्धै परिगो त्यहि वात छिनमा। बज्रै अनर्थै कन त्यहि भैगो। ईन्द्रादिको शक्ति तुरुन्त गैगो ॥१२१॥

चिने गुरुले शिव हुन भनेर। पस्रेर पाउ शिवमा झुकेर। अवधुत अवतार शिवलेत धार्नु। ईन्द्रादिको सेखी सवैत हर्नु ॥१२२॥ (दोहा)

भन्छन् ब्रह्माजी जाई त्यस् वखतमा भिक्षुक वतारका शिव। विदर्भ पुरमाथिए नृप ठूला रुद्राक्ष धारी सव। यस्ता रुप सितले सदा तिनीरहे ति भुपति सादर। भोला संकरको सदा ति गरेथे प्रेमै ठुलो आदर ॥१२३॥

भक्तिले गरी प्रेमले सकलमा भीक्षादि दिन्थे त्याहाँ। सोहि रुप शिवले धरे त्यस घरी साथै गए तिन्माहाँ। वंमा देव भनि भिक्षा मागी शिवले दर वारमा ति गए। भक्तैथे तिनी सत्य जानी तिनले चिनेर दर्शन गरे ॥१२४॥

हे योगेश्वर शक्ति आदर लिने भक्ति सदा साथमा। दर्शन भो प्रभुको त भिक्षुक स्वरुप यहि त दर वारमा। भिक्षुक रुप शिवको त दर्शन मिल्यो खुशी भए भुपति। साक्षात् रुप शिवलेत दर्शन दिए आनन्द माने अति ॥१२५॥

सोहि औसरमा तथापि तिनको श्री शम्भुको नै कथा। सुरेश्वर अवतार भयो शिवजीको नासीन्छ शत्रु व्यथा। एक दिन धौम्य ऋषीकहाँ शिव गए माता थिईन् साथ्माहाँ। उपमन्यु भनि कुमार तिनका साथै रहन्थे वाहाँ ॥१२६॥

पत्नि धौम्य महर्षि की पनि थिईन् दरीद्र थेति अति। भोजन गर्न कठिनथ्यो तिनमाहाँ पुत्रादि मानै कति। आर्जन छैन कसो गरेर रहनु श्री शम्भु दर्शन भए। भक्तिले गरी पुजनादि शिवको दुःखादि भन्दै गए ॥२२७॥

भक्तिले गरी प्रेमले शिवजीको गर्दा हुदि पुजन। खुशी भै शिवले त दर्शन दिए ब्राह्मण स्वरुपले सुन। ब्राह्मणकै रुप यज्ञ गर्दछु भनि भन्छन् त तिनमा गई। लागे पुंजन गर्न मुर्ति शिवको ब्राह्मण समिपमा रई ॥१२८॥

जति चढ्दछ मुर्तिमा त्यसघरी आफै अगाडि सरि। खान्थे ती शिवले तथापि तिनको प्रशादि नै त्यो घरी। भण्डार ब्रह्मणको भरि हुन गयो खाए प्रशादि जब। ब्राह्मण छक्क परे उसै वखतमा देखेर भण्डार तव ॥१२९॥

सोहि औसरमा चिने शिव भनि सर्वेश्वर नामले। पुजा ति सवले गरे त्यस घरि खुशी भए प्रेमले। सर्वेश्वर शिवनाम पुजन गरे ऐश्वर्य होला त्याहाँ। धनले पूर्ण भएर मुक्ति मीलता आखिर कैलसमाहाँ ॥१३०॥

हे नारद तिमीलाई भन्दछु भनि श्री ब्रह्मा भन्छन् त्याहाँ। अर्को श्री शिवको वतार पनि फेर विस्तार गर्छु याहाँ। ब्रह्मा चारीत धर्म छन् सकलमा श्री शम्भु औतार हो। ब्रह्मचारी भनेर जान अवतार श्री शम्भुकै रुप हो ॥१३१॥

सिद्धादि सव नन्त्र मन्त्रहरुमा यज्ञादिमानै पनि। जानीलिनु प्रसिद्ध हो यो अवतार कर्मादि गर्दा भनि। ब्राह्मणवेद विशे रहेर जुन जन यज्ञादि गर्छन् भने। पाक्यै भोजनका समीप शिवमा सादर ग्रहण गर्दिने ॥१३२॥

सोहि धर्म र कर्मलाई शिवले रक्षा गरेरै सदा। वस्ने रुप शिवको त जान तिमीले हो ब्रह्म चरि सदा। सन्यास धर्म र ब्रह्मचारी अनि फेर हो वान प्रस्थी पनि। गृहाश्रम् यी त धर्म हुन् शिवजीमा नित्यै रहन्छन् यिनी ॥१३३॥

हिमालयकी पुत्री पार्वति जउन तप गर्नका खातिर। वाल्यकालमाहाँ गईन् शिव भनि जंगल विशे आखिर। सोहि औसरमा सदा शिव पनि नाच गान गर्थे जसै। गङ्गाका तटमा सदा डुली रहि नाटक स्वरुपले तसै ॥१३४॥

ईन्द्रादि सव देवताहरु पनि श्री शम्भुकै साथमाहाँ। हिड्थे त्यै रुपले तथापी तिनमा खुशी भई मन्माहाँ। नाचगान कीर्तनमा सदा शिव हिडे भन्दै ति द्यौताहरु। कैलास सुन्य भयो भनेर तिनले जम्मा भएफेर अरु ॥१३५॥ (दोहा)

हे शम्भु ऐले कन यो वतार। लिनु भयो नाटक औ वतार। कैलास खालिकन सुन्य भैगो। प्रभुविना तेजर शक्ति गैगो ॥१३६॥ (दोहा)

औतार प्रभुलेत अनेक धारी। दर्शन दिएथ्यौ कन हे मुरारी। श्री पार्वतीले तप गर्नलाई। यो रुप धारी कन हामीलाई। आदर दिनुहोस् प्रभुलेत ऐले। पाउपरि पुजन गर्छ जस्ले ॥१३७॥

भन्छन् नारदलाई ब्रह्माजी अनि संक्षेपले वर्णन । गर्नुहोस् अहिले सदा शिवजीको भक्ति र औतार कन। यस्ता वात सुनेर ब्रह्माजी अनि वृद्धै स्वरुप ब्राह्मण। औतार श्री शिवको भयो जुन घटि विस्तारले त्यो सुन ॥१३८॥

दर्शन पार्वतिमा दिए शिवजीले तपकै ठुलो तेजले। वरदान तिन् कन दिफीरे शिव अनि कैलासमा वेगले। सोहि औसरमा सदा शिवजीले वृद्ध स्वरुप ब्राह्मण। त्रिशुल साथकमण्डलुकन लिई जादा भएलौ सन ॥२३९॥

देखिथिन् तिनलाई पार्वतिजीले भिक्षुक स्वरुपका शिव। भिक्षा दिन भनेर मेनका पनि आईन् अगाडि तव। अन्न द्रव्यहरु लिएर तिनले भिक्षा म दिन्छु भनि। साधुका नगीचै लिएर तिनले आएकी थीन लौ अनि ॥१४०॥

छैन भिक्षा सवैत खाली हुनगो हाँसेति साधु त्याहाँ। लाजैले ति फीरीन् तथापि तिनले मागे अगाडि माहाँ। थिईन् पार्वति छेउमात तिनका दिनुहवोस् यी भनि। माग्दामा त चिनीन् ति पार्वति जीले श्री शम्भुनै हुन् भनि ॥१४१॥

(भजन)

सद्योजात रुपको शिव नामको। व्रह्माजीको अवतार दर्शन शिवको। शिव शरणम् ॥१॥

शिव रुप आठ भो वर्णन कल्पको। जानि लिए शिवमा दर्शन मिल्ने भो। शिवशरणम् ॥२॥

रक्त विज लिएर ब्रह्मा वसेथे। शिवजीले स्त्रीजातिको शक्ति दिएथे। शिव शरणम् ॥३॥

चार युग चार रुप शिव नामले। कीर्तन गाए शिवजीको चारै युगले। शिव शरणम् ॥४॥

चौकडिकै नामले शिव रहने। गायत्री र सावित्री साथ रहने। शिवशरणम् ॥५॥

शिव शिव जपेर येज्ञ गर्नेलाई । शिवजीका साथमा येज्ञ गर्नुजाई । शिवशरणम् ॥६॥

ब्राह्मण रक्षा गराए नाम रचेर। नन्दिस जन्म शिवजीको भयो गएर। शिव शरणम् ॥७॥

धर्म स्थापन गरेर दर्शन दिएर। शिव गए कैलासमा नन्दि लिएर। शिव शरणम् ॥८॥

भैरब रुपी शिव छन् सारा जनैको। प्राण आत्मा लिनु भो काल रुप भो। शिव शरणम् ॥९॥

शक्ति रुप शिव हुन् काल भैरब हुन । अनेक नाम यिनका छन् आदर गर्दछन्। शिवशरणम् ॥१०॥

शिवहर हर शिव हर हर। भैरब रुपी शिव हुन् जाई रक्षा गर। भजउ शिवलाई ॥११॥

गङ्गा कीनारमा शिव गङ्गा किनारमा। बाघको छाल नाघको माला सूर्य नीधारमा ॥ भजउ शिवलाई ॥१२॥

शिवहर हर शिव हर हर । कालीकाका साथमा भक्त रक्षा गर । भजउ शिवलाई ॥१३॥

विर भद्रकाली का वसुन साथमा। गायत्री छन् माथमा भक्त साथमा। भजउ शिवलाई ॥१४॥

नारायण नारायण शिव भनेर । ओमकार को नाम जपे ब्रह्माचिनेर । भजउ शिवलाई ॥१५॥

पतिव्रता स्त्रीजातिमा शक्ति रहने। ओमकार रुप नारायणै ब्रह्मा रहने। भजउ शिवलाई ॥१६॥

नम शिवाय नम शिवाय। हर हर भोले नम शिवाय। भजउ शिवलाई ॥१७॥

सारा लोक रचने शिव जपेर। महर्षिले कीर्तन गाए सारा मीलेर। शिव शरणम् ॥१८॥

गृहस्तीको धर्म रुप सृष्टि गरेर। अग्निस्वर शिव लिङ्ग नाम रचेर। शिव शरणम् ॥१९॥

यक्षरुप शिवको दानव साथैमा। तिनलोक दर्शन दिए दानव भक्तिमा। शिव शरणम् ॥२०॥

शिवजीको दश औतार दशै रुपको। नाम जपी कीर्तन गाए सिद्धि मिल्ने भो। शिवशरणम् ॥२१॥

एकादश रुद्रका नाम जपेर। यज्ञादिमा पुजा गर्नु भक्ति गरेर। शिवशरणम्॥२२॥

दुर्वासाको जन्म भो शिव औतार। शक्ति रुप संसारको वेद लिएर। शिव शरणम् ॥२३॥

कपिरुप शिव हन् शक्ति लिएर। राम राज्य नारायणमा रक्षा गरेर। शिव शरणम् ॥२४॥

महेश रुप दर्शनले खुशी गराए। कालीकाको शक्तिलिई रक्ष गराए। शिव शरणम् ॥२५॥

निलकण्ठ हुनुभो विश खाएर। पीडा दियो शिवमा विस गएर। शिव शरणम् ॥२६॥

नील कण्ठ प्रभुको शरण परुन। वाग्मतिमा गएर स्नान गरुन। शिवशरणम् ॥२७॥

वाग्मतीको जलले शान्ति भएर। निल कण्ठ प्रभुले औतार लिएर। शिव शरणम् ॥२८॥

पीपलाद औतार शिवरुपको । पिपलमानै वस्ने भो नारायणको । शिवशरणम् ।।२९।।

शनिदशा शान्ति गरुन पिपल पुजाले । नीलम धातु धारण गरे शनि मन्त्रले । शिवशरणम् ।।३०।।

शिवजीको औतार जन्म लिएर । मंगल कर्म रक्ष गर्ने शक्ति पाएर । शिव शरणम् ।।३१।।

नागकन्याका साथमा औतार लिएर । प्रचार गरे धर्म सास्र वेद पढेर । शिव शरणम् ।।३२।।

धर्म सास्र प्रचार गरी कर्म गराए । वेद नीति सास्राले सृष्टि वढाए । शिव शरणम् ।।३३।।

शिवजीको पनी नाम औतार भएर । साधु सन्त सृष्टि गरे मन्त्र दिएर । शिव शरणम् ।।३४।।

पीतृ धर्म स्थापना गरी पितृ रुपैमा । औतार भो शिवको पितृ धर्ममा । शिव शरणम् ।।३५।।

पीतृ साथभोले वावा शक्ति स्वधाहुन् । तिनै जाई पितृको रक्षा गर्दछन् । शिव शरणम् ।।३६।।

अवधुत अवतार शिवले धार्नुभो । ईन्द्रादिको सारा सेखी त्यहि हर्नुभो । शिव शरणम् ।।३७।।

भिक्षुक औतार शिवको दर्शन गरेर । साथरहे भुपति खुशी भएर । शिव शरणम् ।।३८।।

सुरेश्वर अवतारले धौम्य ऋषिको । शिव यज्ञ हुन गो भण्डार पुर्ण भो । शिव शरणम् ।।३९।।

ब्रह्माचारी रुपको औतार शिवको । धर्म स्थपन गराउने नारायणको । शिव शरणम् ॥४०॥

पार्वतिको तपले हिमालयै को । उद्धार भयो सारा जगत् शिव मय भो । शिव शरणम् ॥४१॥

नाटकको अवतार शिवलिएर । कैलास वासी भोले वावा खुशी भएर । शिव शरणम् ॥४२॥

ब्रह्म रुप धारेर भिक्षा मागेर । माताजीलाई छक्क पारे भिक्षा खाएर । शिव शरणम् ॥४३॥

शिवशक्ति रुपको दर्शन पाएथे । शिवरुप दर्शन गर्न त्यहि आएथे । शिव शरणम् ॥४४॥ ईति सत् रुद्रि सम्हीता समाप्तम् शुभम् ।

अथि शिव पुराण कोटि रुद्र संहिता प्रारम्भ : ।

पञ्चम खण्ड

भन्छन् ब्रह्माजी आई नरद जीमा सुनेर लेउ मुनी । अस्वस्थामा पनि भएछ अवतार श्री शम्भुको नै पनि । द्रोण चार्य जी कात पुत्र पनि हुन् विरमा ठुलाति अति । कौरब रक्षक भै सदा तिनी रहे नासे कति वीर ति ॥१॥

श्री कृष्णार्जुनका समीप तिनले भारी लडाई गरे । पाण्डवका सव सस्रहेरु तिनले ढाके सकस् मा परे । सोहि औसरमा सदा शिवजीको श्री कृष्णले नै पनि । शक्ति श्री शिवको लिएर तिनले सस्रै हटाए अनि ॥२॥

सोहि औसरमा सदा शीवजीको श्री कृष्णको रुप भो । कृष्ण रुप शिवजानी अर्जुनजीले आदर लिई वस्नुभो । भारी युद्ध भयो तथापी तिनको ति कौर वादि मरे । दुर्योधनकन सान्त पार्न शिवले आदर उनैको गरे ॥३॥

कल्कि रुप थियो तथापी तिनमा दुर्योधनैमा अनि । भुको भार उतार्न खातिरमाहाँ द्यौताहरुले पनि । लिएथे अवतार तथापी तिनमा उद्धार गर्नु भयो। धर्म स्थापन गर्नु भो शिवजीले दुष्ठादि सव मारियो ॥४॥

कोहि कालपछि सदा शीवजीले कैलास देखिन् पनि । हिड्नु भो शिवजी ति पार्वति जीमा डुल्नै म जान्छु भनि । यस्ता रीत् सितले हिडे शिव अनि कैलास देखिन् त्याहाँ । धेरै काल वित्यो तथापी तिनले डुल्दात संसार माहाँ ॥५॥

शक्ति रुप ति पार्वति पनि त्याहाँ श्री रुप धारि कन। डुल्दि पार्वति वन् विहार गरि हिड्दि थिईन् लौ सुन। कीरात् रुप शीव भै हिडे् त्यसघरी कीरातिनी पार्वति। डुल्दामा तिनको त भेट भईगो कीरात्की रातिनी ती ॥६॥

धेरै कालवित्यो तथापि तिनको वस्दात जंगलमाहाँ। भन्छिन् शक्ति स्वरुपीणी त्यस घरी श्री शम्भुकै साथ्माहाँ। कति दिन तथापि वस्नु अहिले जाउ पीता साथ भनि। विवाहै गरी वस्नु पर्दछ हजुर प्रेमै स्वरुपले अनि ॥७॥

यस्ता वात गरी हिडे ति दुई नै जाँदा पीता साथमा। हिमालय र मेनका सँग पुगे माता पिता साथमा। साक्षात् शक्ति स्वरुपीणी भगवती श्री पार्वतिमा त्याहाँ। आईछन् भनि जानी वक्सनु भयो श्री शम्भुले झट वाहाँ ॥८॥

यस्तो रुप धरेर पार्वति सहित् श्री शम्भु कैलास गए। कैलास वासी खुशी भए त्यस घरी आनन्द ताले रहे। कैलासमा शिवजी छदा सकलमा सारा शिव गणहरु। उत्सव पूर्वक वस्दछन् सकलले सिद्ध महर्षिहरु ॥९॥

भन्छन् ब्रह्माजी त्यहि फेरी तिनमा घुम्दा वीते दिन कति । पाण्डवहेरु पनि थिए ति अति विर अर्जुनजीमा धेर अति। घुम्दामा शिव का नगीच पुगीफेर अर्जुन्जी भन्छन् वाहाँ। को हौ तिमी वताउ जंगलमाहाँ आएर बस्छौ कहाँ ॥१०॥

यस्ता वात सुनेर अर्जुन जीले हाँसेर भन्छन् जव। मेरो साथमा हात युद्ध गरनै सक्छौ कसोरी अव। गाण्डिप नाम धनुष धारि बुझिल्यौ मै अर्जुनै हु भनि। अर्जुनमा सँग युद्ध गर्न अहिले कुन विर सक्लापनि ॥११॥

यस्तैमा ती दुवै खड भई गए गर्छु लडाई अव। भारी युद्ध भयो परस्पर भीडे शक्तिलिई वैभव। जुन् सस्त्रै यदि अर्जुनै त्यसघरी चलाउथे वाणँ गई। पाउमा परी दण्डवत् गरी सदा फर्के ति वाँणै उहि ॥१२॥

यैरुपले गरी वाँण सदा विशजीमा हान्दाति सम्भुकन। पर्दा पाउमाहाँ अचम्म भईगो अर्जन वसे क्वै क्षण। शम्भुले पनि हान्नुभो त्यसघरी वाँणादि ठोक्रै माहाँ। अर्जुनका सँगमा गएर पसिगो ठोक्रादिकै साथ्माहाँ ॥१३॥

चिने अर्जुनले सदा शिव भनि श्री शम्भुलाई अनि। पाउमा परि डण्डवत् गरी लिए जानीन मैले भनि। नाग सस्त्रै र ब्रह्म अस्त्र शिवको सस्त्रैत दिनु भयो। नारायणसँगमा रहेर तिमीले भुवार हर्नै छ यो ॥१४॥

दिए शक्ति ति अर्जुनै कन पनि वरदान दिए थे जसै। शक्ति पाई ति अर्जुनै पनि त्याहाँ आए सभामा तसै। पाण्डवका सवजन खुशी हुन गए श्री शम्भु वरदानभई। शिव अस्त्रहरु मिले त्यसघरी आनन्दताले रहि ॥१५॥

पाण्डवका सँगमात अर्जुन गए पञ्चाक्षरी मन्त्रले। भक्तिले गरी प्रार्थना गरी लिए श्री शम्भुकै प्रेमले ।। धर्मै रुप भएर धर्म सुतका युधिष्ठरैले अनि। गाए कीर्तनता सदा शिवजीको खुशी गराउ भनि ॥१६॥

सोहि औसरमात व्यास मुनीता आएर भेटे जसै। आदर व्यासजीले दिए त्यस घरी पाण्डवहरुमा तसै। सोहि औसरमात पाण्डवहरु नदि कीनारा माहाँ। डुल्दैथे तिनी अर्जुनै त्यस घरी दैत्ये थियो एक त्याहाँ ॥१७॥

कीरात् रुप हुदा सदा शिवजीमा त्यो दैत्ये जान्थ्यो अनि। दर्शन श्री शीवको गरेर रहँदा शक्ति मीलेको पनि। मुषक नाम गरेर दैत्य तिनमा आएर घेरा दियो। नारायण रुपसस्र त्यसकन थियो सोहि चलाई लियो ॥१८॥

शक्तिले गरी अस्र रोकि तिनले बाँणदि वर्षा गरे। अर्जुनका सववाँण देखि तिनले जाई शरणमा परे। शिव भक्ति दुवै थिए त्यसघरी ज्ञानै प्रभुले दिई। सान्ति पारी लिए तथापि तिनमा भक्त उपरमा गई ॥१९॥

यस्ता वात सुनेर सौनक अनि नारद जीका साथ्माहाँ। भोलानाथ चरित्र शुन्न अहिले ईच्छा भयोमन माहाँ। पाण्डवहेरु पनि सवै त्यसघरी आदर गरी शम्भुको। सारा जंगलमा र गाउँ विचमा डुल्दा भए धर्मको ॥२०॥

सोहि औसरमा त भिल्व पनि एक भेटेर जंगल माहाँ। भन्छन् अर्जुन भिल्व राज तिमीता आयौ कसोरी याहाँ। एक्लै कुन रुपले सदा तिनी गई यो घोर जंगल भरी। डुल्दै छौ तिमीता तथापि यसमा कस्कोत आदर गरी ॥२१॥

यस्ता वात सुनेर अर्जुन जीका ति भि़ल्व भन्छन् त्याहाँ। तिनलोक चौध भुवन् का मालीकलीई घुम्छु म संसारमाहाँ। सुन्दामा तिनको त वात पनि फेर अर्जुन जी भन्छन् अनि। तिम्रा साथमाहालडाई गरनै आएँ म याहाँ भनि ॥२२॥

भिल्वै हाँसी ति भन्दछन् त्यसघरी अर्जुन् जी सेखी गरी। बोल्छौ व्यार्थ महाँ तथापी तिनमा वाँणै लिएका घरी। मार्नेछु तिमीलाई आज मईले गर्छौ भने युद्धता। शक्ति रुप शिव तुल्य हो भनि बुझे अर्जुन तिमीले उता ॥२३॥

यस्ता वात सुनेर अर्जुनजीले ति भिल्वलाई अनि। हे भिल्व अहिले तथापि तिमीले आफै महाँ देव बनी। ठुला पारी लियौ तथापि तिमीले तिम्रात सेखीहरु। नासी भिल्व वनाई दिन्छु मईले जो छनत तिम्रा अरु ॥२४॥

यस्ता वात सुनेर अर्जुन पनि सारै रीसाई गए। भन्छन् अर्जुन हेर आज तिमीले
भन्दै त सस्त्रै लिए। हाने वाँण उठाई अर्जुनजीले भील्वै म मार्छु भनि। सूर्यैका
सरि तेज वाँण गईगो ती भिल्व मार्नै पनि ॥२५॥

हान हान गरे तथापि तिनमा ठुलो लडाई भयो। द्यौताहेरु पनि थिए त्यसघरी
हाँसो ठूलो सुनियो। सारा सिद्ध महर्षिहेरु सवता आकाश मार्गै गरी। आए
हेर्न भनि त्यसै वखतमा युद्धै त ठुलो परि ॥२६॥

शम्भूकै यदि भक्ति अर्जुन जी हुन् नारायणै रुप हो। सोहि रुप सीतको लडाई
हुनगो हेर्नेत मन शुभ भयो। सारा देव हरु मिली स्तुति गरे हे शम्भु नारायण।
द्रोहै गर्न कदापी हुन्न प्रभुले दिनुहवोस् दर्शन ॥२७॥

यस्ता वात गरी पितामहजीले नारदजीका साथ्माहाँ। ज्योतिर्लिङ्ग त वार
छन् शिवजीका भन्ने बुझ्फे मन्माहाँ। सौराष्ठ माहाँ सोमनाथ प्रभुछन् श्री
शम्भुकै रुपमा। मल्लीका र्जुन सैलपुर रहने भक्त उपर प्रेममा ॥२८॥

उज्जनीय थलै महाँ प्रभुत छन् महाँ काल्नाम ईश्वर। ओम् कारेस्वरमा प्रभु
हुन् गए शक्ति अमरे स्वर। हिमालयमहाँ केदार हुनुभो डाकीनी क्षेत्रै माहाँ।
भीमा शंकर काँसीमा हुन गए श्री विश्वनाथै त्याहाँ ॥२९॥

मृत्युञ्जय महाँ त त्र्याम्बक वने चिता भुमीमा अनि। वैद्यनाथ भनि जानि
लेउ अवतार श्री शम्भुको हो भनि। दारुक वनमाहाँत नागशिवको नाघेस
लिङ्गै भयो। रामेश्वर सेतु वन्धमाहुन गयो घेस्मेश्वरै भै गयो ॥३०॥

पर्वत् गुफामा सदा शिव रहे घुस्मेश्वरै नामले। ज्योतिर्लिङ्ग त वार दर्शन
गरुन् सत भक्ति सत प्रमेले। जस्ले यी शिव रुप पाठ गर्लान् शुन्छन् र पढ्छन्
भने। ऐश्वर्यै सीत आयु वढ्छ तिनको भक्ति गरे मन छुने ॥३१॥

भन्छन् ब्रह्माजी नारददीहरुमा लिङ्गादि कोटी छन्। पाताल स्वर्ग र मर्त्यमा शिवजीका लिङ्गादिको दर्शन। मानिस्मा पनि पापहेरु क्रमले धेरै थरी छन् याहाँ। आदि शक्ति भवानी कै हुन गयो अध्यात्म पापैमाहाँ ॥३२॥

आतताई गरेर पाप गरने ठुला ती पापी जन। दर्शन श्री शिवलिङ्ग को गरी लिए पापादि छुट्छन् सुन। ओमकारेश्वर सोमनाथ शिवरुप केदार नाथै पनि। महाँ देव भीम शंकरै हुन गए श्री विश्वनाथै अनि ॥३३॥

नाघेस त्र्याम्वक वैद्य नाथ शिवको लिङ्गादि हेरुमाहाँ। रामेश्वर शिवलिङ्ग दर्शन गरुन शक्ति स्वरुपी माहाँ। घुस्मेश्वर शिवलिङ्ग जान्नु तिनमा श्री मल्ली कार्जुन पनि। वारौ श्री शीवले चराचर जगत् रक्षा गरेको भनि ॥३४॥

जस्ले श्री शिवलिङ्ग नाम क्रमले पाठ गर्दछन् जो याहाँ। महा पातक पाप जान्छ तिनमा भक्ति गरेका माहाँ। तिन्कै आदरले तथापि शिवजी लिङ्गादि धेरै छन्। साक्षात रुप शिवलिङ्ग हो शिवजीको दर्शन गरेमा तीन ॥३५॥

काँसी क्षेत्रमाहाँ प्रसिद्ध नगरी गङ्गाजी को तिर माहाँ। शक्ति रुप शिवको ठूलो छ महिमा तिर्थादिहेरु माहाँ। धेरैछन् शिवका प्रसिद्ध स्थल औ श्री कृति बासेश्वर। भण्डारे स्वर हुन् त वाल्यरुपका येज्ञै त दामोदर ॥३६॥

नाघेश्वर भनि कौसीकेश्वर भए लिङ्गादि नाना थरी। सिद्धेश्वर सवकार्य सिद्धिहरुमा पापादिका हुन् अरि। पुण्यै तिर्थहरुमा त काँसी स्थल हो पर्वादिमानै पनि। गङ्गाको तट हो प्रसिद्ध बुझ्नु मुक्ति दिने मा पनि ॥३७॥

पृथ्वीमा जति छन् सदा शिवजीका लिङ्गै अनेकान् थरी। शक्तिरुप शिवजानि लेउ जनले भक्ति उनैको गरी। काँसी बास सदा गरेर रहनु पुण्यै छ ठूलो भनि। मुक्ति खातिरमा सदा शिव रहे मुक्ति स्वरुपी वनि ॥३८॥

रामेश्वर महाँ प्रसिद्ध शिवको औतार रामेश्वर। महाँपुण्य फलै छ दर्शन गरे सम्भो महाँ ईश्वर। विमलेश्वर अनि कण्टेश्वर भए चन्द्रेस्वरै छन् त्याहाँ। विल्वेश्वर शिव सिद्धेश्वर शिवजीका रुपै अनेकान् त्याहाँ ॥३९॥

भुक्ती मुक्ति दुवैत मिल्छ तिनमा दर्शन गरेका घरी। भक्तिले गरी पुजनादि गरनु संकष्ठ जान्छन् टरी। शक्ति रुप शिवका अनेक थरिका लिङ्गादि त्याहाँ छन्। भक्तै खातिरमा तथापि शिव छन् गर्नु तिनै पुजन ॥४०॥

भन्छन् तिनकन ब्रह्माजाई पहिले श्री चित्र कुटमा पनि। गजेन्द्रेश्वर नाम लिङ्ग शिवको प्रख्यात् छ त्याहाँ भनि। तिनकै दक्षीण भागमा अति ठूलो अत्रिस्वरै नामको। दर्शनले सय वर्ष तप गरीएको फल् तेसले नै दियो ॥४१॥

यस्ता वात सुनी ति नारद पनि पीतामहै साथमा। आदर पूर्वक भन्दछन् शिवजीको विस्तरा गर्नोस् ममा। अनुसुयाभनेर नाम तिनको अत्रि स्त्रीजाती थिईन्। धेरै काल् तिनले तपै गरी लिईन् वरदान तिनैले लीईन् ॥४२॥

हे सम्भभो करुणा नीद्धे पशुपति नामै गजीन्द्रेश्वर। भक्ति खातिरमात दर्शन दिने साक्षात् प्रभो ईश्वर। यस्तै रीत् सितले अनेक थरी त्याहाँ स्तुति गरी प्रेमले। दर्शन श्री शिवको मिल्यो त्यस घरी पुजा गरीन् भक्तिले ॥४३॥

तिनकै साथमहाँ तपस्वि प्रभुको भक्ति गरि सर्वदा। अनुसुया सँगै प्रकट हुन गईन् कन्या रुपी नर्मदा। गङ्गाथिन् तिनीता प्रकट हुन गईन् आएर दर्शन दिई। भक्ति श्री शिवको गराई तिनमावरदान तिनैमा दिई ॥४४॥

प्रेमैले गरी सत्य जानी तिनले गङ्गाजीको दर्शन। पाई तिन्कन भन्दथीन् त्यस घरी गङ्गे अहिले सुन। भक्तै खातिरमा सदा तिनी रहे सम्पूर्ण पापै पनि। नासी तिनकन भक्तिको गरी लिए रक्षा तिमीले भनी ॥४५॥

यस्ता वात गरि सकि तिनी रहिन गङ्गाजीकै साथमा। नामै पुण्यवति भयो
त्यस घरी प्रेमै भयो सम्भुमा। चन्द्रभागा भनेर नाम तिनको गङ्गाजीकै
नामले। पृथीविमा तिनले त दर्शन दिईन पुज्यै रहि प्रेमले ॥४६॥

भन्छन् ब्रह्माजीफेरी तिनकन माहाँ कालाञ्जरै क्षेत्रमा। नीलकण्ठ स्वरुप
लिङ्ग शिवको उत्पत्ति भैगो त्याहाँ। रेवन्ते नदिका तटै उपरमा ज्योति स्वरुप
लिङ्गको। शक्तिले गरी त्यो खडा हुन गयो शम्भु भोला नाथको ॥४७॥

तेसका उत्तर भागमा त दुईटा श्री शिवलिङ्गै छन्। अर्घेश्वर अनि सिंहकै
स्वर भयो नामैअरु धेरछन्। कुमारेश्वर पुण्डरीक प्रभुको सर्मेस नामै भयो।
मण्डलेश्वर नामलिङ्ग शिवको नदि किनारमा रह्यो ॥४८॥

धुन्धेश्वर भनि नाम रह्यो शिवजीको दोस्रो कपीलेश्वर। सोमेश्वर कुभलेश्वरै
हुन गए श्री शम्भोकुम्भेश्वर। कपीलेश्वरमा त विर हनुमान भक्ति गरी
वस्दछन्। शक्ति खातिरमा तथापि तिनले पुजा गरी राख्दछन् ॥४९॥

यस्ता रुप सितले सदा शिवजीका लिङ्गादि छन् तिर्थमा। शिवलिङ्ग नभैत
तिर्थन हुने शक्ति विनाको त्याहाँ। यज्ञादि हरुमा पनि शिवजीको अधारनै ले
गरी। सिद्धै हुन्छ तथापि यज्ञ जनको यज्ञादि नाना गरी ॥५०॥

सोहि औसरमा तथापि हनुमान् साथमा त एक ब्राह्मण। वस्थे तिनकन भक्ति
राखी शिवमा आईन् त गौरक्षण। वाछोले सहितै थिईन् तिनी त्याहाँ माता
ति गौले भनि। भन्छीनहे हनुमान तथापि तिमीले उद्धार गराए भनि ॥५१॥

भक्तै खातिर ईन्द्रीयै विच गई आदर गरी प्रेमको। मेरो पुत्रको रक्षा गर्दिनुहवोस्
शक्तिलिई रुद्रको। यस्ता वात सुनेर वीर हनुमान भन्छन् तिनीमा जसै।
माताकै रुप धार्नुपर्छ तिमीले भन्ने बुझाए तसै ॥५२॥

मातृरुप धरि सदा सिवजीमा जाई शरण पर्नुहोस्। अग्नि रुप शिवको लिएर अहिले खल्वल् सवै पार्नुहोस्। अग्नि रुप धरि सदा शिवजीले सार डढाई दिनन्। नासै हुन्छ तथापि पापी जनको पापै पखाली लिनन् ।।५३।।

यस्ता वात हनुमान जीका सुनी सकि गौमाता भन्छिन् अनि। राम्री सुन्दरी रुप धारि तिनका आईन् नगीचै पनि। सोहि रुद्र स्वरुप दिए शिवजीले अग्नि स्वरुपको जसै। पापीनष्ठ भए सवै मारि गए काँप्ताधरा पो तसै ।।५४।।

पृथ्वीका सव पापीनासी तिनले गङ्गा कीनारमा गई। वाछाले सहितै लिए शिवजीले शुद्धै गराई दिई। नर्मदेश्वर लिङ्ग स्थापना भयो नदि कीनारै माहाँ। नर्मदा भनि नाम चल्यो जगतमा गङ्गाजी को नै त्याहाँ ।।५५।।

भन्नुभो शिवले तथापि तिनमा गौमाता पृथ्वी थिईन्। पृथीविको सव भार उतारी प्रभुले आनन्दताले रहिन्। हिस्सा भारी कुकर्मि मात सवथोक गौ ब्राह्मणै को वध। रुद्रैरुप भई त्यसैबखत मा नासै हुने हो तव ।।५६।।

तिनको साथमहाँ गया शिवजीको लिङ्गैं प्रकट भै गयो। उद्धार पीतृहरु सवै गरिलिए पुण्यै स्थलै भै गयो। गयासुर गए त्यसै स्थलमाहाँ ठुलो तपस्या गरे। सारा देवहरू गए त्यस घरी उद्धार गर्दा भए ।।५७।।

पाई दर्शन देवता सकलको यज्ञादिकै खातिर। गयासुर जीले दिए तिनमाहाँ स्थुल रुपकै शरिर। सोहि यज्ञ विशे ति विष्णु भगवान आएर दर्शन दिए। मुक्ति दि ती गया सुरै पनि गए सम्पूर्ण खुशी भए ।।५८।।

भन्छन् नारद ब्रह्मालाई अहिले तीर्थादिहेरु माहाँ। कुन तिर्थ कुन नामले तिनीरहे श्री रुद्रकै रुपमाहाँ । यस्ता वात सुनेर नादरजीका ब्रह्माजीले नै अनि। भन्नुभो शिवको अपार महिमा विस्तार गर्छु भनि ।।५९।।

गोकर्ण तिर्थ वर्णन् अध्याय ८।९।१० अध्यया मा छ

नर्मदा नदि देखि पश्चिम महाँ गोकर्ण तिर्थै छ यो। गोकर्णेश्वर तिर्थ हुन्
शिवजीको हो रुद्र कै रुप यो। ज्योतिर्लिङ्ग सदा शिवै निकटमा श्री वाग्मति
वग्दछिन्। नारायण शिवरुप धारी प्रभुले श्री शक्ति स्वधा भईन् ॥६०॥

मृगै रुप शिव जानी आदर दिई भक्तैहरुमा पनि। वस्छन् श्री शिवजी
तथापि तिनमा उद्धार गरौला भनि। नारायण शिव भै रहे त्यसघरी श्री रुद्रकै
शक्तिले। पितृ खातिर मोक्ष गर्न शिवले त्यो रुप धार्दा भए ॥६१॥

गोकर्णेश्वरमा सवै ऋषीहरु गन्धर्व आए त्याहाँ। दानवहेरु पनि सवै
किसिमले आए प्रभुछन् जहाँ। गङ्गामा पनि ता कनिष्ठ यीत हुन् आईन् र
सिँहै माहाँ। स्नानै रुद्रजीलाई गर्न तिनले वग्दी भईन् झट त्याहाँ ॥६२॥

गङ्गा आदर ले गरी शिव रहे औतार नाना थरी। पितृ श्राद्ध र भक्ति प्रेम
वसमा वस्दा भए राम्ररी। पितृ भक्ति ठुलो छ आदर दिने ऐश्वर्य वृद्धि हुने।
गाकर्णेश्वर को त दर्शन गरे मुक्ति समेत पाईने ॥६३॥

शक्ति रुप शिवको अपार महिमा गर्दा हुदि वर्णन। मुक्ति खातिरमा सवै
किसिमको श्री रुद्र दिन्छन् सुन। महाँ पातक ब्राह्मणै कुलमाहाँ एक
धुन्धुकारी थियो। नारायण प्रभुको अपार महिमा सम्पूर्ण विस्तार भयो ॥६४॥

रुद्रै रुप शिवले त दर्शन दिए गोकर्ण तिर्थै माहाँ। प्रेतै योनी थियो छुट्यो
त्यसघरी मुक्ति हुने भो त्याहाँ। कन्याएक थिईनत सुद्ररुपकी वेश्या हुनाले
गरी। धेरैकाल विताई तिन्कन रहिन् श्री सम्भुकै ध्यान गरी ॥६५॥

चण्डालै सँग भोग गरी तिनी रहिन् चाण्डाल्नी नामै भयो। गोकर्ण कनतिर्थआई
तिनको देहान्त हुदो भयो। साक्षात् रुद्र स्वरुप शक्ति मिलिगो चाण्डाल्नी होता
पनि। मुक्ति भै तिनीता गईन शिव महाँ कैलासमा नै तिनी ॥६६॥

पैलाकै युगको चरित्र अरु फेर भन्दा भएथे जसै। ईक्ष्वाकु भनि वंस एक नृपको थियो प्रतापि तसै। राजा धार्मिक थे तिमी त्रसह हो नामैत तिनको अनि। ब्राह्मण भोजन नित्य त्यो तिनीमाहाँ खान्थे महर्षि पनि ॥६७॥

बोकाको यदि माछा मांशहरु त्यो खाँदा खुशी भै अति। राजामा अति प्रेम त्यसघरी महाँ महर्षिहेरु जति। भान्सेथ्यो तिनमात राज् महलको ब्राह्मणहुनाले गरी। टीकादक्षीणाको पनि चलनथ्यो दरवारमा त्येसघरी ॥६८॥

टिकादक्षीणामा पुगेन नृपको भान्से ति ब्राह्मण माहाँ। टिकालाई दिए तथापि नृपले द्रब्यै दिएनन् त्याहाँ। मानिसको ल्याई हाली मांश तिनले पकाई दिए जव। भोजन खान भनि वसिष्ठ गुरुले आएर खाए तव ॥६९॥

मानिसको यदि मासु जानी तिनले तिभुपतिमा अनि। दिन्थौ भोजन हामीहरु सवमा खान्थौ खुशीले पनि। मानिसको गरी मांश भोजन दियौ राक्षस मिमी हौ अव। दिए भुपतिमा सराप तिनले वारै त वर्षै तक ॥७०॥

सोहि कर्म विशे तथापि तिनीता राक्षस भएरै त्याहाँ। घुम्थे वनहरुमा तथापि ति पुगे गोकर्ण तिर्थै माहाँ। वारौ वर्ष समाप्त भो त्यस घरी गोकर्णको दर्शन। गर्दा शुद्ध भए पछि नृपतिमा श्रापादि गै गो सुन ॥७१॥

कागेश्वर महिमा

चन्द्रभाल स्वरुप सदा विशजीको महात्म्य ठुलो छ को। भक्तिले गरी दर्शनै गरी लिए पन्छी स्वरुप रुप को। दुष्ठ स्वप्नहरु र पंक्षिहरुको दुष्कर्म देखे पनि। कागेश्वर भनि नाम चल्यो जगतमा लिङ्गैं शिवैको भनि ॥७२॥

एक दिनता तिनमा थिए ऋषीठुला मीस्रै भनि नामका। आए भेट्न भनेर ता तिनी उपर नामै दधीची उता। आउनुभो यमराज धर्म रुपको औतार धारि कन। ज्योर्तिलिङ्ग खडा भयो शिवजीको महर्षि हरु सुन ॥७३॥

सुवर्णै रुपको बनाई यम दुत स्थापना गराए त्याहाँ। धर्मै रुप शिवलिङ्ग स्थापन गरे खुशी भई मन माहाँ। सोहि रुप शिवमा अपार हुनगो नाम चन्द्र भालै भयो। दर्शनश्री शिवलिङ्ग को गरी लिए सव कार्य सिद्धि भयो ॥७४॥

भन्छन् पार्वतिमा सदाशिव अनि हे देवी तिम्रा सरी। शक्ति रुप शिवलिङ्ग दर्शन गरुन तिम्रा सहितै गरी। अवधुत दिगम्वरै छ जगमा योनी सहितै हुदा। शक्ति रुप शिवलिङ्ग जान्नु सबले दर्शन गरुन् सर्वदा ॥७५॥

मंगल आदिर यज्ञ कर्महरुमा गृहस्तीमा छन् शिव। पति व्रता स्त्रीजातिमा तिनी रहे वेदादिमा छन् शिव। ब्रह्मा विष्णु महेश आदि सवको मन्त्रादिले ध्यानले। भक्तिले गरी पुजनादि गरनु वेदादिकै मन्त्रले ॥७६॥

लिङ्गै हो शिवको अपार महिमा सम्पूर्ण ले पुजने। गङ्गा साथ लिई सदा शिव रहे स्नानै गरी पुजीने। ब्रह्मा विष्णु महेश आदि शिव रुप लिङ्गैत कोटिन् छन्। कोटि रुप शिवका अपार बुझ्नु गर्नु तिनै दर्शन ॥७७॥

भन्छन् ती सुत नामका मुनी त्याहाँ सौनक सुनील्यौ भनि। शक्ति रुप शिवको त लिङ्ग पनी फेर विस्तार गर्छु अनि। अन्धक नाम भनेर दानवठुला भुमण्डलैमा थिए। औतार श्री शिवको तिनै सँग भयो सत् भक्तिमा ति रहे ॥७८॥

थिए एक शिव भक्ति शक्ति रुपको श्री विश्वकर्मा पनि। प्रेमै पूर्वकले स्तुति गरीलिए खुशी गराउ भनि। विश्वकर्माजीलेत तिनरुपको दायाँ र वायाँ माहाँ। ब्रह्मा विष्णु स्वरुप धारणा गरी त्रिशुल वनाए त्याहाँ ॥७९॥

शक्ति रुप शिवको अपार हुनगो मद्यादिकै भागले। मध्य भाग शिवरुप अपार छ ठुलो लिए अति प्रेमले। त्रिशुल श्री शीवले लिए खुशीभई अन्धक पनि खुश भए। अन्धकलाई दिए सदा शिवजीले एक लिङ्ग ता प्रेमले ॥८०॥

सोहि रुप शिव नाम ता हुन गयो श्री अन्धकेश्वर भनि। अन्धकेश्वर शिव रुप हुनगो पुज्यै जगत्मा भनि। खुशी भै कनता सदासिवरहे त्रिसुल हातमा लिई। भक्तै खातिरमा सदा शिव रहे भक्ति सहित् प्रेम दिई ॥८१॥

भन्छन् ति सुतजी ति सौनकजीमा ति दक्ष कन्याहरु। आश्विनी अनि रोहिणी र तिनमा श्री चन्द्र भागा अरु। दिए तिनकन चन्द्रलाई सवती तिनकै त आदर गरी। रोहिणी तिनमात श्रेष्ठ भईथिन् पत्नि अति राम्ररी ॥८२॥

सोहि औसरमा ति अत्रि मुनीले वृहस्पतिमा पनि। तारालाई दिनु हवोस् भनि दिए आदर तिनैले अनि। तारा रुप वति थिईन् ति सवमा श्री चन्द्र कै साथमाहाँ। प्रेमै धेर थियो तथापी तिनको वोली वचन भावमा ॥८३॥

त्यो देखिकनता वृहस्पति जीले श्री रोहिणीमा गई। प्रेमै खातिर भोग गर्ने मन सुव रात्री वीशे नै रहि। धेरै दिन तिनमा वृहस्पति रहे श्री रोहिणीमा जसै। चन्द्रैले पनि जानी त्यस वखतमा् आदर गरे यो तसै ॥८४॥

ताराकासँगमा वसे तिनीगई श्री चन्द्रमा जी पनि। तारा गर्भवति भईन् त्यस घरी खल वल परिगो अनि। द्यौता सिद्ध महर्षिहेरु तिनले जम्मा भएथे जव। ठूलो युद्ध भयो परस्पर भीडे श्री शम्भु आए तव ॥८५॥

तारा साथमहाँ गएर शिवले सोधि लिनु भो जसै। कस्को गर्भ रह्यो वताउ तिमीले ताराजी यो वात तसै। लज्जैमा परि भन्दछीन् त्यसघरी श्री चन्द्रमाको भनि। तारालाई दिए सदा शिवजीले श्री चन्द्रलाई अनि ॥८६॥

रोहिणी खुशीभै सदा शिवजीको भक्ति मनैमा धरी। लिङ्गै एक दिए सदा शिवजीले आदर गरी राम्ररी। तारालाई लिएर चान्द्र पनि ता आए अगाडि माहाँ। देखि एक शिवलिङ्ग तिन कन रहे रोहिणी साथै माहाँ ॥८७॥

सोहि औसरमात पुत्र पनि एक पैदा भयो शक्तिको। शक्ति रुप शिवलिङ्ग
साथ रहिगो श्री चन्द्रमा हातको। ज्योतिर्लिङ्ग भयो सदा शिवजीको श्री
सोमनाथ नाम रह्यो। सोमनाथ शिवलिङ्ग रुप शीवको शक्ति स्वरुपको छ
यो ॥८८॥

भन्छन् नारदमा पितामहजीले सुनेर लेउ भनि। ताराको पनि गर्भ पुर्ण भईगो
जन्मेछ पुत्रै अनि। खुशी भै कनता वृहस्पती गए पुत्र अति सुन्दर। तिम्री
पत्नि गराई दे शिवजीले पुत्रै म लिन्छु तर ॥८९॥

आफ्नो पुत्र भनेर चन्द्र पनिता आए अगाडि माहाँ। द्यौताहेरु पनि त्यसै
वखतमा जम्मा भए झट् त्याहाँ। चन्द्रै पुत्र भनि त्यसै बखतमा सव देवताले
पनि। चन्द्रैलाई दिए तथापि तिनले नाम बुध राखे अनि ॥९०॥

लज्जीत भैति वृहस्पति पनि फीरे खुशी भए चन्द्रमा। शक्ति रुप शिवलिङ्गता
त्यहि थियो श्री बुध कै नाममा। वरुण शक्ति लिएर जन्मन गए जलशक्तिले
नै गरी। वरुणेश्वर शिवलिङ्ग नाम तिनको बुधले धरे राम्ररी ॥९१॥

जस्ले श्री शिवलिङ्ग जल स्वरुपको श्री नाग शक्ति लिई। नागै धारणा
गर्दिए शिवजीले माला धरी साथदिई। नागको माला धरि सदा शिव रहे
सव देवताले त्याहाँ। सङ्ख ढोल मृदङ्ग आदि नगरा वज्दा भएथे वाँहाँ ॥९२॥

पुस्प वृष्टि भयो ति देवहरुमा स्वर्गादि देखिन जसै। नागादि जति छन्
त देवहरुमा जादा भए सव् तसै। वरुणेश्वरलेत धारणा गरे जलमा वसे
नागता। कालीशक्ति स्वरुपीणी भई वसीन् खुशी भए देवता ॥९३॥

भन्नुभो सुतले त सौनक जीमा श्री मल्लीकार जुन् भनि। उत्पत्ति शिवकोत
लिङ्ग पनि हो ज्योति स्वरुपको अनि। ज्योति रुप शिवलिङ्ग धारणा गरे
पर्वत् उपरमा गई। इन्द्रादि सवले त पुजन गरे श्री शम्भुको तेज रहि ॥९४॥

अवन्तीपुर नामको नगरमा वस्थे त्याहाँ क्वै जन। ब्रह्मणहेरु भएर प्रेम महिमा गाई रहन्थे सुन। अवन्तिपुरमात दैत्य पतिले रा जगर्दथे जो त्याहाँ। वैदिक धर्म सवै हटाई तिनले दुखीत् गराए वाँहाँ ॥९५॥

दुःखी ब्राह्मण ता सदा शिवजीको गर्दा भए चिन्तन। तिनका साथ थियो सदा विशजीको एक लिङ्ग साथै सुन। सोहि लिङ्ग उपर प्रकट हुनुभयो श्री शम्भु आफै अनि। कालरुपी शिवले त नासी तिनको रक्षा गराए पनि ॥९६॥

महाकाले स्वर नाम लिङ्ग शिवको स्थापन भएथ्यो जसै। पुजा ब्राह्मणले गरे खुशी भई प्रख्यात भै गो तसै। जस्ले पुजन गर्छ भक्ति रसले महाँ काल लिङ्गै माहाँ। आयुवृद्धि भएर जान्छ तिनको भक्ति गरेका माहाँ ॥९७॥

भन्छन् ति सुत जीत सौनक जीमा काल रुप हो सम्भुको। थियो एक आसध्य उज्ज नगरी देख्दैमाहाँ प्रेमको। चन्द्रसेन भनेर राज्य गरने एक भुपति थे त्याहाँ। तेस्मा रक्षकता थिए शिव गणै बस्थे ति राजामहाँ ॥९८॥

गङ्गामा गई नित्य स्नान गरथे ति भुपति लौ त्याहाँ। पाए एक मणीता असाध्य तिनले सूर्यै सरिको वाहाँ। राजाले पनि त्यो मणी लिई गए दरवारमा त्यसघरि। हल्लाभो तिनको सवै जगतमा आएर तिनका अरि ॥९९॥

युद्धै भारी गरेर दुष्ट जनले ती भुपलाई पनि। हप्काई तईले ठगीकन याँहाँ त्याइस् मणि यो भनि। राजामा पनि वल बढ्यो त्यसघरी माकाल दर्शन गरी। आए लडछु भनेर भुपति स्वयम् आदर शिवैको गरी ॥१००॥

ईन्द्रैले पनि तेसमणी देखि लिए लिन्छु म आफै भनि। तागत् कत्ति चलेन ति कन पनि लड्दा हुदिमा पनि। माकाले स्वर शीवलिङ्ग तिनको साथै हुनाले गरी। सारा शत्रुहरु जीते ति नृपले ईन्द्रादि सारा अरि ॥१०१॥

भन्छन् ब्राह्मजी आई नारद जीमा श्री शम्भुको लिङ्गको। ओमकारेश्वर लिङ्ग पुण्य सवमा ज्योति सरिको छ त्यो। महर्षिहरुमा थिए अति ठुला ओमकार नामै थियो। नारदकासँग आई फेरी तिनले गोकर्ण दर्शन भयो ॥१०२॥

तेसै औसरबाट नारद गए विन्ध्याचलैमा अनि। विन्ध्याचल गिरि मात पुजन गरे श्री शम्भुको नै पनि। विश्वेश्वर भनि नाम लिङ्ग शिवको विध्याचलैमा गई। पुजा श्री शिवको गरी तिनी रहे भक्ति मनैमा लिई ॥१०३॥

भक्तै खातिरमा सदा शिव पनि नाना प्रकाले गरी। ज्योतिर्लिङ्ग खडा गराई सवमा आनन्द दिन्छन् हरी। सोहि कर्म गरी ति देवहरुले पुजा र प्रेम भक्तिले। आत्मारुप शिवको त दर्शन गरे भक्ति वढो प्रेमले ॥१०४॥

आत्मा रुप शिव हुन् भनेर सवले पुजादि गर्दा माहाँ। खडा भो शिवलिङ्ग एक तिनमा सम्ने अगाडि माहाँ। ओमकारे स्वरकोत नाम तिनले राखेर दर्शन गरे। ओमकारे स्वर नाम भो शिवजीको ब्रह्मा स्वरुपको छरे ॥१०५॥

भन्छन् फेर सुतजी ति सौनक जीमा श्री भिम शंकर जीको। महात्म्यै अहिले वताउछ सवै श्री शक्तिकै रुपको। सैयापुर नगरी थियो त्यहित एक राक्षस राजा थियो। भीमा शंकर नाम हो नृपतिको आएर घेरी लियो ॥१०६॥

कुम्भकर्ण र रावणै त्यसघरी लंका पुरीमा छदा। लंकाका सव वीर मार्नु त भयो दानव ठूला वीर ता। कुम्भकर्णत पुत्र जान्नु अहिले यो भिम शंकर भनि। मारे राक्षसता तथापि तिनले भुवार हर्दा पनि ॥१०७॥

आत्मा रुप शिवमा मिल्यो त्यसघरी दानव मरेका थिए। ज्योती रुप खडा भयो शिवजीको ईन्द्रादि खुशी भए। ईन्द्रादि सवले त पुजन गरे हे भिम शंकर भनि। भिम शंकर नाम लिङ्ग शिवको स्थापना गरए पनि ॥१०८॥

शक्तिमा पुरुसार्थमा सकलमा शत्रुत बाँधा छदा। भिमेश्वर शिवलिङ्ग दर्शन गरुन् गृहस्तीवाधा हुँदा। शक्ति श्री शिवको अपार मिलने पुजा र भक्ति गरे। शिव शिव भनेर नाम जपनु सत वुद्धि मिल्ला भरे ॥१०९॥

यस्ता रुपसितले ति देव गणले भक्ति गरी सम्भुको। सारा दानवहेरु नष्ठ भई जो श्री शम्भुको लिङ्गको। रावणको अनि कुम्भकर्णहरुको ठुला ठुला वीरमा। पृथीविमा सव भार भैकन रहे उद्धार गरे भक्तमा ॥११०॥

आत्मा रुप शिवलिङ्ग रुप यहि हो आत्मेश्वरै नामले। भिमेश्वर शिवलिङ्ग रुप शिवको शक्ति बढो प्रेमले। भक्ति खातिरमा सदा शिवजीको नाना थरि लिङ्गछन्। दर्शन गर्नु अवश्य भक्तहले आदर शिवैले दिनन् ॥१११॥

संसार रुप शिवलिङ्ग जान्नु सवले विश्वेश्वरैको भनि। विश्वेश्वर शिवलिङ्ग प्राणी सवमा आत्मा स्वरुपी पनि। आत्मा रुप सवमा चराचर जगत् वृक्षादि पंक्षि माहाँ। पृथीविमा सवमा जलादिहरुमा पन्छिहरुमा त्याहाँ ॥११२॥

प्राणी सव अरुको त आत्मा रुपको प्रेम् रुपको भक्तिले। भक्ति खातिरलेत दर्शन गरे श्री शम्भुकै शक्तिले। प्रेमैले गरी शिव दर्शन गरुन् भक्ति ठुलो हो भनि। भक्ति खातिरमा र मन्त्र विधिमा द्यौता रहन्छन् पनि ॥११३॥

सोहि औसरमा सदा शिवजीको श्री शक्तिकै रुपको। कन्या एक प्रकट भईन् त्यसघरी औतार भो शक्तिको। माणिक नाम गुफा थियो तिनमाहाँ कन्या भईथिन् जसै। मणीकर्णिका नाम तिन कन भयो गङ्गा भईन् झट तसै ॥११४॥

गङ्गारुप भई वगीन् तिनी त्याहाँ मोक्षै स्वरुपी भई। त्रिशुल हातमाहाँ लिएर शिवजी गङ्गाजीकै साथ गई। काँसीक्षेत्रमाहाँ प्रसिद्ध हुनुभो श्री विश्वनाथै भनि। गङ्गा साथमाहाँ रहिन् सकलको उद्धार गरौला भनि ॥११५॥

काँसीक्षेत्र भयो प्रसिद्ध सवमा मुक्ति दिने खातिर। नारायण रुप शम्भुको हुन गयो भक्ति गरे आखिर। काँसी वास ठुलो छ मुक्ति भवमा वाराणसी क्षेत्रको। पुण्यै क्षेत्र भनि प्रसिद्ध हुनगो आधार हो सम्भुको ॥११६॥

एक दिन पार्वतिले भनिन् शिवजीमा हे शम्भु कैलासमाहाँ। भक्तैका सँगमा रहेर अनिफेर पुण्यै छ ठुलो कहाँ। यस्ता वात सुनेर पार्वतीजीका आज्ञा भयो यो अनि। काँसी क्षेत्र प्रसिद्ध जान तिमीले मुक्ति दिने हो भनि ॥११७॥

विश्वनाथमहात विश्वरुपकै शक्ति भई यो घरी। नारायण शीव लिङ्ग हो बुझ प्रिय दर्शन गरुन् राम्ररी। काँसी राज थिए ठुला नृप अनि द्यौताहरुले गई। यज्ञै खातिरमा गए नृपतिमा महर्षि जम्मा भई ॥११८॥

ठूलो यज्ञ गरे मिलेर तिनले श्री शम्भुकै आदर। ईन्द्रादि सव देवताहरु मिलि पुजा गरे सादर। सारा देवहरु सहित रुपको औतार धारि शिव। दर्शन् भो सवमा ति देवगणले पुजा गरेथे तव ॥११९॥

सोहि रुप शिव विश्वरुप हुनुभो मुक्ति दिने खातिर। मणिकर्णिका नाम शक्ति रुप भै गङ्गा वगीथिन् पर। काँसीक्षेत्र माहाँ गएर जुन जन् वस्छन्त तिन्ले त्याहाँ। तपस्या सरी फल अवश्य तिनमा मिल्ला त वस्दैमाहाँ ॥१२०॥

त्रेता युगमहात गौतम ऋषी सत् कर्म प्रेमी थिए। अहिल्या भनि नाम पत्नि तिनकी वस्थिन् र तिनले दिए। शक्ति रुप शिवलिङ्ग एक तिनमा दक्षीण् दिशामालगी। रुद्र तेज वरुणा स्रस्थापन गरे आईन्त गङ्गा वगी ॥१२१॥

काल् रुद्रै रुपको त लिङ्ग शिवको खडा भएथ्यो त्याहाँ। त्र्यम्बके स्वररुप सदा शिवजीको दर्शन भईगो वाहाँ। दक्षीण भागमहा सदा ति रहने ईश्वर हुनाले गरी। धर्म रुप यमकोत नाम शिवको हुदा जगतै भरी ॥१२२॥

त्र्याम्वकेश्वर शिवलिङ्ग भनि फेर नामै प्रसिद्धै भयो । ग्रहगो चरमा अरिष्ठ
परदा शान्तिदिने नाम यो । शनि राहु र केतुहेरु ग्रहमा दुःखादि यिनले दिदा ।
गर्नु जप शिव त्र्याम्वकेश्वर जी को शान्ति हुन तिन सदा ॥१२३॥

सोहि रुप शिवको सुनेर सवले दर्शन गरुला भनि । आए सिद्ध महर्षिहेरु
सवले सप्तर्षिहेरु पनि । तिनका साथमहाँ थिए गणपति श्री पार्वति साथमा ।
हेरौं रुप् शिवको भनेर तिनमा आए कुमार साथमा ॥१२४॥

भक्ति गौतमले गरे शिवजीको वेदकै विधानले गरी । त्र्याम्बकम् भनि नाम
जपे शिवजीको वेदको वचन राम्ररी । ऋषी पत्निहरु पनि सकलले पुजा
गरे प्रेमले । शिव पार्वतिको पुजा गरी लिए वैदिक विधान भक्तिले ॥१२५॥

गणेश को र कुमार को त तिनले पुजादि वीर्सि गए । नामै छैन कतै भनेर
सवमा विघ्नादिपार्दा भए । गणेशले तिनको गई ऋदयमा तेजै वढाए जसै ।
कुमारले सव अङ्गफर फरगरयो सातो उडाए तसै ॥१२६॥

सोहि औसरमात हल्लिन गयो श्री त्र्याम्वकेश्वर अनि । हल्यो लिङ्ग भनि
सदा शिवजीको सारा डराए पनि । थाहा गौतमलाई झट्हुनगयो गणेश कुमार
साथमा । भक्ति खातिरले पुजा गरिलिए शान्ति मिल्यो सम्भुमा ॥१२७॥

भन्छन् सौनकमा सद शिवजीको रुपै अनेकान थरी । सुतजी त्यहि भन्नुहुन्छ
सुनीलेउ औतार नाना थरी । पाए थाह अनि ति अत्रिमुनीले हे वावु पुत्रै भनि ।
गौतमका सँगमा रमाई त्यसघरी उद्धार गरायौ भनि ॥१२८॥

भक्ति श्री शिवको सदा गरी लिए अत्रि र गौतम् भई । पुत्र गौतमको त छैन
अहिले दिनु हवोस् वर यई । यस्ता रीत सीतले सदा शिव पनि दर्शन् दिनु
भो त्याहाँ । भक्तिले गरी वर सदा शिवजीले दिदा भए तिन्माहाँ ॥१२९॥

अन्त्यै द्वापरको हुनेछ जवतक ज्ञानै स्वरुपी भई। तिम्रा साथमाहाँ जनम लिई
त्याहाँ श्री बुद्ध नाथै भई। बुद्ध रुप जव हुन्छ भुमी तलमा वेदादिकै ध्यानले।
ज्ञान्कै रुप भनेर जान्नु जनले श्री शम्भुकै रुपले ॥१३०॥

धर्म स्थापन गर्न खातिरमाहाँ औतार मेरो हुदा। सारा देवहरु शिला पथरमा
आएर वस्छन् सदा। यस्तो वर शिवले दिए तिनीमाहाँ खुशी महर्षि भए।
गौतम्को वर पुर्ण गर्न शिवले श्री बुद्ध रुपै लिए ॥१३१॥

गौतममा जव वर सदा शिवजीको सुने अरुले जव। गङ्गा खातिरमा गए
ऋषीहरु तप गर्नमा ति तव। त्र्याम्बेश्वर रुद्र तेज तिनको साथै रहन्थ्यो जहाँ।
सोहि तेजनिलिदिए शिवजीको तप गर्न खातिरमाहाँ ॥१३२॥

मसानेश्वर लिङ्गता शिवजीको राक्षस हरुले लिए। राक्षस रुप शिवको खडा
हुनगयो वरदान् तिनैले दिए। राक्षस रुपमहाँ गएर शिवले औतार धारे जसै।
औतार राक्षसको भई शिव रहे कल्कि वतारले तसै ॥१३३॥

कल्कि रुप शिवको जहाँ हुनगयो सम्पूर्ण द्यौताहरु। वायु तेज र अग्नि कर्म
गतिमा आकसमा नै अरु। आकास मार्ग माहाँ वसी जगतको भुभार हर्दा
छदा। कीर्तन्कै धुन उच्च हुन्छ सवमा भक्ति गरे सर्वदा ॥१३४॥

वैदिक कर्महरु पनि त सवमा नासै हुनाले गरी। हा हाकार भएर जान्छ
जगमा औता र्लिएका घरी। उल्टा कर्म भएर जान्छ जगतमा भो अग्नि रुपी
शिव। अग्नि रुप पृथीवि वनाई शिवजी दुष्ठादि नास्छन् तव ॥१३५॥

पैलाकै युगमा सदा शिवजीको श्री रावणैले पनि। भक्ति खारितमा गरयो
तप ठुलो सिद्धि दिनुहोस् भनि। खाँदै कत्ति नखाई कत्ति नसुती श्री शम्भुकै
आदर। गर्दै रावणता रहे तपसमा भक्ति गरी आखिर ॥१३६॥

एकसौ वर्ष तकै रहेर तिनले पुरा गरेथे त्याहाँ। जानुभो शिवजी प्रशन्न मनले
रावण रहन्थे जहाँ। देखि रावणले शदा शिव भनि पुजा गरे प्रेमले। हे रावण
तिमी मागी लेउ वरदान प्रेमै गरी हर्षले ॥१३७॥

यस्ता वात सुनेर रावण पनि भन्दा भए त्यै घरी। हे शम्भो करुणानीधान
भगवान दर्शन मिल्यो यो घरी। सारा सुन्दरमा र शक्ति भवमा पुर्णै दिनुहोस्
भनि। सामान्यै जन भुपतिहरु मिलि मार्नै न सकुन् पनि ॥१३८॥

यस्ता वात सुनी सदा शिवजीले भन्दा भए त्यै घरी। होला पूर्ण सवै अवस्य
वरदान दियाँ क्रमैले गरी। लंकाजाई जीतिलिए राज्य तिनले गर्दा भए
सव्माहाँ। पृथीविका जति राज्यहेरु सवमा दुखै दिएथे त्याहाँ ॥१३९॥

भक्तै ति शिवका थिए ति कति जन तिनमा पनि दुख दिए। आउनुभो शिव
फेरी रावणमाहाँ लंका पति जो थिए। मेरा भक्तहरु उपर तिमीगई दुःखादि
धेरै दियौ। मेरो भक्ति उपर ठुलो तप गरी राज्यै जमाई लियौं ॥१४०॥

तिम्रो यो तपको प्रभाव कलीमा होला र राजाहरु। तिम्रै कर्म स्वभावका
हुन गई दुःखादि देलान अरु। यस्तो श्राप दिई सदा शिव गए कैलास पर्वत्
माहाँ। मसानेश्वर शिव दर्शन गरे रावण गई फेर त्याहाँ ॥१४१॥

दारुका भनि नाम राक्षसी थिई लंकापुरीमा जसै। दारुक नामका राक्षसै हुन
गए तिनका पति यो तसै। राक्षसका द्वय दम्पत्ति पृथ्वीमा घुम्दा खुशीले
त्याहाँ। और्वक नाम महर्षि जंगलमहाँ घुम्थे नदि तिर्माहाँ ॥१४२॥

घुम्दामा ऋषी साथ भेट हुनगो खुशी महर्षि भए। खुशी भै तिनले त भोग
गरी दे राक्षस दुवै साथ रहे। और्वक नाम महर्षि ले त्यस घरी भक्ति गरे
शम्भुको। नागै रुप लिई सदा शिवजीको लिङ्गै खडा भै गयो ॥१४३॥

खुशी भै तिनलेत पुजन गरे हे सम्भो नागेश्वर। ज्योर्तिलिङ्ग स्वरुप भयो
प्रभुजीको नामै रह्यो ईश्वर। नाघेश्वर भनि लिङ्गता शिवको पाएर खुशी
भए। द्यौता दानवहेरु आई तिनले पुजादि गर्दै रहे ॥१४४॥

गङ्गाजी तिनकात साथ पनि फेर आईन् र वस्दी भईन्। नाग् कन्या पनि
आई दर्शन गरे जलपूर्ण तिनले दिईन्। जंगलका नदिका चराहरु पनि जंगल
जनावरहरु। नाघेश्वर शिवलिङ्ग साथ ति सवै वस्दा भए थे अरु ॥१४५॥

दारुकनाम अनि सदाशिवजीको गन्धर्व थियो जहाँ। लिई एक शिवलिङ्ग
तिन्कनसदा हिड्दा भएथे वाहाँ। हिड्दामा तिनलाई एक दिनता भेटेर एक
दानव। के को लिङ्ग लिई हिडेउ तिमी भिनी सोध्दा भएथे तव ॥१४६॥

नाघेश्वर शिवलिङ्ग हो भनि सवै विस्तार गरेथे जसै। झम्ट्यो दानवले
तथापि तिनमा फ्याकीदियो जल तसै। फ्याकेथ्यो शिव लिङ्ग दुष्ठ भई फेर
मार्छु भनि तेसले। सस्त्रै हातमाहाँ लिएर त्यसले फ्याक्यो ठुलो वेगले ॥१४७।

गङ्गाका तट देखि शक्ति रुपकी कन्या भईन सुन्दरी। नागकन्या भई आई
दर्शन दिईन् रक्षा गरी राम्ररी। त्यसका सस्र र अस्रहेरु त्यहिनै विचमा टुक्रा
भए। दानवको सव शक्ति हिन हुनगो गन्धर्व खुशी भए ॥१४८॥

जाई तिनमहाँ त दर्शन गरे लक्ष्मि तिमी हौ भनि। रक्षायी सव जनको गरी
लिए द्यौताहरुको पनि। कन्या देखि लिए समुद्र तटमा आकास रङ्को
फुल। गन्धर्वै कन जाई ल्याई तिनले पुजा गरे त्यै फुल ॥१४९॥

खुशी नाग भई तथापि तिनमा वर दान दिए थे जसै। नाग पुजन भक्ति प्रेम
रसले जुन् गर्न सक्ला तसै। खुशी नाग भए भने सकलमा ऐश्वर्य वृत्ति पनि।
लक्ष्मि प्राप्ति भएर भोग बद्ला रोगादि जाला अनि ॥१५०॥

नागको शक्ति अपार हुन्छ जगत्मा भक्ति गरेका घरी। खुशी नाग भए सवै किसिमका दुःखादि जान्छन् टरी। कुलपितृ हरुमात दुःख परदा द्यौताहरु दुःख दिदा। नागको दोष अवश्य हुन्छ जनमा जानी लिनु सर्वदा ॥१५१॥

भन्छन् ब्रह्माजी जाई नारद जीमा ज्योति स्वरुप शम्भुको। रामेश्वर भनि एक लिङ्ग शिवको स्थापन भयो रुद्रको। श्रीराम्को अवतार भएर तिनले सीता जीका साथ्माहाँ। विहाभो तिनको त शक्ति रुपकी सीताजीलाई त्याहाँ ॥१५२॥

पितृ वाक्य अवश्य सिद्ध गरनै श्रीराम जंगल गए। रावणले हरि ती सिता जित लग्यो श्रीराम दुःखी भए। वालीमारी रजाई वक्सनु भयो सुग्रीव राजा भए। सीता खोज्न भनि ति वानरहरु दशौं दिशामा गए ॥१५३॥

वानर साथ लिएर राम प्रभुले गङ्गा कीनारमा गई। सागर तर्न कठिन भयो त्यसघरी श्री रामको मन भई। हे शम्भो शशिशेखरै प्रभु याहाँ नानाविधानले गरी। पुकार गर्छु प्रभो हजुर अहिले दर्शन दिनुहोस् हरी ॥१५४। (दोहा)

हे शम्भु योगेश्वर दिननाथ। हे पार्वति प्राण पते धी नाथ। श्री रामले यै रीतले प्रभुको। स्तुती गरे शम्भु खुशी हुनु भो ॥१५५॥

रावण तिमीले अवजाई त्याहाँ। मार्छौ तिमीले ईन साथ माहाँ। रावण त मार्ने वरदान भैगो। श्री शम्भुको शक्ति ठुलो प्रकट भो ॥१५६॥

श्रीरामले पनि ता अपूर्व सीतको भक्ति गरी मन् माहाँ। रामेश्वर शिवलिङ्ग स्थापना गरे ज्योतिस्वरुपको त्याहाँ। ज्योतिरुप शिवलिङ्ग स्थापना भयो श्री रामले नै गरी। रामेश्वर भनि नाम चल्यो जगत्मा सम्पूर्ण पृथीवि भरी ॥१५७॥

भन्छन् ति सुतजी ति सौनक महाँ श्री राम लिला अनि। वरदान श्री शिवको
अपार हुनगो श्रीराम मानै पनि। ज्योतिर्लिङ्ग त्यहि खडा हुन गयो सारा
महर्षिहरु। आए श्री शिवमा अपार महिमा श्रीरामको भो अरु ॥१५८॥

रामेश्वर भनि नाम चल्यो जगतमा नारायणै रुपको। भक्तिले गरी दर्शनै
गरीलिए भुक्ती र मुक्ती तको। भक्तिले गरी वेदमन्त्रहरुले सन्यासीहेरु पनि।
गाए श्री शिवको अपार महिमा शक्ति दिने हौ भनि ॥१५९॥

अर्को श्री प्रभुको अपार महिमा घुस्मेश्वरैको छर। रामेश्वर सरि नामलिङ्ग
शिवको दर्शन गरे आखिर। सुधर्मा भनि नाम ब्राह्मण थिए सस्रादिमा पूर्णथे।
भस्म धारणा ता सदाती गरने श्री शम्भकै भक्ति थे ॥१६०॥

ब्राह्मण धर्म पनि त थापन गरे घस्मेश्वरैमा गई। तपो मुर्ति भईत दर्शन दिए
तपस्वी रुपी भई। तपस्वी रुप त्यो अपार शिवको देखेर छक्कै परि। सुदेव
ब्रह्मणले स्तुति गरी लिए शक्ति स्वरुप ईश्वरी ॥१६१॥

शक्ति रुप शिवको अपार तिनले गर्दा भएथे स्तुती। दर्शन्भो शिव शक्ति त्यस
घरीमा हाँघुस्मेश्वरै रुप ति। घुस्मेश्वर शिवलिङ्ग दर्शन गरुन् तिनका सवै
दुःख हरु। जाई तिनकन सौख्य भोग गर्लान् सत् भक्ति मिल्ला अरु ॥१६२॥

सुधर्मा ऋषीमा अपार महिमा श्री शम्भुको नै छर। वैनी तिन्की पनि थिईन्
कनिष्ठ भनि एक घुस्मा थी यो नाम र। घुस्माले गई फेर हिमालय माहाँ तप
गर्न लाग्दी भईन्। आए ईन्द्रपनि तिनी सीत पछि शक्ति तिनैले दिईन् ॥१६३॥

ठूलो शक्ति भयो अपार तिनमा देखेर छक्कै परि। गाई कीर्तन आई अप्सराहरु
आए अगाडि परि। भक्तिले गरी ति खुशी हुन गईन् घुस्मा अति सुन्दरी।
गर्थिन ति शिवको तपै त्यस घरी सत् भक्तिले नैगरी ॥१६४॥

महर्षिहरु आई दर्शन गरे श्रीङ्गी ऋषीले पनि। दिए शक्ति स्वरुप मन्त्र शिवको तपस्वीलाई भनि। सोहि मन्त्र जपै गरी तिनी रहिन श्री शम्भु आए त्याहाँ। दर्शन भो शिवको अपार तिनमा आज्ञा भयो फेर वाँहाँ ॥१६५॥

तिम्ले आज ठुलो तपै गरी लियौ हे देवी मेरो भनि। ईच्छामाफिक मागीलेउ वरदान मेरा अगाडि अनि। यस्ता वात सुनेर शंकरजीका माग्दी भईन् वर त्याहाँ। हजुरकै सरी शक्ति पुत्र दिनुहोस् ऐले मलाई यहाँ ॥१६६॥

यस्ता वात सुनेर शंकर जिले लौ हुन्छ भन्नुभयो। पुत्रै रुप भएर शंकर वाहाँ तिनकै स्वरुप भै गयो। ज्योतिर्लिङ्ग वन्योत शक्ति रुपको घुस्मेश्वरै नामले। प्रख्यात भैरहनु भयो शिव अनि ईन्द्र स्वरुप शक्तिले ॥१६७॥

भन्छन ति सुतजीति सौनकमहाँ श्री शम्भुको रुपको। ज्योतिर्लिङ्ग सवै यथार्थ कहियो नारायणै शक्तिको। जस्ले सुन्दछ पाठ गर्दछ भने दर्शन गरेको फल। मिल्ला श्री शिव शक्ति आदर पनि ऐश्वर्य को भो फल ॥१६८॥

श्री विष्णु भगवान सुदर्शनलीई मानसरोवर गए। चक्रै श्री प्रभुको सुदर्शनलीई आदर गरी ती रए। आदर पाई वसे सवैजनहरु मानसरोवर माहाँ। दानवहेरु पनि पुगे सकले देखे वसेका त्याहाँ ॥१६९॥

चक्रै विष्णु जीको शुदर्शन हरण गर्ने ईराधा गरे। कमल वृक्षमाहाँ गएर प्रभुले पुस्पादि कै रुप धरे। थियो एक वलीष्ठ दानव त्याहाँ आई सुदर्शन लियो। विष्णु भक्ति गयो सवै त्यस घरी मनमा ठूलो ताप भयो ॥१७०॥

विष्णुले शिवको स्तुति गरी लिए दुखी हुनाले अति। अउनुभो शिवजी तथापि तिनमा युद्धै परिगो यति। शिव शक्ति स्वरुप साथ तिनमा सिद्धै भएथ्यो त्याहाँ। शुदर्शन तिनले हरण गरी लिए दिए अनि विष्णुमा ॥१७१॥

विष्णुलाई दिई सुदर्शन अनि श्री शम्भु भन्छन् अनि। लिनुहोस् प्रभुयो सुदर्शन हरी शक्ति स्वरुपी छनी। तिन लाक् चौध भुवन चराचर सवै रक्षा गरी सव महाँ। शक्ति आदरले सदा रहीरनु हे विष्णु ऐले याहाँ ॥१७२॥

यस्तो कर्म गरी ति दानवहरु नासै गराई दिए। स्वर्गैको अमरावती पनि त्याहाँ श्री ईन्द्र लाई दिए। पाताल भोग वति प्रसिद्ध छ जाहाँ श्री वासुकीमा गई। गर्नु राज्य गएर नाग तिमीले श्री नाग राज भई ॥१७३॥

गङ्गामा मणिथ्यो तथापि तिनमा नागादिलाई दिए। पाएथे मणी नाग भक्त शिवमा सम्पूर्ण खुशी भए। गाए किर्तन नागहेरु सवले ईन्द्रादिले नै पनि। महर्षिहरुले र देवहरुले गन्धर्वले नै पनि ॥१७४॥

सारा जम्मा भई गरे शिवजीको नाम सङ्कलन् भो त्याहाँ। कर्मैले गरी नाम सहस्र हुन गो श्री शम्भुको नाम त्याहाँ। हजार नाम शिवको पुग्यो त्यसघरी द्यौताहरु खुश भए। गाए सिद्ध महर्षिले खुशी भई हजार नामै रए ॥१७५॥

सहस्रै शिव नाम जुन जनहरु पाठ गर्छन् नित्यै गरी। कोटि जन्म समेतका सव ति पाप नासै भयो त्यो घरी। सारा पापहरु नास भएर तिनको श्री शक्तिको तेज पनि। मिल्ला तिन् कन भोग बढ्छ जनको ऐश्वर्य भोग् छन् तिनी ॥१७६॥

हे सौनकहरु हो तथापि शिवको सहस्र नामै याहाँ। पाठ गर्लान् यदि सुन्दछन् जनहरु ऐश्वर्य भोगछन् त्याहाँ। शिवस्थल शिव पुजनादिहरुमा गङ्गाजीको तिर माहाँ। प्रातकालमाहा उठेर स्नान गरदा दुस्वप्न देख्दा माहाँ ॥१७७॥

पितृ भक्ति महाँ र साईत माहाँ पढ्नु बढो भक्तिले। कार्यै सिद्धि अवस्य जान्नु तिनको श्री शीवका शक्तिले। ठुलो पुण्यछ नाम सदाशिवजीको नित्यै जउन पढ्दन्। भत्तिले गरी यो अपार महिमा श्री सम्भुको पाउन् ॥१७८॥

नामै कीर्तनको ठुलो छ भवमा संसार रुपि शिव। हजार नाम जपेर पाठ गरनु श्री शम्भुकै आखिर। विगुत लेपनमा सदा शिव अनि शक्ति मनैमा घरी। नाम जप्ला शिवकोत शिद्ध मलिला दर्शन गरेको घरी ॥१७९॥

भन्छन् नारद लाई ब्रह्माजी अनि हे बाबु नारद भनि। मैले प्राणीहरु त सृष्ठि गरी फेर शक्ति छ उनमा पनि। ठूला दानव दैत्यहेरु सवले श्री शम्भकै ध्यान गरी। सारा राज्यहरु जीतेर तिनले लिन्छन् जगतै भरि ॥१८०॥

हिरण्य कस्यप ति दानव थिए श्री शिव भक्ति गरी। वाँणसुर सवमा तथापि वलवान थिए ति द्यौता सरी। ति सवले शिवको अपार महिमा जाने बुझेका थिए। वरदान श्री शिव देखि पाई तिनले राज्यादि धेरै लिए ॥१८१॥

सोहि औसर पारी शक्ति शिवको औतार धारी लिए। गङ्गाजी पनि आई दर्शन दिईन् शक्ति स्वरुपी भए। पृथीवि खातिरमा त राम हुनुभो औतार नारायण। रावणादि गएर मार्नु पनि भो भुभार हरीतत क्षण ॥१८२॥

भुकोभार उतार्न खातिरमाहाँ औतार नाना थरी। ब्रह्मा विष्णु महेश रुद्र रुप भै रक्षा गरी राम्ररी। मन्त्रैमा गई देवता कन वसे मन्त्रै पराधिन भई। नारायण शिव शक्तिको रुप पनि भत्रै पराधीन भई ॥१८३॥

कर्मैको वसमा पराधिन भयो आत्मा परात्मा पनि। रुद्रैरुपशिवको भनेर बुझ्नु शक्ति दिने हो भनि। यै रुपले गरी सव वताउनु भयो नारदजीलाई त्याहाँ। धर्मै स्थापन सव गराउनु भयो श्री शम्भु कैलास माहाँ ॥१८४॥

यस्ता वात सुनेर सौनकहरु जाई अगाडि माहाँ। हे शुत जी वताउ लौ अव कथा व्रतादि कुन कुन कहाँ। कुन फल कुन व्रतले हुनेछ शिवमा भक्ति गरेका घरी। भन्नुहोस् शिवले क्रमैसित गरी व्रतादि मा छन् हरी ॥१८५॥

मुख्यैमा पहिले अपार महिमा श्री शिव रात्री छ र। भक्ति पूर्वकले अपार गरी त्यो श्री शम्भु कै रुप र। एकादशीहरुपनि तिनी महाँ पुज्यै हुनाले अति। शक्ति रुप भनि जानी लेउत तिमीले धेरै वताउ कति ।१८६॥

अष्ठमी अउसी र पितृ दिनमा रात्रादिको भोजन। गर्नु हुन्न अवश्य जान्नु जनले श्राद्धै गरेका दिन। सौवारका दिनमात अष्ठमिछ जो चतुर्दशी भो त्याहाँ। कृष्ण पक्षमाहाँ परे यदि भने भोजन नगर्नु त्याहाँ ॥१८७॥

रात्री भोजन त्यागनुपर्छ जनले यी दिनहरु छन् जति। कुबुद्धि हुन जान्छ भोजन गरे रात्रीमाहाँ दोषछ ती। शक्ति रुप शिवको त दर्शन गरुन यि दिनहरुमा गई। यज्ञादि शिव पुजनादि गरनु भक्तित साथै भई ॥१८८॥

भन्छन् श्री सुतजी तथापि तिनमा श्री शिव नामको पनि। शिव रात्री भनेर जान्नु जनले श्री शम्भुको नै अनि। व्रतहेरु महाँ तपस्या गरदा पाईने जो पुण्य छ। फाल्गुन कृष्ण चतुर्दशी दिनमाहाँ श्री सम्भुको जन्म छ ॥१८९॥

सोहि दिन प्रभुको अपार छ ठूलो यज्ञादिहेरु माहाँ। साधु सन्तहरु स्वरुप शिवको जानी लिए मनमहाँ। महाँ पातक दोस जान्छ यसले पुजा गरेका घरी। नामै मात्र जपे पनित शिवको दुर्वुद्धि दुःखै जाला टरी ॥१९०॥

भोला संकरले सदा ति जनको आदर गरी राख्दछन्। वील्वपत्र समेत पुजन गरे संसार पार तर्दछन्। शिव शिव भनेको मात्र सुनने शरिर शुद्धै हुने। प्रशाद श्री शिवको त भोजन गरे मुक्ति समेत् पाइने ॥१९१॥

मृगै रुप थियो तथापि तिनमा मृगीणी दुई थिए। महा पातकी एक ब्याधा त्यसमा ब्रती सरिती भए। नीराहार व्रत गर्नु पर्छ शिवको भक्ती मनैमा लिई। सोहि सत्य भयो तथापि तिनको तन् मन् शिवैमा दिई ॥१९२॥

सत्यै खातिर भो तथापि तिनको श्री शम्भुको पुजन। सत्यैले गरी मुक्ति हुन्छ जनले मुक्ति भए तत् क्षण। सोहि दिन शिवको अपार महिमा हो शिव रात्री भनि। ठुलो पर्वतथापी जान्नु शिवको आदर दिने हो पनि ॥१९३॥

भन्छन् फेर सुतनामका ऋषी ठुला सौनक सुनीलेउ भनि। आदर श्री शिवको अपार महिमा विस्ता गर्छु पनि। थियो एक चरित्र हिनवलवान ब्राह्मणकुलैमा जव। हत्या सवरीत्को गरेर रहने कुवुद्धि थिए तव ॥१९४॥

वेश्या स्त्रीहरुमा सदात सहवास तिनको हुनामा अति। चोरी ढाट छली कुकर्म गरीति खान्थे लुटि नै कति। यस्ता रुप सितले ति ब्राह्मण त्याहाँ वित्तै थियो दिनजव। आयो फाल्गुण कृष्ण पक्ष र त्याहाा भो शिव रात्री तव ॥१९५॥

शिवरात्री महाँ त नाम शिवको सन्यासी ज्योगीहरु। साधु सन्तहरु पनि त्यसघरी देखे तिनीले अरु। भस्म धारण रुद्र रुप शिव नाम जपेर हेर्दा माहाँ। तिनको मन सुव सान्त नै हुन गयो वसे तिनै सङ्माहाँ ॥१९६॥

वस्दामा पनि पाप नास हुनगै नमः सीवायै भनि। नामै श्री शिवको जपे सकलले सुने भनेको पनि। आयु त्यै घरीपूर्ण भैकन गयो निक्ले छ प्राणै त्याहाँ। शिवनाम र साधु सन्तसँग भो मृत्यु त तिनको वाहाँ ॥१९७॥

सोहि कारणले तथापि तिनको कैलास देखिन् जव। आए दुत शिवका तथापितिनमा मुक्ति मिल्यो गौरब। साधु सन्त र नाम भक्ति शिवको सुन्दा हुदिमा त्याहाँ। मुक्ति भै तिनीता त्याहाँ चलीगए वैकुण्ठ धामै माहाँ ॥१९८॥
(दोहा)

श्री शम्भुको नाम जपेर त्याहाँ। भन्दा भए झट तिनी साधु माहाँ। सत मार्गका साधु र भक्ति जो छन्। श्री शम्भुको नाम जपी रहन्छन् ॥१९९॥

दर्शन सरिभो शिव रुप धारी। भुभार हर्ने शिव हे मुरारी। कैलास वासी शिव भक्ति साथ। शक्ति स्वरुपले गरी राखी माथ ॥२००॥

आधा स्वरुप शक्ति भनेर जानी। गर्नु तिनैको अति भक्ति मानी। सहस्र पापै पनि नाम जप्ता। नासै भई जान्छ सुनेर वस्ता ॥२०१॥

रुपै अनेकान र व्रतै अनेकान। छन् शिव भक्ति प्रभुका अनेकान। नाना प्रकारले गरी भक्ति गर्नु। सत्यै स्वरुप साथ लिएर वस्नु ॥२०२॥

हो शिव नामै प्रभुको अपार। दर्शन शिवैको गरी वार वार ॥२०३॥ (दोहा)

जस्ले श्री शिव नाम अपार हुनगो वेदान्तको नाम भो। ज्ञानैको पनि शक्ति रुप शिवको त्यै नामले पुज्य भो। लिङ्गै श्री शिवका प्रसिद्ध भवमा धेरै भरी छन् तर। शिव शम्भु र रुद्र नाम भोला हो आदर दिने आखिर ॥२०४॥

कर्मैले मनले र फेर वचनले भक्ति गरी सम्झन। गर्ला श्री शिवमा अवश्य मिलला ऐश्वर्य भोगला सुन। तिनै लोक प्रसिद्ध छन् शिव भनि जानेर भक्ति गरे। भुक्ति मुक्ति अवश्य मिल्छ बुझ्नु संकष्ठ सारा टरे ॥२०५॥

पुराण वेदहरु तथापि शिवको गाएर कीर्तन पनि। गर्छन् यज्ञहरु तथापि शिवमा फलदिने दाता भनि। नाना रुप धरी सदा शिवपनि साथै गई भक्तमा। उद्धार सव जनको गरेर रहने कर्मै विशे वेदमा ॥२०६॥

गुरु रुप शिव हुन् सवै किसिमका ऋदयमा वेद छन्। वेद रुप् ता ऋदयै भनेर बुझ्नु ज्ञानै दिने रुद्र हुन्। शिर हो यज्ञ स्वरुप तालु स्थल हो ब्रह्मार्षि बाहु भए। वाचकलाई भनेर जान्नु शिवको मन्त्र स्वरुपै रए ॥२०७॥

मन्त्र रुप शिवको अपार छ ठूलो मुख जानी ब्रह्मण लिनु। शक्ति रुप शिवको त काँध बुझ्नु सत्यै स्वरुप पुजनु। मसानेश्वर लिङ्ग याद शिवको जानेर दर्शन गरे। योगीनीहरु हुन् जटाति तिनका भक्तिगरी सिरधरे ॥२०८॥

भक्तिले गरी प्रेमले सकलले पुजा गरेका घरी। नारायण रुप सत्य हुन्छ शिवको पुजा गरे राम्ररी। शिव भक्ति महाँठूलो छ महिमा भस्मै लगाउनको। नामै श्री शिवको जपेर रहनु शक्ति ठूलो भस्मको ॥२०९॥

जस्ले नित्य गरेर धारणा गरे श्री भस्म तिलक भनि। वैदिक ज्ञान र वेद मन्त्र जपने सिद्धै स्वरुप हुन तिनी। यस्ता रुप शितले त भक्त जनले सम्झेर मनमा शिव। वस्नुपर्दछ मिल्छ पुण्य त्यसमा श्री रुद्र सम्झे तव ॥२१०॥

ईति श्लोक समाप्तम् ॥

भजन आरम्भ : ॥

अस्वस्थामा रुपको शिव अवतार। धर्म स्थापन गर्नु भो नारयाण साथ। शिव शरणम् ॥१॥

कीराँत रुपले शिवगए साथै हिडेर। कीरातीनी पार्वति साथ पुगेर। शिव शरणम् ॥२॥

पार्वतिले साथमा लिर्ईिन शिवजी। पीतामाता दर्शन गरी आए शिवजी। शिवशरणम् ॥३॥

शिवजीको वरदान भो अर्जुन साथमा। सारा सस्र मिलिगो अर्जुन हातमा। शिवशरणम् ॥४॥

दुवै भक्त आफ्ना थे शिव गएर। हृदयमा बसि दिए ज्ञान दिएर। शिवशरणम् ॥५॥

भिल्व रुप धारेर शिव रहेर। आफ्नो दर्शन दिए थे जंगल गएर। शिवशरणम् ॥६॥

शिंव शक्ति रुपको भिल्व रुपको। नाम गाई कीर्तन गरे शक्ति मिल्ने भो। शिवशरणम् ॥ ७ ॥

वारौ शिवलिङ्ग छनदर्शनगरुन । ज्योर्तिलिङ्ग शिवमा भक्ति धरुन । शिव शरणम् ॥८॥

ज्योर्तिलिङ्ग शिव रुप आत्मासाथमा । साक्षात् रुप शिवको जाने मनैमा ।शिवशरणम् ॥९॥

शिवरुप दर्शन गरे पाप नासै भो । साक्षात् रुप शिवको दर्शन गरेको । शिव शरणम् ॥१०॥

गङ्गाजीको तटमा काँसी क्षेत्रैमा । वास वस्नु जनले शिव मनैमा । शिव शरणम् ॥११॥

रामेश्वरमा रामले स्थापन गर्नु भो । शिवशक्ति पाएर रावण मार्नु भो । शिव शरणम् ॥१२॥

शिवजीको दर्शन भोवर दान मिलीगो । सारा भक्त जनले तपै गरेको । शिव शरणम् ॥१३॥

अनुसुया तपस्वी गङ्गाजीमा छन् । अत्रिस्वर साथमा तिनी वग्दछिन् । भजउ शिव ॥१४॥

शिवजीको लिङ्ग रुप दर्शन गरेर । तपस्वीका साथमा वस्ने गएर । भजउ शिव लाई ॥१५॥

पृथीविमा दुख परयो रुद्र रुपले । कापीन धरातिनीमा शिव शक्तिले । भजउ शिवलाई ॥१६॥

रुद्र रुपी शिवले नासै गरेर । काँपीन धरा साथमा पापी भएर । भजउ शिव लाई ॥१७॥

गोकर्णको तिर्थको दर्शन गरुन । शक्ति रुप वाग्मति हुन स्नान गरुन । भजउ शिवलाई ॥१८॥

शिव शक्ति स्वरुपीणी साथै रहने। पितृमातृ रुद्र रुप मुक्ति गर्दिन्। भजउ शिवलाई ॥१९॥

चाण्डाल्नीको मुक्ति भो शिव भक्तिले। गोकर्णको तिर्थ चल्यो पूर्ण शक्तिले। भजउ शिवलाई ॥२०॥

शिव शिव जपेर पार तर्ने हो। गोकर्णको दर्शन् गरे मुत्ति मिल्नेभो। भजउ शिवलाई ॥२१॥

पितृ भक्ति ठूलो छ उद्धार गरन। रुद्र रुप शिवमा शरण परन। भजउ शिव ॥२२॥

कागेश्वर महादेव दर्शन गरेर। दृष्ठ स्वप्ना दृष्ट सकुन नासै भएर। भजउ ॥२३॥

शिवलिङ्ग शिवको शक्ति रुपको। भक्ति गरे मिल्छ फल शिव दर्शनको॥ भजउ शिव ॥२४॥

शिवलिङ्ग शिव रुप त्रीशुलकै साथ। शिव शक्ति डम्फु त्रिशुल लिने दिन रात। भजउ शिव ॥२५॥

सोमनाथ शिवको रुद्रतेजको। दर्शन गरे मिल्छ फल शक्ति रुपको। भजउ शिव ॥२६॥

सोमनाथ दर्शन गरी शक्ति रुपको। ज्योर्तिलिङ्ग वरुणेस्वर नाम शिवको। भजउ शिव ॥२७॥

वैदिक ब्रह्मण रक्षा गरे शिव गएर। महाँकालरुप धारे राक्षस मारेर। भजउ शिवलाई ॥२८॥

दुष्ठ नास गर्नामा काल रुप हो। आयु वृद्धि कार्य सिद्धि शिव जप्नु हो। भजउशिव ॥२९॥

ओमकार रुप आत्मा भोपर ब्रह्मा हो। पर ब्रह्मा आयु तेज शक्ति शिवजीको भजउ शिवलाई ॥३०॥

भिमेश्वर मारेर नामै जपेर । आत्मा रुप लिनुभो ओमकार भएर । शिवशरणम् ॥३१॥

ओमकार रुप शिवको वीज रुप भो । भिमेश्वर शिवलिङ्ग शक्ति रुपको । शिव शरणम् ॥३२॥

भक्त खातिर शिवजी साथ रहने । विश्वेश्वर शिवलिङ्ग दर्शन गरिदिने । शिव शरणम् ॥३३॥

काँसी क्षेत्र शिवजी विश्वनाथैको । दर्शन गरी काँसी वास वस्नु पुण्यभो । शिव शरणम् ॥३४॥

बाँस बस्नु काँसीमा तपस गर्नु हो । विश्वनाथ दर्शन गरे मुक्ति मिल्ने भो । शिवशरणम् ॥३५॥

ज्याम्बकेश्वर शिवको धर्मरुप भो । ग्रहादिमा शान्ति दिने रुप लिनुभो । शिव शरणम् ॥३६॥

महर्षिको उद्धार गरे कुमार गएर । गौतम जनको उद्धार गरेउ शिव औतार। शिवशरणम् ॥३८॥

शिवरुप बुद्ध हो बुद्ध शिव हो । नवौ औतार नारायणको बुद्ध रुपको । शिव शरणम् ॥३९॥

नारायणको कल्कि वतरा शिव राक्षस भो । राक्षस रुपी शिवमा धर्म लीला भो । शिवशरणम् ॥४०॥

कलीकालका राजाहरु रावण सरीका । थरीथरी धर्म गर्छन् कर्महीनका । शिवशरणम् ॥४१॥

नागेश्वर शिवलिङ्ग दर्शन गरेर । नाग दोष सन्त हुन्छ पुजे गएर । शिव शरणम् ॥४२॥

नागपुजे शिव साथमा सिद्धि प्राप्ति भो। देवीसाथ नाग पुजे शक्तिमीलिगो। शिवशरणम् ॥४३॥

श्री रामले स्तुति गरे शम्भु कहाँछौ। रावण मार्न सकु मैले वर्दान् तिम्ले देउ। शिव शरणम् ॥४४॥

रामेश्व दर्शन गरी घुस्मेश्वरै को। शिव शक्ति रुपको दर्शन मिलेको। शिव शरणम् ॥४५॥

ब्रह्माशक्ति पाएर शिव आएर। ईन्द्रादिले स्तुति गरे खुशी भएर। शिव शरणम् ॥४६॥

खुशी भए देवता शिव रमाए। आफ्नो रुप शिवलिङ्ग स्थापन गराए। शिव शरणम् ॥४७॥

शुदर्शन चक्र पनि दिए विष्णुमा। सत्यरुप शिव हुन् वसे प्राणीमा। शिव शरणम् ॥४८॥

शिवजीका हजार नाम लिए मिलेर। महर्षि र ईन्द्रादिले जम्मा भएर। शिव शरणम् ॥४९॥

शिवनाम महिमा भजन गरेर। शिवजीको मनैमा भक्ति धरेर। शिवशरणम्॥५०॥

ब्रह्मा विष्णु शिवजी एक रुप हुन्। भुभार हर्न खातिरमा औतार लिए छन्। शिवशरणम् ॥५१॥

व्रती जनले ब्रत गर्ने कर्म खातिरमा। शक्ति रुप शिवको सारा महिमा। शिव शणरम् ॥५२॥

शिव रात्री शिवको दर्शन गरेको। कोटि यज्ञ फलरुप दिने भएको। शिव शरणम् ॥५३॥

शिव शिव भनेर नामै जपेर। मुक्ति भए पापीजन साथ पाएर। शिवशरणम्॥५४॥

नामै जपी भक्ति गर्ने नामै अपार छ। शिव शिव भनि जपे मुक्ति मिल्दछ। शिव शरणम् ॥५५॥

शिव रुप यज्ञ रुप वेद आदर। सान्त हुन्छ भक्ति गरे दिन्छन् सादर। शिव शरणम् ॥५६॥

यज्ञ रुप शिवको सारा अङ्ग हो। प्रेमसाथ भक्ति गरे दर्शन मिल्ने भो। शिव शरणम् ॥५७॥

ईतिकोटी रुद्र संहिता समाप्तम् (शुभम्)

उमा संहिता प्रारम्भः।

शिवपुराण उमा संहिता प्रारम्भ (षष्ठम खण्ड)

भन्छन् सौनकलाई श्रीसूत अनि गौरी र शंकर जीको। उमा संहिता वर्णनै गरी याहाँ भक्ति गरी दुई को। पैलाकै युगमात ब्रह्माजी कहाँ सनत कुमार चार मुनी। पुगी प्रश्न गरे उमा शिवजीको विस्तार बताए पनि ॥१॥

भन्छन् ब्रह्माजीले तथापि तिनमा श्री कृष्ण लिलाहरु। गौरी शंकरको तपै गरी लिए वरदान मिल्यो धेर अरु। फैलाए पद वंशनै त्यसघरी श्री कृष्णजीका त्याहाँ। वरदानथ्यो शिवको तथापि तिनमा वैकुण्ठ जाने माहाँ ॥२॥

शक्ति रुप शिव सूर्यनै हुनुभयो जान्ने महर्षि थिए। आधा शक्ति भवानी कै खटनले दुई रुप आई गए। दुईटा मानिस सत्य वादि तिनीमा लिए अगाडि पनि। सूर्य रुप शिव शक्ति जानी तिनीले सारा जमीनको अनि ॥३॥

जहाँ सूर्यजीको प्रकाश हुनगो औषध वुटि त्यै भयो। शिव शक्ति स्वरुप जानी तिनले उद्धार सवैको भयो। उद्धार गर्न भनेर खातिरमाहाँ पर्वत ठुला जंगल। आश्विनी दुईटा कुमार त्यसमा डुल्दा भयो मंगल ॥४॥

वैद्यहुन् यिनीतातथापि सवमा औषध वुटिका धनि। उद्धार सव जनहेरु को
गरीलिए दुई रुप तिनको पनि। उमा शंकरको स्वरुप तिनमा शक्ति मिल्यो
रुद्रको। आश्विनी कुमार वैद्य नामी वनिए श्री शम्भुकै रुपको ॥५॥

भन्छन् ब्रह्मा अनि ती सौनक जीमा आश्विनी कुमारको। पाई शक्ति तथापि
त्यसघरी भए डाक्टर बढो प्रेमको। चन्द्र सेखर नामका अति ठूला विरै थिए
दानव। सारा लोक जिते तथापि तिनले ईन्द्रा सनैको अव ॥६॥

लिनेमन सुवता तथापि तिनले गर्दा हुदिमा जसै। ईन्द्रैका सँगमा गएर तिनले
जिती लिए सव तसै। मारे देवहरु र दानवहरु जागागराई दिए। दानवकै
विजयी गराई दुईले ईन्द्रै हटाई दिए ॥७॥

हारे ईन्द्र भनि सवै त्यसघरि आश्विनी कुमार माहाँ। ईर्स्या भै तिनको त देव
समभाग खोसेर लिए वाहाँ। भागै खोसिलिए भनि तिनी पनि औषध वुटिजो
अरु। खाई पूर्ण भएर हिड्न जगमा लाग्दा भएथे अरु ॥८॥

भोजन दानवहेरु कासँग वसी उद्धार तिनैको गरी। लागे आश्विनीहेरु हिड्न
भवनमा च्यवन मीले त्यस घरि। द्यौताले पनि जाई ति च्यवनको सम्पूर्ण
लुटि लिए। आदर केहि नपाई ति च्यवनजी तप गर्न खातिर गए ॥९॥

तपका खातिरमा सदा कठिनले पाए सुकन्या पनि। भेट्भो आश्विनीका कुमार
दुइमा वैद्य ठुला हुन् भनि। जानी तिनकन भन्दछन् च्यवनजी द्यौताहरुका
सवै। होम होमादिक भाग दिलायी सवमा राखी म दिन्छु कवै ॥१०॥

यस्ता वात सुनी सकी च्यवनको लौ हुन्छ हामीहरु। तिम्रो यौवन रुप पारी
सवमा राखी दिनेछौ अरु। औषधले गरी रुप यौवन भयो राखि दिए यज्ञमा।
होमको भाग दिलाई तिचच्यवनले राख्दा भए वेदमा ॥११॥

एकदिन तासनकादिका समीपमा मुनी उपमन्यु ता । आए तिनकन भक्ति थे शिवजीका मन्त्रै जपी प्रेमका । ओम नम शिवायै भनेर तिनले तप गर्न खातिर गए । भक्तिले गरी शुद्ध भाव मनले तप माति वस्दा भए ॥१२॥

खाँदै कत्ति नखाई कत्ति नसुती जपे तिनैले अनि । शिव नाम जपी रहे हर घटि ति उपमन्यु मुनी । सौरमास वितेछ यै तरहले वस्दा हुदिमा जसै । आए श्री शिव साधु रुप वनि फेर तिनका नगीचै तसै ॥१३॥

भक्ति कृष्ण जीको पनि गरी लिए दर्शन कठिनले भयो । नामै श्री शिवको जपेर अहिले दर्शन मिली गै गयो । दर्शन भो शिवको र पुजन गरे ति उपमन्यु जीले । भक्तै श्री शिवको भायो त्यसघरी नामै जपे प्रेमले ॥१४॥

जप्तामा शिवनाम दर्शन मिल्यो नारायणैको त्याहाँ । नारायण रुपको तथापि तिनले दर्शन गरे झट् वाहाँ । ज्ञानी सिद्ध पराक्रमी तिनी भए ति उपमन्यु त्याहाँ । सारा लोक भरि सुकीर्ति तिनको फैलाउदो भो वाँहाँ ॥१५॥

भन्छन् ति सनकादि हेरु मुनीमा श्रेष्ठै थिएता पनि । ईन्द्रीयै विचमा रहे शिवजीको ज्ञानै स्वरुपी वनी । मानिसमा नव छीद्र हुन्छ सवमा एघार द्यौताहरु । शक्ति षोडस हुन्छ जानु सवले पन्छिमा सातौवरु ॥१६॥

वृक्षादिहरु मात तत्व हुने भो पाँचौ त तत्वै भनि । त्रीण झारहरु तथापि तिनमा तिन तत्व हुन्छन् अनि । कर्मैका वसमा सदा शिवजीका नानास्वरुपले गरी । सारा ईन्द्रीय तत्व गुणहरु सवै धार्छन् अनेकान् थरी ॥१७॥

माया कै बसमा ठूला मुनीहरु डुल्छन् र फस्छन् पनि । शारदूतिमाहाँत गौतम ऋषि फस्दा भएछन् भनि । तिनीबाट पराक्रमी अति ठुला श्री द्रोण जन्मे त्याहाँ । मक्षे गन्धा माहाँ पराशर फसे श्री ब्यास जन्मे वाँहाँ ॥१८॥

विश्वामित्र मुनि थिए अति ठुला श्री मेनका साथमा। पुजा पाठ र मन्त्र आदि
शिवको वस्दा कुटिमा त्याहाँ। आईन् मेनका कन्या स्वर्ग पुरीको सुखादि भोगै
गरी। विश्वामित्र तिनै उपर फसीगए वस्दा हुदि राम्ररी ॥१९॥

तिनैबाट वसिष्ठ जन्मन गए यज्ञादि ज्ञाता भए। वेदकै रुप समेत शक्ति
शिवको तिन्ले तपाई गए। वृहस्पतिगुरु थिए अति ठूला भाई वुहारी माहाँ।
फस्दामा तिनवाट जन्मन गए ऋषिभार द्वज त्याहाँ ॥२०॥

यस्ता रुप सितले चराचर सवै माया वसैमा परि। घुम्दामा सव मोह का वस
हुने श्री ब्रह्मरुपले गरी। यस्ता बात गरे पितामह जीले माया महाँ देवको।
आदर पूर्वकले चराचर जगत् सृष्टि भयो विजको ॥२१॥

भन्छन् तिनकन ता पितामह त्याहाँ कर्मदि धेरै अनि। मुख्यैचार त कर्म छन्
जगतमा मानिसहरुमा पनि। क्रोधै तिन कन छन् सवै जगतमा सत्यै त दुई
भए। धर्मै चार भए तथापि तिनमा पापैत छैटु भए ॥२२॥

नैमीतक अनि नित्य कर्म र अरु पुर्खादिको धर्मको। आत्मा रुप स्वरुप
द्रीष्ठि जनको संगत् उपर भक्तिको। चारैकर्म यी हुन् तथापि सवमा मुख्यै
भनि जाननु। यिनकै आदर देवताहरु पनि वस्छन् भनि ठाननु ॥२३॥

क्रोधै ति नभए त द्वेश गरनु नानाथरी रुपको। झुट्टा वोली गरेर सज्जन उपर
दोषादि दोस्रो छ को। वाटाघाटा र पार्टि तिर्थस्थल सव नासै गरेका घरी।
तेस्रो क्रोध भनेर जान्नु जनले नास हुन्छ झट् त्यो अरी ॥२४॥

धर्मैचारत छन् सवै जगतमा एक पत्नि एक रुप शिव। पतिव्रता भए तथापि
जगमा शक्ति स्वरुपी तव। सज्जनको पनि गर्नु संगत ठूलो मनले त भक्ति
धरि। द्यौता पुजन गर्नु शुद्ध मनले भक्ति गरी राम्ररी ॥२५॥

उपकार सवमात सोच धरनु हिम्सादि त्यादि दिनु। पुर्खाको सव धर्म थामी
जनले कुलपितृ साथमा लिनु। यैहो धर्म ठूलो तथापि सवमा ऐश्वर्य मुक्ति
दिने। सत्यै धर्म तथापि चार यिनी हुन् जाने र मनमा लिने ॥२६॥

पापै छैटुत छन् सवै जगतमा विश्वास घाती भए। वासै खाग डढाई पार्छ
जनले पत्नि समेत् हर्दिए। हिम्सा चोरी डकैतिता गरीलिने ठगी असत्यै गरी।
यज्ञादिहरु पितृकार्यहरु सव नासी लिने जो अरि ॥२७॥

कुलकै धर्म त्यागेर जाने जनहो आफ्नो र वंशादिको। संहारै सवको गरेर
त्यसले दुखादि को पापी को। छैटु पापत मुख्य यै हुन गए अंशादि धेरै थरी।
हुन्छन् यी नभ मात थापी सवमा नाना प्रकारले गरी ॥२८॥

भन्छन् श्री सनकादि यस घरी त्याहाँ ब्रह्मस्व हर्ने महाँ। महाँपातक दोषी
हुन् तिनीहरु जानी लिए मन्माहाँ। ब्रह्महत्या र वाल हत्या गर्ने श्री हत्यागर्ने
पनि। भुको भार ति हुन् तथापि तिनले नास्छन् जगत् नै पनि ॥२९॥

पीतृ कार्य र वेदकर्महरु सव पाटि र पौवाहरु। आफैले दिई दानता हरणका
दोषीकु कर्मीहरु। कुलकैवाधक जान्नुपर्छ तिनमा सारा नीभाए कुल। पितृ
हत्या समेत तिन कन भयो पापादि भोग्ने खल ॥३०॥

यज्ञै नास गरेर भोजन लिने सम्पूर्ण कार्यैहरु। वेदै हिन गरेर यज्ञ गरने ठगी
ति ब्राह्मणहरु। एक सब्दै जसले त छाड्छ त्यसमा एक गाईमारयो अनि।
कर्मै साथ छोडेछ पाठ त्यसले मारेछ ब्राह्मण पनि ॥३१॥

गो ब्रह्मादिक हत्या नि त्य गरने यसमा ठूलो पाप छ। महाँपातकी पापी जान्नु
तिनमा ब्राह्मण कुलै निन्दीत। यज्ञादिहरुको त कर्म गरनु वेदकै वचनले
गरी। पुराभागति देवता सकलको दिनु वढो प्रेम गरी ॥३२॥

छल्नु ढाँट्नु र प्रेत कर्महरुमा विघ्नादिपार्नेहरु। प्रेतै तुल्यति पातकी भनि बुझे जो जो हुनेछन् अरु। प्रेतै तुल्य भएर पातकी वनि माता पिता कर्मको। छाडि धर्म र कर्म आफ्नो कुलको संहार कै मुर्ति हो ॥३३॥

जस्कास्त्री घरमा पतिव्रता हुनन् ऐश्वर्य साली घर। नित्यै पुजन हुन्छ देवहरुको तिर्थादि को भो घर। आत्मा रुप सव देवता ऋदयमा शुद्धै गराई मन। दिन्छन् आदर देवताहरु मिली आनन्दको भोजन ॥३४॥

यमलोकमा ठुलो छ पापी जनमा दण्डै दिने खातिर। दुष्कर्मै फल हो त थापी त्यसमा पापी गए आखीर। अग्नि कण्डत तप्त कुण्ड सकलछन् नानाजनावरहरु। विशादिहरु कण्ट कादिहरुले धेरै प्रकारका अरु ॥३५॥

मत्ता हाति सुतिष्णकै सरहरु सस्त्रादि धेरै छन्। मुद्गर लौहगदा र दण्ड यीनका दुतै समेत गर्जन। जंगल जलहरुका जनावरहरु पापी उपरमा भनि। डस्नैलाई खडा भई हर घडि वस्छन् भई कामीनी ॥३६॥

चौराशी नरकै भयानकभए वत्तिस जलमा रहे। छत्तिस जंगलका भनि बुझीलिनु वारौत अग्नि भए। दुर्गन्धी र कीटाणुरुप फोहोरै चौसाठी नर्कै छन्। दुई सय त्रीचालीसै मुख्य भनि जानेर नर्कै गरे वर्णन ॥३७॥

सोहि नर्क हरु महात यम राज घुम्छन् सदादिन त्याहाँ। गर्जन्छन् यमदुत तथापि तिनका आएर साम्ने महाँ। सारा जर्जर हुन्छ खुनहरुले आफ्नो शरिर त्यस घरी। पीई खुन् यम दुतले सकलको पापीका हुन् ती अरि ॥३८॥

पृथीवि देखि त नीच दक्षीण दीशा श्रीयम राजको त्याहाँ। लोकको संख्या वताउछु यसमाहाँ जानी लिए मन महाँ। सातकडोर अठाईस यो जन छ वीचमा दक्षीण भगमापनि। सोहि संख्या बुझेर लेउ अहिले लोकै यमैको भनि ॥३९॥

धर्म राज भवनै छ बुझ्नु त्यसको सत्ताईसै योजन । तिनकै साथ महाँ त रोगहरु सव वस्छन् खुशीभै कन । नदि वैरणी तिनै भवनको दायाँ परिक्रम गरी । वग्छीन हर घडि पापीको खुनचुसी जान्छन कति ति मरि ॥४०॥

नानारुप अवाज हुन्छ तिनमा पापी गएका माहाँ । धर्मराज रचीत्रकुट सवमा सभा भवन विचमा । पापपुण्य सवै प्रकार तिनले हेर्दा हुदिमा जव । पाप पुण्य र देवता सकलको आधार गरी गौरब ॥४१॥

धर्मराज सभा गरेर सवको कर्मै विशे खातिर । चित्रगुप्त समते धर्म भवनै नीर्णयनै आखिर । जुनरीतले जुन पाप गर्छ जनले नीर्णय सवको गरी । हाल्छन नर्कहरु महाँ जन लगी पापी मरेका घरी ॥४२॥

कुम्भी पाक नरकैछ ति कन महाँ रौरबमहाँ रौरब । कालसुत्र र मृत्तिकै त्यस घरि जानेर लेउ सव । गर्जन्छन् नरकादि कुण्ड सवमा पापी गएका घरी । दण्डै खातिरमा रहि ति यमराज नानाप्रकारले गरी ॥४३॥

धैरै काल तकै लगेर तिनले दण्डै दिनेछन् अरु । अग्नि कुण्ड र साल्मली सकलमा फ्याकी दिने दुतहरु । अन्ध कुपर काठभार सवले दण्डै भएका घरी । मत्ता हात्ति र सर्प विच्छिहरुले टोकी दिएका घरी ॥४४॥

साराहोस रचेत हुन्न जनको सातो सवै हर्दछन् । वृक्षै साल्मलीको ठूलो छ त्यसमा वृक्षै उपर झार्दछन् । रोगकै रुप महाँ त यातना भई पापी गएका घरी । धेरै दुःख ति पापी नर्क तिर नै जाने ति पापीमरि ॥४५॥

भन्छन् ति सनकादिका समीपमा ब्रह्माजीलेत्यै घरी । जानीवेदहरु पढेर जनले नासै गरेका घरी । जिब्हा नासक अन्ध कै नरक छन् प्राणीहरुले गई । ठुलो खाडलमा लगेर तिनले जंगल ठूलो पाप भई ॥४६॥

असी पत्र सुतिष्ण जंगल ठूलो नाना थरि पापको । पापै नास गराई पार्दछ
त्याहाँ क्रोधाग्निकै रुपको । क्रोधैले गरी धर्म त्यागि जसले अन्यैछ धर्मै
भनि । नागपासै सरिकोत वन्धन परि भोग्ने ति पापी अनि ॥४७॥

कुलको आचरणादि त्यागी कनफेर दोस्रो छ धर्मै भनि । दण्डै भोगी भनेर
जान्नु जनले हुन् ठुला पापी पनि । आफ्नो धर्म र कुल धर्महरु सव छाड्ने गई
नर्कमा । पर्नु पर्दछ अन्धकादिहरुमा जंगल विशे घोरमा ॥४८॥

ईश्वर रुप शिव शक्ति हुन्छ सवमा आदर दिने खातिर । कर्मै खातिर ईष्ठदेव
बुझ्नु भुभार नर्कै तिर । मन्त्रैका वसमा परे शिव पनि द्यौता रहे वेदमा । धर्मै
खातिरमा रहे यम पनि पापीहरु नर्कमा ॥४९॥

भन्छन् ब्रह्माजी तिन कनै सकलको कर्मादिको भोगको । कर्मै हुन्छ ठुलो
मनुष्यहरुमा आखिर भोगादिको । धर्मैले गरी श्रेय मिल्छ जनमा भक्ति गरेका
घरी । आदर सत्य भएर जान्छ जनको जानीलिए राम्ररी ॥५०॥

कर्मैका गतिमा छ पुण्य पनि साथ दानै छ आदर दिने । महाँदान छ पुण्य
घेर जनमा पापादि धेर नासने । भुमीदान छ श्रेष्ठ आदि सवमा पुण्यै ठुलो
यसमा । सज्जन ब्राह्मण सत्य वादि यीनमा दिने जनैजो त्याहाँ ॥५१॥

तोलाकै सरी संख्यत भुमीसवको कल्पान्तरैले गरी । वस्छन् गै तिनीता थिए
प्रभु जहाँ वै कुण्ठ वासीसरि । वैकुण्ठाधि पति चराचर जगत् जुन रीतले
राख्दछन् । सोहि रुप सुख भोग गरेर सवमा आनन्द भोग गर्दछन् ॥५२॥

देव मन्दिर थापीपुजन सधै जो गर्दछन् प्रेम गरी । महादानी भनेर जान्नु
सवमा भक्ति गरेका घरि । उद्धार तिन कनले गरे सकलको पितृहरुको पनि ।
जानी भक्ति ठुलो भनेर बुझ्नु भो महाँ दानै भनि ॥५३॥

सनकादिहरु रहे त्यस घरी दानादि खातिर माहाँ। पुण्यै सव जनमा रहे हर
घटि नारायणै रुप माहाँ। नारायण यदि नाम ली सकलको दानै गरेका घरी।
भूमीदान रकन्यादान शिवमा येज्ञादि नाना थरी ॥५४॥

ब्रह्म वृत्ति दिएर दान गरनु सौ येज्ञकै पुण्य भो। भुमीदान समेत दिन्छ जसले
वृत्ति सरीकै भयो। अन्नदानहरु पनि त्यसघरी पुण्यै दिने छन् याहाँ। पुण्यै
खातिरमा त येज्ञ गरनु भक्ति गरी मन माहाँ ॥५५॥

जलदानै जसले गरेछ जगमा अमृत् सरीको फल। मिल्ला आदरले गरे
यसघरी नारायणै आदर। नारायण रुप दर्शनै गरी लिदा जुन फल् छ मिल्ने
अनि। सोहि दर्शन तुल्य मिल्छ सव फल जलदान गर्दा पनि ॥५६॥

वस्त्रादिहरु दान गर्नु जनले नाना प्रकारले गरी। आनन्दै सीतमिल्छ फल
जगतमा वैकुण्ठमा राम्ररी। गर्नु दर्शनता सदा शिवजीको पुण्यादि धेरै भयो।
वैकुण्ठा धीपति त दर्शन गरे मिल्ला फलै वस्त्र को ॥५७॥

भन्छन् ति सनकादि सिद्ध मुनिले लौ यज्ञगर्नु हवोस्। यज्ञैको फल ता ठुलो
छ भवमा दानादि गर्नु हवोस्। दानैले गरी मुक्ति मिल्दछ सधै दानै छ पुण्यै
दिने। मुक्ति खातिरमा लिएर हरी नाम वैकुण्ठ वासै हुने ॥५८॥

गाई दान गरेर कर्म र अरु भोगै वढाई दिने। गोअङ्ग रयीता ती देव् सकलले
शरिर शुद्धै हुने। गाईमा सव देवताहरु वसे श्री चन्द्र सूर्यै पनि। शक्ति रुप
शिव वस्नुभो तिनी उपर पुण्यै गराउ भनि ॥५९॥

नारायण यदि यज्ञ गर्छ जनले श्री राज सूर्यै पनि। कैलासमा गई बस्दछन्
जनहरु द्यौताहरुमा पनि। अश्वमेध र शक्ति पीठहमा यज्ञादि गर्ने जन।
देवीलोक गई तिनै जनहरु वस्छन् सदादिन् सुन ॥६०॥

धर्मै खातिरमा सवैजनहरु यज्ञादिकै खातिर। वेदकै आदरले अवश्य गरनु
पर्नेछ लौ आखिर। नारायण यदि वाक्य वेद हुनगो ब्याकर्ण शक्ति भयो।
शक्ति वेद मिलि तिनै भुवनमा मुक्ति गराई दियो ॥६१॥

भन्छन् ति मुनीहेरु लौ यस घरि दानादि धेरै थरी। नारायण रुप जान्नुपर्छ
जनले सुवर्ण पुजा गरी। सुनै दान भए भयो प्रभुजीको रुपको महादान भनि।
सुनको रुप प्रभुको भनेर बुझ्नु गर्नु महाँ दान पनि ॥६१॥

अन्त्ये कालमहाँ त गर्नु जनले जे मिल्छ सो दान गरुन्। ठूलो पुण्यछ
अन्त्यमा गरी लिने दान धर्महेरु गरुन्। औसीका दिनमा पनि जनहरु दानादि
गर्छन् भने। पीतृहरु खुशी भई तिनी उपर पुण्यै ठुलो गर्दिने ॥६२॥

पुर्णीमाहरुमा गरेत यदि दान खुशी भए देवता। आशिष वाद प्रदान गरे
सकलले ठूलो भयो पुण्यता। संक्रान्ति यदि पर्वदान सवमा ग्रहादिहेरु पनि।
खुशीभै तिनलाई पूर्ण रुपले शान्ति दिने छन् अनि ॥६३॥

एकादशी ब्रतै गरेर गरनु दुवादशीमा अन्न दान। गर्नुपुण्य ठूलो रहेछ यसमा
भाग्यै बढ्यो पुण्यदान। भाग्यैले गरी मात्र गर्छ जनले दानादिहेरु पनि। सत्
पात्रै भनि जानि दान गर्नु रुपै प्रभुको भनि ॥६४॥

एकदिन व्यास जीले भने तिनीमाहाँ सन्त कुमारमा गई। नारायणरुप दान
हो सकलमा श्री ब्रह्मावृत्ति लिई। ब्रह्म वृत्ति गराई दान गरनु धन वस्त्र भुमी
पनि। छैनन् ती सरिको त दान सहितै संसार खोजे पनि ॥६५॥

वैकुण्ठाधीहरु चराचर जगत् पुज्यै भई भक्तिले। ईह लोक सुकीर्तिपाई
तिनले नारायणै प्रेमले। आदर पाएर पुज्य भै सकलको पुज्यै हुने जन ति
हुन्। धर्मै रुप शिव सत्य जान्नु जनले शक्ति स्वरुपी हुनन् ॥६६॥

तुलादान गरेत आत्मा रुपदान गर्लान जउन जन याहाँ। आत्मा अर्पण नै गरे यदि भने मिल्ने छ रुप तिन्माहाँ। भक्तिले गरी प्रेमले सकलले एक चित्त मनमा धरि। पुजा भक्ति र येज्ञहेरु गरनु नारायणै रुप गरी ॥६७॥

भन्छन् ब्यास मुनी तथापि सवमा सौनक तिमीले अव। लोकालोक भए सवै यस घरी संसरमा गौरब। अतल लोक छ जान्नु पर्छ जनले चार लाख योजन मुनी। वीतल छ त्यसमा तथापि प्रभुको एक लाख साठी मुनी ॥६८॥

वितल देखि छ सुतलै भनि बुझे दुई लाख छत्तिस भयो। योजन हो यो गणीत् यथार्थ बुझ्नु तला तलैमा गयो। तिनलाख चार हजार योजन मुनि पाताल हुदामा जसै। हजार साठी माहाँ र सातल भयो महाँ तलै लाख तसै ॥६९॥

पृथीवि मुनीकात जान्नु जनले योजन र संख्या पनि। विस हजार अनि तेह्र (१३) लाख बुझ्नु अन्तिम तलै मा गनी। सातौ तलहरु को सवै भुवनको वर्णन् गरीयो याहाँ। सख्यै योजन रुपले कहि दियाँ एक एक ऐले याहाँ ॥७०॥

शक्ति रुप शिवले धरे र जगत्मा आदर गरी भक्तमा। भक्तै खातिरमा रहे प्रभु भनि जानी लिए प्रेममा। सोहि रुप वितलै चराचर जगत् नारायणै रुपको। शक्ति खारितले हुने स्वरुप हो शक्ति जगत् रुप हो ॥७१॥

भन्छन् ब्यास जी फेरी सात द्विपको संसारको वर्णन। जम्बु प्लक्षर शाल्मली कुश अनि क्रोश्चादि दिपैछन्। साक पुस्कर द्विप सात यीनी हुन् छन् यी क्रमैले अव। यिनका साथ समुद्र सात यीनले घुम्छन् दिई वैभव ॥७२॥

लवण ईक्षुरसै घृतोद हुनगो दधी त भाण्डोदर। दुग्धोद समुद्र र क्षिर पनि फेर भाण्डो दरै सात र। पर्वत् यीनमहाँ सूमेरु छ ठूलो सोरै छ योजन उद्यो। वत्तिसयोजनमाथि भूमि छ जगत् उचाईमा त्यो उभो ॥७३॥

सोर हजार योजनै यीनमाहाँ हिमालयै पर्वत। यीनका साथमाहाँ रहेछ अरको श्री हेम कुट पर्वत। स्वेत रङ्गीणी पर्वतै तिनमाहाँ उत्तर दिशामा छ त्यो। दशहजार कन योजनै त्यहि भयो रत्ना जडितकोछ त्यो ॥७४॥

त्यसका दक्षीण भागर्कि पुरुषभो सहस्र योजन तर। भारत वर्ष विशे यी पर्वतहरु दिन्छन् अति गौरब। हरी बर्ष भनेर उत्तर महाँ पर्वतछ रौम्यक् त्याहाँ। तिनकै मध्यमहा ईलावृत भयो आनन्दको भोग माहाँ ॥७५॥

सरो वर यीनी देखी उत्तर महाँ छन् चार वटै पनि। सीतो द अरुणो द मानस भयो महाँत भद्रै पनि। तिनकामध्यम भाग पर्वत छ एक सीताम्सुकै नामले। त्यो ब्रह्माजीको वास नै हुनगयो वस्ने अति प्रेमले ॥७६॥

हिमालय त पर्वतैकन उपर चौधै हजार उच्च छ। तिनका वाम र दक्ष भाग तिरमा दुईटै नदि वग्दछ। भल्द नदि र चक्षु नदियीनीहुन् संसार भरि वीजका। फैलाई कन वायु तेज यीनले जन्मै दिने ब्राह्मता ॥७७॥

गङ्गाजीपनि तिन कनै पृथीविमा घुम्छीन् परिक्रम गरी। छारै नाम समुद्र जान्नु तिनमा जम्वु द्विपैमा परि। तिनै द्विपमहाँत देवगण छन् गङ्गाजी धेरै छन्। कैलास पर्वत आदि पुण्यस्थल हुन् श्री शम्भु वस्छन् सून ॥७८॥

भारत बर्ष माहाँ सवै नदिहरु वग्दा हुदिमा जसै। भारत बर्ष भयो हिमालय विशे दक्षिण दिशामा तसै। एक लाख यो जनता रहेछ यसको भारत वर्षै पनि। तिनकै आदरमात देवगणले आएर वस्छन् अनि ॥७९॥

सोहि आदरले त कर्म गरिने हो कर्म भुमी ठुलो। मन्त्रै कावसमात देवहरु छन् सतकर्मको तेजीलो। सारा जन्महरु भए जगतमा मानव जन्मै माहाँ। पुण्यै खातिर हो तथापि तिनको जो कर्मै गर्छन् जहाँ ॥८०॥

जम्वु द्विपकन पूर्व भाग कुश द्विप ब्रह्मादि द्यौताहरु । ब्रह्मा विष्णु महेश आदि त्यसमा वस्दा भएछन् अरु। सत्यत्रेता र द्वापरै कन भयो कल्कि वतारले गरी। ब्राह्मण क्षेत्रीय वैश्य शुद्रहरुमा चल्दै गयो राम्ररी ॥८१॥

कर्मैका वसमात देवहरु ति पर्दा भएथे जसै। जम्वु द्विप प्रशिद्ध पुण्य भुमिमा नामै चलीगो तसै। त्यस्तै रुप सितले त साक द्विप हो श्री सुर्य भक्ति गरी। भक्तै खातिरमात सूर्य भगवान दर्शन वढो वेग गरी ॥८१॥

खुशीछन् तिनमा तथापि सवजन मत्क्ष्यादिहेरु पनि। क्षीर सागरले त वेष्ठित दिए ति देवतामा पनि। पाँच हजार कन योजनै त्यस घरी मान सरोवर छयो। त्यो देखि कन पुस्करै द्विप भयो एक लाख योजन यो ॥८२॥

रोग ब्याधी कन वर्जितै भई सवै वस्छन् खुशीले जहाँ। पुष्कर द्विप भनेर जान्नु जनले आयु समानको त्याहाँ। कालैले गई झट्ट टीपी तिनमा लिएर जान्छन् जव। प्राण वायु तिनको तथापि सवले देख्छन् खुशीले तव ॥८३॥

भन्छन ब्यास अनि तथापि सवमा सूर्यादिकै वर्णन। एक लाख योजनले त अन्तर भयो उपरछ सूर्यै सुन। दश हजार कन यो जनै उपरमा श्री चन्द्रमाको पनि। नक्षेत्रैहरु छन् तथापि तिनमा यो ग्रहमण्डल भनि ॥८४॥

ग्रहमण्डल देखि सप्त ऋषी फेर एक लाख माथी छन्। तिनको मण्डल जान्नुपर्छ जनले हजार योजन कन। स्वर्गलोक छ एघार लाख उपरमा इन्द्रदिले राज गरी। कौवा काग र गिद्ध आदि सवछन् स्वर्गादिमा वेशरी ॥८५॥

महर्लो कमहामर्षिहरु छन् त्यो चौध लाख माथी छ। द्यौता दानवआई सोधन गरी वस्ने खुशी साथ छ। जनलोक लिएर धर्मसूतले आएर धर्मै गरी। यज्ञादिहरु गर्ने जनहरु गई वस्ने खुशीले गरी ॥८६॥

ज्ञानगुणका सव धर्मकर्महरु सव ती देवता साथमा। दामोदर भनि नामका प्रभुत छन् आदर दिने तिनमा। नित्य स्नान गरेर धर्म गरने जन्मादि कै खातिर। दिन्छन् जन्म पनि तथापि तिनले दामोदरै आखिर ॥८७॥

साधु सन्तहरु गएर तिनमा वस्छन् त त्यो लोकमा। लीलाश्री प्रभुको परेछ र त्याहाँ श्री कृष्ण रामादिमा। जुन जुन रुप गरेर पुजन गरे नारायणैले पनि। औतार रुप धरेर सत्य कनता दिन्छन् प्रभुले अनि ॥८८॥

तपोलोक भनि जान्नु आदर दिने धर्मै विभिन्नै थरी। भक्ति कर्म गरेर साथ गरने जुन कर्म गर्ने मरी। भक्ति भावर वेद कर्म सवमा पीता र माता जीको। धर्मै पालन गर्दछन् जन भने पुर्खादिकै धर्मको ॥८९॥

सत्यै लोक कन मिल्ने ईन्द्रकन भयो जो सत्यमा वस्दछन्। नारायण यीन साथमा रहन गै आदर उनैले दिनन। सत्यै धर्म र कर्मपुण्य छ ठुलो नारायणै साथको। कर्मैले गरीमिल्छ भक्ति जनमा कर्मै ठुलो प्रेमको ॥९०॥

भन्छन् सौनक जी सनत कुमारहरुमा भक्ति ठूलो शम्भुको। कर्मै खातिरमात व्यास मुनिले वर्णन गरे प्रेमको। पराशर शुत हुन् ति ब्यास सवमा नारायणै रुपका। धर्मै स्थापन गर्न मातिनी भए श्री रुद्रकै अंशका ॥९१॥

रुद्र यज्ञसरित छैन जनमा कर्मै विशे वेदमा। शरिर शुद्ध गराई तिर्थहरुले चान्द्रायणै वर्तमा। सत्य रज तमोगुणै हुनगयो तिन गुणकै आदर। विभुती कन वार (१२) जन्मन गए अवस्था पाँचौ छर ॥९२॥

वाल्यै भो अनि पौगण्डै हुन गयो यौवन र वृद्धै पनि। मृत्युकै पनि आई ईउपरमा वस्दा भयो यो अनि। वाल्यैको अहिले अवस्था बुझ्नु बहत्तर मैनातक। पन्ध्र बर्ष तकै त पौण्डक भयो आएछ यौवन तक ॥९३॥

असि वर्ष उपर भएछ जव जन आएछ बृद्धै भनि। जान्नुपर्छ तथापि तिनकन उपर मृत्यु छ पाँच मै पनि। नारी सैयार पान वस्र सवछन् श्रीङ्गारका चीज् जति। रजोगुण यी हुन् यी सौर हरुका ऐश्वर्यका भुपति ॥९४॥

हेम भार र ताम्र रत्न धनु सव वेदादिकै भुषण। नृत्यादि कन जानीलेउ तिमीले वेदादि कै पुजन। सङ्ख घण्ट मृदङ्ग ढोल नगरा छत्रादि चामरहरु। संसारी सुख भोगमा रत हुने मानसि थिए जो अरु ॥९४॥

ज्ञानै हुन्छ तथापि यीन् कन उपर नासिन्छ भोगादिले। यीनकै खातिरमात यज्ञ गरनु दिन्छन् फलै शम्भुले। सारा रोगहरु हटाई शिवले शान्ति गराई मन। वस्छन् श्री शिव भक्ति जनहरु सवै पाएर त्यो सान्तन ॥९६॥

यज्ञादिहरुमा र वेदहरुमा ब्राह्मणकै आदर। मन्त्रैका वसमात देवा रहने ब्राह्मण हरुमा छर। ब्रह्मत्वो सहितै त दान गरने यज्ञादिहेरु पनि। गर्नुपर्दछ शुद्ध भै कन त्याहाँ सत पात्र दानै भनि ॥९७॥

क्षेत्रीय हरुले त सव जगत्को राज्यै गरी राम्ररी। आदर दिसवमा रहेर जगको भक्ति प्रभुमा धरि। साधु शन्त र ब्राह्मणै सवमहाँ आदर दिनु प्रेमको। यज्ञ गर्नु र दान दिनु तिनले रक्षा गरी धर्मको ॥९८॥

दुस्मन देखि नहट्नु लड्नु तिनले सत धर्मकै खातिर। पृथीवी राज्य गरेर पालन गरुन् क्षेत्रीहरु ले पर। वैश्य वृत्ति ब्यापार गर्नु सवमा पुजादिहेरु पनि। दानादि गरनु तथापि तिनले सत कर्म हाम्रो भनि ॥९९॥

भक्तिले गरी प्रेमले सवमाहाँ रक्षा गरी पुजन। साधु सन्तर ब्रह्माणदिहरुमा तीर्थादिको रक्षण। ब्राह्मणको र पति व्रतादिहरुको माता पिताको पनि। आदर पूर्वक सेवकै कनवसे सुद्रादिले नै अनि ॥१००॥

भन्छन् ब्यास अनि सवै जगतमा जीवरुपको वर्णन। संसार रुप समस्त जानी जगत्को ऐश्वर्य भोग्नाकन। अग्निले जलले र तेज रशले वायु प्रमाणले गरी। गर्भै खातिरमा रहेर जनलेजीवादि सृष्टि गरी ॥१०१॥

संसारी रुप त्यो चराचर जगत गर्भै विशेमा पनि। सारा जीव शरिर सृष्ठि क्रमले गर्दा हुदीमा पनि। उनै श्री शिवले त गर्भ विचमा आदर दिई राख्दछन्। छैटु मास छ पुर्ण रुप शिवको देहै वनाई दिनन् ॥१०२॥

सातैमास छ पूर्ण अङ्ग बनने आठौ रगतै दिने। नौमा पुर्ण गराई मास दशमा जन्माई कर्मै दिने। भैरवरुप भएर भुमी तलमा श्री भैरबी तेजले। नक्षेत्र रुपमा गई कन वसे तेजै स्वरुप रुद्रले ॥१०३॥

वायुमा पनि योगहेरु सव छन् ग्रहादिहेरु पनि। पितृहेरु बसे तिनै उपरमा सप्तादि हरु अनि। कर्मैको वसमा परेर तिनमा वालकत बद्दै गयो। रुद्र रुप शिवपाई त्यो जगतमा भोगादि गर्दो भयो ॥१०४॥

भन्छन ब्यास तथापिमा तिनी उपर भोगादिकै दुःखको। मल मुत्रादि तथापि तिनीहरुले संकष्ठ के भोग को। संकष्ठै रुपमा वसेर पनि फेर जन्मेर वालक माहाँ। शुद्धै खातिरमा तथापि तिनको कर्मै गरीयोस् त्याहाँ ॥१०५॥

कर्मैका वसमा परेर तिनले लिलादि गर्दै रहे। काम क्रोध र लोभ मोह मदमा सम्पूर्ण पर्दा भए। ईन्द्रैको रुप भोसदा शिवजीको तिनका शरिरमा जसै। राक्षस साथ लडे ति ईन्द्र भवमा आदर मिलीगो तसै ॥१०६॥

निद्रा मैथुनले तथापि तिनको रुपै फरक पार्दियो। ऐश्वर्यै सुखभोग तथापि तिनमा कर्मै विशे हार्दियो। ऐश्वर्यै शुख भोग गरेर रहने धर्मादिकै सादर। पुजादि सव देवता सकलका गर्दा हुने सादर ॥१०७॥

भन्छन् ब्यास अनि ति सौनक जीमा श्री जातिकै वर्णन । गर्भधाराण गर्छ जोजन भने इश्वर जपी रात दिन। छैटु मास त कै तथापि तिनले नामै प्रभुको जपी। वस्नुपर्दछ सत्य भाव शिवको सौन्दर्य रुपी भजी ।।१०८।।

पुजा भक्ति र कीर्तनै गरी रहुन् श्री जातिहेरु जव । सातौ मास भए पछि तिनीहरु भक्ति गरुन् गौरब । नाना ति थरिका लिला प्रभुजीका सुनेर वस्नु पनि। नारायण तिनमा चरित्र हरीका जप्नु मुखैले अनि ।।१०९।।

वस्थीन् यै रीतले त पञ्च मुखित्या एक अप्सार सुन्दरी । गार्ग्यै नामका एक ऋषी फसी गए तिनका समीप राम्ररी । क्रोधी भै तिनी वस्दथे त्यस घरी रीसलेत त्यागी दिए । तिनमा वालक जन्मीए ऋषिमुनी ठुला प्रतापि भए ।।११०।।

त्रिकालदर्शि भए तथापि तिनीता नाम् गर्ग भैगो त्याहाँ। सारामा तिनी पुज्य भैकन बसे ठुला महर्षि वाहाँ। गर्भैको तिनलाई ज्ञान मिलीगो सम्पूर्ण जान्ने भए। मातृ धर्म रहेछ सत्य नभमा यो सत्य जानिलिए ।।१११।।

भन्छन् ब्यास अनि मुनि सीत गई सनत कुमार साथमा । वताई दिनुभो सदा शिवजीले कालको स्वरुपजो त्याहाँ । सोधि थीन् शिवलाई पार्वति जीले काल रुद्र को वर्णन। गर्नुहोस् अहिले मलाई सवत्यो सुन्नेछ मेरोमन ।।११२।।

यस्ता वात सुनेर पार्वति जीका श्री शम्भुले नै त्याहाँ । मृत्यु रुप तिमी जानीलेउ अहिले मुख्यै यी चारै याहाँ। कामक्रोध र लोभ मैथुनमाहाँ रोगादि वस्नेहुदा। यीनकै साथमाहाँ रहेर मईले काल रुद्र जाने सदा ।।११३।।

काल् रुपको पनि त्यहि हो बुझ तिमी श्री धर्मराजमा गई। सारा रोगहरु लिएर मईले बस्नेछु खुशी भई। धर्मै रुप शिव जानी लेउ तिमीले श्री धर्म राज हुन् भनि। भक्ति सत्य महाँ सदातिनीरहि वस्ने सदादिन पनि ।।११४।।

धर्मै सत्य र रुद्र तेज यीनीहुने वायु सरी रुपका। सारा कर्म गरी सवै
गनीलिने पापी र धर्मा दिका। कर्मैं खातिरमा बसे त यिनले दुःखै र सुखै
पनि। दिन्छन् जानीलिए तथापि यीनले सत्यै स्वरुपले भनि ॥११५॥

सोधिन् पार्वतिले तथापि शिवमा कालको र रोगको पनि। बस्ने ठाउँ वताई
वक्सनु हवोस् यस्तो छ ठाउँ भनि। मलमुत्रादि र दुर्गति स्थमाहाँ काल हुन्छ
भन्ने यहाँ सुनेकी छु तथापि आज मईले कुन रुपले नै त्याहाँ ॥११६॥

यस्ता वात सुनी सदा शिव अनी हाँसेर भन्छन् पनि। मसानेश्वर जान आज
तिमीले काल रुद्र को रुप भनि। रोगको रुप पनि जान पार्वति तिमी ज्वाला
उहि रुपको। प्राणीको मनको तथापि तिनको कर्मैं गरी भोगको ॥११७॥

जनु कर्मैं गतिको त मानिस भयो त्यै रुद्र तेज रोगगई। ग्रस्तै गर्छ गएर
मानीसमहाँ त्यै तेजले नै गई। भोजन खातिरमा बसे सव जना निद्रादि
भोगप्यासर। कर्मैं खातिरमा बसे ऋतु पनि श्रृङ्गारले सुन्दर ॥११८॥

रुपै पुज्य वनाई तिन कन अनि नानाथरी भोजन। ईन्द्रै रुप शिव जानीलेउ
तिमीले हर्ने सवैको मन। प्राणी र पशु पन्छी आदि सवमा यै रुपले नै गरी।
दिन्छन् धर्म र पाप बढाई शिवले जानी लिए राम्ररी ॥११९॥

सतमार्गै सीत सान्त भोजन लिनु सतसङ्गमा मन दिनु। आयु पूर्ण भएर मात्र
तिनमा जाने भनि जाननु। कर्मैले मनले र भक्ति रसले यज्ञादिले नै पनि।
आयु बढ्दछ सान्त भाव जनमा येज्ञादिले नै अनि ॥१२०॥

भन्छीन पार्वति फेर सदा शिव माहाँ योगीहरुको पनि। विस्तार गर्नु हवोस्
प्रभो हजुरले जानुन् यिनैले भनि। यस्तो प्रश्न सुने सदा शिवजीले योगी
जनैको त्याहाँ। योगैले गरी भक्ति भाव रसले सुन्दा हुदी मन महाँ ॥१२१॥

पुजा भक्ति र यज्ञ खातिरमाहाँ एक चित्त मनमा धरी। द्यौता सत्य भनेर जान्नु मनले पुजा गरी श्री हरी। सत्यै शान्त स्वरुप धर्म जगमा जानीलिए प्रेम गरी। सत्यै शान्त स्वरुप धर्म जगमा जानीलिए राम्ररी ॥१२२॥

तिनै साधु भनेर जान तिमीले हे पार्वति लौ याहाँ। सत्य भन्दा ठूलो तथापि जगमा क्वै छैन संसार माहाँ। त्यस्तो साधु अपरा जान्नु जनले भक्ति गरेका घरी। सन्यास धर्म ठूलो भयो जगतमा आएर बस्छन् हरी ॥१२३॥

गायत्री जप मन्त्र सिद्ध गरने यज्ञादि गर्ने जन। सन्यास कर्म गरेर नित्य रहने ज्ञानीहरु जो छन्। नारायण शिव रुप जान तिमीले हे पार्वति लौ याहाँ। महादेव रुपले गएर तिनमा वस्नेछु साथै माहाँ ॥१२४॥

यस्ता वात सुनी सदाशिवजीका भन्छीन् ति गौरी अनि। छाया रुप शिव सत्य भन्छ जनले आज्ञा हवोस् त्यो पनि। यस्ता वात सुनेर पार्वति जीका श्री शम्भुले फेर त्याहाँ। शिव सत्य स्वरुप जान तिमीले नौ अक्षरै मा वाँहाँ ॥१२५॥

ओम् नमो भगवते रुद्राय हुनगो नौ अक्षरै शम्भुको। नौ शक्ति नवरुद्र तेज त्यहि हो जानी लिए प्रेमको। एकअक्षर नव रुद्र तेज हुनगो ओम् ब्रह्मरुपी भयो। एकासीकन रुद्र तेज जगमा धर्मै गराई दियो ॥१२६॥

येस्मा सूर्य र चन्द्र जान्नु जगमा श्री रुद्र रुपै भनि। जल रुप चन्द्र भनेर जान्नु जनले अग्नित सूर्यै अनि। ओम्कार रुप शिव व्रह्मणै हुन गयो आत्मा स्वरुप भो जसै। चौराशी रुप सत्य हुन् शिवजीमा जाने तिमीले तसै ॥१२७॥

भन्छन् श्री शिव फेरी पार्वतिजीमा हे देवी अर्को पनि। छाया रुप शिव रुद्र तेज तिमीले जाने मनैले भनि। ब्रह्मा सृष्टि गरेर पालन अनि श्री विष्णुले गर्दछन्। छायाँ रुप शिव भई त भार जगको तिन्ले सहज् हर्दछन् ॥१२८॥

शक्ति आदरमा रहेर शिवले सारा जगत् भर माहाँ। पृथीविका सव दुष्ठकर्महरु सव नासी दिने छन् त्याहाँ '। शक्ति का रुप मा रहि शिवजीले भुवार सारा हरी। रक्षा सिद्ध महर्षि भक्ति जनको आदर गरी राम्ररी ॥१२९॥

सप्तर्षिहरु सात भए जगतमा महर्षि सोरै भए। प्रजापति भए त आठ सवमा श्री रुद्र कै रुपले। रुद्रै रुप यीनमा भयो जगतमा हे पार्वति लौ सुन। धर्मै स्थापन गर्नलाई शिवले दिए मईले तिन ॥१३०॥

भक्तिले गरी प्रेमले वचनले नाना विधानले गरी। साधु शन्तहरु र शिद्ध सवजन छायास्वरुपले गरी। धर्म कर्म र भक्ति भाव सव भो भुवार हर्दा छदा। शिव शक्ति दुवै त खण्ड हुन गए रक्षा गरी सर्वदा ॥१३१॥

भन्छन् ब्यास तथापि पार्वति जिका र्वाताहरु सव यहाँ। सौनकादि सवै महर्षिहरुमा उत्पत्ति वर्णन त्याहाँ। स्वयम्भुमनु देखि उत्पत्ति भईन् श्री सत रुपा पनि। प्रीयाव्रत र उत्तानपाद दुईटा पुत्रै भए फेर अनि ॥१३२॥

तिनकै आदरलेत सृष्टि वढिगो श्री सूर्य वंसैमाहाँ। वंशै वृद्धि भयो तथापि तिनको राजादिहेरु वाहाँ। पृथीविको सव राज्य सासन पनि राजादिहेरु भई। पृथु आदि भए तथापि तिनमा फेर उतान पार्दै गई ॥१३३॥

तपस्वीहरुमा भए त्यसघरी राजा ध्रुवैति भनि। ज्ञानी सिद्ध महर्षिहेरु विचमा राजादिहेरु पनि। धर्म स्थापन भो त्यसै वखतमा द्यौताहरु खुश भए। राजधर्म र ब्रह्मतेज हरु फेर एकत्र जम्मा भए ॥१३४॥

भन्छन् फेर सुतजीति सौनक जीमा उत्पत्ति धेरै अरु। वंसादिहरु फेर भए जगतमा नामादि धेरै अरु। दिति गर्भमहाँ मनु हुन गए कल्याणकै खातिर। दिगपालादि भए तथापि तिनमा द्यौताहरुमा भर ॥१३५॥

वारौ सूर्य भए तथापि तिनमा द्यौताहरु साथमाहाँ। नक्षेत्रै पनि जन्मनै हुन गए
अठाईसै साथ्माहाँ। ठूलाठूला पराक्रमी विरहरु उत्पन्न हुदा भए। कास्यप
ऋषी विशे हिरण्य कस्यपु हिरण्य क्षे जन्मीए ॥१३६॥

हिरण्य कस्यपुमहाँ अति ठुला चार पुत्र पैदा भए। अनुल्लाद र ल्लाद संल्लाद
भए क़न्छ प्रल्लाद जन्मिए। प्रल्लाद भक्ति ठुला भए प्रभुजीका द्यौताहरुका
प्रिय। भक्तिमा तिनी श्रेष्ठ भै कन वसे श्री विष्णुको नै जय ॥१३७॥

पुलोमा महिषी भए त्यसघरी अनुल्लादकै साथमा। धमनी वातापी र ईल्वल
भए दानवतल्लाद साथमा। संलाद की कृतिमात पञ्चक भनि पुत्रै भएथे
जसै। प्रल्लाद साथमाहाँ विरोचन भए सत पुत्र ठुला तसै ॥१३८॥

भन्छन् श्री सुतजी तथापि तिनमा प्रल्हादकै भक्तिको। साधु सन्त र देव सव
ऋषीहरु रक्षा गरेको थियो। प्रल्लाद पुत्र विरोचनै हुन् गए तिनकात पुत्रै
पनि। वलि हुन् तिनीता पराक्रमी ठुला राजा प्रतापि भनि ॥१३९॥

जस्ले राज्यहरु सवै प्रभुजीमा सुम्पी दिएथे जसै। पाउ श्री हरिको धरे शिर
उपर राजा वलीले तसै। ज्येष्ठ पुत्र भएर जन्मन गए राजा वलीमा पनि।
वाँणासुर भनि नाम चल्यो जगतमा थिए प्रतापि तिनी ॥१४०॥

हरिण्यक्ष प्रभुलेत मार्दिनु भयो तिनमात पाँच पुत्र छन्। संकुनी भुत ताप
कुकुर अनि कौवा यीनै पाँच हुन्। अनुल्लादर ग्रीद्ध कास्वी यीनमा जन्मीन
विनता पनि। तिनका पुत्र भए गरुड सवमा प्रतापि ठूला भनि ॥१४१॥

विनताकै सँगमा गरुड भनिफेर सुवर्णनाम दुई छोरा। अरुण साथमहाँ विवाह
हुनगो सर्वाङ्गीणी शेसरा। सेशराले गईफेर गरुड जीमहाँ नारायणै भोजन।
खाईछन् सव चीज तथापि तिनले आए गरुड त्यै क्षन ॥१४२॥

त्यो देखि तिनी गै गईन् त्यसघरी गर्भैत तिनमा भयो। सोरै नागत जन्मीए
तिनीमाहाँ भोजन गरुड को भयो। आई ति सवले परे शरणमा श्री सम्भुका
साथमा। आए भक्ति भनि सदा शिवजीले धारणा गरे काँधमा ॥१४३॥

भन्छन् ति सुतजी ति सौनक जीमा मन्वान्तरै वर्णन। वैवस्वत् मनुले त
वारुण भनि येज्ञै गरे तत् क्षण। तेहि यज्ञ विशेत देवहरु सव आएर जम्मा
भए। ब्रह्माले पनि भक्तजानी तिनमा विज शक्ति दिदा भए ॥१४४॥

थिईन् दिति पनि तथापि तिनमा कास्यप ऋषि साथ्माहाँ। पाई शक्ति पनि
तथापि तिनले राख्दी भईन् पेटमाहाँ। भन्छन् कास्यप जीत थापी तिनमा
गर्भाणी छिन् यी भनि। यीनको पुत्र त मृत्यु हुन्न अहिले जो जन्मिए
तापनि ॥१४५॥

यस्तो वर तिनमा दिए ऋषिजीले लौ आज दियँ वर। भन्दैता ऋषिजी गए
शिवजीमा भक्ति गरी सादर। दिति गर्भ भयो भनेर सवमा विस्तार गरे
मेघले। सुने ईन्द्रजीले सवै खवरत्यो आए बढो वेगले ॥१४६॥

घुमे फन् फनता सवै समरमा दिति समीप मा पनि। पाएनन् तिनले त गर्भ
दितिको पसे उदर मा तिनी। काटे टुक् टुक् पारी गर्भ तिनको टुक्रात सात
सात गरे। हाँसे वालकता त्यहि उदरमा ति ईन्द्र छक्कैपरे ॥१४७॥

मार्छु यी सवलाई सात् सात गरी फेर ती ईन्द्र काट्छन् सव। उनान्चास टुकुरा
गरे त्यसघरी बोले चउन्चास सव। हे दाजु कीन रीश हुन्छ यसरी आज्ञा
सीरोपर गरी। वस्छौं हामीहरु सवै हजुरको आदर गरी राम्ररी ॥१४८॥

यस्ता वात सुनेर ईन्द्र तिनको लज्जीत् भई स्वर्ग माहाँ। जाई राज्य गरी रहे
समरको सारा भुवनको वाहाँ। वर्षै पुर्ण भयो तथापि तिनमा जन्मेन क्वै
वालक। सोही कर्म विशेत वर्ष दशपो वित्यो भएथ्यो तक ॥१४९॥

दितिलाई कठिन भयो त्यसघरी के भो र ऐले याहाँ। महर्षिहरुलाई सोधनि
गरीन जन्मेन वालक याहाँ। यस्ता वात सुनी वृहस्पति जिले भन्नु भएथ्यो
सव। कास्यप गै कन ईन्द्रका हजुरमा विस्तार गरेथे तव ॥१५०॥

आए लज्जित भै ति ईन्द्र पनि त्याँ बाहिर आवो भनि। हातै थापी लिएर
ईन्द्र सँगमा वालक त आवो भनि। उनान्चास कन जन्मिए त्यसघरी वालक
क्रमैले गरी। एकै रुप एक तेजका सकल छन् सारा ती छक्कै परी ॥१५१॥

यस्ता वात सुनेर सौनकहरु हे सुत भन्दै अरु। कुनकारण परि बालकै त्यस
घरी जन्मे क्रमैले वरु। त्यसको कारण सव बताउ अहिले भन्दै अगाडि सरे।
प्रश्नै सौनक को सुनेर सुतले विस्तार सवै त्यो गरे ॥१५२॥

स्वयम्भु मनु फेर स्वरो चिस भए रौच्यै मनु फेर त्याहाँ। ब्रह्मावर्णिता ति चार
हुन गए धर्म सावर्णी त्याहाँ। रुद्र सवर्णी फेर तथापि तिनमा देव सावर्णी
पनि। ईन्द्र सावर्णि हुन मनु सकलका भुभार हर्ने भनी ॥१५३॥

यीनमा सिद्ध महर्षिहेरु सवले कर्मादि गर्दा छदा। ईन्द्रै शक्ति असंख्य तुल्य
फल हो दिने यीनै सर्वदा। स्वयम्भु मनुमात यम भनिने फलका त मालीक
हुने। ईन्द्रादिहरु देवता सकलले आनन्द मानी लिने ॥१५४॥

स्वरोचिस मनुमा तथापि मनुले विर्यैवसु नामका। द्यौताहेरु पनि तथापि
तिनमा यमादिकै भोगका। मन्वान्तर हरुता क्रमैसीत गरी चल्छन् जउन रीत
गरी। ईन्द्रादि सव देवता भुवनमा राज्यादिमा मन धरि ॥१५५॥

भन्छन फेर सुतजी तथापि तिनमा विस्तार गर्छु भनि। कास्यप दक्षायणि दुवै
विचमाहाँ जन्मे विवस्वन् पनि। तेजमा सुर्य समान भए तिनी त्याहाँ सम्पूर्णको
दुख जति। नासै पारेर स्थापना गरी लिए श्री धर्म सत्यै अति ॥१५६॥

कन्या एक् तिनमात जन्मन गईन् श्री· रेणुका नामकी। यौवन पूर्ण भएर तिनकन गए आफै ति सुर्यै लुकी। भोगै ति दुईको भयो तव चिनीन् यी सुर्य नै हुन् भनि। संग्यासाथमा हाँत तिन पुरुष फेर जन्मे क्रमैले अनि ॥१५७॥

पैला हुन मनु श्राद्ध देवपछिता प्रजापति दोसरा। तेस्नामा यम राज जन्मन गए श्री धर्म रुप तेसरा। सूर्य संज्ञामाहाँ क्रमै सित भए सन्तान पैदा पनि। त्वष्ठिमा अनि रौद्र जन्मन गए सम्पूर्ण वाधक वनी ॥१५८॥

संज्ञामा जव सूर्य द्रिष्ठि हुनगो छाया वडो भै गयो। शक्ति रुप त्यहि प्रकट हुनगयो आत्मै स्वरुपी भयो। छायाले तव भन्दछीन म अहिले कुन काम गर्नु परयो। हे संज्ञा अवलौ वताउन कनै उद्धार गर्नु परयो ॥१५९॥

छायाका विचमा ति सूर्य भगवान भोगादि गर्दै रहे। पीडा घेर भयो तथापि त्यसमा श्री सुर्य चिन्दा भए। छायालाई दिएर श्राप तिनले श्री संज्ञा खोजौ भनि। लागे हिड्न तथापि सूर्य भगवान् पत्नि वीयोगी वनी ॥१६०॥

सारामा तिनलेत सोधनी गरे पाए खबर पो त्याहाँ। जंगलमा गईता तृणै भई रहिन भन्ने सुनाए त्याहाँ। संज्ञाकै त्यहि पासमा तिनी ठुलो एक अश्व रुप पनि ॥१६१॥

देखीयो त्यहिता श्री सूर्या सरिको सौर प्रतापी अनि। तिनकै भोग भएर वालक ठुलो जन्मेर दुई त्याहाँ। जंगलका रुख झारता तृणहरु गन्ति गरे सवमहाँ। सोहि शक्ति स्वरुप पुत्र भनि फेर श्री सुर्यले नै पनि। नामै आश्वनी ता कुमार दुईको राखीदिएथे अनि ॥१६२॥

तिनकै आदरमहाँत कन्यापनिएक जन्मीन यमी नामकी। ब्रह्मा भोग गरेर तिन कन रहे पुत्री भईन प्रेम की। पुत्रीले पनि ता हिमालय गई तप गर्न लाग्दि भईन्। गङ्गा नाम धरे सदा शिवजीले सम्पूर्ण पुज्यै भईन् ॥१६३॥

आउनुभो प्रभुता त्यसै वखतमा मीत्रा वरुण जी त्याहाँ । गङ्गा तिर्थ ठुलो
तलाउ तिनले सृष्टि गरे झट् त्याहाँ । साधुरुप धरी तलाउ सँगमा श्री शम्भु
आई गए । गङ्गा स्नान गरेर धारण गरे सम्पूर्ण शक्ति दिए ॥१६४॥

यसै औसरमा त्यहि स्थलमाहाँ थिए च्यवन एक मुनी । तप गर्नै भनिता त्यहि
वसी दिए ती ब्रह्मपुत्रै पनि । कुशलस्थली विशेवनाई कुटि मा तप गर्दथे ती
मुनी । राजा एक थिए त थापि तिनका सर्याति भन्ने पनि ॥१६५॥

तिनकी पुत्री त एक थिन सकलमा नामै सुकन्या थियो । खेल्दै साथीहरु
विशे तिनी गईन् घोचीन रगतै चुयो । हाहाकार भयो त थापि तिनमा दरवार
राज्यादि मा । सर्याति त्यहि भन्दछन् सकलमा विघ्नै परो धेर ममा ॥१६६॥

वताए सवले मुनी च्यवनको रगत वगेको जसै । आए भेट्न भनेर भुपति
त्यहि भन्छन् मुनीले तसै । मट्टिट रुप थियो शरीर तिनको हल्लाईदामा अति ।
आँखै घोचीनगो तथापि यीनले कन्या थिईन् भुपकी ॥१६७॥

यस्ता वात सुनी सकीच्यवनका भन्छन् ति राजा अनि । कन्या मेरी सुकन्या
थीन् येहिबुझ्ने अज्ञनि वालक भनि । यस्ता वात सुनी सकि च्यवनले कन्या
दिए भुपति । दिन्छु माफ त थापी यसघरी महाँ सेवा गरुन् ति अति ॥१६८॥

आए क्वै दिनमा ति आश्विनी कुमार भेट्नै च्यवन जी जसै । अङ्गैं हीन भई
वस्यौ कीन याहाँ मुनी च्यवन जी तसै । यस्ता वात सुनी सकी च्यवनले
भन्छन् तपैमा छदा । विघ्नै भैकन आजयो रुपलिई बस्छु वनैमा सदा ॥१६९॥

सर्याति नृपकी त पुत्री यीनी हुन् नामै सुकन्या भयो । उनै ति नृपको त
आदर गरी दिन वीत्न जादो भयो । यस्ता वात सुनेर अश्विनीकुमार खुशी
भई मनमाहाँ । सारा रुप तिमीको त पूर्ण गरुला जानीलिए मनमाहाँ ॥१७०॥

आश्वि पुत्र भनेर ईन्द्रहरुले यज्ञदि होममा पनि। नामै छैन न छैन भाग सव त्यो खान्छन् उ आफै अनि। तिम्रो अंङ्गत हामी पूर्ण गरुला येज्ञादिको भाग माहाँ। दिनुहुन्छ भने मुनीच्यवनजी होलात उद्धार याहाँ ॥१७१॥

यस्ता वात सुनी सकी च्यवनले लौ हुन्छ भन्दा भए। वैद्येथे तिनी दुई आश्विनीकुमार जीवन तिनैले दिए। झरझर यौवन पूर्ण भैच्यवनले आनन्द माने अति। सुकन्या कन साथमा लिई वसे खुशी भई धेर ति ॥१७२॥

सर्याति नृप ज्वाई भेट्‌दछु भनि आए कृटिमा जसै। देखे यौवनका समिप तिनले पुत्री वसेकी तसै। गाली धेर ति पुत्रीमा गरीलिए खैज्वाई मेरो भनि। छोरी त्यागी दिने समेत प्रण गरे वेश्या भईन् यी अनि ॥१७३॥

सोहि औसरमा तिनै उपरमा आकास वाणी भयो। तिम्रै सत्य छोरी यी हुन् बुझिलिए कर्मै गति सिद्ध भो। यस्ता वात सुनेर भुपति पनि नीउरी चरणमा परे। जाऔ सिद्ध मुने तथापि घरमा विस्तार तिनैले गरे ॥१७४॥

छोरी ज्वाई लिई तथापि तिनले येज्ञादि गर्दा भए। द्यौताका समीपै महाँत तिनले हो मादि पुजा दिए। आए ईन्द्र रीसाई घोर रीतले यीनलाई मार्छु भनि। घोडा पुत्र यी हुन तथापि यीनले दिए हवनै पनि ॥१७५॥

ब्रह्मै तेज खडा भयो त्यसघरी रक्षार्थका खातिर। सारा यज्ञ विशे सवै तिर घुमे हारे ति आखिर तिर। सोहि औसर देखि आश्विनी कुमार स्वाहा भनि होम्महाँ। राखेथे मुनीलेत पुजन गरी त्यो यज्ञ साला माहाँ ॥१७६॥

भन्छनति सुतजी ति सौनक जीमा राज वंश पैदा भई। पुत्रेष्ठि तिनी यज्ञ तिनकन गरे च्यवन ऋषीले गई। सौपुत्रादिहरु त जन्मन गए ईक्ष्वाकु वंसे माहाँ। धनु धारी र राज्यधेर तिनले खण्डन गराए वाँहाँ ॥१७७॥

मान्धाता नृप ईक्ष्वकु हुन गए धर्माज्ञ तिनमा पनि। जन्मेथे तिनमात भक्ति हरीका ति मुचुकुन्दै अनि। भक्तिले गरी ति सदा दिन रहे नारायणै दर्शन। पाउला भनि भक्ति भाव गरी फेर वस्छे सदा दिन तिन ॥१७८॥

पुजाश्री हरीको गरेर तिनले येज्ञादिको भावले। भक्ति श्री शिवको गरेर तिनमा तन् मन वचन प्रेमले। यज्ञ रुप भएर कृष्ण भगवान दर्शन दिई तिन्कन। पाल्नु भो प्रभुता तथापि जगको उद्धार गरी तत् क्षण ॥१७९॥

सोहि वंसमाहाँ भयो प्रभुजीको त्रीसङ्कु राजा पनि। वाहु पञ्च गणै भए पृथीविमा सगर प्रतापी अनि। राजाहेरु अनेक जन्मन गए तिनकात छोराहरु। पृथीविमा सव राज्य पालन गरी वस्दा भए धेर अरु ॥१८०॥

यस्ता रीत् सितले त सौनक जीमा भन्छन् तिनी सुतजी। सागरका पनि नाती हुन् ति भगीरथ नारायणै अंश ती। धर्म स्थापन गर्नलाई तिनले गङ्गाजी ल्याए पनि। भागी रथी भनेर गङ्गा तिनीछन् सम्पूर्ण पुज्यै भनि ॥१८१॥

तिनकै वंश महाँ क्रमै सित गरी जन्मे दशरथ त्याहाँ। राज्यै तिन कनले गरे पृथीविको ईन्द्रादिकै साथ्माहाँ। यज्ञैको फलपूर्ण भै कन गयो पुस्तात एकाईस तक। औतार श्री प्रभु रामको हुन गयो यज्ञै हुदा मास क ॥१८२॥

धेरै यत्न गरे भएन तिनको छोरा न छोरी पनि। पत्नि तिन् पारी भोग गर्दा भएनन् छोरा न छोरी अनि। आज्ञा ति गुरुको लिएर तिनले पुत्रेष्ठि गर्दा भए। यज्ञैका फल पूर्ण भैकन गयो औतार प्रभुले लिए ॥१८३॥

ज्येष्ठपुत्र भएर जन्मनु भयो श्री रामकै नामले। रामलीला त्यहि भैगयो पृथीविमा राज्यै चल्यो तेजले। पृथीविका जति दृष्ट दानव थिए मारेर रावण पनि। उद्धार गर्नु भयो सवै जगतको भुवार हर्ना भनि ॥१८४॥

भक्तिले गरी प्रेमले जनहरु श्री रामकै नामले। सीताजी पनि शक्ति जनि
कनफेर पुजा गरे प्रेमले। प्रेमै खातिरमा सदा शिवजी छन् यज्ञादि गर्दा माहाँ।
दिन्छन् त्यो फलता सदा शिवजीले श्री भक्तीलेनै त्याहाँ ॥१८५॥

भन्छन् ब्यास अनि सवै सुत जीमा श्री श्राद्ध देवैहरु। पितृकर्म विशे रहे
भवनमा सम्पूर्ण प्रणीहरु। जुन्जन्ले पितृकोत भक्ति गरला पिताम्महाँदिकन।
ईच्छा सिद्धि अवश्य हुन्छ त्यसको जानी लिए तत् क्षण ॥१८६॥

जनु पितृहरु लोकालोकसव छन् कर्मैं गति आदर। पाउछन फल त्यो क्रमै
सित गरि कर्मैं गरे खातिर। धर्मैं राज जीकोत आदर गरी जन्मै लिएका घरी।
जुन् जीवात्मा भएर पितृ रहलान् भोगादि नानाथरी ॥१८७॥

त्यै रुप कर्म स्वरुप भोजन हुने मानिस भए अन्नभो। बाँदर हरु भएत फल
फूल भयो नागै भए वायु भो। राक्षस खुन भयो तथापि त्यसमा दानव मदिरा
भयो। सिंहै मांश भयो पशुहुन गए घाँसै वनि गै गयो ॥१८८॥

यस्ता रीत् सितले त पितृहरुमा गोत्रादी नामै कन। दिन्छन् ती फलता त
थापी तिनले जल अन्न पीण्डै कन। वसु रुप पृथीवि भईन् र त्यसमा श्री
रुद्र रुप तेज भो। आदित्य रुप पितृको हुन गयो नारायणै रुप भो ॥१८९॥

भन्छन् ति सुतजी तथापि तिनमा स्वधा भनि नामले। स्वधा रुप शिव तेज हो
बुझिलिनु भो पीतृ मुख तेजले। शक्ति रुप भईन् स्वधा भगवती भुमीगतैमा
परि। भुमि शक्ति स्वरुप पितृ गणको कर्मैं गरेका घरी ॥१९०॥

नित्यै कर्म र धर्म जानीकन फेर गायत्रीको जप पनि। गायत्री जप ध्यान गर्नु
मनले पुर्णै यी गर्छन् भनि। पितृलाई दिदात शुद्ध मनले भक्ति मनैमा धरी।
मीष्ठान्नै अरु मिष्ठ भोजन समेत् दान गर्नु नाना थरी ॥१९१॥

वस्त्र दान ठुलो छ पितृ हरुमा श्राद्धादि गर्दा महाँ। धेरै चिज र भोजनादि
सवछन् छैनन् त वस्त्रै त्याहाँ। भोजन जलहरुमात छैन महता फल हन्न त्यो
श्राद्धको। विना वस्त्र गरे त श्राद्ध निजले त्यो अर्धश्राद्धै भयो ॥१९२॥

पितृ कार्य महाँ त ब्राह्मण पनि हुदैन यी ता कवै। मद्यपान र गाई विक्री
गरने कर्मै विनाको तवै। दुष्कर्मै गरी धर्म नासक भई सास्त्रादिकै निन्दीत।
वेश्याकर्म र ठग गरेर रहने झुट सास्त्र गर्ने हित ॥१९३॥

रजस्वला भईत पत्नि तिनकी पाँचौ दिनै ता नभै। श्राद्धैमा पनि त्यागनु पर्छ
जनले हुदैन तिनले कवै। पित्री कार्यमहाँत ब्राह्मण समेत् यी कर्ममा त्यागनु।
वाक्यैले गरी पितहेरु तरछन् यो सत्य जानी लिनु ॥१९४॥

तेजी शब्द र तेज रक्त फुल सव पुस्पादिहेरु पनि। त्यागनु पर्दछ जाती पुष्प
पनि फेर तुलसी पत्रै अनि। करविर र अर्क पुष्प पनिता त्यादि दिनुहोस्
त्याहाँ। पीण्डैलाई त शुद्ध पार्न तुलसी राखीदिनु विचमाहाँ ॥१९५॥

भन्छन् श्री सुतजी तथापि तिनमा सम्पूर्ण भक्ति गरे। पितृ कार्य भएन व्यार्थ
त्यहि भो फल रुप पितृ परे। यज्ञादिहरुमा र तीर्थहरुमा पितृ त ठुला भए।
तिर्थश्राद्ध गरेर मुक्ति मीलने वरदान तिनले दिए ॥१९६॥

पितृ वल जव मिल्छ प्राणी जनमा तिर्थादिले नै गरी। रुद्र रुप भनि जान्नु
पितृहरुको यज्ञैगरका घरी। पितृ शुक्त भनेर पाठ गरनु श्री रुद्र शुक्तै पनि।
नारायण रुप राम जानी लिनुहोस् मुक्ति दिने हुन् भनि ॥१९७॥

मुक्ति खातिरमा त राम प्रभुको पाठ गर्नु गतिा त्याहाँ। होला सिद्ध अवस्य
जान्नु त्यसमा यज्ञादि गर्दा माहाँ। भक्तिले गरी प्रेमले सकलले तन् मन्
वचनले गरी। जो भक्ति यदि पितृको गरी लिए सात जन्मकै पापटरी ।।१९८॥

सातै जन्म समेत मुक्ति मिलने यो कर्म ठुलो छ र। ब्राह्मण पुत्र थिए ति सात
भवमा श्राद्धदिकै आदर। महाँ पातक पाप नास गरी फेर सातौ त जन्मै गई।
ब्राह्मण पुत्र भएर मुक्ति ति भए सास्त्रादि जान्ने भई ॥१९९॥

भन्छन् ति सुतजी ति सौनकजीमा पितृ महात्म्यै अरु। गाई दान ठूलो छ
पितृहरुमा दिए त भोजनहरु। गौका साथमहाँ रहेर तिनले ती देवता ले पनि।
गाई रुपत भुमी जानी लिनु होस् आए त पितृ अनि ॥२००॥

दानैको गति कर्मको गति भयो भक्ति र प्रेमको त्याहाँ। सारा शुद्ध भयो
तथापि तिनमा वस्त्रादि दानै महाँ। मानिसमा यदि वार मास वितीगो एक
बर्ष पुरा भयो। पितृ लोकमहाँ गए पछि भने एक अहो रात्री छ त्यो ॥२०१॥

दिन्पितृहरुको त उत्तरायणै हुँदा महाँ येस घरी। दक्षीणायन रात्री जानी
लिनुहोस् यो पितृलोकमा परि। यैक्रमले गरी खानपान र अरु वस्त्रदिहेरु
पनि। गर्नुपर्दछ दान पितृ हरुमा सत् भक्ति पाउ भनि ॥२०२॥

सोधे फेर सुतमात ब्यासमुनीको जन्मै कहाँ भो भनि। आज्ञा गर्नुहवोस्
ताथपि सुतजी सुन्नेछ ईच्छा पनि। ब्राह्मणमा यदि जन्म पाउनु ठूलो महर्षिमा
झन अझ। साक्षात् रुप प्रभुको भएर रहनु कुन कारणै भावसव ॥२०३॥

विस्तार गर्नु हवोस् सवै शुत भनि ति सौनकादिहरु। भन्दा ति सुत भन्दछन्
सव कथा श्री ब्यासजीको अरु। येज्ञै खातिरमा थिए अति ठुला मुनी पराशर
अनि। यज्ञै पूर्ण गराई ति शिवजीको पूर्णा हुतिनै पनि ॥२०४॥

दिई सक्नुभयो तथापि तिनले आकास वाँणी भयो। जो भेट्छौं त्यहि भोग
गर्नु मुनीले सास्त्रादि सिद्धै छ यो। यस्ता वात सुनी परासर मुनि गङ्गाजीकै
तिरमा। हिड्दामा त्यहि पारी हस्तीनी थिईन् हेरी रहेकीममा ॥२०५॥

सोहि भोगगरु भनेर तिनले जाउँत पारी भनि। हेर्दैमा त्यहि नाउली कन गईन् ति मक्ष गन्धा अनि। सोचे ति मुनीले प्रभु वचनको आकास बाँणी जसै। ती कन्या कन आई सोधनी गरेली जाउ पारी यसै ॥२०६॥

तारी देउ मलाई आज तिमीले हे देवी ऐले भनि। नाउमा तिनीता चढे मुनी जउन थिईन् ति कन्यापनि। भावैस्री सीतको बढ्यो मुनीमाहाँ भन्दा भए त्यो घरी। हे देवी तिमीलाई देख्दछु मता ठीक पूर्ण चन्द्रैसरी ॥२०७॥

भोगै गर्न भनेर देउ तिमीले हे देवी ऐले भनि। सुनीन ति ऋषिका कुरा अनि भनिन के कारणै हो भनि। सारा गन्धछ दुर्ग ति रुप पनि दिनको त वेला याहाँ। हजुर दिव्य स्वरुपको हुन गई के भोगुली लौ याहाँ ॥२०८॥

यस्ता वात सुनेर ति मुनी त्यहि अमृत छरी दि गए। सारा रुप वति भईन् त्यसघरी कन्या हेरी ति रए। रुप पुर्णै भई गो तिनीउपरमा तिनमा सरम भो अति। कुईरो सृष्टि गराई झट् मुनिले ढाकी दिए सव त्यति ॥२०९॥

सारा पूर्ण भयो तथापि तिनको तत् काल वालक वनी। जन्मेथ्यो त्यहि पुत्रस्नेह हुनगो भन्छीन् ति कन्या अनि। मेरो पुत्र त जन्मीयो यसघरी कहाँ लगी यसको। पालन पोषणता गरु अवकसो भन्दि भईन् हाल त्यो ॥२१०॥

पिताले यदि यो बुझे सव भने मार्छन् मलाई पनि। कुनरीतेले अहिले वचाउ म कनै यो दुखी नी हो भनी। यस्ता वात सुनी पराशर मुनी हे देवी पैले सरी। हुनेछौ तिमी कन्यानै यसघरी जाउ तिमी यो घरी ॥२११॥ (दोहा)

कन्या गराई तिनले पहिले सरीकी। भन्छन् पारशर मुनी तिनमा परिकी। षड्सास्र जान्ने सुतयो छ अपार धेर। जाउ तिमीघर विशेषपछि यो गएर ॥२१२॥

जुनदिन दुःख परला तिमीलाई त्याहाँ । आएर शान्त गरला यसलेत वाँहाँ । देवादि देव सवमा यले क्रमैले । षड्सास्त्र भक्ति रचना गरनेछ यसले ॥२१३॥ (दोहा)

भन्छन् ति सुतजी ति सौनक जीमा श्री ब्यास जीको कथा । सुन्नाले पनि मिल्छ ज्ञान सहजै नासिन्छ सारा व्यथा । जन्मेथे जव ब्यास भुमीतलामा देवाधी खुशी भए । एक बर्षे जव पूर्ण भो र तिनले तप गर्नमा ति गए ॥२१४॥

तपमा मग्न भई रहेर तिनले श्री शक्तिको ध्यान गरी । वस्दामा तिन का पिता त्यहि पुगे आदर गरी राम्ररी । गर्गचार्य र कास्ययै अनि र फेर पुगे भर द्वाज पनि । मन्वान्तर सव त्यहि झट पुगी गए पुगेती नारद अनि ॥३१५॥

सवले आदरता दिए प्रभुजीको ज्ञान भक्ति प्रेमको गुण । गर्गचार्य र नारदै दुई मिली वेदको वताए गुण । थिए त्यै घरीमा पराशर मुनी देवर्षि यिनको अव । नामाङ्कन पनि गर्नुपर्छ मईले मर्छु तुरुन्तै सव ॥३१६॥

यस्ता वात सुनेर गर्गमुनीलिे भन्नुभयो यो जसै । नारायण रुपका यी हुन बुझीलिनु श्री रुद्र शक्ति तसै । रुद्र शक्ति त ज्ञानरुप हुन गो सृष्ठिको नारायण । आत्मा रुप त शक्ति प्राप्त हुनगो वेदादिकै लक्षण ॥२१७॥

सोहि आदरले त ब्यास भनि नाम राखी दियौं यो घरी । भन्दामा ति यराशरै र अरु जन खुशी भए वेशरि । आकाश बाँणी भयो उसै वखतमा सास्रादि हेरु अव । लेखुन् इन कन धर्म सास्र जड त्यो शक्ति दिने गौरब ॥२१८॥

आर्शिवाद दिए तथापि तिनमा ति ब्यास जीले पनि । थाले सोच्न र लेख्न धर्महरुका ग्रन्थादिहेरु अनि । रुप नारायणको भयो त्यसघरी शक्ति भयो रुद्रको । ज्ञानैको उदयै भयो सव मिल्यो ज्ञान भो जगत् सृष्टिको ॥२१९॥

उत्पत्ति जव सृष्टि वर्णन समेत ज्ञानै मिलेथ्यो जसै। लागे लेख्नती ब्यासले त्यसघरी जलको बयान यो तसै। नारायणजल रुपमा रहनुको सारा गरे वर्णन। जलरुपी प्रभुका र सृष्टिहरुका विस्तार गरे वर्णन ॥२२०॥

यस्ता वात सुनेर सौनकहरु हे सुत भन्दै त्याहाँ। सृष्टि कुन रीतले भयो यस घरी विस्तार वताउ याहाँ। यस्ता वात सुनी सकि प्रभुजिको विस्तार गर्छु भनि। लागे भन्न खडा भएर सुतजी सृष्टि भएको पनि ॥२२१॥

जलमा एक थिए ति विष्णु भगवान् जल पुत्रीकै आदर। आईन् लक्ष्मि र साथमा वसी गईन् पाउ विशे सादर। धेरै काल विते त्यहि जलमहाँ बस्दा हुदि विष्णुको। कानैमा जव विज प्राप्ती हुनगो फ्याक्दा जलै विजको ॥२२२॥

विजैले जव खल्वलै हुन गयो दुईटा त दानव त्याहाँ। जन्मे वालक त्यैजलै समरमा मधु र कैटभ माहाँ। लागे घुम्न ति दुई दानव त्याहाँ जलको सवै क्षेत्रमा। नारायण रुप ब्रह्म उत्पत्ति भए नाभी कमल फुलमा ॥२२३॥

वस्थे ब्रह्माजीता यता उती गरी थिएन क्वै एक थल। कस्ले सृष्टि गरयो मलाई यसमा हेरेर वस्थे तल। सोहि औसरमात दानब दुई आएर भन्छन् अब। बस्नै हामीहरुत योग्य त्यसमा जानीलिए त्यो सव ॥२२४॥

छाड्दै नौ यदि आशनै अव भने मारेर हामी दुई। बस्छौं आशनमा आएर अहिले छाडि दिए हामीलाई। यस्ता वात गरे ति दानव अनि हल्लाई खुप रीसले। लागे काप्न ति ब्रह्मताकन त्याँ हल्लाउदा शत्रुले ॥२२५॥

सोहि औसरमात त्यै समरमा आकास बाँणी भयो। आद्या शक्ति भवानीको गरी लिए भक्ति र दर्शन भयो। जागा पार्दिनुभो हरी कन उठे श्री विष्णु नारायण। युद्धै घोर भयो ति विर दुईको दानव र विष्णुकन ॥२२६॥

हजार पाँच वितेछ वर्ष तिनमा लड्दा हुदिमा त्याहाँ। आकास बाँणी भयो
उसै बखतमा श्री विष्णु कासाथमाहाँ। छलका आदरले त मार्नु तिमीले वर
दिन आदर गरी। मारौला तिमीले त दानवहरु आशक्तता ति परि ॥२२७॥

सोहि आदरले त विष्णु भगवान दानब दुई भाइमाहाँ। मागील्यौ वर दान दिन्छु
मईले भन्दा भएथे त्याहाँ। यस्ता वात सुनेरदानव दुई भन्छन् घमण्डै गरी।
हाम्रो जीत भयो तथापि यसमा हार्दा त जाल्मा परि ॥२२८॥

मागील्यौ बरता हे विष्णु अहिले ईच्छा भएको वर। जो ईच्छा मनमाछ सो
अब कहु दिन्छौं त हामीवर। भन्छन् विष्णु अनि प्रशन्न मनले तिम्लाई मारु
भनि। मागेथे वर दानदानव उपर ठगी गरे यी भनि ॥२२९॥

जलमा मार्नु हुँदैन विष्णु तिमीले थल आदि पथ्थर गरी। सत्यै हामी हरुत
पालनगरी मर्छौं बुझेउ हे अरि। यस्ता वात सुनेर दानव जीको श्री विष्णुले
झटत्याहाँ। जङ्घा आफ्नो बढाई बक्सनु भयो राखेर त्यो जङ्माहाँ ॥२३०॥

मार्नु भो प्रभुले त दानव दुई मधु र कैटभ अनि। पृथीवि सृष्टि भईन तथापि
तिनको मांसादिले नै पनि। पृथीविको जव सृष्टि ता हुन गयो ब्रह्माजी खुशी
भए। प्राणी सृष्टि गराउ ब्रह्म तिमीले भन्नेत आदर दिए ॥२३१॥

सोहि औशरमा क्रमैसीत गरि द्यौता र दानव पनि। सृष्टि वद्न गयो तथापि
तीनमा तीनलोक भएथ्यो अनि। तीनलोकको भवमा प्रतापि सवमा ती ईन्द्र
जन्मे जसै। सूर्येचन्द्र समेत उत्पत्ति भए राजा भए तीतसै ॥२३२॥

स्वर्गैलोक वीशेत ईन्द्राजीगए राजा तिनै पो भए। द्यौताहेरु सवै गई कन
त्याहाँ आनन्द मानी र ए। शीरोमणी भनेर नाम कनता थिए महर्षि त्याहाँ।
तिनकै पास महाँ त रौम्यक भए देखे महर्षि वाहाँ ॥२३३॥

भोगै तिनकनता भयो महिषीमा जन्मेछ पुत्रै पनि । जन्म्यो पुत्र भनेर त्यो महिषको नामैत राखेअनि । बद्दैगो महिषा शुरै सकलमा राजगर्न थाल्यो जब । ब्रह्माको तप गर्छु मैकन गई भन्दै उठेथ्यो तब ॥२३४॥

हजार बर्ष तकै गरयो समरमा त्यसले त पायो वर । ईन्द्रासन अव राज्य गर्दछु भनि युद्धै पऱ्योआखिर । जित्यो सव त्यसलेती दानवहरु स्वर्गै गएथे जसै । दुखी भै सव देवता र मुनीसब घुम्दा हुदिमा जसै ॥२३५॥

भन्छन् ती सुतजी तथापि तिनमा दुख् पाई द्यौताहरु । जम्मा भैकन शक्तिको गरी लिए आराधनाजो अरु । शक्ति रुप खडा भईन् त्यसघरी सस्रादि सवले दिए । युद्धै गर्न भनेर भुमी तलमा आएर जम्मा भए ॥२३६॥

दुवैका सँगमा त युद्ध परिगो मार्दिभईन दानव । मारिथिन् महीषा सुरै सकलमा तिनले अशुरमा सव । राज्यै सवकन देवता उपरमा तिन्ले दिईथीन् जसै । खुशी भै कन देवता सकलले स्तुति गरेथे तसै ॥२३७॥

सोहि रुप सीतलेत देव गणले श्री ईन्द्रले नै पनि । राज गर्दैकन ति रहे पृथीविमा द्यौताहरुले अनि । धेरै कालपछि त जन्मन गए दानव ठुला विरती । चण्ड मुण्ड र रक्त वीज पनि फेर शुम्भ नी शुम्भै अति ॥२३८॥

राज्यै त्यै रीतले जितेर जगको ति दानवैले पनि । ईन्द्रै आशनता लिए ति दुईले स्वर्गादिको नै पनि । त्यो वेला पनि शक्तिको गरीलिए आराधना राम्ररी । उद्धार गर्नुभयो सवै जगतको दानवहरु नास गरी ॥२३९॥

भन्छन् नारद ता थिए जव त्याहाँ देवाधीहेरु जति । गाए कीर्तन देवीको सकलले आनन्द मान्दै अति । ठुलो उत्सव भो सवै भुवनमा द्यौताहरुमा तब । यज्ञादि कनता गरे सकलले ब्रह्मर्षि थिए सब ॥२४०॥

गाए कीर्तन देवीको स्तुति गरे वेदादिले नै पनि। धर्मै पालन भै गयो जततमा ती देवतामा पनि । प्रादुर्भाव भईन् उसै वखतमा ज्ञानमा ति पुर्णै थिईन् । सरस्वती भनि सवै खुशी भए विद्या बढाई दिईन् ॥२४१॥

विद्यापूर्ण भयो सवै जनमहाँ हर्षे ती ब्राह्मणहरु । जन्मै पार्वतिको भयो भनि खबर आयो तुरुन्तै अरु। जन्मीन् पार्वतिता भनि शिवजीले भन्नुभयो सवमहाँ। चैत्रै शुक्लकी अष्टमी दिनमहाँ जन्मै भएथ्यो त्याहाँ ॥२४२॥

ब्रह्मै चारीणी नामले त्यसघरी रुप शक्तिको भो अनि। यज्ञै खातिरमा भयो र रुप त्यो शक्ति स्वरुपको छनी। कालीको रुप भो तथापि तिनमा सस्त्रास्त्रकै खातिर। सुभार हर्न भनेर रुप वनिगो सम्पूर्ण लोक खातिर ॥२४३॥

यस्ता रुप शितले ती देवगणमा देवी प्रकट भै त्याहाँ। कलि काल माहाँ सवै भुवनमा शक्ति स्वरुपी महाँ। यज्ञैमा पनि शिद्धि दात्री अनि फेर मुर्ति महाँ सून्दरी। कार्यै भाव महाँत भैर विभनि भन्छन् शरणमा परि ॥२४४॥

वङ्गला मुखी प्रेममा हुन गईन् कार्यादिहेरु पनि । माताङ्गी अनि भैरबी र सहसा सावित्री दुर्गा पनि । यी कार्यादिहरु चराचर विशे चल्दै सदादिन यीनी। भक्तिले गरी प्रेमले जगतमा पुज्दा हुदिमा पनि ॥२४५॥

भन्छन् ब्यास पनि ती पार्वतिजीको गुप्ति रहस्याहरु । आत्मा रुप तिनको अपार महिमा विस्तार गर्छु अरु । प्रेमैमा अति प्रेमको ऋदयमा ओम्कार मुर्तिलिनु। ओमकार रुप शिवको स्वरुप रजको शक्ति स्वरुप जाननु ॥२४६॥

भक्तिले गरी प्रेमले सकलमा उद्धार गर्दा माहाँ। ओम कारेस्वर रुपधारणा गरे शक्ति स्वरुपको त्याहाँ। जंगलमा परदा समुद्र तरदा सस्त्रादिका सथा हुदा। शक्ति रुप जगदम्बीका बुझीलिए ओम् कार जप्नु सदा ॥२४७॥

तिर्थादिहरुमा पनि त सवमा ओम्कारकै आदर। वाराणसी र हरी क्षेत्र सवमा गङ्गाजीमा छन् सव। तिर्थादिहरु छन् सवै स्थलमहाँ आदर प्रभुको गरी। आदि शक्ति भवानीकै खटनमा आदर गरी राम्ररी ॥२४८॥

शिव शक्ति अपार कार्य महिमा जो पढ्दछन् सुन्दछन्। भुक्ति मुक्ति दुवै मिलिकन तिनी आनन्दमा पर्दछन्। भुत प्रेत पीसाच आदि गणसव हटेर जान्छन् पर। साक्षात् रुप तिनको हुनेछ शिवको भक्ति अपारको छ र ॥२४९॥

भक्ति भाव र कर्म यज्ञहरुमा जप्नु शिवनाम् पनि। ओम्कार जप्नु सदा रहेर मनले मिल्ने छ शक्ति भनि। नीत्य कर्म र धर्म पुजाहरुमा तन्त्रादि मन्त्रादिमा। ॠदयै घट वासी जान्नु शिवजी श्री शक्ति का साथमा ॥२५०॥

ईति शिव पुराणा उमा संहिता श्लोक समाप्तम्।

उमा संहिता भजन आरम्भः

शिवजीको सूर्य रुप जगत् ढाकियो। औषध रुपी छर्नु भो रुद्र तेजको ॥१॥
भजउ शिवलाई ॥

वोट वृक्ष जंगलका झार लहरा। शिव शक्ति पाएर गर्जे पहरा ॥२॥
भजउ शिवलाई ॥

दानवहरु जियाए भन्ने जानेर। अश्विनीमा द्रेह गरे ईन्द्र गएर ॥३॥
भजउ शिवलाई ॥

उपमन्यु महर्षिले नाम जपेर। नारायण रुप शिव दर्शन पाएर।
भजउ शिवलाई ॥४॥

शिव तत्व ज्ञान गरी माया जालैको। शक्ति रुप वर्णन भो महाँ रुद्रको।
भजउ शिवलाई ॥५॥

पाप कर्म ठूलो छ धर्म छाड्ने को । धर्म कर्म छाड्ने जन नास हुने भो ।
शिव शरणम् ।।७।।

यम लोक वर्णन भो पापी जनको । दुष्कर्म कै फल हो जाने पापीको ।
शिवरणम् ।।८।।

पापी जनमादण्ड दिने यम राज हुन् । धर्म सभा साथ लगी खाता हेर्दछन् ।
शिवशरणम् ।।९।।

पापी जन मरेर गए नर्कैमा । भोगी पाप दुःख दिई सारा जनैमा ।।
शिवशरणम् ।।१०।।

कुल धर्म पीतृ धर्म गर्नै पर्दछ । ईष्ट देव फरक पारे नर्कै पर्दछ ।
शिवशरणम् ।।११।।

सातै सागर सात लोक धर्म फरकले । दिने छैनन् तिनमा बस्न ईष्ट
देवले । शिवशरणम् ।।१२।।

दान साथ देवता प्रेम भावैमा । सत् पात्रमा दान गरे नारायणैमा ।
शिवशरणम् ।।१३।।

धर्म गर्नु यज्ञ गर्नु गर्नुमहाँ दान । पूर्ण कर्म रुपले जप्नु हरी नाम।।
शिवशरणम् ।।१४।।

सतभक्तिमा सत्य रुप सत् पात्रमा दान । तिर्थ गर्नु ब्रत गर्नु जप्नु हरी नाम ।
शिवशरणम् ।।१५।।

दान धर्म पर्वको दिए दर्शन । नारायण रुप तिन्ले पाए दर्शन ।।
शिवशरणम् ।।१६।।

सारा दान महिमा भक्ति यज्ञैमा । एक चित्तले पुजा गर्नु दान धर्ममा । शिव
शरण् ।।१७।।

सुतजीले पृथीविका लोक वताए। नारायण सत्य रुप दर्शन दिलाए। शिव शरणम् ॥१८॥

जब देवी देवता गङ्गा साथमा। कैलास पर्वत् सारा देव देव हातमा। शिव शरणम् ॥१९॥

देवहरु कर्मका बसे साथमा । जम्बुद्धिप कर्म क्षेत्र तपो भुमीा । शिवशरणम् ॥२०॥

पुस्कर द्विप आनन्द को भुमी पाईयो। कालआई टिपेर साथ लिने भो। शिव शरणम् ॥२१॥

सारालोकहरुमा देवताकै साथ। भक्ति गरी पुण्य दिने नारायण साथ। शिव शरणम् ॥२२॥

जसले नित्य जप र्गनन् शिव नामको। भक्ति गरे शिवको ज्ञान पूर्ण भो। शिव शरण् ॥२३॥

चारै जातहरुको कर्म गतिको। विस्तार गरे ब्यासले शिव शक्तिको। शिव शरणम् ॥२४॥

जन्म दिए शिवले भैरव रुपैले। कुलधर्म आचरणले कर्म दिलाए। शिव शरणम् ॥२५॥

पीतृ मातृ भक्तिले सत्य दिलाए । छोरा छोरीहरुको कर्म बढाए । शिवशरणम् ॥२६॥

मातृ धर्म ठुलो छ भक्ति गरेर। गर्गमुनी जन्मिए सिद्ध भएर। शिवशरणम्॥२७॥

कालरुद्र सत्यरुप जानीलिए । दिन्छन् दर्शन शिवले यम भएर । शिवशरणम् ॥२८॥

शान्त भोजन सत्य रुप भक्ति मुक्तिको । सत्यकर्म सत सङ्गले आयु बढ्ने भो । शिवशरणम् ॥२९॥

साधु शन्तरुपको भक्त जनको । सन्यास सान्त रुप हो महाँ देवको । शिवशरणम् ॥३०॥

शिव रुप रुद्रतेज वर्णन गरियो । नवाक्षर नवरुप नवै तेजको । शिवशरणम् ॥३१॥

छायारुपी शिवजी रक्षा खातिर ।ो पृथीविमा भार हुदा आउने आखिर । शिव शरणम् ॥३२॥

सूर्य वंश चन्द्र वंश राज वंशको । सृष्ठि गरे शिवले भुभार हर्नाको । शिव शरणम् ॥३३॥

दिगपालादि देव गण सारा जन्मीए । दानव का कुलमा प्रलाद जन्मीए । शिव शरणम् ॥३४॥

भक्त जानि शिवले माला लगाए । नागमाला लाएर शिव रमाए । शिव शरण्म ॥३५॥

द्विति गर्भ प्रकट भो वालक जन्मीए । वायु तेज प्रकट भो खलवल गराए । शिवशरणम् ॥३६॥

राज्यादिमा मनुको वर्णन गरीयो । ईन्द्र तेज नारायण ब्रह्म रुद्रको । शिव शरणम् ॥३७॥

सूर्य रुप नारायण जन्मे वालक । अश्विनीका दुई कुमार जन्मे प्रताप । शिव शरणम् ॥३८॥

भन्छन् ऋषी च्यवनजी कन्यान दिए । आत्म हत्या गरी मर्छु सत्य बुझीए । शिव शरणम् ।॥३९॥

सर्यातिले कन्या दिए ऋषी साथमा । सुकन्या र च्यवनजी वस्थे कुटिमा । शिवशरणम् ॥४०॥

सर्यातिले कन्या दिए ऋषी साथमा। आश्विनीलाई होम दिदा क्राधै ईन्द्रमा।
शिव शरणम् ॥४१॥

राज वंश जन्मीयो यज्ञ गरेर। शिव शक्ति प्रकट भो भक्ति गरेर। शिव
शरणम् ॥४२॥

रामनाम जपेर पार तर्ने हो। शिव शक्ति रुपले भक्ति गर्ने हो। शिव
शरणम् ॥४३॥

शक्ति रुप पार्वति हुन् सीता औतार। नारायण शिवरुपी रामावतार। शिव
शरणम् ॥४४॥

पितृ भक्ति ठूलो छ कर्मै गरन। नारायण रुपको भक्ति गरन। शिवशरणम् ॥४५॥

ब्यासजीले वताए पितृ कल्यैको। पितृ भक्ति ठुलो छ भक्ति भावको। शिव
शरणम् ॥४६॥

सातौ जन्म उद्धार गर्ने पितृ कर्म हो। यज्ञादिमा फलदिने नित्य कर्मभो।
शिव शरणम् ॥४७॥

यज्ञ गर्नु दान गर्नु पितृ भक्तिमा। आदर गरी प्रेम गर्नु साक्षात् रुद्रमा। शिव
शरणम् ॥४८॥

ब्यासजीको जन्म भो विस्तार गरेर। पराशर देखी जन्मे भन्ने सुनेर। शिव
शरणम् ॥४९॥

ब्यासरुप नारायण नामै धरेर। रुद्र रुप शक्ति मिल्यो औतार भएर। शिव
शरणम् ॥५०॥

मधु कैटभ मारेर सृष्टि गराए। पृथिविको सृष्टि हुदा ब्रह्मा रमाए। शिव
शरणम् ॥५१॥

दानवराज जन्मेर तपस गरेर। स्वर्गलोक जीतिलीयो युद्धै गरेर।
शिवशरणम् ॥५२॥

मारी दिईन दानव द्यौता रमाए। खुशी भईन् देवी ता उत्सव वढाए। शिव शरणम् ॥५३॥

विद्या रुप सरवती शक्ति कालीका। कार्यरुप पार्वति हुन् जगदम्बीका। शिवशरणम् ॥५४॥

शक्तिरुप देवीको भजन गरेर। नारायणी नामले मुक्ती दिएर। शिव शरणम् ॥५५॥

नवाक्षरी नवदुर्गा रुप पार्वति। शिद्धि रुप पार्वति हुन् शक्ति गायत्री। शिव शरणम् ॥५६॥

ईति उमासंहिता भजन समाप्तम शुभम् ॥

शिव पुराण कैलास संहिता प्रारम्भ

भन्छन् सौनकजी क्रमैसीत सुन्यौ उमा सहित् सम्भुको। ब्यास रुप रहेछ सत्य शिवको नारायणै रुपको। कैलास पर्वतमा रहेर शिवजी भन्ने सुनीयो अब। विस्तार गर्नु हवोस् मुने सकलत्यो श्री शम्भुको वै भाव ॥१॥

यस्तो प्रश्न सनेर सौनकजीको श्रीसुत भन्छन् त्याहाँ। थिए क्वै दिनमा समुद्रतटमा गङ्गाजीका तिर महाँ। आए रुद्र पनि त्यहि तट विशे पुजा गरे प्रेमले। भक्तिले गरी अर्घ अर्पण गरे वेद्कै वचन भावले ॥२॥

त्यो जानीकन शम्भुले त्यसघरी वर दान् दिनु भो त्यहाँ। धर्मग्रन्थ र वेद सव यसघरी जानी लिए मनमहाँ। वरदान दिकन जानुभो शिव अनि कैलाश मार्गै गरी। सोहि ज्ञान अनुरुप सवै जगतमा विस्तारले राम्ररी ॥३॥

गर्छन् वर्णन शम्भुको यसघरी कैलासमानैछदा। जुनलीला गरी बस्नु हुन्छ शिवजी विस्तार गर्छु सदा। ओम्कार रुप शिवमा सवै जगतको प्राणर्थ निम्ति भयो। रक्षार्थै भनि जानी रुद्र रुपको यज्ञादि गर्दातयो ॥४॥

भन्छन् ति सुतजीति सौनकजीमा कैलासवासी शिव। कैलास पर्वतको त दर्शन गरे राधा सहित् माधव। कैलास पर्वत हो अपूर्व शिवको दर्शन गरेका घरी। ज्ञानै सिद्धि भएर जान्छ जगतमा नासै हुनेछन् अरि ॥५॥

थिईन पार्वति जी तथापि सवमा कैलास दर वारमा। नन्दि भृङ्गि पनि त्यहि सव थिए ति शक्तिकै भावमा। आए पुत्र पनि गणेश तिनमा खुशी भईन् त्यो घरी। नारद सिद्ध महर्षिले पनि त्याहाँ स्तुति गरे राम्ररी ॥६॥

कैलास पर्वतको अगम्य महिमा देखेर द्यौताहरु। आए श्री शिवमा गरे स्तुति जउन् कैलासको नै अरु। नानारुप धरि तथापि शिवजी घुम्दा भएथे त्याहाँ। रुद्रै रुप थियो तथापि शिवको शक्ति मिल्यो त्यसमहाँ ॥७॥

शक्ति रुप भई तथापि शिवजी वारौ स्वरुप कै भए। वारौ शक्ति स्वरुप नाम तिनको श्री शक्तिमा देखिए। विद्या रुप सरस्वति हुन गईन् वारौ त नामले गरी। विद्या रुप शिवजी महर्षि हुनुभो श्री शम्भुको त्यसघरी ॥८॥

सरस्वती स्वरुप पार्वती भईन् रुपैत वारौ भए। वारौ रुप शिवशक्तिको हुन गयो विद्या स्वरुप तिभए। विद्या ज्ञानमाहाँ वसे शिवगई आदर लिई प्रेमको। विद्या रुप शिवशक्ति भैकन वसे उद्धार गरे भक्तको ॥९॥

यस्तो कर्म गरेर ति शिव अनि वसछन् ति कैलासमा। वारौ नाम भए सरस्वति भनि ओंकारको नाममा। ओम्कार भो सवमा महर्षिहरुमा भुक्ति र मुक्ति दिने। यज्ञादिहरुमा र कर्म गतिमा ज्ञानै विशे सम्झने ॥१०॥

ओम एकाक्षरी मन्त्र हो बुझीलिनु आत्मा स्वरुपि भनि। शक्ति रुप त्यहि छ आदर गरे मन्त्रादि मानै पनि। आकार रुप त मुर्ति जान्नु जनले छन मुर्ति धेरै अरु। मकार हो सवमा स्वरुप जनमा विन्दु भएथ्यो अरु ।।११।।

विन्दुमा पनि छन त पाँच रुपले ब्रह्मास्वरुपी शिव। सत्यै तेज भयो तथापि तिनमा क्रोधाग्नि भागे सव। सत्यै पालनमा रहेर शिवजी यज्ञादिमा गै कन। भक्ति खातिरमा रहेर शिवजी बस्ने सदादिन् दिन ।।१२।।

प्रातकाल महाँ उठेर जसले गङ्गाजी स्नानै गरी। पुजापाठ र मन्त्र जप गरीलिए यज्ञादिमा राम्ररी। खानपान र होम यज्ञहरुमा ओमकारकै नामले। पुजिन्छन् सवदेवताहरुमहाँ श्री रुद्रकै तेजले ।।१३।।

भन्छन् श्री शिवजी तथापि तिनमा कैलाशदेवदीमा। ब्रह्मचर्य र धर्म साधु जनमा कर्मै गरे साथमा। प्रातकालमहाँ उठेर जनले शद्धै भई राम्ररी। दन्त धावन कर्म स्नान गरनु स्नानादि राम्रो गरी ।।१४।।

प्रात कालमहाँ उठेर हरी नाम जप्नु र मन्त्रै पनि। गायत्री जप गर्नुपर्छ जनले हो कर्म मेरो भनि। गायत्री जपको अपार महिमा जानेर लेउ याहाँ। जस्ले जप्तछ सिद्ध मिल्दछ त्याहाँ रुद्राक्षकै साथ्माहाँ ।।१५।।

हजार वार जपे छ दिन् दिन भने रुद्राग्निकै तेज भो। मिल्छ सिद्ध अवस्य जान्नु जनमा तपस्वी रुपपुर्ण भो। अष्ठोत्तर जपमात्र गर्दछ भने तेजै स्वरुपी हुने। रुद्रतेज रुपै भए तिनीमहाँ शक्ति उनैले दिने ।।१६।।

चउन्नै कनजप गरेत जनले श्री पार्वति रुप भई। दिने हुन फलताविचारी लिनु फेर आखीर तिनमागई। सत्ताईस दशमात्र जप गरी लिए आत्मात शुद्धै हुने। आत्मा रुप शिवमा बुझे यसघरी कर्मै गरेमा हुने ।।१७।।

भन्छन् श्री शिवजी थिए जति त्याहाँ कैलासमा जो जुन् । सन्यास कर्म पनि वताउछु भनि भन्दा भए सिर्जन । सन्यास कर्म ठुलो छ मुक्ति दिनमा प्राणीहरुमा अझ । सन्यास कर्म र मन्त्र जप्नु जनले तिलक अनेकछन् बुझ ॥१८॥

भस्म धारणामा पनि छ अरु थप ललाट मस्तकमहाँ । कण्ठैमा यदि कर्ण कन्ध सवमा वाहु र छाती महाँ । धारणा यैरीतले गरेर अनिफेर गायत्रीको जपगरी । सन्यास मन्त्रपनित जप्नुमनले हजार पटक राम्ररी ॥१९॥

झुटो बोल्नु हुदैन क्वैतरहले कस्तै परेता पनि । जोमिल्छ भवमा प्रशन्नमनले खानु खुशिले अनि । अर्पण गर्नु प्रभो भनेर सव चीज जो प्रप्य छन् दिन् दिन । प्रशाद हो प्रभुको भनेर मनले गर्न र भोजन सुन ॥२०॥

सन्यासीहरुको त शुद्ध यहि हो मध्यान्हको भोजन । रुद्ररुप समेत पितृहरुको भक्ति र मुक्ति दिन । खानु बस्नु र हिडनु शान्त रुपले सत भक्ति मनमा लिई । प्रेमैले रहनु सवै जन विशेतन् मन प्रभुमा दिई ॥२१॥

सन्यास मन्त्र ठुलो छ यो जगतमा नारायणै रुपको । रुद्र रुप भनेर जान्नु जनले भत्ति र प्रेम भावको । दिनको चार त भाग् गरेर रहनु पैला र अन्त्यै जप । गर्नुपर्दछ साधुले त्यसघरी दोस्रो त भिक्षुतक ॥२२॥

दोस्रा भागमहाँ त हिड्ने सवमा खाने र बस्ने पनि । भोजन आदि तयार गर्नु तिनले हुँ साधु साँचो भनि । तेस्रो भाग महाँ चरित्र हरीको गर्नु कति वर्णन । चारौ भाग दिनको भए पछि त्याहाँ आनन्दपारीमन ॥२३॥

जप्नु श्री हरी नाम कीर्तन गरी जो नित्य कर्मैहरु । गर्नुपर्दछ साधुले सुजनले सन्यास ले जो अरु । यस्ता वात सुनाई रुद्र प्रभुले कैलास वासी महाँ । सन्यास धर्म सवै वताइ दिनुभो संक्षेपले सवयाहाँ ॥२४॥

भन्छन् श्री शिवजी त्यसैवखतमा आशन सहित्को फल। कुशासन सवमा छ श्रेष्ठ वढिया पुजा गरेको फल। कुशको आशनमा बसेर प्रभुको नामै जपेका घरी। सिद्धि प्राप्त हुने अवस्य बभ्नु कर्मै गरे राम्ररी ॥२५॥

मृगचर्म गरेर आशनमाहाँ पुजा जउन गर्दछन्। सारा शत्रुहरु निभाई तिनले आनन्दमा पर्दछन्। सारा आफ्नो शरिर घोर भयमा रोगादि लाग्यो भने। मृग चर्मको अशनै गरी लिए औषध तेहि नै हुने ॥२६॥

वस्नुहुन्न कदापि खाली भुईमा कस्तै हवोस्ता पनि। खानु बस्नु र सुत्नु हुन्न भुईमा हे देवी साँचो भनि। मारी दानवहेरुलाई प्रभुले मांस बन्यो मेदिनी। मासु नाम भएर दुर्गति भयो पुजादि गर्दा पनि ॥२७॥

खाली भुईमाहाँ बसेर जनले पुजादि जप गर्दछन्। मधु कैटभमा मिल्यो फलसवै संकष्टमा पर्दछन्। पुजाजप हरुमात आसन कतै मिल्दैन कत्ति त्याहाँ। वार अंगुलकोत भ्कार लिनुहोस् महर्षि ऐले याहाँ ॥२८॥

आशन तेहि भयो सवै विषयमा द्यौताहरुमा पनि। पुजापाठ र ध्यानमा सकलमा यज्ञादिमा नै पनि। भ्कार घाँस र पात आदि सवमा आशन लिएका घरी। वारौं अंगुलको हुनेछ वढिया जानीलिए राम्ररी ॥२९॥

भन्छन् श्रीशिवजी त्यै वखतमा न्यासादिको वर्णन। शरिरमा जति देवताहरु त छन् घुम्छन् क्रमैले तिन। पाउ जाननु जङ्घा नाभी उदरै छाति र कण्ठै पनि। बाहु सुख र नासीका त्यस घरी लिनु त चक्षु पनि ॥३०॥

श्रोत्रस्थान र ब्रह्मरन्ध्र त्यसमा लिनु ललाटै त्याहाँ। अंगष्ठादि समेत न्यास गरनु छुनु शरीर भरमाहाँ। शरिरमा सव देवताहरु त छन् बस्छन् ति मन्त्रादिले। शरिर शुद्ध हुने अपार महिमा न्यासै गरुन् प्रेमले ॥३१॥

न्यासै सवकन छाडि पाठ गरने मन्त्रादि जप्नेहरु। फल हुन्न तिनको कदापि
बुझ्नु विस्तार कहाँतक गरु। वन्धनका वसमा परेर जनले यज्ञादि गर्दामाहाँ।
सिद्धि प्राप्त हुने अपार महिमा द्यौता वसेसाथ्माहाँ ॥३२॥

प्राणयाम गरेर जप गरनु एक चित्त मनमा धरी। सिद्धि प्राप्त अवश्य हुन्छ
जनमा मन्त्र जपे राम्ररी। मन्त्रैका वसमा परेर मईले श्री शक्तिकै आदर। हृयै
घटमा गएर जनको दीने फलै सादर ॥३३॥

भन्छन् फेरी पनि सवै जनमहाँ कैलासवासी शिव। पुजाको विधी सवै
वताउछु भनि भन्दा भएथे तव। पुजा तिन प्रकार छन् यस घरी संक्षेपले
वर्णन। गर्छुलौ तिमीहेरुमा यसघरी कैलास बासी सुन ॥३४॥

मुख्यै पुजनता अवस्य बुझनु सोरै प्रकारको भनि। सिद्धि मिल्दछ मुख्य
जान्नु येही हो विस्तार ले त्यो पनि। गृहस्तीहरुमा त पुजन समेत दशै
प्रकारको याहाँ। मिल्छ सोर प्रकारले गरि लिनु मिल्दैन दशको त्याहाँ ॥३५॥

गर्नुपर्दछ दशप्रकार रुपले पुजादी नित्यै गरी। भक्तिले गरी प्रेमले वचनले
पुजा गरेका घरि। देशान्तर गए पनि गर पुजा पञ्चोपचारले गरी। हुन्न
त्याग्नु कदापी पुजन पनि जानी लिए राम्ररी ॥३६॥

भन्छन् श्री शिवजी ऋषीहरुमाहाँ यी रुद्र नाम आठ हुन्। शिव रुद्र महेस्वरै
र त्यसमा श्री विष्णु नामै जउन्। पीता मह र शम्भु वैद्य भनि फेर ईश्वर
र ओमकार त्याहाँ। मुख्यै आठ यी नाम हुन् शिवजीका विस्तार बतायैं
यहाँ ॥३७॥

यिनै नाम विशेचराचर जगत् चल्दैछ राम्रो सीत। नारायण रुपबाट विष्णु
सवमा पालन र पोषण हित। गर्ने विष्णु स्वरुप नाम सवमा औतार नाना
गरी। नास्छु दुष्ठहरु तथापी तिनमा भुवार सारा हरी ॥३८॥

भुको भार उतारी खारी सवमा श्री रुद्र रुपै धरी। नासी दुष्ठहरु सबै भुवनका
भक्तै समिपमा परि। आनन्दै सवमा गराई कनफेर आएर कैलास माहाँ।
पशुपन्छी र प्राणी सब जनवीशे बस्ने छु घटघट महाँ ॥३९॥

भुभार हर्न कठोर हुन्छ जगमा श्री रुद्रकै रुप धरी। नासी दुष्ठहरु सबै
भुवनमा भक्तै समिपममा परि। आनन्दै सवमा गराई कनफेर आएर कैलास
माहाँ। बस्नेछु तिमीहेरु मा त्यसघरी जानी लिए मन महाँ ॥४०॥

येस्ता वात सुनेर देवगणले श्री शम्भुको त्यसघरी। पुजा गर्न भनि तयार हुन
गए कैलास वासी सरी। धर्म स्थापन गर्नु भो प्रभुजीले देवाधी देवले त्याहाँ।
सोहि श्री शिव पुज नै गरी लिए कैलास भुमि महाँ ॥४१॥

आवाहन अनि आश नै पनि र फेर वाद्य जलैले गरी। पाउ घोई दिएर
आचमनफेर द्वितिय पुजा गरी। पञ्चामृत दिई चुठाउन भनि गङ्गाजलै पो
दिए। गङ्गाजल कन स्नान गराई शिवमा पुजादि गर्दा भए ॥४२॥

तिलजौ चन्दन अक्षेतैर फुलको गुञ्जा समेत अर्पण। तिन दलयुक्त चढाई
विल्व शिवमा तिन नेत्र कै पुजन। तिन नेत्रै रुप विल्व पत्र बुझ्नु साक्षात्
सीवै छन् त्याहाँ। धुप दिप र नैवेध नै गरिलिए पुस्पाञ्जली फेर वाँहाँ ॥४३॥

आरती गरी सम्भुको त्यसघरी श्री दण्डवत् नै पनि। प्रदक्षीणा समेत समर्पण
गरे वेदकै वचनले अनि। येस्ता रुप सितले गरे शिवजीको पुजादि भक्ति
गरी। खुशी भै शिवले त आदर गरी शक्ति दिने त्यसघरी ॥४४॥

येस्तो कर्म गरेर भक्ति जनले गर्दा हुदि पुजन। खुशी भै कन ब्रह्मरुप शिवको
दर्शन मिल्यो तिन्कन्। ब्रह्मरुप भयो सदा शिवजीको चार वेद चार रुप
महाँ। ज्ञानकै बुद्ध स्वरुपको हुन गयो औतार धारे वाहाँ ॥४५॥

औतार वुद्ध स्वरुप भै शिवजीले ज्ञान भक्ति दिदा भए। ज्ञानै रुप भनि बुद्धलाई सवले दर्शन गरी ति गए। वेद चारै मुखमा हुँदा शिवजी नै जगत् गुरु हुन् पीता। हुन साक्षात् सवका गुरु शिवजीता ज्ञान शक्ति दिनेपीता ॥४६॥

एक दिनता शिवजी सँगै सवजना आनन्दको भोग गरी। त्यसै औसरमा सदा शिवजीले नानाप्रकार रुप धरी। आए ब्रह्मपनि त्यसै स्थल महाँ महर्षिकै साथको। धार्दामा शिव रुपलाई त्यहि नै आयो स्वयम् विष्णुको ॥४७॥

देखे अस्त्र सुदर्शनै सरि थियो आयो अगाडि माहाँ। पशु रुप भयो सदा शिवजीको काटि दियो सीर त्याहाँ। काटेको शिरता उडिकन गयो तेज रुद्रको नै लिई। गीडता त्यहि वसी चलेर त्यसमा भक्तिवीशे रुप दिई ॥४८॥

आधा शक्ति स्वरुपता चल्यो समरमा त्यो पुण्य भुमी महाँ। पाशुपति भनेर नाम चलिगो सारा जगत् भर महाँ। गङ्गा शक्ति स्वरुप भईन बुझी लिनु जानी लिए यो जसै। वागमति भनि नाम चल्यो जगतमा वग्दी भईथीन तसै ॥४९॥

भन्छन् श्री सुतजी ति सौनक जीमा ज्ञानीहरु छन् जति। साक्षात् श्री शिव भक्त हुन तिनी बुझे वेदांत छन् ती अति। वेदमा छ अगम्य ज्ञान सवको वेदज्ञ हो त्यो गुरु। रुद्र रुप अपार हुन्छ तिनमा जानी लिए त्यो अरु ॥५०॥

गुरु हुन् शिव नै चराचर जगत् लाई त रक्षा गरी। ज्ञानै रुप शिवको अपार महिमा जानी लिए यो घरी। जस्ले श्री गुरुको चरण कमलको दर्शन गरी दिन् दिन। गर्दामा तिनलाई ज्ञान मिलला गुरु छ आफ्नो जुन ॥५१॥

शिव रुप भनेर जान्नु गुरुमा दर्शन गुरुकै गरी। आर्शीवाद लिनु गुरुसँग गई भक्ति गरी राम्ररी। गङ्गा स्नान गरेर शुद्ध मनले गायत्रीको ध्यान पनि। गनुपर्दछ भक्तिले त्यसघरी ज्ञानै दिनु होस भनि ॥५२॥

येस्ता वात सुनेर स्कन्ध जी पनि वोले अगाडि माहाँ। मध्यान्है समये त
साधुहरुको पीतृहरुको वाहाँ। पीतृ रुप भनि पीता महजीमा श्री रुद्रकै
नामले। काम क्रोध र लोभ मोह मद सब छाडि दिनु भक्तिले ॥५३॥

करको आदरले त पुजन पनि हुँदैन गर्नु कवै। फलमील्ला तिनमा त दुखीत
हुने कर ले गरेमा सबै। शिव भक्ति ठूलो अपार महिमा गर्नु अति प्रेमले।
भक्तिमा शिवता रहे हवनमा कैलासमा रुद्रले ॥५४॥

नन्दि भृङ्गी र भुत प्रेत सवमा श्री रुद्र कै तेज छ। सोहि तेज स्वरुप रुद्र
तिनमा दिन्छन् फलै सत्य छ। जुन दिनको त मुहुर्तमा तपगरी पुजा र
रुद्रिकन। येज्ञादिहरुमा त तेज त्याहि हो त्यै रुप रुद्रै सुन ॥५५॥

त्यै रुपको फलता सदा शिवजीले दिन्छन् ति भक्तै महाँ। शिववास अवस्य
जान्नु फलको रुप शम्भुको फल्महाँ। भक्तै आदरमा रहेर शिवले कर्मै
विशेको फल। दिन्छन् श्री शिवको अपार महिमा जानी लिए त्यो फल ॥५६॥

भन्छन् स्कन्ध कुमार रुप शिवका पाँचै प्रकारका अनि। पैला रुप शिव मन्त्र
रुप हुनु भो दोस्रो त यन्त्रै भनि। तेस्रो रुप भएछ देव प्रभुको देवार्थ रुप यो
जसै। चौथो भक्त स्वरुप हुन्छ शिवको गुरु त पाँचौ तसै ॥५७॥

गुरु पञ्चम रुप जान्नु शिवको सम्पूर्ण ज्ञानै दिने। कर्मै खातिरमा रहेर सबमा
भक्ति र मुक्ति दिने। मन्त्रैका वसमा परेर सब जन देवाधी पितृ पनि। वसमा
पर्ने अवस्य जान्नु सवले यो रुप येस्तो छनी ॥५८॥

दोस्रो येन्त्र स्वरुप जान्नुशिवको लिङ्ग छ नाना थरी। ओम्कार रुद्र स्वरुप
वर्णन ठूलो येज्ञादिमा राम्ररी। तेस्रो रुप भएर देवगणमा नाना थरी रुपले।
औतार धारण गर्नमा शिवजी छन् तेस्रो ठूलो रुपले ॥५९॥

भक्तै खातिरमा रहेर शिवजी घुम्छन् सदा दिन् दिन । येज्ञादिहरुमा र साधुहरुमा दर्शन दिने रुप सुन। चारै रुप भनेर जान्नु शिवको देवाधी भक्ति जसै। भुतप्रेत पीसाच आदि रुपमा घुम्ने स्वरुप हो तसै ॥६०॥

भन्छन् श्री शिवले अपार महिमा उत्पत्तिको वर्णन। ब्रह्मा विष्णु महेस्वरै हुन गए सृष्ठि गरे तिनकन। सूर्यै चन्द्र र ईन्द्र आदि सवमा छन् वायुनै लोकमा। तिनमा रुद्र भए स्वयम् सव उपर दो रुपले तिनमा ॥६१॥

पैला रुप त रुद्र नै हुन गयो गोचर ग्रहादि हरु । तिनका साथ रहे सबै भुवनका आदर गरेरै अरु। तिनबाटै तिथी र वार योग हुनगो वसमा त राजा भए। राज्यै दि सवलाई रुद्र रुपले प्रस्थान पुर्‍याई दिए ॥६२॥

दोस्रो रुप शिवको भयो त्यसघरी जो रुप नाना थरी। गर्भधारणमा परेर रहने पशु र पन्छि सरि। मानवको त सरिर देवहरुमा पुजादिमा येज्ञमा। मुक्ति खातिरमा भयो जिव ठूलो कर्मादिमा पुज्यमा ॥६३॥

सृष्ठिका सव चिज छन् शिवजीमा आदर गरी शम्भुको। ब्रह्मा विष्णु महेश रुप तिनको एक रुप संहारको। एकै रुप भनेर ओम् बनियो ओंकार छन्दै पनि। जान्नु यी शिवका स्वरुप भनि सव्नक्षेत्रहेरु भनि ॥६४॥

भन्छन ति सुत जी प्रशन्न मनले श्री शम्भुको वर्णन। अमृत रुप महाँ सदा शिवजीको गर्छु अरु वर्णन। जलमा जाई वसे सदा शिव अनि आईनत शक्ति त्याहाँ। शक्ति रुप मिल्यो सदा शिवजीमा जाई वसेका माहाँ ॥६५॥

तिनैबाट भए सदा शिवजीका लट्टा हुँदामा जसै। धारे रुप त्यहि नै सदा शिवजीले सीरमा जटा जुट् तसै। तिनकै आदरमा रहेर शिवगण वस्दा हुँदीमा त्याहाँ। ठूलो पर्वत रुप जटा हुन गए यो सत्य जाने वाँहाँ ॥६६॥

लिएथे सव ति जटा अधीनमा चचौसठ्ठी योगीनी यो। आए वस्न भनि सदा शिवजीको भो रुप संहारको। संहार रुप भएपछि शिवजीमा दुई रुप पैदा भयो। आकाश रुप जलपर्श खातिर माहाँ पैदा भएको थियो ॥६७॥

दोस्रो रुप शिव तेजमा प्रकटभो वायु स्वरुप ले जसै। वायु रुप शिवका जटा जुटमाहाँ वस्दो भएथ्यो तसै। सोही आदरले गरेर शिवजी कैलास वासी वनी। वस्दामा सवलोक शान्ति रहने ब्रह्मादि द्यौती पनि ॥६८॥

भन्छन् स्कन्ध कुमार अरु शिवजीका ज्ञानै स्वरुप वर्णन। हेसौनक हरु हो कहन्छु तिमीमा आत्मा र रुप वर्णन। सारा ति शिवगण वसे शिर विशे जीवात्मा हेरु पनि। नासवान् भएर ति शिवजीका ज्ञानै स्वरुपी वनी ॥६९॥

तेज वुद्धि भयो घमण्ड मन सव जम्मा भएथ्यो जसै। रस् गन्धादिहरु सबै शिवजीमा वस्दा भएथे तसै। ब्रह्मा विष्णु महेश तिन रुप एक हुँदा मकार रुप भयो। वृक्ष गुल्म लता र औषधीहरु गङ्गा र पर्वत तयो ॥७०॥

यकार रुप भनेर जान्नु यीनमा रुपमा महर्षि भनि। जान्नु पर्दछ सत्य रुप शिवको सिद्धादि जो छन् मुनी। वेद होसर कार्य दिन शिवजीमा वाक्यै भनि येस् घरी। रुद्र रुप शिवशक्ति साथ मिलने ज्ञानै स्वरुपले गरी ॥७१॥

रुद्र रुप अविनासी हो बुझी लिनु वेदादिको ज्ञान छ। ब्रह्मा रुप महर्षि हुन् शिवजीको नाना प्रकार नाम छ। नासै वान भएर ज्ञान रहने वेदको गरी वर्णन। वेद आदरले गरेर रहने येज्ञादि हेरु कन ॥७२॥

भन्छन् स्कन्ध कुमार सौनक जीमा श्री शम्भुको योगमा। गुरुमुखी गरेर कर्म गरनु योगादि मासा दिमा। वैशाख श्रावण आश्विनै हुन गयो कार्तिक र मुंसीर पनि। माघ मास र शुक्ल पक्ष बुझ्नु हुन् शिव प्रीयै भनि ॥७३॥

यीनमा भक्ति गरे सदा शिवजीको ऐश्वर्य वृद्धि हुने। योग ध्यान र पुजनादि गरनु बल शक्ति तिनले दिने। योगध्यान र न्यासकर्म भनियो सास्त्रादिमा वेदमा। वेदकै कर्म गरेर शिद्ध रहने प्राणी हरुमा त्याहाँ ॥७४॥

नित्यै कर्म र तन्त्र कर्महरु सव योगादि ध्यानले गरी। पुजा पाठ र येज्ञहेरु गरनु भक्ति गरी राम्ररी। धारण गर्नु अवस्य भस्म शिवको योगादि ले नै त्याहाँ। भक्तिले गरी शिद्ध हुन्छ शिवमा योगादि गर्दा माहाँ ॥७५॥

भन्छन् स्कन्ध कुमार सौनक जीमा आत्मा स्वरुपी माहाँ। ब्रह्मा रुप र आत्मा रुप सवमा साक्षात् शिवै रुप त्याहाँ। अधिष्ठित भगवान सदा शिवजी हुन् देवाधी देवमा पनि। अन्तरयामी स्वरुप प्राण रुप हुन् ती सत्यरुपी भनि ॥७६॥

ओम्कार रुपशिवको तथा गुरुजीको वायु प्रकाशको महु। धर्मै रुप र प्राण वायु रुपको हो विश्वमुखी कहु। आकारमा पनि आठ छन् हृदयमा गुणमा पनि छत्तिस। खण्डैमा पनि पाँच भाग सवमा दन्तादिमा वत्रीस ॥७७॥

गङ्गा सागरमा तलाउहरुमा अग्नि र वायु माहाँ। रुद्रै रुप यी हुन् भनेर बुझ्नु लोकादि दर्शन याहाँ। नागको रुप भयो सदा शिवजीको सम्पूर्ण लोक आदर। दिन्छन् तिनकन भक्तलाई शिवले दर्शन गरे सादर ॥७८॥

ब्रह्म ज्ञानमहाँ तथापी शिव हुन साधुहरुमा पनि। ज्ञानै रुप र शान्त रुप शिवको साधुहरुको भनि। ब्राह्मणमा पनि वेद पाठी बुझ्नु ज्ञान रुपीकै सादर। स्त्रीजातिहरुमा पति व्रता लिनु शान्ति स्वरुप प्रेम र ॥७९॥

भन्छन् स्कन्ध कुमार जी येस वखत् श्री रुद्र येज्ञै महाँ। शुद्धै भै रहनु विधान रुपले स्नानादिकै भक्तिमा। मल मुत्रै गरी त्याजी शुद्ध रहनु वारौ दतिवन लिनु। मल मुत्रादि दुवै गरेत तिनले सोरौ दतिवन दिनु ॥८०॥

मल त्याग मात्र गरेर शुद्ध गरदा वारौं त कुल्ला गरी । मुत्रादि कन मात्र त्याग
गरदा नौ पल्ट कुल्ला गरी । दुवै त्याग गरेत सोर बुझ्नु कुल्ला गरी फेर
त्याहाँ । मृत्तिका पनि तेही संख्या रुपमा लगाउँ हातै महाँ ॥८१॥

पानीले पनि हात पाउँ पनि सब धोई पखाली लिनु । ब्राह्मण क्षेत्रियले जनै
शीर उपर धारी गलामा हुनु । स्त्री जातिहरुले पनि त्यसघरी मुलमुत्र त्यागे
हुदि । चुल्ठो वाँधी लघी घरी शीर उपर राखि दिएमा छँदि ॥८२॥

येज्ञादि गरदा पनि त्यसघरी मल मुत्र हुँदा माहाँ । स्नानै गर्नु र शुद्ध हुन्छ
शिवको येज्ञादि गर्दा माहाँ । येज्ञै भुमी पनि त शुद्ध गरनु गौ को त गोवर
लिनु । गङ्गा जल सहितै त शुद्ध जलले त्यो भुमि लिपी दिनु ॥८३॥

भुतोत्साधन गर्नुपर्छ गुरुले वेदकै वचनले गरी । पुस्पाक्षत् सहितै त अर्पण
गरी छर्किदिनु राम्ररी । नारायण रुप येज्ञ थल गरी त फेर श्री शम्भुको
ध्यानमाहाँ । साक्षात् ईश्वर रुप येज्ञ त्यहि हो वेदको वचनले त्याहाँ ॥८४॥

यीनका साथमहाँ थिए ति मुनी ता वामदेव एक नामका । रुद्रै साथ रहि सदा
तिनी पनि प्रेमी थिए भक्तिका । भन्छन् ति मुनी नाम देव कनता तिथी र पक्षै
पनि । विस्तार पूर्वकले वताउन त्याहाँ लाग्दा भए फेर अनि ॥८५॥

द्वितीया अनि पञ्चमी र त्यसमा सप्तमी अष्ठमी हो । त्रयोदशी र पूर्णिमा
हुनगए कार्यै विशेमा तयो । यी तिथी शिवका अतिप्रीय भए हो शुक्ल पक्षै
पनि । पुण्यै पक्ष भनेर जान्नु शिवमा रुद्रै स्वरुप हुन् भनि ॥८६॥

अयनमा पनि उत्तरापयण ठूलो यो मुक्ति खातिर छ र । शुक्ल पक्षे र उत्तरायण
दुई मुक्ति दिने आखीर । मुक्ति रुप शिवमा अपार महिमा श्री रुद्रको नामले ।
प्रेमैले गरी शक्ति धारण गरे येज्ञै स्वरुप रुद्रले ॥८७॥

भन्छन् स्कन्ध कुमारजी त्यसबखत् येज्ञादिको शक्तिको। रुद्र तेज प्रकट हुने
विशय हो कर्मै विशे भुमिको। पैला दिन महाँ क्रमैसीत गरी एघार दिन जो
जन। पुजा पाठ र भक्ति गर्दछ भने एघार वर्षे सुन ॥८८॥

फलमील्ला तिनमा तपै गरीएको जो गर्दछन् लौ याहाँ। एघार दिनको त वर्ष
रहने तपको प्रभाव भो त्याहाँ। त्यो रुप ता शिवको अपार हुन गो हिं शक्तिको
भो तर। हां हिं शक्ति दवै भएसमरमा आदर दिनेआखिर ॥८९॥

गायत्री पनि धर्म रुप हुन गईन पीतृहरुमा पनि। पीतृ रुप स्वधा भईकन
वसिन उद्धार गर्छन् भनि। सोरै दिनकन पितृ भक्ति भई जो पीण्डादि तर्पण
गरी। जो कर्मै गरला तिनी भुवनमा पुज्यै हुनन् यो गरी ॥९०॥

पितृ भक्तिहरु सबै शिवजीमा श्री रुद्रकै नामले। मुक्ति पाई गए सदा
शिवजीमा आशिष दिई पितृले। शिव शक्ति महा त छन् सकलता द्यौता र
पितृ सव। पीतृ भक्त र प्रेम रुप शीवमा देखे अगाडि तव ॥९१॥

भन्छन् ति सुतजीत सौनक जीमा सौनक तिमीमा अव। पीतृ धर्म र वेद
सास्त्रहरुमा भक्ति गरी वैभव। जो भक्ति तिनी छन् ति हुन् शिवजीका कर्मै
गरे प्रेमका। संकल्पै पनि शुद्ध पारी गरनु जानी लिए पितृका ॥९२॥

ईन्द्रादिहरु देवता सकलमा दीगपाल हेरु याहाँ। भुमि शक्ति अपार हुन्छ
तिनमा पुजा गरेका माहाँ। तिनकै आदरले रहेर शिवजी भक्तैहरुमा पनि।
फल दिन्छन् प्रभुले तथापी तिनले पुजा गरेमा अनि ॥९३॥

एक दिन ब्यासजीमा थिए मुनी ठूला चारैजना नै त्याहाँ। वैशम्पायन पैला
जैमीनी भए सुमन्तु वस्थे वाहाँ। ब्यासकै शिष्य सरी भएर तिनले श्री
शम्भुको कीर्तन। गाएथे तिनले अरु कन पुगे महर्षि हेरु सून ॥९४॥

अगत्यै पुलस्त्यै ऋषी अनित फेर ऋतु पनि साथ्माहाँ । धर्मै स्थापन गर्न खातिरमाहाँ श्री रुद्र कीर्तन् त्याहाँ । गाएथे तिनले अपार महिमा तनमन् वचन्ले गरी । शक्ति तिनकन ता मिल्यो मुनीमहाँ आदरगरी राम्ररी ॥९५॥

वरदान पाएर ति ठूला मुनीभए सास्त्रादिमा ज्ञानमा । वेदैमा पनि पुज्य भैकन वसे श्री रुद्र कै तेजमा । नागराज पनि तिन्सीतै गई सदा वस्दा भएथे जसै । वज्रपात र उल्का आदि सवगो आनन्द भैगो तसै ॥९६॥

ईति शिव पुराण कैलास संहिता समाप्तम

भाषा श्लोक शुभम्

भजन

ओमकारमा शिवजी ब्रह्मरुपको । ज्ञानरुपी आत्मा हो रुद्र तेजको । शिवशरणम् २ ॥१॥

विद्या रुप सरस्वति शिव साथमा । भक्ति गरी प्रेम गर्नु रुद्र रुपमा । शिवशरणम् २ ॥२॥

ओम् कारेश्वर पर व्रह्म आत्मा रुप हो । आत्मा रुप सत्य हो नारायणैको । शिवशरणम् २ ॥३॥

गायत्रीको जप गर्ने सख्या बताए । रुद्र रुप आफैले शक्ति दिलाए । शिवशरणम् २ ॥४॥

शिवजीले सन्यास धर्म सारा वताए । रुद्र रुप शिवशक्ति औतार बनाए । शिवशरणम् २ ॥५॥

शिवजीले कैलासको आशन बनाए । कुश आशन मृग चर्म श्रेष्ठ वताए । शिवशरणम् २ ॥६॥

यज्ञ गर्दा जप गर्दा विना आशनको । सिद्धि हुने छैन प्रभो भक्ति विनाको ।
शिवशरणम् २ ॥७॥

शिवजीले वताए पुजा विधान । भक्ति साथ पुजा गरे मिल्छ दर्शन ।
शिवशरणम् २ ॥८॥

आठ रुपशिवको आठै नामको । नारायण रुपले साराजगत्को ।
शिवशरणम् २ ॥९॥

कैलास वासी जनले शिव पुजन । भक्त जनले पाएथे शिव दर्शन ।
शिवशरणम् २ ॥१०॥

शिवजीका चार रुप चार वेदमा । पाँचरुप पाशुपति शक्ति गङ्गामा ।
शिवशरणम् २ ॥११॥

गङ्गा रुपी वाग्मति वेद शुद्धि हुन् । भक्त लाई ज्ञान दिने साक्षात् शिव छन् ।
शिवशरणम् २ ॥१२॥

शिव गुरु रुपको दर्शन गरेर । गायत्रीको जप गर्नु भक्ति धरेर । शिवशरणम् ॥१३॥

शिव वास स्थान हेरी यज्ञ शुभ छन् । वासस्थान आदरले फल दिने हुन् ।
शिवशरणम् २ ॥१४॥

शिव रुप पाँच छन् पाँच तत्वमा । घुम्छन् शिव हर घडि सारा जगतमा ।
शिवशरण्म २ ॥१५॥

ब्रह्मा विष्णु महेश्वर एकै रुप हो । सृष्टि खातिर तिनरुप तिनैथरी भो ।
शिवशरणम् २ ॥१६॥

शिवजीका जटामा शिवगण छन् । आखिर पर्दा शिवले साथ लिनेहुन् ।
शिवशरणम् २ ॥१७॥

ब्रह्मा विष्णु महेश्वर तिनरुप छन् । नारायण शक्ति रुप अविनासी हुन् । शिवशरणम् २ ॥१८॥

पुजा पाठ गर्दा हुदि न्यास गरेर । शिव शिव नाम जपे भक्ति घरेर । शिवशरणम् २ ॥१९॥

शिव रुप संसारका प्राणीहरुमा । भक्त जानीलिए रुप ज्ञानी जनमा । शिवशरणम् २ ॥२०॥

यज्ञ भुमी कर्म भुमी रुद्र तेजमा । ईश्वरको रुप भयो वेद यज्ञमा । शिवशरणम् २ ॥२१॥

तिथी र पक्षमा रुद्र रुपको। यज्ञभूमी रुद्र तेज वर्णन गरीयो। शिवशरणम् २॥२२॥

एघार दिनको शिव पुजाको । एघार वर्ष पुर्ण नै तपस गरेको । शिवशरणम् २ ॥२३॥

फलमिल्छ शिवको पुजा पाठले । पीतृ मुक्ति गर्ने हो शिव यज्ञले शिवशरणम् २ ॥२४॥

तपस्वीमा तपो रुप ब्रह्म तेजमा । शिव वसे भक्त जनमा रुप कैलासमा । शिवशरणम् २ ॥२॥

अथ शिव पुराण वायवि संहिता प्रारम्भ ॥

भजन समाप्तम् शुभम्

भन्छन् ब्यासमुनी ति सौनकजीमा गर्छु नमस्कार भनि । सृष्ठि कर्ता र हर्ता
सव शिवजीहुन् तिनै त लोकमा धनी । त्यस्ता श्री शिवका चरण कमलको
मन्लेत दर्शन गरी । विस्तार गर्छु प्रभो हजुर महिमा सम्पूर्ण वाधा हरी ॥१॥

पैलायो शिवको अपार महिमा ज्ञान रुप नै हो भनि। भन्छन् वेद महर्षि व्यासहरु सव ज्ञानीहरु सवमुनी। विद्या सास्रहरु अपार सव छन् तिनकात कर्ता शिव। प्राणीका पनि प्राणरुपी भगवान ओमकार रुपी शीव॥२॥

सत्यै युगमहाँ त्रीवर्ण भनि एक ग्रन्थै थियो ज्ञानको। त्रेतामात्तेहि आई ब्राह्मण भयो त्यो धर्मकै नामको। द्वापरमा त्यति ब्रह्मणै रुप वनी श्री व्यास भै जन्मिए। नारायण त्यहि धर्म रुप हुनगो सारा प्रशिद्धै भए॥३॥

फेर वेदहरुमा पनि त्यसघरी चारवेद कै नामले। चारै रुप शिवका भए तिनीमहाँ ग्रन्थै वन्यो ज्ञानले। अठारौ छन ता पुराण हरु सव यो चौथा जानी लिनु। चौथै सास्र र वेद चार शिवका रुपै भनि मानुन॥४॥

यसमा पुर्ण थियो त एक सवमा लक्षै थिए स्लोकर। श्री ब्यासले सवता हरण गरीलिए चौविस रहे आखिर। त्यसमा यी सव पुण्य दायक भनि साक्षात् रुपै शम्भुका। विद्या ज्ञान र भाव भक्ति सवमा तेजै समेत् रुद्रका॥५॥

भन्छन् ती सुतजी ति सौनक जीमा श्री शम्भुको रुप र। ब्रह्माचार वने तथापि तिनमा श्री भास्करै रुप र। ईश्वर शक्ति भयो उनै प्रभुजीमा वायु सरि तेजको। वायु रुप शिवमा चल्यो जगतमा श्री रुद्रकै तेजको॥६॥

ईश्वर रुप शिवकोत सूर्य हुनगो जो चक्षु रुपी थिए। साक्षात् रुप शिव हुन् तथापि तिनमा वायुसरि ती भए। गङ्गामा जव रुद्र तेज भईगो यज्ञ स्थलैमा परि। नारायण रुप प्राणीको हुनगयो मुक्ति दिने यो घरी॥७॥

ब्रह्माजी यहि भन्नुहुन्छ सुनील्यौ नारद अहिले याहाँ। वायु रुप शिवमा चल्यो जगतमा श्री सूर्यकै तेज्महाँ। प्रेतात्मा भई वायुरुप हुनगो वृक्षादिमा फैलियो। वृक्षादि लहरा अनेक छहरा सारा जगत् ढाक्दीयो॥८॥

जलमा लिन भयो सवै जगत्मा रुपै प्रभुको त्याहाँ। महेश्वर रुपले प्रकट हुनुभयो सोहि समाधि महाँ। आकासमा सव देवता गण थिए ति देवताले पनि। पुजा खुप सीतगरे प्रभुजीको भो रुद्र तेजै भनि ॥९॥

माया रुप शिवमा चल्यो जगतमा हावा अति तेजको। हावैले गरी ति सवै जगतका प्राणी र जीवात्माको। खैंच्यो तेज जति सवै जगतको प्राणीहरुको पनि। ईन्द्रादि सवदेवताहरु सवै खुशी भएथे अनि ॥१०॥

धेरै उत्सव भो तथापि तिनले पुजा गरे वेसरि। आए सिद्ध महर्षिहेरु जति छन् दर्शन् तिनैले गरी। द्यौताका सव देवता ईनीभए देवाधी देवहुन् भनि। महादेव भनि नाम धरे सक्कलले श्री शम्भुकोनै पनि ॥११॥

रुद्र रुपत वायुमा जवचल्यो सारा जगत्भर महाँ। भुत प्रेत पिसाचहेरु शिवमा आए खुशी भै त्याहाँ। गर्भैपात र वालकैहरु पनि वृद्धादिहेरु सवै। आत्मारुप सवै मिल्यो शिवजीमा थिए जगत्मा कवै ॥१२॥

सारा तेजहरुता सवै मिलीगयो श्री रुद्रको रुप पनि। पितृ रुप भयो तथापि तिनमा हुन् पितृ देवै भनि। पितृदेव भए सदाशिव भनि कालमा महाँ कालभए। द्योताका सवदेवताहुनगए ईन्द्रादि खुशी भए ॥१३॥

भन्नुभो शिवले तथापि तिनमा ऐले जति छौं यहाँ। भक्ति खातिरमा रहेर मईले वस्छु जगत् भरमाहाँ। कर्मै जुनरीतको गरेर जनले पुजादि गर्लान् अनि। सोहि रुप सीतको त फल तिनी उपर दिन्छु अवश्यैं भनि ॥१४॥

शिव नाम अपार हुन्छ जगमा यज्ञादिमा कर्ममा। शिवजी हृदयै महाँ वसी दिए तिर्थादिमा धर्ममा। सवकाम पूर्ण भयो सवै खुशी भए कुलपीतृहेरुपनि। यज्ञै पूर्ण भयो सदा शिवजीछन् सारा जगत्का धनी ॥१५॥

भन्छन् श्री सुतजी अपार महिमा देवर्षिहेरु माहा। सारा प्राणी र आत्माहेरु सवको लिनहुन्छ है शम्भुमा। प्राणीमा अरु आठ सिद्धि सव छन् श्री सूर्यकै तेजले। चल्छन् ती सवदेवताहरु महाँ वायू सरी रुपले ॥१६॥

एकदिन वायु गए हिमालयमाहाँ सारा ति द्योताहरु। साथैमा तिनका थिए त्यसघरी महर्षि सारा अरु। सारा सुन्दर थ्यो हिमालय पनि खुशी गराई मन। भक्तै खातिरमा प्रशन्न मनले वस्थे ति द्यौता सुन ॥१७॥

वायु खुशी भए थिए शिवजीका भक्तै अनेकान् थरी। आदर खुप सीतले गरे प्रभुजीको ती वायुले त्यसघरी। सौनकहेरु पनि त्याहाँ त्यसघरी जो जो गएका थिए। शिवकै सरि वायुमा ति सवले पुजादि गर्दा भए ॥१८॥

वर्षाकाल हुदा र यज्ञहरुमा वायु चलेका घरी। रुद्र रुप शिव जानी लिनु सवले कर्मै विशेमा परि। तेज् रुद्रै रुपको अपार छ जगत् कुल पीतृ हेरु माहाँ। वर्षा काल हुदात तेज रुपको दर्शन प्रभुको वाहाँ ॥१९॥

भन्छन् श्री शिवको अपार महिमा त्यो नैमी षारण्यमा। थिए सव मुनीहेरुता त्यसघरि जम्मा भएका त्याहाँ। लागे भन्न तथापि ति सुत अनि वायु स्वरुपको सव। जड्हो वस्तु सवै त्याहाँ कहनु होस् भन्दै ठुलो वैभव ॥२०॥

अज्ञानले सवमा धरे जगतमा काल् रुद्रको रुप भै। आईनास गराई दिन्छन् सवमा वायु सरि तेज भै। सोरैमा क्षयता गराई कनफेर संहार आफ्नो पनि। क्रोधैले गरी ता गराउछ सवै नासै हुने भो अनि ॥२१॥

ज्ञानै हो वलवुद्धिहेरु धनसव ऐश्वर्य दिनेसव। प्रेमै हो जगतै अपार छ ठुलो मानौ ठुलो वैभव। पुण्यै कर्मछ प्रेम भाव विचमा ऐश्वर्य भोगाउने। नासवान सरिर हो जगतमा भोगादिमा दौडने ॥२२॥

भोगादि वीसले र लोभ रशले प्राणीहरु दौडदा। भेल् वाढि सीत गङ्गाजी वगी गईन् ती नाउमा पौडदा। दुखै सृष्टि भएछ पाप तीनमा मनमा वसी गैगयो। मनमा पाप लिए कुबुद्धि मिलीगो काल रुद्र रुपी भयो ॥२३॥

भन्छन् ब्रह्मा अनि तथापि सवमा ती देवतामा पनि। गुणमा तिन भए सवै भुवनका ईश्वर स्वरुप तिन भनि। रजगुण त्यहि रक्तवर्ण हुनगो तम गुणकालो भयो। स्वेत वर्ण बनेर सत्य गुण भो सत् कर्ममा फैलियो ॥२४॥

माया हो पशु रुप देह सवमा मायाछ संसार दिने। साक्षात् रुप शिव जानिलेउ सवमा वायुसरी दौडने। छन्द यज्ञ ऋतु र भुत भविष्यै हो वर्तमान्का घडि। मायाकै वसमा परेर तिनीता घुम्छन् सदा हर घडि ॥२५॥

मन हो छन्द प्रशिद्धको मन भए सत् कर्ममा मन दिने। यज्ञैकर्म भनेर जान सवले भक्ति प्रतापी हुने। तेजै हो ऋतुता चराचर सवै वायु सरि दौडने। दुख शुख समेत दिन्छ यसले कर्मै विशे ठाउ दिने ॥२६॥

भुत पैला हुनगोत संगत ठुलो जो जो भए कर्म ता। भविष्यै हुनजान्छ कर्म गरीए राम्रो गरे मान्यता। वर्तमान चलीरहेछ जगमा राम्रा न राम्रा कुरा। दुष्कर्मै गरीए अवश्य यीनले दिन्छन् यमैका छुरा ॥२७॥

भन्छन् नारद फेरी ब्रह्मा सीतनै हे देवपीतामहः। आज्ञा गर्नु हवोस् सवै जगतको दिर्घायुको छन अब। यस्तावात सुनेर नारद जीका श्री ब्रह्मा जीले पनि। भन्नु भो तिनमा अपार महिमा श्री रुद्रको नै अनि ॥२८॥

गङ्गाका तटमा थिए शिव पनि श्री पार्वति साथमाहाँ। आए भेट्न भनि उसै वखतमा ईन्द्रादि द्यौता त्याहाँ। सारा दानव येक्ष कीन्नरहरु जम्मा भएका थिए। मासु मानीसको ल्याएर तिनले पुजादि गर्दा भए ॥२९॥

पुजाश्री शिवको गरे सकलले श्री शम्भुको रुप पनि। भैरब रुप शिवले त धारणा गरे यी हुन् मसानै भनि। पार्वति पनि कालीका रुपधरी साम्ने अगाडि माहाँ। वस्दामासव देवता चलीगए ईन्द्रादिकै साथ्माहाँ ॥३०॥

सोहि औसरमा भयङ्कर स्वरुप माहेश्वरै तेजको। कालो रुप प्रकट भयो त्यसघरी आत्मा लियो प्राणीको। वायु रुप शिवथे असंख्य भुमीमा रोगादि धेरै लिई। हे काल आज लिए सवै भुवनका रोग्का अगुवा भई ॥३१॥

द्यौता दानव आयुपुर्ण हुनगै तिम्रा वसैमा परि। भैरब रुप तिमीकाल हौ सकलको आत्मा तिमीले हरी। मसानेश्वर भै वसे शिव पनि वरदान दिई तिन्महाँ। महेश्वर शिव तेज देखि हुनगो कालको त जन्मै वाहाँ ॥३२॥

भन्छन् नारदमा तिब्रह्मा अनिफेर युगादिको वर्णन। सत्य त्रेता र द्वापरै हुन गयो कली पनि चार छन्। शुक्लै पक्ष र कृष्ण पक्ष यी दुवै एक महिना पुरा भयो। द्यौतामा एक दिन रात हुनगो दुई पक्ष जाँदातयो ॥३३॥

पितृ लोक महाँ गएपछि भने एक बर्ष पुरा हुदा। हो एक दिन एक रात पितृहरुको जानिलिए सर्वदा। दक्षीणायन रात्रीजानीजनले दिन उत्तरायण भनि। एक वर्ष अहोरात्री नै हुनगयो पीतृहरुको पनि ॥३४॥

सत्य व्रेता र द्वापरै कलीपनि चार पल्ट घुम्दा माहाँ। एक कल्पै भनि जानीलेउ तिमीले नारदजी ऐले याहाँ। सत्यव्रेत द्वापर कली यी सवले घुम्दा हुदीमा जसै। एकहत्तर वाजी नै घुमीलिए एक मनु भै गो तसै ॥३५॥

सोहि औसरले त चौध मनुछन् एवं क्रमैले गरी। घुम्छन् रात दिनै भएर सवमा मानीसमा हुन अरि। रात दिनले गरी आयु काट्दछ् जउन् द्यौताहरुमा पनि। ब्रह्मा रुप यहि आत्मा जान तिमीले सर्ने छ मोती भनि ॥३६॥

ओम्कारै परं ब्रह्महो सकलमा बाँधीन्छ रात्रीमाहाँ। वायु रुप शिव तेज हुन्छ भवमा सवका गई साथमाहाँ। आयुका वसमा परेर उसले घडि र पलाहरु। पुरा भैकन निक्ली जान्छ सवको कालरुप साथमा अरु ॥३७॥

ब्रह्माले पहिले चराचर जगत् सम्पूर्ण सृष्टि गरी। प्राणी रुप लहरा कीटाणु सवमा श्री शान्तिको रुप घरी। हेर्दामा सववायु तेज मिलीगो ब्रह्मा रहन्थे जहाँ। शक्ति क्षिण भयो तिनै भुवनमा एक विन्दु देखे त्याहाँ ॥३८॥

विन्दु पर्वतमा गयो त्यसघरी हावा चली गै गयो। हावा रुप अचेत देखिन गयो ओम् कार पैदा भयो। ओम्कार रुप पर ब्रह्म भैकन त्याहाँ रुद्रै स्वरुप तेजको। शक्तिकै रुपमा चल्यो सव जगत् तन मन स्वरुप प्रेमको ॥३९॥

तनमा रुद्र रहे सवै जगतमा मन्मा ती ब्रह्मा कन। सत्यै खातिरमात विष्णु भगवान मनमा सवैका सुन। कार्यैमा सवदेव यज्ञहरुमा विद्या र वल वुद्धिमा। हर्ताकर्ता महेश्वरै हुन गए तिन् लोकका कर्ममा ॥४०॥

ब्रह्माले जति सृष्टि गर्नुछ जउन गर्छन क्रमैले गरी। पालन गर्नेत विष्णु छन् जगतको त्रैलोक्य का नाथ हरि। ज्ञानवुद्धि सव धर्म कर्म र अरु श्री रुद्रकै तेजले। दुष्कर्मै कन गर्दछन् जनहरु नास्छन् उनै रुद्रले ॥४१॥

शक्ति कै गरी तेज रुद्र कन फेर कालै पनि वन्दछन्। काल भैरव नाम धरेर तिनले प्राणै समेत हर्दछन्। यसमा शक्ति अपार हुन्छ शिवको संहार गर्नाकन। काल भैरव रुप हो अपार शिवको आशक्त पार्ने मन ॥४२॥

भन्छन् नारदलाई ब्रह्माजी त्याहाँ वायु स्वरुपले गरी। तेज शक्ति लिएर भैरब रहे दुष्ठादि सारा हरी। शिव शक्ति स्वरुप तेज जगमा मिल्दा विकारको पनि। उत्पत्ति त्यहि भैगयो सकलको प्राणै ततायो अनि ॥४३॥

आयो तर्क वितर्क धेर सवमा खण्डन गर्‍यो वेसरी । शिव शक्ति र ब्रह्मा विष्णु भगवान तिनै स्वरुप राम्ररी । जागा जाग भयो तिनै भुवनमा मेरो र तेरो भनि । द्यौता दानव यक्ष राक्षसहरु धर्मै विशेमा पनि ॥४४॥

सोहि औसरमातदेव सवले श्री विष्णुको ध्यान गरे । महर्षिहरु सव मिली शिवजीको कीर्तन् र भक्ति गरे । दानवहेरु पनि गए त्यसघरी गङ्गाजीका तिर माहाँ । ब्रह्माको पनितप गरे ती सवले खुशी गराए त्याहाँ ॥४५॥

यक्षैले पनि क्रुद्ध पारी मतिमा प्राणीहरुले पनि । भैरब रुप शिवको गरे तप ठुलो कीन्नरहरुले अनि । खुशी भै शिवले तथापि तिनमा दर्शन दिनु भोगई । मागे तिसवले तथापि वरदान हे शम्भु मेरा भई ॥४६॥

सत्य त्रेता र द्वापरै कलीमहा युगकै अवस्था लिई । औतार धारि दिनोस प्रभो हजुरले धर्मै विशेमन दिई । युगको धर्म चलोस तथापि सवमा ब्राह्मण र द्यौताहरु । यक्षै धर्म गरुन् तथापि यीनले दिनुहवस् वर अरु ॥४७॥

यस्तो वर शिवले सुनेर सवमा दिए प्रभुले वर । मसान् रुप शिवको भयाङ्कर भयो धर्मै मसानेश्वर । भैरब रुप शिवले त दर्शन दिए यक्षादिहेरु महाँ । धर्मै खातिरले विवाद हुनगो द्यौता र दानवमहाँ ॥४८॥

भन्छन् ति मनु जी तथापि सवमा मन्वान्तरैको पनि । मन्वान्तर शिव रुप हुन्छ जगमा वायु सरिको भनि । वायु रुप शिवलेत दर्शन दिनन सोहि कुकर्मी महाँ । वायु तुल्यत सिद्ध हुन्छ जगको कुकर्मको फल त्याहाँ ॥४९॥

ब्रह्माको पनि आयु वर्णन जति उसको त आधा पनि । परार्धै हुन जान्छ नास शिवले गर्छन् तिनैमा अनि । स्वयम्भु मनु आदि सात हुनगै सावर्णी सातै भए । मनुचौदह भै तथापि ति सवै ईन्द्रा सनैमा गए ॥५०॥

ईन्द्रादिहरुमा त देवगणमा नारायणै नामले। वैवश्वत मनुहुन् सवै भुवनमा गङ्गाजीकै तेजले। पाउ दर्शन तुल्य हुन्छ जनले नारायणै नाम गरे। गङ्गा शक्ति भई रहिन् पृथीविमा समुद्रमा ति झरे ॥५१॥

वराहरुप भैचराचर जगत् प्राणीहरुको पनि। नारायण रुपले त दर्शन दिनन् यी भक्त मेरा भनि। प्रात कालमहाँ उठेर शिवको नारयणै नामले। गङ्गाको पनि नाम जपेर रहनु स्नानै गरी प्रेमले ॥५२॥

पितृको पनि गर्नुपर्छ जनले भक्ति ठुलो प्रेमको। वसुहुन् पृथीवि र रुद्रपनि ता तेजै प्रभो रुद्रको। आदित्यै भनि नाम लिएर प्रभुको नारायणैको पनि। रुद्ररुप भएर पितृहरुता जान्छन् ति तेजमा अनि ॥५३॥

भन्छन् वायु पनि तथापि सवमा कर्मै वढो प्रेमको। पितृरुप पर ब्रह्मको जगतमा भुत कर्मको भावको। मोहकर्मत पाँच छन् जगतमा मोह र ध्यान यज्ञमा। प्रेमै खातिरमा र भक्ति रसमा यी पाँच हुन् पितृमा ॥५४॥

मोहकर्मत पितृ खातिरमाहाँ सारा ति प्राणीहरु। स्वधा देवी स्वरुप हुन्छ बुझ्नु गर्दा त कर्मै अरु। ध्यान रुप्तेज भयो तथापि तिनमा वायु सरि वेगको। यज्ञै रुप महर्षिको हुन गयो वलवुद्धि ज्ञान रुपको ॥५५॥

प्रेमैले गरी यज्ञ भक्ति गरने दर्शन तिनै पाउने। भक्ति खातिरमा त प्रेम सहितै गर्दा त सिद्धै हुने। रुद्रै नाम र भक्ति खातिमाहाँ दर्शन र नाम तेजको। सर्वाय क्षीतीजाय रुद्रप्रभुको नामै ठुलो शम्भुको ॥५६॥

नन्दीश्वर प्रभु ईस भास्कर अनि भीमाय पाशुपति। रुद्राय भनि नाम भो शिवजीको एकादशै नाम ति। यस्तै नाम पनि अनेक शिवका अष्ठोत्तरै छन् यहाँ। यज्ञादि सवमा र पितृगणमा जप ध्यानकै साथ्माहाँ ॥५८॥

भन्छन् वायु तथापि नारद जीमा कल्पान्तको वर्णन। नारायण रुपलाई तत्
पुरुषको वर्षा गरी आर्जन। मेघ वाहन नाम कल्प शिवको मेघ रुप नाम
तेजको। शक्ति खातिरले गएर मिलने कालो छ रुप रुद्रको ॥५८॥

कालीका सँगमात तेज रुपले हेर्दा हुदि रुद्रले। विजुली चमकी तथापि
तिनमा दर्शन दिए शम्भुले। हुरुरु गरी वायु चल्दछ जउन् कालीत छन्
साथमा। नाचीन् काली भनेर जान्नु शिवमा चम्के विजुली वाहाँ ॥५९॥

चट्याङ पर्न गयोत अग्नि पनि फेर निक्लीन्छ ज्वाला जाहाँ। पथ्थररुप भएर
रुद्र कनफेर देखिन्छ जहाँ तहाँ। दुष्टै नास गरे तथापि शिवले श्री काली
काले पनि। पृथ्वीको सवभार हर्न शिवले मेघ् रुप धार्छन् अनि ॥६०॥

ब्रह्माविष्णु महेश आदि सवछन् पालन र पोषण गरी। जुन ठाउजुन रीतले
चल्दछ भने चल्छन् उहि भेष धरि। आधा शक्ति भवानी साथ सवमा वस्दा
हुदिमा जसै। शक्ति रुप शिव छन् चराचर जगत् वायु सरीका तसै ॥६१॥

भन्छन् ब्रह्माजी फेर ती नारद जीमा वायुस्वरुप रुद्रले। उत्पत्ति पर ब्रह्मको
हुन गयो दुई कल्पनै शम्भुले। तेसमा प्राणीहरु महर्षिहरु सव सृष्टि गरेका
थिए। श्याम रुप धरेर नील भगवान दर्शन प्रभुले दिए ॥६२॥

तिनकै साथमहाँत श्याम रुपकी कन्या थिईन् सुन्दरी। रुद्रै तेज भयो चराचर
जगत् ढाकी दिनाले गरी। श्याम वर्णै प्रभुको भयो जवमिल्यो पुज्जो ठुलो
तेजको। आए सिद्ध महर्षिहेरु तिनमा शक्ति गरी प्रेमको ॥६३॥

पुजा प्रेम र भक्ति भागतिनले गर्दा हुदिमा जसै। नामै भक्ति भनि महर्षि
सवले खुशी भईन ति तसै। तिनमाथी करुणा भयो शिवजीको वरदान लेउ
भनि। पाउ पुत्र भनेर मागी वरदान दुई पुत्र दिए अनि ॥६४॥

रुद्रैका मुखबाट अग्निकन फेर निक्लिगएको थियो। कन्याकै रुपमा गई
मिलिगयो दुई पुत्र पैदा भयो। भक्तिलाई भने सदा शिवजीले हे भक्ति तिम्रा
याहाँ। दुईटा पुत्र भनेर जान तिमीले सवका अगाडि माहाँ ॥६५॥

भक्ति खातिरमा सदा शिवजीले आज्ञा गरे यो त्याहाँ। ब्रह्माका समीपै गएर
तिमीले दर्शन् दिए झट वाहाँ। यस्ता वात सुनेर भक्ति पनि गैब्रह्म बसेका
थिए। खडा भै कनता वसीन् नगीचमा ब्रह्माजी खुशी भए ॥६६॥

प्राणैको सव सृष्टि के गरी हुनन भन्ने मनैमा थियो। ब्रह्माको दुई रुप फाटिन
गयो पुरुष र स्त्रीको भयो। देखे सवजनहेरुले त्यसघरी खुशी भए ति जन।
ब्रह्माले शिवको गरे स्तुति जउन जै जै भनि गर्जन ॥६७॥

शिवस्तुती

जय जय महादेव जय जलेश्वर। जय जय रुद्र रुप सर्व गुणेश्वर। जयजय
भोलेनाथ जय सुरासुर। जय जय शक्ति दाता जय वायु रुप ॥६८॥

जय जय दिग् गज जय प्रकृति। जय जय शक्ति रुप ज्ञान दाताकी। जय
जय कैलासेश्वर जय गायत्री। जय जय लक्ष्मि माता जय सावीत्री ॥६९॥

यस्ता रुप सीतले स्तुति पनि गरे ब्रह्माजीले नै अनि। दर्शन भो शिवको त्यसै
वखतमा सृष्टि गराउ अनि। आज्ञा पाई खुशी भए सव जना द्यौताहरु छन्
जति। महर्षिहरु तिन कनै त्यस घरी जन्मे तुरुन्तै अति ॥७०॥

भन्छन् ति शिवजीउसै वखतमा वायु स्वरुपले गरी। मेघकै रुप समान
देखिन गयो सारा जमीनै भरी। तालु देखि त उत्पत्ति हुन गयो तेज रुपकै
वायुले। मेघको सृष्टि गरे सदाशिवजीले वर्षा गरे मेघले ॥७१॥

प्राणी सृष्टिगरु प्रभो अव भनि ब्रह्मा अगाडि सरे। हे शम्भो करुणा हवोस अव भनि पस्नेर विन्ति गरे। निक्ल्यो तेज उसै वखत शिवजीको मुखबाट वायु सरी। हाहाकार भयो उसै वखतमा श्री रुद्र तेजले गरी ॥७२॥

सारा तेजहरुता मिल्यो पृथीविमा ब्रह्माजीकै साथमा। विजरुप सृष्टि भयो उसै वखतमा पुरुष र स्त्रीजातिमा। पृथीविमा पनि विज सृष्टि हुनगो सम्पुर्ण खुशी भए। ब्रह्मा सृष्टि बढाउ लौ अव भनि आज्ञा शिवैले दिए ॥७३॥

वायु रुप घरेर ब्रह्म कनता सृष्टि बढाउ भनि। परुषमा र स्त्रीजातिमा विज गयो सम्भोग खातिर अनि। माता गर्भवति भईन् जव त्यहाँ कुकर्म कुत्सङ्गले। कलह कुवचन कु आहार गरने दुष्ठै वचन छिद्रले ॥७४॥

वायु तेज पनि कमी हुन गयो वालकत खुनी भयो। विजको रुप वनेन त्यसकन त्याहाँ वालकत पैदा भयो। अपुत्रो र कुकर्मी धेरफटहा जन्मेछ त्यो ता खुनी। गर्भैमा पनि रुद्र तेज नहुँदा दुष्ठै वचनले सुनी ॥७५॥

भन्छन् नारद ब्रह्मजीकन त्याहाँ नारी पुरुष भै कन। नारी रुप भईन् त्यसै वखतमा ऐश्वर्य भोगाउन। सत रुपमा भनि नाममा पनि रह्यो ब्रह्माजीको रुपफेर। स्वयम्भु मनु भै गए त्यस घरी लागेन कात्तित वेर ॥७६॥

सतरुपा र दिप्तमान कन भए राजा र रानीकन। प्रियव्रत र उत्तान पाद दुईटा पुत्रै त जन्मेछन्। तिनमा फेर अरुपुत्री जन्मन गए आकृति फेर प्रशुति। स्वयम्भु मनुले दिए प्रशुतिता श्री दक्षलाई रती ॥७७॥

रुचीमा पनि आकृति कन दिए जन्मीन त एक मानवी। यीनकै आदरले चराचर जगत् बद्दो भयो तामवी। स्वयम्भु मनुकी प्रशुति विचमा चौविस कन्या भए। श्रद्धा लक्ष्मि घृती र पुष्टि अनिफेर तुष्ठि र मेघा थिए ॥७८॥

क्रिया वुद्धि र लज्जा वायु हुन गै शान्ति र शिद्धिहरु। कीर्तिहुन् यीनी ता हुने सवमहाँ जन्मे ति धेरै अरु। तिनैबाट भयो चराचर जगत् प्राणीहरु सिर्जन। महर्षिहरु जन्मीए त्यसघरी कन्या अनेकौं छन् ॥७९॥

भन्छन् वायु सबै ति देवहरुमा मन्वान्तरै वर्णन। दक्षैले गरी धेर निन्दा शिवको नासै गरे तिनकन। धेरै नास भए तापि त्यसमा जन्मे अनेकौ थरि। दक्षैको पनि धेर जन्म हुनगो भुर्लोकमा भै अरि ॥८०॥

ठुलो पर्वतमा गएर तिनले प्राचीन महर्षि महाँ। रे बन् पर्वतमा गएर तिनीता जनमै लिए छन् त्याहाँ। चाक्षुस नाम भयो तथापि तिनको मन्वान्तरैमा गई। चाक्षुस् नाम मनुभै वसे त्यसघरी तनमन शिवैमा दिई ॥८१॥

भक्तिले गरी प्रेम खातिर ठूलो नामैछ श्री रुद्रको। नामैले गरी तेजता प्रकट भो भक्ति ठुलो प्रेमको। पृथीविमा जति क्रोध लिन्छ जनले नासिन्छ आफै त्याहाँ। फेरी जन्मलिएर आउनु पऱ्यो निन्दा गरेका माहाँ ॥८२॥

दक्षैका सव सैन्य मारीकन फेर सेना समेत होम गरी। विर भद्र र कालीका त्यसघरी आए अगाडि सरि। मारी दक्षपनि त्यसै वखतमा होमी सीरै दक्षको। विरभद्र र कालीका मीलि त्याहाँ आदर गरे शम्भुको ॥८३॥

यस्ता रीत् सित युद्ध पूर्ण हुनगो देवाधि जो छन् अरु। वीरभद्र र कालीका त्यसघरी नास्नै तयारी गरु। ब्रह्मा भ्रट सरे अगाडि शिवमा हे शम्भु रक्षा गर। जो छन् देव मरे यहाँ समरमा उद्धार तिम्ले गर ॥८४॥

हात जोडी कन ब्रह्मले स्तुति गरे भुवार हर्नु भयो। पापी दक्ष भए तथापि सवमा ज्यान् देवताको गयो। पृथीवि वायु र तेज रुद्र रुप हो त्यै तेजका खातिर। भुवार हर्न भनि प्रभो हजुरको रुपै अनेकान छ र ॥८५॥

सोहि रुप भयो भयाङ्कर याहाँ त्यै रुपले नै गरी। भक्तैनास भए तथापि यसमा जादा भए धेर मरि। ब्रह्मादि सव देवताहरु मिली गर्दा भए पुजन। खुशी भैकन रुद्र रुप शिवले दिंदा भए दर्शन ॥८६॥

दर्शन् भो सवमा तथापि ति उठे श्री रुद्रकै तेजले। मरेका जति देवता समरमा सारा जगाई दिए। जागेका सव देवता कन उपर महर्षि सारा अरु। रुद्रैका सँगमा तथापि सवले लावा अविर फुलहरु ॥८७॥

पुष्प वृष्ठी गरे सवै खुशी भए दक्षे मरेकै भए। प्रशुती त्यहिंता थिईन् समरमा द्यौता सवै देखिए। लागीन् रुन तथापि तिनकन पनि हे देव सम्भो भनि। नाना तर्फ गरी स्तुति पनि गरीन् विरणीले नै पनि ॥८८॥

विरणीकनको विलाप शिवले दयालिई मन् माहाँ। आज्ञाश्री जगदम्बीका सँग गरे जागा गराउ याहाँ। कुकर्मै गरदा कुवुद्धि रीसले पशुसरी होस भनि। वोकाको शिर काटि ल्याई तिनले दक्षै जगाए पनि॥८९॥

यस्ता रुप शितले त दक्ष त्यहि नै जागावनाई किन। पशुरुप सीतले त दर्शन दिए श्री अम्विका भोजन। कालीश्री जगदम्बीका पनि त्याहाँ खुशी भई थिन्न अति। वोकाको वली काली का यस घरी खान्छीन् रमाई अति ॥९०॥

कालीका सँगमा पनि प्रकटभो श्री रुद्र तेजै अनि। सारा शत्रुहरु निभाई तिनले दानवहरुमा पनि। मारीथिन सव दुष्ट दानवहरु विरादि धेरै मरे। अग्नि तेज स्वरुप काली रहदा आदर सवैले गरे ॥९१॥

सारा सस्र र अस्रहेरु सवले श्री कालीकामा दिई। भुको भार उतार्न खातिरमाहाँ सम्पूर्ण सस्रै लिई। आफ्नादूत समेत् बनाई सबली जानु भयो शुम्भमा। आद्या शक्ति भवानीकै खटनमा वस्नु भयो तेजमा ॥९२॥

शिवसाथमहाँ रहेर ति सवै दानवहरुमा अनि। अग्नि तेज धरी गरीन् सकलको संहार यिनले भनि। हे देवी जगदम्बीके भगवती हे लोककी कारीणी। मारी शुम्भ निशुम्भहेरु सहजै भक्तै समेत तारीणी ॥९३॥

रुद्रै तेजत अग्नि नै हुनगयो अमृत् सरी ब्रह्म हो। तेज रुप त शक्ति विद्या हुनगो सोरै कलापूर्ण हो। परब्रह्म अणु सरिछ जगमा सत्भक्ति बुद्धिदिने। अग्नि रुप सवमा छ दर्शन दिने ऐश्वर्य दर्शाउने ॥९४॥

भस्मै धारणा को अपार महिमा श्री अम्बीकाले पनि। गर्छिन् आदरता सवै किसिमले भक्तै यीनै हुन् भनि। योगभ्यास र कर्मको गतिहरु श्री शक्तिकै आदर। मृत्युलाई समेत पार्छ वसमा दिने ठुलो सादर ॥९५॥

भन्छन् बायु यथार्थ सिद्ध रुपले श्री शम्भुकै वर्णन। देवाधीकन देवता शिवजी हुन् विभुती भन्ने गुन। विभुती पनि तिन छन् ती सवमा स्थुल शुक्ष्म अपार भनि। सुक्ष्म चिन्तन् मयी छ प्राणी सवमा हो शिव शक्ति पनि ॥९६॥

स्थुल रुपी शरिर जान्नु सवमा वायु सरिको छ र। कामक्रोध र लोभ मोह सवमा हेर्ने सदा आदर। तेस्रो हो त अपार जान्नु सवको स्री जाति छोराहरु। सवका गै वसमा परेर रहने दुखादि धेरै अरु ॥९७॥

सातै लोक र सात तल यी सवमा चौधै भुवनमा पनि। दिनरातमा गई वस्दछन् सकलमा कालै सरिका वनि। मायाका वसमात रात वनियो माया अध्यारो छयो। स्वप्ना तुल्य जगत् भनेर बुझ्नु सत् सङ् वसैमा गयो ॥९८॥

संगत्ले गरी मन चलेर रहने संगत् ठूलो पार्दिने। अज्ञानले गरि वृत्ति धेर जनको सारा भुलाई दिने। त्यसकै साथमहाँ रहेर सवकाम् गर्दा हुदिमा जसै। सुख दुख भए तथापि सव काम तन् मन वचनले तसै ॥९९॥

भन्छन् नारद फेर सवै शिवजीका कर्मै विशे वर्णन । ब्रह्मा सृष्टि गरी सदाति रहने भुवार हर्ना कन । वायु तेज र चक्रवर्ति बुझ्नु कैलास वासी शिव । कालैका पनि कालहुन् विशजीता यो सत्य जाने तव ।।१००।।

तेजमा सूर्य र देवता सकलमा श्री विश्वरुप दर्शन । विर भद्र स्वरुप शक्ति शिवमा श्री चक्र ब्युहै छन् । खुशी भै जललेत सेचन गरी पुजा गरेका घरि । कार्यै सिद्धि गराई भक्तजनको मन ईच्छा पुरा गरी ।।१०१।।

पृथीविमा जतिथे सुरा सुरहरु दानवठुला विरती । दक्षक हाँस्य र तारकासुरहरु मार्दा भएथे अति । द्यौतामा अति दुःख दि सकलले राज्यै गरेका थिए । आफ्नो तेज बढाई रुद्र रुपले दानवतमारी दिए ।।१०२।।

भक्तैमा शिवजी अपार रहने ज्ञान रुपमा फेर अनि । नारयण शिवरुप जान्नु सवले गायत्रि नै हुन् भनि । यस्तो रीत सीतको अपार महिमा धेरै थरी रुप छ । वायु रुप ठुलो प्रतापी शिवको श्री शक्ति कै साथछ ।।१०३।।

शक्ति रुप् शिवको अपार महिमा लीला स्वरुप दर्शन । लिला रुप शिवजी सवै किसिमले गर्दा हुदि पुजन । प्रतिमा रुपले सदा शिवजीले जलमा वसेरै पनि । भक्तै खातिरमा सदा तिनरहने ओम्कारले नै पनि ।।१०४।।

ओम्कार विन्दु हुनेछ त्यसघरी भने प्राणीहरुमा जसै । वायु रुप शिवको त प्राण रुप हो जानीलिए यो तसै । वेदमा छन् शिवजी तथापि सवमा त्यैवेद देखिन् पर । भैरब रुप र धर्म सत्य बुझ्नु अग्नि सरिको छ र ।।१०५।।

अग्निरुप शिवमा प्रकट हुन गए वास्ना कहाँ दिन्छनी । विश भाङ् धतुरो लिए शिवजीले त्यै हुन्छ कर्मै पनि । दया धर्म र कर्महेरु अवता वेदाङ्गले नै गरि । चल्छन् श्री शिवजी तथापि सवमा जानीलिए यो घरी ।।१०६।।

रोगमा औषधी छन् सदा शिवजीता वेदका वचनले यहाँ । द्यौताको पनि
वाक्य वेद बुझ्नु आशक्ति पार्ने महाँ । पशुपन्छि र प्राणी सव जलधीका कीरा
फट्याङ्ग्राहरु । वायुका गतिमा सदा ति रहने प्राणी जति छन् अरु ।।१०७।।

जुनले जुनरीतले सवै तरहले आराधना गर्दछन् । त्यै रुपले गरीता सवै
शिवजीले कर्मै उपर वस्दछन् । भक्तिमा गई वेद कर्महरुमा यज्ञादिमानै
पनि । कर्मैका वसमा परेर रहने हो शिव शक्ति भनि ।।१०८।।

भन्छन् नारदले सदा शिवजीका नामै छ मुख्यै अरु । महेश्वर शिव रुद्र पितृ
सवमा ति मुख्य नामैहरु । यी सर्वज्ञछ वैद्य नामहरुमा भक्ति र मुक्ति दिने ।
रोगादिहरु शान्ति पारी शिवले ऐश्वर्य भोगाउने ।।१०९।।

मयाकै वसमा सदा शिवजीछन् धर्मै विशेमा पनि । धर्मै आदरले र कर्म
गतिमा यज्ञै गतिमा पनि । न्यास धर्म र कर्म वेदहरुले यज्ञादि खातिर महाँ ।
तेज शक्ति स्वरुप कर्म शिवले दिन्छन् फलै झट् त्याहाँ ।।११०।।

कर्मैका वसमा सदा शिव रहे वेदका वचनले गरी । मन्त्रैका वसमात देव
रहने जानी लिए यो घरी । पितृमा शिवको अपार महिमा वसमा परे देवता ।
ज्ञानकै आदरमा तथापि रहने प्रेमादिले नम्रता ।।१११।।

भन्छन् सिद्ध महर्षिहेरु सवमा विस्तारले वर्णन । वायुका रुपले गरेर शिवले
उद्धार गर्दैछन् । पक्षैका विचमा त्रयोदशी तिथी जुन मैना होता पनि ।
भुधरेस्वर नाम पुजन गरे रुद्रेश्वरैको अनि ।।११२।।

स्वेत वस्त्र धरेर आशन लिई सम्झेर देवीकन । वस्नुपर्दछ वार वर्ष तक नै
प्रदो षव्रतीले सून् । अशक्तै त्यसमा भए छ वर्षै वस्नु र पुरा गरी । त्यसमा
कम तिन वर्ष तक गर्‍ने यज्ञादिको रुप धरी ।।११३।।

यज्ञादिहरु कार्य पुजन हुदा व्रतादि कै नाममा। शिव रुप् व्रतको त पुजन गरी होम गर्नु यज्ञादिमा। पञ्चाक्षर लिएर मन्त्र पुजन गरे होम कोत तिन अक्षर। शिव पुजन यज्ञ मन्त्र सवमा लिईन्छ तिन अक्षर ॥११४॥ (दोहा)

नम सीवायत भनेर जान। पञ्चाक्षरी मन्त्रत पुज्यमान। होमलाई लिइयो त शिवाय स्वाहाँ। पुर्णै भयो ओम शिवाय स्वाहाँ ॥११५॥

भन्छन् नारदले ती सौनक जीमा दुधपानकै खातिर। क्षीर सागर पो लिए शिवजीले प्रणी विशे आदर। सोहि सागर ईन्द्र साथ मिलिगो द्यौताहरुमा जसै। भोगेथे सवलेत सागर पनि दुधै सरि भो तसै ॥११६॥

ओमको विन्दु वन्यो तथापि सवमा प्राणरुपी जल भयो। जलकै तेज वन्यो सवै पृथीविमा अमृत् सरिको भयो। जलनै प्राण वन्यो र तेज शिवको जलमा गएथ्यो जसै। हावा मन्द चल्यो गएर सवमा खुशी भए सव तसै ॥११७॥

रुद्रै तेज जलमा हुदा त्यसघरी कुईरोभो जल महाँ। ओम्कार रुप पर ब्रह्मको हुनगयो सारा समुद्रै महाँ। पृथ्वीमा जति देवब्राह्मणहरु यज्ञादि गर्दा हुदि। रुद्रै रुप लिएर अग्नि कन तेज जलमा मीलिगो कुदि ॥११८॥

वायु शक्ति रह्यो समुद्र विचमा कुईरो उठ्यो वेगले। यज्ञै रुप शिव शक्ति आदर भई वर्षा भयो तेजले। रुद्रै तेज गएर ईन्द्र पुरमा मेघादिका सथामाहाँ। गर्जिन्छीन् अनि कालीका त्यसघरी विजुलीकै रुपमा ॥११९॥

हेसौनकहरु हो सवै किसिमले सृष्टि गरे रुद्रले। उपमन्यु महर्षि थे तेसघरी भक्ति बढो प्रेमले। तपस्या तिनी गर्दथे ति सवमा भक्ति गरी शम्भुको। पञ्चामृत सहितैत पुजन गरे आराध्य देव रुद्रको ॥१२०॥

दुधमा तेजछ शक्ति को त्यसघरी जलशक्ति जानीलिनु। शक्तिकै रुपमा सदा शिवजी छन् दहि त्यहि जाननु। सागर शुद्ध भयो तथापि नभमा गङ्गा जलैले गरी। गङ्गाजल रुप शुद्ध घीउ हुनगो भुत् प्रेत जालान्टरी ॥१२१॥

सारा तेज गई पुष्प आदि सवमा पन्छीहरुले पनि। दिन्छन् शक्ति सवै तथापि तिनमा स्वादिष्ट तेजी वनी। भैरब रुप शिवले र पितृहरुले त्यै तेजले नै गरी। मह हो सवमा छ श्रेष्ठ गनियो शक्ति दिने वेशरि ॥१२२॥

मह युक्त गरेर श्राद्ध गर्‍नु पितृहरुमा पनि। यज्ञादिहरुमा र भोजनमहाँ चाईन्छ मह अनि। वृक्षदिहरुको र देवहरुको सम्पूर्ण ठुलो भयो। रसमा उखु भयो तथापि सवमा खुदो त्यहि भै गयो ॥१२३॥

त्यसै कारणले त पाँच चीजको अमृत वनाई दिनु। पञ्चामृत भनि यो खुदो मह दहि घीउ दुध मिसदिनु। तिर्थश्राद्ध र देव यज्ञहरुमा भोजनहरुमा पनि। मान्नेजनहरुमा दिनु यी सव चिज द्यौता सरी हुन् भनि ॥१२४॥

भजन लहरी

नारयण ग्रन्थमा शिव शिलोक जो। लक्षथियो चौविस भयो शिव रुपको। शिवशरणम् २ ॥१॥

सूर्य तेज रुद्र रुप नारायणै भो। नारायण रुद्र तेज सारा जगत्को। शिवशरणम् २ ॥२॥

द्यौताहरु सवै आई पुजे शिवमा। महादेव रुद्र हौ भन्दै शिवमा। शिवशरणम् २ ॥३॥

प्राण आत्मा विकारी रुप पितृको। धारणा गर्ने शिव हुन् भक्ति खातिरको।शिवशरणम् २ ॥४॥

नम शिवाय नम शिवाय हर हर भोले नम सीवाय। वायु रुप जल रुप उनै शिव हुन् २ ॥

चराचर सारा जगत् फल दिदैछन्। शिव शरणम् २ ।५॥

सत वुद्धि र सतसङ्गले कर्म गरेर। रुद्र रुप वायु तेज सारा छरेर। नम शिवाय २ ॥६॥

वायु रुप लिएर शिव मनैमा। ऋदयमा वसी दिन्छन् माया रुपैंमा। नम शिवाय २ ॥७॥

समुद्रका तिरमा शिव रमाए। महेश्वर तेज रुप प्रकट गराए। नम शिवाय २ ॥८॥

काल रुप प्रकट भो रोग खटाए। मसानका साथमा शिव रमाए। नम शिवाय २ ॥९॥

रात दिन मुहुर्त घटि पलाले। मानिसको आयु पुरा गर्छन यीनले। नम शिवाय २ ॥१०॥

सृष्ठिकर्ताब्रह्ममाजीहुनपालनविष्णुहुन्।हर्ताभर्ताविश्वविधातारुद्रखडाछन्। नम शिवाय २ ॥११॥

येक्ष धर्म खडा भो कली युगमा। साधु सन्त वैदिक कर्म नास भएमा। शिवशरणम् २ ॥१२॥

येज्ञ धर्म कर्म छाडि वने महात्मा। मेरो धर्म तेरो धर्म दुष्ठ व्याख्यैमा। शिवशरणम् २ ॥१३॥

रुद्र रुपी पृथ्वी पीतृ तेज हुन्। नारायण रुपले शक्ति दिने छन्। शिवशरणम् २ ॥१४॥

कैलासपति भोलेवावा शरण परुन। भक्ति खातिर शीवजीको दर्शन् गरुन्। शिवशरणम् २ ॥१५॥

चम्क्यो आज वीजुली काली नाचेर । रुद्र तेज प्रकट भो पथर झरेर ।
शिवशरणम् २ ॥१६॥

अग्नि रुप शिवको ज्ञान शक्तिको । तेजै तेज दर्शन दिए प्राणी जगत्को ।
शिवशरणम् २ ॥१७॥

दिए तेज रुद्रले सारा जगत्मा । ब्रह्माजीलाई प्राणी सृष्टि गर्ने वखत्मा ।
शिवशरणम् २ ॥१८॥

स्वयम्भु र सत रुपादुवै भएर । प्राणी सृष्टि गर्न लागे रुद्र घुमेर ।
शिवशरणम् २ ॥१९॥

वम वम भोले शिवजी तिमीकहाँ छौं । भक्तजनका साथमा आईवसी
धौ । शिवशरणम् २ ॥२०॥

शिव निन्दा गरेथे सति होमेर । चाक्षुष नाम मनु भई जन्म लिएर ।
शिवशरणम् २ ॥२१॥

उठे सवै देवता जो जो मरेका । शिव खुशी भएर रक्षा गरेका ।
शिवशरणम् २ ॥२२॥

रुद्र तेज अग्नि हो अग्नि ब्रह्माभो । परब्रह्म ओमकारमा साथ मिली गो ।
शिवशरणम् २ ॥२३॥

विभुति नै रुप तिम्रो नामै अपार । भालेनाथ रुद्र तिमी शक्ति खातिर ।
शिवशरणम् २ ॥२४॥

विभुतीको रुपले डम्फु बजाउने । भक्तजनका ऋदयमा वसी रमाउने ।
शिवशरणम् २ ॥२५॥

कर्म गर्नु धर्मगर्नु वेद आदरले । भक्ति गरे मिल्छ फल कर्म खातिरले ।
शिवशरणम् २ ॥२६॥

कैलासवासी भोले वावा रुद्रेश्वरको । महेश्वर पितृ स्वधा भजन गर्ने हो ।
शिवशरणम् २ ॥२७॥

वेद येज्ञ वेद ध्वनी यज्ञ गराउने । विना कर्म विना यज्ञ वृत्ति हराउने ।
शिवशरणम् २ ॥२८॥

उपमन्यु महर्षि शिव साथमा। पञ्चामृत महिमा वर्णन गरे त्या। नम शिवाय
नम शिवाय हर हर भोले नमोः शिवाय २ ॥२९॥

ईति भजन (समाप्तम्)

भन्छन् श्री सुतजी गणेश प्रभुमा श्री गौरी शंकर महाँ। नमस्कार गरेर पर्दछु
शरण साष्टाङ्ग पाउँ महाँ। उपमन्यु महर्षिले स्तुति गरे वायु खुशीले उठे।
मध्ये दिन भयो उसै वखतमा सारा महर्षि जुटे ॥१॥

भन्छन् वायु अनी उसै वखतमा जाउँ शरणमा भनि। शिव शक्ति विशे परौं
अव पिछा खुशी गराउ पनि । यिनकै हो सवता चराचर जगत् विभुतीहेरु
जसै। भक्ति कृष्णजीले गरे शिवजीको ज्ञानै मिलेथ्यो तसै ॥२॥

पाशुपत् जव ज्ञान प्राप्त हुनगो श्री कृष्णजीमा पनि । गर्नुभो प्रभुले अपार
रसले गोप् गोपीनीमा अनि । गोपीनी सवमा भुल्याई कनसव् श्रीकृष्ण
औतारले। मानवरुप धरे तथापि प्रभुले आदर गरे कृष्णले ॥३॥

आदर कृष्णजीले जसै गरीलिए छोरा त पाउँ भनि। वरदान भो शिवको हुनन
तिमी उपर छोरा र नाति पनि। पाएथे वरदान सदा शिवजीको श्री कृष्णले नै
त्याहाँ। जन्मे पुत्र र पौत्र धेर प्रभुमा छपन्न कोटि त्याहाँ ॥४॥

पृथीविमा जव धर्म स्थापना गरे श्री रुद्र रुपले जसै। ब्रह्मारुप प्रकट भएर

सवमा सृष्टि गरीयो तसै । विष्णु रुप लिएर मोहित गरे भुवार हर्दा माहाँ । महेश्वर रुपलेत दुष्ठ जन सव नासी दिएथे त्याहाँ ॥५॥

महर्षिहरुमा थिए अति ठूला ति उपमन्यु मुनी । पाशुपति भनेर कुन रुप भयो श्री शम्भुको नै पनि । भन्छन् वायुपनि त्यसै वखतमा संसारर रुपी शिव । माया मोह र लोभ का वस परी घुमी रहन्थे तव ॥६॥

कैले हात्ति भएर हिड्ने शिव हुन कैल्येत घोड पनि । कैल्येता महिषै भएर शिवजी बाँधीनु हुन्थ्यो अनि । यैरुपले गरी धेर दिन वितीगयो कैलास सुन्यै भयो । ईन्द्रादिहरुले गरे स्तुति पनि गरे झन तेज रुपी भयो ॥७॥

खम्वा भो प्रभुको त पर्वत सरि पशुहरुमा पनि । श्रेष्ठै भै रहनु भयो शिवजीता ब्राह्माजीले नै अनि । बाँधेथे शिवलाई पास वलले खुशी भएथे शिव । खम्वा आदरले वसे शिव जउन पशुस्वरुपले तव ॥८॥

ईन्द्रादि सव जाई विष्णु सँगमा विस्तार गर्दा भए । बाँधेका शिवलाई पाई प्रभुजी यै विन्ति गर्दा भए । ठुलोपास छ शम्भुको यस घरी बाँधी रहेछन् त्याहाँ । खोल्नैलाई कठिन भयो गरु कसो यै निम्ती आयौं यहाँ ॥९॥

भन्दामा सव देवताहरु मिली विन्ति गरेको सुनी । चक्रै आाफ्नो दिए त्यसै वखतमा काट्नु तिमीले भनि । बन्धन काट्न भनेर चक्र शिवमा आयो वढो वेगले । उफ्रीए शिवता त्यसै वखतमा कटि दियो चक्रले ॥१०॥

काटियो शिर सम्भुको त्यसघरी सारा डराई गए । व्रह्मा विष्णु र ईन्द्र जाई शिवको डरमा ति पर्दा भए । हाहाकार भयो सबै जगतमा सारा अध्यारो भयो । केहो ला प्रभुको अपार महिमा सातो सवैको गयो ॥११॥

बह्ममा स्तुती

थियो हे शिवजी अपार महिमा रुपै अनेकान् थरी। मागियो प्रभुको सुदर्शन पनि काट्यो सिरै यो घरी। रक्षा गर्नु हवोस परे शरणमा रुद्रै स्वरुप भै याहाँ। अपराध भयो प्रभो हजुरमा शिर काटिनाले त्याहाँ ॥१२॥

हे सम्भो करुणा निधान भगवान शक्ति स्वरुप ईश्वर । आधा शक्ति स्वरुपीभै यसघरी द्यौताहरु छन् पर। त्राहि त्राहि भयो सबै जगतमा काटिन गो शिर याहाँ। जो दण्डै दिनुपर्छ मैकन हवोस छौ शक्ति साथै माहाँ ॥१३॥

आद्या शक्ति स्वरुपले शिव यहाँ शान्ति गराउ भनि। पर्छन पाउँ विशे सबै जनहरु छौ रुद्र रुपी तिमी। धेरै पाप भयो प्रभो गरु कसो काटिन गो सीर याहाँ। कापीन् भुमि पनि येसै वखतमा डर भो सबै जन्माहाँ ॥१४॥

सोही औसरमा उठ्यो शिर अनि दौड्यो कता गो कता। आकास वाँणी भयो उसै वखतमा खुशी भए देवता। गीडै त्यही रह्यो त्यसै वखतमा केदार नाम भै गयो। शक्ति आई खडा भयो शिवजीमा द्यौताहरुले तयो ॥१५॥

गङ्गा आई दिईन् उसै वखतमा खुशी गराउ भनि। आए शेष पनि वसे शिव उपर वायु स्वरुपले गरी। सन्यास रुप शिव शक्ति जन्मन गए श्री रुद्र तेजै धरी ॥१६॥ तेजैले गरी कर त्यहाँ शीवजीमा हुँदा खुशीले गरी।

(ईति शिव स्तुती)

अथ शिव रुप

तेसमा रुप त आठ छन शिवजीका सवैं भव रुद्र छ। महादेव र उग्र भीम प्रभुको ईस अनि नाम छ। जुन रुपले दुधले गराई कन स्नान त्यै रुप हो ईसको। तालु स्थान माहाँ छ त्यो रुप जउन स्नानै लिने दुधको ॥१७॥

दोस्रो हो शिवको स्वरुप पनि फेर दहिकोत स्नानै लिने। पूर्वको रुपलाई जान तिमीले महाँ पुरुष सम्झने। सोही रुप त तत् पुरुष हुन गयो सम्पूर्ण दुखादिको। पश्चिम तर्फ भएछ रुप शिवको नाम् सद्यो जातक भयो ॥१८॥

सोही रुपत घिउ स्नान गरने शक्ति स्वरुपले गरी। दक्षिणका रुप भो अघोर शिवको भक्ति गरे राम्ररी। मधु स्नान लिने छ यो रुप भने दुष्मनहरुको पनि। नासि दिन्छ तथापी भैरव स्वरुप पुजा गरेमा अनि ॥१९॥

वामदेव भनेर जान्नु शिवको सखरको स्नानै लिने। उत्तरमा छ जउन सदा शिव स्वरुप ज्ञान शक्ति धैरै दिने। यी सवमा पनि श्रेष्ठ छन् शिव जउन पाशुपति नामले। साक्षात् रुप शिव जान्नु यीन कनभने भक्ति गरुन् प्रेमले ॥२०॥

भन्छन वायु अनि तथापी महिमा श्री शम्भुको फेर पनि। आद्या शक्ति स्वरुप प्रेम भनि नाम यीन् कै त हो त्यो पनि। विभुतीहरुमा त श्रेष्ठ यीनी छन् चौधै भुवन सव महाँ। सत् चित् रुप पनि सदा शिवजी हुन् जानी लिए मन महाँ ॥२१॥

तिन लोक चौध भुवन चराचर जगत संसारकै मालिक। हुन् विश्वेश्वर नामले शिवजमिा भक्ति उपर भावुक। द्यौताका पनि देवता ईनी भए सम्पूर्ण आदर गरी। महादेव भनि नाम चल्यो जगतभर दुर्जन विसेका अरि ॥२२॥

अग्नि रुप शिवको अपार महिमा स्वाहा भनि जाननु। पीतृ तेज शिव शक्ति रुप हुन गै स्वाधा मुखै माननु। शक्ति रुप स्वधा भईन् शिवजीको त्रीप्ती गराई दिने। दानादिहरुमा र पितृहरुमा पुर्णै गराई लिने ॥२३॥

भन्छन् ति उपमन्यु आई सवमा द्यौताहरुमा पनि। शिवछन् सवमाचराचर जगत् विभुती यस्तो छनी। शक्तिमा पनि तेज हुन् शिव जीता भक्तै हरुमा पनि। साँधु ब्राह्मण जान्नुपर्छ जनले छन वेद ज्ञाता तिनी ॥२४॥

धर्मग्रन्थमा वेद मुख्य हुनगो श्री शम्भुको रुप जसै । गायत्रि पनि ज्ञानरुप
शिवको जानीलिए यो तसै । रत्नैमा पनि ताम्रपत्र हुनगो श्री रुद्र शक्ति भयो ।
वृक्षैमा पनि वील्व पत्र कहियो चक्षु सरि नामको ॥२५॥

चक्षु रुप शिवकोत हुन्छ त्यसमा त्यो विल्वपत्रैमहाँ । तिन नेत्र शिवको भनेर
बुझ्नु तिनपात भएको त्यहाँ । रुद्राक्षै पनि रुद्र रुप शिवको जानीलिए यो
घरी । भक्तै खातिरमात प्रेम गरने धारण गरेका घरी ॥२६॥

भक्तिले गरी धारणै गरी लिनु ग्रहादिहेरु पनि । शान्तपारी दिनेछ आदर दिई
आराम होला अनि । रुद्राक्षै शिवनाम शक्ति त्यसमा हुन्छन् अनेकान्‌थरी ।
संसार सागरको स्वरुप शिवको दर्शन गरेका सरी ॥२७॥

भन्छन् श्री उपमन्यु जाई सवमा वन्धन् कहाँ के छ र । लोभ क्रोध घमण्ड
द्रोह शिवमा छैनन् कुनै आखिर । तेजस्वी शिव रुप कर्म गरने झक्तैहरुमा
पनि । सवमा छन् शिव कर्ता र भर्ता बुझ्नु चौधै भुवनका धनी ॥२८॥

शक्तिका पनि शक्ति हुन् शिव बुझे पिनाक धारी माहाँ । हिरण्यपति ईश्वरै
शिव भनि जानीलिए मनमाहाँ । हिरण्यरुप ताम्रको वरुणमा दिएर दर्शन
पनि । ओमकारेश्वर रुद्र जान्नु सवले आत्मै स्वरुपका धनि ॥२९॥

आत्मा रुप शिवको असङ्ख्य छ ठूलो शक्ति स्वरुप आदर । महाँ विज
अकार भनेर बुझ्नु उकार ब्रह्मा छ र । मकार रुप वन्यो मिलेर शिवमा आत्मा
स्वरुपी भयो । शिव तत्व मिलेर ओम बनियो प्राण शरिरमा गयो ॥३०॥

पशुपन्छि र झार वृक्षलहरा तृणादिहेरु पनि । आदर सव शिवको गरेर रहने
आत्मा र विज्मा यीनी । ऋक् वेदैत अकार जान्नु शिवको शिर रुप् भनि
माननु । यजुर वेद मकर जान्नु शिवमा ऋदय रुप जाननु ॥३१॥

सांववेद कटि रहेछ शिवको शक्ति स्वरुप विजको । अथर्वेद पाउ जान्नुपर्छ शिवको भक्ति उपर ज्ञानको । ज्ञानैले गरी मुक्ति मिल्छ सवमा ऐश्वर्य भोग्छन् पनि । पाउमा परि दण्डवत् गरी लिए सवकाम पूर्णै भनि ॥३२॥

शिव शक्ति स्वरुपीणी भवगती छन् साथमा रुद्रका । श्रुति स्मृति धृति र शान्ति शिवमा हुन् तेज खातिरका । निष्ठा ज्ञान र शक्ति आदर लिने गायत्री छन् साथमा । कर्मै रुप र तेज शक्ति शिवको वस्दा भए हातमा ॥३३॥

माया प्रकृति जीव हो जगतमा कस्का अधिनमा छर । मोह ब्रह्म भनेर जान्नु जनमा भक्ति गरे आखिर । भक्ति तिन प्रकार छन् शिवजीका तिनै प्रकारले गरी । उद्धार गर्नु हुन्या सदाशिव रहे भक्ति गरेका घरी ॥३४॥

चिन्तन भक्ति सदा रहे शिवजीमा मनले बढो प्रेम गरी । यज्ञादि गरदा र कर्महरुमा पुजा गरेका घरि । तिर्थव्रत र दान धर्महरुमा सत्सङ्ग मानै पनि । साधु शन्त स्वभाव कर्म गरनु जपादिहेरु अनि ॥३५॥

थिए ती ऋषीहेरु जुन स्थलमहाँ आएर कृष्णै पनि । भन्नुभो शिवको अपार महिमा वेद स्वरुपी भनि । साधु शन्त र वेदपाठीहरुमा डुलेर हिड्ने शिव । पाताल् स्वर्ग र मत्यमा शिव हिडे जुनरुपले माधव ॥३६॥

भन्नुहोस अपार रुप सव त्यो हे कृष्ण ऐले याहाँ । भन्दै ति उपमन्युता अघीसरे श्री कृष्णकै साथ्माहाँ । भन्छन् कृष्ण अनि सदा शिवजीको पातलको रुप जसै । शेष नागेश्वर रुद्र रुप बुझ्नु वराह दोस्रो तसै ॥३७॥

तेस्रो रुप त्रिनेत्र हो शिवजीको त्रिशुल रुप ईश हो । त्रिशुल रुप शिवले त पर्वत पनि छेडि दिदामा अहो । कालरुप त अग्नि देवसिवमा पैदा भएथे अनि । लिनुभो शिवले त्रिशुल अनिता राख्छु म साथमा भनि ॥३८॥

अग्नि तेज उठ्यो गयो समरमा आकाश ढाकी दियो। डम्फु श्री शिवले बजाउनु भयो सारा हटिगै गयो। भन्छन् ति उपमन्यु जाई सवमा श्री कृष्ण औतार जसै। पृथिवी रुप शिवको अपार महिमा विस्तार गर्छु यसै। यस्ता वात सुनेर कृष्ण भगवान भन्दा भए यो अनि। स्वेत कंक सुतार रुप शिवको सुहोत्र सदमा पनि ॥४०॥

मायारुप र कालरुप शिवका हो उग्ररुप भैरब। दशौं वेद स्वरुप जान्नु शिवको एघार सन्यासव। सन्यास रुप् शिव रुपहो सकलमा कर्मै गराई दिने। ऋषीहेरु पनि यी छन् सकलमा वेद ध्वनी गर्दिने ॥४१॥

अत्रि उग्र सुवाहु गौतम शिरा गोकर्ण सुली पनि। जटा मसि सुवाहु दारुक अनि लंगुली शाली मुनी। सोमसर्मासनत्कुमार शनकै सनातनै नामका। सनन्दन सुधामा पराशर भए भार्गव ठुला सिद्धका ॥४२॥

वृहस्पति कास्यपैच्वयन छन् भार्गव अनि अंगीरा। जैमुनी सुमन्तु यति स्वर भए शुसान्त कुशकन्धरा। यी हुन् शिद्ध महर्षिहेरु बुझ्नु कर्मै विशे फलदिने। शिव शक्ति र वेदपाठहरुमा पुर्णै गराई लिने ॥४३॥

भन्नुहुन्छ तथापि कृष्ण भगवान पुत्र गणेशजी माहाँ। शिवपार्वतिका त पुत्र तिमी हौ सर्वज्ञ छन् लोक माहाँ। सारा कर्म वन्धनादिहरुको विघ्नादिहेरु पनि। जोजो आउने विघ्न नास्छन सवै वर दान शिवैको भनि ॥४४॥

भन्छन् ति उपमन्यु कृष्ण सँग फेर भक्ति शिवैको गर। शिव शक्ति स्वरुप हुन् सकलको कल्याण रुपे स्वर। जीवमा शक्ति स्वरुप कर्म फलसव पाशुपति दिन्छन्। भक्तिज्ञान र पुजनादि गरदा सम्पूर्ण पुज्यै छन् ॥४५॥

शिवरुपहरुमा र मुर्तिहरुमा भक्तैहरुमा पनि। पाशुपति भनेर जान्नु शिवको नामै ठुलो हो भनि। जस्ले पुजन भक्ति भाव रसले पाशुपति दर्शन। जस्तोमन शुभ कर्म धर्म फलजो भक्ति गरेमा सुन ॥४६॥

साक्षात् रुप शिव हुन् भनेर बुझ्नु दर्शन् गरेका घरि । पाशुपति स्वरुप नाम शिवको लिएर दर्शन गरी । ब्राह्मण क्षेत्रीय वैश्य शुद्रहरुमा चाण्डाल होता पनि । पुजा दर्शनता गरे यदि भने ऐश्वर्य भोग्छन् तिनी ॥४७॥

शिवपुराण वायु संहिता

(शिवस्तुति)

देवाधी देवेश महेश सारा । रुपै अनेकौं शिवका पीयारा । शक्ति स्वरुप सवमा लिएर आई । श्री वागमति छन् सवमा रमाई ॥४८॥

उत्पत्ति तिनको जनमा छ मुक्ति । लीला अनेकान शिवको छ शक्ति । शक्ति स्वरुप पार्वतिमा रहेर । शेशै खडा छन् शिवमा रमेर ॥४९॥

यस्ता वात जव गर्दथे ति सवजन आए महादेव नै । भन्नुभो शिवले चराचर जगत् भक्ति उपर प्रेम नै । स्थान मन्त्र जप दान होम शिवमा जो गर्दछन् दिन दिन । भस्मधारणको अपार महिमा भक्ति गरी पुजन ॥५०॥

ठुलो कीर्तिहरु रहन्छ लोक भरिमा वेदादि यज्ञै गरे । शिव यज्ञ स्वरुप हुन्छ फलजो वर्णाश्रमैमा परे । शिवभक्ति भएर सत्य बोलनु दुखीहरुमा पनि । दानादि गरनु र वेद पढ्नु होम नित्य गर्नु अनि ॥५१॥

जुनस्त्रीजाति पतिव्रता यदि भए तनमन शिवैमा दिई । पति सुसुषमा सदाति रहनु पति सहितै भई । पतिव्रता सरीत छैन अरुक्वै धर्मै ठुलो नारिको । नारी धर्म पतिव्रता सरी कउन छैनन् अरु सास्त्रको ॥५२॥

जस्ले पुजन नित्य होम शिवनाम जप्ता र पुज्दामाहाँ । दानादिहरुमा र यज्ञहरुमा तन्त्रादि मन्त्रादिमा । मुक्ति खातिरमा र पितृहरुमा तेजमा परेका घरी । लिनु शक्ति सहित रुद्र शिव नाम नासै भए सव अरि ॥५३॥

भन्छन् कृष्ण अनि महर्षिहरु मा श्री शम्भुको वर्णन। उपमन्यु थिए तथापि सवमा ठुला महर्षि सुन। पाँचौ अक्षरको ठुलो छ शिव नाम नामै अपारको छ यो। जप्नु पर्दछ नम शिवाय जनले शक्ति स्वरुप ओम् भयो ॥५४॥

आत्मारुप धरे सदा शिवजीले ब्रह्मै स्वरुपको छर। देहैरुप गरी लिए शिवजीले शक्ति ठुलो आदर। भक्तैलाई दिए सदाशिवजीले षडाक्षरी मन्त्रता। ओम नमः शिवाय भयो शिवजीको विज रुप सरी मन्त्रता ॥५५॥

शिव शक्ति स्वरुप मन्त्र वनियो सम्पूर्ण वेदादिमा। शुचमै रुप शिवको भयो त्यसघरी सम्पूर्ण यज्ञादिमा। वाक्यैले मनले र भक्ति रसले नामै जपेका घरी। हुन्छन् ति शिव भक्ति निश्चय अनि तपस्वीहेरु सरी ॥५६॥

देवाधीहरुमात देवशिव हुन् गर्नु नमस्कार जसै। जप्नुपर्छ नम शिवाय यीनको विज मन्त्रयै हो तसै। ओम नमं शिवाय भनेर जप्दा षडाक्षरी भै गयो। षडाक्षरी त मन्त्र हो शिवजीको शान्ति स्वरुपको छ यो ॥५७॥

भन्छन् ति उपमन्युजाई सवमा शक्ति लिनु सम्भुको। शिवशक्ति स्वरुपीणी भगवती आदर दिने भक्तको। यस्ता वात हुदै थिए त्यसघरी आईन् र देवी त्याहाँ। कली युग विश तुल्य होस सकलको दुस्कर्मकै रुपमहाँ ॥५८॥

दुस्कर्मै गरी नास्छ धर्म त्यसले हो अन्धकार रुप जसै। अन्धकार शिवरुप नास गर्छन् श्री रुद्रले नै तसै। शक्तिकायी वचन सुनेर ऋषीले भन्दा भए यो पनि। आधा शक्ति भनि सदा तिमी रहे वेद स्वरुपी वनी ॥५९॥

उपमन्युजीका सुनेर यी वचन भन्छीन् ति देवी त्याहाँ। भक्तैमा तिमी श्रेष्ठ छौ यसघरी श्री शम्भुकै साथमाहाँ। शक्ति रुप जगदम्वीका भगवती छन् पार्वति साथ्माहाँ। ओम् नमः शिवाय जपेर रहनु भक्ति गरी मन्माहाँ ॥६०॥

पाँचौ सुन्दर पाँच रुप शिवका पाचैत ईन्द्रीयै छन्। रुद्रै तेज शिवशक्ति साथ रहने यी पाँच अक्षर हुन्। गाई ब्रह्मण नाग देवहरुको साष्टाङ्ग दर्शन पनि। सम्झी श्री शिवलाई दर्शन गरे तेजमा रहन्छन् तिनी ॥६१॥

भन्छन् ति उपमन्यु फेरी कनता मन्त्रै जपेका घरी। पञ्चाक्षर शिव मन्त्र
लाख जपने सिद्धै गरी राम्ररी। कर्मैले गरी भाव भक्ति रसले प्रेमै गरी
मनमाहाँ। जो जप्ला शिव विज मन्त्र तेसको पुलश्चरणै भो त्यहाँ ॥६२॥

फलको रुप पनि छ एक गुण भो कर को त माला लिए। रेखामा पनि आठै गुण
हुन गयो पन्डामा दश गुण दिए। हो सङ्खमणी सौगुणै फल दिने मुगात हजार
गुण। दशहजार गुण फटिकै हुन गयो मोतिमा एक लाख गुण ॥६३॥

सुनको माला लिएर जप्तछ जउन दशलाख गुणै भै गयो। कुश ग्रन्थि लिए
कडोर हुनगो माला लिएकै छ यो। तुलसी पनि यहि फल दिने भयो माला
लिएका घरि। रद्राक्षै यदि माला लि जउन जन जप्छन् वढो प्रेम गरी ॥६४॥

त्यसको फलत असख्य हुन्छ तीनमा अनन्त फलभो जसै। रुद्राक्षै जप गर्ने
ति जनहरु हुन्छन् तपस्वी यसै। रुद्राक्षै जप गर्ने अङ्ग कहियो अमला आदर
सरी। रुद्राक्ष तेति शुद्ध हुन्छ बुझ्नु जप्नु करैमा धरि ॥६५॥

अमला भनि धातृ देवी बुझ्नु वृक्षैमहाँ रुप छ। फलमा शक्ति हुने सदा
शिवजीमा नामै ठूलो प्रेम छ। रुद्राक्षै अमला सरी निलु भए भो शिव शक्ति
दुवै। रुद्राक्षै यदि सानु लि कन जपे मिल्दैन है फल कवै ॥६६॥

शिव पुजन पाठ गर्छ जनले शक्ति विनायो घरी। हुन्न सिद्ध अवश्य जान्नु
जनले जानी लिए राम्ररी। सूर्य तेज र यज्ञ द्रिष्ठी छलनु जप गर्नु मनले जसै।
यीनको द्रिष्ठि परे फलै पनि गयो नीस्फल भयो सव तसै ॥६७॥

करमाला आदर प्रमाण। साईलीका विच र फेद अनि कन्छीका तिन। साईली
माईली र चोरनी मध्यका तिन। माझ फेद यी दुई पनि गन चोरनीका। माला
यहि दश छ हात महाँ मुनीका ॥६८॥

तिनका फेरी समीप आई कनता श्री कृष्णले नैपनि। भन्नुभो जप मन्त्र
शक्ति सवको तिनै प्रकारको भनि। कर्मै खातिरले गरी सकलमा यज्ञादिकै
साथमाहाँ। गुरु आदरले लिएर जपनु सिद्धि गरे सव त्याहाँ ॥६९॥

विद्या खातिर सास्र हेरी कनजो ज्ञानै लिई मन् माहाँ। सास्रैका वसमा परेर जपनु त्रुटि भएका माहाँ। शक्तिहिन हुनेछ मन्त्र गतिले जप्ता हुदिमा जसै। सुनेकै भरमन्त्र आदि जपने ति नास हुन्छन् तसै ॥७०॥

गुरुहुन शिव रुप मन्त्र तिनको शक्ति स्वरुपको हुँदा। मन्त्र रुप भयो चराचर जगत जानीलिनु सर्वदा। गुरुको रुप कर्म भाव सवत्यो भन्छु म विस्तार गरी। नित्यस्नान र वेदपाठ तिनको सास्रै विशे प्रेम धरि ॥७१॥

पुजा तर्पण होम येज्ञहरुमा वेदादिकै मन्त्रले। गर्नुपर्दछ भक्ति प्रेम रसले सन्तोष गरी प्रेमले। धर्म सास्र पुराण वेदहरुमा सिद्धै भएमा गई। मान्नुपर्छ गुरु भनेर तिनमा मन्त्रादि शक्ति रहि ॥७२॥

कुलधर्म र कर्महीन गुरुभो सव कार्य नासै भयो। वेदहिन र सास्रहिनगुरु भो कर्मै समेत नासीयो। ज्ञानै छैन कदापि वेदहरुको यज्ञादि को नै पनि। त्यस्तो गुरु कदापि हुन्न बुझ्नु प्रेहित् भएता पनि ॥७३॥

भन्छन् कृष्णजी आई ति मुनीमहाँ हे उपमन्यु भनि। गुरु धर्म वताउलौ अवयाँहाँ सुनुन् सवैले अनि। यस्ता वात् सुनी कृष्णका मुनी पनि बोले नमस्कार गरी। गुरुको महिमा अपार छ ठूलो जानीलिए राम्ररी ॥७४॥

सत कर्मै रुपको गुरुछ जसको उस्कै प्रभावले याहाँ। ऐश्वर्यै कन भोगी बस्छ त्यसले जानीलिए मनमाहाँ। गुरु वेदसमान हुन्छ जगमा पिता र माता पनि। वेद रुप शिव रुप भनेर बुझ्नु वेदरुद्र नै हो भनि ॥७५॥

पृथीवि वायु र तेज अग्नि सवमा यज्ञादिकर्मै गरी। शिद्धै पारिदिने गुरु बुझिलिनु मन्त्रै जपेका घरी। गुरु द्रोह गरी जउन जन याहाँ एका घरैमा वसी। जप्तैमा पनि मन्त्र सिद्ध नहुने कुकर्म दुतै पसी ॥७६॥

एकै घर विचको त नाता परने हुदैन मान्नु गुरु। गुरु द्रोह अवस्य जान्नु तिनमा गुरु र चेलाहरु। शक्ति हुन्न कदापी मन्त्र यसमा गुरु समानै रुप् भयो। यमरुप शिवमन्त्रले ती दुईको सवकर्म नासी दियो ॥७७॥

कुकर्मि चेलाले गरेछ गुरुको शक्ति घटि गै गयो। रण्डीवाजी र वेश्याकर्म
गरने नर्कै पुर्याई दियो। यज्ञादिहरुमा र कर्म गतिमा पर्वादिहेरुमाहाँ। गुरुदर्शन
गुर्न पुण्यछ ठूलो पाउ परी झट त्याहाँ ।।७८।।

भन्छन् ति उपमन्यु फेरी सवमा नारायणै रुपको। दर्शन्ले गरी फल अवश्य
मिलला माता पिता भक्तिको। मन्त्राधी पति हुन सदा शिवजीता ज्ञानै स्वरुपी
भनि। ज्ञानकै रुपत मन्त्र जान्नु जनले जप यज्ञ ठुलो भनि ।।७९।।

जपध्यान र पुजनादिहरुमा मन्त्रादि मानै सव । शक्तिरुप शिवजानी लेउ
जनले आकास रुपी शिव। आकाश तेज र वायुमा सवरहि प्राणीहरुमा पनि।
बस्छन् श्री शिवजी सवै स्थलमाहाँ स्वप्ना स्वरुपी वनी ।।८०।।

भन्छन् ति उपमन्युले सकलमा छन् रुद्रलोकमा भनि। दुष स्वप्ना भए पनि
यदि याँहाँ ध्यान गर्नु शिवको अनि। होमादि गरनु सदा शिवजीको मन्त्रैलीइ
वेदको। एकै सौ होम र आठ होम गरनु नामै जपी भक्तिले ।।८१।।

सत्यैरुप र धर्म रुप शिवको तेजै सरी अग्निको। आयुवृद्धि र कर्म भोग
गतिमा होमै गरुन् रुद्रको। एघार सय होम सदा शिवजीमा जस्लेत यज्ञै
गरी। आयु कर्म र भोग बढ्यो सव त्याहाँ होमै गरेका घरी ।।८२।।

भोगादिहरुमा रहे शिव भनि नारायणैको पनि । गर्नुपर्दछ पुजनादि सवले
मुक्ति दिने हुन् भनि । मुक्ति खातिरमा रहेर शिवले नारायणै रुप महाँ ।
दिन्छन् कर्म गति सवैफल त्याहाँ सम्पूर्ण प्राणी माहाँ ।।८३।।

भन्छन् ति उपमन्यु जाई सवमा मन्त्रादिकै साधन। कर्मैले गरी शुद्ध हुन्छ
बुझ्नु मन्त्रादिहेरु सुन। साधन पूर्वक मन्त्र लिन्छ जसले भक्ति मनैमा घरि।
साक्षात् श्री शिवको अपार महिमा भोगी निले राम्ररी ।।८४।।

जुन जनले शिवको अपार महिमा भक्ति गरुला भनि। प्रात कालमहाँ उठेर
तिनले मलमुत्र त्याग्नु अनि। सौचकर्म र दन्त धावन गरुन् भक्ति मनैमा
घरि। नित्यै कर्म गरेर पुजन गरुन् वेदका विधानले गरी ।।८५।।

संक्रान्तिहरुमा र अष्ठमी महाँ पुर्णिमा श्राद्धादिमा । दन्त धावन गर्नु हुन्न यतिमा जानी लिए मन्‌माहाँ । पृथीविमा पनि दोष हुन्छ बुझ्नु ग्रहण र भुकम्पमा । दन्त धावन गर्नु हुन्न यिनमा पर्दा ठुलो कष्ठमा ॥८६॥

जस्ले पुजन रुद्रिपाठ शिवको रुद्राभिशेक गर्दछन् । त्यसका आदरले हवन पनि गरी सिद्धि तिनै पाउछन् । गर्नुपर्दछ होम तर्पण समेत् रुद्रा भिशेकमा पनि । जप्नुपर्दछ मुल मन्त्र शिवको कार्यै सफल होस् भनि ॥८७॥

शिव पुजन पाठ गर्दछ भने सास्रोक्त कै रुप गरी । करन्यास र अंग न्यास गरनु जपै गरी राम्ररी । नित्यै स्नान र पुजनादि गरदा तिनपल्ट होमै दिनु । रुद्रिपाठ त एक आवृत्ति भए दशपल्ट होम गर्दिनु ॥८८॥

रुद्रै रुप एघार हुन्छ शिवको भो रुद्र तेजै अनि । साक्षात् श्री जगदम्वीका भगवती नावाक्षरैमा पनि । नवाक्षरित मन्त्र जप्नु जनले होमै पनि गर्दिनु । साक्षात् श्री शिव तेज हो बुझीलिए अम्वा भनि पुजनु ॥८९॥

गाईकीर्तन सम्भुको त्यसघरी त्यस दिन्‌को रात्री पनि । गाई कीर्तन वस्नु जाग्रण पनि भक्ति गरेरै अनि । प्रातः काल भए पछि कन अनि गङ्गाजीमा नैगई । वत्ति वाली वगाई फर्कनु अनि नामै जपेरै रई ॥९०॥

भन्छन् ति उपमन्युले पनि त्याहाँ ब्रह्मार्षि ऐले भनि । महाँ पातक दोष नास गरने श्री शम्भु नै हुन् पनि । जसले वारह वर्ष भक्ति गरला श्री शम्भु मा मन दिई । ॐ नमः शिवाय जपेर रहला भक्ति मनैमा लिई ॥९१॥

जप् गर्ने शिवको अपार महिमा भक्ति ठुलो प्रेमको । साक्षात् श्री जगदम्बीका भगवती नौ अक्षरी मन्त्रको । नौ अक्षर नव दुर्गा रुप नव नाम त्यसमा वसेको छ र । नवाक्षर जप् गर्नु पर्छ जनले श्री शक्तिकै आदर ॥९२॥

त्यसमा श्री जगदम्बीका भगवती श्री रुद्रकै पास गरी । दिनुहुन्छ अवस्य फल सकलमा भक्तै उपर प्रेम घरि । यौवन खातिरमा र रोग भयमा सांग्राम पर्दा महाँ । ॐ नम शिवाय जपेर रहनु सिद्धि हुने भो त्याहाँ ॥९३॥

पुस्पादि जलले र अन्नहरुले वस्त्रादिले पुजन । गर्नुपर्दछ वेद यज्ञ विधिले
फलकै वलीले सुन । अस्त्रै पासुपतास्त्र पुजन गरुन खड्गै पनि साथमाहाँ ।
शक्ति रुप शिवलाई देउ वलीता भोगै छ ठुलो त्याहाँ ॥९४॥

भन्छन् ति उपमन्यु यज्ञ शिवको कुण्ड प्रमाण लौ अव । चारैतर्फ छ अङ्गुलै
शिवजीको एघार अंङ्गुल तव । नित्यै कर्म हवन् प्रमाण यहि हो दोस्रो
प्रमाण यो छनी । गैराई पनि चार अंगुल भयो भो शिव शक्ति भनि ॥९५॥

रुद्रिपाठ र यज्ञ आदिहरुमा चार हातको कुण्ठ छ । अंगुल सत्ताईसै लिए
शिवजीले लघु हवन् यज्ञत । चारौ कोण यदि सत्ताइस हुन गए एक सय
आठै भयो । लघु सिद्ध भयो हवन गरी लिए कुण्ठ प्रमाणीत् छ यो ॥९६॥

महा रुद्र भने र जुन जन गरुन् एक सय आठै लिनु । चारै दिशा चार सय
वत्तिस भयो इन्ची गनेरै लिनु । अति रुद्र महात दुई सय फेर चउन्न चार
अइची गनी । उक हजार सोह्र (१६) इन्ची भरीको यज्ञै वनाउ भनि ॥९७॥

यस्तारुप शिव यज्ञ स्थापन गरी होमादि गर्नु सव । विवाह व्रतबन्ध यज्ञहरुमा
एक हातको कुण्ड छ । चारै तर्फ भएछ चार पनि हात होमको त कुण्डै
त्याहाँ । कुण्डै हो शिव यज्ञ वेद विधिले सम्पुर्ण यज्ञै माहाँ ॥९८॥

भन्छन् ति उपमन्यु फेरी सवमा वेदका विधानले गरी । पुजाश्री शिवको गरुन्
सकलले भक्ति मनैमा धरि । बारै मास शिवको अपार महिमा दश गुण बढी
श्रावण । मासै हो शिव को बुझेर रहनु सोमवार कै पुजन ॥९९॥

विल्वपत्र र पुस्प चन्दनहरु रुद्राक्षमाला पनि । अर्पण श्री शिवशक्तिमा गरी
लिए जैकारको धुन पनि । जै जैकार गरीलिए शिवजीको श्री शक्ति को नै
जसै । शीवगण सव खुशी हुन्छन् त्याहाँ जै कार सुन्दातसै ॥१००॥

गायत्री शिवको लिई कन पुजे शक्ति स्वरुप अम्बिका । नवाक्षर नव रुप
शक्ति शिवका जानीलिए प्रेमका । सारादेव र लोक गण सकलले श्री
शक्तिकै आदर । कर्मैले शिव शक्ति पाई जनको मिल्ने ठुलो सादर ॥१०१॥

शिवस्तोत्र र शिवनाम पनि त छन् हजार नामै पनि। जोपढ्ला र सुनाउला
सकलमा श्री शम्भुरुपै भनि। हजार नाम शिवका अपार महिमा दिन दिन
जउन पाठ गरी। कार्यै सव तिनको त सिद्ध भइगो आखिर गए तितरी ॥१०२॥

भन्छन् ति उपमन्यु कृष्ण जी महाँ हे कृष्ण भन्दै तिनी। पुण्यकर्म र पुण्य
स्थानहरु पनि विस्तार गर्छु भनि। काँसीक्षेत्र ठुलो छ मोक्ष गतिमा गङ्गाजीका
साथमा। यज्ञै क्षेत्र र धर्म दृष्ठिछ जहाँ हो नै मीषा रण्यमा ॥१०३॥

वद्रिका स्रमको त भक्त गतिको भुवार हर्दा छँदा। नारयण शिव रुप जान्नु
सवले भोजन लिने सर्वदा। भुक्ति मुक्ति र पार तार्न तिनले पितृहरुको पनि।
उद्धार गर्ने र भुक्ति मुक्ति गरने नारायणै हुन् भनि ॥१०४॥

दर्शन पुजन गर्छ जो जन जउन् दिन् दिन तिर्थै भरी। सोहि फल शिवको त
दर्शन पुजा गर्दा हुदि राम्ररी। पुर्व उत्तरमा हिमाल छ जउन गङ्गाजि वग्छीन्
सदा। द्योता सिद्ध महर्षि आई त्यसमा वस्छन् सदा सर्वदा ॥१०५॥

भारत वर्ष र जम्वुद्विप त्यहि हो द्यौताहरुको घर। नेपाल राज्य अवश्य जान्नु
जनले सुवर्ण कै मन्दिर। ईन्द्रादिहरुमा र देवहरुमा सप्तर्षि मानै पनि। तपो
भुमि भनेर जान्नु जनले वेदले वताको भनि ॥१०६॥

वेदको वाक्य अपार हुन्छ बुझ्नु कर्मै गरेका घरी। भक्ति ज्ञान यज्ञहेरु गरदा
साथै दिनेछन् हरी। नेपाल राज्य अपार पुण्यस्थल हो हो शिव क्षत्रै भनि।
शिव क्षेत्र तपोभूमी हुनगयो वेदले वता यो पनि ॥१०७॥

ईति श्लोक समाप्तम शुभम् ॥

अथ भजन

श्री कृष्णकै साथमा दर्शन दिएथे। छोरा नाति कृष्ण जीका जन्म लिएथे।
शिवशरणम् ॥१॥

काट्यो सीर शिवको सीर उडिगो । नेपालको भुभागमा पाशुपति भो । शिवशरणम्।।२।।

शिव रुप प्रकट भो आठनामले । पाँच रुप आठ नाम पुजे प्रेमले । शिवशरणम् ।।३।।

पाँच रुप चार दिशा तालुस्थानको। पञ्चामृत शक्ति दिन स्थान स्वरुपको। शिव शरणम् ।।४।।

शिवजीमा रुप तेज नामै अपार । स्वधा देव पितृ रुप भक्त उद्धार । शिव शरणम् ।।५।।

शिवजीको रुप हर्ने संसार भरीमा । विभुतीनै वर्णन भयो सारा प्राणीमा । शिवशरणम् ।।६।।

आकार रुप वेद रुप शिव साथमा । ऊँकार रुप भक्तको जाने मनैमा । शिव शरणम् ।।७।।

जप ध्यान पुजनमा प्रेम भावले । भक्ति गरे दिन्छन् फलउनै रुद्रले । शिव शरणम् ।।८।।

पाताललोक शिवको त्रिशुल हातमा । शक्ति रुप लिए त्रिसुल डम्फु सन्तिमा। शिवशरणम् ।।९।।

महर्षिका साथमा येज्ञ गरेर । सिद्ध रुप वेद पाठी मुनी आएर । शिव शरणम् ।।१०।।

ऐश्वर्यकै मालीक हुन् शिव देवता । भक्ति गर्ने भक्त जन आए तसैता । शिव शरणम् ।।११।।

शिवरुप दर्शन गरुन् पाशुपतिजाई । नारायणी मुक्ति रुपी वाग्मती छन् जाई। शिवशरणम् ।।१२।।

गङ्गा हर हर गङ्गा हर हर । शिव शक्ति वाग्मति भक्त रक्षा गर ॥ शिव शरणम् ।।१३।।

शिव नाम जपेर कर्म गरन । जप तप यज्ञादिको प्रेम गरन । शिव शरणम् ॥१४॥

गङ्गा हर हर गङ्गा हर हर। शिव शक्ति वाग्मति हुन जाई शरण पर ॥ शिव शरणम् ॥१५॥

वेदध्वनी यज्ञ गरे नाम जपेर । उत्सव गर्नु शिवमा भक्ति घरेर । शिवशरणम् ॥१६॥

रुद्र रुप शिव तेज नागकै मालाको । विज मन्त्र जप्ने जन शिवरुप भो । शिवशरणम् ॥१७॥

अमला र रुद्राक्ष शिवशक्ति भो। जपमाला लिनुपर्छ शिव शक्तिको। शिव शरणम् ॥१८॥

नम शिवाय नम शिवाय हर हर भोले नम शिवाय। गुरु विना मन्त्र लिए शिद्ध हुन्नहै। वेदज्ञाता कुल धर्म मान्नेगुरु है। शिवशरणम् ॥१९॥

गुरु दर्शन गुरु भक्ति गुरु प्रेमको। रुद्र रुप दर्शन गरि फल मिल्ने भो। शिवशरणम् ॥२०॥

मन्त्राधीन देवता छन् भक्ति गरन। साक्षात् रुप शिव हुन् शरण परन। शिव शरणम् ॥२१॥

आएर कृष्णजी वसे मनैमा। नारायण रुपले पसे मनैमा। शिवशरणम् ॥२२॥

रुद्राभिशेक शिव पुजा गर्छन् जनले। होम तर्पण मार्जन सवै गर्नु प्रेमल। शिवरशणम् ॥२३॥

शिव शक्ति गरेर पार तरुन । कीर्तन गाई शिवमा जाग्रम वसुन् । शिवशरणम् ॥२४॥

शिवपुजा महिमा भक्त आदरमा। साक्षत् रुप शिवको लिए मनैमा। शिव शरणम् ॥२५॥

सङ्ख घण्ट डमरु वजुन यज्ञमा । कैलास वासी शिवको पाए दर्शन । शिवशरणम् ॥२६॥

सङ्ख ध्वनी डम्बरु घण्ट वजेको । भक्तजनको ऋदयमा शिव नाचेको । शिवशरणम् ॥२७॥

जैकारको धुन भो शिवनाममा । स्वर्गादिका देवता आए यज्ञमा । शिव शरणम् ॥२८॥

हजार नाम शिवका पाठै गरेर । भक्त जनको ऋदयमा शिव नाचेर । शिव शरणम् ॥२९॥

पशुपतिनाथमा शरण परन । साक्षात् रुप शिवको दर्शन गरन । शिव शरणम् ॥३०॥

नमः शिवाय नमः शिवाय हर हर भोले । नमः शिवया ॥३१॥

ईति शिवपुराण वायु संहिता भजन समाप्तम् ॥ शुभम् ॥

अथ लीङ्ग भेद

सनकादि थिए त्यहि पुगी गए सन्यास रुपी शिव । सन्यासी रुपमात सोर थरि रुप् देखे तुरुन्तै तव । ताली वज्न गयो त्यसै वखतमा नाना स्वरैले गरी । ज्ञानै भो शिवलिङ्ग को मुनीमहाँ लिङ्गै स्वरुप भेदपरि ॥१॥

हिराको शिवलिङ्ग पुजन गरे बढ्ने छ आयु पनि । मोतीको शिवलिङ्ग पुजन गरे जानेछ सव रोग अनि । वैदुर्य मणीको सदा शिवजीको लिङ्गै वनाई कन । शत्रु नास गराई पार्छ वसमा ति शत्रुहरु सुनः ॥२॥

पद्यराग् मणीको वनाई शिवको पुजादि गर्छन् भने । लक्ष्मि रुप शिवलिङ्ग जान्नु जनले ऐश्वर्य वर्साउने । पुष्प राज शिवलिङ्ग पुजन गरे सन्तान सुखै भयो । ईन्द्र नीलमणिको सदा शिवजीको लिङ्गै पुजे किर्तिभो ॥३॥

पन्नाको शिवलिङ्ग पुजन गरे पुष्टि शरिर कर्मको । फटिकको शिवलिङ्ग पुजन गरे सम्पूर्ण काम सिद्धि भो । चाँदीको शिवलिङ्ग पुजन गरे राज्यैत मिल्ला पनि । पितृ मुक्ति भएर जान्छन् सवै कैलासमानै तिनी ॥४॥

सुनको शिवलिङ्ग पुजन गरे श्री सत्यलोकै मिल्यो। तामाको शिवलिङ्ग पुजन गरे तेज शक्ति आयु बढ्यो। पथरको शिवलिङ्ग पुजन गरे सारा अरिष्ठै पनि। नासै पार्दछ कीर्ति बढ्छ जनमा भक्तैहरुमा पनि ॥५॥

पितलको शिवलिङ्ग पुजन गरे आत्मा वलै बढ्दछ। काँसको शिवलिङ्ग पुजन गरे कीर्ति बढाउँदछ। फलामको शिवलिङ्ग पुजन गरे युद्धै भएका घरी। शत्रुनास गराई पार्छ विजयै जानीलिए राम्ररी ॥६॥

शिशाको शिवलिङ्ग पुजन गरे आयु बढाई दिने। घिउ चन्दन काठहेरु शिवको लिङ्गै पुजेमा हुने। सौभाग्यै यीनमा सदा शिवजीले दिने अनेकान् थरी। लिङ्गै भेद सवै वताई दिनुभो श्री शम्भुले राम्ररी ॥७॥

शिव पाञ्चायनम्

यदातु शंखर मध्ये ऐशान्यं श्री पतिम् यजेत्। आग्ने यंच तथा हंस नैऋत्ये पार्वति सुतम्। वायव्यां च सदापुज्यां भवानी भक्त वत्सल ॥ (अर्थ) शिव पाञ्चायनै भनेर जसले राख्नु शिव माझमा। विष्णुलाई ईशान राखी दिनुहोस् श्री सूर्य आग्नयमा। नेऋत्यै दिशा हो गणेश प्रभुको वायय देवीलिनु। जुन दिशा जुन देवता सँगति छन् पुजा त्यहि गर्दिनु ॥८॥

विष्णु पञ्चायन

यदातु मध्ये गोविन्द ईशान्य संकरम् यजेत्। आग्नयं गणनाचंच नैऋत्यं तपनं तथा। वायव्यं अम्वीकाम् श्चैव जपेन्नीत्यां प्रपुजयेत्। राखी माझ महाँ श्री विष्णु भगवान् ईशानमा छन् शिव। आग्नये गणनाथ गै कन वसे नैऋत्य भास्कर तव। देवी वायव्यमा वसिन् त्यसघरी श्री विष्णु पाञ्चायन। स्थापी पुजन गर्नुपर्छ जनले जो विष्णु भक्ति छन् ॥९॥

देवी पाञ्चायनम्

भवानीतु यदा मध्ये ईशान्यं माधवम् यजेत् । आग्नयं पार्वति नाथं नैऋत्यं गणनायकम् । वायव्यं तपनं श्चैव देवी साथं प्रपुजयेत् । (अर्थ) माझमा जगदम्वीका भगवती ईशान परे विष्णुता । आग्नये शिवजी वसे त्यसघरी नैऋत्य गणेशजीता । सूर्यैको दिशा पुज्यनै हुन गयो वायव्य भास्कर भनि । वस्छन् यैरीतले त देवी सँगमा यी देवहरु पनि ॥१०॥

सूर्य पाञ्चायनम्

सहस्राम्सु यदा मध्ये ऐशान्यं पार्वति पतिम् । आग्नयं मेकदन्तम् च नैऋत्यै मच्युतम् तथा । वायव्यां पुजयेद् देवी भोग मोक्षै क भुमीकाम् । अर्थ सुर्य माझमाँ रहे यस घरि ईशान शंकर भनि । गणेश आग्नयमा वसे यीनी महाँ नैऋत्य विष्णु पनि । वायब्य जगदम्बीका भगवतीवस्दि भईन् यो घरि । सूर्य पाञ्चायन हुन् भनेर बुझ्नु भक्ति गरुन् राम्ररी ॥११॥

गणेश पाञ्चायनम्

एक दन्त यदा मध्ये ऐशान्यं मधु सुदनम् । आग्नयं पार्वति नाथम् नैऋत्यं भास्करम् तथा । वायव्यं च यदा देवी गणेशा घीश्च देवता । (अर्थ) गणेश माझमहाँ रहे यीनमाहाँ ईशानमा विष्णुछन् । आग्नये शिवजी वसे त्यसघरी वायब्य देवी बसिन् ।

भास्कर नैऋत्यमा बसेर प्रभुको आदर गणेशको गरी । गणेश पाञ्चायनै भनेर सवले पुजा गरे राम्ररी ॥१२॥

श्लोक

स्वस्थान वर्जिता देवा दुख सोक भय प्रदा । अनेकचित्त विभ्रान्त भक्त संकष्ठ सर्वदा । (अर्थ) जसले स्थान विगारी पुजन गरे यो फल् छ जानी लिनु । दुःख शोक र त्रास आदि ईनले दिन्छन् भनि जाननु । सोहि आदरले त दिग्शुल सवै लिनु अवश्यै भनि । विस्तार पुर्वकले बताएँ अहिले पुजे अवश्यै पनि ॥१३॥

भक्ति पूर्वकले र पूर्ण गतिले जो जन् पुजा गर्दछन् । भोगीभोग अनेक सौख्य तिनले मुक्ति तिनै पाउँछन् । पाञ्चायन देव नित्य पुजन गरे कर्मै विशे आदर । देवस्थल भनि जानीलेउ सवले हो तिर्थ नै त्यो घर ॥१४॥

(कुन देवतालाई के चढ्दैन)। अक्षताले पुजा नगर्नु प्रभुको श्री विष्णु को जानील्यौ । चढ्दैन तुलसी गणेश प्रभुमा क्रोध हुन्छ है मानील्यौ । दुर्वाले पनि देवीलाई नहुने भोगको गरी आदर । विल्प पत्रले सूर्यलाई नहुने तीन् नेत्र हुन् ति शिवः ॥१५॥

धतुरो फुल विष्णुलाई नहुने क्रोधै बढाई दिने । सूर्यलाई पनि हुदैन यसले पुजा गरे दुख दिने । श्री पाञ्चायनको प्रमाण अहिले पुजादिको वर्णन । लेखियो सव यो चरित्र शिवको दिगपालहेरु कन ॥१६॥

शिव शक्ति स्वरुप चरा चर जगत् भक्तै हरुमा गई । भक्ति मुक्ति सदा दिने सकलमा आनन्द दिने यी । दिगपाल हेरु पनि सवै तिनमाहाँ पार्सद स्वरुपले गरी । पाञ्चायन देवता की नार सवको पुज्नु बढो प्रेमधरी ॥१७॥

शिव पार्सद विष्णु पार्सद भनि देवी त पार्सद त्याहाँ । गणेश पार्सद सूर्य पार्सद सबै द्यौताहरु छन् जहाँ । बहु बच्चनले त पुजन गरे पार्सद देवेभ्यो भनि । स्थान रुप तेज समेत लेखिन गयो भक्तै हरुमा पनि ॥१८॥



लेखक : होमनाथ गौतम

श्रीमती बुद्धीकला गौतम